वर्ष ३२, चैत २०८०

# नवयुग

NAWAYUG






नेपाल कम्युनिस्ट पार्टी (एमाले) केन्द्रीय कमिटीको वैचारिक पत्रिका

# नवयुग

**पुष्पलाल (मध्यपहाडी) लोकमार्ग विशेष**

वर्षः ३२, चैत, २०८०, March, 2024, नेपाल सम्वत् ११४४

प्रधान सम्पादक:
राजेन्द्र गौतम

सम्पादकः
गगन विष्ट

सम्पादन:
श्रीधर आचार्य
उजिर मगर
दीपक ज्ञवाली

शुद्धाशुद्धि:
वेद राना मगर

मूल्यः रु. २९९:००

प्रकाशित प्रतिः २५००

लेआउट, आवरण:
महेन्द्र श्रेष्ठ
किरण माली

आवरण तस्वीर:
दिनेश भण्डारी

मुद्रण व्यवस्थापन:
एम एस माउस
बागबजार, काठमाडौँ

प्रकाशन मितिः २०८० चैत

प्रकाशकः
नेपाल कम्युनिस्ट पार्टी (एमाले)
केन्द्रीय प्रचार तथा प्रकाशन विभाग

ISBN: 978-9937-1-6422-1

---

आवरण फोटो: नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीबाट झुलाघाट–चिवाभञ्ज्याङः समृद्धिका लागि संकल्प यात्रा–२०८० को शुभारम्भ र अन्तिम पृष्ठमा पाँचथरको चिवाभञ्ज्याङको सामूहिक तस्वीर।

सम्पादकीय

# नेकपा (एमाले) को सङ्कल्प

नेकपा (एमाले) ले आयोजना गरेको पुष्पलाल (मध्यपहाडी) लोकमार्ग केन्द्रित झुलाघाट–चिवाभञ्ज्याङ: समृद्धिका लागि सङ्कल्प यात्रा–२०८० ऐतिहासिक, अभूतपूर्व र अत्यन्तै उपलब्धिपूर्ण बन्यो। पार्टी अध्यक्ष केपी शर्मा ओलीले २०८० मंसिर १४ गते विहान ८:३० बजे नेपालको पश्चिमी सिमाना बैतडीको झुलाघाटमा राष्ट्रिय झण्डा उत्तोलन गरेर प्रारम्भ गर्नुभएको यो यात्रा उहाँकै नेतृत्वमा १८ दिनसम्म निरन्तर सञ्चालन भएर पुस १ गते दिउँसो १२:१५ बजे पूर्वी सिमाना पाँचथरको चिवाभञ्ज्याङमा उहाँबाटै झण्डोत्तोलनसहित समापन भएको थियो। मुलुक बन्छ, बन्दैछ र बनाइने छ भन्ने दृढ आत्मविश्वास निर्माण गर्नु, प्राप्त उपलब्धीको रक्षा एवं सम्बर्द्धन गर्दै समाजमा आशावादिता र सकारात्मक सोचको निर्माण गर्नु यात्राको मूल उद्देश्य रहेको थियो। समग्रमा यो यात्रा आमनागरिकको व्यापक सहभागिता र आमस्वीकार्यतासहित आफ्नो उद्देश्यमा पूर्ण सफल बनेको छ।

पार्टी अध्यक्षको नेतृत्वमा पार्टीका प्रमुख नेता एवं विज्ञहरुसहितको मुख्य टोली रहेको यो यात्राको क्रममा नेपालको मध्यपहाडी भूभागको बदलिँदो तस्विर, यस क्षेत्रका समस्या र विद्यमान चुनौतीलाई प्रत्यक्षरुपमा अवलोकन र अनुभूत गर्नुका साथै आमजनतासँग व्यापक संवाद गर्ने अवसर मिलेको छ। यो यात्रा र आमनागरिकसँगको संवादले त्यहाँका समस्या र चुनौतीसँग साक्षात्कार मात्र गराएको

छैन, त्यसको हल गर्ने बाटो पनि देखाएको छ । यसले समृद्ध नेपाल सुखी नेपालीको गन्तब्य हासिल गर्न महत्वपूर्ण पृष्ठपोषण समेत गरेको छ ।

मध्यपहाडी भूभाग नेपालको सर्वाधिक ठूलो क्षेत्र हो । जनसंख्याको हिसावमा पनि यसले महत्वपूर्ण हिस्सा ओगटेको छ। प्राकृतिक स्रोत र जैविक विविधताले धनी यो भेगमा जलस्रोतको विकास, ऊर्जा उत्पादन, पर्यटन प्रवर्द्धन, जडिबुटी, फलफूल खेती, तरकारी बालीलगायत कृषि उत्पादन र कृषिजन्य उद्योगको विकास र विस्तारको अपार संभावना रहेको छ। सांस्कृतिक विविधता, जातीय सद्भाव र राष्ट्रिय एकता यहाँको विशेषता हो। यस क्षेत्रले राजनीतिक परिवर्तन र सामाजिक जागरणको निम्ति ऐतिहासिक र अतुलनीय भूमिका निर्वाह गरेको छ। समृद्धिको प्रचुर संभावना बोकेको यो क्षेत्रमा चुनौती पनि उत्तिकै छन् ।

जटिल भौगोलिक संरचना, छरिएका बस्तीहरु, कृषिमा निर्भरता, उत्पादनमा बढ्दो ह्रास, बजारको अभाव, सेवा–सुविधा र पहुँचको कमी, भूकम्प, बाढी, पहिरोलगायतका प्राकृतिक विपत्तीका जोखिमजस्ता समस्याहरु यो क्षेत्रमा विद्यमान छन्। तीव्र बसाइँसराई यो क्षेत्रको अहिलेको सबैभन्दा ठूलो चुनौती हो। जलवायु परिवर्तनले सिर्जना गरेका समस्याहरु त्यत्तिकै विकराल छन्। यी सबै समस्या र चुनौतीलाई दृष्टिगत गरी नेकपा (एमाले) को सरकारले यहाँको समग्र विकासका निम्ति रणनीतिक महत्वका पूर्वाधार विकासमा जोड दिएको हो। समृद्धिका संभावनाको अनेक पाटाहरुमाथि अध्ययन विश्लेषण गर्दै नागरिकको जीवनस्तरमा परिवर्तन ल्याउन भौतिक विकाससँगै शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, सिंचाइ, विद्युत आदिको विकास र विस्तारलाई प्राथमिकताका साथ अघि बढाएको हो। आफ्नो गाउँ आफै बनाऔं, ९–स को अभियानलगायतका मौलिक र विशिष्ट कार्यक्रमले यो क्षेत्रमा विशेष बदलाव ल्याउन उल्लेख्य योगदान गरेको छ । त्यसको अर्को बृहत र उच्चतम अभियानको रुपमा पुष्पलाल (मध्यपहाडी) लोकमार्गको परिकल्पना गरिएको हो । यसले सिधारुपमा झण्डै दुई हजार किलोमिटरको सडक सुविधा मात्र दिँदैन, थुप्रै सहायक सडक मार्गलाई जोड्नुका साथै ग्रामीण उत्पादनलाई देश–विदेशमा बजारीकरण समेत गर्दछ । यसले अनेकौं केन्द्र र स्मार्ट शहरको जुन परिकल्पना गरेको छ, त्यसले शहरीकरणको नयाँ अभ्यास गर्न समेत मद्दत गर्दछ ।

समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्न यसले मूर्त योगदान गर्ने विश्वास लिन सकिन्छ।

'सम्बन्ध स्थानीय सन्देश राष्ट्रिय'को मर्म र भावना अनुसार जनतालाई सर्वोपरि र निर्णायक शक्तिका रुपमा आत्मसात गर्दै अघि बढेको संकल्प यात्राले अनेकखाले नकारात्मक चिन्तन, विभाजित मनोविज्ञान र निरासालाई चिर्दै मध्यपहाडमा नयाँखाले आत्मविश्वास जागृत गरेको छ। जातीय, सांस्कृतिक, भाषिक विविधता हाम्रो शक्ति हो। तर, यसलाई खल्बल्याउने अनेक प्रपञ्च भैरहेको बेला एमालेको यो संकल्प यात्राले त्यसलाई चिर्ने र सामर्थ्यमा बदल्ने सफलता पाएको छ। राष्ट्रिय एकताको भावना जागृत गर्न यसले महत्वपूर्ण योगदान गरेको छ। समृद्धिको अभियान अव रोकिँदैन र त्यो नेकपा (एमाले) को पहलकदमी र नेतृत्वमै संभव छ भन्ने मनोविज्ञानको विकासमा यसले थप टेवा दिएको छ। त्यसको निम्ति आगामी आमनिर्वाचनमा एमालेको नेतृत्वमा बहुमतको सरकार आवश्यक छ र त्यस संकल्पलाई साकार तुल्याउन मिसन–८४ अपरिहार्य छ भन्नेमा दुईमत छैन। यो यात्राले त्यस अभियानलाई सार्थक बनाउन पनि महत्वपूर्ण योगदान गर्ने निश्चित छ।

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति जनताको अपार समर्थन र नेकपा (एमाले) एवं यसको नेतृत्वप्रति दृढ विश्वास रहेको यथार्थलाई यो यात्राले पुनर्पुष्टी गरेको छ। एमालेको नेतृत्वमा बलियो राष्ट्रिय शक्ति निर्माण गर्ने संकल्पलाई दृढतापूर्वक कार्यान्वयन गर्न यो संकल्प यात्राले बलियो आधारभूमि तयार गरेको छ। समग्रमा जनताको बहुदलीय जनवादको आलोकमा समाजवादको आधारहरु निर्माण गर्ने मार्गलाई यसले सुनिश्चित गरेको छ।

पछिल्लो समयमा मुलुकमा नयाँ खाले राजनीतिक कोर्स अघि बढेको छ। नयाँ समीकरण बनेसँगै नयाँ संभावनाहरु पनि उजागर भएका छन्। नेपालको बामपन्थी, प्रगतिशील र परिवर्तनकामी शक्तिलाई एकीकृत गर्दै सबल राष्ट्रिय शक्ति निर्माण गर्ने एमालेको चाहनालाई मूर्तरुप दिन यसले थप टेवा दिएको छ। एमालेले सबै राष्ट्रिय भावना र शक्तिलाई समेटेर राष्ट्र निर्माणमा महत्वपूर्ण र नेतृत्वदायी भूमिका निर्वाह गर्नुछ। पछिल्लो राजनीतिक विकासक्रमले यो संकल्प यात्राले उठाएका विषयहरुलाई संबोधन गर्न पनि थप सहज बनाउने अपेक्षा गर्न सकिन्छ।

नवयुगको यो विशेष प्रकाशन यही संकल्प यात्रालाई केन्द्रमा राखेर मध्यपहाडको समग्र पक्षलाई समेटी तयार गरिएको छ। यसमा विविध क्षेत्रका महत्वपूर्ण आलेखहरु समेटिएका छन्। यसमा अभिव्यक्त विचारहरु लेखकका स्वतन्त्र विचार हुन्, यसमा समेटिएका कतिपय आलेख र विचारहरुले एमालेको आधिकारिक धारणा अभिव्यक्त नगर्न पनि सक्तछन्। यद्यपि यसले मध्यपहाडी राजमार्गको अवधारणा बुझ्न, यसको विद्यमान अवस्था र सुधारका क्षेत्र पहिचान गर्न, संकल्प यात्राको समग्र पक्ष थाहा पाउन, सन्देश ग्रहण गर्न एवं मध्यपहाड र समग्रमा मुलुकको समृद्धिका विविध आयामलाई उजागर गर्न यो प्रकाशनले महत्वपूर्ण पृष्ठपोषण गर्ने हाम्रो दृढ विश्वास छ। यसमा महत्वपूर्ण योगदान गर्नुहुने सम्बद्ध सबैमा हार्दिक आभार र धन्यवादसहित यो विशेषाङ्क प्रवुद्ध पाठक वर्गमा समर्पण गर्दछौं।

**प्रधान सम्पादक**

# विषयसूची


सम्पादकीय– नेकपा (एमाले) को सङ्कल्प ..... ग

**खण्ड- क**

१. विशेष वार्ता– एमालेलाई निर्णायक राष्ट्रिय शक्तिको रूपमा सबल र सुदृढ बनाउँछौं । – *केपी शर्मा ओली* ..... ३

२. सङ्कल्प यात्राले दिएको सन्देश – *ईश्वर पोखरेल* ..... १९

३. यात्राका केही अनुभव र अनुभूति – *युवराज ज्ञवाली* ..... २७

४. मध्यपहाडको विकास: देशविकासको आधारशिला – *विष्णुप्रसाद पौडेल* ..... ३५

५. मध्यपहाडी लोकमार्ग: राष्ट्रिय अर्थतन्त्र र एकताको मेरुदण्ड – *सुरेन्द्रप्रसाद पाण्डे* ..... ४७

६. बलियो राष्ट्रिय शक्तिको निर्माण – *शंकर पोखरेल* ..... ५३

७. सामाजिक–सांस्कृतिक वैभव एवम् वैविध्यको खानी: मध्यपहाड – *प्रदीप ज्ञवाली* ..... ६७

८. युवा, आप्रवासन र मध्यपहाड – *गोकर्ण विष्ट* ..... ७५

९. महिला जागरण र आर्थिक सशक्तीकरण – *पद्मा अर्याल* ..... ८५

१०. दिगो विकास र समृद्धिको आधारशिला – *प्रा.डा. पुष्प कँडेल* ..... ९३

११. सहकारीमार्फत यसरी बन्छ मध्यपहाड समृद्ध – *खगराज अधिकारी* ..... १०५

१२. मध्यपहाड र पार्टी निर्माणको प्रश्न – *काशीनाथ अधिकारी* ..... १११

१३. सङ्कल्प यात्रा: पार्टी निर्माणको स्पष्ट दिशानिर्देश – *राजेन्द्र गौतम* ..... ११७

१४. सङ्कल्प यात्रा देश बुझ्ने व्यावहारिक विश्वविद्यालय – *कर्णबहादुर थापा* ..... १२५

१५. मध्यपहाड, वामीटक्सर र लुम्बिनी प्रदेश – *सूर्य थापा* ..... १३३

१६. मध्यपहाडी लोकमार्गको आर्थिक–सामाजिक पक्ष – *डा. युवराज खतिवडा* ..... १४१

१७. मध्यपहाडी यात्रा: दीर्घकालीन प्रभाव – *विष्णु रिजाल* ..... १५३

१८. कृषिक्षेत्रका समस्या, समाधान र सम्भावना – *डा. प्रेम दङ्गाल* ..... १६१

१९. मध्यपहाडमा भूकम्प: पुनर्स्थापना र पुनर्निर्माण – *निरज आचार्य* ........ १७१

२०. पुष्पलाल (मध्यपहाडी) लोकमार्ग पुन: रेखाङ्कनको आवश्यकता, सम्भावना र रणनीति – *डा. चन्द्रबहादुर श्रेष्ठ* ........ १७९

२१. मध्यपहाडी क्षेत्रमा प्राकृतिक पुँजीको आकलन – *जुद्धबहादुर गुरुङ* ........ १९५

२२. जनतामा आशा जगाएको यात्रा – *गगन बिष्ट* ........ २०९

२३. सङ्कल्प यात्रामाथि सञ्चार दृष्टि – *डा. महेन्द्र विष्ट* ........ २१७

२४. सांस्कृतिक झाँकीले जोडिएको नेपाली मन – *उजिर मगर* ........ २२५

२५. मध्यपहाड: बसाइँसराइको डरलाग्दो चित्र – *चेतन अधिकारी* ........ २३३

२६. सुन्तला : सुन्दरता, संस्कृति र समृद्धि – *दीपक ज्ञवाली* ........ २४३

२७. स्वास्थ्य सेवाको अवस्था र सम्भावना – *डा. झलक गौतम* ........ २५१


**खण्ड- ख प्रादेशिक**


१. सुदूरपश्चिमबाट सुरु भएको सङ्कल्प यात्रा – *रोशनबहादुर खड्का* ........ २५९

२. कर्णालीबाट राजनीतिक सद्भावको सन्देश – *सूर्यमणि गौतम* ........ २६३

३. सङ्कल्प यात्रामा पोखरा बसाइ – *रामकृष्ण ज्ञवाली* ........ २६७

४. बागमतीमा देखिएका दृश्यहरु – *विष्णु तारुके* ........ २७१


५. कोशी प्रदेशको राजनीतिक परिदृश्य – *लीलाराज भट्टराई* ........ २७५


**खण्ड- ग दस्तावेज**


१. नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीका मन्तव्यको सार ........ २८१

२. झुलाघाट–चिवाभञ्ज्याङ: समृद्धिका लागि सङ्कल्प यात्रा–२०८० ........ ३०५

३. नेकपा (एमाले) द्वारा सरकारलाई बुझाइएको ध्यानाकर्षण पत्र ........ ३२५




# खण्ड- क




१ विशेष वार्ता

# एमालेलाई निर्णायक राष्ट्रिय शक्तिको रूपमा सबल र सुदृढ बनाउँछौं



**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा (एमाले)



नेकपा (एमाले)का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको अगुवाईमा पार्टीको मूल नेतृत्वसहित 'झुलाघाट–चिवाभञ्ज्याङ समृद्धिका लागि सङ्कल्प यात्रा–२०८०' ऐतिहासिक रूपमा भब्यताका साथ सम्पन्न भएको छ। अठार दिन लामो पुष्पलाल (मध्यपहाडी) लोकमार्ग यात्राका क्रममा अनुभूत गरेका विविध पक्ष र समसामयिक राजनीतिक सन्दर्भमा 'नवयुग' टोलीसँग विशेष वार्तामा अध्यक्ष ओलीले भन्नुभयो– 'मिसन २०८४ लाई चुनावसँग मात्रै जोडेर हेर्नु हुँदैन। यसको लक्ष्य भनेको एमालेलाई निर्णायक राष्ट्रिय शक्तिको रूपमा सबल र सुदृढ बनाउने भनेर बुझ्नुपर्छ।' एमाले अध्यक्ष ओलीसँग 'नवयुग'का लागि डा. महेन्द्र विष्ट, उजिर मगर र दीपक ज्ञवालीले लिएको अन्तर्वार्ताका मुख्य अंशहरू:

**नेपाल कम्युनिस्ट पार्टी स्थापनाको हीरक वर्ष चल्दैछ। यही अवसरमा संस्थापक नेता पुष्पलालका नाममा रहेको पुष्पलाल (मध्यपहाडी) लोकमार्ग केन्द्रित समृद्धिका लागि सङ्कल्प यात्रा सफलतापूर्वक सम्पन्न गर्नुभएकोमा सबैभन्दा पहिले यहाँ र सम्पूर्ण टोलीलाई हार्दिक बधाई छ।**

## यो यात्राको परिकल्पना कसरी गरियो र यसको अवधारणाको मूल पक्ष के थियो ?

यो यात्राका पछाडि दुईचारवटा महत्त्वपूर्ण पक्ष छन् । पहिलो, देश सङ्कटमा छ । देशलाई सङ्कटमुक्त गरेर अगाडि बढाउनु छ । त्यसका लागि जनतालाई सचेत गराउनु छ, सङ्गठित गर्नु छ । जनताको मनोभावना बुझ्नु छ । जनताले के चाहेको छ ? के सोचिरहेको छ ? उसको मनोदशा कस्तो छ ? त्यसमा कति भ्रमपूर्ण धारणाहरूले ठाउँ लिएका छन् ? जनताले भोगिरहेका समस्या कस्ता छन् ? विपक्षीहरूले कस्ता भ्रमहरू कसरी फैलाइरहेका छन् र त्यसको प्रभाव के परेको छ ? त्यो बुझ्नु, त्यसको उपचार कसरी हुन सक्छ भनेर पत्ता लगाउनु, जनतालाई यस परिस्थितिबाट जोगाउनु, माथि उठाउन तयार पार्नु आजको आवश्यकता हो । यस कामका लागि आधारभूत रूपमा जनतामा पुग्नुपर्छ भनेर नै मैले यो यात्राको परिकल्पना गरेको हुँ । यो परिकल्पना गरिसकेपछि, यसलाई अगाडि बढाउन थालेपछि बहुआयामिक पक्ष आउने नै भए । त्यसका लागि स्थलगत रूपमा नपुगी, जनतालाई नभेटी, उनीहरूका माग, असन्तुष्टिहरू नसुनी हुँदैन भनेर हामीले यस यात्राको तयारी गरेका हौँ ।

मध्यपहाडका जनतामा कसरी पुग्ने त ? तराईतिर बाटाहरू सजिला छन् । आवागमनको सुविधा छ । जीवन पहाडको जस्तो कष्टकर अलि छैन । तराईमा सञ्चारमाध्यमहरू धेरै छन् । पहाडमा कम छन् । पहाडमा मान्छेहरू कष्टकर जीवन बिताइरहेका र बेफुसर्दिला छन् । त्यस्तो अवस्थामा पुष्पलाल मध्यपहाडी लोकमार्ग, त्यसको पूरा पूर्व–पश्चिम यात्रा गर्नु र जनभावना बुझ्नु जरुरी छ भन्ने हाम्रो निष्कर्ष रह्यो । यो यात्रा तय गरिसकेपछि हामीले कसरी गर्ने ? के गर्ने ? भन्ने छलफल गऱ्यौँ र समृद्धिका लागि सङ्कल्प यात्रा तय गऱ्यौँ । यो यात्रा केका लागि हो त भन्दा ‘समृद्ध नेपाल, सुखी नेपाली’ बनाउनका लागि हो । त्यो उद्देश्य त्यसै पूरा हुँदैन, त्यसका लागि सङ्कल्प यात्रा भनेका हौँ । त्यसमा प्रतिबद्धता चाहिन्छ । त्यसकारण यो प्रतिबद्धता यात्रा हो, यो सङ्कल्प यात्रा हो । हामीले जनताका बीचमा एमाले छ, हामी यसको अगुवाइ गर्छौं भनेर जनतालाई भन्नुपर्छ, जनतालाई सचेत हुन, सङ्गठित हुन र एमालेको साथ लागेर अगाडि बढ्न आह्वान गर्नुपर्छ भनेर नै यो यात्रा तय गरिएको हो ।

**यात्राका लागि पुष्पलाल (मध्यपहाडी) लोकमार्ग छनोट गर्नु र समय पनि पार्टी स्थापनाको हीरक वर्ष नै पार्नुको पनि विशेष अर्थ छ कि ?**

हामीले पुष्पलालले पार्टी स्थापना गरेको ७५ वर्ष पुगेको स्थितिमा यो अवसरलाई हीरक महोत्सवका रूपमा पनि मनाउनुपर्छ भनेर गत वर्षबाटै मनाउन सुरु गरेका थियौँ। आगामी वर्षभरि पनि यो एक ढङ्गले चलिरहन्छ। पुष्पलाल (मध्यपहाडी) लोकमार्गले पुष्पलालद्वारा पार्टी स्थापना गर्दाका उद्देश्यको स्मरण गराउँछ। पुष्पलाललाई स्मरण गर्नु भनेको संस्थापकहरू र अग्रजहरूको याद गर्नु हो। अग्रजहरूले जुन परिस्थितिमा लडेका थिए, त्यो परिस्थितिको याद दिलाउँछ। त्यो बेला अत्यन्त कठिन परिस्थिति थियो। अहिले त परिवर्तनको आन्दोलन, वामपन्थी आन्दोलन राजमार्गमा गाडी गुडाएजस्तो छ। हिजो ज्यान जोखिममा राखेर पहरामा भारी बोकेर हिँड्नुजस्तो थियो। त्यस अवस्थामा हाम्रा पुर्खाहरूले बलिदान दिएर, आन्दोलन अगाडि बढाउनुभएको थियो। त्यसकारण उहाँहरूको बलिदानको, उहाँहरूको त्यागको, उहाँहरूले भोग्नुभएको जिन्दगीको, परिस्थितिका निम्ति यो हाम्रो सम्मान हो। उहाँहरूले त्यस्तो परिस्थितिमा उठाउनुभएको झन्डाको सम्मान हो। झन्डा भनेको उद्देश्य हो। यो कुरा पनि सँगसँगै हुने भएकाले हामीले यो महोत्सव वर्ष मनाइरहेका हौँ। यद्यपि यो महोत्सव वर्ष परेर यात्रा छानेका होइनौँ। ७५ वर्ष पूरा भएको सन्दर्भ भएर होइन। आवश्यकता पऱ्यो र सन्दर्भ पनि जोडियो।

**सङ्कल्प यात्रामा ३० वटा जिल्लामा साना–ठुला गरी सयभन्दा बढी सभाहरू भए। ती सबैलाई तपाईंले सम्बोधनसमेत गर्नुभयो। १८ दिनमा २ हजार किलोमिटरभन्दा लामो यात्रा तय गर्दा कस्तो अनुभूति गर्नुभयो ? सहजता–असहजता कस्तो रह्यो ?**

असहजतको कुरो के थियो र! हामी आराम गर्न निस्केका थिएनौँ। पिकनिक खान पनि निस्केका थिएनौँ। हामी ट्रेकिङ गर्न निस्केका पनि होइनौँ। हाम्रो मूल उद्देश्य राष्ट्रिय शक्तिको सबल अस्तित्व देशमा छ र यसलाई निर्णायक तहमा विकास गर्नु छ भन्ने थियो। कति किलोमिटर छ, बाटो कस्तो छ, कति ठाउँमा ट्र्याकसमेत नखोलिएको स्थिति छ, कति ठाउँमा घुमेर जानुपर्छ, कहाँ पुल छ, कहाँ छैन, धेरै ठाउँमा कालोपत्रे भएको छैन, कति ठाउँमा गरेको पनि भत्केर खाल्डाखुल्डी परेका छन् र हामी त्यस्तोमा जानु छ र यो यात्रा पार गर्नु छ भन्ने बुझेरै यहाँबाट प्रस्थान गरेको हुनाले न बाटोप्रति गुनासो थियो न मौसमप्रति गुनासो

थियो । हामीले मङ्सिरको आधाबाट यात्रा थालेकाले चिसो त हुने नै भयो । हामीले कतिपय हिउँ परेको ठाउँहरूमा पुग्नुपर्ने थियो । त्यसकारण अप्ठ्याराहरू, चिसोहरू, प्रतिकूलताहरू भौगोलिक र प्राकृतिक रूपले आउन सक्छन् भन्ने कुरा थाहा थियो । हामी आउँदाआउँदै मौसमको प्रतिकूलताले एकदुई दिन रोकिनुपर्छ कि भन्ने थियो । जस्तो कि रुकुम पूर्व र बागलुङको सीमाक्षेत्र पातीहाल्ने ठाउँमा त्यो अनुमान थियो । जे भए पनि हामी यात्रा परित्याग गर्दैनौं भन्ने अठोटका साथ हिँडेका थियौँ । हामीलाई शारीरिक तवरले पनि प्रतिकूलताको कुनै महसुस भएन । हामी एउटा सङ्कल्पमा थियौँ । र, महान् सङ्कल्पतर्फ उन्मुख थियौँ । त्यसकारण हामीलाई ती कुराहरूले त्यस्तो सताउन सकेन । कहीँ पुग्दा जाडो हुनु, कहीँ पुग्दा घाम हुनु, कहीँ पुग्दा हावा लाग्नु, कहीँ पुग्दा पानी पर्नु, कहीँ पानीले भिज्नुजस्ता कुराहरू स्वाभाविक थिए ।

**व्यक्तिगत रूपमा स्वास्थ्यमा समस्या महसुस गर्नुभयो कि भएन ?**

त्यस्तो कुनै पनि प्रकारको समस्या भएन । घामपानीले, हावाले, चिसोले, तातोले टाउको दुख्ने पनि भएन । खानेकुराहरू नमिलेर यस्तो–उस्तो भनेर पेट दुख्ने कुरा पनि भएन । बिस्तरा फेर्नुपऱ्यो भनेर निद्रा नलाग्ने कुरा पनि भएन । हरेक रात नयाँनयाँ बिस्तरामा आनन्दले निदाइयो । कहीँ तकिया पातलो भयो भनेर समस्या भएन । कहीँ अग्लो भयो भनेर पनि समस्या भएन । कहीँ होचो भयो भनेर पनि समस्या भएन । कहीँ साह्रो, गिलो भयो भनेर पनि समस्या भएन । जस्तो छ, त्यसमा आनन्दले निदाइयो । हामीले स्वास्थ्य टोली साथमै लिएर गएका थियौँ । त्यो मेरा लागि मात्र होइन । स्वास्थ्य टोली सबैका लागि आवश्यक थियो । जहाँ सयौँ मान्छे निरन्तर हिँडेका छन् । र, हरेक दिन कमसेकम दसौँ हजार मान्छे त्यसमा सरिक छन् । कुनै–कुनै दिन त दशौँ हजार होइन कि त्योभन्दा पनि बढी मान्छे पनि सरिक हुन्छन् । त्यस्तो ठाउँहरूमा स्वाभाविक रूपमा स्वास्थ्य टोली चाहिन्छ । त्यो प्रबन्धका साथ हामी हिँडेका थियौँ । तर संयोगको कुरो, खुसीको कुरो, यात्रा सफल रह्यो । उद्देश्यका हिसाबले यात्रा सफल रह्यो । कुनै गाडी पन्चरसम्म पनि भएन । त्यत्रो यात्रामा कोही मान्छेको पनि टाउको दुखेन । अचम्मको कुरो नि ! कसैले ख्वाक्कसम्म पनि खोकेनन् । कसैले एकपल्ट हाच्छिउँ गर्नुपर्ने अवस्था पनि भएन । त्यो त गज्जब हो नि ! रमाइलो हो नि ! होइन र ?

नेपाल प्रकृतिक रूपमै विविधतायुक्त छ । छोटो–छोटो दुरीमा फरक मौसम अनि पहाडैपहाड र खाल्डाखुल्डी बाटोमा निरन्तरको यात्रा गर्ने, राति १० बजेसम्म

सभाहरू पनि गर्ने, फेरि भोलिपल्ट बिहानै हिँड्नुपर्ने। खानपिन र बसउठमा पनि असहज हुने स्थिति त रहने नै भयो...

१० बजे पुगेर ११ बजेसम्म सभा गरेर, खाना खाने ठाउँमा गएर हामी १ बजे, २ बजे, एकदम छिटो सुत्दा १२ बजे भयो होला कहिलेकाहीँ। म त कहिले पनि १२ बजे सुतिनँ। अरू साथीहरू पनि १२ बजेपछि नै सुत्नुभयो होला। नत्र भने १ बजे, २ बजेभन्दा अगाडि सुतिएन। तर, मैले अघि नै भनेँ नि, त्यसमा हामीलाई कुनै दुखेसो छैन।

*पुष्पलाल (मध्यपहाडी) लोकमार्गले पुष्पलालद्वारा पार्टी स्थापना गर्दाका उद्देश्यको स्मरण गराउँछ। पुष्पलाललाई स्मरण गर्नु भनेको संस्थापकहरू र अग्रजहरूको याद गर्नु हो। अग्रजहरूले जुन परिस्थितिमा लडेका थिए, त्यो परिस्थितिको याद दिलाउँछ। त्यो बेला अत्यन्त कठिन परिस्थिति थियो। अहिले त परिवर्तनको आन्दोलन, वामपन्थी आन्दोलन राजमार्गमा गाडी गुडाएजस्तो छ। हिजो ज्यान जोखिममा राखेर पहरामा भारी बोकेर हिँड्नुजस्तो थियो। त्यस अवस्थामा हाम्रा पुर्खाहरूले बलिदान दिएर, आन्दोलन अगाडि बढाउनुभएको थियो।*

**मध्यपहाडको यात्राका क्रममा त्यहाँको भौतिक विकास र समाजको बनावटचाहिँ कस्तो पाउनुभयो ? यो यात्राका क्रममा तपाईंको मनमा सबैभन्दा बढी खड्किएको विषय चाहिँ के हो ?**

अहिलेको जटिल र बिग्रँदो अवस्था नै हो, सबैभन्दा बढी खड्किने विषय। त्यसले उत्पन्न गरेको जटिल मनोविज्ञान र यसलाई परिवर्तन गर्नैपर्ने अपरिहार्य आवश्यकता हो। यो सामान्य राजनीतिक हेरफेरले मात्रै हुनेवाला छैन। त्यसपछिका जिम्मेवारी, त्यसपछिका चुनौती भनेको असाधारण कुरा हो। त्यसको सामना गर्नुपऱ्यो। मुख्य प्रश्न देशमा समृद्धि ल्याउने हो, जसबाट हामी नेपालीलाई सुखी बनाउन सक्छौँ। सुशासन ल्याउने हो, जसबाट नेपालीलाई सन्तुष्ट बनाउन सक्छौँ। हाम्रो सरोकारको विषय भनेको मुख्य रूपमा जनता हो र अर्को भूगोल। त्यो भूगोलको विकास, त्यसको सम्भावना, त्यसका स्रोत के छन् ? त्यहाँ खनिज तत्त्वहरू के–के छन् ? माटोको अवस्था के छ ? उर्वरता कस्तो छ ? कुन खालको बनावट छ त्यहाँको ? कुन खालको हावापानी छ ? त्यस ठाउँलाई कसरी अधिकतम रूपमा सदुपयोग गर्न सकिन्छ ? त्यो कृषिका लागि, फलफूलका लागि हुन सक्छ कि ? सागसब्जीका लागि हुन सक्छ कि ? पशु पालनका लागि हुन सक्छ कि ? जडीबुटीका लागि हुन सक्छ कि ? मत्स्य पालनका लागि हुन सक्छ कि ? के कामका लागि हुन सक्छ ? यी विभिन्न पक्षहरूको अध्ययन गर्नु नै यात्राको उद्देश्य थियो। हाम्रो मनमा त्यसप्रति जिज्ञासा र समाधानको उपाय के हुन सक्ला भन्ने नै थियो।

त्यहाँका जनताको जीवन कस्तो छ ? उनीहरूका मागहरू के छन् ? तिनको तत्कालीन रूपमा र दीर्घकालीन समाधान के हुन सक्छ ? यिनै सोचका साथ हामी अगाडि बढ्यौँ।

**कस्तो पाउनुभयो त ?**

तत्कालीन रूपमा हामीले के गरेर अगाडि बढ्नुपर्छ भन्ने कुराको निक्र्योल गरेका छौँ। सरकारलाई लेखेर दिएका पनि छौँ। हाम्रो पहिलो सरोकार त मान्छेसँग हो। यो सबै परिवर्तन गर्ने भनेको त मान्छेले हो। त्यसकारण मान्छे, त्यसका लागि सचेत हुनु पऱ्यो। सङ्गठित हुनुपऱ्यो। सक्रिय हुनुपऱ्यो नि ! कतिपय देशमा एउटा भूगोल, एउटा भाषा, एउटा संस्कृति, एउटै धर्म छ। प्राकृतिक विविधता पनि छैन। तपाईं कोरिया हेर्नुस् वा इजरायल वा यस्ता अरू पनि देश छन्। तर, हाम्रो त त्यस्तो होइन, हाम्रोमा विविधता छ। भाषा, भेष, परिकार, संस्कृति, धर्म हरेकमा विविधता

छ । प्राकृतिक हिसाबमा पनि उस्तै विविधता छ, आकर्षण छ । सर्वोच्च शिखरदेखि अनेक हिमाल छन् । कञ्चनजङ्घा भो, मकालु छ, त्यसभन्दा पश्चिमपट्टि ल्होत्से छ । अनि सगरमाथा आउँछ । सगरमाथाभन्दा ठ्याक्क पश्चिममा एउटा हिमाल । त्यसभन्दा पश्चिम गएपछि मनास्लु छ । त्यहाँबाट अन्नपूर्ण–२, ३ र १ छन् । त्यसपछि धौलागिरि छ । त्यसरी एकपछि एक ८ हजारभन्दा माथिका हिमशृङ्खला छन् । एउटा ८ हजारमाथिको हिमाल पार गर्न धेरैवटा हिमाल पार गर्नुपर्छ । त्यो विविधता, त्यसमुनि अग्ला पहाडहरू, होचा पहाडहरू गर्दै चुरेभावर आउँछ ।

यो भौगोलिक विविधतामा वनस्पतीय, प्राकृतिक, जैविक, सामाजिक, सांस्कृतिक यस्ता अनेक विविधता छन् । त्यसो भएर हामीले स्वाभाविक रूपमा पश्चिमदेखि पूर्वसम्म विविध उचाइका, भूगोलका, विभिन्न प्रकारका भाषा, लवज, पहिरन, संस्कृति, वाद्यवादन बजाउने, विभिन्न परिकार खाने त्यस्तो खालको मानव समुदायसँग ठाउँपिच्छे मिश्रित वा फरक वा एकल त्यस्ता अनेक समूहहरू बीचमा संवाद गर्नु थियो । हामीले भनेका थियौँ– 'संवाद स्थानीय : सन्देश राष्ट्रिय' । वास्तवमा भयो पनि त्यस्तै । हामी जहाँ पुग्यौँ, त्यहाँको वेशभूषा, कला, संस्कृति, वाद्यवादन, गायन, नृत्य लिएर त्यहाँ झाँकीहरूसहित जनता मैदानमा उत्रिनुभयो । असाधारण ऐक्यबद्धता भयो । पश्चिमदेखि पूर्वसम्मको सांस्कृतिक रूपमा कति धनी रहेछ । भेशभूषा र खानपिनको परिकारमा कति धनी रहेछ । पहिरनमा कति धनी रहेछ । खानपिनको विचित्र विविधता, त्यसमा पनि कति धनी रहेछ । देश भन्ने कुरा पनि कति धनी रहेछ भन्ने देखियो । हामीले थुप्रै ठाउँमा, बाटामा आफ्नै साथीभाइले पकाएको खाना चौरमा पकाएको खाना खाँदै हिड्यौँ । त्यसले देखाउँछ, त्यो ठाउँका खानेकुराहरू, बनाउने तरिकाहरूमा अनेक भिन्नता । ती सबै कुराले पनि हाम्रो राष्ट्रको समृद्धिलाई देखाउँछन् । त्यो समृद्धिलाई आधार बनाई अब हामीले जनतालाई एक ठाउँ जोडेर आर्थिक समृद्धि गर्नु छ ।

> **मध्यपहाडका विभिन्न समस्याहरूमध्ये बसाइँसराइ एउटा प्रमुख समस्या बन्दै गएको छ । त्यसमा पनि युवा जनशक्ति त त्यहाँ भेटाउनै मुस्किल भइरहेको छ । हिमाल–पहाड उजाड हुने, बस्ती रित्तिँदै जाने यो खालको अवस्था भइरहेको छ । यहाँनिर मूल समृद्धिका क्षेत्र र आधारहरू के हुन सक्छन्, ताकि त्यहाँको जनसङ्ख्यालाई त्यहीँ राखेर समृद्धि हासिल गर्न सकियोस् ?**

हिजोको जस्तै जनसङ्ख्या त्यहाँ फर्काउन, जनसङ्ख्यालाई त्यहीँ राखिराख्न त प्राय: सम्भव छैन । किनभने यातायातको सुविधाले मान्छेलाई चलायमान बनाउँछ । तुलानात्मक रूपमा अवसर र सुविधाको पहुँच कहाँ सजिलोसँग हुन सक्छ ? त्यस कुराले मान्छेलाई आकर्षित गर्छ । त्यसो भएर जहाँ सहज जिन्दगी हुन्छ, त्यहाँ मान्छे सर्छ । हिजो कृषि अर्थतन्त्रमा सम्पूर्ण रूपमा आधारित भएको बेला एउटा परिवार नै उत्पादन युनिट हुने गर्थ्यो । आफ्नै घर, आफ्नै खेत, आफ्नै बारी, आफ्नै गाईगोठ, आफ्नै बाख्रा, आफ्नै धान, आफ्नै मकै, आफ्नै तोरी, आफ्नै फापर, आफ्नै सागसब्जी आदि । यी सबै आफ्नै बारीमा थिए । हामीले किन्ने भनेको नुन, सियो आदि । नत्र भने किन्नु खासै केही पनि पर्दैनथ्यो । परिवार नै उत्पादनको एउटा युनिट हुन्थ्यो । आफ्नै परिवारले उत्पादन गर्थ्यो । अर्मपर्म चल्थ्यो । अब त्यसरी मान्छेको जीविका चल्ने स्थिति छैन । समाज अत्यन्तै गतिशील र अन्योन्याश्रित छ नि ! हिजोको जस्तो नुन मात्रै किनेर काम चल्ने अवस्था छैन । त्यसो भएर एउटाले एउटा चिज उत्पादन गर्छ र त्यो बेचेर अरू चिज किन्छ । एउटाले आम्दानीको स्रोत बनाउँछ । अरू आवश्यक सामग्रीहरू त्यो स्रोतबाट किन्छ । अब स्थानीय तहमै रोजगारी सिर्जना गरेर, सेवासुविधा दिएर जानुपर्छ । आधुनिकीकरण गर्नुपर्छ । त्यसमा सरकारले के गर्नुपर्छ, सोच्नुपर्छ ।

**बसाइँसराइ विश्वव्यापी रूपमै हुने साझा समस्या त हो । तर पहाडको सन्दर्भमा एकोहोरो भयो, यहाँबाट जाने मात्रै नफर्किने । यसलाई रोक्ने वा अन्यत्रबाट पहाडतिर पनि बसाइ जाने कसरी बनाउने ?**

यो क्रम नितान्त नयाँ र नौलो होइन । पहिले–पहिले पनि यो हुन्थ्यो । जस्तो हाम्रै परिवारको कुरा गरौँ । हामी तेह्रथुमबाट झापा झर्‍यौँ । तेह्रथुममा दोलखाबाट गयौँ । दोलखामा जनसङ्ख्या बढ्यो, जमिन बढेन । त्यसकारण नयाँ ठाउँमा हामी गयौँ । दोलखा सल्यानतिरबाट आयौँ । सल्यान अर्को ठाउँबाट आयौँ । रुकुमबाट सर्‍यौँ अथवा जाजरकोटबाट । किन त भन्दा त्यहाँभन्दा सजिलो जिन्दगी हुन सक्छ भन्ने लागेर । हिजो पनि सर्दै नसरेको त होइन । पहाडमा नपुगेपछि तराईको जमिन फाँडेर बस्ने चलन चल्यो । खासगरी भन्ने हो भने यो पछिल्लो ८० वर्षमै हो, तराईमा जनसङ्ख्याको चाप बढेको । २००० सालयता बढ्यो । यसलाई पूर्ण रूपमा रोक्न सकिँदैन । तर, यत्तिकै छोड्ने पनि होइन । जब परिवार उत्पादनको एकाइ हुन सक्दैन भने यसको अर्थ के हो त भन्दा ठुला प्लटहरू बनाउनुपर्‍यो । उत्पादन र

उद्योगधन्दाको व्यापक विकास गर्नुपऱ्यो। हिजोजस्तो जग्गाको हदबन्दी हुनुभएन। त्यहाँ पहाडमा १० मुरी मकै फलाएर कसरी बस्छ मान्छे ? त्यो एउटा समय थियो कि अत्याधिक जमिन अनुत्पादक रूपमा कब्जा गरेर बस्ने समय थियो। अबको समय भनेको त्यस्तो होइन।

### कस्तो हो त, अबको समय ? पहाडलाई गुल्जार बनाउन के गर्नुपर्छ ?

अबको समय भनेको ठुलो मात्राको उत्पादन र बजारको हो। बजार पाउन पहिलो कुरा ठुलो मात्रामा उत्पादन चाहिन्छ। जस्तो स्याउ फल्ने ठाउँका मान्छेहरूले स्याउको उत्पादन व्यापक बनाउनुपऱ्यो। स्याउ राम्रो आकर्षक फल्यो कि अलिक कुचुक्क पऱ्यो भन्नेले खासै अर्थ राख्दैन। किनभने राम्रो फल्यो भने राम्रो मूल्यमा जान्छ। कुचुक्क परेको भए वाइन बनाउन काम लाग्छ, चार गुणा महँगोमा बिक्छ। कुनै जुस बन्छ, कुनै जाम बन्ला। ठुलो मात्राको उत्पादन भएपछि कुन राम्रो, सग्लो भयो, कुन बिग्रियो भन्ने पिरै हुँदैन। त्यसलाई अर्को प्रयोजनमा लान्छ, झन् मजाले बिक्री हुन्छ। मुख्य कुरा के हो भने त्यसलाई रुपान्तरण कसरी गर्ने ? स्याउलाई जुसमा कसरी, जाममा कसरी, वाइनमा कसरी रूपान्तरण गर्ने ? त्यसो

*हिजोको जस्तो नुन मात्रै किनेर काम चल्ने अवस्था छैन। त्यसो भएर एउटाले एउटा चिज उत्पादन गर्छ र त्यो बेचेर अरू चिज किन्छ। एउटाले आम्दानीको स्रोत बनाउँछ। अरू आवश्यक सामग्रीहरू त्यो स्रोतबाट किन्छ। अब स्थानीय तहमै रोजगारी सिर्जना गरेर, सेवासुविधा दिएर जानुपर्छ। आधुनिकीकरण गर्नुपर्छ। त्यसमा सरकारले के गर्नुपर्छ, सोच्नुपर्छ।*

गर्दा केही पनि खेर जाँदैन। त्यसकारण आधुनिकीकरणका लागि, बजारीकरणका लागि, व्यवसायीकरणका लागि ठुलो मात्राको उत्पादन जरुरी हुन्छ। हिजोजस्तो अब 'ल्यान्ड टु द डिलर' भनेर हुँदैन, 'ल्यान्ड टु द प्रोडक्सन' हुनुपऱ्यो। जसले बढी प्रतिफल दिने गरी उत्पादन गर्न सक्छ, त्यसलाई जमिन। अहिले लगभग ६० प्रतिशत जनसङ्ख्या कृषिमा आधारित छ। त्यसलाई कमसेकम अहिले तत्काल १५ प्रतिशतमा झार्नुपर्छ। अरूलाई अर्को क्षेत्रमा सार्नुपर्छ। औद्योगिकीकरणतर्फ लानुपर्छ। उद्यमशीलताको विकास गर्नुपर्छ। कृषिबाट उद्योगशीलतातर्फ बलजफ्ती पठाउन सकिँदैन। त्यसलाई बाटो दिनुपर्छ। आइडिया उसैले बनाउँछ। सरकारले रूपान्तरित हुन वातावरण बनाइदिनुपर्छ।

**मध्यपहाडको विकासकै कुरा गर्दा कृषि उत्पादन, कृषिजन्य उद्योग स्थापना, विकास गर्ने एउटा मुख्य कुरा त भयो। त्यो सँगसँगै अन्य प्राथमिकताका क्षेत्रहरू के–के हुन सक्छन् ?**

मध्यपहाडमा कृषि क्षेत्रको विकासका लागि थुप्रै सम्भावना छन्। जडीबुटी सङ्कलन, प्रशोधन त्यसबाट औषधी र अरू जे निर्माण गर्नु छ, त्यो निर्माण गर्ने कुरा छ। कृषि क्षेत्रका बहुआयाम छन्। अहिले हामीले त्यसका लागि खाद्यान्नको स्थितिमा सुधार ल्याउन जरुरी छ। कृषिप्रधान देश भनिएको छ तर हामी के भयौँ–भयौँ ? साग, गोलभेडा, खुर्सानी पनि लगाउँदैनौँ। अरू कुरा छोडौँ, जताततै फुल्न सक्ने सयपत्री फूल पनि आफू लगाउँदैनौँ। हाम्रो आनीबानी पनि सुधार्नुपर्छ। उत्पादन बढाउनुपर्छ।

हामीले हाम्रो हिमाली ताजा पानी बेच्न सक्नुपर्छ। मान्छेले समुद्रको पानीबाट नुन झिकेर शुद्ध बनाएर खाएका छन्। हामीसँग त जडीबुटी, औषधीका जरा पखाल्दै पहराभित्र गएर त्यहाँका मिनिरलहरूसँग खेल्दै आएको, अर्गानिक मिनिरल वाटर छ। त्यसबाट पनि हामीले ठुलो व्यापार गर्न सक्छौँ। पर्यटन पनि यसमा जोडिएर आउँछ। एउटा राम्रो केही चल्यो भने मान्छे त्यही हेर्न पनि आउँछ। पर्यटन भनेको त्यही त हो नि ! रमणीयता हेर्न आउँछन्। जस्तो इलामको कन्याममा फोटो खिच्न भए पनि मान्छे आउँछन्। त्यहाँ चिया–सिया खाएर जान्छन्। अहिले त्यहाँ खुद्रा पसलहरू लस्करै छन्। त्यत्रा पसलहरू चलेका छन्। पहिले फोटो खिच्न मात्रै जान्थे। अहिले चिया छ, चकलेट छ। यसले उत्पादन र व्यवसाय फैलिएको छ। रोजगारी बढेको छ।

हामीसँग थुप्रो खनिज छन्। ती खनिजहरू निकाल्नुपर्छ। धौवादीमा राम्ररी ध्यान दिइएको छैन। त्यहाँबाट राम्ररी फलाम निकाल्यौँ भने अइरन, स्टिल, कृषि सामग्रीलगायत हामीलाई आवश्यक पर्ने औजारहरू बनाउन सक्छौँ। त्यसले गर्दा ठुलो मात्रामा आयात घट्छ। फलामको उत्पादन र प्रशोधनबाट त्यसमा आधारित विभिन्न खालका उद्योग चलायौँ भने घरका काँटी, किला, कब्जादेखि लिएर फर्निचरलाई चाहिने सबै कुरा त्यसैबाट बन्छन्। खुर्पा, खुकुरीको मात्रै कुरा होइन नि, घडी पनि त्यसैबाट बन्छ। यस्ता चिजहरूलाई प्रयोग गर्न थालेपछि आत्मनिर्भर अर्थतन्त्र बन्छ। आत्मनिर्भर अर्थतन्त्रबाट व्यापार असन्तुलनलाई सन्तुलनमा ल्याउँछ। जलविद्युत्को अपार सम्भावना छ। आन्तरिक खपत र ठुलो मात्रामा निर्यात गर्न सकिने स्थिति छ। यस्ता अनेक सम्भाव नै सम्भावना छन्। यसकारण हाम्रो देश गरिब हुनुपर्ने देशै होइन।

**पहाडमा जलविद्युत्सँगै ऊर्जाका अरू वैकल्पिक सम्भावना पनि छन् भन्छन् विज्ञहरूले। जस्तै हावा, सौर्य र हाइड्रोजन ऊर्जाको चर्चा छ। तपाईंलाई के लाग्छ ?**

नेपालको हकमा हावाबाट ऊर्जाको सम्भावना छ तर अलि कम छ। कुनै–कुनै ठाउँमा हावा बेसरी चल्ने डाँडाहरू छन्। हाम्रै पहाडमा पनि त्यस्ता केही ठाउँ छन्। मेरो आफ्नै तेह्रथुममा त्यस्ता हावा चल्ने ठाउँहरू छन्। जहाँ हावाबाट पनि विद्युत् निकाल्न सकिन्छ। तर, सबैभन्दा सहजै तराईमा पनि हुने, हिमालमा पनि हुने त सोलार हो। जल ऊर्जा त्यसै गरी चल्छ। तर, त्योभन्दा अब हामीले हाइड्रोजन ऊर्जातिर जानुपर्ने बेला भयो। पानीबाट हाइड्रोजन र अक्सिजनलाई अलग गर्ने। ‘एचटुओ’लाई छुट्याउने। ‘एच’लाई अलग गर्ने र हाइड्रोजन ऊर्जा उत्पादन गर्ने। मध्यपहाडमा सम्भावना धेरै छन्।

**यी सबै हेर्दा मध्यपहाडको मूल समस्या चाहिँ के रहेछ त ?**

मध्यपहाडको मूल समस्या भनेको मान्छेहरूसँग आम्दानीको स्रोत भएन। त्यो भूमि र स्रोतहरूलाई आम्दानीमा कसरी परिणत गर्ने भन्ने ज्ञान जनतामा भएन। त्यो जानकारी र सहयोग लिएर सरकार पुग्नुपर्ने हो तर पुगेन। हामी वन–वन मात्रै भन्छौँ। नफुल्ने, नफल्ने कुरालाई छाडेर उत्पादनमुखी हुन सिक्नुपर्छ। हामीले वनजङ्गल त बागवानीको पनि बनाउन सक्छौँ। जुनार, सुन्तला, कागतीको वन

हुँदैन ? आँपको जङ्गल बनाइदिए भएन ? हामीले अग्ला रुखहरूका लागि यति धेरै जमिन छोडेका छौँ नि ! केही अग्ला रुखहरू प्रकृतिको, तलको हरियो होचा रुखहरूको वातावरणीय हिसाबले महत्त्व छ । तर अग्ला रुखहरूका लागि धेरै जमिन छाडेका छौँ। हामीसँग ४५.६ प्रतिशत जमिनमा वन क्षेत्र छ। २८ प्रतिशत सघन वन छ । लगभग १८ प्रतिशत वन भनिएको तर बन हुन नसकेको क्षेत्र छ । त्यसलाई केही क्षेत्र वनकै रूपमा छोड्नुपर्ने, अर्को बागवानीमा परिणत गर्नुपर्ने छ। यसलाई उत्पादकत्व र आम्दानीसँग जोड्न नसक्नु हाम्रो समस्या हो ।

**मध्यपहाडको विकासका लागि राज्यले गर्ने योगदान के–के हुन सक्छन् ?**

राज्यले मध्यपहाडमा पहिलो त पूर्वाधारको रचना गर्नुपर्‍यो । व्यक्ति आफैले त्यो गर्न सक्दैन । जनतालाई त्यहाँ अनुदान, सहायता, सस्तोमा ऋणजस्ता कुराहरू उपलब्ध गराउनुपर्‍यो । अर्को कुरा, जनतामा ज्ञान र सीप पुर्‍याइदिनुपर्‍यो । उहिले–उहिले 'बुढी आमा र जेटिए बाबुको बहस' हुन्थ्यो रेडियोमा। त्यो रेडियोमा मात्रै भयो। अब साँच्चिकै व्यावहारिक रूपमै गाउँमा प्राविधिकहरू पुर्‍याउनुपर्‍यो। कृषिको पूर्वाधार, विकासको पूर्वाधार, ठुलो मात्राको खेती, आधुनिक प्रविधिको उपयोग, ज्ञानको हस्तान्तरण जस्ता कुराहरूमा सरकारको ध्यान जानुपर्‍यो । आर्थिक लगानी बढाउन 'सिड मनी' अर्थात् त्यसका लागि सुरु लगानी गरिदिने र विकास गर्ने काम गर्नुपर्‍यो ।

**मध्यपहाडी लोकमार्ग एमालेकै योजनामा बन्यो । तर, अहिले विज्ञहरूले यसको 'रिएलाइन्मेन्ट' गर्नुपर्छ भनेका छन्। यसको लम्बाइ घटाउने र बिन्दु बदल्ने कुरा पनि आएको छ। यात्राबाट फर्किएपछि तपाईंलाई कस्तो लाग्यो ?**

त्यो ठीक हो। पुष्पलाल मध्यपहाडी लोकमार्गको 'रिएलाइन्मेन्ट' गर्नुपर्छ। अलिकति रुट परिवर्तन गर्नुपर्छ केही ठाउँमा । जस्तो रामेछाप, काभ्रेमा यो देखिन्छ। सुनकोसी दक्षिण किनाराबाट बिपी राजमार्ग, उत्तर किनाराबाट पुष्पलाल लोकमार्ग छ। खोलावारी एउटा राजमार्ग, खोला पारी अर्को राजमार्ग। अलि वर आएपछि अनावश्यक रूपले घुमाएर कताकता पुर्‍याएको छ। त्यहाँ १५–२० किलोमिटर बाटो त्यत्तिकै निर्जन ठाउँमा घुमाइएको छ। त्यहाँ गाडीको टायर पन्चर भयो भने बनाउने ठाउँ छैन । पानी खानुपर्‍यो भने बस्ती छैन । केही ठाउँमा प्राकृतिक हिसाबले,

जमिनको बनावटको हिसाबले केही परिवर्तन गर्नुपर्ने हुन सक्छ। मध्यपहाडी राजमार्गको 'इन्डिङ प्वाइन्ट' चिवाभन्ज्याङ अलि मिलेको देखिन्न। पशुपतिनगर नै ठीक होला भन्ने मलाई पनि लाग्छ। अर्को मुख्य कुरा पहाडमा एकीकृत बस्तीको बाटोतिर जानुपर्छ। खानेपानी, बिजुली, बाटोको सुविधा एक ठाउँमा पुऱ्याउन सकिन्छ। यी सबै विषय प्राविधिकहरूलाई भन्नुपर्छ हामीले।

**विकासका कुरा गर्दा मध्यपहाडी लोकमार्ग स्थानीय किसानका उत्पादन बजार पुऱ्याउनका लागि भयो कि बहुराष्ट्रिय कम्पनीका उत्पादन गाउँसम्म पुऱ्याउन मात्र भयो भन्ने कुराले त्यसको प्रतिफल कसले लियो भन्ने निर्धारण गर्छ। त्यसो त मध्यपहाडी लोकमार्गमा १० वटा स्मार्ट सिटीको परिकल्पना पनि गरिएको छ। समग्रमा यो लोकमार्गलाई किसानका हितमा कसरी जोड्न सकिन्छ ?**

मुख्य कुरा हामीले कृषि उपजलाई बजारसम्म पुऱ्याउन खोजेका थियौँ। कृषि उपज हुँदै भएन। बजारसम्म पुऱ्याउने खास सामग्री नै भएन। उही मल्टिनेसनल कम्पनीका सामान गाउँ–गाउँ पुऱ्याउने काम मात्रै भयो। किसानहरू सुगम ठाउँतिर सर्नुबाहेक अर्को उपाय भएन। सुगम ठाउँमा गएर ज्याला गरेर, घर बहाल तिरेर भए

*अब साँच्चिकै व्यावहारिक रूपमै गाउँमा प्राविधिकहरू पुऱ्याउनुपऱ्यो। कृषिको पूर्वाधार, विकासको पूर्वाधार, ठूलो मात्राको खेती, आधुनिक प्रविधिको उपयोग, ज्ञानको हस्तान्तरण जस्ता कुराहरूमा सरकारको ध्यान जानुपऱ्यो। आर्थिक लगानी बढाउन 'सिड मनी' अर्थात् त्यसका लागि सुरु लगानी गरिदिने र विकास गर्ने काम गर्नुपऱ्यो।*

पनि जीवन अलिक सहज हुने भयो। त्यस बाटाले मान्छेलाई सजिलैसँग सहरसम्म पुऱ्याउने काम गऱ्यो। हामीले खोजेको त्यो होइन। अघि चर्चा गरिएजस्तै यसको बहुआयामिक विकासमार्फत किसानलाई उत्पादन र समृद्धिसँग जोड्नुपर्छ, ताकि जसका लागि यो लोकमार्गको परिकल्पना गरिएको हो, उसैले यसको फाइदा पाउन सकोस्।

**मध्यपहाड जलवायु परिवर्तनको दुष्प्रभाव बढी नै परेको क्षेत्रमा पर्छ। त्यसबाट मुक्त गर्न के–के गर्नुपर्ला ?**

जलवायु परिवर्तनको असर कम गर्न हामी आफैले गर्नुपर्ने संवाद, निर्णय, वार्ता, चाल्नुपर्ने कदम केही पनि गरिएको छैन। सहरभित्र इँटा उद्योगहरू छन्। त्यसले मानव स्वास्थ्य र वातावरणमा गम्भीर असर गरिरहेको छ। यसमा नयाँ–नयाँ प्रविधिको विकल्प खोज्नुपऱ्यो। यो हामीले गर्न सक्ने कार्य हो। अर्को हामीले गर्न नसक्ने वा कारण पनि हामी होइनौँ तर असर हामीले भोगिरहेको स्थिति छ। जस्तो हिमाल पग्लिरहेको छ। उत्पादन घट्दो छ। कतिपय वनस्पति, जीवजन्तु र चराचुरुङ्गी लोप हुँदैछन्। त्यसमा हामी बोल्न सकिरहेका छैनौँ। युरोपदेखिको प्रदूषण पूर्वतिर आएको छ। त्यसले मध्यपूर्वको बालुवा, धुलो उडाएर ल्याउँछ। अर्को अफगानिस्तानको, इराक, इरानदेखिको गहुँका छवाली जलाएको, पाकिस्तानको, गुजरात, राजस्थान, उत्तर प्रदेश, हरियाणा ती सबैको गहुँको छवाली जलाएको धुलोले अलिक दिन त यहाँ हेलिकोप्टर उड्दैन। ती खरानीका टुक्राहरू, छवालीका टुक्राहरूले आँखा पोलेर हैरान हुन्छ। यो विषाक्त हुन्छ। त्यो हिमालमा परेपछि हिउँ पग्लिन्छ। आणविक विस्फोट होस् वा ठुल्ठुला उद्योगधन्दा। ती सबको असर हाम्रोमा परिरहेको छ। जलवायु परिवर्तनको पीडा भोग्नेले पाउने क्षतिपूर्ति आदिमा पनि हाम्रो पहल पुगेको छैन।

**अन्तर्राष्ट्रिय फोरमहरूमा यहाँले यसबारे धेरै कुरा उठाउनुभयो। क्षतिपूर्तिका बारेमा पनि बोल्दै आउनुभएको छ। मध्यपहाड हेरेपछि जलवायु परिवर्तनको असरका सन्दर्भमा के गर्नुपर्छ जस्तो लाग्यो ?**

मध्यपहाडले सिर्जना गरेका कुराहरू होइनन् यी। वातावरण बिगार्नमा हाम्रो जिम्मेवार, जवाफदेही छैनौँ। अथवा, वातावरण हामीले बिगारेकै होइनौँ। दुईतीनवटा घरमा दाउरा बालेर भात पकाउँदैमा वातावरण बिग्रियो भन्नु बेकारको कुरा हो। अनि औद्योगिक देशहरूले मुस्लोका मुस्लो धुवाँ उद्योगबाट छाडेका

छन्, उद्योग चल्दाखेरि तलबाट धुलो उडेको छ। यत्रो छवालीले वातावरणलाई धुलोमय बनाइदिएको छ। यो कुरा गर्न नसक्ने ? यो विषयमा त भारत, पाकिस्तान, अफगानिस्तान, इरान आदिलगायत देशहरूसँग क्षेत्रीय सम्मेलन गर्नुपर्छ। नगरेको अपराधको सजाय किन भोग्ने ? हामीले त क्षतिपूर्ति पाउनुपर्छ। त्यसका लागि हाम्रो सामूहिक पहल आवश्यक छ।

**'समृद्धिका लागि सङ्कल्प यात्रा'को समग्र सन्देश के हो ?**

नेकपा एमाले छ यो देशमा। त्यसकारण देशको भविष्य उज्ज्वल छ। एमाले छ, एमालेको साथमा जनता छन्। यो देशको अस्तित्व र विकासमा निर्णायक हस्तक्षेपको आवश्यकता छ। आज जे समस्या छन्, ती समस्याको समाधान गर्न सकिन्छ। हामी यस देशलाई 'समृद्ध नेपाल : सुखी नेपाली' बनाउन सक्छौँ, बनाएरै छोड्छौँ। त्यसका लागि हामीले स्थानीयसँग गएर संवाद गर्‍यौँ र यसको प्रभाव, यसको सन्देश राष्ट्रिय स्तरमा गयो, जान्छ। समग्रतामा राष्ट्रको विकास कसरी गर्ने भन्ने मुख्य कुरा यसमा बढी आउँछ। यसले जनतामा आत्मविश्वास जागृत गरेको छ। एमालेप्रति भरोसा बढाएको छ।

**हालै सम्पन्न केन्द्रीय कमिटीको बैठकले पार्टीमा शुद्धीकरण र 'मासबेस्ड क्याडर पार्टी' निर्माणमा जोड दिएको छ। यसलाई मिसन–२०८४ सँग पनि जोडिएको छ। यसको कार्यान्वयनका लागि अबको कदम के हुनेछ ?**

यी सबै कुराको प्रभाव सकारात्मक ढङ्गले जानेछ। हाम्रो पार्टी एकताबद्ध छ, एकजुट छ। यसको एकतालाई अझ सबल बनाउन जरुरी छ। काममा एकरूपताका साथै जुटाइलाई अझ सबल, सक्रिय बनाउन जरुरी छ। यसका निम्ति आफूभित्र रहेका कमीकमजोरी र विसङ्गत कुराहरूलाई, प्रवृत्तिहरूलाई चिन्न र हटाउन जरुरी छ। व्यक्तिको प्रश्न होइन। यो राष्ट्रिय आन्दोलनको र अभियानको प्रश्न हो। हामी समृद्ध नेपाल, सुखी नेपाली बनाउन चाहन्छौँ। त्यसका निम्ति २०८४ सम्ममा राष्ट्रिय शक्तिलाई निर्णायक तहमा सबल र सुदृढ बनाउन चाहन्छौँ। त्यसकारण हामीले मिसन–२०८४ लाई एउटा 'टर्निङ प्वाइन्ट'का रूपमा लिन खोजेका छौँ। राष्ट्रिय शक्ति निर्णायक तहमा विकास भएको अवस्था सिर्जना गर्ने, त्यसको मापन चुनावको परिणामले गर्छ। त्यस बेलासम्ममा हामीले जुनसुकै शक्ति हाम्रा विरुद्ध लागे पनि हामीले आफूलाई उनीहरूभन्दा मजबुत बनाउने हाम्रो नीति हो। अरू

एकातिर हामी एकातिर हुँदा पनि हामी जित्छौँ। हाम्रो नीति त्यो हो। मिसन ८४ लाई बुझ्दाखेरि खालि चुनावका लागि भन्ने कुरा होइन। यो राष्ट्रिय शक्तिलाई निर्णायक तहमा विकास गर्ने कुरा हो। प्रगतिशील शक्तिलाई निर्णायक तहमा विकास गर्ने कुरा हो। त्यसको मापन मात्रै चुनाव हो। त्यसको अभिव्यक्ति र प्रकटीकरण मात्रै चुनाव हो। चुनाव गन्तव्य होइन। कमसेकम एमालेको एकल बहुमत हुनुपर्‍यो। एमालेले अत्यधिक ठाउँहरूमा जित्नुपर्‍यो। केन्द्र, प्रदेश र स्थानीय तीनै तहमा जित्नुपर्‍यो। यसले चाहेका निर्णय गर्न सक्ने ठाउँमा पुग्नुपर्‍यो। राष्ट्रिय शक्ति त एमाले छँदै छ, हुँदै हो। नत्र, देश यत्तिकै कहाँ रहन्थ्यो र ? एमाले छ र न त देश यत्तिको छ। तर, अरू मिलेर एमालेलाई कमजोर पार्न खोज्छन्। त्यस स्थितिको अन्त्य गरिनेछ, मिसन–८४ भनेको त्यो हो।


## अन्त्यमा नवयुगमार्फत के सन्देश दिन चाहनुहुन्छ ?

तपाईंहरूले नवयुगलाई निरन्तरता दिन लाग्नुभएकोमा खुसी लाग्यो। बीचमा नवयुग सेलाएको थियो। हराउनुमा केही कारण छन्। एउटा पठन संस्कृतिको न्यूनता। अर्को विद्युतीय सञ्चारमाध्यमले यस्ता म्यागेजिनहरूलाई ओझेल पारिदियो। अर्को यस्ता म्यागेजिनहरूमा गहन, पठनीय खालका सामग्री आउँदैनन्। तेस्रो, नेताहरूले कि भिजनरी कुरा दिनुपर्‍यो कि अध्ययन अनुसन्धानमा आधारित खोजमूलक लेख दिनुपर्‍यो। कि विचारमूलक हुनुपर्‍यो कि विश्लेषणमूलक। नत्र विचारशून्य, खोजशून्य लेखहरू भएपछि झन् मान्छेले पढ्न मन पराउँदैनन्। अर्को कुरा, कुन सन्दर्भमा कुन कुरा कहाँ भनिएको हुन्छ, त्यो कुरा अर्कै सन्दर्भमा यस्ता प्रकाशनमा राखिएको हुन्छ। त्यसले गर्दा पनि मान्छेहरूले पढ्न रुचाउँदैन्। त्यस्ता कमजोरीहरू तपाईंहरू हटाउनुहोस् र समयानुकूल ढङ्गले सामग्रीहरू दिनुहोस्। चार लाइनको कमेन्ट पढेर धारणा बनाउने संस्कार बढ्दैछ। यो 'ट्रेन्ड' रोक्ने गरी गहन सामग्री दिनुपर्छ। त्यस्ता सामग्री पढेन भने मानिस छुट्छ। रेल, गाडी छुट्दैन नि ! छुट्ने त मान्छे हो। भन्दा रेल छुट्यो भन्छौँ। रेल त गइहाल्छ नि ! कहाँ छुट्छ र ? आफू छुट्छ तर रेल छुट्यो भन्छ। रेल छुट्नुअघि नै त्यसलाई पक्रिन र 'समृद्ध नेपाल : सुखी नेपाली'को गन्तव्यमा पुग्न म सबैलाई आह्वान गर्न चाहन्छु।

●

२

# सङ्कल्प यात्राले दिएको सन्देश



**ईश्वर पोखरेल**
वरिष्ठ उपाध्यक्ष, नेकपा (एमाले)

२०८० मङ्सिर १४ देखि सुरु गरिएको 'झुलाघाट–चिवाभन्ज्याङ: समृद्धिका लागि सङ्कल्प यात्रा' योजनाअनुसार नै पुस १ गते दिउँसो १२:४५ बजे पाँचथरको चिवाभन्ज्याङमा पुगेर सफलताका साथ सम्पन्न भएको छ। नेकपा (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले नेपालको राष्ट्रिय झन्डा फहराएपछि यो कार्यक्रम विधिवत सम्पन्न भएको हो। यो यात्राको उद्देश्य, कार्यक्रम, नेतृत्वले दिएको प्राथमिकता, जनसहभागिता र जनसमर्थन, सम्प्रेषण गरिएको सन्देश, मुलुकको राजनीतिमा हुँदै गरेका षड्यन्त्रको भण्डाफोर, जनतामा जगाएको उत्साह र आत्मविश्वास आदि हिसाबले अत्यन्त सफल र ऐतिहासिक रहेको छ।

अहिले औपचारिक रूपमा घोषित कार्यक्रम मात्र टुङ्गिएको हो। तर यो यात्राका उद्देश्य र विषयहरूलाई अगाडि बढाउने एमालेको सङ्कल्प र योजना भने जारी रहनेछ। एमालेले जनताका बीचमा पुगिरहने, जनतासितको सम्बन्धलाई गाढा बनाइरहने, प्रचुर सम्भावना हुँदाहुँदै पनि मुलुकलाई विपन्न र परनिर्भर बनाइरहने कारणहरूलाई स्पष्टसित खोजी गरिरहने, ती कारणबारे जनतालाई जानकारी दिइरहने र नयाँस्तरमा जनतालाई सचेत र सङ्गठित गर्दै ती समस्याहरूको समाधानका लागि भूमिका खेलिरहने सङ्कल्प गरेको छ। यात्रा अवधिमा र चिवाभन्ज्याङमा पुगेर अध्यक्ष केपी ओलीको नेतृत्वमा सम्पूर्ण एमाले पङ्क्तिले यही सङ्कल्पलाई

दोहोऱ्याएको छ । यस यात्राबाट निकालिएका निष्कर्षहरू र एमालेको सङ्कल्पलाई औपचारिक रूपले सार्वजनिक गरी पनि सकिएको छ । यात्राका क्रममा जनताबाट प्राप्त भएका सुझावहरूलाई महत्त्वका साथ लिनुपर्ने र त्यहाँ जनस्तरमा प्राप्त भएका मागहरूलाई प्राथमिकताका साथ सम्बोधन गरिनुपर्ने 'जनताको नासो'का रूपमा शीघ्रातिशीघ्र कार्यान्वयनका लागि नेपाल सरकारलाई बुझाइ पनि सकिएको छ । र, नेकपा (एमाले) ले तिनको प्रभावकारी कार्यान्वयनका लागि आगामी दिनमा दबाबमूलक भूमिका खेल्ने कुरा सार्वजनिक गरि नै सकेको छ ।

एमालेले संविधानसम्मत, शान्तिपूर्ण तरिकाले, सिङ्गो मुलुक र आम जनताले भोगिरहेका, अनुभूत गरिरहेका विषयहरूमा केन्द्रित रही जनतामा जाने कुरा गरिरहेका बेला यसप्रति असहिष्णुता प्रदर्शन गर्ने, अलोकतान्त्रिक र हिंसात्मक तरिका अपनाउन चाहनेहरूका रहस्यमय हर्कतहरूलाई पनि यात्राको क्रममा नजिकैबाट नियाल्ने अवसर मिलेको छ । सामाजिक सद्भाव र त्यही सामाजिक सद्भावमा टिकेको राष्ट्रिय एकतालाई कमजोर बनाउने, जनताका बीचमा द्वेष भाव फैलाउन चाहने, मुलुकलाई हिंसाको बाटोमा लैजान चाहने विचार र गतिविधिहरूलाई पनि यस बीचमा नियाल्ने मौका मिलेको छ ।

एमाले राष्ट्र र जनताको पक्षमा दृढतापूर्वक उभिइरहनेछ । कुनै पनि विषाक्त तथा मुलुक र नेपाली जनताको हितविपरीतका कुनै पनि विचार वा गतिविधिविरुद्ध एमाले चट्टानी ढङ्गले उभिरहने दृढतासमेत व्यक्त भएको छ ।

यस यात्रामा देखिएको एमालेप्रति जनताको रुचि, माया, सद्भाव र समर्थनप्रति हार्दिक आभार व्यक्त नगरी रहन सकिन्न । लाखौँ जनता स्वत: परिचालित भएर जसरी एमालेको यो अभियानमा सामेल हुनुभएको छ, त्यसले सिङ्गो एमाले पङ्क्तिलाई ऊर्जा र शक्ति प्राप्त भएको छ । सम्पूर्ण देशभक्त नागरिकहरूबाट जुन साथ, समर्थन तथा ऐक्यबद्धता प्रदर्शन भएको छ, त्यसप्रति उच्च सम्मान छ ।

यो यात्राको महत्त्वपूर्ण सन्देश र निष्कर्ष हो– नेकपा (एमाले) निरन्तर देश र जनताको पक्षमा समर्पणभावका साथ जुटिरहनेछ । केही महत्त्वपूर्ण विषयहरूमा केन्द्रित रही यो सङ्कल्प यात्राको सन्देशलाई बुझ्नुपर्ने आवश्यकता छ । यसका पूर्वघोषित उद्देश्यअनुरूप यसले सन्देश प्रवाह गर्न सक्यो कि सकेन, त्यसको विवेचना गर्नुपर्छ । यहाँ त्यही विवेचना र व्याख्या प्रस्तुत गरिँदैछ ।

## १. नेकपा (एमाले) प्रति प्रकट भएको आम जनताको माया र विश्वास

तमाम खालका प्रतिकूलताका बाबजुद, यात्रामा जनताको अभूतपूर्व ऐक्यबद्धता देखिएको छ, जनताको जागरूक सहभागिता भएको छ र उनीहरूको अपार माया प्राप्त भएको छ। राजनीतिक र सामाजिक हिसाबले महत्त्वपूर्ण धुरी शक्तिका रूपमा एमालेलाई जनताले आशाको नजरले हेरेका छन्। यात्रामा आम जनता मात्र होइन, विभिन्न राजनीतिक दलहरू, पूर्वमन्त्रीहरू, सांसदहरू, विभिन्न सङ्गठन/संस्थाहरूका प्रतिनिधिहरूको समेत सद्भाव र ऐक्यबद्धता रहेको थियो र एमालेलाई एउटा भरोसालाग्दो शक्तिका रूपमा आशाका नजरले हेरेको देखियो। देश बनाउने/देश बचाउने राष्ट्रिय शक्तिको निर्माण एमालेको नेतृत्वमा हुन सक्छ भन्ने कुराको पुष्टि मिलेको छ। पार्टी अध्यक्ष केपी ओलीले भन्नुभएको छ– राष्ट्रिय हितको रक्षा र स्वाभिमानको संवर्द्धन गर्न, लोकतन्त्रको रक्षा र विकास गर्न, सामाजिक सद्भाव र राष्ट्रिय एकता दर्बिलो बनाउन तथा विकास निर्माण, समृद्धि र सुशासन कायम गर्न बलियो राष्ट्रिय शक्ति निर्माण गर्नु अपरिहार्य छ। नेकपा (एमाले) को नेतृत्व र बहुमतका बलमा मात्रै यस्तो गर्न सम्भव छ भन्ने तथ्यको पुनर्पुष्टि भएको छ। (समृद्धिका लागि सङ्कल्प यात्रा–२०८०: संक्षिप्त जानकारी )

## २. भ्रमपूर्ण विचारहरूको खण्डन

विगत केही वर्षदेखि मुलुक आपराधिक योजनाका साथ सिद्धान्तहीन गठबन्धनमा जकडिएको थियो। मुलुकलाई दिशाविहीन बनाएर तहसनहस बनाउन खोजिँदैछ। त्यसैका कारण 'मास फ्रस्टेसन'को अवस्था सिर्जना भइरहेको छ र त्यो दिनदिनै बढिरहेको छ। राजनीतिक पार्टीहरू खासगरी विगत लामै समयदेखि लोकतन्त्र बहालीका लागि मुलुकमा रजाइँ गरिरहेको निरङ्कुश र निर्दलीय व्यवस्था परिवर्तन गरी लोकतान्त्रिक व्यवस्था स्थापित गर्न र मुलुक र जनताको अवस्था परिवर्तन गर्न लागिपरेका राजनीतिक पार्टीहरूका विरुद्ध विरोध, घृणा र द्वेष फैलाउन खोजिँदैछ। नकारात्मकता र निराशा फैलाएर मुलुकलाई अराजकतातर्फ धकेल्न खोजिँदैछ। मुलुकमा फेरि अराजकता र हिंसालाई बढावा दिने काम भइरहेको छ।

एमालेको सङ्कल्प यात्राले त्यस कुरालाई धेरै हदसम्म खण्डन गरेको छ। गौरवपूर्ण इतिहास भएको, भविष्यको सुस्पष्ट मार्गचित्र बोकेको र त्यो मार्गचित्रका आधारमा मुलुकलाई अघि बढाउन तत्कालका लागि ठोस कार्यक्रम र सङ्गठनात्मक सामर्थ्य भएको राजनीतिक पार्टीका रूपमा नेकपा (एमाले)ले आफूलाई अगाडि

बढाइरहेको छ। यस्तो पृष्ठभूमि, विशेषता र चरित्र भएको राजनीतिक पार्टी पुरानो वा बुढो पार्टी हुन सक्दैन। गतिलाई आत्मसात् गरेको र गतिमै आफ्नो जीवन र भविष्य देखेको पार्टी असान्दर्भिक र अप्रासङ्गिक हुन सक्तैन। सङ्कल्प यात्राका क्रममा नेकपा (एमाले) ले यस कुरालाई थप पुष्टि र थप स्थापित गरेको छ। हो, एउटा कुरा परिवर्तित सन्दर्भमा कुनै पनि संस्था वा व्यक्तिले, विचार वा प्रणालीले आफूलाई अद्यावधिक गर्दै अघि बढ्ने अठोट र सङ्कल्प गर्नुपर्छ र त्यस अनुरूप आचरण पनि गर्नुपर्छ। यही मान्यता, अभ्यास र आचरणका साथ अघि बढिरहेको नेकपा (एमाले) यस कुरालाई राम्ररी बुझेको छ। सङ्कल्प यात्राको क्रममा यो विषय थप स्थापित भएको छ।

**३. मध्यपहाडी क्षेत्रका विशिष्ट समस्याहरूको पहिचान**

विगतको तुलनामा पहाडी क्षेत्र खासगरी मध्यपहाडी क्षेत्रमा महत्त्वपूर्ण परिवर्तनहरू देखिएका छन्। विगतको तुलनामा यातायातको सुविधा, विद्युतीकरण, सञ्चारका विविध सुविधा तथा अन्य कतिपय व्यावसायिक कारोबारहरू भएको देखिन्छ। तर, विकासका यी विषयहरू अघि बढिरहेका भए पनि पहाडमा उत्पादनमा निरन्तर ह्रास आइरहेको, खासगरी कृषिमा आधारित उत्पादन कार्य निरन्तर खस्कँदो छ। कृषि उत्पादन हुने जमिनहरू बाँझो रहने क्रम निरन्तर बढ्दो छ। कृषि उत्पादनमा लाग्ने जनशक्ति निरन्तर घटिरहेको वा दिनप्रतिदिन न्यून भइरहेको छ। ग्रामीण क्षेत्रमा युवा जनशक्ति पलायन भइरहेको छ। सङ्कल्प यात्राले यस पछाडिका कारणहरूलाई खोतल्ने र चिन्हित गर्ने काम गरेको छ। आज नेपालको ग्रामीण क्षेत्र खासगरी पहाडमा बसोबास गर्ने युवा जनशक्ति बाहिरिनुका राजनीतिक, आर्थिक र सुशासनसम्बन्धी कारणहरू छन्। विगतमा माओवादीको १० वर्षे हिंसात्मक गतिविधिहरूले पहिलो चरणमा ग्रामीण क्षेत्रबाट युवा जनशक्तिले विस्थापित हुनुपरेको थियो। साँच्चै त्यसबेला ग्रामीण क्षेत्रमा युवाहरू टिक्ने कुरा स्वयम्मा एउटा ठुलो चुनौतीको विषय थियो। युवाहरूका बीचमा त्यसबेला कि त माओवादी निर्देशनमा सञ्चालित हुने हिंसात्मक दस्तामा सामेल हुनुपर्थ्यो कि मारिनुपर्थ्यो कि त ग्रामीण क्षेत्रबाट विस्थापित हुनुपर्थ्यो। सुरुका दिनमा त्यो स्थिति बाध्यताको विषयका रूपमा थियो। तर त्यो अवस्थाले निन्तरता पाइरह्यो, पछिपछि अझ थप बलशाली बन्दै गयो र त्यसले संस्थागत हैसियतका साथ भूमिका खेल्न थाल्यो– विकराल रूपमा प्रकट हुन थाल्यो। सुरुका दिनमा यस किसिमको विस्थापन ग्रामीण क्षेत्रमा केन्द्रित

थियो भने पछि गएर सहरी क्षेत्रमा समेत त्यसले आधार जमाउन थाल्यो र राष्ट्रव्यापी समस्याका रूपमा बलशाली बनेर देखापर्‍यो। नियमित उत्पादन कार्यहरू रोकिन पुगे, पेसाव्यवसायहरू थला पर्न थाले, बेथिति र अनुचित दोहन कार्यहरू बढ्न थाले, राजनीतिक सत्ताको दुरुपयोग मौलाउँदै जाने स्थिति बन्यो। यस्ता समस्याहरूसित जुध्ने र तीसित बेरोकटोक जुध्नुपर्ने काम त्यही अनुपातमा देखा परेन वा कमजोर हुँदै गयो। यसले क्रमशः निराशा, नकारात्मकता र 'मास फ्रस्टेसन'को स्थिति देखापर्दै र मौलाउँदै जान थाल्यो। त्यसैको परिणामस्वरूप अहिले मध्यपहाडी क्षेत्र त्यसको प्रभाव र परिणाम भोग्दैछ, झेल्दैछ। उत्पादन कार्य बढ्न नसकिरहेको, रोजगारीका अवसर र स्रोतहरू खुम्चिँदै गएका, उत्पादनमा लागि चाहिने जनशक्ति खासगरी युवा जनशक्ति अस्वाभाविक ढङ्गले बाहिरिँदै गएको/बिदेसिँदै जान थालेको दुःखद स्थिति देखिएको छ। देखापरिरहेको यो समस्या समाधानका लागि त्यहीँका विशिष्टता र विशेषतामा आधारित भएर उत्पादनलाई चिनाउनको लागि प्रोत्साहित गर्नुपर्ने; रोजगारी, स्वरोजगारी, सीप, बजार व्यवस्थापन, उत्पादन कार्यलाई प्रोत्सान

*विकासका यी विषयहरू अघि बढिरहेका भए पनि पहाडमा उत्पादनमा निरन्तर ह्रास आइरहेको, खासगरी कृषिमा आधारित उत्पादन कार्य निरन्तर खस्कँदो छ। कृषि उत्पादन हुने जमिनहरू बाँझो रहने क्रम निरन्तर बढ्दो छ। कृषि उत्पादनमा लाग्ने जनशक्ति निरन्तर घटिरहेको वा दिनप्रतिदिन न्यून भइरहेको छ। ग्रामीण क्षेत्रमा युवा जनशक्ति पलायन भइरहेको छ।*

आदि काममा जोड़ दिनु जरुरी छ। मध्यपहाडी क्षेत्रमा देखापरिरहेका समस्याहरूको निराकरणका लागि यी कामहरू गरिनु आवश्यक छ। सङ्कल्प यात्राले दिएको एउटा महत्त्वपूर्ण सन्देशका रूपमा यसलाई लिनुपर्छ।

यसका साथै, मध्यपहाडी पुष्पलाल लोकमार्गको नक्साङ्कन/ रेखाङ्कन/ सीमाङ्कनमा समेत राजनीतिक स्वार्थका कारण देखापरेका अव्यावहारिक र अनुचित पाटोलाई समेत प्राविधिक हिसाबले मिलाउनुपर्ने/सच्याउनुपर्ने आवश्यकता देखिएको छ।

## ४. सामाजिक सद्भाव र राष्ट्रिय एकता तथा सामाजिक–सांस्कृतिक विविधताको प्रदर्शन तथा ऐक्यबद्धता

सङ्कल्प यात्राले नेपाली समाजमा रहँदै आएको सामाजिक सद्भाव राम्ररी प्रदर्शन भएको छ। बहुजाति, बहुभाषा, बहुसंस्कृति, बहुधर्म तथा भौगोलिक विविधताका बीचमा हाम्रो राष्ट्रिय एकता टिकेको छ भन्ने कुरा राम्ररी प्रदर्शित भएको छ। यात्राका क्रममा विविधतालाई प्रदर्शित गर्दै आम नागरिकहरूको उत्साहपूर्ण ऐक्यबद्धता प्रदर्शित भएको छ। यो केवल नेकपा (एमाले) प्रति प्रदर्शित ऐक्यबद्धता मात्र नभएर हाम्रो राष्ट्रिय एकताको आधार प्रदर्शित भएको हो भन्ने कुरा बुझ्नुपर्छ। पश्चिमदेखि पूर्वसम्म देखिएको विविधता बोकेका जनताको अपार उपस्थितिले यही कुरालाई व्यक्त गरेको छ। नेकपा (एमाले) लाई केन्द्र गरी देखिएको त्यो अपार जनउपस्थितिले मुलुकमा एउटा दरो राष्ट्रिय शक्तिको आवश्यकतालाई महसुस गरेको छ र त्यो ठाउँमा एमालेलाई एउटा विश्वासिलो राष्ट्रिय शक्तिका रूपमा देख्न खोजिरहेको कुरालाई बुझ्न सकिन्छ। यात्रामा प्रकट भएको यो भावनालाई सबैले खासगरी एमाले पङ्क्तिले बुझ्नु आवश्यक छ।

## ५. नयाँ स्तरमा जनसम्बन्ध विस्तार

नेकपा (एमाले) ले आफूलाई जनआधारित कार्यकर्ता पार्टीको रूपमा अगाडि बढाइरहेको छ। यसको अर्थ, एमाले राजनीतिक रूपले सचेत कार्यकर्तामाथि आधारित भएर मात्र अगाडि बढ्न सक्छ र आफूमाथि आइपरेका ऐतिहासिक अभिभाराहरूलाई पूरा गर्न सक्छ। तर पार्टीले भर गरेका नेता/ कार्यकर्ताहरू भने जनआधारित हुनैपर्छ। जनआधारित भन्नाले जनताले पत्याएका, विश्वास गरेका, माया गरेका, जनतासित एकाकार भएका नेता/कार्यकर्ताहरूको विशाल पङ्क्ति

भएको पार्टी हो, नेकपा (एमाले)। यसमा केही कमीकमजोरीहरू देखिएका/भेटिएका छन् भने तिनलाई सच्याएर अघि बढ्नुपर्छ एमाले। सङ्कल्प यात्राका क्रममा नेकपा (एमाले) ले जनतासित नयाँस्तरमा आफ्नो सम्बन्धलाई अगाडि बढ़ाएको छ। पश्चिमदेखि पूर्वसम्म विभिन्न प्रदेश तथा जिल्लाहरूबाट ४६ क्षेत्रका ७५१ वटा माग बुझ्ने क्रममा, सम्बन्धित जनप्रतिनिधिहरू र आम नागरिकहरूसित छलफल गर्ने क्रममा जनतासितको नयाँ सम्बन्धलाई कायम गरिएको छ। यही सम्बन्धका आधारमा आगामी दिनमा एमालेले कतिपय नीति, कार्यक्रम तथा योजनाहरू निर्माण हुनेछन् वा गरिनेछन्। परिवर्तित सन्दर्भमा, नयाँस्तरमा जनतासितको सम्बन्धलाई अगाडि बढाएको छ– एमालेले।

### ६. कथित पहिचानवादी र हिंसाका पक्षधरहरूको विपक्षमा जनता

यतिबेला मुलुकमा राजनीतिक अस्थिरता, सिद्धान्तहीन र राष्ट्रिय स्वार्थविपरीत गरिएको राजनीतिक गठबन्धनले मुलुकलाई कज्याउने दुष्प्रभाव गरिरहेको छ। त्यसै कारणले मुलुकमा दण्डहीनता बढिरहेको छ। राज्यको स्वेच्छाचारिता, सेवा प्रवाहमा समेत चरम बेथिति बढिरहेको छ। यस्तो पृष्ठभूमि र कारणले गर्दा जनतामा कुण्ठा र निराशा बढिरहेको छ। यस्तो स्थितिबाट फाइदा उठाउँदै कथित पहिचानवादी तथा हिंसाका पक्षधरहरूले नयाँ स्तरमा आफ्ना गतिविधिहरू अगाडि बढाउन खोजिरहेका छन्। ठीक यस्तै परिवेशमा एमालेको सङ्कल्प यात्रा सम्पन्न भएको छ। यो यात्राले त्यस्ता प्रवृत्ति र तिनले जनतामा पार्न खोजेको प्रभावलाई प्रभावहीन र निस्तेज तुल्याइदिएको छ। तिनका कारणले जनतामा समेत फैलिइरहेको आशङ्कालाई यसले निस्तेज पारिदिएको छ। एक त जनताको अपार उपस्थितिमा भएका यात्राका तमाम कार्यक्रमहरू अत्यन्त सानदार ढङ्गले सम्पन्न भए जसका कारणले अवाञ्छित विचार र गतिविधिहरू प्रकट हुनसमेत पाएनन्। अर्को, प्रत्यक्ष रूपमा एमालेले जनतासमक्ष प्रस्तुत गरेका/जनतासित साक्षात्कार गरेका कुराले कतिपय समस्याको निवारणसमेत भएको छ। यो काम मुलुकलाई नकारात्मक दिशातर्फ लैजान चाहने चिन्तन र प्रवृत्तिका कुत्सित उद्देश्यका साथ फैलिन नदिने महत्त्वपूर्ण कदम भएको छ।

### ७. सङ्कल्प यात्राको सन्देश

नेकपा (एमाले) जस्तो गौरवशाली इतिहास भएको, भविष्यको सुस्पष्ट मार्गचित्र बोकेको र त्यसको प्राप्तिका लागि स्पष्ट कार्यक्रमिक सोच र सङ्गठनात्मक

सामर्थ्य भएको पार्टीले आफूलाई जनतामा निरन्तर पुऱ्याइरहनुपर्छ । त्यसका लागि आम कार्यक्रमिक योजनाका आधारमा मात्रै नभएर आवश्यकतामा आधारित भएर विशेष योजनाहरूसमेत बनाउनुपर्ने हुन्छ । नेपाल कम्युनिस्ट पार्टी स्थापनाको ७५औँ वर्षको अवसरमा अर्थात् हीरक जयन्तीको अवसरमा आयोजना गरिने विभिन्न कार्यक्रममध्ये सङ्कल्प यात्रा पनि एक थियो । यसै सिलसिलामा अरू कार्यक्रमहरू पनि जारी छन् । अहिले उठिरहेका/देखापरिरहेका ज्वलन्त समस्याहरूमा आधारित भएर अरू पनि कार्यक्रमहरू तय गरिनु आवश्यक छ । तराई–मधेसका जनताका बिचमा विशेष अभियानका साथ पुग्ने, विभिन्न प्रदेशहरूमा सञ्चालित वा प्रारम्भ भएका आयोजना आधारित भ्रमण कार्यक्रमहरू बनाउने अर्थात् ती ठाउँहरूमा पुग्ने, विभिन्न स्थानीय तहहरूमा भइरहेका विकास निर्माण तथा जनतालाई सेवा प्रवाह गर्ने सम्बन्धमा भइरहेका कामहरूबारे जानकारी लिने, विभिन्न ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक महत्त्वका स्थलहरूको भ्रमण गर्ने कार्यक्रमहरू राख्न गरिनु आवश्यक छ । यस्ता कार्यक्रमहरू केन्द्रीय तहबाट मात्र नभएर प्रदेश, जिल्ला तथा आवश्यकताअनुसार पालिका तहको नेतृत्वबाट समेत आयोजना गरिनु उपयुक्त हुन्छ । त्यस्ता सबै कार्यक्रमहरूको मुख्य उद्देश्य समस्या परेका ठाउँहरूमा पुग्नु, समस्याबारे अवगत गर्नु र समाधानका लागि एउटै सोच तथा निष्कर्षका आधारमा योजनाबद्ध तरिकाले अगाडि बढ्नु हो । यसो गरेर जनतालाई नयाँ स्तरमा आशा–उत्साह पैदा गराउनु हो । अब आउने दिनमा एमालेले आफ्नो सिङ्गो सङ्गठित शक्तिलाई त्यसरी नै परिचालित गर्नु आवश्यक छ । आम नेपाली जनताले एमालेप्रति यही आशा–अपेक्षा गरेका छन् । सङ्कल्प यात्राको सन्देश पनि यही हो ।

●

३

# यात्राका केही अनुभव र अनुभूति



**युवराज ज्ञवाली**
उपाध्यक्ष, नेकपा (एमाले)

कुनै पनि ठाउँको आर्थिक, सामाजिक, सांस्कृतिकलगायत विभिन्न अवस्था र स्थितिको प्रत्यक्ष अवलोकन र अनुभवका माध्यमबाट जानकारी प्राप्त गर्न र त्यहाँको समस्या समाधानका लागि पहल गर्न स्थलगत भ्रमण तथा यात्राको महत्त्वपूर्ण भूमिका रहन्छ। विभिन्न सङ्घ–संस्था, व्यक्ति तथा राजनीतिक पार्टीहरूले यस किसिमका यात्रा र भ्रमणहरूको माध्यमबाट आफ्ना नीति, विचार र कार्यक्रमलाई जनताका बीचमा पुऱ्याउने र त्यसका लागि कार्यकर्ता पङ्क्तिलाई व्यापक रूपमा परिचालित गर्ने गर्छन्। यही उद्देश्य राखेर नेकपा (एमाले) ले २०८० सालको मङ्सिरमा पश्चिम नेपालको झुलाघाटदेखि पूर्वको चुवाभन्ज्याङसम्म गरेको समृद्धिका लागि सङ्कल्प यात्राका क्रममा महसुस भएका अनुभूति र हासिल भएका अनुभव वास्तवमै बहुआयामिक र ऐतिहासिक छन्।

बाह्य अनुभवको कुरा गर्ने हो भने खासगरी अविकसित र अल्पविकसित देशहरूमा बढी मात्रामा स्थलगत यात्राको माध्यमबाट प्रत्यक्ष रूपमा जनतासँग सम्बन्ध बढाउने काम हुँदै आएको छ। भारतीय स्वतन्त्रता सङ्ग्रामको बेला महात्मा गान्धीको नेतृत्वमा अङ्ग्रेज उपनिवेशवादविरोधी अभियानअन्तर्गत व्यापक रूपमै पदयात्राको कार्यक्रमलाई प्रभावकारी ढङ्गले अघि बढाएको पाइन्छ। गत २०२३ सेप्टेम्बरदेखि भारतीय कङ्ग्रेसका युवा नेता राहुल गान्धीको नेतृत्वमा भारतको

सबभन्दा दक्षिणको क्षेत्र कन्याकुमारीदेखि उत्तरको श्रीनगरसम्म ३९७० किलोमिटर लामो पैदलयात्रा १३० दिनमा पूरा भएको समाचार हामीले पढ्न पाएका थियौँ। हालै पनि उनीहरू भारतको पश्चिमदेखि पूर्वसम्मको यात्रा अभियान चलाइरहेका छन्।

हाम्रो उत्तरको छिमेकी देश चीनमा त्यहाँको कम्युनिस्ट पार्टीको सुरुको गृहयुद्धको कालमा दक्षिणको च्याङ्सी प्रान्तलाई आफ्नो आधार इलाका बनाएर त्यहाँबाट छापामार युद्धको प्रक्रियालाई विस्तार गर्दै लगेको थियो। तर च्याङ्काइसेकको फौजले चारैतिर घेरा हालेर कम्युनिस्टहरूलाई समाप्त पार्ने अभियान अघि बढाएपछि त्यो समयमा शत्रुको सेनालाई परास्त गर्न नसकिने निष्कर्षका आधारमा त्यहाँका लाखौँ पार्टी सदस्य र लालसेनाहरूले आधार इलाका छाडेर उत्तरतिरको लामो पैदलयात्रा चलाएका थिए। आफूसँग भएका सबै खाद्य सामग्री, हातहतियार, पशुपन्छी सबै बोकेर त्यो शक्तिले सन् १९३४ अक्टोरदेखि १९३५ अक्टोबरसम्म एक वर्षको यात्रा गरेका थिए। कुल १२ हजार ५०० किलोमिटर लामो यात्रा तय गरेर उत्तरको क्याङ्सी प्रान्तमा गएर त्यसलाई आफ्नो आधार इलाका बनाएर जनवादी क्रान्तिको प्रक्रिया अघि बढाएका थिए। एकातिर पछाडिबाट पछ्याइरहेको च्याङ्काइसेकको सेनासँग लड्दै पछि हट्नुपर्ने अनि अघि बढ्ने क्रममा आइपर्ने स्थानीय राजा–रजौटा र युद्ध सरदारहरूविरुद्ध लड्दै अघि बढ्ने क्रममा लाखौँ पार्टी सदस्य र लालसेनाहरूले सहादत प्राप्त गरे। कति रोगले मरे, कति भोकले मरे, कति ठुलाठुला नदी, विशाल जङ्गल, विशाल दलदले जमिन आदि पार गर्दै सानो जनसङ्ख्याको टिम उत्तरमा गएर नयाँ किसिमले पुनः अघि बढ्दै जाने क्रममा चिनियाँ क्रान्ति सम्पन्न भएको थियो।

विभिन्न देशमा यात्राका अनेकौँ यस्ता घटनाक्रमहरू भएका छन्। हाम्रै पार्टी नेकपा (एमाले) ले विभिन्न कालखण्ड र विशिष्ट परिस्थितिमा विविध यात्रा अभियान सञ्चालन गर्दै आएको छ। सङ्क्रमणकालीन राजनीतिक परिस्थितिमा एमालेले खासगरी तराई क्षेत्रलाई आधार बनाएर मेची–महाकाली अभियान अगाडि बढाएको थियो। पार्टीले मात्र नभएर कतिपय जनवर्गीय सङ्गठनहरूले पनि मेची–महाकाली अभियान चलाएका थिए। सातौँ महाधिवेशनपछि माओवादीद्वारा सिर्जित हिंसात्मक सङ्घर्षको प्रतिवादस्वरूप पार्टी पङ्क्ति र जनतालाई व्यापक रूपले परिचालित गर्न देशव्यापी रूपमा 'गाउँ जागरण अभियान' सञ्चालन गरिएको थियो। ती अभियानहरूबाट महत्त्वपूर्ण उपलब्धि प्राप्त भएको थियो।

तर यसपटक हाम्रो पार्टी नेकपा (एमाले) ले विगतमा भएका अभियानभन्दा केही भिन्न र नयाँ किसिमले पहिलोपटक पुष्पलाल राजमार्ग अर्थात् मध्यपहाडी लोकमार्गलाई आधार बनाएर 'झुलाघाट–चिवाभन्ज्याङ समृद्धिका लागि सङ्कल्प यात्रा, २०८०' सञ्चालन गर्‍यो।

पार्टी केन्द्रीय सचिवालयको बैठक बसेर अभियानलाई व्यवस्थित रूपमा अघि बढाउन ठोस योजना बनाइयो। पार्टी अध्यक्ष कमरेड केपी ओलीको अगुवाइमा केन्द्रीय सचिवालयका सबै पदाधिकारीहरू, स्थायी कमिटी, पोलिटब्युरो र केन्द्रीय कमिटीका केही सदस्य, जनवर्गीय सङ्गठनका पदाधिकारीहरू, केही विभागीय सदस्य र आयोगका प्रमुखहरू तथा स्वयम्सेवक र विज्ञसमेत गरी १६० जनासम्मको नियमित टिम तयार भयो। स्थानीय रूपमा विभिन्न प्रदेश र जिल्लाका अगुवा कार्यकर्ताहरूसमेतको सञ्चालनमा सयौँको जनसङ्ख्याको टोलीले मङ्सिर १४ देखि पुस १ गतेसम्म १८ दिन लामो महान् यात्रा सम्पन्न गर्‍यो।

जाडोको समय, पहाडको यात्रा, अन्य महत्त्वपूर्ण पार्टी कामको चापलगायत तमाम कारणले गर्दा यो यात्रालाई धेरै लामो समयसम्म सञ्चालन गर्नु सम्भव थिएन। त्यसैले गाडीबाट यात्रा गर्ने क्रममा हजारौँ कार्यकर्ता र लाखौँ जनतासँग सम्पर्क र सम्बन्ध विस्तार गर्दै यात्राको क्रम अघि बढ्यो।

यति ठुलो जनसङ्ख्यालाई पार्टी केन्द्रको आयोजनामा सबै खर्चको व्यवस्था मिलाउनु असम्भव भएकाले खानपिन र बसोबासको व्यवस्था स्थानीय पार्टी कमिटीले नै गर्ने निर्देशन जारी गरियो। त्यस्तै हरेक अभियानकर्ताले आफ्ना लागि वाहनको व्यवस्था आफै मिलाउनुपर्ने निर्णय गरियो। उक्त निर्णयअनुसार केही कमरेड आपसमा मिलेर वाहनको व्यवस्था गर्नेतिर लाग्नुभयो।

यसै क्रममा मैले पनि सँगै जाने साथीहरूको खोजी गर्न थालेँ। अन्तमा कमरेड पृथ्वी सुब्बा गुरुङ र गोकर्ण विष्टले व्यवस्था गर्नुभएको गाडीमा मलाई पनि सामेल गर्ने सल्लाह भयो। गाडीचालक र एक सहयोगी साथीसहित त्यो गाडीमा हामी पाँच जनाको टोली बन्यो। अन्य कमरेडहरूले पनि सामान्यतया यस्तै किसिमको व्यवस्थापन गर्नुभएको थियो।

पार्टी अध्यक्षसहितको एउटा टिम अघिल्लो दिन नै धनगढी पुगिसकेको थियो। हामी अधिकांश कमरेडहरू काठमाडौँबाट मङ्सिर १३ गते बिहान प्लेनबाट धनगढी एयरपोर्ट पुग्यौँ। त्यहाँबाट हाम्रा गाडीहरूको लस्कर बैतडीका लागि प्रस्थान गर्‍यो। बीचमा बिहानको खाना खाएर साँझ बैतडीको सदरमुकाम गोठालापानी

पुगियो। स्थानीय पार्टीको योजनाबमोजिम खानपिन र रातिको बसोबासको व्यवस्था भयो।

मङ्सिर १४ गते बिहान पार्टी अध्यक्षको अगुवाइमा हाम्रो सिङ्गो टिम बैतडीको सबभन्दा पश्चिमको सिमाना झुलाघाट पुग्यो। त्यहाँ स्थानीय कार्यकर्ता र जनतासहित ठुलो जनसङ्ख्याको उपस्थिति थियो। अध्यक्षले महाकाली नदीकिनारको केही माथि थुम्कोमा गाडिएको अग्लो पिलरमा चन्द्र–सूर्य अङ्कित नेपाली झन्डा फहराएर लामो यात्राको शुभारम्भसहित कार्यक्रमको उद्घाटन गर्नुभयो।

महाकालीपारि भारतको पिथौडागढ जिल्लाको रमणीय बस्तीको टाढाटाढाबाट देखिने गरी नेपाली राष्ट्रिय झन्डा फर्फराउन थाल्यो। पार्टी अध्यक्षले 'समृद्धिका लागि सङ्कल्प यात्रा'को उद्देश्य र त्यसलाई सफलताका साथ सम्पन्न गर्न अनुशासित ढङ्गले अघि बढ्न कायकर्ताहरूलाई निर्देशन दिँदै मुलुकको वर्तमान राजनीतिक स्थितिबारे सङ्क्षिप्त चर्चा गर्नुभयो।

उद्घाटनको कार्यक्रम सकिएपछि हाम्रो समूहले पुन: सदरमुकाम गोठालापानी फर्केर खाना खायो। त्यहाँबाट पूर्वतर्फ लाग्ने क्रममा विभिन्न ठाउँमा जनसभा, भेटघाट कार्यक्रम, बाटा–बाटामा जनता र कार्यकर्ताहरूद्वारा फूलमाला अर्पण गर्दै यात्राको समूहलाई स्वागत गर्ने प्रक्रिया निरन्तर चलिरह्यो। उद्घाटनको समयदेखि नै यो सङ्कल्प यात्राप्रति जनताको निकै ठुलो आकर्षण देखा पर्दै गयो। बाटाका विभिन्न ठाउँमा स्वागतद्वारहरू बनाएर जनताले यात्रीहरूको मनोबल उठाउने काम गरेका थिए।

मङ्सिर १४ देखि पुस १ गतेसम्म हाम्रो टिमले दैनिक बढीमा १९४ र कम्तीमा ७५ किलोमिटर यात्रा तय गर्‍यो। यात्राका क्रममा विभिन्न ठाउँमा नेपाली काङ्ग्रेस, नेकपा (माओवादी केन्द्र), राप्रपालगायत पार्टीका नेता–कार्यकर्ता तथा स्थानीय पालिकाका पदाधिकारीहरूले भव्य स्वागत गर्दै यात्राको समर्थन गर्नुभयो, हाम्रो यात्राको सफलताको शुभकामना व्यक्त गर्नुभयो। विभिन्न ठाउँमा अन्य पार्टीका कार्यकर्ता, स्थानीय बुद्धिजीवी, पत्रकारलगायतको समूहले अन्तर्क्रिया आयोजना गरेर त्यो पालिका र जिल्लाको विकास–निर्माणलगायत विभिन्न समस्या समाधानका लागि छलफल चलाउने र मागपत्रहरू पेस गर्ने कार्यक्रम सम्पन्न भयो। यो कार्यक्रम नेकपा (एमाले) को आयोजनामा अघि बढेको भए पनि अन्य पार्टीहरूले समेत यसप्रति आफ्नो ऐक्यबद्धता प्रकट गरे।

सङ्कल्प यात्राका क्रममा कहिले दुईतीन वटा ठुला सभा हुने गर्थे। सामान्य भेटघाट भनेर तय भएका ठाउँमा पनि धेरै जनताको उपस्थिति भएपछि त्यसलाई सभाकै रूपमा सञ्चालन गरियो। प्रत्येक कार्यक्रममा वृद्धवृद्धा, केटाकेटीदेखि युवाहरूको राम्रो उपस्थिति थियो। महिला सहभागिता त झनै अकल्पनीय रह्यो।

विभिन्न ठाउँमा प्रदर्शन भएका स्थानीय संस्कृति झल्किने किसिमका सांस्कृतिक कार्यक्रम, लोकभाका, झाँकी, वेशभूषा, स्थानीय कला–संस्कृति, उत्पादन, खाद्य परिकार एवम् विशाल र्‍यालीका दृश्यहरू निकै प्रेरणादायी छन्।

प्रत्येक दिनका मुख्य कार्यक्रममा सम्बन्धित जिल्लाको नेतृत्व या त्यहाँका जनप्रतिनिधिहरूले त्यहाँका समस्या समाधानका लागि मागपत्र पढेर सुनाउने र अन्तमा पार्टी अध्यक्ष केपी शर्मा ओलीले त्यसप्रतिको प्रतिबद्धतासहित मुलुकको समसामयिक राजनीतिक परिस्थिति र आगामी दिनमा पार्टीले खेल्नुपर्ने महत्त्वपूर्ण भूमिकालगायत तमाम विषयमा आफ्नो मन्तव्य व्यक्त गर्ने कार्यक्रम रहने गर्थ्यो।

लोकमार्गको यात्राका क्रममा विभिन्न ठाउँमा स्वागतद्वारहरू बनाइएका, ब्यानरहरू टाँगिएका, बाटाबाटामा पानीका घडाहरू राखिएका, यात्रुहरूको स्वागतका लागि जनता घण्टौँ प्रतीक्षा गरिरहेका दृश्यले नेकपा (एमाले) प्रति जनताको आस्था कस्तो रहेछ भन्ने प्रस्ट गरिरहेको थियो। प्राय: सबै ठाउँमा कार्यक्रम छिटोछरितोसँगै समयमै सम्पन्न गर्ने प्रयास गर्दागर्दै पनि कतिपय ठाउँका अन्तिमका सभाहरू रातिको १० बजेसम्म चलेका र रातको ठन्डीमा पनि जनताको उल्लेख्य सहभागिता र सक्रियता देख्दा नेताहरूलाई नै जनताले प्रोत्साहित गरेको देखिन्थ्यो। यसबाट एमालेप्रतिको आकर्षण झनै बढ्दै गएको प्रस्ट हुन्थ्यो।

पार्टीनिकट जनवर्गीय सङ्गठन, भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठनको अगुवाइमा र युवा सङ्घका कार्यकर्ताहरू संलग्न विभिन्न टोलीहरूले निकै अनुशासित भएर यात्राको व्यवस्थापनसँगै खाना खाने र रातको बास बस्ने समयमा त्यसको व्यवस्थापनमा सघाउने तथा जनसभाहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए।

यात्राका क्रममा विभिन्न ठाउँका मठ–मन्दिर, खानी, ऐतिहासिक–सांस्कृतिक–पर्यटकीय स्थलहरू, स्कुल, अस्पताललगायत विभिन्न संस्थाको अवलोकन गर्ने एवम् त्यसको विकास, प्रवर्द्धन र सही व्यवस्थापनका लागि विभिन्न सुझाव सङ्कलन गरिएका छन्।

देशका सात वटा प्रदेश मध्ये ६ वटा प्रदेशका ३० जिल्लाको यात्रा सम्पन्न गर्दा प्राप्त भएका तमाम लिखित र मौखिक रुपमै आएका सुझाव तथा मागपत्रहरूको राम्रो अध्ययन–विश्लेषण गरेर एमाले सरकारमा भएको बेला तिनलाई कार्यान्वयन गर्ने प्रतिबद्धता जनाइएको छ भने तत्काल तिनका बारेमा सरकारको ध्यानाकर्षण गराइसकिएको अवस्था छ। समग्रमा ती माग तथा सुझावहरू 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न मार्गदर्शन र सहयोगी बन्नेमा कुनै सन्देह छैन।

यात्रा अवधिभर सुरुदेखि अन्तसम्म स्थानीय सरकार र सुरक्षा संयन्त्रको राम्रो सहयोग प्राप्त भयो। स्थान विशेषको स्थितिअनुसार ठुलो जनसङ्ख्यामा जनपद र सशस्त्र प्रहरी परिचालन गरिएको थियो। उनीहरूले इमानदारीसाथ आफ्नो कर्तव्य पूरा गरेको पाइयो। हाम्रो यो कार्यक्रमबाट उनीहरू पनि निकै प्रभावित भए।

कोसी प्रदेशतिर पुग्दा 'पहिचानवादी'हरूले यो यात्रालाई कमजोर पार्न सक्दो प्रयास नगरेका होइनन्। उनीहरूले विभिन्न ठाउँमा जनतालाई हाम्रो कार्यक्रममा आउनबाट रोक्न विभिन्न किसिमले त्रास उत्पन्न गर्नुको साथै 'प्रदेश बन्द'को समेत घोषणा गरे। तर उनीहरूको 'बन्द'लाई वास्तै नगरेर पूर्वतिरको कार्यक्रममा जनताको अझ ठुलो सहभागिता देखा पर्‍यो। उनीहरूका अनेक हतकण्डाहरू असफल भए। यो कार्यक्रमपछि उनीहरूको मनोबल खस्केको अवस्था देखिन्छ।

त्यस्तै नेकपा (एमाले) ले सञ्चालन गरेको यो सङ्कल्प यात्राले वर्तमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र यो व्यवस्था प्राप्तिका लागि नेतृत्व गरेका राजनीतिक पार्टीहरू असफल भए भन्दै केही राजावादी र लोकरिझ्याइँवादी शक्तिहरूले जुन किसिमको हल्ला मच्चाउँदै आएका थिए, त्यसलाई पनि एउटा गतिलो जवाफ दिएको छ। नेकपा (एमाले) को शक्तिले यो व्यवस्था असफल पार्न चाहनेहरूलाई नै असफल पार्न सक्छ भन्ने देखाएको छ। यसले अन्य राजनीतिक पार्टीका कार्यकर्ताहरूलाई पनि प्रभावित पारेको छ।

यात्राका क्रममा साँझ बसोबास गरेका बेला आवश्यकताअनुसार पार्टी केन्द्रीय सचिवालयको बैठक राखेर तबसम्मको यात्राको समीक्षा गर्ने र अगाडिको यात्राका लागि ध्यान दिनुपर्ने विषयमा निर्णयहरू गर्ने र यात्रालाई अझ व्यवस्थित गर्ने काम भयो। यसले यात्रालाई अझ प्रभावकारी बनाउन सहयोग पुगेको थियो।

बाटोमा यात्रा गर्दा एकले अर्कालाई उछिन्ने प्रतिस्पर्धा नहोस्, नेतृत्वमा रहेका नेताहरूको आवश्यकताअनुसार तुरुन्तै भेटघाट हुन सकोस्, यात्रा अनुशासित

ढङ्गले अघि बढोस् भन्ने उद्देश्यले पार्टीभित्रको पदीय हैसियतका आधारमा गाडीको नम्बर निर्धारण गरिएको थियो । यसले पनि यात्रालाई सहज र स्वाभाविक बनाउन सघाउ पु¥यायो । त्यति मात्र होइन, लस्करै गाडीहरू चल्दा त्यसले यात्राको सौन्दर्य र आकर्षणलाई समेत झल्काएको प्रतीत हुन्थ्यो ।

बीचमा कुनै गाडीमा खराबी आयो भने उक्त गाडीका कमरेडहरूलाई अर्को गाडीमा व्यवस्था मिलाउने कुरा स्वयम्सेवकहरूले राम्रो भूमिका निर्वाह गर्नुभयो । यो लामो यात्राका क्रममा सँगै हिँड्ने, सँगै खाने, सँगै बस्ने व्यवस्थाले नेताहरू र नेता–कार्यकर्ताहरूबीच हार्दिकताको भावना विकास हुन सक्यो । एकले–अर्कालाई नजिकबाट चिन्ने नयाँ परिस्थिति बन्यो । यो पनि आफैमा पार्टी निर्माणका लागि एउटा महत्त्वपूर्ण पक्ष हो ।

समयमै उठ्नुपर्ने, समयमै आफ्ना दैनिक क्रियाकलापहरू सकेर निर्धारित समयमै हिँडिहाल्नुपर्ने, समयमै खाना खाइसक्नुपर्ने र तोकिएको ठाउँमा सुख–दुःख सहेर सुत्नुपर्नेजस्ता तमाम व्यावहारिक कामका कारण यात्रीहरूको जीवन अनुशासित बन्न पुग्यो । यो अवधिभर कसैले मदिरापान गरेको या यस्तै केही बेठीक कामहरू गरेको पाइएन । यात्रा अवधिभर स्वास्थ्यकर्मीहरूको एउटा टिम पनि सँगै हिँडेको थियो । आवश्यकताअनुसार साथीहरूको जाँच गर्ने, सामान्य उपचार गर्ने गरे पनि सुखद पक्ष नै मान्नुपर्छ, कोही पनि अस्वस्थ भएर अप्ठ्यारो स्थिति सिर्जना भएन । सबै कमरेड सकुशल आ–आफ्नो गन्तव्यतर्फ लाग्नुभयो ।

मध्यपहाडी लोकमार्गका केही भाग पिच गरिएको, केही ग्राभेल भए पनि अधिकांश भागमा अझै पनि कच्ची र साँघुरो बाटो कायम छ । कतिपय ठाउँमा त ट्र्याक पनि खोलिएको छैन । यसले गर्दा कतिपय ठाउँमा घुमाउरो बाटो प्रयोग गरेर लोकमार्गलाई पछयाउनुपर्ने अवस्था उत्पन्न भयो । यसले यात्रा केही असहज बन्ने नै भयो । यद्यपि यात्राको संस्मरण गर्दा त्यो पनि रोमाञ्चक अनुभूति हुन्छ ।

पार्टी अध्यक्षसहितको सिङ्गो नेतृत्व पङ्क्तिलाई प्रत्यक्ष रूपमा मध्यपहाडका गाउँ–टोलहरूमा भेट्न पाउँदा र उहाँहरूका विचार सुन्न पाउँदा आम जनता र पार्टी कार्यकर्ताहरूमा यसले उत्साह र क्रियाशीलता बढायो । यसले लाखौँ जनता र हजारौँ कार्यकर्तालाई परिचालित ग¥यो, भविष्यप्रति आशा जगायो ।

यात्राको क्रममा विभिन्न पहाडी जिल्लाको आर्थिक, सामाजिक, सांस्कृतिक स्थिति, त्यहाँको विकास–निर्माणको कामको अवस्था तथा जनताले भोग्नुपरेका तमाम समस्याबारे प्रत्यक्ष रूपमा जानकारी प्राप्त गर्ने अवसर प्राप्त भयो ।

मध्यपहाडी लोकमार्गको आसपासका क्षेत्रहरूमा पहिलेको तुलनामा लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि विकास निर्माणका कामहरू धेरै अघि बढेको देखियो । यी क्षेत्रहरूमा विगत पञ्चायती कालदेखि आजसम्म विभिन्न कार्यक्रमका सन्दर्भमा आवतजावत गरिएको छ । विगतमा पहाडका डाँडाकाँडामा रातको समयमा यात्रा गर्दाको त्यो निष्पट्ट अँध्यारो क्षणलाई अहिले चारैतिर बिजुलीको झिलिमिलीको दृश्यसँग तुलना गरेर स्मरण गर्दा 'यो देशमा केही पनि भएन' भन्नेहरूका लागि यो एउटा गतिलो जवाफ हो भन्ने लाग्यो । त्यस्तै बाटाघाटा, स्कुल, अस्पताल, खानेपानीदेखि विभिन्न विकासको काम गाउँमा पुगेको दृश्यले पनि खुसी बनाउँछ तर बसाइँसराइले गाउँ रित्तिंदै गएका दृश्य भने दु:खदायी छन् । यसका विभिन्न कारण छन् । त्यसको सही विश्लेषण र उचित निष्कर्षसहित समाधानका उपायहरू निकाल्नैपर्छ ।


यातायात, सञ्चार तथा विज्ञान र प्रविधिको विकासले विश्व नै एउटा गाउँमा परिणत भएको छ । विश्वका प्राय: सबै देशमा पहिलेको तुलनामा आपसी अन्तर्निर्भरता बढेको छ र देशहरूबीचको प्रतिस्पर्धा पनि तीव्र रूपमा बढेको छ । यसले गर्दा प्राय: अविकसित र विकासशील देशहरूबाट युवाहरू रोजगारीको खोजीमा बिदेसिने क्रम बढेको छ । मानिसले गाउँमा भन्दा सहरमा बढी अवसर देखेकाले जहाँ बढी अवसर प्राप्त हुन्छ, मान्छे त्यतै दौडने कुरा एक किसिमले स्वाभाविक पनि हो । तर, यो क्रम अब रोकिनुपर्छ । यहीँ अवसरको सिर्जना गर्नैपर्छ । सम्भावना छ, त्यसको उजागर गर्नैपर्छ । पुष्पलाल लोकमार्गले सम्भावनाको त्यो ढोका खोल्न सक्छ ।

खासगरी मध्यपहाडी क्षेत्रमा समस्याको समाधानका लागि फेरि पनि गरिबीको अन्त्य र रोजगारी सिर्जनाका लागि राज्यका तर्फबाट उपयुक्त नीति, कार्यक्रम र योजना अघि बढाउनु जरुरी छ । त्योसँगै जनतामा देशभक्तिको भावना विकास गर्नु पनि उत्तिकै आवश्यक छ । 'आफ्नै देशमा बसेर केही उद्यम गरौँ' भन्ने चेतनाको विकास गर्नु जरुरी छ । त्यसका लागि स्पष्ट दृष्टिकोण तथा राष्ट्र र जनताप्रति समर्पित सरकार आजको अपरिहार्यता हो । यसर्थ पनि नेकपा (एमाले) ले अघि सारेको 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा हासिल गरी मुलुक र मुलुकवासीको भविष्यलाई सुरक्षित गर्न नेकपा (एमाले) को बहुमतको सरकार एमालेको मात्र होइन, देश र जनताको आवश्यकताको विषय बनेको छ ।

●

४

# मध्यपहाडको विकास : देश विकासको आधारशिला



**विष्णुप्रसाद पौडेल**
उपाध्यक्ष, नेकपा (एमाले)

नेकपा (एमाले) केन्द्रीय कमिटीको आयोजनामा २०८० मङ्सिर १४ गते बिहान ८:३० बजे बैतडीको झुलाघाटबाट सुरु भएको र पुस १ गते दिउँसो १२:१५ बजे पाँचथरको चिवाभन्ज्याङमा पुगेर सम्पन्न भएको समृद्धिका लागि सङ्कल्प यात्रा नेपालको राजनीतिक इतिहासमा शताब्दी–शताब्दी याद गरिने एक विशिष्ट आयोजना थियो । जनसहभागिता, आम जनतासँग पार्टी नेतृत्व पङ्क्तिको प्रत्यक्ष संवाद र भाषा, वेशभूषा तथा सांस्कृतिक विविधताको प्रदर्शनलगायत हरेक दृष्टिले ऐतिहासिक महत्त्व राख्ने यस्तो कार्यक्रमको आयोजना यसअघि कहिल्यै भएको थिएन र कसैले गरेको थिएन । सिङ्गो राष्ट्रको र एक हदसम्म अन्तर्राष्ट्रिय जगतको समेत ध्यान आकर्षित गर्न सफल यस आयोजनाको बहुआयामिक प्रभाव, परिणाम र महत्त्व छ ।

नेकपा (एमाले) प्रतिनिधिसभा सदस्य सिट सङ्ख्यामा प्राविधिक कारणले दोस्रो भए पनि जनमतको दृष्टिले देशको सर्वाधिक लोकप्रिय पार्टी हो । यस पार्टीले तय गर्ने नीतिले सिङ्गो देश र देशवासीको भविष्य निर्धारण गर्दछ । तसर्थ, पार्टीका नीति निर्माणको तहमा रहेका नेताहरूले देशको आर्थिक, सामाजिक, भौगोलिकलगायत समग्र अवस्थाका बारेमा तथ्यपरक जानकारी राख्नुपर्छ । समृद्धिका लागि सङ्कल्प यात्रा पार्टीको मुख्य नेतृत्वले पश्चिमदेखि पूर्वसम्मको मध्यपहाडी क्षेत्रको भौतिक तथा

मानवीय विकासको अवस्था, जनताको अपेक्षा र जनताले भोगिरहेका समस्या बुझ्न र यस क्षेत्रको समग्र विकासका लागि लिनुपर्ने नीतिगत तथा व्यावहारिक निर्णयको आधार पहिल्याउन अति नै उपयोगी भएको छ । पार्टी नेतृत्वको मुख्य टोलीलाई यस क्षेत्रको समस्या र सम्भावना एकसाथ बुझ्न सम्भव भएको छ । यस भ्रमणले नेकपा (एमाले) लाई मध्यपहाडको विकास नीति तय गर्नमा गहकिला सुझाव, अनुभव र ज्ञान प्राप्त भएको छन् ।

हाम्रो देश हरेक दृष्टिले विविधतायुक्त छ । हामीकहाँ जाति, भाषा र संस्कृतिका दृष्टिले, जीवजन्तु, पशुपन्छी र वनस्पतिका दृष्टिले साथै भौगोलिक अवस्थितिका दृष्टिले गर्व गर्न लायक विविधता छ । यो विविधता हाम्रो कमजोरी होइन, हाम्रो तागत हो र हाम्रो उन्नतिको महत्त्वपूर्ण आधार हो । तर, हामीले यस विविधतालाई आर्थिक तथा सामाजिक विकासका उद्देश्यमा सदुपयोग गर्न सकेका छैनौँ । मध्यपहाड हिमाल र तराईको बीचमा छ । यो भूभाग हिमाल र तराईलाई आपसमा आबद्ध गर्ने सम्बन्ध–सेतु हो । हिमाललाई तराईसँग र तराईलाई हिमालसँग जोड्ने आधार हो । तर, आजसम्म यो भूभाग आफै भौतिक र मानवीय विकासका दृष्टिले पछाडि परेको छ । यहाँ बस्ती पातलिँदै छ, यहाँबाट तराई र सहरी क्षेत्रमा बसाइँसराइको क्रम तीव्र छ । मध्यपहाडका कतिपय जिल्लामा जनसङ्ख्या वृद्धिदर नकारात्मक बन्दै गइरहेको छ । जसले गर्दा यहाँका नदीनाला, वनजङ्गल, खेतबारीलगायत प्राकृतिक र जाति, भाषा, धर्म, परम्पराजस्ता सांस्कृतिक सम्पदाहरूको संरक्षण चुनौतीपूर्ण बन्दै गएको छ । तीनलाई समाज विकासको आधारका रूपमा सदुपयोग गर्ने सम्भावना क्षीण हुँदै गएको छ ।

मध्यपहाडको यो अवस्था हाम्रो देशको शासकीय कमजोरीको नतिजा हो । विगतमा राणाशाही, राजशाही र लोकतन्त्रपछि पनि यथास्थिति वा पश्चगामी दृष्टिकोणबाट निर्देशित शासकहरूले देशको सन्तुलित विकासमा ध्यान दिएनन् । मध्यपहाड भौतिक एवम् मानवीय विकासमा पछाडि पर्दै गएको देख्न, त्यसको कारण पहिल्याउन र विकासका सम्भाव्य माध्यमहरू यकिन गर्दै तदनुरूप अघि बढ्न चाहेनन् । आजसम्म आइपुग्दा मध्यपहाडी क्षेत्रको विकासका लागि सही, सन्तुलित र उपयुक्त नीतिका साथ सशक्त र प्रभावकारी हस्तक्षेप गर्न विलम्ब भइसकेको छ । यस क्षेत्रको भूगोल, प्राकृतिक स्रोतसाधन र सम्पदा सुहाउँदो विकासको ढाँचा निर्धारण गर्न र कार्यान्वनय गर्न विलम्ब भइसकेको छ ।

नेपालको इतिहासमा पहिलो पटक सन्तुलित विकासको अवधारणा २०५१ सालमा बनेको नेकपा (एमाले) को अल्पमतको सरकारले अघि सारेको हो। अधिकार र स्रोतसाधनको विकेन्द्रीकरणको अभ्यास त्यतिबेला नै सुरु भएको हो। 'आफ्नो गाउ आफै बनाऔँ' कार्यक्रममार्फत स्रोत र अधिकार स्थानीय तहमा विकेन्द्रित गरेर विकासमा आम नागरिकको चासो र सहभागिताको थालनी गरिएको हो। त्यो एउटा निर्णय स्थानीय तह र लाखौँलाख नेपालीलाई एकसाथ विकाससम्बन्धी अधिकार र कर्तव्यबोध गराउने दूरगामी महत्त्वको नीति थियो। त्यस निर्णयले देशको विकासमा सरकार, स्थानीय जनप्रतिनिधि र आम नागरिकलाई घनिष्ठ रूपमा आबद्ध गर्ने र उनीहरूमा विकासको चेतना प्रत्यारोपण गर्ने महत्त्वपूर्ण काम गरेको थियो। तर, नेकपा (एमाले) को अल्पमतको सरकारले काम गर्ने समय पाएन। त्यसपछिका विभिन्न सरकारमा सामेल भए पनि हामीले लामो समयसम्म आफ्नो नीति कार्यान्वयन गर्न सक्ने बहुमतको सरकारको नेतृत्व गर्ने अवसर पाएनौँ।

तथापि, हामीले विभिन्न स्वरूपका सरकारमा रहँदा आफ्नो दृष्टिकोणअनुरूप विकास नीति अघि सार्ने र कार्यान्वयन गर्ने पहल भने गरि नै रह्यौँ। २०७४ सालमा

*हाम्रो देश हरेक दृष्टिले विविधतायुक्त छ। हामीकहाँ जाति, भाषा र संस्कृतिका दृष्टिले, जीवजन्तु, पशुपन्छी र वनस्पतिका दृष्टिले साथै भौगोलिक अवस्थितिका दृष्टिले गर्व गर्न लायक विविधता छ। यो विविधता हाम्रो कमजोरी होइन, हाम्रो तागत हो र हाम्रो उन्नतिको महत्त्वपूर्ण आधार हो। तर, हामीले यस विविधतालाई आर्थिक तथा सामाजिक विकासका उद्देश्यमा सदुपयोग गर्न सकेका छैनौँ।*

पार्टी अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा बनेको बहुमतको सरकारले समग्र विकासको सन्तुलित अवधारणा अघि सार्‍यो र विकास कार्यलाई तीव्रताका साथ अघि बढायो। तर, त्यो सरकार पनि पूरा कार्यकाल टिक्न पाएन। हाम्रो पार्टी सरकारबाट हटेसँगै त्यस सरकारले अघि बढाएका विकासका कार्यक्रम तथा आयोजनाहरू अलपत्र परेका छन्। हामी यही संसद्अन्तर्गत सरकारको नेतृत्व गर्न पर्दा वा २०८४ को निर्वाचनबाट (त्यसअघि मध्यावधि भए पनि) पूर्ण बहुमतको सरकार निर्माण गरेपछि कार्यान्वयन गर्ने विकास नीति र योजनाका सम्बन्धमा तयारी अवस्थामा छौँ। मध्यपहाडको विकासलाई देशविकासको मेरुदण्डका रूपमा अघि बढाउन यस क्षेत्रमा भौतिक एवम् मानवीय विकासका देहायका कार्यक्रम तथा आयोजनाहरूलाई प्रभावकारी रूपमा अघि बढाउन आवश्यक छ :

## १. पुष्पलाल (मध्यपहाडी) लोकमार्ग

यो लोकमार्ग नेकपा (एमाले) ले परिकल्पना गरेको र कार्यान्वयनमा अघि बढाएको महत्त्वपूर्ण आयोजना हो। यो आयोजनाको कार्यान्वयन मध्यपहाडको समग्र विकास र देशकै सन्तुलित विकासका लागि अति नै महत्त्वपूर्ण छ। यस यात्राका क्रममा हामीले मध्यपहाडी पुष्पलाल लोकमार्गको आवश्यकता र अपरिहार्यतालाई अझ गहिराइबाट बोध गर्ने मौका पाएका छौँ। यस आयोजनाले मध्यपहाडको समग्र विकासमा मेरुदण्डको भूमिका निर्वाह गर्ने कुरा निश्चित छ। तर, यस आयोजनालाई अहिले जुन रूपमा जसरी निर्माण गरिँदै छ, त्यसरी यो मध्यपहाडी क्षेत्रको विकासको मेरुदण्ड बन्न सक्दैन। यसका लागि निम्नानुसारको परिमार्जनसहित यस आयोजनाको निर्माण कार्य अघि बढाउन र सम्पन्न गर्न जरुरी छ:

**सडकको एलाइन्मेन्ट परिमार्जन:** पूर्वपश्चिम राजमार्ग १,०२४ किलोमिटर, हुलाकी सडक ९७५ किलोमिटर र मदन भण्डारी राजमार्ग १,३९० किलोमिटर छ। तर झुलाघाटदेखि चिवाभन्ज्याङसम्मको पुष्पलाल (मध्यपहाडी) लोकमार्ग भने १,८७९ किलोमिटर लामो छ। यो राजमार्गको रेखाङ्कन कहीँ मदन भण्डारी राजमार्गको नजिक पुगेको छ भने कहीँ हिमालको नजिक पुगेको छ। कतिपय स्थानमा यस राजमार्गको रेखाङ्कन आवादीको अत्यधिक ठुलो हिस्साले उपयोग गर्न सक्ने गरी बस्ती केन्द्रित हुन सकेको छैन। यही अवस्था र यही दुरी कायम राखेर यो सडक यस क्षेत्रका आम मानिसले नियमित रूपमा प्रयोग गर्ने उपयोगी सडक बन्न सक्दैन। त्यसका लागि अनिवार्य रूपमा छोटो, सोझो र बस्ती केन्द्रित हुनेगरी हालको

एलाइन्मेन्ट (रेखाङ्कन) परिमार्जन गर्न जरुरी छ। अनावश्यक रूपमा घुमाउरो र कहीँ चुरेको नजिक त कहीँ हिमालको नजिक हुने अवस्थालाई अन्त्य गर्न जरुरी छ। त्यसैगरी यो राजमार्ग कतिपय ठाउँमा अन्य राजमार्गसँग पनि 'ओभरल्याप' हुन्छ भन्ने कुरालाई सहज रूपमा लिन जरुरी छ। मध्यपहाडलाई केन्द्रित गरेर सकेसम्म छोटो, आवादी केन्द्रित र अत्यावश्यक ठाउँहरूमा ओभरल्याप हुनेगरी यस आयोजनाको रेखाङ्कन (अलाइन्मेन्ट) परिमार्जन गर्न जरुरी छ।

**डेडिकेटेड डबल लेनमा डिजाइनः** मध्यपहाडी क्षेत्रमा तराई वा सहरमा जस्तो चार वा ६ लेनको सडक निर्माण गर्न सहज छैन र आवश्यक पनि हुँदैन। मध्यपहाडी क्षेत्रको जनसङ्ख्या र जनसङ्ख्याको वृद्धिदर, उत्पादन र आर्थिक क्रियाकलाप र ट्राफिक चापको वर्तमान अवस्था र भावी सम्भावनालाई विश्लेषण गर्दा यो लोकमार्ग सिङ्गल लेनको बनाउन उपयुक्त हुँदैन र फोरलेनको बनाउन पनि आवश्यक हुँदैन। मध्यपहाडी लोकमार्ग डेडिकेटेड डबल लेनमा निर्माण गर्नु हरेक दृष्टिले उचित हुन्छ। डेडिकेटेड डबल लेनमा एउटा मोटर बिग्रिएर सडकमा बसेको अवस्थामा पनि दुईवटा मोटर आवतजावत गर्न सक्छन्। ओभरल्याप हुने सडक डेडिकेटेड डबल लेनभन्दा चौडा हुन सक्छन् तर ती ठाउँबाहेक अन्यत्र डबल लेन नै उपयुक्त हुन्छ। तर कतिपय ठाउँमा यो सडक सिङ्गल लेनमा डिजाइन भएको छ र तदनुरूप निर्माण भएको छ। ती ठाउँमा पनि डबल लेनमा स्तरोन्नति गर्न जरुरी छ। सडक मात्र होइन, पुलहरू पनि डबल लेनमै डिजाइन र निर्माण गरिनुपर्छ।

*यो राजमार्ग कतिपय ठाउँमा अन्य राजमार्गसँग पनि 'ओभरल्याप' हुन्छ भन्ने कुरालाई सहज रूपमा लिन जरुरी छ।मध्यपहाडलाई केन्द्रित गरेर सकेसम्म छोटो, आवादी केन्द्रित र अत्यावश्यक ठाउँहरूमा ओभरल्याप हुनेगरी यस आयोजनाको रेखाङ्कन (अलाइन्मेन्ट) परिमार्जन गर्न जरुरी छ।*

**भायडक प्रविधिको प्रयोग:** दुनियाँमा सडक निर्माणमा नयाँ–नयाँ प्रविधिको प्रयोग भइरहेको छ । हामी पनि पुरानै प्रविधिमा अल्झिनुहुँदैन । आधुनिक विकासका सम्भव र उचित प्रविधिलाई आत्मसात् नगरी विकासलाई पछ्याउन सम्भव हुँदैन । अहिले सडक निर्माणमा भायडक प्रविधिको प्रयोग व्यापक भइरहेको छ । यस प्रविधिको प्रयोगले सडकको दुरी घटाउँछ, मालवाहक गाडी तथा सवारीसाधनको परिवहन सहज र जोखिम न्यून हुन्छ । दीर्घकालीन रूपमा लागत कम हुने हुँदा सुरुमा लागत केही बढी भए पनि यो प्रविधिलाई पुष्पलाल (मध्यपहाडी) लोकमार्गमा पनि अवलम्बन गर्न जरुरी छ ।

**सुरुङ प्रविधिको प्रयोग:** मध्यपहाडी पुष्पलाल लोकमार्गमा अनेक डाँडाहरू पर्छन् । एउटा डाँडो पार गर्न २०/३० किलोमिटरसम्म तय गर्नुपर्ने अवस्था छ । जबकि, ती डाँडामा सुरुङ प्रविधिको प्रयोग गर्दा अनेकन् घुम्ती तथा मोडबाट जोगिने, उल्लेखनीय मात्रामा दुरी कम हुने र सडकको प्रभावकारिता अभिवृद्धि हुने, यात्रा छिटो र सहज हुने अवस्था छ। तसर्थ, सम्भाव्य र आवश्यक स्थानहरूमा सुरुङमार्ग निर्माण गर्नुपर्छ ।

**सडकको डिजाइनमा एकरूपता:** ठाउँ विशेषका आधारमा सडक पूर्वाधारको अवस्था भिन्न–भिन्न हुन सक्छ। तर एउटै सडकको अलग–अलग खण्डको अलग–अलग डिजाइन नभएर समरूपता हुनु राम्रो हो। उस्तै प्रकृतिका ठाउँहरूमा कहीँ कस्तो त कहीँ कस्तो डिजाइन नहुनु राम्रो हो । विशेष कारणले विशेष प्रकारको डिजाइन गर्नुपरेमा बाहेक प्रोटेक्सन वाल, नाली, ढल, ग्राभेल, कालोपत्र, पुल आदिको डिजाइनमा एकरूपता हुनु राम्रो हो ।

**विस्तृत अध्ययन, डिपिआर निर्माण र कार्यान्वयन:** माथि उल्लेख भएबमोजिम आवश्यक स्थानहरूमा अलाइन्मेन्ट परिवर्तन, भायडक र सुरुङ प्रविधिको प्रयोग, डेडिकेटेड डबल लेन, डिजाइनमा एकरूपतासहितको विस्तृत परियोजना प्रस्ताव (डिपिआर) तयार गर्न विज्ञहरूको कार्यदल निर्माण गर्नुपर्छ। उनीहरूलाई निश्चित कार्यादेश र समय तोकेर काममा खटाउनुपर्छ । उक्त कार्यदलको प्रतिवेदन र विस्तृत परियोजना प्रस्तावअनुरूप स्रोत व्यवस्थापन गरेर पाँच वर्षभित्र सम्पन्न गर्नेगरी चरणबद्ध रूपमा निर्माण कार्य अघि बढाउनुपर्छ । यस लोकमार्गलाई पालिका केन्द्रहरूसँग जोड्नेगरी सडक सञ्जालको विस्तार गर्नुपर्छ । यसो हुन सक्दा मध्यपहाडी लोकमार्ग देशकै मेरुदण्ड राजमार्ग बन्न सक्छ र यसले सिङ्गो देशलाई, विशेषत: मध्यपहाडी क्षेत्रलाई बहुआयामिक प्रतिफल दिन सक्छ ।

**२. शिक्षा क्षेत्रमा गर्नुपर्ने काम**

हामीकहाँको शिक्षा क्षेत्र अनेकन् समस्याले ग्रसित छ। विद्यालय तथा क्याम्पसका भौतिक पूर्वाधार अत्यन्त कमजोर छन्। विद्यालय भवन, कक्षाकोठा, प्रयोगशाला, खेलमैदान, शौचालय न्यूनतम आवश्यकतासमेत पूरा हुने अवस्थाका छैनन्। त्यसैगरी हाम्रो शिक्षा जीवनोपयोगी छैन। विद्यार्थीहरूलाई सीप सिकाउने र रोजगार वा स्वरोजगार बनाउने प्रकृतिको छैन। शैक्षिक बेरोजगार उत्पादन गर्ने, देशभित्र सम्भावना नदेख्ने र विदेश पलायन हुन प्रेरित गर्ने हाम्रो शिक्षाको विशेषता रहेको छ।

हाम्रो समग्र शिक्षा प्रणालीमा परिवर्तन गर्ने राष्ट्रिय नीतिको आवश्यकता त आफ्नो ठाउँमा छँदैछ, तत्काल मध्यपहाडी क्षेत्रका विद्यार्थीहरूले आफ्नो ठाउँमा उपयुक्त पूर्वाधारमा रहेर गुणस्तरीय, सीपमूलकका साथै रोजगार र स्वरोजगारका निम्ति अनुकूल हुने शिक्षाको प्रबन्ध गर्न जरुरी छ। त्यसका लागि विगतमा सुरु गरिएको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत विद्यालय र क्याम्पसलाई भौतिक पूर्वाधारका दृष्टिले उपयुक्त बनाउनुपर्छ। प्रत्येक पालिकामा त्यहाँको आवश्यकता

*पुष्पलाल (मध्यपहाडी) लोकमार्गलाई पालिका केन्द्रहरूसँग जोड्नेगरी सडक सञ्जालको विस्तार गर्नुपर्छ। यसो हुन सक्दा मध्यपहाडी लोकमार्ग देशकै मेरुदण्ड राजमार्ग बन्न सक्छ र यसले सिङ्गो देशलाई, विशेषत: मध्यपहाडी क्षेत्रलाई बहुआयामिक प्रतिफल दिन सक्छ।*

र विशेषता सुहाउँदो माध्यमिक तहको प्राविधिक शिक्षालय स्थापना र सञ्चालन गर्नुपर्छ । त्यस्तै प्राविधिक विषयका रोजगार, स्वरोजगारका लागि अनुकूल हुनेगरी उच्च शिक्षाको प्रबन्ध गर्नुपर्छ । यसरी मात्र गुणस्तरीय शिक्षाको खोजीमा आफ्नो ठाउँ छाडेर बाहिर जाने अवस्थालाई कम गर्न सकिन्छ ।

### ३. स्वास्थ्य क्षेत्रमा गर्नुपर्ने काम

मध्यपहाडी क्षेत्रका जनताले आधारभूत स्वास्थ्य सेवासमेत नपाएर टाढाटाढाका सहरी केन्द्रहरूमा जानुपर्ने र समयमा उपचार हुन नसक्दा अकालमा मृत्यु हुनेसम्मको अवस्था छ । त्यसैगरी जिल्ला वा प्रदेशको केन्द्रमा समेत सहज र सुलभ रूपमा विशेषज्ञ सेवा नपाएर आम जनसमुदाय संविधान प्रदत्त उपचारको अधिकारबाट वञ्चित हुने अवस्था छ । यो अवस्थाको अन्त्य नगरी मध्यपहाडी क्षेत्रको आकर्षण बढाउन सकिँदैन । तसर्थ प्रत्येक पालिकामा आधारभूत अस्पताल निर्माण गर्ने, त्यहाँबाट आम जनतालाई नि:शुल्क रूपमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने, जिल्ला र प्रदेशको केन्द्रमा विशेषज्ञ सेवासहितको अस्पताल निर्माण गर्ने र त्यहाँ जनतालाई सहज र सुलभ रूपमा उपचार उपलब्ध हुने व्यवस्था गर्नु जरुरी छ ।

विगतमा आरम्भ गरिएको पालिका तहमा आधारभूत अस्पताल निर्माण गर्ने कार्यलाई अविलम्ब अघि बढाउनुपर्छ । भवन, उपकरण, प्रयोगशाला, जनशक्तिलगायत सबै दृष्टिले आफ्नो पालिकामा विश्वसनीय रूपमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने अवस्था निर्माण गर्नुपर्छ । जिल्ला, प्रदेश र सङ्घको केन्द्रमा फरक–फरक स्तरको विशेषज्ञ सेवा प्रदान गर्न सक्ने अस्पताल वा स्वास्थ्य संस्थाहरू निर्माण गर्नुपर्छ ।

### ४. जलस्रोतको क्षेत्रमा गर्नुपर्ने काम

नेपालका नदीहरू उत्तरबाट दक्षिण बगेका छन् । मध्यपहाडमा उद्गमस्थल भएका खोलानाला मात्र होइन, हिमनदीहरूसमेत मध्यपहाड भएर तराईमा ओर्लिन्छन् । यी नदी तथा खोला नालाहरूलाई मध्यपहाडमा खानेपानी, सिँचाइ र जलविद्युत्का लागि भरपुर उपयोग गर्न सकिने सम्भावना छ । पानीको स्रोत नभएका उच्च पहाडी बस्तीहरूमा लिफ्ट प्रणालीबाट खानेपानीको प्रबन्ध गर्न सकिन्छ । पहाडका खेत, बारी र फाँटहरूमा सिँचाइको प्रबन्ध गर्न सकिन्छ । साना, मझौला र ठुला जलविद्युत् आयोजनाहरू निर्माण गरेर आर्थिक क्रान्तिको आधार तयार गर्न सकिन्छ । यही

भूभागमा पश्चिम सेती, कर्णाली, भेरी, राप्ती, गण्डकी, कोसी नदीका अनेक शाखा, प्रशाखाहरूमा ठुला, मझौला तथा साना जलविद्युत् आयोजनाहरूको सम्भावना छ। जलविद्युत् र सिँचाइका आयोजनाहरूले विद्युत् उत्पादन र सिँचाइ सुविधा विस्तार हुने मात्र होइन, उत्पादन र रोजगारीका अनेक नयाँ–नयाँ सम्भावनाहरूलाई उद्घाटित गर्छन्। यसरी मध्यपहाडी क्षेत्र देशकै आर्थिक क्रान्ति र समृद्धिको केन्द्र बन्न सक्छ।

## ५. खानीजन्य क्षेत्रमा गर्नुपर्ने काम

मध्यपहाडी क्षेत्र खानीका दृष्टिले पनि महत्त्वपूर्ण मानिएको छ। दैलेखमा गरिएको सम्भाव्यता अध्ययनले त्यहाँ उल्लेख्य मात्रामा पेट्रोलियम पदार्थ रहेको पाइएको छ। त्यसैगरी जाजरकोटलगायत विभिन्न ठाउँमा बहुमूल्य पत्थर, फलाम, तामा आदि खनिज पदार्थको सम्भावना पनि रहेको छ। हामीले अध्ययनबाट सम्भावना देखिएका खनिज पदार्थको उत्खनन गर्न र सम्भावना भएका ठाउँहरूमा अध्ययन कार्यलाई अघि बढाउन जरुरी छ। खानीजन्य पदार्थको व्यवस्थित अध्ययन र सम्भाव्य ठाउँहरूमा गरिने उत्खननले यस क्षेत्रको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुग्नेछ।

## ६. जडीबुटी तथा वनस्पति सम्बन्धमा गर्नुपर्ने काम

मध्यपहाडी क्षेत्र श्रीखण्ड (चन्दन/रक्तचन्दन), बोधिचित्त, रुद्राक्ष, लोठसल्लोलगायत बहुमूल्य वनस्पति र जडीबुटीका लागि प्रचुर सम्भावना भएको क्षेत्रमा पर्छ। निजी वन, कबुलियत वन, सामुदायिक वनलगायत वनक्षेत्रको योजनाबद्ध विकास र सदुपयोग पनि मध्यपहाडको समृद्धिका लागि महत्त्वपूर्ण आधार हुन सक्छ। यस क्षेत्रमा चिराइतोलगायत वनस्पति र शिलाजितजस्ता वस्तुको उत्पादनको पनि प्रचुर सम्भावना रहेको छ। जडीबुटीको व्यावसायिक उत्पादनको सम्भावना पनि प्रचुर मात्रामा रहेको छ।

सुन्तला, जुनार, कागती, भोगटेलगायत निबु प्रजातिका फलफूलका लागि यो क्षेत्र अत्यन्त उर्वर छ। कटहर, अम्बा, आँप, लिची, अनार, किबी, अङ्गुर, स्ट्रबेरी, ड्रागन फ्रुट, एभोकार्डोलगायत फलफूलको व्यावसायिक उत्पादन, सङ्कलन, प्रशोधन गर्दै स्वदेश र विदेशको बजारमा पठाउन सकिन्छ।

यो क्षेत्र तरकारी खेतीका लागि पनि त्यत्तिकै उपयुक्त छ। व्यावसायिक हिसाबले तरकारी उत्पादनमा लाग्ने प्रचुर सम्भावना छ। धान, गहुँ, मकै, कोदो, फापरजस्ता अन्नबाली र दलहन, तेलहन खेतीका लागि पनि यो क्षेत्र त्यतिकै सम्भावनायुक्त छ।

## ७. पर्यटन प्रवर्द्धनको क्षेत्रमा गर्नुपर्ने काम

यो क्षेत्र पर्यटन प्रवर्द्धनका लागि पनि त्यत्तिकै महत्त्वपूर्ण छ। हिलस्टेसन, होटल, मोटल, होमस्टे, बोटिङ, राफ्टिङ, बन्जी जम्प, जिप क्लाइम्बिङ, पाराग्लाइडिङ, केबुलकार, ट्रेकिङलगायत अनेकन् सम्भावनाहरू छन्। जिरो पोलुसन, होमस्टे, स्थानीय भाषा, वेशभूषा, खानपान, नाचगान, धार्मिक तथा सांस्कृतिक पर्वहरू, मठमन्दिर, गुम्बा, चैत्यजस्ता विषयलाई गुणस्तरीय रूपमा प्रस्तुत गर्न सक्दा पर्यटन व्यवसाय आर्थिक क्रान्तिको आकर्षक क्षेत्र बन्न सक्छ।

त्रिपुरासुन्दरी, निगलासैनी, उग्रतारा, घटालबाबा, शैलेश्वरी, वैद्यनाथ, गोरखनाथ, मनकामना, पशुपति, स्वयम्भु, चाँगुनारायण, कालिञ्चोक भगवती, हलेसी, पाथीभरालगायत धार्मिक स्थलहरूलाई पर्यटन प्रवर्द्धनका लागि सदुपयोग गर्न सकिने प्रचुर सम्भावना छ।

## ८. रोजगारीको क्षेत्रमा गर्नुपर्ने काम

मध्यपहाड रोजगारी वा स्वरोजगारीका दृष्टिले असीमित सम्भावना भएको क्षेत्र हो। यस क्षेत्रमा रोजगारी वा स्वरोजगारीका लागि खाद्यान्न, दलहन, फलफूल, तरकारी, पशुपन्छी, वनजङ्गल, वनस्पति, खानी–खनिज, जलस्रोत, पर्यटनलगायत अनेकन् सम्भावना छन्। यसका लागि राज्यले उपयुक्त नीति निर्माण गर्नुपर्ने, बिउ–मल, यन्त्र–उपकरण, विशेषज्ञ सेवा, अनुदान–सहुलियत, बजार व्यवस्था र आवश्यक भौतिक पूर्वाधार निर्माण गरिदिनुपर्ने छ। यसो हुन सके यस क्षेत्रबाट बसाइँ सरेर बाहिर गएको पङ्क्ति आफ्नो ठाउँमा फर्किने मात्र होइन, अन्यत्र बसोबास गरिरहेका जनसमुदायसमेत आकर्षित भएर यस क्षेत्रमा बसाइँ सरेर आउन सक्ने सम्भावना छ। आज यस क्षेत्रबाट बसाइँ सरेर अन्यत्र जाने प्रवृत्ति चुनौती बनेको छ, भोलि अन्यत्रबाट यस क्षेत्रमा बसाइँ सरेर आउने र जनघनत्व बढ्ने सम्भावना छ। स्वच्छ

वातावरण, मनोरम प्राकृतिक दृश्य, अर्गानिक आहारविहार, दीर्घ जीवन आदिका दृष्टिले पनि यो क्षेत्र विशेष आकर्षणको क्षेत्र हो ।

रोजगारी र स्वरोजगारीका यी अनगिन्ती सम्भावनालाई उद्घाटित गर्न र आम मानिसलाई आकर्षित गर्न राज्यले उपयुक्त नीति निर्माण गर्न र भौतिक पूर्वाधार एवम् दक्ष जनशक्ति निर्माण गर्न लगानी गर्न जरुरी छ ।

मध्यपहाडलगायत देशका प्राय: सबैजसो भूभाग प्राकृतिक स्रोतका दृष्टिले यति धैरै सम्पन्न भएर पनि हामीले तिनलाई सदुपयोग गर्न सकेका छैनौँ । युवायुवतीहरू देशभित्र सम्भावना नदेखेर ५० डिग्री सेल्सियस तापक्रम भएको मरुभूमिमा जीवन खोज्न भौतारिइरहेका छन् । समग्र देशको विकास गर्न सकिन्छ, मध्यपहाडी क्षेत्रलाई विकासका विभिन्न विधामा नमुना बनाउन सकिन्छ, देशकै विकासको मेरुदण्डमा बदल्न सकिन्छ । तर यसका लागि सही दृष्टिकोण र नीति भएको नेकपा (एमाले) जस्तो राजनीतिक पार्टीको हातमा मुलुकको बागडोर पुग्न जरुरी छ । सम्भावना त हिजो पनि थियो । तर, एक समयमा हामीभन्दा पछाडि परेका विश्वका कैयौँ


*मध्यपहाड रोजगारी वा स्वरोजगारीका दृष्टिले असीमित सम्भावना भएको क्षेत्र हो । यस क्षेत्रमा रोजगारी वा स्वरोजगारीका लागि खाद्यान्न, दलहन, फलफूल, तरकारी, पशुपन्छी, वनजङ्गल, वनस्पति, खानी–खनिज, जलस्रोत, पर्यटनलगायत अनेकन् सम्भावना छन् । यसका लागि राज्यले उपयुक्त नीति निर्माण गर्नुपर्ने, बिउ–मल, यन्त्र–उपकरण, विशेषज्ञ सेवा, अनुदान–सहुलियत, बजार व्यवस्था र आवश्यक भौतिक पूर्वाधार निर्माण गरिदिनुपर्ने छ ।*

मुलुकहरूले आज हामीलाई निकै पछाडि छाडेका छन्। देशले सही नीति र समक्ष एवम् इमानदार नेतृत्व पाउन नसक्दा विकासका अनगिन्ती र असीमित सम्भावना खेर गएको छ। हाम्रो देश विकासका अनेक क्षेत्रमा पछाडि परेको छ। तसर्थ, समग्र देशसँगै मध्यपहाडमा पनि विकास, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न नेकपा (एमाले) को पूर्ण बहुमतको सरकार चाहिएको छ। मध्यपहाडलाई देशविकासको मेरुदण्ड बनाउन, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न २०८४ को चुनावबाट नेकपा (एमाले) को पूर्ण बहुमतको सरकार सुनिश्चित गर्न जरुरी छ। झुलाघाटदेखि चिवाभन्ज्याङसम्मको यात्राका क्रममा मध्यपहाडी क्षेत्रको जनमत नेकपा (एमाले) लाई नेतृत्व सुम्पिन तयार छ भन्ने देखिएको छ। मध्यपहाड र देशका अन्य भागमा नेकपा (एमाले) को पक्षमा रहेको जनमतलाई आगामी निर्वाचनबाट पूर्ण बहुमतको सरकार सुनिश्चित हुने गरी विस्तार गर्न जरुरी छ।

●

८।

# मध्यपहाडी लोकमार्ग : राष्ट्रिय अर्थतन्त्र र एकताको मेरुदण्ड



**सुरेन्द्रप्रसाद पाण्डे**
उपाध्यक्ष, नेकपा (एमाले)

नेकपा (एमाले) को केन्द्रीय सचिवालयको निर्णयअनुसार 'समृद्धिका लागि सङ्कल्प यात्रा' नारासहित मङ्सिर १४ गते पुष्पलाल (मध्यपहाडी) लोकमार्गको यात्रा सुरु भयो। उक्त दिन बिहान ८:३० बजे पार्टी अध्यक्ष केपी शर्मा ओलीले बैतडीको महाकाली नदीकिनारको झुलाघाटमा राष्ट्रिय झन्डा उत्तोलन गरेपछि यात्राको आरम्भ भयो। ३२ वटा सभा, सयभन्दा बढी भेटघाट, छलफल, अध्ययन, अवलोकन, गोष्ठी, सर्वदलीय बैठक, उद्यमी–व्यवसायीसँगको अन्तर्क्रिया, जनतासँग विमर्श, भूकम्पको उद्धारमा खटिएका पार्टीका स्वयम्सेवकहरूलाई सम्मान आदि गतिविधिहरू गरी १८ दिनपछि ३० जिल्ला पार गर्दै पुस १ गतेका दिन पाँचथरको चिवाभन्ज्याङ पुगेर सङ्कल्प यात्राले विश्राम लियो।

यात्राका दौरान नेकपा (एमाले) प्रति नेता–कार्यकर्ता, शुभेच्छुक र सहयोगीबाहेक विभिन्न पार्टीका नेता, कार्यकर्ता तथा जनताको अतुल्य माया, साथ र समर्थन देखियो।

कैयौँ ठाउँमा अन्य पार्टीका नेताहरूले हार्दिक स्वागत तथा सम्मान गरे। कैयौँ ठाउँमा एमालेको त्यस यात्राको स्वागतका लागि स्थानीयले घण्टौँ पनि कुरे र स्वागतसमेत गरे। नेता–कार्यकर्ता, विभिन्न पार्टी, सङ्घसंस्थाका प्रतिनिधिहरू र जनताले एमालेप्रतिको श्रद्धा, आशा र विश्वासको ज्वलन्त उदाहरण पेस गरे।

एमालेले जनताको जीवन परिवर्तनका लागि केही गर्छ भन्ने विश्वास नै पार्टीको पुँजी हो। अध्यक्ष कमरेड केपी शर्मा ओली र नेकपा (एमाले) प्रति देखाइएको आकर्षण र मायाप्रति पार्टीले गर्व गर्नुपर्छ।

पुष्पलाल (मध्यपहाडी) लोकमार्गको अवधारणा र नामकरण एमाले नेतृत्वको सरकारले आव २०६६/६७ सालको बजेटबाट अगाडि सारेर निर्माण आरम्भ गरेको थियो। नेकपा स्थापनाको ७५औँ वर्षका सन्दर्भमा पुष्पलालद्वारा स्थापित पार्टी र उहाँको नाममा बनेको यो सडकमा यात्रा गर्नुको अर्थ एमालेले पार्टी र पुष्पलालप्रतिको श्रद्धा तथा जनताप्रति गरेका प्रतिबद्धताको महत्त्व दर्साउनु पनि हो।

नेपालको पहाडी भूभाग जलस्रोत, खनिज पदार्थ, जडीबुडी, फलफूल, उच्च मूल्यका बालीनाली, प्राकृतिक सुन्दरता र विविधताले भरिपूर्ण क्षेत्र हो। एक शताब्दीअगाडिसम्म करिब ८० प्रतिशत जनता पहाडमा बसोबास गर्थे। २००७ सालको राजनीतिक परिवर्तनपछि २००९ र २०११ साल (सन् १९५२, १९५४) मा लिइएको पाँचौँ जनगणनामा नेपालको कुल जनसङ्ख्या ८२ लाख, ५६ हजार ६६५ थियो। जसमध्ये ५३ लाख ४९ हजार अर्थात् ६५ प्रतिशत जनता पहाडमै बसोबास गर्थे। सन् १९५४ मा अमेरिकी सहायतामा मलेरिया उन्मूलन कार्यक्रम सुरु भयो। त्यसका कारण तराई क्षेत्रमा बसोबास सहज भयो। पहाडबाट मधेसतर्फको बसाइसराइँ बढ्न थाल्यो। त्यसक्रममा २०१८ साल (सन् १९६१) को गणनामा पहाडको र तराईको जनसङ्ख्या क्रमश: ६३.६ प्रतिशत र ३६.४ प्रतिशत कायम भयो। २०२८ साल (सन् १९९७१) को जनसङ्ख्या पहाडमा ६२.४ प्रतिशत र तराईमा ३७.६ प्रतिशत रह्यो। २०३८ साल (सन् १९८१) को जनसङ्ख्या पहाडमा ५६.४ प्रतिशत र तराई ४३.६ प्रतिशत रहन पुग्यो। २०४८ साल (सन् १९९१) पहाडमा ५३.३ प्रतिशत र तराईमा ४६.७ प्रतिशत र २०५८ (सन् २००१) मा पहाडमा ६१.६ प्रतिशत र तराईमा ४८.४ प्रतिशत कायम भयो। २०६८ साल (सन् २०११) मा पहाडमा ४९.८५ प्रतिशत र तराईमा ५०.१५ प्रतिशत रह्यो। पछिल्लो जनगणना २०७८ साल (सन् २०२१) मा कूल जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५७२ मध्ये १ करोड ३५ लाख, ३० हजार ५७२ अर्थात् ४६.३९ प्रतिशत पहाडी जनसङ्ख्या रहन पुग्यो भने तराईको जनसङ्ख्या क्रमश: वृद्धि हुँदै ५३.६१ प्रतिशत पुग्यो।

उपर्युक्त तथ्याङ्कलाई विश्लेषण गर्दा २०१८ र २०२८ सालको गणनामा १ प्रतिशतभन्दा केही बढीको दरले पहाडको जनसङ्ख्या घटिरहेकोमा २०३८ को

जनगणनामा एकैपटक ६ प्रतिशतको दरले पहाडी जनसङ्ख्या घटेको देखिन्छ। २०३५/३६ सालको जनआन्दोलन र २०३७ सालको जनमतसङ्ग्रहका कारण तराईमा व्यापक वन फँडानी भई बसाइसराइँको गति तीव्र भएको स्पष्ट हुन्छ। पञ्चायती व्यवस्थालाई जिताउन वनफँडानी गरिएको चर्चा त्यसबेला व्यापक बनेको थियो। बसाइसराइको प्रश्न व्यक्तिगत, पारिवारिक वा आर्थिक कठिनाइहरूका कारणले मात्र नभई राजनीतिक परिस्थितिका कारणहरूले बढी प्रभावित गर्छ भन्ने कुरा स्पष्ट हुन्छ। त्यसपछिको पहाडबाट तराइँतर्फ बसाइँसराइको क्रमलाई हेर्दा पनि राजनीतिक कारण नै बढी देखिन्छ। जस्तै २०४८ साल (सन् १९९१) को जनगणनामा अघिल्लो गणनामा भन्दा ३.१ प्रतिशतले पहाडको जनसङ्ख्या घटेको देखिन्छ। २०४६ सालको राजनीतिक परिवर्तनको कारण यसो हुन गएको भन्ने देखिन्छ। २०६८ (सन् २०११) मा तराईको जनसङ्ख्याले पहिलो पटक पहाडको जनसङ्ख्यालाई उछिन्न पुगेको र पहाडको जनसङ्ख्या ४९.८५ प्रतिशत र तराई ५०.१५ प्रतिशतमा पुगेको छ। त्यसरी नै २०७८ को गणनामा (सन् २०२१) पहाडको जनसङ्ख्या ४६.३९ प्रतिशतमा झर्न पुगेको छ। २०६२/६३ को जनक्रान्ति र २०७२ को संविधान निर्माणजस्ता ठुला राजनीतिक परिघटनाले पहाडको जनसङ्ख्या घटी तराईतर्फको बसाइँसराइ बढ्दै गएको छ।

उपर्युक्त तथ्यको विश्लेषण गर्दा जबसम्म पहाडमा पूर्वाधारको विकास, रोजगारी र उद्योगधन्दामा ध्यान दिइँदैन तबसम्म सन्तुलित बसोबासको अवस्था सिर्जना हुन सक्दैन।

मध्यपहाडी लोकमार्गको थालनी गर्दा ठुलो सङ्ख्यामा पहाडबाट तराईमा बसाइँसराइमा रोक, पहाडी क्षेत्र साँघुरिँदै गएको जनसङ्ख्यामा सुधार, तराई र पहाडी जनसङ्ख्याबीच सद्भावमा वृद्धि हुने विश्वास गरिएको थियो। यसपालिको यात्राले यसका लागि अझै धेरै मेहनत र लगानी गर्नुपर्नेछ भन्ने अनुभूति गराएको छ। यस लोकमार्गको सेरोफेरोमा १० वटा सहर बनाउने कुरा पनि घोषणा भएको थियो। ती सहरहरू बनाउन सकेको खण्डमा बजारको विस्तार हुन गई आर्थिक गतिविधिले गति लिन्छ। विश्वविद्यालय, कलेज, अस्पतालहरूको स्थापना हुन्छ। त्यहाँ पाइने कच्चा पदार्थहरूबाट उद्योग स्थापनामा मद्दत पुग्छ। जलविद्युत्को निर्माणका लागि पहुँच पुऱ्याई जलविद्युत् निर्माणमा गति लिन्छ। होटल र पर्यटन क्षेत्रको विकासले त्यहाँका जनताको रोजगारीको अवसर र जीवनस्तरलाई माथि उठाउन मद्दत गर्छ। त्यसका

लागि सरकार र राजनीतिक पार्टीहरूले यो क्षेत्रको विकासलाई केन्द्रमा राखेर बजेट विनियोजन गरी प्रतिबद्धताका साथ लाग्नु जरुरी छ।

यो मार्ग सुरु भएको करिब १३ वर्षको अन्तरालमा करिब १८ सय किलोमिटर सडक निर्माण भइसकेको छ र त्यसमा ६५ अर्ब खर्च भइसकेको छ। स्मरणीय कुरा के छ भने नेपालको इतिहासमा योभन्दा बाहेक ठुला सडकहरू वैदेशिक सहायतामा मात्र बनेका थिए भने यो नेपालको पुँजीले मात्र निर्माण भएको छ। यात्राका क्रममा देखिएको गर्न बाँकी केही कालोपत्रे, केही ग्राभेल र केही ठाउँमा ट्र्याक खोल्न बाँकी रहेको पनि छिट्टै सम्पन्न हुने भन्ने आशा गर्न सकिन्छ।

नेपालको विकासमा चासो राख्ने सरकार, राजनीतिक पार्टी र जनताले यस आयोजनाका सन्दर्भमा केही सन्दर्भमा विशेष ध्यान पुऱ्याउनुपर्ने छ। अनावश्यक रूपमा घुमाई लामो बनाएका बाटोहरूलाई छोट्याउन सके निर्माण खर्च मात्र होइन। दैनिक यात्रालाई सहज बनाउन र दीर्घकालीन रूपमा खर्च घटाउन सकिनेछ। देशको हितमा बाटोको निर्माण गर्दा मेरो घर मात्र, मेरो टोल मात्र भन्ने भावनालाई पनि परिवर्तन गर्नु आवश्यक छ। केही डाँडाहरूमा सुरुङ र अग्ला पुल तथा घुमाइएको ठाउँलाई सिधा गरेर ११/१२ सय किलोमिटरभित्र सडकलाई सीमित गर्न सकिने अवस्था छ। वास्तवमै यो लोकमार्ग नेपाली अर्थतन्त्रको परिवर्तनको मेरुदण्डका रूपमा खडा हुनेछ।

मध्यपहाडका बासिन्दाहरूसँग उत्पादित सामग्रीहरू (फलफूल, सागसब्जी) को ताजा उपभोग गरेर सिध्याउनुबाहेक अन्य विकल्प छैन। त्यसको व्यवस्थापन तथा कृषि उपजहरूको उचित मूल्य तथा उत्पादित कृषि उपजको उचित बजारीकरणसँगै भण्डारण र प्रशोधनका लागि उद्योगहरू स्थापना गर्नुपर्ने देखिन्छ। जसबाट किसानले उत्पादित उपजको उचित मूल्य पाउने, सडेर–गलेर जाने अवस्थाको अन्त्य हुने तथा मध्यपहाडमा औद्योगिक विस्तार र रोजगारीको अवसर सिर्जना हुनेछ। पहाडी भूबनोटअनुरूपका तालिम, बिउ, मेसिन र सेवाहरू उपलव्ध गराई कृषकहरूको उत्पादन वृद्धि र उत्पादन लागत घटाउन सरकारले ध्यान दिनुपर्छ। किसानहरूको आम्दानी बढाउन विशेष जोड दिनुपर्छ। यसले ग्रामीण क्षेत्रमा कृषि उत्पादन घट्ने र जमिन बाँझो रहने समस्यालाई पनि क्रमश: घटाउँदै लान सहयोग गर्नेछ।

आम्दानी गर्ने वातावरण बन्नासाथ ठुलो मात्रामा कृषि उब्जनी हुन थाल्छ। व्यावसायिक खेती सुरु भएपछि कृषि पर्यटनको सम्भावनासमेत बढ्न सक्छ। कृषिसँगै सांस्कृतिक पर्यटनको पनि उत्तिकै सम्भावना हुन्छ। पूर्वदेखि सुदूरपश्चिमसम्म

भूगोलैपिच्छे मौलिक संस्कृति, खानपान र गीतसङ्गीत छ। ती हाम्रा सम्पत्तिलाई बजारीकरण गरेर पर्यटक लोभ्याउन सकिन्छ। गाउँमै बसेर राम्रो आम्दानी हुने वातावरण बन्यो भने मान्छे किन तराई झर्छ ? किन विदेश जान्छ ? त्यसकारण सरकारले ती क्षेत्रमा लगानी बढाउन आवश्यक छ।

सुनकोसी–मरिन सिँचाइ परियोजना, भेरी बबई सिँचाइ परियोजनाजस्ता ठुला परियोजनाहरू जति सक्दो छिटो सम्पन्न गर्नुपर्छ। पहाडको पानीले तराईमा सिँचाइ र तराईको लगानीमा पहाडी क्षेत्रमा उद्योग बन्न थालेसँगै देशमा भौगोलिक सम्बन्ध र सामाजिक अपनत्व वृद्धि हुन्छ। तराई र पहाडबीच आर्थिक सहकार्य सुरु हुनासाथ राष्ट्रिय अर्थतन्त्र र राष्ट्रिय एकता निर्माणमा महत्त्वपूर्ण योगदान हुन सक्छ।

बहुदलीय व्यवस्थाको स्थापनासँगै जनताको विकासको चाहनामा तीव्रता आयो। त्यससँगै तत्कालीन सरकारले ग्रामीण र सहरी क्षेत्रमा बजेट विनियोजन बढाउँदै लग्यो। २०५१ सालमा नेकपा (एमाले) को नौ महिने सरकारले गाउँ विकासका लागि पहिलो लटमा ३ लाख र पछिल्लो वर्षदेखि ५ लाख रुपैयाँ बजेट पठाउन सुरु गऱ्यो। त्यसबाट देशव्यापी रूपमा विकासको गतिले तीव्रता लिन थाल्यो। गाउँका मजदुरहरूको ज्यालादरमा वृद्धि भयो। बहुदलीय लोकतान्त्रिक राजनीतिक पद्धति र त्यसले गरेको पुँजीको विकासका कारण नेपालमा परम्परागत गुजारामुखी, स्वतन्त्र कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रले लगातार विस्थापित गर्दै आयो। वस्तु विनिमयमा आधारित परम्परागत उत्पादन प्रणाली, ज्यालादर, अर्मपर्म प्रणालीलाई विस्थापित गरी क्रमश: मानिसहरू पुँजी उत्पादनको क्षेत्रमा आकर्षित हुन थाले, तराई र सहरी क्षेत्रमा बसाइँसराइको क्रम बढ्न थाल्यो।

यसरी भइरहेको परिवर्तनलाई सूक्ष्म रूपले अध्ययन गर्दै ज्यालादर वृद्धि र पहाडी क्षेत्रमा कृषि उत्पादन वृद्धिका लागि त्यहाँको परिवेशअनुसारको मेसिनको प्रयोग र उत्पादन लागत कटौती, मल, बीउ, सिँचाइ, वित्तीय सहयोग र बजार व्यवस्थापनजस्ता विषयमा सरकारी नीति बन्न नसक्दा पहाडी क्षेत्रमा कृषि पेसाप्रति किसानको विकर्षण बढ्न पुग्यो। २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् पहिलो आम निर्वाचनपछि बनेको नेपाली काङ्ग्रेस सरकारका अर्थमन्त्री महेश आचार्यले आव २०४८/४९ को बजेटमा तीनवटा संस्थानलाई निजीकरण गर्ने र पाँचवटा कृषि अनुसन्धान केन्द्रलाई बन्द गर्ने घोषणा गरे। यसरी कृषि क्षेत्रलाई निरुत्साहित गर्ने काम भयो। जबकि, कृषि उत्पादनलाई वृद्धि गर्न कृषि अनुसन्धानको ज्यादै महत्त्व थियो।

कृषिबाट पुँजी निर्माण गर्ने यो रूपान्तरणको अवस्थालाई बेवास्ता गर्नुहुँदैन। जनसङ्ख्याको सन्तुलन सबै क्षेत्रमा कायम गर्न सकेनौँ भने यसले अरू चुनौतीहरू निम्त्याउन सक्छ। यसलाई उचित समाधानका लागि लोकमार्ग एउटा बलियो विकल्प रहने देखिन्छ। यो मध्यपहाडी लोकमार्गको निर्माण सम्पन्न गर्न र सहरहरूको विकास गर्न सकेको खण्डमा हाल देखा परिरहेका युवाहरूको बेरोजगारी र पलायनको समस्यालाई सम्बोधन गरी समाधानको बाटो खोल्न मद्दत पुग्नेछ।

मध्यपहाडमा पूर्व–पश्चिम छिचोल्ने लोकमार्ग बनेसँगै त्यस क्षेत्रमा भएको पानीबाट बिजुली उत्पादन बढ्दै गएको छ। निजी व्यवसायीहरूले त्यसको नेतृत्व गरिरहेका छन्। यसलाई सरकार र साझेदारहरूको संलग्नतामा अझ ठुला परियोजनाहरू बनाउँदै विस्तार गर्नुपर्छ।

हामीले यात्राका क्रममा आफूले देखेका र स्थानीयबाट आएका समेत गरी विभिन्न माग र सुझाव तथा समग्र विकासको खाकासहित ७११ बुँदे मागसहितको ज्ञापनपत्र अध्यक्ष कमरेड केपी शर्मा ओलीको नेतृत्वको टोलीले प्रधानमन्त्री पुष्पकमल दाहाललाई बुझाएको छ। ती देशको विकास र जनताका समस्यासँग सम्बन्धित काम सरकारले बजेट विनियोजन गरी अगाडि बढाउनु आवश्यक हुन्छ।

नेकपा (एमाले) सरकारमा रहँदा जनताको पक्षमा धेरै वटा काम गरेको छ भने सरकारमा नरहँदा पनि जनताको आवश्यकताहरू सम्बोधन गरी पूरा गर्न अन्य सरकारहरूलाई घच्घच्याउन पछि परेको छैन। नेकपा (एमाले) सधैँ जनताका साथमा रहेको थियो, रहिरहेको छ र रहिरहनेछ।

●

६.

# बलियो राष्ट्रिय शक्तिको निर्माण



**शंकर पोखरेल**
महासचिव, नेकपा (एमाले)

१. लामो समयदेखि नेपालमा एउटा विषयमा विशेष चर्चा चलाउने प्रयास भइरहेको छ, नेपाल किन बन्न सकेन ? यो बहसले पनि नेपाली समाजमा अस्थिरताको विस्तार गर्ने काम गरेको छ। कुनै पनि राष्ट्रको समृद्धिका लागि के कुरा आवश्यक पर्छ भन्ने कुरामा यस प्रकारको बहसले खासै ध्यान पुऱ्याउन सकेको देखिँदैन। यस्तो बहसमा रुचि राख्ने अधिकांशले सबै राजनीतिक दलहरू उस्तै हुन् र सबै पुराना नेताहरू अयोग्य छन् भन्ने भाष्य निर्माण गर्न खोजेको देखिन्छ। यस प्रकारको भाष्य निर्माणका पछाडि नेपाललाई अस्थिरताको भुमरीमा धकेल्ने सुनियोजित प्रपञ्चले समेत काम गरेको देखिन्छ। राजनीतिक अस्थिरताका पछाडि नेपालको आन्तरिक राजनीतिको पनि एक हदसम्म भूमिका त रहेको छ तर त्योभन्दा महत्वपूर्ण प्रभाव नेपाललाई आफ्नो प्रभाव र दबाबमा राख्न खोज्ने विश्व राजनीतिको अन्तरसङ्घर्षको योगदान रहेको छ। यद्यपि, पछिल्लो समय जनचाहनाअनुरूप गठन भएको केपी शर्मा ओलीको नेतृत्वको सरकार जसले सापेक्षित रूपमा जनचाहनाअनुरूप काम गर्न खोजिरहेको थियो त्यसलाई षडयन्त्रपूर्ण तरिकाबाट हटाएर बनेको गठबन्धन सरकारका गलत नीति र प्रवृत्तिका कारणले मुलुकको आर्थिक–सामाजिक अवस्था थप सङ्कटग्रस्त बन्न पुगेपछि पनि यस प्रकारको प्रचारलाई बल पुगेको थियो। पछिल्लो समयमा सत्ता समीकरणमा परिवर्तन आएको छ। नीति र कार्यक्रमका क्षेत्रमा परिवर्तनको सुरुआत भने अझै भइसकेको छैन।

२. कुनै पनि राष्ट्रको विकास र समृद्धिका लागि तीन कुराको संयोजन अपरिहार्य मान्ने गरिन्छ। पहिलो दूरदर्शी नेतृत्व, दोस्रो बलियो राजनीतिक दल र तेस्रो राजनीतिक स्थायित्व। नेपालको सन्दर्भमा राजनीतिक स्थायित्वको प्रश्न सबैभन्दा चुनौतीको विषयका रूपमा रहेको छ। बहुदलीय व्यवस्थाको स्थापनाका ३४ वर्षमा मुलुकले २८ भन्दा बढी प्रधानमन्त्रीहरू बेहोरिसकेको छ। एउटा प्रधानमन्त्रीले औसतमा सवा वर्ष पनि काम गर्न पाएको छैन। विभागीय मन्त्रीहरूको कुरा गर्ने हो भने त्यो अझै निराशाजनक रहेको छ। हङ्ग पार्लियामेन्टको समयमा मन्त्री बनाउने कुरामा योग्यता क्षमता गौण विषय बन्ने गरेको छ। साना दलका प्रत्येक सांसदहरूलाई पालो पुऱ्याउने बाध्यता ती दलहरूलाई बनेको देखिन्छ। राजनीतिक स्थायित्वको अभावमा प्रमुख दलहरूले समेत आफ्नो नीतिका आधारमा सरकार सञ्चालन गर्न पाइरहेका छैनन्। नेतृत्वले पनि आफ्नो योजना र सोच अनुरूप योजनाबद्ध रूपमा काम गर्न पाइरहेको छैन। तर विचारको खेती गर्ने हाम्रा समाजका बुद्धिजीवीहरू यस्ता कुरामा कम ध्यान दिने गर्छन्। दाताहरूको चाहनाअनुरूपका अनुसन्धानका निष्कर्षलाई आफ्नो स्वतन्त्र विचारका रूपमा प्रस्तुत गर्ने गर्छन्। जसका कारणले आम जनतामा भ्रम सिर्जना हुनगई जनमतलाई नीतिका आधारमा ध्रुवीकृत गर्नबाट रोक्ने गरेको छ। यस्तो कुराले राष्ट्र निर्माणका सन्दर्भमा बलियो जनादेश प्रदान गर्नबाट प्रमुख दलहरू वञ्चित भएको देखिन्छ।

३. २०१५ सालमा सम्पन्न आम निर्वाचनलाई समेत आधार बनाउने हो भने नेपालमा २०४८, २०५१, २०५६, २०७४ र २०७९ गरी ६ वटा आम निर्वाचन सम्पन्न भएका छन्। संविधानसभाको दुईवटा चुनावलाई समेत जोड्ने हो भने आठवटा आम चुनाव सम्पन्न भएका छन्। तीनवटा चुनावमा नेपाली काङ्ग्रेसले र एउटा चुनावमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को गठबन्धनले बहुमत ल्याउन सकेको देखिन्छ। तर कुनै पनि चुनावबाट प्राप्त जनादेशअनुरूपको सरकारले पाँचवर्षे कार्यकाल पूरा गरेको देखिँदैन। नेतृत्वका हिसाबले हेर्ने हो भने एउटा जनादेशवाट एउटा पार्टीका एकभन्दा बढी व्यक्तिसमेत प्रधानमन्त्री बन्न पुगेको देखिन्छ। अहिलेसम्मको अवस्था हेर्ने हो भने नेपाली काङ्ग्रेसबाट पाँच जना जननिर्वाचित प्रधानमन्त्री बनेका छन्। नेकपा (एमाले) बाट चारजना जननिर्वाचित प्रधानमन्त्री भए। नेकपा (माओवादी केन्द्र) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट दुईजना जननिर्वाचित प्रधानमन्त्री बने। एउटै व्यक्ति दोहोरिएर तेहेरियर कतिपटक

प्रधानमन्त्री बने भन्ने कुराको लेखाजोखा नै छैन। त्यसको अर्थ पनि छैन। राजनीतिक अस्थिरताको परिणाम स्वरूप एउटै समयमा एउटै व्यक्तिले फरकफरक गठबन्धनको नेतृत्व गर्दै सरकारको नेतृत्व गरेको देखिन्छ। यस्तो अवस्थामा बनेका सरकारका नीति र कार्यक्रमले कुनै स्पष्ट दिशा र गन्तव्य पाउने अवस्था रहँदैन। नेपालमा आजसम्म सत्ता राजनीतिमा त्यही हुँदै आएको छ। नीतिविहीनतामा चलेको त्यस्ता सरकारहरूबाट मुलुकको विकास र समृद्धिको कल्पना गर्नु निरर्थक नै हुन्छ।

४. नेपालको राजनीतिमा सार्वभौमसत्ता लामो समयसम्म सामन्ती राजतन्त्रको अधीनस्थ रहेका कारणले पनि नेपालको लोकतान्त्रिक विकासले सही दिशा समात्न सकेन। दुनियाँमा एउटा राजनीतिक क्रान्तिपछि युगको परिवर्तन हुने गर्छ। तर, नेपालमा तीनवटा राजनीतिक क्रान्तिपछि पनि युग परिवर्तनको वास्तविक आभास नेपाली जनतालाई दिन सकिएको छैन। सात सालको राजनीतिक क्रान्ति जहानियाँ राणाशाहीविरुद्धको थियो, जतिबेला विश्वका अधिकांश मुलुकले सामन्तवादविरुद्धको क्रान्तिलाई अघि बढाइरहेका थिए। सात सालको राजनीतिक

*राजनीतिक अस्थिरताको परिणाम स्वरूप एउटै समयमा एउटै व्यक्तिले फरकफरक गठबन्धनको नेतृत्व गर्दै सरकारको नेतृत्व गरेको देखिन्छ। यस्तो अवस्थामा बनेका सरकारका नीति र कार्यक्रमले कुनै स्पष्ट दिशा र गन्तव्य पाउने अवस्था रहँदैन। नेपालमा आजसम्म सत्ता राजनीतिमा त्यही हुँदै आएको छ। नीतिविहीनतामा चलेको त्यस्ता सरकारहरूबाट मुलुकको विकास र समृद्धिको कल्पना गर्नु निरर्थक नै हुन्छ।*

क्रान्तिमा जनताभन्दा सामन्ती राजा बढी विजेता बनेर फर्किए। राजतन्त्रलाई स्थापित गर्न भारतको दबाबमा जसको विरुद्ध सशस्त्र क्रान्ति गरिएको थियो, उसैको नेतृत्वमा अन्तरिम सरकार गठन हुने विडम्बनापूर्ण अवस्था सिर्जना भयो। उक्त राजनीतिक क्रान्तिको नेतृत्व गरेको नेपाली काङ्ग्रेसको सम्झौतापरस्त नीतिका कारणले पनि उक्त क्रान्ति असफलतामा गएर टुङ्गियो। नेपालमा राजा महेन्द्रको नेतृत्वमा जननिर्वाचित सरकार र संसद्लाई विघटन गरेर मुलुकमा निरङ्कुश राजतन्त्रको सुरुआत गरियो। २०४६ सालमा वाममोर्चा र नेपाली काङ्ग्रेसको नेतृत्वको संयुक्त जनआन्दोलनले सफलता हासिल गरेपछि गठन भएको संविधान सुझाव आयोगमा नेपाली काङ्ग्रेसका प्रतिनिधि र राजाका प्रतिनिधिहरू मिलेर वाममोर्चाका प्रतिनिधिहरूलाई एक्ल्याउँदा संविधान पूर्णत: लोकतान्त्रिक बन्न सकेन। जसको जगमा राजतन्त्रलाई पुन: सक्रिय बनाउने उद्देश्यअनुरूप दरबारभित्र षड्यन्त्रपूर्ण राजनीतिक शक्तिसङ्घर्ष सुरु भयो। जुन शक्ति सङ्घर्षमा तुलनात्मक रूपमा उदार मानिने राजा वीरेन्द्रको वंश विनाश भयो र अधिराजकुमार ज्ञानेन्द्र निरङ्कुश राजा बन्न पुगे। यसका विरुद्धको आन्दोलनका क्रममा नेपालका लोकतान्त्रिक शक्तिहरूले बाध्य भएर सशस्त्र सङ्घर्षको नेतृत्व गरिरहेको माओवादी उग्रवामपन्थ सम्झौता गर्नुपर्ने परिस्थिति सिर्जना भयो। माओवादीलाई शान्ति प्रक्रियामा ल्याउने नाममा गरिएका लोकतान्त्रिक मूल्यमान्यताप्रति गरिएको सम्झौताले पनि नेपालको राजनीतिलाई अस्थिर बनाउने काम गरेको छ।

९. नेपालको लोकतान्त्रिक आन्दोलनका मुख्य शक्ति कम्युनिस्ट र काङ्ग्रेस नै रहे। लोकतान्त्रिक आन्दोलनको सुरुवातका समयमा वामपन्थी र बुर्जुवा शक्तिका रूपमा कुनै स्पष्ट विभाजन भएको थिएन। दुवै वर्ग र सोचका व्यक्तिहरू प्रजापरिषद्को आन्दोलनको वरिपरि केन्द्रित थिए। जब नेपालको राजनीति वैचारिक रूपमा ध्रुवीकृत भयो, त्यसपछि नेपालको लोकतान्त्रिक राजनीति कम्युनिस्ट र काङ्ग्रेसका वरिपरि ध्रुवीकृत छ। यसरी नेपालको राजनीतिक आन्दोलनको नेतृत्व गरेका यी दुवै शक्तिहरू झन्डै ६ दशकसम्म राज्यका विरुद्धको विद्रोही शक्तिका रूपमा रहे। उनीहरूले भारत प्रवास र भूमिगत राजनीतिका माध्यमबाट राज्य व्यवस्थाका विरुद्धमा नेपाली जनतालाई परिचालित गरिरहे। यसले नेपाली समाजको सचेत तप्का सदैव राज्यका विरुद्धमा उभिँदै आयो। बैसट्ठी त्रिसट्ठीको ऐतिहासिक जनआन्दोलनको सफलतापछि सार्वभौमसत्ता जनताको हातमा आएपछि राजनीतिक दलहरू राज्यको

पक्षको भूमिकामा आइपुगेका छन्। संविधानसभाबाट नयाँ संविधान जारी भएको पनि एक दशक पूरा भएको छ। तर राजनीतिक दलहरूले आफूलाई लोकतान्त्रिक राज्यको पक्षका रूपमा र नेपाली जनतालाई लोकतान्त्रिक राज्यको संरक्षकका रूपमा स्थापित गर्न नसक्दा राज्यविरुद्धको विद्रोही मनोविज्ञानको दुरुपयोग हुन खोजिरहेको छ। यतिबेला नेपाली समाजमा सामाजिक अराजकता विद्यमान छ र त्यसले नेपाली समाजलाई थप अस्थिर बनाउने काम गरिरहेको छ। राजनीतिक क्रान्तिका कार्यभार पूरा गर्न आवश्यक राजनीतिक स्थायित्वको अभावमा अराजकतावादी तत्वहरू सक्रिय बन्न पुगेका छन्। नेपाली जनतामा तीनका गतिविधिले पनि भ्रम सिर्जना गरिरहेको छ। लोकतान्त्रिक राज्यमा राज्य र नागरिकका बीचमा हुनुपर्ने जीवन्त सम्बन्धको विकास हुन दिइएको छैन। राजनीतिक स्थायित्व अपरिहार्य बनेको बेलामा अस्थिरता र अराजकता सिर्जना गर्न खोज्नेहरूप्रति जनमत आकर्षित हुने अवस्था कायम रहनु विडम्बनापूर्ण स्थिति हो।

६. सामन्ती राजतन्त्रको समयमा वा जहानियाँ राणाशासनका समयमा मुलुकको स्थायित्वको आधारका रूपमा राजा–महाराजाहरूलाई लिने गरिन्थ्यो। राणाशाही अन्त्यपछि स्थायित्वको आधारका रूपमा लोकतान्त्रिक व्यवस्थालाई स्थापित नगरी पुन: राजतन्त्रलाई स्थापित गर्ने काम भयो। लोकतान्त्रिक शक्तिहरूले अधिकारविहीन बन्न पुगेको राजसंस्थालाई पूर्ण संवैधानिक हुने विश्वासमा पुन: गद्दीमा स्थापित गर्ने काम गरे। तर पछौटे उत्पादन सम्बन्धको बोलवाला भएको सामन्ती समाजमा राजतन्त्र संवैधानिक हुने अवस्था रहँदैनथ्यो। त्यही भएर राजा महेन्द्र र ज्ञानेन्द्रले जनआन्दोलनको उपलब्धिहरूलाई खोसेर मुलुकलाई पुन: निरङ्कुशता र सामन्ती अधिनायकतिर फर्काउने काम गरे। जसका विरुद्धमा नेपालका राजनीतिक दलहरूले लामो समयसम्म कठिन र बलिदानीपूर्ण सङ्घर्षको नेतृत्व गर्नुपर्‍यो। यतिबेला शान्तिपूर्ण रूपमा जनआन्दोलन र जनअभिमतका माध्यमबाट सामन्ती राजतन्त्र उन्मूलन भएको छ। नेपाली जनता पूर्णरूपमा सर्वभौमसत्ता सम्पन्न भएका छन्। जन सार्वभौमसत्ताको प्रयोग गर्दै मुलुकको स्वाधीनता, स्वाभिमान र राष्ट्रिय हितको जगेर्ना गर्दै विकास र समृद्धिका लागि राजनीतिक स्थायित्व निर्माण गर्ने दायित्व नेपालका राजनीतिक दलहरूको काँधमा आएको छ। तर, नेपालका राजनीतिक दलहरू अहिलेसम्म त्यस प्रकारको भूमिकाका लागि सक्षम भइसकेका छैनन्। जनताबाट उनीहरूले आवश्यकताअनुरूपको जनादेश पाउन

सकेका छैनन्। अहिलेसम्म नेपालका राजनीतिक दलहरूले आफूलाई जनताको अभिमतका दृष्टिकोणबाट बलियो राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्न सकेका छैनन् । संविधानसभाबाट बनेको नयाँ संविधान अन्तर्गतका दुवै चुनावमा राजनीतिक दलहरूले जनमतको एकतिहाई हिस्सालाई आफ्नो पक्षमा आकर्षित गर्न सकेको देखिँदैन । जबकि, दुनियाँको संसदीय लोकतन्त्रमा प्रमुख दलहरूले ४० प्रतिशतभन्दा माथिको लोकप्रिय मत प्राप्त गरेको देखिन्छ ।

७. राजनीतिक स्थायित्वका लागि वर्तमान संविधानसमेत बाधक रहेको बताउने गरेको पाइन्छ । खासगरी समानुपातिक प्रतिनिधित्वको व्यवस्थाका कारणले बहुमत सम्भव नरहेको बताउने गरिन्छ । तर समानुपातिकभित्र पनि बहुमत आउने अवस्था सिर्जना गर्न सकिन्छ। अहिलेकै अवस्थामा यदि थ्रेसहोल्ड ५ प्रतिशत राखेको भए थप तीनवटा राजनीतिक दल समानुपातिकबाट वञ्चित हुने थिए र त्यसको मत बाँकी दलहरूमा सर्ने थियो । प्रदेशसभामा अझ १.५ प्रतिशतको थ्रेसहोल्ड राखिएका कारणले प्रदेशसभा अझ कमजोर बन्न पुगेको अवस्था छ। तर, नागरिकहरू सचेत र नीतिका आधारमा ध्रुवीकृत हुने हो भने यही संविधानभित्र पनि राजनीतिक स्थायित्व सम्भव देखिन्छ। तर त्यसका लागि प्रमुख दलहरूले ४० प्रतिशतको हाराहारीमा जनमतलाई ध्रुवीकृत गर्न सक्नुपर्छ । दुनियाँको संसदीय लोकतान्त्रिक अभ्यासमा यस्तो कुरा सहजै सम्भव भएको देखिन्छ । यति हुन सक्यो भने अहिलेको अवस्थामा राष्ट्रिय पार्टीको सङ्ख्या ८ बाट ४ मा झार्न सकिन्छ। भविष्यमा त्यो सङ्ख्या क्रमश: समृद्ध लोकतान्त्रिक व्यवस्थामा जस्तो २/३ मा सीमित गर्न सकिन्छ। नेपालमा जति धेरै राजनीतिक दलहरू अस्तित्वमा रहन्छन्, त्यति धेरै जनमत विभाजित हुन्छ र अस्थिरता कायम रहिरहन्छ । थ्रेसहोल्डका विषय कानुनको विषय भएका कारणले प्रमुख दलहरूले आँट गरेर भए पनि त्यसलाई कम्तीमा ५ प्रतिशतमा पुऱ्याउन सक्नुपर्छ। कतिपय मुलुकमा त १० प्रतिशतसम्म कायम गरेको देखिन्छ । मिश्रित चुनाव प्रणालीमा स्थायित्वका लागि यस प्रकारका उपाय समेत प्रयोगमा ल्याउन सकिन्छ। तर, मुख्य कुरा नीतिगत मुद्दामा आधारित भएर जनमतलाई ध्रुवीकरण गर्ने कुरा नै हो ।

८. कतिपयले मुलुकमा राजनीतिक स्थायित्वका लागि प्रमुख दुई दलका बीचमा राजनीतिक ध्रुवीकरण गर्नु आवश्यक छ भन्ने कुरालाई जबजको

मान्यताविपरीत भनेर पनि टिप्पणी गर्ने गरेका छन्। आजको समाजमा विचारका आधारमा राजनीतिक ध्रुवीकरण गर्ने हो भने दुई विचारका वरिपरि नै राजनीतिक दलहरू ध्रुवीकरण हुनु अनिवार्य छ। एउटा ध्रुव पुँजीवादको पक्षमा अर्को ध्रुव समाजवादका पक्षमा। आजको विश्व व्यवस्था मूलत: यी दुई मान्यताका वरिपरि नै घुमिरहेको छ। पुँजीवाद आजको विश्व व्यवस्थाको मूल प्रवृत्ति हो। आजको युग समाजवादी क्रान्तिको युग हो। यथास्थितिवादीहरू पुँजीवादी क्याम्पका पक्षमा उभिनु र समाजवादीहरू विश्व व्यवस्था र सामाजिक व्यवस्थालाई बदल्न क्रियाशील हुनु अनिवार्य छ। जनताको बहुदलीय जनवादले शान्तिपूर्ण र वैधानिक बाटोबाट समाजवाद निर्माण गर्न सकिन्छ भन्ने मान्यता राख्ने भएकाले त्यसले समाजवादको पैरवी गर्छ। यसका लागि उसले प्रतिस्पर्धा र पहलकदमीका आधारमा नेतृत्व हासिल गर्न सकिन्छ भन्ने मान्यता राख्दै आएको छ। विचारका आधारमा राजनीतिलाई ध्रुवीकरण गर्न सकिन्छ भन्नुको अर्थ अन्य दलहरू त्यसका लागि प्रतिस्पर्धामा आउने कानुनी बाटो रोक्ने भन्ने कुरा उचित हुँदैन। हाम्रो संविधानले पनि दल खोल्ने

*नागरिकहरू सचेत र नीतिका आधारमा ध्रुवीकृत हुने हो भने यही संविधानभित्र पनि राजनीतिक स्थायित्व सम्भव देखिन्छ। तर त्यसका लागि प्रमुख दलहरूले ४० प्रतिशतको हाराहारीमा जनमतलाई ध्रुवीकृत गर्न सक्नुपर्छ। दुनियाँको संसदीय लोकतान्त्रिक अभ्यासमा यस्तो कुरा सहजै सम्भव भएको देखिन्छ। यति हुन सक्यो भने अहिलेको अवस्थामा राष्ट्रिय पार्टीको सङ्ख्या ८ बाट ४ मा झार्न सकिन्छ।*

अधिकार प्रदान गरेकै छ। तर राजनीतिक स्थायित्वका लागि जनताका सचेतनता आवश्यक छ। त्यो सचेतनता निर्माण गर्नु प्रमुख दलहरूको कर्तव्यसमेत हो।

९. यतिबेला नेकपा (एमाले) बलियो र निर्णायक शक्तिका रूपमा आफूलाई सुदृढ गर्ने योजनाका साथ अघि बढिरहेको छ। माथि नै चर्चा गरिएको छ, यतिबेलाको समाज पुँजीवाद कि समाजवाद भन्ने बहसको वरिपरि केन्द्रित छ। यसरी समाजलाई ध्रुवीकरण गर्दा नेकपा (एमाले) को नजिक श्रमजीवी वर्ग र नेपाली काङ्ग्रेसको नजिक पुँजीपति वर्ग मात्र केन्द्रित भएर मात्र समाजले स्थायित्व पाउन सक्दैन। राजनीतिक ध्रुवीकरणको विषय वर्ग दृष्टिकोणसँग सम्बन्धित विषयसमेत भएकाले समाजका अन्य वर्गतप्कासमेत यस बहसको वरिपरि केन्द्रित हुनु अनिवार्य छ। तर, नेपालमा लामो समय राजनीतिक दलहरूले प्रतिबन्धको सामना गर्नुपरेको र एउटा दल विचारका आधारमा समाजका सबै तप्कामा पुग्ने अवस्थासमेत नरहेकाले धेरै राजनीतिक दलहरू अस्तित्वमा रहनु र ती दलहरू निश्चित भौगोलिक क्षेत्रमा केन्द्रित रहने अवस्था रह्यो। निरङ्कुशता र तानाशाही व्यवस्थाका विरुद्धको आन्दोलनमा ती आन्दोलनका अगुवा र समर्थकहरू दमनको सिकारसमेत हुनुपरेका कारणले जनमत अनेक दलहरूका बीचमा भावनात्मक रूपमा समेत विभाजित हुने अवस्था रह्यो। यही र यस्तै कारणले नेपालको राजनीतिमा धेरै राजनीतिक दलहरू अस्तित्वमा छन्। निश्चित जनमतलाई प्रभावमा पार्नसमेत सफल छन्। अब राजनीतिक व्यवस्थाको परिवर्तनको आन्दोलन समाप्त भएको र नीतिका आधारमा राष्ट्रव्यापी रूपमा पुग्न सकिने आधार सिर्जना भएका कारणले अब नयाँ सिराबाट राजनीतिलाई ध्रुवीकरण गर्नु अपरिहार्य छ।

१०. यतिबेला पुरानाले सकेनन्, नयाँलाई रोज्नुपर्छ भनेर अस्थिरतालाई मलजल गर्ने प्रवृत्ति झनै मौलाएको छ। नयाँमा मान्यतामा पनि विचारको स्थायित्व देखिँदैन। कुनै समय विवेकशील साझाका नाममा नयाँ जनमत सिर्जना गर्ने कोसिस गरियो। पछि दलहरूको विकल्पका रूपमा दलहरू होइन, स्वतन्त्रलाई भोट हालौँ भन्ने अभियानसमेत चलाइयो। आम चुनावको बेलामा स्वतन्त्रले कसरी कार्यकारी भूमिका पाउन सक्छन् भन्ने प्रश्न खडा भएपछि स्वतन्त्रका नाममा पार्टी खडा गरियो। स्वतन्त्र पार्टीको नेतृत्वको विगतको पृष्ठभूमि र उनीहरूको क्रियाकलापका बारेमा बहस हुन थालेपछि अब वास्तविक स्वतन्त्रहरूको अलग्गै

पार्टी खोल्ने भनेर चर्चा चलाउने प्रयास भइरहेको छ। यसप्रकारको क्रियाकलापहरू सही विकल्प होइनन् र हुन सक्दैनन्। लामो लोकतान्त्रिक व्यवस्थाको अभ्यास गरेका मुलुकहरूमा नीति र नेतृत्वका विकल्प पुराना पार्टीहरूभित्रै खोज्ने प्रचलन स्थापित भएको देखिन्छ। अमेरिकी लोकतन्त्र डेमोक्रेट र रिपब्लिकनको वरिपरि घुमिरहेको छ। त्यहीभित्र नै नीतिको बहस त्यहीभित्र नेतृत्वको बहस हुने गरेको छ र विकल्प पनि प्राप्त भएको अनुभूति त्यहाँको समाजले गरिरहेको देखिन्छ। संसदीय लोकतन्त्रको जननी मानिने ब्रिटेनमा लेबर पार्टी र कन्जरभेटिभ पार्टीको वरिपरि नै राजनीति अघि बढिरहेको छ। नीति र नेतृत्वका विकल्प त्यहीभित्र खोज्ने गरिएको छ। बाहिरबाट विकल्प खोज्ने प्रयास ती मुलुकमा पनि नभएका होइनन्। तर ती लामो समयसम्म कायम रहेको देखिन्न।

११. विकास र समृद्धिको कोणबाट हेर्ने हो भने दलहरूका बीचको गठबन्धनबाट देश बनेको देखिँदैन। राजनीतिक परिवर्तनको आन्दोलनमा दलहरूका बीचको गठबन्धन वा मोर्चा प्रभावकारी भएको देखिन्छ। हाम्रो मुलुकको राजनीतिक परिवर्तनको आन्दोलनमा दलहरू मिलेर नै सफलता हासिल गरेका छन्। तर राजनीतिक परिवर्तनपछि त्यसलाई संस्थागत गर्ने प्रक्रियामा नेपालमा राजनीतिक दलहरू चुक्ने गरेका छन्। विशेषगरी नेपालको राजनीतिक परिवर्तनको आन्दोलनमा सदैव साथ देखिने गरेको नेपाली काङ्ग्रेसले परिवर्तनका उपलब्धिहरूलाई संस्थागत गर्ने क्रममा भने सदैव सम्झौतापरस्त नीति लिँदै आएको र त्यसको जगमा नै मुलकमा प्रतिगमन हुने गरेको छ। २००७ सालको राजनीतिक क्रान्ति सफलताको बिन्दुमा पुगेको बेलामा जसका विरुद्ध आन्दोलनको नेतृत्व गरेको हो, उसैसँग सम्झौता गर्ने नीति लियो। आन्दोलनको नेतृत्व गर्ने मुक्तिसेनाको असन्तुष्टिलाई दमनबाट नियन्त्रण गर्ने बाटो लियो। राजा त्रिभुवन आफैले घोषणा गरेको जनताबाट चुनिएका प्रतिनिधिहरूबाट बनेको संविधानबाट शासन गर्ने मान्यताबाट विमुख भएर राजाले जारी गरेको संविधानअन्तर्गतको संसदीय चुनावमा भाग लिन पुग्यो। चुनावमा उसले महत्त्वपूर्ण सफलता त हासिल गऱ्यो तर त्यसलाई उसले जोगाउन सकेन र २०१७ सालमा लोकतन्त्र नै हरण हुन पुग्यो। लोकतन्त्र हरणको माध्यम पनि राजाबाट जारी गरिएको संविधानलाई नै बनाइयो। २०४६ सालको जनआन्दोलनपछि पनि संविधान निर्माणका प्रश्नमा नेपाली काङ्ग्रेसले राजाका प्रतिनिधिसँग सहमति गरेर वाममोर्चाका प्रतिनिधिलाई एक्ल्याउने काम गऱ्यो। आधुनिक लोकतन्त्रमा सार्वभौमसत्ता श्री ५ र

नेपाली जनतामा निहित रहने मान्यताका बीचबाट नै दरबारभित्र शक्ति सङ्घर्ष भयो र राजा वीरेन्द्रको वंश विनाशसँगै अधिराजकुमार ज्ञानेन्द्र शक्तिमा आउन सफल भए। उनले पनि त्यही संविधानको कमजोरीमा टेकेर २०४६ सालको जनआन्दोलनका उपलब्धिलाई खोस्ने काम गरे। २०६२/६३ को ऐतिहासिक जनआन्दोलनपछि नेपाली काङ्ग्रेसको नीति दुई कम्युनिस्ट पार्टीका बीचमा द्वन्द्व सिर्जना गरेर आफ्नो हितलाई सुरक्षित गर्ने रह्यो। आजसम्म पनि नेपाली राजनीति त्यसकै सिकार हुँदै आएको छ।

१२. माथि नै उल्लेख गरिएको छ, सामन्ती निरङ्कुशताको समयमा स्थायित्वको आधारका रूपमा राजसंस्थालाई लिने गरियो। लोकतन्त्रमा सार्वभौमसत्ताको मालिक जनता हुन्छन्। तर जनता आफैले सार्वभौमसत्ताको प्रत्यक्ष प्रयोग गरिरहेका हुँदैनन्। जनताले आफूमा निहित सार्वभौमसत्ताको प्रयोगका लागि निर्वाचनका माध्यमबाट राजनीतिक दलहरूलाई आवधिक रूपमा हस्तान्तरण गर्छन्। जुन राजनीतिक दलले बहुमत प्राप्त गर्छ उसले नै आफूले जनतामा लगेर अनुमोदन भएको नीतिका आधारमा शासन गर्ने गर्छ। त्यस अर्थमा स्थायित्वको आधार भनेका सचेत जनता र बलिया राजनीतिक दलहरू नै हुन्। नेपालमा यतिवेला नेकपा (एमाले) र नेपाली काङ्ग्रेस सापेक्षित रूपमा बलिया दल त हुन्। तर, राष्ट्रिय आवश्यकताका दृष्टिकोणबाट यी दुवै दल अझै कमजोर छन्। नेपाली काङ्ग्रेसको संस्थापन पक्ष अझै पनि नीतिका आधारमा बलियो राष्ट्रिय शक्तिका रूपमा विकास गर्न सकिन्छ भन्ने मान्यतामा विश्वास गर्दैन। २०७९ को जनादेश न गठबन्धन न त नेकपा (एमाले) का पक्षमा आएपछि एमालेले लगातार राजनीतिक स्थायित्वका लागि बलियो राष्ट्रिय शक्तिका रूपमा पार्टीको सुदृढीकरणका पक्षमा जोड दिँदै आएको छ। अहिले नयाँ समीकरण अन्तर्गतको संयुक्त सरकारमा सहभागी भए पनि उक्त नीतिमा कायम नै छ।

१३. कुनै राजनीतिक दल बलियो राष्ट्रिय शक्तिका रूपमा स्थापित हुन नीति, नेतृत्व र सङ्गठनमा ध्यान दिनुपर्ने हुन्छ। नीतिगत रूपमा नेकपा (एमाले) जननेता मदन भण्डारीको अगुवाइमा प्रतिपादित जनताको बहुदलीय जनवादको मार्गदर्शनमा अघि बढिरहेको छ। ०६२/६३ को ऐतिहासिक जनआन्दोलनका माध्यमबाट राजनीतिक क्रान्ति सम्पन्न भएपछि कतिपयले जनताको बहुदलीय

जनवादको सान्दर्भिकता सकिएको भनेर भ्रम सिर्जना गर्ने कोसिससमेत भयो। तर जनताको बहुदलीय जनवादका थप १४ विशेषतामा नै विद्यमान अवस्थामा कसरी अघि बढ्ने भन्ने स्पष्ट मार्गदर्शन पाउन सकिन्छ। जनताको जनवादी व्यवस्थाको सुदृढीकरण भन्ने विशेषतामा राजनीतिक क्रान्तिपछि समाजवादमा पुग्न अपेक्षाकृत रूपमा लामो समय लाग्ने कुरा अघि सारिएको छ र समाजवादसम्म पुग्न तीन विशेष अवधि पूरा गर्नुपर्ने स्पष्ट मान्यता अघि सारिएको छ। पहिलो, पुरानो समाज व्यवस्थाको अवशेषलाई समूल रूपमा अन्त्य गर्ने अवधि। दोस्रो, राजनीतिक क्रान्तिपछि बदलिएको उत्पादन सम्बन्धलाई आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा विकास गर्ने अवधि। तेस्रो, समाजवादको सङ्क्रमणको तयारीको अवधि। यो अवस्थालाई हाम्रो पार्टीले जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समाजवादको आधार तयार गर्ने विषयका रूपमा आत्मसात् गर्दै आएको छ। हाम्रो पार्टीको सरकार रहँदा उक्त मान्यतालाई समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षाका रूपमा सूत्रबद्ध गरिएको छ। यस अर्थमा नेकपा (एमाले) सँग आफ्नो मौलिक र जीवन्त

*नेपाली काङ्ग्रेसको संस्थापन पक्ष अझै पनि नीतिका आधारमा बलियो राष्ट्रिय शक्तिका रूपमा विकास गर्न सकिन्छ भन्ने मान्यतामा विश्वास गर्दैन। २०७९ को जनादेश न गठबन्धन न त नेकपा (एमाले) का पक्षमा आएपछि एमालेले लगातार राजनीतिक स्थायित्वका लागि बलियो राष्ट्रिय शक्तिका रूपमा पार्टीको सुदृढीकरणका पक्षमा जोड दिँदै आएको छ। अहिले नयाँ समीकरण अन्तर्गतको संयुक्त सरकारमा सहभागी भए पनि उक्त नीतिमा कायम नै छ।*

नीति छ। नेतृत्वका हिसाबले नेपाली राजनीतिमा सर्वाधिक स्वीकार्य नेतृत्व छ। सङ्गठनका दृष्टिकोणबाट नेकपा (एमाले) अरूभन्दा व्यवस्थित छ। तर पनि नेपाली जनमतलाई राष्ट्रिय आवश्यकताअनुरूप अझै ध्रुवीकृत गर्न सकिएको छैन। आजको यथार्थता यही हो।

१४. बलियो राष्ट्रिय शक्तिका रूपमा नेकपा (एमाले) लाई निर्णायक बनाउन पहिलो कुरा त नेकपा (एमाले) पङ्क्तिलाई वैचारिक र राजनीतिक रूपमा प्रशिक्षित गरिनुपर्छ। वैचारिक राजनीतिक कामको अभावमा अवसरवाद मौलाउँदो रहेछ भन्ने भन्ने कुरा हाम्रो आफ्नै जीवनमा हामीले भोगेको सत्य हो। पार्टीको दसौँ राष्ट्रिय महाधिवेशनले दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकतालाई जनआधारित क्रान्तिकारी पार्टी निर्माणको मुख्य चुनौती मानेको। नेकपा कालमा सङ्गठनात्मक जीवन अस्तव्यस्त बन्न पुगेको थियो। यतिबेला त्यसलाई व्यवस्थित गर्ने प्रक्रिया अघि बढेको छ। पार्टीलाई सुदृढ र बलियो बनाउने हो भने समाजका सबै भौगोलिक क्षेत्र, समुदाय र तप्कामा पार्टीको योजनाबद्ध विकास गर्नु आवश्यक छ। यसका लागि कुल मतदाताका ६ प्रतिशत पार्टी सदस्य पुऱ्याउने र प्रत्येक वडामा कम्तीमा ३ प्रतिशत पार्टी सदस्य पुऱ्याउने नीतिका साथ पार्टी अघि वढिरहेको छ। अर्कोतिर वैचारिक र राजनीतिक रूपमा पार्टीको नजिक रहेका अन्य पार्टीका इमानदार कार्यकर्तालाई पार्टी प्रवेशको नीतिअन्तर्गत आबद्ध गर्नुपर्छ। अब ससाना वामपन्थी दलहरूका माध्यमबाट वाम जनमतलाई विभाजित हुने अवस्था अन्त्य गरिनुपर्छ। पार्टी प्रवेश र राजनीतिक ध्रुवीकरणमा जोड दिएर जनमतलाई विस्तार गर्ने कुरामा समेत ध्यान दिनुपर्छ।

१५. पार्टीलाई निर्णायक र बलियो राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्न समाजका हरेक क्षेत्रले हाम्रो पार्टीको देशभक्तिपूर्ण भावना, विकास र समृद्धिको योजना र सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य व्यवस्थाप्रति विश्वास र भरोसा गर्ने स्थिति सिर्जना गर्नुपर्छ। देशको स्वाधीनता, स्वाभिमान र राष्ट्रिय हितको संरक्षणको नीतिबाट नै आम जनतालाई पार्टीको वरिपरि आम जनतालाई जोड्न सकिन्छ। यो मामिलामा विगतमा हामीले खेलेको भूमिकाका आधारमा पनि विश्वासको वातावरण बन्न सक्छ। विकास र समृद्धिका प्रश्नमा हामी

योजनाबद्ध र प्रभावकारीसमेत रह्यौँ। तर नेकपाभित्रको अन्तरकलहले त्यो आम जनताका बीचमा पुग्न सकेन। सामाजिक सुरक्षाको अवधारणामा पार्टी स्थापित त छ तर नयाँ पुस्ताले त्यसको महत्त्वलाई बुझ्न सकिरहेको छैन। पछिल्लो समयमा पार्टी नेतृत्वको सरकार अघि बढाएको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको महत्त्व पार्टीभित्रकै ठुलो पङ्क्तिले समेत बुझ्न सकेको छैन। यस्ता कुरामा सुधार हुनु आवश्यक छ। त्यसमाथि पार्टीले बनाएको योजनाहरूको सफल कार्यान्वयन हुन नसक्दा जनतामा अविश्वास सिर्जना हुने गरेको छ। विगतदेखि नै भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासको समस्या तथा गुठी समस्याको समाधानका लागि पार्टीले अग्रसरता लिँदै आएको थियो। समस्या समाधानका लागि गठन गरिएका आयोगहरूलाई अदालतले विघटन गरिदिने र कानुन बनाएर काम गर्न खोज्दा ढिलो हुन गई सरकार नै परिवर्तन हुँदा त्यो समुदाय पार्टीबाट टाढिने स्थिति बन्यो। गुठी समस्याको समाधान गर्न खोज्दा राजधानीका गुठीको विशिष्ट प्रकृति बुझ्न नसक्दा सकारविरुद्ध नै आन्दोलनको स्थिति उत्पन्न भयो। यस्ता कुराबाट पनि जनमत विस्तारमा बाधा पुगेको देखिन्छ। तसर्थ, योजनाबद्ध र व्यवस्थित ढङ्गले कामलाई अघि बढाउन राज्यका सबै अङ्गको सहयोग जुटाउने हिसाबले अघि बढ्न सक्नुपर्छ। समाजमा राजनीति र विचारधाराबाट निरपेक्ष एउटा ठुलो पङ्क्ति

*नेकपा (एमाले) सँग आफ्नो मौलिक र जीवन्त नीति छ। नेतृत्वका हिसाबले नेपाली राजनीतिमा सर्वाधिक स्वीकार्य नेतृत्व छ। सङ्गठनका दृष्टिकोणबाट नेकपा (एमाले) अरूभन्दा व्यवस्थित छ। तर पनि नेपाली जनमतलाई राष्ट्रिय आवश्यकताअनुरूप अझै ध्रुवीकृत गर्न सकिएको छैन। आजको यथार्थता यही हो।*

रहने गर्छ। जसलाई राजनीतिको भाषामा तटस्थ मतदाता भने भन्ने गरिन्छ। बलियो राष्ट्रिय शक्तिको निर्माणका लागि त्यसको ठुलो हिस्सालाई आफ्नो वरिपरि ल्याउने काम गर्नुपर्छ। यतिबेला हाम्रो समाजमा स्थिरता र स्थायित्व कठिन जस्तो लाग्न सक्छ। दुनियाँका विकसित लोकतान्त्रिक मुलुकहरू पनि यस्तै अवस्थाबाट गुज्रेर नै आजको अवस्थामा आइपुगेका हुन्। तसर्थ, हामीले अबको हाम्रो कार्यभारलाई यसै दिशातर्फ केन्द्रित गर्नुपर्छ। देश किन बनेन भनेर चिन्ता मात्र गर्ने होइन, देश बनाउने बलियो आधार जुटाउने कुरामा सबै सहभागी बन्नुपर्छ। त्यो भनेको नेपालमा बलिया राजनीतिक दलहरूको निर्माण र नेकपा (एमाले) लाई आगामी निर्वाचनमा बलियो निर्णायक शक्तिका रूपमा सुदृढ गर्ने कुरा हो।

●

७

# सामाजिक–सांस्कृतिक वैभव एवम् वैविध्यको खानी : मध्यपहाड



**प्रदीप ज्ञवाली**
उपमहासचिव, नेकपा (एमाले)

‘झुलाघाट–चिवाभन्ज्याङ: समृद्धिका लागि सङ्कल्प यात्रा’ समापन भएको पनि लामै समय बितिसकेको छ। तर, नेकपा (एमाले) द्वारा सञ्चालित यस अभियानका परिचर्चा, पदचिह्न र प्रभावहरू अझै पनि जीवन्त छन्। मङ्सिरको चिसो, औसतमा २ हजार मिटरभन्दा माथिको उचाइ, स्थायी रूपमा सयौँ र दैनिक रूपमा हजारौँको अविरल यात्रा र प्रत्यक्ष रूपमै झन्डै १० लाख नागरिक जोडिएको यो तीन साता अवधिको एवम् दुई हजार किलोमिटरभन्दा लामो ‘लङ मार्च’ समकालीन नेपालकै एउटा महत्त्वपूर्ण परिघटना थियो।

यस यात्राको परिकल्पना गत वैशाखमा सम्पन्न केन्द्रीय कमिटीको पाँचौँ बैठकबाट पारित वार्षिक कार्ययोजनामा समावेश गरिएको थियो। सोही कार्ययोजनाका आधारमा केन्द्रीय कमिटीको छैटौँ बैठकले यस अभियानको सान्दर्भिकता र सन्देशका रूपमा ६ वटा विषयहरू निर्धारित गरेको थियो–

(क) एकातिर विकासका योजनाहरू पहाड चढ्दै जाने, अर्कातिर पहाडबाट जनसङ्ख्याको ठुलो हिस्सा तराई, सहर हुँदै बिदेसिँदै जाने आजको हाम्रो अर्थ–राजनीतिको सर्वाधिक जटिल प्रश्न र चुनौती बनेको छ। यसका कारणहरू पहिल्याउने अनि समस्या कहाँ छन् ? किन पूर्वाधार

र उत्पादनको विषय जोडिन सकेको छैन ? हाम्रो विकास र पूर्वाधार निर्माणको ढाँचामा नै पो कुनै समस्या छन् कि ? यदि छन् भने तिनको समाधान कसरी गर्न सकिन्छ ? पहाडलाई विकास र समृद्धिको नमुना कसरी बनाउन सकिन्छ ? यी र यस्ता प्रश्नको जवाफ खोज्ने ।

(ख) नेपालको सर्वाधिक ठुलो भूभाग समेट्ने, जनसङ्ख्याको उल्लेख्य बसोबास रहेको, जैविक विविधताका दृष्टिले समृद्ध र जलस्रोतको भण्डारका रूपमा रहेको, फलफूल, तरकारी र जडीबुटीजन्य कृषिको केन्द्र रहेको, सामाजिक–सांस्कृतिक विविधता, जातीय सद्भावजस्ता विशेषता बोकेको, राजनीतिक परिवर्तन र सामाजिक जागरणका क्षेत्रमा ऐतिहासिक भूमिका खेल्दै आएको पहाड पछिल्लो समय तीव्र बसाइँसराइको मारमा छ । यसका समाधान खोज्ने एवम् जटिल भौगोलिक संरचना, छरिएका बस्तीहरू, प्राकृतिक विपत्तिको उच्च जोखिम, वन्यजन्तुहरूका कारण कृषि उत्पादनमा ह्रास, जलवायु सङ्कटजस्ता पहाडको विकासका चुनौतीलाई चिर्ने उपायको खोजी गर्ने ।

(ग) बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विशेषता हाम्रो पहिचानका रूपमा रहेको, हाम्रो राष्ट्रिय सामर्थ्य पनि यसैभित्र अन्तरनिहित रहेको तथा विविधताभित्रको एकता नेपाल राष्ट्रको बलियो आधारशिला भएको तथ्य सर्वविदितै छ । तर, यस तथ्यलाई इन्कार गर्दै विभिन्न नाममा भइरहेका सामाजिक एकतालाई खल्बल्याउने, सद्भावलाई कमजोर पार्ने र जनताका बीचमा फाटो ल्याउने प्रयासलाई परास्त गर्ने एवम् सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई बलियो बनाउन योगदान गर्ने ।

(घ) यतिबेला समाजमा देखापरेका निराशा, नकारात्मक मनोविज्ञान र नेपाल समृद्ध बन्दैन, बन्नै सक्दैन भन्ने सङ्कथन निर्माण गर्ने प्रयास भइरहेको छ । यसलाई चिर्ने, प्राप्त उपलब्धिहरूलाई स्थापित गर्ने, मुलुक बन्छ, बन्दैछ भन्ने दह्रो आत्मविश्वास निर्माण गर्ने तथा समाजमा आशावाद र सकारात्मक मनोविज्ञान निर्माण गर्ने ।

(ङ) नेपाल कम्युनिस्ट पार्टी स्थापनाको ७५औँ वर्षमा पार्टीका संस्थापक महासचिवका नाममा निर्मित संरचनामा विशेष अभियान सञ्चालन गरेर नेपाल कम्युनिस्ट पार्टीले गएको ७५ वर्षमा गरेको बलिदानीपूर्ण सङ्घर्ष, खेलेको गौरवशाली भूमिका र यसका नीतिहरूका बारेमा जनस्तरमा स्पष्ट पार्ने तथा राष्ट्रका सामु उत्पन्न बहुआयामिक चुनौतीलाई सामना गर्न बलियो राष्ट्रिय शक्तिको निर्माण गर्न सहयोग पुऱ्याउने ।

(च) पार्टीको चरित्र जनआधारित पार्टीका रूपमा रहेको, जनता नै हाम्रा मार्गदर्शक रहेको, जनसमर्थन नै हाम्रो सामर्थ्य रहेको तथा जनसेवा नै हाम्रो धर्म, हाम्रो सङ्कल्प र उद्देश्य भएका हुनाले अभियानमा क्रममा जनताका अनुभूति सुन्ने, सुझाव ग्रहण गर्ने र जनताबाट सिक्ने ।

'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय'को मर्म एवम् भावना अनुरूप सञ्चालित यस सङ्कल्प यात्राले राष्ट्रव्यापी रूपमै एउटा तरङ्ग सिर्जना गऱ्यो । पार्टीलाई जनतामाझ अझ घनिष्ठ रूपले स्थापित गर्न, पार्टी र जनता तथा नेता र

*यतिबेला समाजमा देखापरेका निराशा, नकारात्मक मनोविज्ञान र नेपाल समृद्ध बन्दैन, बन्नै सक्दैन भन्ने सङ्कथन निर्माण गर्ने प्रयास भइरहेको छ । यसलाई चिर्ने, प्राप्त उपलब्धिहरूलाई स्थापित गर्ने, मुलुक बन्छ, बन्दैछ भन्ने दह्रो आत्मविश्वास निर्माण गर्ने तथा समाजमा आशावाद र सकारात्मक मनोविज्ञान निर्माण गर्ने सङ्कल्प यात्रा ।*

कार्यकर्ताबीचको भावनात्मक सम्बन्धलाई प्रगाढ बनाउन एवम् पहाडमा विकासका सम्भावना तथा चुनौतीलाई प्रत्यक्ष अनुभूत र पहिचान गर्न अभियान निकै सार्थक रह्यो। लोकतान्त्रिक गणतन्त्रविरुद्ध भइरहेका नकारात्मक प्रचार तथा प्रतिगामी शक्तिहरू बलियो बन्दै गएको भ्रामक सन्देशलाई चिर्न पनि यो यात्रा निकै महत्त्वपूर्ण रह्यो। सङ्कल्प यात्रा नेकपा (एमाले) बाट सञ्चालित भए पनि वस्तुत: यो सबै लोकतान्त्रिक र गणतन्त्रवादी शक्तिहरूको साझा यात्राजस्तो बन्न पुग्यो। देश र जनताको भविष्यप्रति चिन्तित राजनीतिक वृत्तले अभियानलाई यसै गरी सकारात्मक रूपमा स्वागत गऱ्यो।

अभियानका अन्य विषयबारे अन्य नेता या विश्लेषकहरूबाट मनग्गे चर्चा हुने नै छ। यहाँनिर मैले अभियानको सान्दर्भिकता र सन्देशको महत्त्वपूर्ण विषय सांस्कृतिक, जातीय र भाषिक विविधता एवम् वैभवको सन्दर्भमा मध्यपहाडको तस्बिरलाई सङ्क्षिप्त रूपमा उतार्ने प्रयास गर्नेछु। अभियानले कसरी राष्ट्रिय एकता र सामाजिक सद्भाव बलियो बनाउन योगदान गऱ्यो भन्ने परिचर्चा पनि यस आलेखमा गरिनेछ।

मध्यपहाड जातीय, भाषिक र सांस्कृतिक विविधताको पर्यायवाची भूगोल हो। हामी सङ्कल्प यात्राका क्रममा जति–जति पश्चिमबाट पूर्व आउँदै गयौँ, त्यति–त्यति क्षेत्री, ब्राह्मण, मगर, गुरुङ, तामाङ, नेवार, राई, लिम्बू, सुनुवार, शेर्पा, दलित, थकाली, दुरा, बोटे, माझी, कुमाल, दनुवार, लेप्चालगायत विभिन्न जाति–जनजातिहरूको सघन बस्ती हुँदै अगाडि बढ्दै गयौँ। ती समुदायहरूले आ–आफ्ना वेशभूषा, पहिरन र सांस्कृतिक झाँकीहरूसहित यात्रालाई स्वागत गर्नुभयो र यात्रामा सहभागी नेताहरूलाई न्यानो आतिथ्य प्रदान गर्नुभयो। आफ्ना विशिष्ट सांस्कृतिक पहिचानलाई अगाडि सार्नुभयो। सुदूरपश्चिमको देउडा र हुड्केली, मगरहरूको कौडा र सोरठी, गुरुङहरूको घाटु र मारुनी, नेवार समुदायका लाखे, भैरव र अन्य नाच, बाहुन क्षेत्रीहरूमाझ प्रचलित भजन, चुट्का, ख्याली र रोइला, तामाङहरूको तामाङ सेलो, राईहरूको चण्डी नाच, लिम्बूहरूको धान नाचलगायत नृत्य र सङ्गीतको जीवन्त प्रस्तुतिले यात्राको थकानलाई मेटाउँदै नयाँ ऊर्जा भर्ने काम गरे। त्यति मात्रै होइन, आफ्नो देशको सांस्कृतिक विविधता र वैभवलाई प्रत्यक्ष अनुभूत गर्न पाउँदा सिङ्गो यात्रा टोली आफैमा थप गौरवान्वित र संस्कृतिप्रति संवेदनशीलसमेत बन्यो।

वैभवयुक्त सांस्कृतिक विशेषताहरूको यस प्रदर्शनीले यात्रालाई आफैमा 'सांस्कृतिक क्याराभान'जस्तो बनायो ।

बाजागाजाका दृष्टिले पनि मध्यपहाडको विविधता र समृद्धि आफैमा अनुपम थियो । आम रूपमा दलित समुदायसँग सम्बन्धित नौमती या पन्चेबाजाहरू हुन् या गन्धर्वहरूका सारङ्गी, नेवारहरूका धिमेबाजा हुन् या तामाङ्हरूका डम्फु, राई–लिम्बूहरूका च्याब्रुङ हुन् या लोपोन्मुख बन्दै गरेका मुर्चङ्गा र बिनायाहरू, हामीलाई यस्तो लाग्यो– मानौँ, कुनै विशाल सांस्कृतिक सङ्ग्रहालयबाट गुज्रिरहेका छौँ । विभिन्न समुदायहरूले मायाको चिनोका रूपमा पार्टी अध्यक्षलाई दिएका बाजागाजाहरूको सङ्ग्रह पनि आफैमा निकै फराकिलो छ ।

मध्यपहाड सभ्यता र संस्कृतिको गौरवशाली बिरासत बोकेर बसेको भूभाग हो । मुन्धुममा वर्णित र जनसमुदायले पुस्तौँपुस्ता सञ्चित गरेर जोगाएको प्राचीन किरात संस्कृति र सभ्यता होस् या नेपालमा कृषिको अगुवाइ गर्ने बागमती सभ्यता या नेपाली भाषाको जननीका रूपमा रहेको खस सभ्यता आदि सम्पदाहरूको थलो यसै भूभागबाट विकसित भएका हुन् । ब्रिटिस उपनिवेशवादका विरुद्ध देशभक्तिपूर्ण युद्धको महत्त्वपूर्ण किल्ला अमरगढी र सिन्धुलीगढी जस्ता ऐतिहासिक स्थलहरू यही भूभागमा छन् । नेपालको एकीकरणका नायक पृथ्वीनारायण शाहका गोरखा र नुवाकोट दरबार यतै छन् । प्रजातान्त्रिक आन्दोलनका क्रममा गौरवपूर्ण सहादत हासिल गर्ने दशरथ चन्दको जन्मथलो यहीँ छ, राणाशासनका विरुद्ध वीरतापूर्ण प्रतिरोध गर्ने लखन थापा र बाँकावीरको रणमैदान यतै छ । दिल्ली सम्झौताका विरुद्ध सङ्घर्ष गर्दै 'कि त जोत हलो, कि त छाड थलो'को उद्घोष गर्ने भीमदत्त पन्तको सहादत भूमि पनि मध्यपहाडमै छ । त्रिपुरासुन्दरी, निग्लासैनी, उग्रतारा, शैलेश्वरी, शिरस्थान, नाभिस्थान, पादुकास्थान, बागलुङ कालिका, भैरवी, हलेसी, सिद्धकालीजस्ता प्रसिद्ध धार्मिक स्थलहरू यतै छन् । पर्यटकहरूलाई लठ्याउने सुन्दर पर्यटकीय गन्तव्यहरू यतै छन् ।

मध्यपहाड आफैमा एउटा सुन्दर इन्द्रेणीजस्तै छ, जहाँ विभिन्न रङ आपसमा एकाकार भएर बसेका छन् । नागरिकहरूले दौरा–सुरुवाल लगाऊन् या साडी चोलो, हाकुपटासी पहिरियून् या गादो या बक्खु, आम रूपमा सबैका भावनाहरू एक समान छन् । भौगोलिक दुर्गमताले सिर्जना गरेको कष्ट उस्तै छ । पानी भर्ने पँधेरी एउटै छ । गरिबीको पीडाले उत्तिकै दुखाउँछ । जलवायु परिवर्तनले पार्ने प्रभाव, झर्ने पहिरो र

पर्ने घडेरीमा भिन्नता छैन। एकअर्काको दु:खमा चस्किने मुटुबाट उस्तै रगत बग्छ। दसैँ र तिहारमा हिन्दुहरूको घरबाट सेलरोटी मुस्लिमका घरमा पाहुर बनेर पुग्छ। इदमा सेवई या मासु मुस्लिमका घरबाट हिन्दुकोमा तोहफा बनेर आउँछ। उँधौली–उँभौलीमा बाहुन क्षेत्रीहरू उत्तिकै रमाउँछन्, दसैँमा किरातहरू उत्तिकै निमग्न हुन्छन्। दलितमाथिको भेदभावको अवशेषहरू छिटपुट बाँकी छन् तर पहाड सामाजिक सद्भाव र एकताका दृष्टिले नमुनायोग्य छ। देश राम्रो बनिदिए हुन्थ्यो, नागरिकको जीवनमा सकारात्मक परिवर्तन आइदिए हुन्थ्यो भन्ने आकाङ्क्षाको आँगन साझा छ।

तर केही समययता यस एकतालाई खल्बल्याउने, कमजोर पार्ने र टुक्र्याउने प्रयासमा केही तत्त्वहरू लागिपरेका छन्। हिजो संविधान बनाउने बेला पहिचानका नाममा जातीय सद्भाव खल्बल्याउने, सामाजिक विद्वेष बढाउने र जातीय राज्य निर्माणको अनुचित र असम्भव प्रयास गर्न खोज्नेहरू संविधान जारी भएपछि लामै समय शिथिल भएका थिए। तर, अचेल कुनैकुनै कुनामा सलबलाउन लागेका देखिन्छन्। उनीहरू मुख्य समस्याबाट जनताको ध्यान बराल्न चाहन्छन्। मध्यपहाडमा जनताले भोगिरहेको मूल समस्या हो– कसरी आफू बसेकै ठाउँमा रोजगारीको सिर्जना गर्ने ? कसरी आफ्ना उत्पादनहरूको उचित बजार मूल्य सुनिश्चित गर्ने ? आफ्नै गाउँघरमा कसरी बचत गर्ने गरी आम्दानी वृद्धि गर्ने ? र, कसरी आफ्ना पुर्खाको भावना जोडिएको, उनीहरूको पसिना बगेको यस थातथलोलाई छाडेर बसाइँ जानुपर्ने बाध्यताबाट मुक्त हुने ? कसरी गाउँमै सहरमा प्राप्त हुने सुविधाहरू सुनिश्चित गर्ने ?

तर सामाजिक सद्भाव खल्बल्याउन उद्यत् तत्त्वहरूलाई यी जनसरोकारका विषयप्रति कुनै चासो छैन। एउटै भाष्य छ– अमूक जाति पछाडि परेको अमूक जातिको उत्पीडनका कारणले हो, त्यसैले त्यो जाति हाम्रो साथी होइन। यसरी समाजलाई 'हामी' को समष्टिमा होइन, 'हामी र अरूहरू' को कित्तामा बाँड्न, अनुचित वैमनश्य बढाउन र अमूक जातीय राज्य भयो भने या प्रदेशको नामकरण अमूक जातिका नाममा भयो भने मात्रै सबै समस्याको समाधान हुन्छ भन्ने कृत्रिम र गलत भावनामा समाजलाई बहकाउने। विशेष गरेर कोसी प्रदेशमा हामीले यस्ता प्रवृत्तिहरू छिटफुट रूपमा देख्यौँ।

हामीले झुलाघाट–चिवाभन्ज्याङ सङ्कल्प यात्राको घोषणा गर्नासाथ त्यसलाई अवरुद्ध गर्ने गरी केही अतिवादीहरूले पुष्पलाल लोकमार्गको हर्कपुर–चिवाभन्ज्याङ खण्ड बन्दको घोषणा गरे। पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओली, प्रदेशको नाम 'कोसी' राख्ने पक्षमा मतदान गरेका पार्टीका तर्फबाट निर्वाचित प्रदेशसभा सदस्यहरू एवम् अन्य केही नेताहरूको नाम लिएर भौतिक आक्रमणको धम्की दिए। कुनै बेला नेपाल सरकारको मन्त्रीको जिम्मेवारीसमेत समालिसकेका एकजना व्यक्तिले नेकपा (एमाले) को 'चिहान खन्ने' आपराधिक घोषणा गरे। ठाउँठाउँमा ढुङ्गा लडाउने, रूख ढालेर बाटो अवरोध गर्ने र राँके जुलुस निकालेर जनतालाई त्रसित बनाउने दुस्साहस गरे। पाँचथरको ओयाममा कुकर बम राख्नेजस्ता आतङ्ककारी क्रियाकलाप भए। सामाजिक सद्भाव खल्बलाउने दुर्नियतस्वरूप अरू अनेकौँ हर्कतहरू पनि यात्राको दौरानमा पूर्वी भेगको केही स्थानमा देखा परे।

तर यस्ता कुनै पनि गतिविधिले नेकपा (एमाले) को सङ्कल्प यात्रालाई रोक्न सकेन। मध्यपहाडमा अभेद्य रूपमा रहेको विभिन्न जातजाति, भाषाभाषी, धर्मसंस्कृति र आस्थाका जनताको एकतालाई कमजोर गर्न सकेन। कोसी प्रदेशको

*हिजो संविधान बनाउने बेला पहिचानका नाममा जातीय सद्भाव खल्बल्याउने, सामाजिक विद्वेष बढाउने र जातीय राज्य निर्माणको अनुचित र असम्भव प्रयास गर्न खोज्नेहरू संविधान जारी भएपछि लामै समय शिथिल भएका थिए। तर, अचेल कुनैकुनै कुनामा सलबलाउन लागेका देखिन्छन्।*

पहिलो कार्यक्रमका रूपमा रहेको मङ्सिर २६ गते ओखलढुङ्गाको हर्कपुरमा बिसौँ हजार जनताको उपस्थितिमा सम्पन्न भएको सभाले सबै खाले अतिवादलाई स्वत:स्फूर्त जवाफ दियो। अन्यत्र सबै ठाउँका प्रयासहरू असफल भइसकेपछि अतिवादीहरूले अन्तिम निसाना बनाएको फिदिममा आयोजित आम सभामा भएको विशाल उपस्थितिले उनीहरूका सारा दुर्नियत र धृष्टताहरूलाई असफल बनाइदियो। विभिन्न वेशभूषामा सजिएका, विभिन्न जातजाति, भाषाभाषी र संस्कृतिका जनसमुदायले अत्यन्त उत्साह, उमङ्ग र सक्रियताका साथ जवाफ दिए– हामी एक थियौँ, एक छौँ र एक रहिरहनेछौँ, हामीलाई साम्प्रदायिक ढङ्गले विभाजित गर्ने दुस्साहस नगर।

यसरी 'झुलाघाट–चिवाभन्ज्याङः समृद्धिका लागि सङ्कल्प यात्रा' नेपालको सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई सुदृढ गर्ने हिसाबले अत्यन्त सफल रह्यो। यसले पुनर्पुष्टि गऱ्यो– नेपालको मध्यपहाड सामाजिक–सांस्कृतिक विविधता र वैभवको खानी हो, यो राष्ट्रिय एकताको बलियो आधार तथा सामर्थ्यसमेत हो। यसलाई थप बलियो बनाउँदै लगे हाम्रो राष्ट्रियता थप उँचो बन्छ र यी विविधता एवम् वैभवको सही ढङ्गले सदुपयोग गर्न सक्दा नेपालको पहिचान थप जीवन्त बन्नुका साथै पर्यटन विकास र समृद्धिका लागि महत्त्वपूर्ण आधारस्तम्भ बन्न सक्छ।

●

८।

# युवा, आप्रवासन र मध्यपहाड



**गोकर्ण विष्ट**
सचिव, नेकपा (एमाले)

मध्यपहाडको विकासमा पुष्पलाल (मध्यपहाडी) लोकमार्ग मेरुदण्डको रूपमा रहेको छ। विकास र आर्थिक गतिविधिमा पछि परेको यो क्षेत्रका सम्भाव्यता र जनभावना प्रत्यक्ष रूपमा अध्ययन गर्ने उद्देश्यले पार्टी अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सो राजमार्गमा नेकपा एमालेले 'झुलाघाट चिवाभन्ज्याङ समृद्धिका लागि सङ्कल्प यात्रा २०८०' सम्पन्न गरेको छ। करिब १ करोड २० लाख जनसङ्ख्या बसोबास गर्ने त्यस क्षेत्रको यात्रा ऐतिहासिक र अत्यन्त उपलब्धिपूर्ण रह्यो।

यात्रामा सहभागी भएर मध्यपहाडका विभिन्न बस्तीहरू, डाँडापाखा नियाल्दा र विभिन्न जिल्लामा भेटघाट गर्दा हामी सबै उत्साहित थियौँ। विभिन्न कार्यक्रममा स–साना बालबालिकादेखि पाका उमेरका बुबाआमाहरूको उत्साहजनक उपस्थिति थियो। यस्तो लाग्थ्यो कि लामो समयको खडेरीले पानीको बुँद पाएको छ। जनताको त्यो अपार माया र उत्साह अहिले पनि मेरो मानसपटलमा गुन्जिरहेको छ। यात्रा जनसहभागिता र प्रचारको दृष्टिले अभूतपूर्व हुँदाहुँदै पनि कार्यक्रममा सहभागीहरूको उमेर समूह हेर्दा त्यस क्षेत्रबाट तीव्र गतिमा बसाइँसराइ र युवाहरू पलायन भइरहेको भान हुन्थ्यो। जुन कुराले यतिबेला मेरो मनमा केही गम्भीर प्रश्नहरू खडा गरेको छ।

चालिसको दशकमा अध्ययनका लागि म काठमाडौँ आउँदा समेत मेरो उमेर समूहको पुस्ताले उच्च शिक्षाका लागि गाउँ छाडेर सहर जानु बाध्यता नै थियो। मानिसहरू सामान्य उपचारका लागि पनि हप्तौँ हिँडेर सहर पुग्नुपर्थ्यो। गाउँमा विभिन्न सेवासुविधाको अभाव थियो। रोजगारीका अवसरहरू त झनै कल्पना बाहिरका कुरा थिए। गरिबी, अभाव, बेरोजगारी र असुविधा पहाडको पर्यायवाची जस्तै थिए। विकास र सुविधाको दृष्टिले त्यतिबेला र आजको मध्यपहाडमा निकै ठुलो अन्तर त छ। सडक, सञ्चार, विद्युत्, पिउने पानी, स्वास्थ्य, शिक्षालगायतको विकास क्रमश: पहाडमा पुग्दै छ तर मानिसहरू पहाड छाड्दै छन्। अझ डरलाग्दो अवस्था त पहाडका कतिपय बस्तीहरू नै खण्डहरमा परिणत हुँदै छन्। विश्व बैङ्कको तथ्याङ्कअनुसार सन् १९८० ताका नेपालको कुल जनसङ्ख्याको ६ प्रतिशत मात्र सहरी र बाँकी जनसङ्ख्या ग्रामीण क्षेत्रमा बसोबास गर्थ्यो तर राष्ट्रिय जनगणना २०७८ अनुसार सहर वा सहरोन्मुख क्षेत्रमा सो दर बढेर ६६.२ प्रतिशत पुगेको देखिन्छ। यसरी विगत ४० वर्ष अन्तरालको यो आँकडाले बसाइँसराइको कहालीलाग्दो अवस्थालाई पुष्टि गर्दछ।

सामन्तवादबाट पुँजीवादतर्फ रूपान्तरित हुँदै गएको अवस्थामा सामन्तवादको नियन्त्रणमा रहेको कृषिमा आधारित जनशक्ति क्रमश: सामन्ती नियन्त्रणबाट बाहिर आयो। ग्रामीण क्षेत्रमा जीविकोपार्जनका अवसरहरू सङ्कुचित हुँदै गइरहेको परिस्थितिमा कृषिबाट बचत भएको श्रमशक्ति रोजगारी र विभिन्न अवसरहरूको खोजीमा सहर र औद्योगिक क्षेत्रमा जाने अवस्था सिर्जना भयो। यसरी कृषिमा आधारित श्रमशक्तिले रोजगारी र अवसरको खोजीमा सहर जाने प्रक्रियाको मात्रै सुरु भएन, औद्योगिकीकरणपछि कृषि क्षेत्रमा आधारित जनशक्तिलाई स्वयम् पुँजीपति वर्गले औद्योगिक श्रमिकमा ल्याउने प्रक्रियासमेत सुरु भयो। यस प्रकारले कृषि क्षेत्रको श्रमशक्ति गैरकृषि क्षेत्रको रोजगारीमा रूपान्तरित हुन थाल्यो। यसरी श्रम बजारको माग र श्रमिकको आवश्यकताले आप्रवासन प्रक्रिया अघि बढ्यो। यतिबेला विश्वव्यापी रूपमै विभिन्न देशमा एक ठाउँबाट अर्को ठाउँमा बसाइसराइ गर्ने प्रक्रिया तीव्र बनिरहेको छ।

अन्तर्राष्ट्रिय संस्था 'स्टाटिस्ट'का अनुसार सन् २००७ मा विश्वभर करिव ५० प्रतिशत जनसङ्ख्या सहरमा बसोबास गर्थ्यो भने सन् २०२१ सम्म आइपुग्दा यो सङ्ख्या बढेर करिब ५६.४८ प्रतिशत पुगेको छ। यो तथ्याङ्कले गाउँबाट सहरतिरको बसाइँसराइ विश्वव्यापी प्रवृत्ति नै रहेको देखाउँछ। सन् २०१५ को संयुक्त

राष्ट्रसङ्घ, आर्थिक तथा सामाजिक मामिला विभाग (जनसङ्ख्या डिभिजन) को तथ्याङ्कले समेत गाउँबाट सहर र सहरबाट विदेश जाने प्रवृत्ति विश्वव्यापी बनिरहेको पुष्टि गर्छ। त्यसमा पनि पहाडहरू रित्तिँदै जानु पछिल्लो एक शताब्दीकै मुख्य चरित्र बन्यो (कोहलर एट अल २०१७)। इटालीमा पहाड रित्तिएर सहर भरिनु करिब एक शताब्दीदेखि निरन्तर चिन्ता र चासोको विषय बनेको छ (टोनियोलो १९३७)। ककेसस पर्वतमाला नै उजाडिने गरी भइरहेको आप्रवासनको प्रभाव रुस, जर्जिया, अजरबैजान र अरमानियामा पनि देखिएको छ। जर्जियामा पर्ने मध्य–ककेसस पर्वत क्षेत्र करिब खाली हुँदैछ, पहाडमा बस्नेहरूमध्ये पनि करिब ३७ प्रतिशत त ६५ वर्ष माथिको जनसङ्ख्या छ (कोहलर एट अल २०१७)। अर्थात्, युवा जनसङ्ख्या ककेससमा अडिनै सकेन। एन्डिज पर्वतमालामा रहेका दक्षिण अमेरिकी मुलुकहरूमा १७औँ शताब्दीदेखि नै पहाड रित्तिने र जनसङ्ख्या सहरमा मात्रै थुप्रने स्थिति निरन्तर चलिरहेको छ (स्मिथ एट अल १९७०)। अहिले पनि एन्डिज पर्वतमालाका ग्रामीण भेगबाट सहरतिर बसाइँ सर्ने प्रवृत्ति कायमै छ। नेपाल मात्र होइन, हिमालय पर्वत शृङ्खलामा रहेका सबै देशहरूले पहाडबाट समथर र गाउँबाट सहरको बसाइँसराइको

*विश्व बैङ्कको तथ्याङ्कअनुसार सन् १९८० ताका नेपालको कुल जनसङ्ख्याको ६ प्रतिशत मात्र सहरी र बाँकी जनसङ्ख्या ग्रामीण क्षेत्रमा बसोबास गर्थ्यो तर राष्ट्रिय जनगणना २०७८ अनुसार सहर वा सहरोन्मुख क्षेत्रमा सो दर बढेर ६६.२ प्रतिशत पुगेको देखिन्छ। यसरी विगत ४० वर्ष अन्तरालको यो आँकडाले बसाइँसराइको कहालीलाग्दो अवस्थालाई पुष्टि गर्दछ।*

चाप भोगिरहेका छन् (बेलिया एट अल २०२२)। यी तथ्यहरूले पुँजीवादी उत्पादन र वितरण प्रणालीका लागि सहर अनुकूल रहेको पुष्टि गर्छ। पुँजीवादी उत्पादन प्रणालीको विश्वव्यापीकरणसँगै सहरहरूको निर्माण र विकास पनि तीव्र रूपमा बढेको देखिन्छ। पहाडबाट तराई, गाउँबाट सहर र अवसरको खोजीमा सुविधाजनक ठाउँमा सर्ने प्रवृत्ति नेपालको मात्र विशिष्टता होइन। नेपालको बसाइँसराइको अवस्था र युवा जनशक्तिको पलायनलाई पनि आप्रवासनको विश्वव्यापी प्रवृत्तिकै एक हिस्सा मान्न सकिन्छ।

पुँजीवादको विश्वव्यापीकरणका कारण एकातिर उद्योग–व्यवसायलाई चाहिने श्रमशक्ति सस्तो श्रमिक स्रोत मुलुकबाट ल्याउन थालियो भने अर्कातिर रोजगारीका अवसरहरू नभएका विभिन्न देशबाट युवाहरू विकसित देशमा वैदेशिक रोजगारीका लागि जाने प्रक्रिया पनि सुरु भयो। हाम्रो देशबाट पनि विगत केही दशकयता युवाहरू वैदेशिक रोजगारीमा गइरहेका छन् र पछिल्ला वर्षहरूमा यो क्रम अझ तीव्र बनिरहेको छ। सन् २०२१ को जनगणनाले करिब २१ लाख नेपाली बिदेसिएको देखाउँछ तर विभिन्न अनौपचारिक प्रक्षेपणहरूले यसको दोब्बर सङ्ख्यामा बाहिरिएको हुन सक्ने अनुमान गर्छन्। पछिल्लो समयमा वैदेशिक रोजगारीमा जानेहरूको सङ्ख्या बढदो त छ नै, शिक्षाका लागि बिदेसिने युवाहरूको सङ्ख्या पनि कम छैन। गत आर्थिक वर्षमा मात्र कानुनी प्रक्रिया पूरा गरेर करिब ९ लाख युवा बिदेसिएका छन्। जसमध्ये वैदेशिक रोजगार विभागका अनुसार करिब ७ लाख ७५ हजार वैदेशिक रोजगारीका लागि र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार १ लाख ११ हजार अध्ययनका लागि बिदेसिएका छन्। मध्यपहाडी क्षेत्रका विभिन्न जिल्लाबाट वैदेशिक रोजगारीमा जाने युवाहरूको सङ्ख्या दिनानुदिन बढ्दो छ। गत आर्थिक वर्षमा मात्रै पनि मध्यपहाडी जिल्लाबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने युवाहरूको सङ्ख्या ३ लाख ८९४ पुगेको देखिन्छ। उच्च शिक्षाका लागि बिदेसिनेको सङ्ख्या पनि उल्लेख्य छ। नेपाल–भारत खुला सीमाको उपयोग गरेर बिदेसिनेको सङ्ख्या पनि सानो छैन। यो तथ्यले नेपालबाट भइरहेको युवा पलायनताको अवस्थालाई चित्रण गर्छ।

विश्वभर मानिसहरू तुलनात्मक लाभ र अवसरका लागि एक ठाउँबाट अर्को ठाउँ जाने प्रवृत्ति त छ नै, हाम्रो देशको सन्दर्भमा पनि गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी र अन्य सुविधाको आशामा सुखद भविष्यको खोजीमा युवाहरू बिदेसिने गरेका छन्। आन्तरिक श्रमबजारमा प्राप्त गर्ने पारिश्रमिकले श्रमिकलाई सामान्य

जीवनयापन गर्नसमेत कठिन बनिरहेको छ। बिरामी हुँदा उपचार, सन्तानहरूलाई गुणस्तरीय शिक्षा र समृद्ध जीवनयापन गर्ने सामर्थ्य मध्यपहाडमा मात्र होइन, सहरी क्षेत्रमा पनि पूरा हुन गाह्रो छ। यस्तो अवस्थामा युवा गाउँदेखि सहर र सहरदेखि विदेशको यात्रा तय गर्न बाध्य छन्। यद्यपि, यो हाम्रो मात्रै विशिष्ट परिस्थिति भने पक्कै होइन। नेपालीहरू तुलनात्मक रूपमा कमजोर अर्थतन्त्र भएका युरोपका मुलुकहरू पोर्चुगल, इटाली, र पूर्वी युरोपका विभिन्न देशमा श्रमिकका रूपमा जाने सङ्ख्या जसरी बढेको छ, त्यसरी नै ती ठाउँका युवाहरू भने अझ बढी वेतन पाउने सबल अर्थतन्त्र भएका युरोपकै अन्य मुलुकहरूमा जाने प्रवृत्ति पनि उत्तिकै छ। उदाहरणका लागि नेपालीहरू पोर्चुगल पुगेका छन् भने पोर्चुगाली युवाहरू स्विट्जरल्यान्ड, डेनमार्क, नर्वे, फिनल्यान्ड, स्विडेनलगायत देशहरूमा पुगेका छन्। त्यसैले कम आय भएका मुलुकहरूबाट बढी आय भएका मुलुकहरूमा जाने प्रक्रिया यो पुँजीवादी विश्व व्यवस्थाको एउटा चरित्र पनि हो (गुझी एट अल २०२१)। त्यसैले विकासको सुस्त गति, कमजोर सामाजिक सुरक्षा, न्यून वेतन, अवसरको अभाव र आर्थिक असमानताको अवस्था कायम रहँदासम्म रोजगारी र अवसरका लागि कमजोर अर्थतन्त्र भएका देशहरूबाट सम्भावनायुक्त विकसित देशहरूमा जाने क्रम रोकिँदैन। देशमा भ्रष्टाचार, प्रशासनिक ढिलासुस्ती, विकासमा सुस्तता, अव्यवस्था र जनउत्तरदायी सरकारको अभावमा त झनै जनताले आधारभूत सुविधासम्म पनि राज्यबाट प्राप्त गर्न सक्दैनन्। देशभित्र उद्यम गर्न चाहने युवाहरू प्रक्रियाका लागि सरकारी कार्यालय धाउँदै निरुत्साहित हुने अवस्थाले वैदेशिक रोजगारीलाई थप प्रोत्साहित गरेको छ।

नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कअनुसार गत आर्थिक वर्षमा मात्रै १२ खर्ब २० अर्ब विप्रेषण भित्रिएको छ, जुन कुल गार्हस्थ्य उत्पादनको २३ प्रतिशतभन्दा बढी हुन आउँछ। राष्ट्रिय जनगणना २०७८ अनुसार करिब एक तिहाइ परिवारको मुख्य आयस्रोतका रूपमा विप्रेषण रहेको छ। यद्यपि अन्य प्रक्षेपणहरूले यो सङ्ख्या करिब दोब्बर हुन सक्ने बताउँछन्। यी तथ्यहरूले विप्रेषण नेपाली जनजीविकाका लागि मुख्य स्रोत भएको देखाउँछ। यसरी विप्रेषण हाम्रो अर्थतन्त्रको संरचना निर्धारण गर्ने मुख्य आधार बन्न पुगेको छ। वैदेशिक रोजगारी र आप्रवासनको बढ्दो प्रवृत्तिले अन्तर्राष्ट्रिय श्रम विभाजनमा हामी श्रमिक निर्यात गर्ने मुलुकका रूपमा देखा परेका छौँ। बाहिर जाने श्रमिकबाट भित्रिएको विप्रेषणका कारण नेपालीहरूमा क्रयशक्ति वृद्धि भइरहेको त छ तर हाम्रो देश विदेशी उत्पादन खपत गर्ने बजारमा समेत परिणत

भइरहेको छ। विप्रेषणको मूल हिस्सा दैनिक उपभोगमा खर्च गर्ने प्रवृत्तिका कारण पुँजीनिर्माण, लगानी र उत्पादनमुखी अर्थतन्त्रको निर्माण हुन सकिरहेको छैन। घट्दो उत्पादन र बढ्दो जनसङ्ख्याका कारण दैनिक उपभोग्य वस्तुमा समेत विदेशी उत्पादनमा निर्भर हुने अवस्थाले अर्थतन्त्र दिनप्रतिदिन आयातमुखी बन्दै गइरहेको छ। परिणामत: देशले वार्षिक १४/१५ खर्ब बराबरको व्यापार घाटा बेहोर्ने अवस्था देखा परेको छ। आयात वृद्धि हुँदा विदेशी मुद्रा सञ्चितिमा दबाब पर्ने र त्यसको उपचारका लागि नियन्त्रणात्मक नीति लिँदा अर्थतन्त्रमा सुस्तता देखापर्ने दुष्चक्र हाम्रो अर्थतन्त्रको चरित्र नै बनेको छ।

बसाइँसराइ र श्रमिकको पलायनताले पहाडको जमिन बाँझिने समस्या बढ्दो छ। एकातिर मध्यपहाडका गाउँहरू बसाइँसराइले रित्तिँदैछन्, अर्कोतिर जमिनको खण्डीकरण, अनियन्त्रित सहरीकरण र अव्यवस्थित बसाइको चाप सहरी क्षेत्रले भोगिरहेको छ। कृषियोग्य जमिन बसोबासमा प्रयोग हुँदा कृषि उत्पादन घट्ने र विप्रेषणको ठुलो हिस्सा कृषिजन्य उत्पादनको आयातमा खर्च गर्नुपर्ने बाध्यता पैदा भएको छ। राष्ट्रिय जनगणना २०७८ ले पछिल्लो १२ महिना काममा संलग्न भएकाहरूमध्ये करिब ५० प्रतिशत श्रमशक्ति कृषिमा आश्रित रहेको देखाउँछ। यति ठुलो जनशक्ति संलग्न कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनमा गत आवसम्म आइपुग्दा २३ प्रतिशत मात्रै योगदान सीमित हुन पुगेको छ। वैदेशिक रोजगारीका कारण खेतीयोग्य जमिन बाँझिने क्रम अझ तीव्र बनिरहेको छ। कृषि अनुदान र कर्जाको सही सदुपयोग नहुँदा लक्ष्यअनुरूप उपलब्धि हासिल नहुने अवस्था छ। एकातिर कृषि क्षेत्रमा राज्यका तर्फबाट लगानी घटिरहेको छ भने अर्कातिर निजी क्षेत्र व्यावसायिक लगानीका लागि उत्साहित देखिँदैन। कृषिमा आधुनिकीकरण, व्यवसायिकीकरण र औद्योगीकरणको कुरा दोस्रो आवधिक योजनादेखि सुरु भयो। कृषि उत्पादन वृद्धिका लागि पकेट क्षेत्रसमेत निर्धारण गरियोत र अपेक्षाकृत उपलब्धि हासिल हुन सकेन। पछिल्लो ६ दशकमा जनसङ्ख्या वृद्धि तेब्बर भएको छ तर सोको अनुपातमा कृषिजन्य उत्पादन वृद्धि नहुँदा यतिबेला कृषिजन्य वस्तु मात्रै पनि करिब सवा ३ खर्ब बराबरको आयात गर्नुपर्ने अवस्था छ।

मध्यपहाड पशुपन्छी, मत्स्यपालन र नगदेबालीको हिसाबले ठुलो आर्थिक सम्भावना बोकेको क्षेत्र हो। वातावरण र भौगोलिक विविधताका कारण कृषि उत्पादनमा पनि विविधता भेटिन्छ। मध्यपहाड गाई, भैँसी, चौँरी, भेँडा, बाख्रा, च्याङ्ग्राजस्ता पशुपालन, विभिन्न प्रजातिका माछा, कुखुरा, हाँस, बट्टाई, कालिज

लगायतका पन्छीपालन, स्याउ, किबी, सुन्तला, जुनारलगायत फलफूल, अलैँची, कफी, चिया, ओखरलगायतको प्रचुर सम्भावना भएको क्षेत्र हो । यस क्षेत्रमा लगानी, उत्पादित वस्तुको भण्डारण र बजारीकरणको अभावमा प्रचुर सम्भावना हुँदाहुँदै पनि राज्यले लाभ उठाउन सकिरहेको छैन । यसैगरी यो क्षेत्रको प्रचुर सम्भावनायुक्त जडीबुटी कच्चा पदार्थका रूपमा मात्र बेच्ने अवस्थाले औद्योगिक उत्पादन र प्रशोधनबाट प्राप्त गर्ने अधिकतम लाभ लिन नसकेको अवस्था छ ।

नेपालमा खनिज पदार्थको सम्भावना मूलत: मध्यपहाडदेखि चुरेको पर्वतमालामा छ। नेपालमा ठुलो परिमाणमा धातु, अधातु, इन्धन र निर्माणजन्य विभिन्न खनिज पदार्थ पाइन्छन्। भूगर्भ तथा खानी विभागले आर्थिक सम्भाव्यता भएका खनिजको सूची प्रकाशित गरेको छ तर कति परिमाणमा छन् भन्नेबारे भने यकिन हुन सकेको छैन । दैलेखमा पेट्रोलियम, लोमान्थाङमा युरेनियम, नवलपरासीको धौवादी फलाम खानीलगायत ठुला सम्भावनाहरू छन् तर देशले गिटी, बालुवा, ढुङ्गा र केही अपवादबाहेक खनिजपदार्थको अन्वेषण र उत्खनन गरी लाभ लिन सकिरहेको छैन ।

*राष्ट्रिय जनगणना २०७८ ले पछिल्लो १२ महिना काममा संलग्न भएकाहरूमध्ये करिब ५० प्रतिशत श्रमशक्ति कृषिमा आश्रित रहेको देखाउँदछ । यति ठुलो जनशक्ति संलग्न कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनमा गत आर्थिक वर्षसम्म आइपुग्दा २३ प्रतिशत मात्रै योगदान सीमित हुन पुगेको छ । वैदेशिक रोजगारीका कारण खेतीयोग्य जमिन बाँझिने क्रम अझ तीव्र बनिरहेको छ । कृषि अनुदान र कर्जाको सही सदुपयोग नहुँदा लक्ष्यअनुरूप उपलब्धि हासिल नहुने अवस्था छ ।*

जल तथा ऊर्जा आयोगको पछिल्लो अध्ययनअनुसार नेपालमा आर्थिक सम्भाव्यताका हिसाबले करिब ७३ हजार मेगावाट (क्यु ४०) को विद्युत् उत्पादनको सम्भावना छ तर हालसम्म जडित क्षमता २ हजार ८०० मेगावाट मात्रै पुगेको छ। सरकारले सन् २०३५ सम्ममा कुल जडित क्षमता २८ हजार मेगावाट पुऱ्याउने लक्ष्य लिएको छ। यसमध्ये १५ हजार मेगावाट निर्यात गर्ने र १३ हजार ५०० मेगावाट आन्तरिक खपत गर्ने योजना बनाएको छ तर आन्तरिक खपतको उक्त लक्ष्य पूरा गर्न सन् २०३५ सम्ममा ७.२ प्रतिशतको निरन्तर आर्थिक वृद्धि हासिल हुनु जरुरी रहेको जल तथा ऊर्जा आयोगको सचिवालयले उल्लेख गरेको छ। देशकोआर्थिक अवस्था यस्तै रहे यो लक्ष्य पूरा गर्न भने त्यति सहज देखिँदैन। आयातको एक तिहाइ हिस्सा ओगटेको पेट्रोलियम पदार्थको प्रतिस्थापन गर्न ऊर्जा एक मुख्य स्रोत समेत बन्न सक्छ। यस क्षेत्रमा रहेको जलस्रोतबाट विद्युत् तथा बहुउद्देश्यीय आयोजना निर्माण गरी समृद्धि प्राप्त गर्न सक्ने अधिक सम्भावना छ।

नेपालको सन्दर्भमा मध्यपहाड र हिमाल पर्यटनको मुख्य आकर्षणको क्षेत्र हो। खोँच, भन्ज्याङलगायत हिमालका मनोरम दृश्य, नदीनाला, वन सम्पदा, स्वच्छ हावापानी आदिले यो क्षेत्रलाई विश्वभरि नै चिनाएको छ। पर्वतीय पदयात्रा, घोडचढी, सिकार, स्काई डाइभिङ, रक क्लाइम्बिङ, चरा तथा जनावरको अवलोकन, ऱ्याफ्टिङ, फिसिङ, पौडी, बन्जी, प्याराग्लाइडिङ, माउन्टेन फ्लाइट, केबलकार आदिजस्ता साहसिक स्थल, जल र हवाई पर्यटनको प्रचुर सम्भावना यस क्षेत्रमा छ। पहाडी र हिमाली क्षेत्र साहसिक पर्यटनका लागि विश्वभरिका पर्यटकहरूको उत्कृष्ट गन्तव्य नै हो। नेपालको मध्यपहाड सांस्कृतिक हिसाबले पनि उत्तिकै आकर्षक र वैभवशाली छ। हिन्दु, बौद्ध, किरात सभ्यता झल्कने विभिन्न धार्मिक स्थल र शक्तिपीठहरू यस क्षेत्रमै छन्। सांस्कृतिक र भाषिक विविधता, सामाजिक सद्भाव, धार्मिक सहिष्णुता, पारस्परिक मित्रता मध्यपहाडको गौरव नै हो। खानाकोपरिकार, लोकलय, लोकनृत्य, रहनसहन र पहिरनले यो क्षेत्रमा सुन्दर 'कोलाज'को सिर्जना गरेको छ। यहाँ धार्मिक र सांस्कृतिक पर्यटनको अपार सम्भावना छ।

पछिल्लो समय हाम्रो देशको अर्थतन्त्र मानव उदारवादी आर्थिक नीतिको गहिरो प्रभाव परेको छ। यसले राष्ट्रिय उत्पादन प्रणाली लगभग ध्वस्त पारेको छ। अनुत्पादक अर्थतन्त्रको प्रभाव रोजगारी र विभिन्न अवसरहरूमा समेत परको छ। जीवनयापनका लागि न्यून वेतनमा युवाहरू बिदेसिनु र विप्रेषणको ठुलो हिस्सा उपभोग्य वस्तुमा खर्च गर्ने प्रवृत्तिले देश सम्पूर्ण रूपमा परनिर्भर बन्दै गएको छ।

आर्थिक मन्दी र सुस्त विकासका कारण जीवनयापनका अवसरहरू सङ्कुचित भइरहेका छन् । यसले नागरिकहरूमा निराशा त पैदा गरेको छ नै, अवसरको खोजीमा आफ्नो रैथानबाट अन्यत्र सर्ने र बिदेसिने प्रवृत्ति कहालीलाग्दो बनेको छ। के यो नेपालीहरूको नियति नै हो त ? के यसमा सुधारको सम्भावना नै छैन त ? त्यसो भने होइन । गलत अर्थनीति, कमजोर सामाजिक सुरक्षा, सुशासनको अभाव, भ्रष्टाचार, विकासमा सुस्तता र जनउत्तरदायी सरकारको अभावले नै यो प्रवृत्ति मौलाएको छ ।

देशमा भएको पुँजी, प्राकृतिक स्रोतसाधन, जनशक्ति, प्रविधिको विकास र परिचालनमार्फत जीवनयापनका विभिन्न अवसर सिर्जना गर्न सकिन्छ । तराई, पहाड, हिमालको सन्तुलित विकासमार्फत बसाइँसराइको चापलाई घटाउन सकिन्छ। देशभित्र पैदा हुने रोजगारीका सम्भावनाहरूले वैदेशिक रोजगारीलाई न्यून गर्दै युवाहरूको श्रम–सीपलाई देशको विकासमा उपयोग गर्न सम्भव छ। मध्यपहाडमा चिया, कफी, ओखर, अलैँची, पशुपन्छी पालन, फलफूलजस्ता तुलनात्मक लाभका क्षेत्रमा व्यावसायिक लगानीका साथै यसको आधुनिकीकरण र औद्योगीकरण जोड दिनुपर्छ। यस क्षेत्रमा रहेको जलस्रोत र खनिजजन्य प्राकृतिक स्रोतसाधनको राष्ट्रिय हितअनुकूल हुने गरी विकास र उपयोगका लागि राज्यले लगानी वृद्धि गर्नु आवश्यक छ। मध्यपहाडी राजमार्गको पुनः रेखाङ्कन, तराई–मध्यपहाड जोड्ने उत्तर–दक्षिण सडकहरूको निर्माण, व्यवस्थित बस्ती तथा नयाँ सहरहरूको निर्माण, गुणस्तरीय स्वास्थ्य सेवाका लागि सुविधासम्पन्न अस्पतालहरूको निर्माण, प्राविधिक तथा गुणस्तरीय शिक्षा, सुशासन, प्रभावकारी सामाजिक सुरक्षा, खेलमैदान र मनोरञ्जनको सुविधालगायतको विकास आप्रवासन र युवा पलायनता रोक्ने अनिवार्य सर्त हो। यस क्षेत्रको पर्यटकीय सम्भाव्यतालाई अधिकतम आय र रोजगारी सिर्जना गर्ने गरी केन्द्रित गरिनुपर्छ। वैदेशिक रोजागरीबाट आर्जन भएको पुँजी, सीप र प्रविधि उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्ने व्यवस्था मिलाउनु आवश्यक छ। राष्ट्रिय अर्थतन्त्रलाई उत्पादनमुखी बनाउँदै उद्यमशीलता र रोजगारी सिर्जनामा जोड दिनुपर्छ। यसरी प्राकृतिक स्रोतसाधन, जनशक्ति र प्रविधिको समेत उच्चतम विकास गरी सामाजिक न्यायसहितको समृद्धिले मात्रै यी यावत् समस्याहरूको समाधान सम्भव छ। यसले आम नागरिक र नवजवान युवाहरूमा देशप्रतिको आशा जगाउनेछ। त्यसका लागि जवाफदेही, जिम्मेवार, विकास र रूपान्तरणको प्रस्ट नीतिसहितको जनआधारित बलियो शक्ति आवश्यक पर्छ।

जनताको आर्थिक–सामाजिक रूपान्तरणका लागि नेकपा एमालेले विगत सात दशकदेखि आन्दोलनको नेतृत्व गरिरहेको छ। यतिबेला हाम्रो पार्टीले राष्ट्र र जनताको हितमा अगाडि सारेको 'समृद्ध नेपाल: सुखी नेपाली'को नारा यस कारणले पनि थप सान्दर्भिक बन्न पुगेको छ। आप्रवासन र युवा पलायनताको विकराल अवस्थालाई न्यूनीकरण गर्न उत्पादनमुखी राष्ट्रिय अर्थतन्त्रको निर्माण, हिमाल, पहाड र तराईको सन्तुलित विकास तथा आन्तरिक रोजगारी सिर्जना गर्न जोड दिनुपर्छ। यसरी सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्रनिर्माण गर्ने हाम्रो अभियानले साँर्थकता पाउनेछ।

●

१।

# महिला जागरण र आर्थिक सशक्तीकरण



**पद्मा अर्याल**
सचिव, नेकपा (एमाले)

हाम्रो पार्टी जीवनमा कहिले सङ्गठन निर्माण गर्ने त कहिले जनतामा जागरण ल्याउने उद्देश्यले कैयौँ अभियान सञ्चालन गरियो। विकास, सुशासन, जीवनशैलीसँग जोडिएका विषयहरू, न्याय र समृद्धिका मुद्दाहरू लिएर जनताका बीचमा पुग्ने अभियानहरू पनि सञ्चालन हुँदै आए। विचार, सङ्गठन, हाम्रा सक्रियता र गतिशीलताले नै नेकपा (एमाले) नेपाली कम्युनिस्ट आन्दोलनको मूलधारका रूपमा स्थापित भएको छ र समृद्धिको वाहक बनेको छ। उपयुक्त समयमा खास कार्यक्रमहरू अगाडि बढाउन सक्नुले खास अर्थ राख्ने रहेछ।

२०७९ सालमा पनि देशभर दुई महिने 'मिसन ग्रासरुट' अभियान सञ्चालन गरिएको थियो। अभियानले हाम्रो सङ्गठनमा देखिएका समस्या, विशेषगरी सङ्गठनात्मक अराजकता र दक्षिणपन्थी अवसरवादलाई राम्रोसँग पहिचान गर्न सफल भएका थियौँ। नेकपा (एमाले) बाट निर्वाचित जनप्रतिनिधि र जनताबीचको सम्बन्ध, विकास निर्माणमा हाम्रो भूमिका, पार्टीभित्रको अन्तरविरोधको पहिचान र समाधान, निर्वाचनको परिणामका सम्बन्धमा अध्ययन र अग्रजहरूको सम्मानजस्ता उद्देश्य राखेर सञ्चालन गरिएको मिसन ग्रासरुट अभियान सार्थक बनेको थियो। सोही अभियानका निष्कर्षका आधारमा पार्टीलाई थप व्यवस्थित गर्ने निर्णय लिइएको थियो।

विभिन्न अभियानका अनुभव बटुल्दै कम्युनिस्ट पार्टी स्थापनाको ७५औँ वर्षको उपलक्ष्यमा मध्यपहाडी (पुष्पलाल) लोकमार्गअन्तर्गत 'झुलाघाट–चिवाभन्ज्याङ : समृद्धिका लागि सङ्कल्प यात्रा' अभियान सञ्चालन गर्ने निर्णय गरियो, जुन ऐतिहासिक र नवीन थियो। अभियानमा म झुलाघाटदेखि चिवाभन्ज्याङसम्म पुरै अवधि सहभागी भएँ। यात्रा आफैमा आकर्षक, रोमाञ्चक र उपलब्धिमूलक थियो। त्यसैले अभियानमा जोडिनुहुने सम्पूर्ण नेता–कार्यकर्ता कसैले पनि थकान महसुस गर्नुभएन। अझ अनौठो त हाम्रा पार्टीका श्रद्धेय अध्यक्ष कमरेड केपी शर्मा ओलीको सक्रियता थियो। उहाँको सक्रियतालाई सबैले मुक्तकण्ठले प्रशंसा गर्नुका साथै सबैका लागि अनुकरणीय बन्नुभएको विषयले निकै चर्चा पाएको थियो।

नेकपा (एमाले) र समृद्धि आफैमा पर्यायजस्तै बनेको छ। जहाँ समृद्धिका कुरा हुन्छन्, त्यहाँ नेकपा (एमाले) जोडिन्छ नै। हाम्रो कार्यक्रमले सबैका कान ठाडा भएका थिए, आँखा कार्यक्रमतिर सोझिएका थिए। र, सम्पूर्ण जनताको ध्यान तानेको थियो। सोही अभियानका क्रममा प्रकट भएका महिलाहरूको उत्साह र उक्त क्षेत्रमा आर्थिक सशक्तीकरणसँग जोडिएर महिलाहरूले सञ्चालन गरेका विविध कार्यक्रमहरूलाई प्रतिनिधिमूलक ढङ्गले यहाँ उल्लेख गरिएको छ।

**महिलाहरूमा उत्साह**

यात्राका क्रममा पार्टी अध्यक्षको नेतृत्वमा सम्पूर्ण नेता आफ्नो घरदैलोमै उपस्थित हुने खबरले गाउँ–गाउँमा दिदीबहिनीहरूमा निकै हर्षभाव देखिन्थ्यो। आफैले उत्पादन गरेका फूलका माला उनेर हजारौँको सङ्ख्यामा दिदीबहिनीहरू स्वागतका लागि प्रतीक्षारत देखिनुहुन्थ्यो। कठ्याङ्ग्रिँदो चिसो, अझ त्यसमा पनि झरीको समेत पर्वाह नगरी पार्टीप्रति न्यानो र गहिरो प्रेम देखाएर सडकमा लामबद्ध महिलाहरू फूलका माला हातमा लिएर उभिएको दृश्य पार्टी र नेतृत्वप्रति दृढ समर्थनको प्रमाण थियो। काखमा बच्चा र हातमा माला, आफ्नो पहिचान झल्काउने पोसाक, बहुसंस्कृति झल्कने सांस्कृतिक कार्यक्रमहरू, आकर्षक र सुन्दर झाँकीहरू, स्वागतका लागि आ–आफ्ना घरअगाडि फूलका गुच्छासहित राखिएका गाग्रीहरू, महिलाहरूले बजाएका सुनिरहुँ लाग्ने नौमती बाजाले हामी सबैलाई मन्त्रमुग्ध तुल्याएको थियो। साना–ठुला जुनसुकै कार्यक्रममा महिलाहरूको सङ्ख्या उल्लेख्य थियो, चेहरामा खुसीले स्पर्श गरिरहेको देख्न सकिन्थ्यो। उहाँहरू सबैले पार्टीका

नेताहरूलाई एकैसाथ भेट्न पाउनुमा गौरव महसुस गर्दै हुनुहुन्थ्यो। त्यसमा पनि अध्यक्ष कमरेड केपी शर्मा ओलीसँगको भेट र उहाँको मन्तव्य सुन्न पाउनुलाई अत्यन्त हर्षको रूपमा लिनुभएको पाइयो। टेलिभिजन र सामाजिक सञ्जालमा देखेका राष्ट्रनायकलाई आफ्नै सामुन्ने प्रत्यक्ष देख्न पाउँदा उहाँहरू औधी खुसी हुनुहुन्थ्यो। अध्यक्षसँग तस्बिर खिच्ने सबैको रहर तीव्र देखिन्थ्यो। कार्यक्रममा उपस्थित हुने, स्वागत गर्ने, मन्तव्य सुन्ने भूमिकामा मात्रै होइन, अभियान टोलीलाई खानपान र बसोबासको व्यवस्थापन गर्ने, स्थानीय उत्पादन जस्तैः मकै, भटमास, कन्दमूल, सुन्तलाजस्ता खानेकुराहरू खाजाका रूपमा प्याकिङ गरेर वितरण गर्नेजस्ता कार्यमा समेत अग्रसरता देखिन्थ्यो।

दिदीबहिनीहरूका चाहना, सहभागिता र भावना बुझ्दा नेकपा (एमाले) सँग आफ्ना जीवनका धेरै पक्ष गाँसिएको अनुभूति गरिरहनुभएको छ भन्ने आभास हुन्थ्यो। लैङ्गिक विभेदविरुद्ध विचारको नेतृत्व नेकपा (एमाले) ले नै गरेको हो भन्ने उहाँहरूलाई प्रस्ट थाहा थियो। राज्यका हरेक निकायमा महिलाको प्रतिनिधित्व नेकपा (एमाले) कै नेतृत्वमा सम्भव भएको हो भन्ने कुरासमेत उहाँहरूले बुझ्नुभएको

*आफैले उत्पादन गरेका फूलका माला उनेर हजारौँको सङ्ख्यामा दिदीबहिनीहरू स्वागतका लागि प्रतीक्षारत देखिनुहुन्थ्यो। कठ्याङ्ग्रिँदो चिसो, अझ त्यसमा पनि झरीको समेत पर्वाह नगरी पार्टीप्रति न्यानो र गहिरो प्रेम देखाएर सडकमा लामबद्ध महिलाहरू फूलका माला हातमा लिएर उभिएको दृश्य पार्टी र नेतृत्वप्रति दृढ समर्थनको प्रमाण थियो।*

थियो। त्यसको अलावा युवा महिलाहरूले नेकपा (एमाले) सँग आफ्नो उज्यालो भविष्य देखिरहनुभएको महसुस हुन्थ्यो। समग्रमा त्यो उत्साह पार्टीप्रतिको विश्वास र भरोसाका रूपमा प्रकट भएको थियो।

## आर्थिक अवस्था

मध्यपहाडी (पुष्पलाल) लोकमार्ग क्षेत्रका महिलाहरूको आर्थिक अवस्था विश्लेषण गर्दा कुनै ठाउँमा जनजाति समुदायका महिलाहरूमा उत्पादनमा जोडिनेदेखि उत्पादित वस्तुहरू उपभोग गर्ने कुरामा समानता रहेको र समान काममा समान ज्यालाको व्यवस्था गरेको पाइन्छ। खस–आर्य समुदायका महिलाहरूमा भने जनजाति समुदायमा भन्दा केही भिन्नता रहेको छ। खासगरी ब्राह्मण र क्षेत्री समुदायमा औपचारिक उत्पादनको क्षेत्रमा महिलाहरूको संलग्नता तुलनात्मक रूपमा कम रहेको, उत्पादनका स्रोतसाधनको पहुँचमा पुरुष नै बढी हाबी हुने गरेको पाइन्छ। उमेर समूहको हिसाबले हेर्दा करिब २८ वर्षदेखि ४० वर्ष उमेरका महिलाहरू स्वरोजगारको खोजी गर्ने, उत्पादनका विभिन्न खालका क्षेत्रहरूको खोजी गर्ने, विभिन्न सरकारी र गैरसरकारी निकायहरूमा जोडिएर काम गर्न कोसिस गर्ने गरेको पाइन्छ। ४० वर्षमाथि करिब ६५ वर्षसम्मका महिलाहरू समूह बनाएर कृषि र अनेकौँ उद्यमशीलतासँग जोडिएर आत्मनिर्भर बन्न खोजेको देखिन्छ। ६५ वर्षमाथिका महिलाहरू धेरैजसो छोराछोरीमा आश्रित हुने गरेको पाइन्छ।

## प्रतिनिधिमूलक केही दृष्टान्त

जब हामी बैतडी जिल्लामा प्रवेश गऱ्यौँ, त्यहाँको पाटन नगरपालिकामा महिलाहरू दुनाटपरी बनाएर बिक्री गर्ने काममा संलग्न भएको पाइयो। यसका अलावा पशुपालन, खासगरी बाख्रापालन र सामूहिक तरकारी खेतीमा दिदीबहिनीहरूको आकर्षण देखियो। त्यसैगरी अछाममा महिलाहरूले दिदीबहिनी प्याड उद्योग र मसला उद्योग सञ्चालन गर्नुभएको रहेछ। उक्त उद्योगबाट महिलाहरू दिदीबहिनीहरूले आकर्षक आम्दानी गरी जीविका चलाउनुभएको बुझिन्छ।

सुदूरपश्चिम प्रदेशपछि हामी कर्णालीमा प्रवेश गर्दा अधिकांश महिलाहरू परम्परागत गुजारामुखी कृषिमा जोडिनुभएको देखियो। थोरै युवा महिला रोजगारीमा रहे पनि अधिकांश परनिर्भर रहनुभएको जानकारी पाइयो। रुकुम पूर्वमा भने अलिक फरक भेटियो। महिलाहरू सहकारी र समूहका माध्यमबाट केही उद्योग सञ्चालन

गर्नुभएको रहेछ । जस्तै : अल्लो उद्योग सञ्चालन गरी जुत्ता, झोला, टोपी, कोट आदि बनाउने तथा भाँगो र भाँगोको अचार बिक्री गर्नेजस्ता काममा दिदीबहिनीहरूको आकर्षण रहेछ ।

लोकमार्गले छोएका जिल्लाहरूमा पोषणयुक्त सर्वोत्तम पिठो बनाएर विद्यालय लगायत विभिन्न ठाउँमा बिक्री गर्ने, आलु, हरियो तरकारी, मौरीपालन गरी मह उत्पादन गर्ने, भाँगोको व्यापार गर्ने, उपहारका लागि काम लाग्ने वस्तुहरू उत्पादन गर्ने, मुडा, अगरबत्ती, धुप, साबुन बनाउने, सेलरोटी, दालमोठ, अचार, आलुचिप्स, सिस्नुको धुलो, अमलाको तितौरा, गुन्द्रुक प्याकिङ गरी बेच्ने काममा महिला दिदीबहिनीको सहभागिता देखियो । यसैगरी, लघु उद्योग सञ्चालन गरी ढाकाको साडी, स्वेटर र पर्स तयार गर्ने, भेडाको ऊनबाट बख्खु, राडी, पाखी, कम्बल, जुत्ता मोजा, कोट आदि बनाउनेजस्ता व्यवसायमा महिलाहरू सक्रिय हुनुहुन्छ । यसका अलावा केही महिलाहरू मार्ट सञ्चालन गरी उद्यमी महिलाहरूद्वारा नै उत्पादित वस्तुहरू सङ्कलन गरी बिक्री गर्नेजस्ता काममा लाग्नुभएको छ त कोही होटल व्यवसायमा समेत जोडिनुभएको छ । जति पनि महिलाहरू उत्पादनमा जोडिनुभएको छ, उहाँहरू धेरैजसो राष्ट्रपति महिला उत्थान कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, स्थानीय तहद्वारा सञ्चालित स्वरोजगार र महिला सशक्तीकरणअन्तर्गतका कार्यक्रमहरू, विभिन्न सरकारी, सहकारी एवम् गैरसरकारी सङ्घसंस्थाद्वारा सञ्चालित कार्यक्रमहरू र निजी रूपमा गरिएको पहलकदमी नै प्रमुख रूपमा देखिन्छ । यसरी उत्पादनका क्षेत्रमा सरिक भई आयआर्जन गरेर महिलाहरूले परिवार र समाज धानेको अवस्था छ भने देशको अर्थतन्त्र वृद्धिमा पनि सहयोग पुगेको छ । महिलाहरूमा चेतना र सामाजिक क्रियाशीलता बढेको छ भने भूमिका पनि थपिँदै गएको छ । महिला घरमुलीको सङ्ख्यामा बढोत्तरी भएको देखिन्छ । यसको अर्थ विगतको तुलनामा महिलाहरूको जीवनले काँचुली फेरेको देखिन्छ ।

महिलाहरूमा चेतनाको लहर जसरी फैलिएको छ, त्यसैगरी आर्थिक पक्षबाट सक्षम भए गाउँ, जिल्ला र देश सक्षम हुन्छ । त्यसैले स्थानीय तहदेखि महिलाहरूलाई आर्थिक पक्षसँग जोड्दै लैजानु आवश्यक देखिन्छ। स्थानीय उत्पादनको लहर ल्याउने गरी लाग्ने हो भने जीवन सजिलै बदल्न सकिन्छ ।

यति हुँदाहुँदै पनि मध्यपहाडी लोकमार्गअन्तर्गतका केही जिल्लामा छाउपडी, देउकी, बालविवाह, बोक्सी प्रथा, हिंसाजस्ता समस्या कायमै छन् । पछिल्लो समय प्रविधिको दुरुपयोगमार्फत हिंसा बढिरहेको, वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सले

उपभोक्तावाद बढाएको र पारिवारिक जटिलता पनि थपेको अवस्था छ । यस विषयमा भने थप अनुसन्धान गरी समाधानको बाटो पहिल्याउन आवश्यक छ ।

अभियानका क्रममा हाम्रो अध्ययनबाट प्राप्त निष्कर्षअनुसार महिलाहरू आर्थिक उपार्जनमा सकारात्मक कोसिसहरू गर्दैछन् र आत्मनिर्भर बन्दैछन् भन्ने रहेको छ। यसका बाबजुद पनि केही समस्या छन्। जस्तैः उत्पादनका लागि आवश्यक पर्ने लगानीको अभावमा कतिपय महिलाहरूमा इच्छाशक्ति हुँदा पनि खुम्चिनुपर्ने बाध्यता छ । उत्पादित वस्तुको बजार व्यवस्थापन, तीन तहका सरकार र राज्यका निकायहरूमा पहुँच रहने कुरामा कमी, सीप विकास र क्षमता अभिवृद्धिका कार्यक्रमहरूको अपर्याप्तता, यातायात सुविधामा असहजता, उत्पादनमा प्रयोग गरिने उपकरण उपलब्ध हुन नसक्नुले आशातीत परिणाम हासिल गर्न नसकेको देखिन्छ । यी समस्याहरूलाई समाधान गर्न विशेषगरी हाम्रो पार्टीको तर्फबाट पहलकदमी आवश्यक छ ।

महिलाहरूको क्षमता अभिवृद्धि र उत्पादनसँग जोड्दै आत्मनिर्भर बनाउन सहयोग गर्ने सबालमा स्थानीय तहका सरकारहरूको अझै बढी ध्यान जानु जरुरी छ । अहिलेका नयाँ पुस्तामा लैङ्गिक रूपमा शिक्षामा गरिने विभेद अब लगभग अन्त्य भएको छ तर पढेलेखेका युवा महिलाहरूमा रोजगारीको समस्या जटिल रहेको भेटिन्छ । उत्पादनमा लाग्ने र आत्मनिर्भर बन्ने भनेको स्वाभिमानसँग जोडिने विषय पनि हो, आत्मसम्मान पनि हो । पुरुषसँगको निर्भरताले विभेदको पर्खाल भत्किँदैन ।

विगतमा जे थियो, आज पनि त्यही छ भन्न खोजिएको होइन। तर परिवर्तनको गति भने बढ्नुपर्छ । उमेर समूह छुट्याएर कुन उमेर समूहका महिलाहरू कस्ता उत्पादन क्षेत्रमा लाग्नुभएको छ, आफ्नो खुट्टामा उभिन सक्ने कति हुनुहुन्छ र परनिर्भर कति हुनुहुन्छ भन्ने सन्दर्भमा त्यसको वास्तविक तथ्याङ्क निकाल्न सक्ने अवस्था यात्राका क्रममा सम्भव थिएन। यद्यपि, स्थानीयहरूसँग जानकारी लिने, सम्भावनाहरू बुझ्ने, समस्या र चुनौतीबारे पहिचान गर्ने कार्य हामीले गऱ्यौँ।

हुन त समग्र देशको आर्थिक पक्ष बलियो नभई देश समृद्ध बन्न सक्दैन । राजनीति र अर्थतन्त्रको अन्योन्याश्रित सम्बन्ध हुन्छ । राजनीति र आर्थिक क्षेत्रको पनि उत्तिकै महत्त्वपूर्ण सम्बन्ध हुन्छ । त्यसैले महिलाहरूलाई राजनीतिमा सहभागी गराउन र नेतृत्वमा स्थापित गर्न पनि आर्थिक पक्षलाई ध्यान दिन जरुरी हुन्छ ।

नेपालमा पुरुषको तुलनामा महिलाहरूको सङ्ख्या ६ लाख ५७ हजारले बढी छ। धेरै पुरुष वैदेशिक रोजगारी, अध्ययन र अन्य विभिन्न कारणले घरबाहिर रहेकाले मध्यपहाडमा महिलाहरूले नै राजनीति, व्यवसाय, अर्थतन्त्र, सामाजिक प्रबन्ध, सङ्घसंस्थालगायत धेरै कुरा सम्हालिरहेका छन्। त्यसैले मध्यपहाडको विकासका लागि महिलाहरूको जागरण, सङ्गठन, आत्मनिर्भरता, सशक्तीकरण र समृद्धि अनिवार्य विषय हो। तसर्थ, नीति बनाउँदा महिलाहरूलाई बढी प्राथमिकता दिनु जरुरी छ।

मध्यपहाडी लोकमार्गको यात्रामा जेजति ठाउँमा पुगियो, जस्ता दृश्यहरू देखियो र सुनियो, सोही अवस्थालाई आधार मानेर विभिन्न पाटोबाट देशभरको चित्र कोर्न सकिन्छ। मैले महिलाहरूको पाटोबाट हेर्दा जे देखेँ, सोही आधारमा उल्लेख गरेँ। आउने दिनहरूमा योजना बनाउनलाई मद्दत पुगोस् भन्ने यो लेखको मुख्य आशय हो। किनभने महिलाहरू आर्थिक गतिविधिमा निस्क्रिय रहँदा त्यसको नोक्सान महिलालाई मात्रै हुँदैन, देशको समृद्धिको गतिमा अवरोध सिर्जना गर्छ। आधा हिस्सा रहेको पुरुष प्रत्यक्ष देखिने गरी आम्दानी गर्ने कुरामा जोडिने तर अर्को

*महिलाहरूको क्षमता अभिवृद्धि र उत्पादनसँग जोड्दै आत्मनिर्भर बनाउन सहयोग गर्ने सबालमा स्थानीय तहका सरकारहरूको अझै बढी ध्यान जानु जरुरी छ। अहिलेका नयाँ पुस्तामा लैङ्गिक रूपमा शिक्षामा गरिने विभेद अब लगभग अन्त्य भएको छ तर पढेलेखेका युवा महिलाहरूमा रोजगारीको समस्या जटिल रहेको भेटिन्छ। उत्पादनमा लाग्ने र आत्मनिर्भर बन्ने भनेको स्वाभिमानसँग जोडिने विषय पनि हो, आत्मसम्मान पनि हो।*


आधा हिस्सा ओगटेका महिलाहरूलाई उत्पादनका क्षेत्रमा पूर्ण रूपले निस्क्रिय राख्दा समुन्नत देश निर्माण गर्न सकिँदैन। मानवजीवन भनेको सक्रिय जीवन हो, चाहे महिला होस् या पुरुष। क्रियाशील हुन सक्ने उमेर हुँदासम्म सबैले घरपरिवार, समाज र देशलाई योगदान पुऱ्याउन सक्नुपर्छ।

पार्टीले पनि स्थानीय तहदेखि नै महिलाहरूको आर्थिक सशक्तीकरण र राजनीतिक जागरणलाई एजेन्डा बनाएर योजना बनाउनुपर्छ। त्यसो गर्न सक्दा उत्पादनका क्षेत्रमा लहर नै सिर्जना गरेर जीवनस्तरमा ठुलो परिवर्तन ल्याउन सकिन्छ।

●

# १०

# दिगो विकास र समृद्धिको आधारशिला



**प्रा.डा. पुष्प कँडेल**
अध्यक्ष, केन्द्रीय लेखा आयोग

**१. मध्यपहाडका समस्या र राजमार्गको आवश्यकता**

भौगोलिक हिसाबले नेपाललाई हिमाल, पहाड तथा तराई गरी तीन भागमा बाँडिएको छ। हरेक भौगोलिक क्षेत्रको आफ्नै विशेषता छ, जसमा मध्यपहाडी क्षेत्रका पनि आफ्नै विशेषताहरू छन्। महाभारत शृङ्खला यसको मुख्य भूभाग हो। यो भूभागले देशको ६८ प्रतिशत भूमि ओगट्छ भने कुल जनसङ्ख्याको ४०.३१ प्रतिशत ओगट्छ। १० वर्षअघि ४३ प्रतिशत मानिसहरू यस भूभागमा बस्थे।

नेपालको झन्डै दुई तिहाई भूभाग ओगट्ने मध्यपहाडमा जनसङ्ख्या घट्दै गएको पाइन्छ। यसका मूल कारणहरूमा यातायातका पूर्वाधारको अपेक्षित विकास नहुनु, छरिएको बस्तीका कारण पूर्वाधार विकास खर्चिलो हुनु, विकट भौगोलिक अवस्थिति, निर्वाहमुखी कृषि प्रणाली, अन्य आवश्यक भौतिक पूर्वाधारहरू जस्तै सिँचाइ, सडक, कृषि बजार, शीत भण्डार, गोदाम घर, सङ्कलन केन्द्र आदिको अपर्याप्तता, जमिनको तीव्र खण्डीकरण, असुरक्षित बस्ती र कमजोर आवास संरचनाका कारण बर्सेनि ठुलो धनजनको क्षति हुनु, विद्युत् आपूर्ति भरपर्दो र गुणस्तरीय नहुनु, पानीका प्राकृतिक मूल तथा मुहानहरू सुक्दै जानु, खानेपानी सेवा सुरक्षित, भरपर्दो र दिगो नहुनु आदि हुन्।

मध्यपहाडका थप समस्याहरूमा जलवायु परिवर्तन तथा अन्य प्राकृतिक प्रकोपबाट सिर्जित प्रतिकूल असर, अव्यवस्थित भूउपयोग र सडक सञ्जालको निर्माण तथा विस्तारले गर्दा पहिरो तथा भूक्षयमा वृद्धि, पर्यटन पूर्वाधारको कमी, उद्यमशील संस्कृतिको कमी, सूचना प्रविधिको विकासको कमी, सबै वर्ग तथा क्षेत्रमा वित्तीय पहुँच पुग्न नसक्नु, उत्पादन शृङ्खलामा अग्र र पृष्ठ सम्बन्ध विकास नहुनु, गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित नहुनु, उत्पादित जनशक्तिले पनि योग्यताअनुसारको रोजगारी प्राप्त गर्न नसक्नु, सरकारी स्वास्थ्य संस्था गुणस्तरीय नहुनु आदि छन्। यी विविध कारणले गर्दा मध्यपहाडी भागमा बसाइँसराइ तीव्र रूपमा बढेको अवस्था छ। क्षमतावान् युवा जनशक्तिलाई स्वदेशमा टिकाइराख्ने वातावरण तयार नहुनु, युवा लक्षित नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, युवा विकासका लागि ठोस योजना नहुनु, युवाको सर्वाङ्गीण विकास, उद्यमशीलता र रोजगारीका अवसर सीमित हुनु आदि कारणले ठुलो सङ्ख्यामा युवाशक्ति विदेश पलायन भएको अवस्था छ। बौद्धिक पलायन रोक्नु र दक्षता तथा क्षमताअनुरूप रोजगारीको अवसर सिर्जना गरी वैदेशिक रोजगारीमा जाने जनशक्तिको क्षमताको उपयोग मुलुकभित्रै गर्नु नै अहिलेको मध्यपहाडको मूल चुनौती हो। यिनै समस्याहरूलाई न्यूनतम रूपमा भए पनि समाधान गर्न पुष्पलाल (मध्यपहाडी) लोकमार्गको सुरुआत गरिएको हो।

## २. एमालेले गरेका कामहरू

नेकपा एमालेको राजनीतिक आधारको हिसाबले मध्यपहाड जहिले पनि उर्वर भूमि रहँदै आएको छ। भूमिगत कालमा वा लोकतान्त्रिक कालमा, मध्यपहाडले नेकपा एमालेको निर्वाचन परिणाममा महत्त्वपूर्ण भूमिका खेलेको छ। नेकपा एमालेले पनि मध्यपहाडी भूभागको विकासका लागि ध्यान दिँदै आएको स्थिति छ। २०५१ सालको मनमोहन सरकारको बेलामा सुरु गरिएको यही मध्यपहाडी पुष्पलाल राजमार्ग यसको ज्वलन्त उदाहरण हो। त्यतिबेला सुरु गरिएको आफ्नो गाउँ आफैँ बनाऔँ कार्यक्रमले मध्यपहाडको सडक पूर्वाधारको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको थियो। अहिले जताततै सडक पुग्नुको श्रेय त्यही आफ्नो गाउँ आफैँ बनाऔँलाई नै जान्छ। त्यतिबेलाको नौ 'स'को कार्यक्रम पनि यतैतर्फ लक्षित रहेको थियो। एमाले नेतृत्वको २०६६ सालको सरकारले पुष्पलाल राजमार्गलाई नै केन्द्रित गरेर १० वटा सहर निर्माण, चेपाङ राजमार्ग निर्माण आदि योजनाहरू ल्याएको थियो।

२०७२ सालमा केपी शर्मा ओली नेतृत्वको सरकारले मध्यपहाडमा उत्तर–दक्षिण राजमार्गहरूको निर्माण, बुढी गण्डकी आयोजना निर्माणका लागि कर सङ्कलनको योजना, गल्छी–त्रिशुली–मैलुङ–स्याफ्रुबेँसी राजमार्ग निर्माण, रसुवागढी–काठमाडौँ रेलमार्ग निर्माण, सुनकोसी मरिन डाइभर्सन आदि परियोजना अगाडि सारेको थियो।

त्यसैगरी २०७४ को ओली सरकारका पालामा मध्यपहाडमा भएका कामहरूमा भूकम्पको क्षतिसम्बन्धी सम्पन्न भएका पुनर्निर्माणका कामहरू, तुइन विस्थापन, उत्तरदक्षिण राजमार्गहरू (कालीगण्डकी करिडोर, जाजरकोट दुनै सडक, कर्णाली करिडोर, गल्छी स्याफ्रुबेँसी सडक, कोसी करिडोर, तमोर करिडोर, मदन भण्डारी राजमार्ग, काठमाडौँ तराई फास्ट ट्र्याक आदि) निर्माणका कामलाई तीव्रता दिइयो। नेपालमा सुरुङमार्ग निर्माणको काम पनि मध्यपहाडमा नै भएको छ।

यीबाहेक पनि एमालेले मध्यपहाडको विकासका लागि गरेका कामहरू असङ्ख्य छन्, जसको सूचीकरण यस लेखमा सम्भव छैन।

### ३. यातायातमा जोड

यातायात विकास र आर्थिक विकासको महत्त्वपूर्ण सम्बन्ध हुन्छ। सामान्यतया के देखिन्छ भने यातायात क्षेत्रको विकासबिना अरू कुनै पनि क्षेत्रको विकास हुन

*बौद्धिक पलायन रोक्नु र दक्षता तथा क्षमताअनुरूप रोजगारीको अवसर सिर्जना गरी वैदेशिक रोजगारीमा जाने जनशक्तिको क्षमताको उपयोग मुलुकभित्रै गर्नु नै अहिलेको मध्यपहाडको मूल चुनौती हो। यिनै समस्याहरूलाई न्यूनतम रूपमा भए पनि समाधान गर्न पुष्पलाल (मध्यपहाडी) लोकमार्गको सुरुआत गरिएको हो।*

सक्दैन र भए पनि त्यो दिगो हुन सक्दैन। किनभने यातायातको सुविधाबिना उत्पादन क्षेत्र र बजारको बीचमा सम्बन्ध हुन सक्दैन। यातायात क्षेत्रको विकासले आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका खेलेको कुरा यातायातको सुविधा भएको ठाउँमा समग्र आर्थिक विकास पनि बढी नै हुने गरेबाट देखिन्छ। यसो हुनुका निश्चित कारणहरू छन् :

पहिलो, कृषिको विकासको लागि यातायात अत्यन्त महत्त्वपूर्ण हुन्छ, किनभने यातायातको विकासबाट मात्र कृषि उत्पादनहरू बजारसम्म आउन सक्छन्। यातायातको विकास नभएको ठाउँमा बजारको अभाव हुने भएकाले कृषि गुजारामुखी मात्र हुन्छ।

दोस्रो, यातायातको विकासले सेवा उद्योगको क्षेत्र जस्तै पर्यटनको प्रवर्धन गर्छ। सरकारले राम्रो सडक मात्र निर्माण गर्नुपर्छ, त्यसबाहेकका लगानी र त्यसको व्यवस्थापन गर्ने काम निजी क्षेत्र आफैबाट हुने गर्छ।

तेस्रो, यसले सहरीकरणलाई पनि सहयोग गर्छ। यातायातको विकास भएका ठाउँहरूमा नै सहरको विकास भएको देखिन्छ। यातायातले बसाइँसराइलाई पनि मद्दत गर्छ, जुन परम्परागत अर्थतन्त्रलाई परिवर्तन गर्न र नयाँ संरचना निर्माण गर्न प्रभावकारी हुन सक्छ।

चौथो, औद्योगिक क्षेत्रको विकासका लागि पनि यातायातको विकास त्यत्ति नै आवश्यक छ। किनभने, यसले लागत कम गरेर प्रतिस्पर्धी क्षमता बढाउन सहयोग गर्छ।

पाँचौँ, देशको आर्थिक एकीकरणका लागि पनि यातायातको विकास आवश्यक हुन्छ। हाम्रो देशको हकमा बजारहरू एकीकरण भइनसकेकाले आन्तरिक बजारको पूर्ण क्षमता सञ्चालन तथा त्यसले ल्याउने सामाजिक एकीकरण पनि भइसकेको छैन। यसका लागि पनि यातायात आवश्यक हुन्छ।

यिनै सोचका साथ पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना सुरु गर्दा मध्यपहाडी क्षेत्रमा यातायातको सहज पहुँच पुगेको हुने, जलविद्युत्‌लगायत अन्य विकास निर्माण, पर्यटकीय क्षेत्रको विकास, कृषि उद्योग र सेवा क्षेत्रको विकास र रोजगारीमा सहयोग पुगेको हुने अवस्था आउनेछ। यसबाट नयाँ सहर विकास हुने, पहाडबाट तराईतर्फको तीव्र बसाइँसराइमा कमी आउने, मध्यपहाडी क्षेत्रमा वैदेशिक लगानी प्रवर्धन हुने, गरिबी निवारण र विकासमा भौगोलिक सन्तुलन कायम हुने आशा गरिएको थियो। यो आयोजनाले करिब १ करोड जनतालाई सेवा गर्ने लक्ष्य राखेको छ।

### ४. लोकमार्गको ऐतिहासिक सन्दर्भ र परिचय

पुष्पलाल (मध्यपहाडी) लोकमार्गको अवधारणाको विकास, त्यसको निर्माणको पहल र अनुगमनको श्रेय एमालेलाई जान्छ। एमाले नेतृत्वको २०५१/५२ र २०५२/५३ को मनमोहन अधिकारी सरकारको पहिलो र दोस्रो बजेटमा यसको अवधारणा आएको हो। २०५१/५२ को भरतमोहन अधिकारीको बजेटको ७४औँ अनुच्छेदमा पहाडी क्षेत्रमा आर्थिक गतिविधिको विस्तार गर्न र जटिल हुँदै गएको बसाइँसराइको समस्यासमेत समाधान गर्न देशको मध्यपहाडी भाग हुँदै एक मेरुदण्ड राजमार्गको निर्माण गर्न नितान्त आवश्यक भएको छ। यसैले निर्माण भइसकेका वा निर्माणाधीन मार्गहरूलाई समेत मेरुदण्ड राजमार्गका रूपमा गुरुयोजनाभित्र पारी आयोजना सञ्चालन गर्न चालु आर्थिक वर्षमै सम्भाव्यता अध्ययन सर्वेक्षण गरिनेछ भनिएको थियो। त्यस्तै काङ्ग्रेसद्वारा ढालिएको वर्ष २०५२/५३ मा मनमोहन सरकारको बजेटको अनुच्छेद ८५ ले भनेको थियो, पूर्व–पश्चिमको पहाडी मध्यभागमा निर्माण भएका, निर्माणाधीन अवस्थामा रहेका तथा प्रस्तावित सडक मार्गहरू समेतलाई आधार बनाई पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको मेरुदण्ड राजमार्ग निर्माण गर्ने ढङ्गले सडक निर्माणका कार्यक्रमहरू कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइएको छ। राष्ट्रिय यातायात नीति २०५८ ले यही कुरालाई आत्मसात् गरेर आफ्नो अङ्ग बनाएको देखिन्छ। त्यसमा भनिएको छ– मध्यपहाडी क्षेत्रबाट पूर्व–पश्चिम राजमार्गको क्रमिक विकास र विस्तार हुनेगरी पूर्वपश्चिम सहायक मार्ग तथा जिल्ला मार्गहरूको चरणबद्ध निर्माण तथा स्तरोन्नति गर्दै जाने।

मनमोहन सरकार ढलेसँगै २०५२/५३ पछि गायब भएको यो लोकमार्ग निर्माणको सन्दर्भ नेपाली काङ्ग्रेस सरकारको हालीमुहाली भएको बेलामा

कहिल्यै आएन। यसको अवधारणा त्यसपछि एकैचोटि आर्थिक वर्ष २०६३/६४ र २०६४/६५ को एमाले सम्मिलित गिरिजाप्रसाद कोइराला सरकारको बजेटमा राखिएको देखिन्छ। आर्थिक वर्ष २०६३/६४ को बजेटमा भनिएको छ– पूर्वमा पाँचथर जिल्लाका च्याङथापुदेखि पश्चिममा बैतडी जिल्लाको झुलाघाट जोड्ने प्रस्तावित यस लोकमार्गको ठुलो हिस्सा निर्माण भइसकेको छ। यसै अवधारणाअनुरूप बाँकी खण्डको निर्माण कार्य अघि बढाउने उद्देश्यले आगामी वर्ष बजेट विनियोजन गरिनेछ। त्यसैगरी आर्थिक वर्ष २०६४/६५ को बजेटको ५४ नम्बर बुँदामा पूर्वमा पाँचथर जिल्लाको च्याङ्थापुदेखि पश्चिममा बैतडी जिल्लाको झुलाघाट जोड्ने (मध्यपहाडी) लोकमार्गका बाँकी खण्डहरूको निर्माण कार्य चरणबद्ध रूपमा पाँच वर्षभित्र सम्पन्न गर्ने गरी आगामी वर्ष विस्तृत रेखाङ्कनका साथै निर्माण कार्यलाई निरन्तरता दिइनेछ। जनसहभागिता जुटाई यस कार्यलाई अभियानका रूपमा निर्माण गरिनेछ भनिएको देखिन्छ।

बाबुराम भट्टराई अर्थमन्त्री भएको बजेटको बुँदा नं. १०७ मा पूर्वमा पाँचथर जिल्लाको चिवाभन्ज्याङदेखि पश्चिममा बैतडी जिल्लाको झुलाघाट जोड्ने करिब १ हजार ७ सय किलोमिटरको निर्माणाधीन मध्यपहाडी लोकमार्गको नामकरण पुष्पलाल (मध्यपहाडी) लोकमार्ग गरी निर्माण हुन बाँकी करिब ६५० किलोमिटर सडकको निर्माण कार्य तीन वर्षभित्रमा सम्पन्न गरिनेछ र चालु वर्ष जाजरकोट–दैलेख खण्ड, घुर्मी (उदयपुर)– खुर्कोट खण्ड र च्याङथापु (पाँचथर)–गोपेटार (इलाम) खण्डको करिब १८० किलोमिटर सडक निर्माण सम्पन्न गरिनेछ र बाँकी ४७० किलोमिटर सडकको निर्माण कार्य यसै वर्षभित्र प्रारम्भ गरिनेछ भनिएको थियो।

यो लोकमार्गको कुल लम्बाइ १ हजार ८७९ किलोमिटर छ र यस आयोजनामा २०२ वटा पुल निर्माण हुने अनुमान छ। पन्ध्रौँ योजनाले पुष्पलाल (मध्यपहाडी) लोकमार्गको निर्माणलाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गरी आर्थिक वर्ष २०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य राखेको थियो। त्यति बेलाको अनुमानअनुसार त्यसको कुल लागत १ खर्ब १ अर्ब ५० करोड अनुमान गरिएको थियो।

यस लोकमार्गमा निर्माण भइसकेको तर लोकमार्गको हिस्सा बनाइएका खण्डहरूमा अछामको साँफेबगरदेखि बैतडीको सदरमुकामसम्म, बागलुङ र पर्वतको सिमानामा रहेको काली गण्डकीदेखि पोखरा महानगरपालिकासम्म, खोटाङको जयराम घाटदेखि हलेसीसम्म, धनकुटाको लेगुवादेखि तेह्रथुमको म्याङलुङसम्म

तथा पाँचथरको फिदिमदेखि गणेशचोकसम्म पुरानै बाटोलाई कायम गरी आवश्यक ठाउँमा त्यसमा विस्तार गर्ने योजना रहेको छ।

**५. दिगो विकास र समृद्धिका लागि गर्नुपर्ने कामहरू**

देशको झन्डै ६८ प्रतिशत भूभाग र ४० प्रतिशत जनता पाल्ने मध्यपहाडको विकास नभईकन नेपालको विकासको कल्पना गर्न सकिन्न। समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न नेपालका मध्यपहाडमा रहेका साधनहरूको सदुपयोग गर्नुपर्ने हुन्छ र त्यसका लागि यातायातको सुविधा अत्यन्त आवश्यक देखिन्छ। जल, जमिन, जङ्गल, जडीबुटी र खनिज पदार्थको सदुपयोगका लागि यातायात चाहिन्छ। मधेस र सहरी क्षेत्रहरूमा अनावश्यक जनघनत्व न्यूनीकरणका लागि मध्यपहाडी क्षेत्रमा यातायातको जालो निर्माण आवश्यक छ, जसको मेरुदण्ड पुष्पलाल (मध्यपहाडी) लोकमार्ग हुन आउँछ। यस लोकमार्गलाई एसियन स्टान्डर्डको बनाई छिटोभन्दा छिटो सम्पन्न गर्नु मध्यपहाडको विकासका लागि अत्यावश्यक भइसकेको छ। यसबाहेक मध्यपहाडको विकासका लागि गर्नुपर्ने कामहरू निम्नअनुसार राख्न सकिन्छ :

*देशको झन्डै ६८ प्रतिशत भूभाग र ४० प्रतिशत जनता पाल्ने मध्यपहाडको विकास नभईकन नेपालको विकासको कल्पना गर्न सकिन्न। समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न नेपालका मध्यपहाडमा रहेका साधनहरूको सदुपयोग गर्नुपर्ने हुन्छ र त्यसका लागि यातायातको सुविधा अत्यन्त आवश्यक देखिन्छ।*

- प्रादेशिक लोकमार्ग, सहरी सडक, स्थानीय तथा ग्रामीण सडकको दीर्घकालीन गुरुयोजना बनाई कार्यान्वयन गर्ने, यसमा प्रदेश तथा स्थानीय तहलाई पनि प्रोत्साहित गर्ने, स्थानीय तहका केन्द्रसम्म सडक पुग्ने व्यवस्था गर्ने, सडक बनाउँदा आर्थिक केन्द्र, पर्यटकीय गन्तव्यलगायतलाई ध्यान दिनुका साथै अन्य पूर्वाधार निर्माण क्षेत्रसँग समन्वय गर्ने, सडक निर्माण गर्दा बायोइन्जिनियरिङ कार्यलाई पनि अभिन्न अङ्ग बनाउने ।
- मध्यपहाडी क्षेत्रको पर्यटन क्षेत्रको विकासको समग्र गुरुयोजना विकास गरी कार्यान्वयन गर्ने, नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान, विकास र प्रवर्धन गर्ने, मनोरञ्जनात्मक, फुर्सदको उपयोग गर्ने तथा गर्मी छल्ने पर्यटकलाई ध्यानमा राखी हिल स्टेसनलगायत मानवनिर्मित पर्यटकीय उपज र संरचना विकासमा निजी क्षेत्रलाई प्रोत्साहन गरी पर्यटकीय क्रियाकलापहरूलाई बढी लाभ लिने, सभा, सम्मेलन, गोष्ठी तथा प्रदर्शनी लक्षित पर्यटकीय उपज र पर्यटकीय गन्तव्यको विविधीकरण तथा सौन्दर्यीकरण गर्ने, संवेदनशील एवम् जलवायु सङ्कटासन्न र जोखिममा रहेका पर्यटनस्थल एवम् सांस्कृतिक सम्पदाको पहिचान गरी संरक्षण गर्ने, साहसिक पर्यटन पदमार्गको पहिचान र विकास गर्ने, संरक्षित क्षेत्रमा पर्यटकीय क्रियाकलापको प्रवर्धन गर्ने ।
- प्रमुख पर्यटकीय स्थलमा एकीकृत स्वास्थ्य पूर्वाधार विकास गर्ने, प्रमुख राजमार्ग एवम् पर्यटन मार्गमा पर्यटकमैत्री पूर्वाधार विकास गर्ने, आधुनिक मनोरञ्जनात्मक यातायात पूर्वाधार विकास गर्ने, पर्यटनसम्बन्धी शैक्षिक संस्थाहरू स्थापना गर्ने, मध्यपहाडी क्षेत्रमा रहेका प्राचीन सभ्यतासँग जोडिएका आध्यात्मिकता, ज्ञान तथा दर्शन, किल्ला, धार्मिक तथा पुरातात्त्विक महत्त्वका सम्पदाको पहिचान र विकास गर्ने, प्रत्येक स्थानीय तहमा पर्यटकीय गन्तव्य पहिचान गर्न र होमस्टे विकास गर्न प्रोत्साहन गर्ने ।
- पुष्पलाल (मध्यपहाडी) लोकमार्गसँग जोडेर अन्य धार्मिक तथा सांस्कृतिक परपथहरूलगायत धार्मिक, सांस्कृतिक, पारम्पारिक, ऐतिहासिक एवम् पुरातात्त्विक महत्त्वका सम्पदाहरूको गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने ।

- प्राचीन कला, साहित्य, सङ्गीत, भाषा, संस्कृति भएका विशेष स्थान र त्यसमा समर्पित स्रष्टाहरूको सम्मान हुने गरी सामाजिक संरक्षण प्रदान गर्ने, परम्परागत लोक संस्कृति, नृत्य, नाट्यलगायतका श्रव्य तथा प्रदर्शनजस्ता लोककलाहरूको अनुसन्धान र संरक्षणको उचित व्यवस्था मिलाउने।
- स्थानीय सम्पदा, ऐतिहासिक गढी, किल्ला, भाषा, लिपि, कला, संस्कृति, गुठी, धार्मिक स्थल तथा पाटीपौवाहरूको अभिलेखीकरण, संरक्षण र उपयोगमा प्रदेश र स्थानीय तहसँग सहकार्य गर्ने, सांस्कृतिक एवम् ऐतिहासिक महत्त्वका पर्यटकीय स्थानहरूलाई खुला सङ्ग्रहालयका रूपमा विकास गर्ने।
- कृषि सामग्री, बिउबिजन तथा रासायनिक मल आदिको आपूर्ति प्रणाली प्रभावकारी बनाउने, कृषि उत्पादनको भण्डारण, स्तरीकरण, प्रशोधन गरी मूल्य अभिवृद्धि गर्ने, कृषिमा बिमाको व्यवस्था गर्ने, सामूहिक खेती, व्यावसायिक खेती र करार खेती प्रणाली विकास गर्ने, जग्गाको चक्लाबन्दीमार्फत बृहत् परिमाणमा उत्पादन गर्ने, कृषिमा प्रविधिको प्रयोग, यान्त्रिकीकरण र व्यवसायिकीकरण गर्ने, खाली जग्गामा फलफूल खेती गर्ने, आर्थिक मूल्य नभएका वनलाई क्रमश: हटाई त्यस्ता ठाउँमा जीवनोपयोगी आर्थिक मूल्य भएका औषधीजन्य जडीबुटी र फलफूलको वृक्षरोपण गर्ने।
- जलस्रोत, भूमि, वन सम्पदा, खनिजलगायत प्राकृतिक स्रोतसाधनको दिगो परिचालनको योजना बनाउने र कार्यान्वयन गर्ने, खनिज पदार्थको अन्वेषण, प्रशोधन तथा उत्पादनमा जोड दिने, बढी मूल्य, कम तौल भएका वस्तुहरूको पहिचान, विकास गर्ने, बहुमूल्य खनिज धातुहरूको अनुसन्धान र उपयोगमा जोड दिने।
- बाल विकास केन्द्र, विद्यालय, कलेज, स्वास्थ्य संस्था, बिजुली, बस्ती विकास, फोहोरमैला व्यवस्थापन र सरसफाइ, उद्योग ग्राम, खुला हरित क्षेत्र, मनोरञ्जन पार्क, बजार क्षेत्र, बसपार्क, बैङ्क, सामुदायिक भवन र वाचनालय, सहकारी संस्था, खेलकुद ग्राउन्ड, ढल, परम्परागत तथा प्रविधिजन्य उद्योगको स्थापना र विस्तार आदि गर्ने।

- बैङ्क तथा वित्तीय क्षेत्रको पहुँच विस्तार गर्ने, वित्तीय सचेतनता र साक्षरता कार्यक्रम सञ्चालन गर्ने र सम्पूर्ण नागरिकमा वित्तीय पहुँच पुऱ्याउने ।
- गाउँगाउँमा दिगो र भरपर्दो इन्टरनेट सेवा पुऱ्याउने र यसका लागि सूचना प्रविधिको प्रयोगमा बढावा दिने ।
- विदेशबाट फर्केकालाई प्रविधि, विज्ञता र वित्तीय सहयोग दिई उद्योग सञ्चालनमा प्रोत्साहन गर्ने ।
- विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र, औद्योगिक ग्रामसम्बन्धी पूर्वाधार निर्माण गरी सञ्चालनमा ल्याउने, आवश्यक सडक, विद्युत्, पानी, बैङ्क र बिमा सेवालगायतका सेवा उपलब्ध गराउने ।
- निर्दिष्ट स्थानहरूको पहिचान गरी ढुङ्गा, गिटी, चोकर, बालुवालगायत निर्माण सामग्री उत्खनन, प्रशोधन र उपयोगका लागि आवश्यक व्यवस्था गर्ने, निर्माण सामग्री उद्योगहरू स्थापना र सञ्चालन गर्ने ।
- वन पैदावार र बहुमूल्य पत्थरलगायत अन्य खनिजको प्रशोधन एवम् अन्वेषणसम्बन्धी काम अगाडि बढाउने, अल्लो, केरा, बेत बाँसजस्ता प्राकृतिक रेशामा आधारित वस्तुहरूको उद्यमशीलता प्रवर्धनका लागि वस्तुको सङ्कलन तथा प्रशोधन केन्द्रको विभिन्न स्थानमा निर्माण प्रक्रिया सुरु गर्ने, खाली जग्गाहरूमा कृषि वनको विकास गर्ने, नदी तथा तालहरूको सर्वेक्षण, अनुगमन तथा जोखिम न्यूनीकरण गर्ने ।
- जडीबुटिको पहिचान, खोज, अध्ययन, अनुसन्धान, प्रशोधन, वितरण र प्रयोगमा जोड दिने, मध्यपहाडी क्षेत्रमा भएका प्राकृतिक स्रोतको अध्ययन, नक्साङ्कन र उपयोग गर्ने ।
- नयाँ बस्ती, आधुनिक सहर एवम् आर्थिक करिडोर सहरको विकास गर्ने, अव्यवस्थित पुराना र घना बस्तीहरूलाई पुनरुत्थान गर्ने, जोखिमयुक्त बाढी तथा पहिरो क्षेत्रको पहिचान एवम् लगत सङ्कलन गरी जोखिम नक्सा तयार गर्ने, घना बस्तीबाट अप्रशोधित ढल खुला निष्कासन गर्ने कार्यलाई निरुत्साहित गरिने कम जनघनत्व भएका स्थानहरूमा स्थलगत सरसफाइ सुविधा प्रवर्धन गर्ने ।
- परम्परागत पानी पोखरी, ढुङ्गेधारा, पानीको मूल, खेतीयोग्य समथर जमीनको संरक्षण गर्ने ।

- रङ्गशाला र सुविधासम्पन्न खेल मैदान निर्माण गर्ने, प्रदेश र स्थानीय तहमा सुविधासम्पन्न खेलकुद पूर्वाधार निर्माण तथा स्तरोन्नति गर्ने, उच्च भूभागीय खेलकुद तालिम केन्द्र स्थापना र सञ्चालन गर्ने, नियमित शारीरिक व्यायाम र योगसम्बन्धी क्रियाकलापलाई अभिवृद्धि गर्ने ।
- हरित विकास अवधारणाको ढाँचा तयार गरी कार्यान्वयन गर्ने, विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिने ।
- सिमसार क्षेत्र, धार्मिकस्थल, सडक, टोल वा अन्य सार्वजनिक स्थानमा फोहोर फाल्न प्रतिबन्ध लगाउने, फोहोरमैला व्यवस्थापन प्रणालीलाई आधुनिक प्रविधिमा आधारित बनाउने आदि ।

मध्यपहाडी क्षेत्रको विकासका लागि र समग्र नेपालको आर्थिक एकीकरणका लागि पुष्पलाल (मध्यपहाडी) लोकमार्ग र यसको उत्तर–दक्षिणमा जोडिएका सडकहरू छिटो सम्पन्न गर्नुपर्ने आवश्यकता छ । यो लोकमार्गले अहिले नै अछाम, दैलेख, जाजरकोट, रुकुम, बागलुङ, लमजुङ, गोर्खा, नुवाकोट, सिन्धुपाल्चोक, सिन्धुली, खोटाङ, भोजपुर, तेह्रथुम र पाँचथरलगायत जिल्लामा आमूल परिवर्तन ल्याइसकेको स्थिति छ भने भविष्यमा अझै उथलपुथल ल्याउने देखिन्छ । यदि सुनमा सुगन्ध थप्ने हो भने यस लोकमार्गका उत्तर–दक्षिणका सडकहरूलाई पनि तराईमा हुलाकी राजमार्गको हकमा जस्तै यही लोकमार्गको भाग बनाउनुपर्छ । यसबाहेक

*यदि सुनमा सुगन्ध थप्ने हो भने यस लोकमार्गका उत्तर–दक्षिणका सडकहरूलाई पनि तराईमा हुलाकी लोकमार्गको हकमा जस्तै यही राजमार्गको भाग बनाउनुपर्छ । यसबाहेक विभिन्न ठाउँमा पुनर्रेखाङ्कन गरी आवश्यक स्थानमा सुरुङ र अग्ला पुलको प्रयोग गरी यसको समय र दुरी छोट्याउन आवश्यक देखिन्छ ।*

विभिन्न ठाउँमा पुनर्रेखाङ्कन गरी आवश्यक स्थानमा सुरुङ र अग्ला पुलको प्रयोग गरी यसको समय र दुरी छोट्याउन आवश्यक देखिन्छ ।


यसबाहेक दीर्घकालमा यसमा गर्नुपर्ने सुधारहरूको सन्दर्भमा अछामको साँफेबगरबाट बझाङ बाजुरा हुँदै दार्चुलाको दक्षिणी भाग छुने नयाँ बाटो खोल्ने, खोटाङको जयराम घाटदेखि हलेसीसम्मको भागलाई विस्तार गर्ने, चिवाभन्ज्याङ पुग्नुअघिको उकालो र ओरालोलाई मिलाउने, पाँचथरको फिदिमबाट यस राजमार्गको एउटा हिस्साले भारतको पश्चिम बङ्गाललाई पनि छुने बनाउनेलगायग काम गर्नु आवश्यक छ। तत्काल गर्नुपर्ने कामहरूमा भेरीलगायतका नदीहरूमा पुलहरू छिटो सम्पन्न गर्ने, बुढीगण्डकी र सुनकोसी जलविद्युत् परियोजनाको सन्दर्भमा छिटो निर्णय गर्ने र सोहीअनुसारको नयाँ अलाइनमेन्ट बनाउने, कतिपय ठाउँमा अहिलेलाई बेलिब्रिज बनाउने, जाजरकोट, धादिङ र तेह्रथुम जिल्लाको बाँकी भाग छिटो तयार गर्ने, पिच नभएका ठाउँमा पिच गर्ने, पोखरा महानगरलगायत ठाउँहरूको अलाइनमेन्टको निर्णय गर्ने र छिटो काम गर्नेतर्फ जानुपर्छ । यस्तै सहरहरू, पर्यटकीय क्षेत्र, शिक्षा र स्वास्थ्यसम्बन्धी संस्था स्थापनका लागि पहल गर्ने र नियमित बस सञ्चालनको व्यवस्था गर्ने आदि काम गर्नुपर्छ ।

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली सरकारको पालामा मध्यपहाडको समग्र विकासका लागि यस लोकमार्गलाई ध्यानमा राखेर यसको उत्तर र दक्षिणपट्टि गर्न सकिने सम्भावित कामहरूका बारेमा अध्ययन गर्ने सोचले काम अगाडि बढाइएको थियो । तर, राजनीतिले गलत दिशा लिएका कारण त्यसपछिका सरकारले यसमा चासो नराखेको स्थिति छ। विचार र प्रतिबद्धताविहीन यस्तो सरकारसँग त आशा गर्न सकिन्न । यद्यपि, मध्यपहाडको समग्र विकास र समृद्धिका निम्ति पुष्पलाल (मध्यपहाडी) लोकमार्गको निर्माण र यससँग जोडिएका सबै पक्षहरूका सन्दर्भमा एमालेले निरन्तर खबरदारी गर्ने र पहलकदमी लिने दायित्वबाट पछि हट्नुहुँदैन । यो समृद्ध नेपाल सुखी नेपालीको बलियो आधारशिला हुन सक्छ ।

●

## ११

# सहकारीमार्फत यसरी बन्छ मध्यपहाड समृद्ध



**खगराज अधिकारी**
स्थायी कमिटी सदस्य, नेकपा (एमाले)

हाम्रो पार्टीको अर्थ राजनीतिले परिवर्तन र विकासको गतिलाई तीव्रता दिँदै छोटो समयमा अधिकतम उपलब्धिहरू हासिल गर्नुपर्छ भन्ने मान्यता राख्छ। छोटो समयमा आर्थिक समाजिक रूपान्तरणलाई दिगो बनाउन समृद्ध नेपाल र सुखी नेपालीको निश्चित लक्ष्य र उद्देश्य पार्टीले राखेको छ। समृद्धि र सुखका आधारमा टेक्न अगाडि सारेको जगमा हामीले देश निर्माण, समाज परिवर्तन र समृद्धिको विचार र चिन्तन धाराको नेतृत्व लिनु छ। पार्टीको सिङ्गो शक्ति 'श्रम र सिर्जनामा निरन्तर लाग्ने, उत्पादन कार्यका संलग्न हुने, आफ्नो खुट्टामा आफै उभिने, उत्पादन र अनुसन्धानको नयाँ–नयाँ क्षेत्र खोज गरी नीति र प्रविधिको नेतृत्व गर्न सक्ने, राष्ट्रलाई योगदान दिन सक्ने सबल, सक्षम र स्वावलम्बी नेता–कार्यकर्ताको विकास गर्नु अहिलेको आवश्यकता हो।

त्यसका लागि कल्याणकारी अर्थशास्त्रको भूमिकालाई सम्बोधन गर्दै सामाजिक एकताको अर्थतन्त्र सार्वजनिक, निजी र सहकारीकै जगमा आर्थिक–सामाजिक रूपान्तरण र समाजवादको आधार तयार गर्नुपर्छ। गत मङ्सिर १४ देखि नेकपा (एमाले) ले सुरु गरेको 'समृद्धका लागि सङ्कल्प यात्रा'मा देखिएका विकास र जनताको मनोभावनालाई सम्बोधन गर्न सहकारी अभियानलाई व्यवस्थित गर्नुपर्ने देखिएको छ। पुष्पलाल (मध्यपहाडी) लोकमार्गवरपरको जनताको जीवनशैलीलाई

आर्थिक क्षेत्रबाट उकास्न सहकारी अभियान एउटा बलियो जग बन्न सक्छ। सहकारीलाई व्यवस्थित, पारदर्शी, अनुशासित बनाउन सके मध्यपहाडी क्षेत्रको उत्पादनमा ठुलो भूमिका रहनेछ। सहकारीमार्फत सामूहिक लगानी, ठुलो मात्रामा उत्पादन र चिस्यानको व्यवस्था गरेर बजारीकरणलाई मध्यपहाडी लोकमार्गसँग जोड्न सकिन्छ। जसले सामूहिक काम, सामूहिक रोजगारी, सामूहिक फाइदा दिन्छ। समुदायमा केन्द्रित रहेर सहकारी व्यवस्थापन गरेर लगानी गरे मध्यपहाडीको उब्जनी अर्गानिक, स्वादिलो, पोसिलो पाइएको अनुभव सङ्कल्प यात्रामा सिङ्गो नेतृत्व पङ्क्तिले गहिरो अनुभूति गरेको छ।

विद्यमान अवस्थामा मुलुकको हरेक क्षेत्रमा देखिएको दृष्टिकोणमा आएको विचलन, सङ्गठनात्मक पद्धतिमा देखिएको समस्या र पार्टी नेता–कार्यकर्ताको जीवनशैलीमा आएको विचलनविरुद्ध पार्टीलाई दृढतापूर्वक उभ्याउनु आजको आवश्यकता हो। नेकपा (एमाले) नै इतिहासको निर्माता र भविष्यको आशाको किरण हो हामी नै अध्यारो आकाशमा सूर्यको किरणलाई जीवन्त बनाउनेछौँ भन्नेमा सङ्कल्प यात्राको अनुभूतिले पुष्टि गरेको छ। समाजवाद स्थापनाका लागि सामाजिक एकताको अर्थतन्त्र तीन खम्बे अर्थनीति सार्वजनिक क्षेत्र, निजी क्षेत्र र सहकारी क्षेत्रको समानुपातिक वृद्धि र विकास गर्दै शोषणरहित समाजको निर्माण गर्ने पार्टीको मुख्य उद्देश्य हो। पार्टीले स्पष्ट सहकारी नीति अङ्गीकार गरेको छ, 'सामाजिक एकताको अर्थतन्त्र तीन खम्बे अर्थव्यवस्था प्रणाली पार्टीको नीति हो। २०६३ सालको संविधानमा तीन खम्बे अर्थनीतिलाई संविधानमा हाम्रो पार्टीले स्थापित गऱ्यो र २०७२ सालको संविधानमा तीन खम्बे अर्थनीतिलाई अङ्गीकार गर्दै यसमा टेकेर सामाजिक–आर्थिक रूपान्तरण गर्ने समाजवादको आधार तयार गर्ने विषय उख्लेख गरी जनताको अर्थतन्त्रको विकास गरी राष्ट्रिय पुँजीको विकासको विषय हाम्रो पार्टीको नीतिको अभिन्न अङ्गका रूपमा अगाडि सारेको छ।'

सहकारी नीतिको कुरा गर्दा पार्टीको पाँचौ महाधिवेशनले नीति तय गर्दै भन्यो, 'सहकारी संस्थाहरूको स्थापना र उनीहरूलाई यसमा संलग्न गराउने नीति लिइनेछ।' त्यस्तै छैटौँ महाधिवेशनबाट नारा नै तय गऱ्यो, 'सबल स्वाधीन र आत्मनिर्भरतातर्फ उन्मुख उच्च आर्थिक वृद्धिदर हासिल गर्न राष्ट्रिय बचत परिचालनलाई प्रोत्साहित गर्ने र भ्रष्टाचार अनुत्पादक लगानी एवम् फजुल खर्चलाई नियन्त्रण गर्ने राजनीतिक तहबाटै अग्रसरता देखाउने।' त्यसैगरी निजी तथा सहकारी क्षेत्रमा आकर्षित नभइरहेका वा नहुने, बजार प्रक्रियाले समेट्न नसकेका विकासको प्रभावमा समाहित

नभएका क्षेत्र, वर्ग र समुदायका लागि राज्यले विशेष अग्रणी सहयोगी प्रवर्द्धक तथा उत्प्रेरकको भूमिका निर्देश गर्दै देशको सन्तुलित एवम् समानुपातिक विकास गर्न सकिन्छ भन्ने नीति छैटौँ महाधिवेशनले लियो। आर्थिक क्रियाकलापको विस्तारमा निजी र सहकारी क्षेत्रलाई प्रोत्साहन गर्नुका साथै आवश्यकताअनुसार सरकारी क्षेत्रको भूमिका र लगानीलाई स्थापित गर्न सहकारी सहयोगी बन्दै आएको छ।

पार्टीको सातौँ महाधिवेशनदेखि केन्द्रीय सहकारी विभाग नै गठन गरी नीतिगत र कार्यक्रमिक रूपमा राज्य र सहकारी अभियानलाई सञ्चालन एवम् मार्गदर्शन प्रदान गर्ने कार्य भयो। अर्थतन्त्रको सङ्कट समाधान आम जनताको गरिबी र अभावको संमाप्ति एवम् सबल अर्थतन्त्रको निर्माण गर्ने क्षमता दक्षिणपन्थी दलहरूले राख्दैनन् भन्ने कुरा प्रस्ट भइसकेको छ। त्यसैले, विद्यमान अवस्थामा जनताको बहुदलीय जनवाद कार्यक्रमले अघि सारेको अधिकतम प्रगतिशील सुधारका कार्यनीतिक सोचअनुरूप सामाजिक न्याय तथा समानतामा आधारित मुलुकको समृद्धिका लागि नेपालको आर्थिक–सामाजिक रूपान्तरणको कार्ययोजना तयार गरी अघि बढ्नु जरुरी भएको छ।

पार्टीको आठौँ राष्ट्रिय महाधिवेशनमा प्रस्तुत राजनीतिक प्रतिवेदनको तीन खम्बे अर्थतन्त्रको विकास शीर्षकमा ‘हाम्रो देशको विकासको वर्तमान अवस्थामा मिश्रित अर्थतन्त्र नै उपयुक्त छ। हामीले राजकीय क्षेत्र, सहकारिताको क्षेत्र र निजी क्षेत्र तीनवटैलाई उपयुक्त प्राथमिकता र सन्तुलनका साथै विकास गर्नुपर्छ।’ सहकारिताको क्षेत्रलाई हरेक प्रकारले प्रोत्साहित गर्नुपर्छ। तदनुरूपका नीति, कार्यक्रम, ऐन, कानुनसमेत बनाउनुपर्छ र सहकारी मन्त्रालयसमेत बनाएर यो क्षेत्रलाई व्यवस्थित गर्न जरुरी छ।

पार्टीको नवौँ महाधिवेशनले ‘छरिएको पुँजीलाई बचत गर्दै पुँजी निर्माणमा केन्द्रित गर्नु आवश्यक छ। यसबेला मुलुकमा हजारौँ सहकारीहरूले अर्बौं पुँजी सङ्कलन गरेका छन्। तर त्यो पुँजी उत्पादनमूलक काममा लगाउन सकिएको छैन। नेकपा (एमाले) कै पहलमा मुलुकले सार्वजनिक, सहकारी र निजी क्षेत्रको सहभागिता रहने तीन खम्बे अर्थतन्त्रको संवैधानिक व्यवस्था गरेको छ। सहकारीले देशभरि छरिएका साना पुँजी सङ्कलन गरी उत्पादन, वितरण, रोजगारी सिर्जनामा ठुलो भूमिका खेल्नेछ।’

प्रथम विधान महाधिवेशनबाट ‘सहकारीमार्फत छरिएको पुँजी एकत्रित गर्दै अर्थतन्त्रमा जनताको सहभागिता वृद्धि गर्नुपर्छ। उत्पादन–वितरणमा बिचौलियाको

प्रभाव अन्त्य गर्नुपर्छ र अर्थतन्त्रमा जनताको हिस्सा बढाउँदै जानुपर्छ' भन्ने नीति तय भयो। त्यस्तै घोषणापत्र–२०७९ मा 'सहकारी संस्थाका सदस्यहरू रु. १ करोड र सहकारीबाट परिचालन गर्ने बचत रु. १० खर्ब पुऱ्याउने लक्ष्य लिइएको छ। सहकारी अभियानलाई राजनीतिक र वैचारिक रूपमा प्राथमिकतामा राखेर चौथो महाधिवेशनबाटै यसलाई नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तका रूपमा पुष्टि र पुनर्पुष्टि गर्दै अगाडि बढाइएको छ। नागरिक राजनीतिक अधिकार प्राप्तिको अभियान निकर्षमा पुऱ्याएका छौँ, अब नागरिकहरूको आर्थिक–सामाजिक र सांस्कृतिक अधिकार प्राप्तिको दिशामा हाम्रो पार्टीको विचार र कार्यक्रम केन्द्रित छ।

**सहकारी क्षेत्रमा उठेका सवालहरू**

पछिल्लो समयमा देशभरका अधिकांश सहकारीहरू समस्याग्रस्त बन्दै गएका छन्। बचतकर्ताहरूको अबौँ रकम जोखिममा परेको छ। सहकारी क्षेत्रलाई व्यवस्थित र नियमन गर्न नेकपा (एमाले) नीतिगत हस्तक्षेप गर्न आवश्यक छ। सहकारी क्षेत्रको नियमन सङ्घीय सरकारको एकल अधिकार भए पनि कार्य जिम्मेवारीमा नियमनको जिम्मेवारी सबै तहमा रहँदा नियमन कमजोर भई सहकारीको प्रवर्धन र विकासमा तीनै तहको सरकार जिम्मेवार देखिएको छैन। तसर्थ, सहकारी क्षेत्रको नियमन, प्रतिवेदन र तथ्याङ्कमा एकरूपता लिन जरुरी छ। स्थानीय तह र प्रदेशमा सहकारी नियमनको क्षमता र प्रभावकारिता देखिएको छैन। सहकारीको नियमनको क्षेत्रमा राज्यको दृष्टिकोण अस्पष्ट र अदूरदर्शी छ। सङ्घीय नियमनकारी निकायको संस्थागत क्षमता, कानुनी सबलता कमजोर छ। सहकारी नियमनमा सबैको प्रतिबद्धता र व्यवहारमा भिन्नता छ। सदस्य केन्द्रित र सामूहिकतामा आधारित नभई कम व्यावसायिकताको बाहुल्यका कारण सहकारी संस्कृति र संस्कारमा ह्रास आएको छ।

सञ्चालक केन्द्रित सहकारी सञ्चालन पद्धति र प्रवृत्ति, सदस्यको भूमिका गौण, सहकारीमा सामूहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारी देखिएको छैन। बचत, उद्यमशीलता तथा उत्पादकत्वलाई भन्दा नाफामा केन्द्रित हुने र व्यक्तिको प्रधानताका कारण सहकारी अभियान बदनाम बन्दै गएको छ। वैधानिकता र विधिको सर्वोच्चता माथि अवज्ञा, साधारण सभाबाट नीति, कार्यक्रम बजेट केन्द्रित भई सामूहिक स्वामित्व र लोकतान्त्रिक स्वनियमनको पुरै बेवास्ता गरिएको छ। यी कामहरू कानुनी प्राविधिक र औपचारिकतामा सीमित गराइएको छ। नियामक निकायको

पहुँच र जागरुकता कम भएकाले नियामक कर्मचारीहरू नै अवाञ्छित दोहन, शोषण र भ्रष्ट आचरणको अभ्यासमा संलग्न हुँदा सहकारी क्षेत्र बदनाम बन्न पुगेको छ ।

सहकारी सदस्यहरूले धन सिर्जना, पुँजी निर्माणको क्षेत्रमा ऋणको उपयोग गरेका छैनन् । अनावश्यक र अनुत्पादक खर्चमा जोड, सहकारिताको आधारभूत चरित्र र मान्यतालाई अस्वीकार गरिएको छ । संस्थाका सञ्चालक, कर्मचारीको अनियन्त्रित र असान्दर्भिक कार्यशैली सहकारिताको सिद्धान्तविपरीत छन् । जसका कारण सहकारीप्रतिको आम दृष्टिकोणमा नकारात्मक पक्षको पोषणले गर्दा राम्रा सहकारीहरूमा पनि विश्वासको कमी भई संस्थाहरूको सञ्चालनमा जोखिम बढ्दै गएको छ । सहकारी सङ्घ, संस्थाबाट पीडितको विषय गम्भीर भएका कानुनी अपर्याप्तताका कारण बदनियत र बदमासी गर्ने सहकारी संस्थाका सञ्चालक कारबाहीको दायराबाट बाहिर छन् ।

सहकारी ऐनको प्रवर्द्धनात्मक व्यवस्थाको स्वविवेकी र स्वेच्छाचारी प्रवृत्ति बढ्दो छ । उत्पादकत्व बढाउने लक्षित लगानीका क्षेत्रमा ध्यान दिनुको सट्टा सजिलो क्षेत्र घरजग्गा, सेयर बजारजस्ता क्षेत्रमा पुँजी परिचालन भएको अनियन्त्रित भई जोखिमको मात्रामा वृद्धि भएको छ । सहकारी क्षेत्र कमजोर न्यून नियमनकारी क्षेत्र हो भन्ने भाष्य निर्माण हुँदै गएको छ ।

समाजवादको आधार तयार गर्न नेकपा (एमाले) ले गरेको लामो सङ्घर्ष, बहस, पैरवी राजनीतिक–वैचारिक दृष्टिकोण निर्माण गरेको छ । सामाजिक एकताको अर्थतन्त्र, राष्ट्रिय पुँजीको निर्माण ध्वस्त भयो भने सामाजिक आर्थिक प्रणाली दलाल पुँजीपतिको हातमा जानेछ । त्यसबाट संविधानले परिकल्पना गरेको समाजवादको आधार कमजोर हुन्छ । सहकारीप्रतिको नागरिक विश्वास खण्डित बन्दै गएको छ । सहकारीमार्फत सञ्चालन हुने सम्भाव्य आर्थिक विकासका आधार कमजोर बन्दै गएको छ । सहकारिताको आधारभूत मूल्य र मान्यता कमजोर बन्दै जाँदा सहकारी आन्दोलनले प्राप्त गरेको सामाजिक पुँजीको आधार भत्किने खतरा हाम्रा लागि सबैभन्दा बढी चुनौती हो ।

ग्रामीण तथा सहरी अर्थतन्त्रमा निष्ठावान् सहकारीले पुऱ्याएको योगदानको अवमूल्यन भई धराशयी बन्दै गएको छ । यसले गर्दा सहकारी क्षेत्रको सम्भावना सङ्कुचित भई संविधानले गरेको तीन खम्बे अर्थ व्यवस्था प्रणाली असफल हुन्छ । हामीले कल्पना गरेको तीन खम्बे अर्थनीति समाजवादको आधार भन्ने अर्थ–

राजनीतिको भाष्य कमजोर भई राज्यले समृद्धि र सामाजिक न्याय स्थापना नभई संविधानसभाबाट प्राप्त उपलब्धि भत्किने अवस्था सिर्जना हुनेछ।

**सहकारी नियमनका लागि नीतिगत मार्गदिशा**

सहकारी क्षेत्रको नियमनका लागि सङ्घीय, प्रदेश र पालिकाको स्पष्ट कार्यक्षेत्र परिभाषित हुनु जरुरी छ। सरकारको संवैधानिक जिम्मेवारी निर्वाह गर्दै सबल र सक्षम संस्था, जनशक्ति तथा एकीकृत सूचना प्रणालीको विकास गर्नु जरुरी छ। विद्यमान ऐनमा विरोधाभास भएका ऐनहरूको संशोधन गर्न उत्तिकै जरुरी छ। विद्यमान ऐनमा भएका आधारभूत विषय पूर्ण कार्यान्वयनमा ल्याउनुपर्ने छ। राज्यले सम्बोधन गर्नुपर्ने नागरिकहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यावरणीय मौलिक अधिकारको सम्मान, सुरक्षा र परिपूर्ति सहकारीका माध्यमबाट मात्रै सम्भव छ। तसर्थ सहकारी क्षेत्र कर उन्मुक्ति र कर सुविधाको क्षेत्र हो भन्ने स्थापित गर्नु जरुरी छ। त्यसैगरी सहकारी क्षेत्रको नियमनका लागि महासङ्घ र विषयगत सङ्घको भूमिका र जिम्मेवारी यकिन गरी क्रियाशील बनाई तीनै तहमा सङ्घहरूको प्रवर्द्धनमा अभियान र सरकारको सहकार्य र पुन:संरचनाको आवश्यकता छ।

सहकारी क्षेत्रको नियमनमा नेपाल राष्ट्र बैँकलगायत अन्य सार्वजनिक निकायको प्राविधिक सहयोग परिचालन तथा विद्युतीय भुक्तानी प्रणालीको सुविधा सहकारीलाई अनिवार्य गरिनुपर्छ। बचत तथा ऋणसम्बन्धी कारोबार गर्ने संस्थाका लागि छुट्टै ऐन हुनु आवश्यक छ। सहकारी क्षेत्रको सञ्चालन र स्तरीकरणको आधारभूत मापदण्डको विकास र विस्तारमार्फत सुशासन कायम गर्नुपर्छ भन्ने मान्यता स्थापित गर्नुपर्छ। सामाजिक एकताको अर्थतन्त्रमार्फत राष्ट्रिय पुँजीको विकास गर्ने र प्राकृतिक साधन–स्रोतमा जनताको अक्षुण्ण अधिकारको संरक्षण गर्नु ‘समृद्ध नेपाल, सुखी नेपाली’को राष्ट्रियआकांक्षा पूरा गर्न नेकपा (एमाले) सहकारी अभियानलाई सफल पार्न सधै प्रयत्नशील छ।

●

१२

# मध्यपहाड र पार्टी निर्माणको प्रश्न



**काशीनाथ अधिकारी**
स्थायी कमिटी सदस्य, नेकपा (एमाले)

नेकपा (एमाले) नेपालको राजनीतिमा असाधारण क्षमता र विशेषता भएको पार्टी हो। पछिल्ला दुई वर्षको मात्रै स्मरण गर्ने हो भने पनि त्यसका लागि पर्याप्त हुन्छ। पार्टीले जुन भव्यताका साथ इतिहासमै पहिलोपटक विधान महाधिवेशनको आयोजना गऱ्यो, जसरी एकै दिन पार्टीका ६ हजार ७४३ वडा अधिवेशन र ७५३ पालिका अधिवेशनहरूको आयोजना गऱ्यो र छोटो तयारीका बीच अत्यन्तै ठुलो जनसहभागिता र चुस्त व्यवस्थापनका साथ दसौँ राष्ट्रिय महाधिवेशन सम्पन्न गऱ्यो, त्यसले पुष्टि गरेको थियो कि एमालेको अग्रगतिलाई दुनियाँको कुनै शक्तिले रोक्न सक्दैन।

देशी, विदेशी प्रतिक्रियावादीहरूको घेराबन्दी, मिथ्या आरोप र आक्रमणलाई चिर्दै २०७९ सालमा सम्पन्न भएको स्थानीय तह निर्वाचन र आम निर्वाचनमा फेरि पनि नेकपा (एमाले) नै देशमा सर्वाधिक लोकप्रिय पार्टीका रूपमा अघि आयो। तर, जनचाहनाका बावजुद सिट सङ्ख्यामा अपेक्षित परिणाम प्राप्त नभएको महसुस गरेर पार्टीले सघन रूपमा जनताका माझमा पुग्ने योजना बनायो। दुई महिने 'मिसन ग्रासरुट'मार्फत केन्द्रीय नेतृत्व सिधै आधारभूत जनताका बीचमा पुगेको थियो। समस्त कार्यकर्ता पङ्क्ति त्यो अभियानमा परिचालित भएको थियो। मिसन ग्रासरुटमार्फत पार्टीले आधारभूत तहका जनताबाट मूल्यवान् सुझावहरू प्राप्त गऱ्यो,

अभूतपूर्व रूपमा पार्टी पङ्क्ति चलायमान भयो र पार्टी महाधिवेशन आयोजना नभएको अवस्थामा पनि पहिलोपटक पार्टी सदस्यहरूको सदस्यता नवीकरण र अभिलेख अद्यावधिक कार्य सम्पन्न भयो। त्यसलगत्तै प्रदेश अधिवेशनहरू सम्पन्न गरेर नेकपा (एमाले) आन्तरिक रूपमा एक स्तरको सुदृढ पार्टी बनेको थियो।

प्रदेश अधिवेशनहरू सक्दा नसक्दै अर्को मिसनका निमित्त पार्टी अग्रसर भइहाल्यो। 'झुलाघाट–चिवाभन्ज्याङः समृद्धिका लागि सङ्कल्प यात्रा' को कार्ययोजना अगाडि सार्‍यो।

अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा समस्त नेतृत्व पङ्क्तिको मध्यपहाडी पुष्पलाल लोकमार्ग भएर पश्चिमको सीमादेखि पूर्वको सीमारेखासम्मको यात्रागर्ने गरी २०८० मंसिर १४ गते बिहान बैतडीको झुलाघाटबाट यात्रा आरम्भ भयो। त्यो पहाडवासी स्थानीय जनतासँग प्रत्यक्ष भेटघाट गर्ने, समस्या सुन्ने, सुझाव लिने र जनइच्छाबमोजिम समृद्धिका लागि सङ्कल्प गर्ने नेकपा (एमाले) को यात्रा थियो। १८ दिन अविश्रान्त यात्रा गरेर पुस १ गते सुदूरपूर्व पाँचथरको चिवाभन्ज्याङ पुग्दा त्यो यात्रा सिङ्गो राष्ट्रको सङ्कल्प यात्रा हुन पुगेको अनुभूति गरिएको थियो। यात्राको आदिदेखि अन्त्यसम्म जस्तो उत्साहपूर्ण अपार जनसहभागिता देखियो, उत्सवमय वातावरणमा यात्रीहरूलाई स्वागत गरियो, नेतृत्वका कुरा सुनियो र सुझाव दिइयो। देशमा अब केही हुँदैन, कसैमाथि भरोसागर्न सकिन्न भन्ने नकारात्मक मनोविज्ञान र निराशालाई यात्राले एक हदसम्म चिरेको छ। जनताको असन्तुष्टिमा खेलेर देशलाई पछाडि फर्काउन खोज्ने गणतन्त्रविरोधी पश्चगामी शक्तिहरूको चहलपहललाई पनि निस्तेज पारिदिएको छ। जबर्जस्त जातीय राज्यको कुरा गरेर सामाजिक सद्भावलाई बिथोल्न खोज्नेहरू पनि पछाडि हट्न विवश भएका छन्।

विद्यालयमा पढ्दै गर्दा म चिनियाँ क्रान्तिका नेता माओ त्सेतुङबाट अत्यधिक प्रभावित थिएँ। 'जनताको सेवा गर', 'सिक्न र सिकाउन सिपालु होऊ', 'पर्वत पन्छाउने मूर्ख बुढो मान्छे'जस्ता उहाँका रचनाहरू मलाई खुब मन पर्थ्यो। तर, 'लेखपढ पनि राम्रो नआउने सर्वसाधारणबाट सिक्ने कुरा के हुन्छ होला र ?' भन्ने कुरा पनि मनको एउटा कुनामा बसिरहेको हुन्थ्यो। जब म क्याम्पस पढ्दापढ्दै भूमिगत भएर जनताको माझमा गएँ, त्यसपछि मलाई थाहा भएको थियो जनताको महानता। ठीक त्यस्तै अनुभूति यसपटक भयो। सङ्कल्प यात्रामा जानुपूर्व मलाई लागेको थियो– एमालेप्रति जनतामा धेरै असन्तुष्टि र गुनासा होलान्। पार्टीप्रतिको सम्मान भाव कमजोर भइसक्यो होला। यात्रामा हामीले जनताबाट उदासीन व्यवहार

खेप्नुपर्नेछ। यात्राका क्रममा अनेक विपत्तिहरू आइलाग्न सक्छन् भन्ने लागेको थियो। तर, यावत आशङ्काका विपरीत यात्राभरि हामीले जनताबाट अपार कमरेडेली स्नेह, भरोसा र विश्वास पायौँ। यो देशको भविष्य सुन्दर छ, किनकि यो देशमा एमालेजस्तो पार्टी छ भन्ने मनोविज्ञान पायौँ। कतिपय ठाउँमा बाटो अप्ठ्यारो थियो तर हामीले असजिलो महसुस गर्नुपरेन, बाटो लामो थियो तर हामीले भोकै हिँड्नुपरेन, चिसो मौसममा धेरै उचाइका बासहरू पनि थिए तर कठ्याङ्ग्रिएर सुत्नुपरेन। कसैको निर्देशनबिना नै जनताले आफै अग्रसर भएर यात्रामा आवश्यक पर्ने सबै खालका सहयोग गरेका थिए। कुनै निजी स्वार्थ र अपेक्षा मनमा नराखी जनताले गरेको त्यो न्यानो आतिथ्यबाट यसपटक हामी भावविभोर नै भएका थियौँ र जनताको महानतालाई फेरि एकपटक गहिरो गरी अनुभूत गरेका थियौँ।

**यात्राको सन्देश र जिम्मेवारी**

नेपाल कम्युनिस्ट पार्टी स्थापनाको ७५ वर्ष पुगेको अवसरमा २०८० लाई पार्टीले हीरक वर्षका रूपमा मनाउने निर्णय गरेको थियो। त्यही सिलसिलामा पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलालका नाममा निर्माणाधीन मध्यपहाडी पुष्पलाल लोकमार्गमा यो सङ्कल्प यात्रा तय गरिएको हो। कम्युनिस्ट पार्टीको गौरवशाली विगत, चुनौतीपूर्ण वर्तमान र उज्ज्वल भविष्यका सन्दर्भमा स्पष्ट पार्न तथा जनताका समस्याहरू प्रत्यक्ष सुन्न तथा अमूल्य सुझावहरू लिन यो यात्राको आरम्भ गरिएको थियो। यात्राका क्रममा धादिङको नेत्रावती गाउँपालिकाको पन्ध्रकोस भन्ने ठाउँमा हीरक महोत्सव पार्कको पार्टी अध्यक्षले शिलान्यास पनि गर्नुभयो। १८ दिनको यात्रामा मध्यपहाडका ६ वटा प्रदेश र ३० वटा जिल्ला पार गरियो। मध्यपहाडमा नेकपा (एमाले) साँच्चै सक्रिय रहेछ भन्ने अनुभूति भयो। नेताभन्दा कार्यकर्ता, कार्यकर्ताभन्दा समर्थक र समर्थकभन्दा शुभेच्छुक सर्वसाधारण जनता एमालेप्रति बढी नै आशावादी भएर हाम्रो अभियानमा जोडिएको महसुस भएको थियो। अन्यत्रभन्दा मध्यपहाडका कार्यकर्ता पार्टीलाई राम्रो गरी बुझ्ने रहेछन्, सक्रिय रहेछन्। पार्टीमा विकृति–विसङ्गति कम रहेछ। नेकपा (एमाले) को त्यागको असल परम्परा अझै बचाएका रहेछन्। उच्च पार्टी भावना कायम रहेछ। इमानका साथ भन्ने हो भने कतिपय सन्दर्भमा हामी नेतृत्व पङ्क्तिका व्यक्तिहरूलाई यो यात्रामा समर्थक जनता र भुइँका कार्यकर्ताहरूबाट सिक्ने ठुलो अवसर पनि मिलेको छ। यो यात्रा

हाम्रा लागि विश्वविद्यालयजस्तो हुन पुग्यो भनेर अन्तिम पत्रकार सम्मेलनमा स्वयम् पार्टी अध्यक्षले भन्नुभएको सन्दर्भ एकदमै स्मरणीय छ ।

सङ्कल्प यात्रा मध्यपहाडका पार्टी कमिटीहरूका लागि मुख्य नेताहरू सहभागी भएको एउटा स्मरणीय अभियानमा मात्र सीमित रहनुहुँदैन। बाँकी ४७ जिल्लाका पार्टी कमिटीका लागि बेलाबेला चर्चा गरिने रोमाञ्चक यात्राको विषय मात्र पनि बन्नुहुँदैन । धमिलो राष्ट्रिय परिस्थिति, प्रतिकूल मौसम र अतिवादीहरूका 'थ्रेट'का बीचमा यो यात्रा गरिएको थियो। पार्टी अध्यक्षले जसरी यात्राको नेतृत्व गर्नुभयो, जसरी जनताले हार्दिक स्वागत गरे, सञ्चारमाध्यमहरूको सकारात्मक साथ रह्यो र अन्य दलका नेता–कार्यकर्ताको समेत शुभेच्छा रह्यो, सुरक्षा निकायबाट सहयोग प्राप्त भयो र राष्ट्रिय जीवनका सबै क्षेत्र जसरी प्रभावित र आशावादी भए, त्यसबाट हाम्रो पार्टी पङ्क्तिले गम्भीर शिक्षा लिन सक्नुपर्छ। यो यात्राबाट प्राप्त मूल्यवान् शिक्षा र सन्देशहरूलाई आउने दिनमा प्रभावकारी ढङ्गले जनतामा सम्प्रेषण गरिरहनुपर्छ। विशेषगरी पहाडका पार्टी कमिटी र जनसङ्गठनहरूले पहाडवासी दाजुभाइ दिदीबहिनीलाई बसाइँसराइमा निरुत्साहित गर्ने, रोजगारी सिर्जनामा नयाँ सम्भावनाहरूको खोजी गर्ने, विकास कार्यमा अग्रसरता लिने, मौलिक संस्कृतिको जगेर्ना गर्ने तर पुराना रूढीवादी चालचलन अन्त्य गर्दै प्रगतिशील नयाँ संस्कार स्थापित गर्न पहल गर्ने, जातीय अतिवाद र साम्प्रदायिकताको सशक्त विरोध गर्ने र सामाजिक सद्भावको विकास गर्न निरन्तर जोड दिने काम गर्नुपर्छ। उपरोक्त विषयहरूका साथै विकास, समृद्धि र समाजवादका बारेमा एमालेको भिजन तथा भूमिकाका सम्बन्धमा स्पष्ट पार्न कमिटी बैठकहरूमा कार्यसूचीको विषय बन्नुपर्छ ।

सबै पुराना पार्टी र तिनका नेतृत्व उस्तै हुन् भन्ने कुप्रचारलाई यो सङ्कल्प यात्रा आफैमा गतिलो जवाफ बनेको छ । नेकपा (एमाले) प्रतिकूलतादेखि नडराउने, निर्णय कार्यान्वयन गरिछाड्ने विशेषताता भएको, पृथक् पहिचान भएको पार्टी हो। समकालीन राजनीतिमा यो धुरीखाँबोजस्तो छ । समृद्धिको एजेन्डा यसैले मात्र बोक्न सक्छ। लोकतन्त्र, गणतन्त्र, राष्ट्रिय हित, सामाजिक सद्भाव र राष्ट्रिय एकताका पक्षमा यही पार्टी मात्र चट्टानी अडान राख्न सक्छ भन्ने बलियो बुझाइ जनतामा रहेछ भन्ने देखियो। अध्यक्ष केपी शर्मा ओलीप्रति जनतामा जुन चुम्बकीय आकर्षण देखियो, त्यसले स्पष्ट पारेको छ– उहाँ एउटा पार्टी विशेषको मात्र होइन, सबै उमेर समूहका जनता र सिङ्गो राष्ट्रको भरपर्दो नेता तथा अभिभावकका रूपमा स्थापित हुनुहुँदो रहेछ। पाको उमेर र संवेदनशील स्वास्थ्य स्थितिका बाबजुद उहाँमा जुन

अविश्रान्त सक्रियता, प्रबल इच्छाशक्ति र अटुट उत्साह यो यात्रामा देखियो, उहाँको त्यो असाधारण व्यक्तित्वले त धेरैलाई आकर्षित मात्र होइन, कायल नै पाऱ्यो ।

**अभियानबाट मात्र पार्टी निर्माण हुँदैन**

मुलुकको इतिहास र नेकपा (एमाले) को जीवनमा पहिलोपटक पहाडमा गरिएको यसखालको सङ्कल्प यात्राले निश्चय पनि अनेकौँ महत्त्वपूर्ण सन्देशहरू दिएको छ । तिनलाई हामीले पुँजीकृत गर्न सक्नुपर्छ । कतिपय सञ्चार माध्यमहरूले हाम्रो यात्रालाई माओको नेतृत्वमा १६ अक्टोबर १९३४ देखि १९ अक्टोबर १९३५ सम्म भएको चीनको लामो यात्रा (लङ मार्च) सँग तुलना गरेर पनि विश्लेषण गरे । तर एमाले पङ्क्तिले बुझ्नुपर्ने चुरो कुरा के हो भने जनताको बहुदलीय जनवाद (जबज) को मार्गदर्शनमा अघि बढेको, समृद्ध नेपाल सुखी नेपालीको आकाङ्क्षा बोकेको र समाजवादका आधार निर्माण गर्ने कार्यदिशा लिएको आमूल रूपान्तरणकारी कम्युनिस्ट पार्टीको निर्माण खासखास बेला अभियान चलाएर मात्र सम्भव हुँदैन । सार र स्वरूपको भिन्नताबारे स्पष्ट हुनैपर्छ । अभियानले सकारात्मक माहोल बनाउने मात्र हो। त्यो स्वरूपको कुरा मात्रै हो। हामी सारमा जानैपर्छ अर्थात् पार्टीको आन्तरिक स्थिति मजबुत नबनाईकन र निरन्तर गतिशील नभईकन पार्टी बलियो हुँदैन। पार्टीलाई एकपटक बलियो बनाएर मात्र पुग्दैन। हाम्रो क्रान्ति अधुरो छ। नेतृत्वको प्रश्न पनि क्रान्तिले टुङ्ग्याएको छैन । राज्यसत्तामा कुन वर्गको नेतृत्व रहने भन्ने कुराको टुङ्गो आवधिक चुनावले मात्रै गर्ने गर्छ । नेपाली श्रमजीवी वर्गको मुख्य प्रतिनिधि पार्टी नेकपा (एमाले) ले चुनाव जित्दा मात्रै श्रमजीवी वर्गको नेतृत्व कायम हुने हो । थप स्पष्ट हुनुपर्ने कुरा के हो भने श्रमजीवी वर्गको निरन्तरको नेतृत्वले मात्र हाम्रो देश वैज्ञानिक समाजवादतर्फ जाने हो । भोलिको क्रान्तिको बाटो हिजोको भन्दा कठिन छ । तसर्थ, हाम्रो मिसन–२०८४ को अन्तर्य मिसन–२०८९ र मिसन–२०९४ पनि हो भन्ने बुझ्नुपर्छ । यसै सन्दर्भमा आएको हो, बलियो राष्ट्रिय शक्तिको कुरा । अर्थात्, पार्टी निर्माणको प्रश्नलाई तीनवटै तहका निर्वाचनमा लगातार एक्लै बहुमतका साथ जितिरहने सामर्थ्य भएको सुदृढ पार्टी बनाउने अर्थमा बुझ्नुपर्छ। एकपटक चुनाव जितेर र केही समयका लागि पार्टी बलियो बनाएर मात्रै हामी लक्ष्यमा पुग्दैनौँ। निर्वाचनरूपी वर्ग सङ्घर्षमा निरन्तर खरो उत्रिराख्ने पहिलो सर्त नै बलियो कम्युनिस्ट पार्टीको निरन्तरता हो । निर्णायक राष्ट्रिय शक्ति नेकपा (एमाले) लाई कसरी बनाउने

र त्यसलाई निरन्तर कसरी टिकाइराख्ने ? हाम्रा लागि स्पष्ट हुनुपर्ने यो नै आजको सर्वाधिक महत्त्वपूर्ण प्रश्न हो ।

हामीले अझै पनि जबज मान्यताको पूर्ण रूपमा कम्युनिस्ट पार्टी निर्माण गर्न सकेका छैनौँ। त्यसका लागि विचारमा स्पष्ट, सुदृढ सङ्गठन, कसिलो आन्तरिक एकता, जनमुखी कार्यशैली र जनतासँग घनिष्ठतम सम्बन्ध भएको पार्टी बनाउन सक्नुपर्छ। जबजको मार्गदर्शनमा माथिदेखि तलसम्मका समस्त पार्टी कमिटीहरू उपर्युक्त विशेषता भएको बलियो पार्टी निर्माणमा कार्ययोजनाका साथ अब केन्द्रित हुनैपर्छ ।

सङ्गठनात्मक क्षेत्रमा व्यापक सुदृढीकरण चलाउने मात्र होइन, विकृति विसङ्गतिको महारोगबाट पार्टीलाई स्वस्थ पार्नैपर्छ । त्यसका लागि मूलत: चारवटा क्षेत्रको शुद्धीकरणमा केन्द्रित हुनु आवश्यक छ– सदस्यता, कमिटी परिचालन, कार्यशैली र पार्टी पद्धति । तब मात्रै नेकपा (एमाले) लाई एउटा आदर्श कम्युनिस्ट पार्टी बनाउन सकिनेछ ।

हाम्रो अनुभवले बताइसक्यो– बेलाबखत चलाइने अभियानहरूमा भर परेर मात्र जबजले परिकल्पना गरेजस्तो पार्टी बन्दैन । पार्टीको सिङ्गो शरीर नियमित रूपमा चलायमान हुनैपर्छ । अवसरवाद र अराजकतालाई समाप्त पार्न सम्झौताहीन सङ्घर्ष गर्न र यावत् विकृति विसङ्गतिविरुद्ध निर्मम प्रहार गर्न सक्नुपर्छ । निरन्तर सुदृढीकरण र शुद्धीकरणको पाइन हालेर पार्टीलाई धारिलो बनाइरहनुपर्छ। सिङ्गो पार्टीलाई एउटै लय, एउटै भाका र एउटै सङ्कल्पमा हिँडाउन सक्दा मात्रै कसैले चुनौती दिन नसक्ने पार्टी बनाउन सकिनेछ । त्यस्तो पार्टीले मात्रै शान्तिपूर्ण प्रतिस्पर्धाकै बाटोबाट देशलाई वैज्ञानिक समाजवादसम्म लैजाने सामर्थ्य राख्नेछ ।

●

# १३

## सङ्कल्प यात्रा : पार्टी निर्माणको स्पष्ट दिशानिर्देश



**राजेन्द्र गौतम**
स्थायी कमिटी सदस्य, नेकपा (एमाले)

मङ्सिरको १४ गते, कठ्याङ्ग्रिँदो चिसोको आगमनबीच नेपाली राजनीतिमा एउटा नयाँ सन्देशको उद्घोष गर्दै झुलाघाट–चिवाभन्ज्याङ: समृद्धिका लागि सङ्कल्प यात्रा–२०८० नामको राजनीतिक जागरण प्रारम्भ भयो। 'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय' बनाउने र दिने हिसाबले तय भएको यो यात्रा सामाजिक सद्भाव र राष्ट्रिय एकताको संवाहक बन्न पुग्यो। बैतडी जिल्लाको झुलाघाटमा राष्ट्रिय झन्डाको उत्तोलन गर्दै पार्टी अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले यस यात्राको शुभारम्भ गर्ने क्रममा भन्नुभयो– यो यात्रा सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई बलियो बनाउँदै सबल राष्ट्र निर्माणका लागि थालिएको सङ्कल्प यात्रा हो। यात्राले एउटा बलियो राष्ट्रियशक्ति निर्माण गरी त्यसैको जगमा सबल राष्ट्र निर्माण गर्ने आधारशिला तय गर्नेछ।

### सिद्धान्त र व्यवहारबीचमा सम्बन्ध

सिद्धान्त आफैमा भौतिक शक्ति होइन, सिद्धान्त व्यवहारसँग गाँसिएपछि मात्रै त्यो भौतिक शक्तिमा रूपान्तरित हुन्छ र परिवर्तनका लागि निर्णायक भूमिका खेल्न सक्छ। त्यसलाई जनताको विशाल पङ्क्तिमा पुर्‍याउनुपर्छ। सामाजिक धरातलसम्म विस्तार गर्नु अनिवार्य छ। आम जनताको साझा आदर्श, लक्ष्य र साझा मुद्दा बनेपछि

मात्रै सिद्धान्त भौतिक शक्तिमा रूपान्तरित हुन्छ । त्यसले समाजमा नयाँ गति र ऊर्जा सिर्जना गर्छ भन्ने कुरा व्यवहारबाट आत्मसात् गरेको छ । वास्तवमा नेकपा (एमाले) को यस अभियानले मध्यपहाडका साथै देशमै नयाँ जागरण र गति प्रदान गरेको छ । जननेता मदन भण्डारीले भन्नुभएझैँ– जनता अपराजय शक्ति हो, यो निर्णायक र अन्तिम शक्ति हो ।

जनताबीच पार्टी र नेतृत्वलाई परिचित गर्न, जनतालाई जागृत र उद्वेलित गर्न, सङ्गठित गर्न र आन्दोलनमा उतार्न यस्ता यात्राहरूले निर्णायक भूमिका खेल्छन् । पार्टीका संस्थापक नेता पुष्पलालले भन्नुभएझैँ– सजीवताबिनाको पार्टी सङ्गठन केवल अस्थिपञ्जर मात्र हुन पुग्छ । यस्ता कामले पार्टीमा क्रियाशीलता बढ्छ । जनतासँगको आपसी सम्बन्ध र सञ्चार स्थापित हुन्छ ।

जननेता मदन भण्डारीले भन्नुभएजस्तै– प्रतिस्पर्धामा श्रेष्ठता स्थापित गर्न सक्ने, हजारखाले काममा नेतृत्व दिन सक्ने एवम् वर्गसङ्घर्ष र राजनीतिक प्रतिस्पर्धामा विजयी हुन सक्ने जनआधारित कार्यकर्ता पार्टीको निर्माण हाम्रो आधारभूत दिशा हो भन्ने कुरा बुझ्न जरुरी छ । यस्ता अभियानले जनआधारित पार्टी निर्माणमा महत्त्वपूर्ण आधार तयार गर्छ ।

पार्टीका संस्थापक महासचिव पुष्पलालले तीन 'स'को विचार अगाडि सारिरहँदा विचारका आधारमा सङ्गठन निर्माण हुने र सङ्घर्षबाट प्राप्त अनुभवहरूको आधारमा सिद्धान्त समृद्ध हुने द्वन्द्वात्मक अन्तरसम्बन्ध स्पष्ट पार्नुभएको थियो । आजको यो परिवर्तित सन्दर्भमा पनि हाम्रो पार्टी तथा आन्दोलनको जीवनमा यी विषयहरू त्यति नै महत्त्वका साथ लागू भएका छन् भन्ने कुरा व्यवहारले पुष्टि गर्छ । त्यसकारण पार्टीलाई पराजित मानसिकताबाट मुक्त गरी नयाँ उचाइमा पुऱ्याउनु हाम्रा लागि ठुलो चुनौती छ । यस्तो स्थितिमा विचार र सङ्गठनका क्षेत्रमा श्रेष्ठता हासिल गर्न प्रतिस्पर्धी पार्टीहरू भन्दा जुझारु, गतिशील र क्रान्तिकारी पार्टी निर्माणको सवाल आजको हाम्रो मुख्य काम हो र हुनुपर्छ ।

पार्टी निर्माणको क्षेत्रमा सङ्कल्प यात्राले दिएको सन्देश भनेको क्रान्तिकारी लोकतन्त्रको वाहक शक्तिका रूपमा नेकपा (एमाले) लाई सुदृढ, बलियो राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्ने हो । त्यसका लागि देहायका कार्यमा विशेष जोड दिनुपर्छ भन्ने मध्यपहाडको सुझाव छ :

- सिद्धान्तनिष्ठ अर्थात् मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवादप्रति प्रतिबद्ध ।

- क्रान्तिकारी, अर्थात वर्गसङ्घर्ष र राजनीतिक प्रतिस्पर्धामा श्रेष्ठता हासिल गर्न सक्ने।
- जुझारु र गतिशील अर्थात् शत्रुका कुनै पनि हमलाको मुकाबिला गर्न सक्ने।
- अनुशासित अर्थात् पार्टीको नीति, निर्णय र आचारसंहितालाई कुनै पनि अवस्थामा पालना गर्ने।
- एकताबद्ध र सुदृढ अर्थात् सबैखाले गुटबन्दीहरूबाट मुक्त गरी पार्टीलाई एकताबद्ध र सुदृढ ढङ्गले अगाडि बढाउन सक्ने।
- शुद्धीकरण र सुदृढीकरण, अर्थात् पार्टीको नीति, नियम, आचरण, स्वेच्छाचारितालाई नियन्त्रण गर्न शुद्धीकरण अभियान सञ्चालन गरी अनुशासन, पार्टी निर्णय र पद्धतिको नि:सर्त पालना गर्ने।
- गन्तव्यमा स्पष्ट अर्थात् समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्य पूरा गर्न समाजवादका आधार तयार गर्ने गरी आर्थिक रूपान्तरणको खाका स्पष्ट गर्ने।

*जननेता मदन भण्डारीले भन्नुभएजस्तै– प्रतिस्पर्धामा श्रेष्ठता स्थापित गर्न सक्ने, हजारखाले काममा नेतृत्व दिन सक्ने एवम् वर्गसङ्घर्ष र राजनीतिक प्रतिस्पर्धामा विजयी हुन सक्ने जनआधारित कार्यकर्ता पार्टीको निर्माण हाम्रो आधारभूत दिशा हो भन्ने कुरा बुझ्न जरुरी छ। यस्ता अभियानले जनआधारित पार्टी निर्माणमा महत्त्वपूर्ण आधार तयार गर्छ।*

यसरी पार्टीको दसौँ राष्ट्रिय महाधिवेशनले निर्दिष्ट गरेको बाटो र गन्तव्यमा अनवरत र अविचलित ढङ्गले अगाडि बढ्न गरेको दिशानिर्देशलाई दृढतापूर्वक आत्मसात् गर्न यो यात्राले थप बल दिएको छ। यसले त्यस दिशामा अगाडि बढ्न र क्रान्तिको बाटो एवम् गन्तव्यप्रति दृढ रहन प्रेरित गरेको छ। आन्दोलनको भट्टीमा खारिएको पार्टी नेतृत्वले मात्र मुलुकको रूपान्तरण र परिवर्तनको नेतृत्व गर्न सक्छ भन्ने आत्मविश्वास पनि यस अभियानले जगाएको छ। त्यो इच्छाशक्ति भएको पार्टीले मात्र जनताको विश्वास जित्छ। यो यात्राले त्यो विश्वासलाई थप सुदृढ गरेको छ।

## पार्टी निर्माणमा जोड दिनुपर्ने पक्षहरू

पार्टीभित्रको मुख्य काम विचारधारात्मक काम, सङ्गठनात्मक काम र पार्टी कमिटीहरू बीचको आपसी सम्बन्ध, सञ्चार तथा पार्टीको कार्यशैली र कार्यपद्धतिको पूर्ण व्यवस्थापनमा जोड दिनु आवश्यक छ। पार्टीले अँगालेको सही वैचारिक दिशा र सङ्गठनको जीवन्त परिचालनमा विशेष ध्यान दिन यो अभियानले दिशानिर्देश गरेको छ। पार्टीभित्र सिद्धान्त, सङ्गठन र सङ्घर्षको त्रिआयामिक सम्बन्धमा जोड दिँदै अगाडि बढ्नुपर्छ। वर्ग दृष्टिकोणलाई आधारभूत रूपमा दह्रो गरी पक्रने, आधारभूत वर्गका बीचबाट पार्टी निर्माण गर्ने, मूलत: पार्टीलाई दक्षिणपन्थी भड्कावबाट जोगाउँदै क्रान्तिकारी पार्टीको रूपमा विकास गर्ने, पार्टीभित्र बढिरहेको अराजकतालाई नियन्त्रण गर्न सिङ्गो पार्टीपङ्क्तिभित्र सैद्धान्तिक र वैचारिक रूपान्तरणको कामलाई घनीभूत ढङ्गले अगाडि बढाउनुपर्ने अवस्था विद्यमान छ। हाम्रो पार्टीभित्र दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकता मुख्य खतराका रूपमा रहेको छ। लामो समयदेखि हुर्कंदै आएको निम्न पुँजीवादी चिन्तन र गलत विचारहरू दक्षिणपन्थी चरित्रका रूपमा रहँदै आएका छन्। विधिविधान नमान्ने, कम्युनिस्ट नैतिकता, व्यवहार नमान्ने, एउटा अराजक झुण्ड तयार गर्ने, त्यसैको बलमा पार्टी कब्जा गर्नेजस्ता गलत चिन्तन, प्रवृत्ति र परिपाटीका विरुद्ध जुध्न विचारधारात्मक सङ्घर्ष र रूपान्तरणको कामलाई गम्भीरतापूर्वक अगाडि बढाउनुपर्ने हुन्छ। पार्टीव्यापी रूपमा शुद्धीकरण र सुदृढीकरण अभियान सञ्चालन गर्नुका साथै आलोचना, आत्मालोचना तथा वैचारिक रूपान्तरणको कामलाई सँगसँगै प्रभावकारी ढङ्गले सञ्चालन गर्नुपर्छ। कम्युनिस्ट पार्टीमा विचार र सङ्गठनका बीचमा द्वन्द्वात्मक सम्बन्ध स्थापित गर्ने एवम् सङ्गठनात्मक

सिद्धान्त जनवादी केन्द्रीयता हो भन्नु कुरा भुल्दै गएको अनुभूति हुन्छ। विचारको स्वतन्त्रताका नाममा अनुशासनको पक्षलाई ध्यान नदिने, विचारहरू जहाँसुकै पोख्दै हिँड्ने अराजक प्रवृत्ति पनि विद्यमान छ।

पार्टीभित्र छलफल र निर्णयको प्रक्रियालाई लोकतान्त्रिक बनाउनुपर्छ। तर लोकतान्त्रिक बनाउने नाममा पार्टीभित्र कुनै पनि किसिमको विचारात्मक तथा सङ्गठनात्मक गुटहरू बन्न दिनुहुँदैन। पार्टीको विकासको द्वन्द्वात्मक प्रक्रिया विचारधारात्मक सङ्घर्ष नै हो भन्ने नाममा पार्टीको एकता र विचारधारात्मक रूपान्तरणको पक्षलाई ध्यान नदिने हो भने पार्टीभित्र गुटहरू संस्थागत हुने गर्छन्। त्यसैले विचारधारात्मक सङ्घर्षलाई पनि पार्टी अनुशासनको परिधिभित्र सञ्चालन गर्नुपर्छ। अहिले नेकपा (एमाले) का सामु नेपालको कम्युनिस्ट आन्दोलनलाई देशभक्तिपूर्ण, लोकतान्त्रिक, क्रान्तिकारी तथा रूपान्तरणकारी आन्दोलनका रूपमा अगाडि बढाउनुपर्ने चुनौती छ। यी चुनौतीको सामना गर्न हामीसँग क्रान्तिकारी विचार, सिद्धान्त मात्र भएर हुँदैन। त्यसका लागि बलियो सङ्गठन र प्रशिक्षित कार्यकर्ता हुनु जरुरी छ भन्ने कुरा सङ्कल्प यात्राले थप स्पष्ट गरेको छ।

*लामो समयदेखि हुर्कंदै आएको निम्न पुँजीवादी चिन्तन र गलत विचारहरू दक्षिणपन्थी चरित्रका रूपमा रहँदै आएका छन्। विधिविधान नमान्ने, कम्युनिस्ट नैतिकता, व्यवहार नमान्ने, एउटा अराजक झुण्ड तयार गर्ने, त्यसैको बलमा पार्टी कब्जा गर्नेजस्ता गलत चिन्तन, प्रवृत्ति र परिपाटीका विरुद्ध जुध्न विचारधारात्मक सङ्घर्ष र रूपान्तरणको कामलाई गम्भीरतापूर्वक अगाडि बढाउनुपर्ने हुन्छ।*

**हामी कहाँ चुकिरहेका छौँ ?**

पार्टीको नीति ठीक छ, नेतृत्व ठीक छ, बाटो ठीक छ, गन्तव्य स्पष्ट छ। तर पनि किन जाम ? पार्टीको कार्यशैली र नेतृत्वको जीवनशैलीमा कतिपय कमजोरी हुन सक्छन्। कार्यशैली भनेको हाम्रो कामलाई मूर्तरूप दिने सीपयुक्त शैली हो। हाम्रो कार्यशैली जनताभन्दा अगाडि वा पछाडि होइन, एकाकार भएर अगाडि बढ्ने हुनुपर्छ। त्यसका लागि हामी कसका नेता हौँ, कसका प्रतिनिधि हौँ भन्ने कुरा बुझ्नु जरुरी छ। सादाजीवन, उच्च विचार, क्रान्तिकारी जुझारुपना, बलिदानी भावना, नम्र स्वभाव र कठोर परिश्रम गर्ने शैलीलाई हामीले अपनाउनुपर्छ। पार्टीलाई क्रान्तिकारी दिशामा अगाडि बढाउन पार्टीको कार्यशैली पनि क्रान्तिकारी हुनुपर्छ। पार्टीमा हुर्कंदै गएको व्यक्तिवादी, अराजकतावादी, गुटवादी प्रवृत्ति, सुविधाभोगी चिन्तन र कार्यशैलीले पार्टीलाई दक्षिणपन्थी अवसरवादतर्फ धकेल्ने निश्चित छ। पार्टीमा सुविधोभोगी तथा उपभोक्तावादी शैली होइन, श्रमजीवी जीवनशैली र कार्यशैलीलाई अवलम्बन गर्नुपर्छ। पार्टीमा वर्गदृष्टिकोण कमजोर हुँदै गएको छ। हामीले नोकरशाही कार्यशैली होइन, जनतासँग एकाकार भएर अगाडि बढ्ने कार्यशैलीको विकास गर्नुपर्छ। सिद्धान्तलाई हर्दम व्यवहारसँग गाँस्ने, पार्टी निर्णयहरूलाई नि:सर्त पालना र कार्यान्वयन गर्ने र आम जनतासँगको सम्बन्धलाई घनिष्ठ बनाउने यी तीन कार्यशैलीमा विशेष जोड दिनुपर्छ।

पार्टीभित्र सङ्गठनात्मक सिद्धान्त र कार्यपद्धतिलाई बदलिँदो परिस्थिति र पार्टीको राजनीतिक कार्यदिशाअनुरूप पुन: व्यवस्थित गर्न आवश्यक छ। यो हाम्रो पार्टीको अग्रगति र प्रगतिका लागि एउटा महत्त्वपूर्ण कडी हो। सङ्कल्प यात्राको अठार दिन लामो अभियानले पार्टीभित्र हार्दिकता, एकता र कमरेडेली भावनाको विकास भए मात्र सङ्गठनात्मक सिद्धान्त र कार्यपद्धति व्यवस्थित हुन सक्छ भन्ने सन्देश दिएको छ। त्यसकारण सबै तहका कमिटी र जनसङ्गठनहरूलाई पुन: व्यवस्थित गर्ने, पार्टीभित्र हुर्किएको निम्न पुँजीवादी चिन्तन, गुटगत गतिविधि र दक्षिणपन्थी अवसरवाद, सङ्गठनात्मक अराजकताको अन्त्यका लागि वर्गीय दृष्टिकोण, क्रान्तिकारी र जुझारु कार्यशैलीको अवलम्बन अत्यन्त जरुरी छ।

**पार्टी निर्माणको सवाल**

पार्टीको सही नीति तथा सिद्धान्तलाई व्यवहारमा पुष्टि गर्न सङ्गठनात्मक शक्ति अपरिहार्य छ । नीति, नेतृत्व ठीक छ तर तदनुरूप सङ्गठन सञ्चालन नहुँदा त्यसलाई परिणाममा पुऱ्याउन सकिँदैन । त्यसको महत्त्वमाथि प्रकाश पार्दै दार्शनिक र नेताहरूले भनेका छन्– सङ्गठन एउटा निर्णायक तत्त्व हो ।

- कमरेड लेनिन भन्नुहुन्छ– हामीलाई एउटा सङ्गठन देऊ, हामी रुसलाई बदलिदिन्छौँ ।
- कमरेड स्टालिन– पार्टीको सिद्धान्त तय भइसकेपछि सङ्गठनात्मक प्रश्न सबैभन्दा महत्त्वपूर्ण हुन्छ ।
- कमरेड माओ त्सेतुङ– पार्टीको सिद्धान्त तय भइसकेपछि कार्यकर्ता नै निर्णायक कुरा हो, त्यसैले योजनाबद्ध तरिकाले ठुलो सङ्ख्यामा नयाँ कार्यकर्ताहरूलाई प्रशिक्षित गर्नु सङ्घर्षमय कार्य हो ।

*सादाजीवन, उच्च विचार, क्रान्तिकारी जुझारुपना, बलिदानी भावना, नम्र स्वभाव र कठोर परिश्रम गर्ने शैलीलाई हामीले अपनाउनुपर्छ । पार्टीलाई क्रान्तिकारी दिशामा अगाडि बढाउन पार्टीको कार्यशैली पनि क्रान्तिकारी हुनुपर्छ । पार्टीमा हुर्कंदै गएको व्यक्तिवादी, अराजकतावादी, गुटवादी प्रवृत्ति, सुविधाभोगी चिन्तन र कार्यशैलीले पार्टीलाई दक्षिणपन्थी अवसरवादतर्फ धकेल्ने निश्चित छ । पार्टीमा सुविधोभोगी तथा उपभोक्तावादी शैली होइन, श्रमजीवी जीवनशैली र कार्यशैलीलाई अवलम्बन गर्नुपर्छ ।*

- कमरेड पुष्पलाल– कम्युनिस्ट भनाउँदा व्यक्तिहरूको दल अथवा जमघट पार्टी होइन। पार्टी भन्नाले सैद्धान्तिक रूपमा सबैभन्दा चेतनशील, अगुवा, सङ्गठित र अनुशासनबद्ध मजदुर वर्गको प्रतिनधि दल हो। पार्टी निर्माण भन्नुको मतलब नै यही हो।
- कमरेड मदन भण्डारी– पार्टी समाजको अग्रगति, प्रगति र समृद्धिको वैचारिक र राजनीतिक सङ्गठन हो। र, यही भूमिकालाई सबैभन्दा राम्ररी पूरा गर्न सक्नुपर्छ। पार्टीलाई मात्र कुनै जनसङ्गठन, सैनिक सङ्गठन वा राजकीय शासन प्रशासन चलाउने उपकरणजस्तो होइन, पूर्ण रूपमा एउटा राजनीतिक सङ्गठनको रूपमा चलाउनुपर्छ।

माथि उल्लिखित उद्धरणहरूले नै प्रस्ट पार्छन् कि पार्टी सङ्गठनको कति महत्त्व छ भन्ने कुरा। समृद्धिका लागि सङ्कल्प यात्रामा पनि हामीले अनुभूत गऱ्यौँ कि सङ्गठनको सबलीकरण पहिलो काम रहेछ। जनताले पार्टी सङ्गठन खोजिरहेका छन्। नेता खोजिरहेका छन्। मौसम/मौसममा देखापर्ने नेता र सङ्गठनभन्दा जनताले व्यवहारमा सँगै रहने नेता र पार्टी खोजी गरिरहेको अनुभूति भएको छ।

पार्टीका सङ्गठित सदस्यहरूलाई कमिटीमा आबद्ध नगर्ने, शृङ्खलाबद्ध कमिटी प्रणाली नअपनाउने, नियमित रूपमा परिचालन नगर्ने, कमिटीहरूलाई आआफ्नो स्वार्थसिद्ध गर्ने थलो बनाउने जस्ता कुराले पार्टी क्रमश: मास पार्टीमा रूपान्तरित हुँदैछ। यसलाई अविलम्ब रोकी क्याडर बेस्ड मास पार्टीमा रूपान्तरित गर्नुपर्छ। पार्टीभित्र सही वैचारिक दिशा र सङ्गठनको जीवन्त परिचालनका लागि सिद्धान्त, सङ्गठन र सङ्घर्षको त्रिआयामिक सम्बन्धमा जोड दिनुपर्छ। कम्युनिस्ट पार्टीलाई समाजवादको आधार निर्माण गर्ने गन्तव्यमा पुग्न क्रान्तिकारी विचार, सङ्गठनको निर्माण र कार्यशैलीलाई आत्मसात् गर्दै युगले सुम्पेका अभिभारा पूरा गर्ने दिशामा अगाडि बढाउन समृद्धिका लागि सङ्कल्प यात्राले ठोस र मूर्त दिशानिर्देश गरेको छ।

●

# १४



# सङ्कल्प यात्रा
# देश बुझ्ने व्यावहारिक विश्वविद्यालय

**कर्णबहादुर थापा**
स्थायी कमिटी सदस्य, नेकपा (एमाले)

**सिङ्गै देश एक फन्को : काठमाडौँदेखि काठमाडौँसम्म**

समृद्धिका लागि सङ्कल्प यात्रा नाम दिइएको झुलाघाटदेखि चिवाभन्ज्याङसम्म मध्यपहाडी यात्रा औपचारिक रूपमा १८ दिन तय गरिएको थियो तर केन्द्रीय टोलीको यात्रा २०८० मङ्सिर १२ देखि नै काठमाडौँबाट सुरु भई पुस ३ गते काठमाडौँ फर्किएपछि सकिएको थियो। २२ दिनको लगातारको यात्रा अनुभूति जीवनकै लागि नयाँ सिकाइ, बुझाइका साथै रोमाञ्चक रह्यो। मङ्सिर १२ गते काठमाडौँबाट हवाईजहाजबाट धनगढी पुगियो। त्यही दिन नेपाल–भारत सीमा नदी महाकालीमा रहेको झोलुङ्गे पुल र बन्दै गरेको नयाँ पुलको माध्यमबाट भारतको सीमासम्मको यात्रा गरियो। १३ गते बिहान धनगढीबाट सुरु भएको हाम्रो यात्रा बेलुकी बैतडीको सदरमुकाम गोठालापानीमा गएर विश्राम लिन पुग्यो। सुदूरपश्चिम नै कार्यक्षेत्र भएकाले सुदूरपश्चिमको भूगोल मेरा लागि नयाँ थिएन। यात्रामा पार्टीका स्थायी कमिटी सदस्य शेरधन राई, पोलिटब्युरो सदस्य आनन्द पोखरेल र पार्टीका केन्द्रीय सदस्य ऐन महर सँगै थियौँ। यात्रामा सँगै भएकामध्ये कमरेड शेरधन राईका लागि सुदूरपश्चिमको भूगोल नितान्त नयाँ थियो। कैयन् पटक देखिसकेका ठाउँहरूलाई पनि हामीले पहिलो दिनमै नयाँ ढङ्गले देख्ने, हेर्ने र बुझ्ने काम गऱ्यौँ। यस यात्राबाट मध्यपहाडी पुष्पलाल लोकमार्गमा पर्ने २६ जिल्लाका अतिरिक्त यस

लोकमार्गसँग जोडिएका भूगोलहरूको जनजीवन, प्राकृतिक साधनस्रोत, चाल, चलन, रीतिरिवाज, सभ्यता, संस्कृति तथा परम्पराको सम्पूर्ण स्थितिको अवलोकन, अध्ययन र विश्लेषण गर्ने अवसर प्राप्त भयो। देखेर, हेरेर, छामेर नेपाली समाजलाई बुझ्ने महत्त्वपूर्ण यस यात्रालाई मैले देश बुझ्ने व्यावहारिक विश्वविद्यालयका रूपमा लिएको छु। पुस्तकालयमा पाइने सयौँ पुस्तक, औपचारिक विश्वविद्यालयमा पढाइने कैयन् पाठ्यसामग्रीको अध्ययनभन्दा कैयन् गुना बढी नजिकबाट हाम्रो देश नेपाललाई बुझ्न पाइयो।

**चुस्त व्यवस्थापन, व्यापक जनसहभागिता**

यात्राको अवधिभर केन्द्रीय टोलीमा नियमित करिब १५० र स्थानीय नेता–कार्यकर्ता गरी करिब ५०० जनाको खाने–बस्ने प्रबन्ध गर्नुपर्थ्यो। चिसो मौसममा हरेक दिन यति धेरै मानिसको खानपिनको व्यवस्था वास्तवमै चुनौतीपूर्ण काम थियो। कुनै–कुनै ठाउँमा त हजारभन्दा धेरै मानिसको व्यवस्थापन गर्नुपरेको थियो। पार्टीका अध्यक्ष कमरेड केपी शर्मा ओलीको जन्मघर तेह्रथुमको आठराईको बसाइमा ७ सय सुरक्षाकर्मीसहित १५ सय जनाका लागि खानेबस्ने व्यवस्था गर्नुपरेको भए पनि त्यति धेरैका लागि गरिएको अतिथि सत्कार न्यानो महसुस गरियो। बैतडीदेखि पाँचथरसम्मका सबै ठाउँमा खाने–बस्ने व्यवस्था उत्कृष्ट रह्यो। कुनै ठाउँमा खासै गुनासो रहेन। सयौँ जनालाई एकै भान्सामा बनाइएको खानाको स्तर निकै राम्रो रह्यो। काँचो, नमिठो वा अपुग हुने स्थिति कहीँ पनि भएन। दाल, भात, तरकारी, माछा, मासु, अचार, चटनी, दही, मही, घ्यू, सलाद आदि परिकारको कहीँ अभाव देखिएन। खानाका लागि खुला चौर, विद्यालयका खेलमैदान, सामुदायिक भवन र होटेलका खुला ठाउँको उपयोग राम्ररी नै गरिएको पाइयो। खानाका लागि आवश्यक सामग्री अधिकांश ठाउँमा जनताको स्वैच्छिक सहयोगबाट प्राप्त भए। बसाइको व्यवस्था होटेल, जनताका घर र सामुदायिक भवनहरूमा गरिएको थियो। सबै ठाउँमा उपयुक्त प्रबन्ध गरिएको महसुस भयो। डडेलधुरा, अछामको मङ्गलसेन र रुकुमकोटमा जनताको घरमा गरिएको खानपानको व्यवस्थाबमोजिम पाहुना जान नसकेकोमा जनगुनासो रह्यो तर जनताको मायामा कहीँ कमी भएन।

यात्रा अवधिभर यात्रामा सहभागीहरूलाई कुनै गम्भीर स्वास्थ्य समस्या भएन। प्राथमिक उपचारका लागि स्वास्थ्य विभागले गरेको व्यवस्था उत्कृष्ट देखियो। केन्द्रीय टोलीसँग गएको केन्द्रीय स्वयम्सेवक र सुरक्षा दस्ताका साथै

सरकारी सुरक्षाकर्मीको व्यवहार र सहयोग उल्लेखनीय रह्यो। यति लामो समयको यात्रामा कहीँ पनि सडक दुर्घटनाजस्ता अप्रिय घटना भएनन्। यस हिसाबले यात्रा सुरक्षित रह्यो। सडक ट्राफिक व्यवस्था व्यवस्थित पार्न र सुरक्षा प्रबन्ध राम्रो गर्न स्थानीय र केन्द्रीय नेपाल प्रहरी र सशस्त्र प्रहरीका अधिकृत र जवानहरूको काम प्रशंसनीय रह्यो। छिटफुट रूपमा गर्न खोजिएका अवरोध र नकारात्मक कोसिसलाई स्थानीय जनता, स्वयम्सेवक र सुरक्षा निकायले निष्काम पारिदिए। सबै प्रकारका नकारात्मक भावहरू जनताको विशाल भेलमा कता हराए पत्तै भएन।

चिसो मौसम र चिसिएको राजनीतिक विश्वासको वातावरणमा गरिएको यस यात्रामा जनसहभागिता कस्तो रहन्छ भन्ने नेतृत्वको मनमा एकखालको डरको भावना थियो। जनसहभागिताभन्दा लस्करसहितको सडक यात्रालाई नै प्राथमिकतामा राख्नुपर्छ भन्ने चिन्तन पछाडिको कारण पनि जनसहभागिता नहुने हो कि भन्ने नै थियो। यस चिन्तालाई यात्रा आरम्भ बिन्दु झुलाघाटमा भएको उत्साहजनक उपस्थिति र सोही दिन बैतडीको सदरमुकाममा गरिएको जनसभामा हजारौँ जनताको उपस्थितिले दूर मात्रै गरेन, यात्रामा ठुलो उत्साह भर्ने काम गर्‍यो। बैतडीदेखि

*यात्राको अवधिभर केन्द्रीय टोलीमा नियमित करिब १५० र स्थानीय नेता–कार्यकर्ता गरी करिब ५०० जनाको खाने–बस्ने प्रबन्ध गर्नुपर्थ्यो। चिसो मौसममा हरेक दिन यति धेरै मानिसको खानपिनको व्यवस्था वास्तवमै चुनौतीपूर्ण काम थियो। कुनै–कुनै ठाउँमा त हजारभन्दा धेरै मानिसको व्यवस्थापन गर्नुपरेको थियो।*

डडेल्धुरासम्म सडक किनारमा जनताले गरेको सम्मान र सहभागिताले सुरुकै दिन एउटा माहोल सिर्जना गरिदियो। डडेल्धुरा, सिलगढी, साँफेबगर हुँदै मङ्गलसेनको विशाल सभापछि त देशभरि जनलहर आएको प्रमाणित गरिदियो। बैतडीदेखि अछामको बेलखेत (कर्णाली नदीको तीर) सम्मको मध्यपहाडी लोकमार्गमा बुढाबुढी, बालबालिका, बुद्धिजीवी, समाजसेवी, विभिन्न राजनीतिक पार्टीका नेता–कार्यकर्ता, संस्कृति र वेशभूषाका जनताले देखाएको माया र सहभागिताले यात्रामा सहभागी नेता–कार्यकर्तालाई उत्साही बनायो। बिहानीले देखाएको दिउँसोको सङ्केत साबित भयो। अरू प्रदेशका नेता–कार्यकर्तालाई आ–आफ्ना प्रदेशमा यात्रालाई थप प्रभावकारी बनाउन र जनसहभागिताका लागि प्रेरित गऱ्यो।

कर्णाली प्रदेशको राकममा उपस्थित जनताको सहभागिताले यात्रामा जनलहरलाई थप पुष्टि गऱ्यो। राकम, दैलेख खण्डको केही भागमा रहेको सडकको असहजतालाई पनि जनताको न्यानो माया र सहभागिताले बिर्साइदियो। निकै अबेरसम्म पर्खेर दुल्लु क्षेत्रका जनताले देखाएको अपार माया र उपस्थिति उल्लेख्य मान्नुपर्छ। प्रतिकूल मौसमका बाबजुद दैलेख बजार, गुराँसे र सुर्खेत बजारका छरितो सभा तथा यसबीचका ससाना बजारमा उपस्थित भई जनताले गरेको सम्मान निकै स्मरणीय रहे। कर्णाली प्रदेशको राजधानी सुर्खेतले गरेको न्यानो आतिथ्य स्तुत्य नै रह्यो। सुर्खेतदेखि रुकुमकोटको बीचमा पर्ने भेरी बबई डाइभर्सनको अवलोकन, सल्लीबजार, छेडेबजार, सेरीगाउँ र मुसीकोटमा भएका छरिता सभामा भएको जनसहभागिताले यात्रालाई थप ऊर्जा प्राप्त भयो।

जाजरकोट र पश्चिम रुकुममा भूकम्पबाट क्षति भएका स्थानमा नेकपा (एमाले) का तर्फबाट खटाइएका करिब ११ सय स्वयम्सेवकहरूले गरेका उद्धार सहयोग तथा अस्थायी आवास निर्माणका कामको विवरणसहितको सर्वपक्षीय समीक्षा सभा विशेष महत्त्वको रह्यो। जनतालाई दुःख पर्दा मलमपट्टी लगाउने जनताको भरोसाको पार्टी नेकपा (एमाले) रहेछ भन्ने जनताले राम्ररी नै महसुस गरेको देखियो। रात निकै छिप्पिइसकेपछि रुकुमकोट पुग्दा प्रतीक्षारत जनताको उत्साहले हामी यात्रामा सहभागीहरूमा निकै उमङ्ग ल्यायो। रुकुमकोट, गोरखा, नुवाकोटको विदुर र भोजपुरमा गरिएका सर्वपक्षीय विकास छलफलबाट आम जनतामा विकास निर्माणका लागि एमालेप्रति जनभरोसा रहेको पुष्टि गऱ्यो।

सुदूरपश्चिम प्रदेशमा बैतडीको गोठालापानी र अछामको मङ्गलसेन, कर्णाली प्रदेशको राकम, लुम्बिनी प्रदेशमा गुल्मीको वामी टक्सार, गण्डकी प्रदेशमा पर्वतको

कुस्मा र लमजुङको सुन्दरबजार, बागमतीमा नुवाकोटको विदुर, काभ्रेको मण्डन देउपुर (कुन्ताबेँसी) र दोलखाको चरिकोट, कोसी प्रदेशमा ओखलढुङ्गाको हर्कपुर, तेह्रथुमको वसन्तपुर र पाँचथरको फिदिममा गरिएका सभामा हजारौँको जनसमूहको स्वत:स्फूर्त सहभागिता रह्यो । यी सभाहरू अनेक विशेषतासहितका ऐतिहासिक रहे ।

सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुरका जनताको पहाडी भूभागमा हुने कुनै पनि सभाहरूमा सहभागिता भएको इतिहास थिएन । यसपटक तराईवासीहरू आफ्नै व्यवस्थापनमा डडेल्धुरा पुगे । सुर्खेत, दैलेख, कालिकोट, मुगु, हुम्ला, जुम्ला र डोल्पाका जनता राकम पुगे । बाँके, बर्दिया, दाङ, सल्यान, प्युठान, स्याङ्जा, पाल्पा, गुल्मी, अर्घाखाँचीका जनता बामी टक्सार पुगे । काठमाडौँ, भक्तपुर, ललितपुर, धादिडका जनता विदुर र कुन्ताबेँसी पुगे । सिरहा, सप्तरी, महोत्तरी, बारा, पर्साका जनता हर्कपुर तथा सिन्धुलीको खुर्कोट पुगे । झापा, मोरङ, सुनसरी र इलामका जनता वसन्तपुर र फिदिम पुगे । विभिन्न ठाउँमा सभाहरू बिहान, दिउँसो र रातिको समयमा भए ।

सबै समयमा जनताको सहभागिता र धैर्य प्रशंसनीय नै रह्यो । समृद्धिका लागि सङ्कल्प यात्रा नाम दिइएको यस यात्रामा पार्टीका नेता, कार्यकर्ता, समर्थक र आम जनताले साँच्चै सङ्कल्प गरेको प्रमाणित गरिदिए । गुनासाहरू सुनिएन । सबैको जवाफदेहिता र जिम्मेवारीको भावना कामबाटै प्रकट भएको देखियो । यस यात्रामा भएको जनसहभागिताले राजनीतिक दलप्रतिको अनास्था र अविश्वास छैन भन्ने हल्ला नियोजित रूपमा चलाइएको प्रणालीविरुद्धको षड्यन्त्रको एक हिस्सा भएको प्रमाणित भयो । जनताले देशको समृद्धिको भरोसायोग्य राजनीतिक शक्ति नेकपा (एमाले) र पार्टी अध्यक्ष केपी शर्मा ओली हो भन्ने स्थापित गरिदिए ।

### अध्यक्षको नायकत्व र स्वास्थ्य : दुनियाँ चकित

यस यात्राको मुख्य नायक, ऊर्जा र उत्साहको नेतृत्वकर्ता, जोस, जाँगर र प्रेरणाको स्रोत तथा जनताको सम्मान र आकर्षणको मुख्य केन्द्र अध्यक्ष केपी शर्मा ओली नै हुनुहुन्थ्यो । नेपाली राजनीतिमा उहाँको स्वास्थ्यका बारेमा विभिन्न टीकाटिप्पणी हुन थालेको करिब २० वर्ष भयो । नेकपा (एमाले) को सातौँ, आठौँ, नवौँ र दशौँ राष्ट्रिय महाधिवेशनमा कुनै न कुनै कोणबाट उहाँको कमजोर स्वास्थ्य स्थितिको बारेमा चर्चा भइरहे । पार्टीभित्र र पार्टीबाहिरको एक पङ्क्तिले लामो समयदेखि कमरेड अध्यक्षको जीवनको समय लामो छैन भन्ने हल्ला चलाइरहे ।

मानिसको जीवन कति लामो वा छोटो हुन्छ, त्यो कसैले भन्न सक्ने विषय होइन तर यो पङ्क्ति निरन्तर रूपमा स्वास्थ्य अवस्थालाई नकारात्मक रूपमा प्रस्तुत गरेर उहाँको नेतृत्वमाथि प्रश्न उठाउने गरिरहेको थियो। यस यात्राको प्रारम्भ हुँदाको समयमा पनि धेरैले यात्राको सुरुदेखि अन्त्यसम्म नेतृत्व गर्ने काम असम्भव हो भन्ने आकलन गरेका थिए। उहाँको सामान्य सक्रियता मात्रै होइन, सिङ्गै यात्रालाई उत्साहित पार्ने फुर्तिलो व्यवहारले सबैलाई चकित तुल्यायो। विगत २० वर्षदेखि प्रश्न उठाउनेहरूले व्यवहारबाटै एकमुष्ट जवाफ पाए। उहाँ हरेक दिन कम्तीमा पनि १२ घण्टा खट्नुभयो। दिन, रात, जाडो, धुलो, घाम, पानी नभनी कच्ची र खराब सडक केहीको पनि प्रवाह नगरी यात्रा गर्नुभयो, यात्रामा धेरै खट्नुभयो। उहाँको स्फूर्तिले युवाहरूसमेत उत्साहित भए। यात्रा अवधिभर बालबालिकादेखि वृद्धसम्म सबै उमेर समूहका भेट्न चाहने सबैलाई भेट्नुभयो, हात मिलाउनुभयो, सबैसँग मुस्कुराउनुभया, फूलमाला ग्रहण गर्नुभयो। हरेक ठुला र साना सभाहरूलाई सम्बोधन गर्नुभयो। राति अबेरसम्म भेटघाट गर्नुभयो। बिहान अरूभन्दा छिटो तयार हुनुभयो। यस प्रकारको सक्रियता नजिकबाट नियमति रूपमा देख्ने जोकोहीलाई यसको खास ऊर्जा के हो भन्ने कौतूहलताले चिमोट्थ्यो। उहाँमा उत्पन्न भएको यो ऊर्जा देश, जनता र क्रान्तिप्रतिको निष्ठा नै हो भन्ने म ठान्छु। उहाँमा महाभारतका तीन महान् पात्र भीष्मको जस्तो देश जोगाउने प्रतिज्ञा, अर्जुनको जस्तो देशको समृद्धि प्राप्त गर्ने दृष्टि, कर्णको जस्तो वचनबद्धताको अठोट एकसाथ प्रकट भएका छन्। सङ्कल्प, प्रतिज्ञा, अठोटजस्ता महान् व्यवहारले जोकोहीलाई महान बलशाली बनाउँछ। त्यो बल कमरेड केपी शर्मा ओलीमा पैदा भएको व्यवहारबाट पुष्टि भएको छ। यस यात्राबाट उहाँ नेपाली राजनीतिमा कुनै पनि मामिलामा स्वस्थ प्रतिस्पर्धाबाट पराजित गर्न नसक्ने कुशल राजनीतिज्ञ साबित हुनुभएको छ। रहरले नेता बन्न चाहनेहरूको यो देशमा कमी छैन। आधारहीन उडन्ते कुरा गरेर लोकप्रिय बन्नेहरूको होड चलेकै छ।

सुविचारित रूपमा विगत, वर्तमान र भविष्य समेतको आकलन गरेर एक ओजस्वी नेताका रूपमा अध्यक्ष ओली स्विकारिनुभएको यस अवस्थामा देश, जनता र क्रान्तिका वैरीहरूको निशाना पनि उहाँमाथि अवश्य हुनेछ। देशलाई माया गर्ने हरेक सचेत नागरिकले सङ्घर्षबाट प्राप्त भएको ओजस्वी नेतृत्वको रक्षा गर्न एकजुट हुनुपर्छ, किनकि चाहेको बेलामा ओजस्वी नेतृत्व प्राप्त हुँदैन। यस वास्तविकतालाई मनन गरी त्यसबमोजिमको काम–व्यवहार गर्न नेकपा (एमाले) को सिङ्गो शक्ति एकताबद्ध भई क्रियाशील हुनु आजको आवश्यकता हो।

**यात्रा एक : उपलब्धि अनेक**

भनिन्छ जे चिज बदल्ने हो, त्यसलाई पहिले राम्ररी चिन्नुपर्छ, जान्नुपर्छ। यस यात्राले देशलाई देखेर, भेटेर, सुनेर, छामेर र भोगेर जान्न पाइएको छ। यात्रामा सहभागी हरेकको मनमा नेपालको चित्र उपस्थित छ। यस चित्रमा समृद्धिका रङहरू भर्ने दायित्व सिङ्गो नेतृत्वको काँधमा छ। समस्या र सम्भावनाहरूको राम्रो अध्ययन भएको छ। धार्मिक र पर्यापर्यटनका क्षेत्रहरूको ज्ञान भएको छ। दैलेखको पेट्रोलियम खानी, बैतडीको युरेनियम खानी, जाजरकोटको स्फटिकको खानी, दोलखाको म्याग्नेसाइडको खानीको उत्खनन हुन सके देशलाई आत्मनिर्भरताको बाटोमा अगाडि बढाउन योगदान पुग्नेछ। बैतडीको त्रिपुरासुन्दरी, डडेल्धुराको उग्रतारा, डोटीको शैल्यश्वरी, अछामको बैजनाथ, खोटाडको हलेसीजस्ता प्रसिद्ध धार्मिक पर्यटनका क्षेत्रको विकास गर्न सके राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुग्न सक्नेछ। बैतडीदेखि पाँचथरसम्मको मध्यपहाडी लोकमार्गमा पर्ने सबै जिल्लाका विभिन्न स्थानमा व्यावसायिक सुन्तला खेती गर्न सके नेपाललाई सुन्तलामा आत्मनिर्भर बनाई राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुऱ्याउन सक्ने देखिन्छ। मध्यपहाडी लोकमार्गमा पर्ने सबै


*सुविचारित रूपमा विगत, वर्तमान र भविष्य समेतको आकलन गरेर एक ओजस्वी नेताका रूपमा अध्यक्ष ओली स्विकारिनुभएको यस अवस्थामा देश, जनता र क्रान्तिका वैरीहरूको निशाना पनि उहाँमाथि अवश्य हुनेछ। देशलाई माया गर्ने हरेक सचेत नागरिकले सङ्घर्षबाट प्राप्त भएको ओजस्वी नेतृत्वको रक्षा गर्न एकजुट हुनुपर्छ, किनकि चाहेको बेलामा ओजस्वी नेतृत्व प्राप्त हुँदैन*

जिल्लामा भेडा, च्याङ्ग्रा र चौँरी पालनका लागि उपयुक्त भौगोलिक अवस्थिति देखियो। प्राकृतिक फार्महरूको विकास गरी भेडा, च्याङ्ग्रा र चौँरी पालनमा लगानी भित्र्याउने हो भने युरोप, अमेरिकालगायत देशहरू नेपालको राम्रो बजार बन्न सक्ने सम्भावना देखिएको छ। पशुपालन, जडीबुटी खेती, तरकारी खेती, वन पैदावरजस्ता क्षेत्र पनि यस लोकमार्गनिकट जिल्लाका सम्भावनाका क्षेत्रहरू हुन्। मध्यपहाडी लोकमार्गको बन्न बाँकी सडकखण्डलाई यथाशक्य छिटो सम्पन्न गरी र यस लोकमार्गलाई केन्द्रमा राखेर विकास गर्न खोजिएका १० वटा स्मार्ट सिटी (नमुना सहर) को काम सम्पन्न गर्ने हो भने नेपालको अनुहार बदलिनेछ। 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षालाई साकार पार्न झुलाघाट– चिवाभन्ज्याङ यात्रा कोसेढुङ्गा साबित हुनेमा विश्वस्त हुन सकिन्छ।

●

# १५

# मध्यपहाड, वामीटक्सर र लुम्बिनी प्रदेश



**सूर्य थापा**
पोलिट्ब्युरो सदस्य, नेकपा (एमाले)

*"त्यस्तो केही छैन पहाडमा*
*जसको म एउटा कविता लेख्न सकूँ*
*खासमा केही छैन् भने पनि हुन्छ पहाडमा*
*जसको कुनै लेखकले एउटा निबन्ध लेख्न सकोस्*
*जस्तो कि,*
*धेरै वर्ष लाहुर खाएर*
*केही महिनाको छुट्टीमा घर फर्कंदा*
*बातैपिच्छे भन्ने गर्छन् लाहुरेहरू*
*'साला पहाडमा क्या है !"*

*– डा. मीनबहादुर विष्ट*
*'गरिमा'– २०३९*

नेपालमा पहाडी जनजीवन, विकास प्रक्रिया र समस्याहरूको बारेमा विमर्श हुँदै आएको छ। चर्चित कवि डा. मीनबहादुर विष्टको उल्लिखित कविता अंशले २०३९/०४० सालतिरै पहाडी जनजीवनलाई टपक्क टिपेर सटीक रुपमा प्रस्तुत गरेको देख्न सकिन्छ। अविकास, पछौटेपन, गरिबी, बेरोजगारी, बसाइसराईजस्ता

समस्याहरूको कारण पहाड छाड्ने र तराई एवं शहर रोज्ने क्रम आज बढ्दो छ। विभिन्न अध्ययनहरूले पछिल्लो समय पहाडी क्षेत्रको मुख्य चुनौती बसाईसराई नै हुनपुगेको देखाएका छन्। शिक्षा, स्वास्थ्य, जनजीविका र पूर्वाधार विकासको उचित प्रबन्ध मिलाएर मात्रै पहाडबाट तराई र गाउँबाट शहरतर्फको बसाइसराईलाई नियन्त्रण गर्न सम्भव हुन्छ। आज विगत कालखण्डको तुलनामा बाटोघाटो, बिजुली, टेलिफोन, पुलपुलेसा, विद्यालय,क्याम्पस, स्वास्थ्यचौकी, अस्पताल र अरु सुविधाहरू पहाडी गाउँतिर बढिरहँदा सुखको खोजीमा भौतारिएको जनताको ठूलो हिस्साले आफ्नो थातथलो र पुरव्यौली स्थान छाड्ने, अनि घरगाउँ नै खाली हुने गराउने विकराल समस्या बढिरहेको छ। यसको समाधानका लागि पहाडी विकासको महाबहस र विमर्श थालनी गरेर ठोस निचोडमा पुग्दै समस्याको समाधान गर्न ध्यान पु¥याउनु अत्यन्त जरुरी भइसकेको छ।

मुलुकमा योजनाबद्ध विकासको लामो समयमा पहाडकेन्द्रित विकासमा केही भएन भन्ने निराशाजनक भाष्य बनाउन उचित हुँदैन। सबै जिल्लामा सडक यातायात पुऱ्याउन नै मुलुकको निकै धेरै स्रोत, साधन, सामर्थ्य र समय लगानी गर्नुपरेको सर्वविदितै छ। र, यातायातका दृष्टिले ७७ औं जिल्ला हुम्लामा मोटर पुगेपछि यसवर्ष यस प्रक्रियाले अन्तिम सफलता हासिल गर्ने अवस्था रहेको छ। हिमाली र पहाडी क्षेत्र विकासको तुलनात्मक स्थितिमा शहर र तराईभन्दा विकट, दुर्गम र पछौटे अवस्थामा रहिआएका छन्। धेरैपछि मात्रै मुलतः पहाडी विकासलाई गति प्रदान गर्ने सोंच, दृष्टि र योजना तर्जुमामा नीति, निर्माताहरूको ध्यान पुग्नसकेको तथ्य स्पष्ट नै छ।

**मध्यपहाडको दशा**

मुलुकमा मध्यपहाड 'सुन सिरानीमा राखेर नुनको खोजीमा भौतारिन विवश भूभाग'को रूपमा रहेको छ। प्रचूर प्राकृतिक खानीजन्य स्रोत साधन हुँदाहुँदै तिनको उपयोग, उत्खनन् र प्रयोग हुनसकेको छैन। विविधतायुक्त जलवायुमा आधारित उत्पादनमा ध्यान पुग्न नसक्दा परम्परागत र पछौटे उत्पादन सम्बन्धले आत्मनिर्भर अर्थतन्त्र नै धरापमा पर्न पुगेको छ। सिंचाई, नदी नियन्त्रण, तटबन्ध र भूक्षयको समस्या समाधानमा सरकारको ध्यान विगतमा भन्दा निकै बढेको छ, तैपनि सुरक्षित बसोबास र सुविधाकेन्द्रित मनोदशाले गर्दा गाउँबस्तीहरू रित्तिने क्रम बढिरहेको छ। यस स्थितिमा जंगी परिवर्तन गर्न मध्यपहाडकेन्द्रित राष्ट्रिय राजमार्गको निर्माण निकै

ढिलो थालिएको भए पनि अत्यन्त जरुरी कार्य थियो। पुष्पलाल लोकमार्गका रूपमा यसको निर्माणले आज सिंगो पहाडी भेगको रूप र स्वरूप बदलिएको नयाँ परिवेश सिर्जना हुनपुगेको छ।

नेकपा (एमाले)ले सुदूरपश्चिमको भारतीय राज्य उत्तराखण्डको सीमा झुलाघाटदेखि सुदूरपूर्वको भारतीय राज्य सिक्किमको सीमामा अवस्थित चिवाभञ्ज्याङसम्म निर्मित/निर्माणाधीन मध्यपहाडी लोकमार्गमा आफूलाई अभियानका साथ केन्द्रित गर्‍यो। २०८० मंसिर १४ देखि पुस १ गतेसम्म सञ्चालित समृद्धिको लागि संकल्प यात्राले मध्यपहाडका तमाम समस्या, सम्भावना र समाधानहरूलाई जनसमक्ष उद्घाटित गरेको छ। पार्टी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा मध्यपहाडको स्थलगत यात्रा स्वयंमा एउटा विशिष्ट अभियानका रूपमा सम्पन्न भएको छ। पार्टीको सिंगो नेतृत्वपंक्ति सुदूरपश्चिमबाट सुदूरपूर्वसम्म पुग्दा बीच बाटोका तमाम अवस्थिति, आकांक्षा र सम्भावनाहरूलाई पनि पर्गेल्ने काम भएको तथ्य स्पष्ट नै छ। नेपालको इतिहासमै यति ठूलो अभियान कुनै राजनीतिक दलले यसअघि कहिल्यै आयोजना गरेर व्यापक जनसहभागिताका साथ मध्यपहाडमा केन्द्रित गरी सम्पन्न गरेको पाइदैन। यस हिसाबले समृद्धिको लागि संकल्प यात्रा न भूतो न भविष्यति नै थियो भन्दा अत्युक्ति हुँदैन। मध्यपहाडको जागरण, जागृति, योजनाबद्ध विकास, कमी त्रुटिहरूको अवलोकन एवं समाधानको ठोस पहलकदमीका हिसाबले समेत यसको विशेष महत्व रहेको छ।

पुष्पलाल (मध्यपहाडी) लोकमार्गले लुम्बिनी प्रदेशलाई सिस्ने–६ को खोपीचारदेखि भ'मे–१ को पातियाल्नासम्मको करिब ७५ किलोमिटर क्षेत्रलाई मात्रै समेट्दछ। लुम्बिनी प्रदेश कमिटीका तर्फबाट कर्णाली र लुम्बिनी प्रदेशको सीमाना खोपीचारमा संकल्प यात्राको टोलीलाई २०८० मंसिर १९ गते लुम्बिनी प्रदेशको नेतृत्व इन्चार्ज पद्मा अर्याल, पोलिटब्यूरो सदस्य खेममान खड्का र अध्यक्ष राधाकृष्ण कँडेललगायतद्वारा स्वागत गरिएको थियो। र, रात्रीबास रुकुमकोटमा बस्ने प्रबन्ध गरिएको थियो। भोलिपल्ट मंसिर २० गते बिहान रुकुमकोट, लुकुम हुँदै गण्डकी प्रदेशको सीमानामा टोलीलाई गण्डकी प्रदेशको नेतृत्व इन्चार्ज गोकर्ण विष्ट र अध्यक्ष नवराज शर्मा लगायतले स्वागत गर्नु भएपछि भौगोलिक रूपमा लुम्बिनी प्रदेशको कार्यक्रम सम्पन्न भएको थियो। पूर्वी रुकुमको यस भूभागमा पार्टीको मुख्य नेतृत्वपंक्तिको करिब १७ घण्टाको उपस्थिति, सक्रियता र जनसम्बन्ध अत्यन्त तुफानी र अविस्मरणीय रह्यो।

**सलाम वामीटक्सार !**

मंसिर २० गते साँझ ५:३० बजेमात्रै अध्यक्ष केपी शर्मा ओली हाँडीखोलाको बाग्लुङ–गुल्मी सीमामा अवस्थित दरङ खोलाको पुल तरेर वामीटक्सर पुग्नुभयो। मध्यपहाडी राजमार्गबाट १५ मिनेटको दूरीमा अवस्थित वामीटक्सार गुल्मीको एउटा पुरानो बजारसमेत हो। हाल मुसिकोट नगरपालिकाको केन्द्रका रूपमा साना शहर विकासको तीव्र प्रक्रियामा रहेको यो बजार प्यूठानको स्वर्गद्वारी, गुल्मीको रिडी–रेसुंगा, अर्घाखाँचीको सुपादेउराली र बाग्लुङको बुर्तिवाङलाई समेत जोड्नेगरी केन्द्रभागमा रहेको छ।

सङ्कल्प यात्राको टोलीले बाग्लुङको बुर्तिवाङमा दिउँसोको खाना खाई विभिन्न स्थानमा स्वागत गर्ने कार्यक्रम पूर्वनिर्धारित थियो। जनपरिचालन र जनसभाचाहिँ सिंगो लुम्बिनी प्रदेश एवं बाग्लुङको बडीगाड क्षेत्र र गुल्मी जिल्लालाई केन्द्रित गरी वामीटक्सारमा गर्ने कार्यक्रम केन्द्रीयरूपमै तय भएको थियो। वामीटक्सारमा करिब १५ हजार जनसमुदाय नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीलाई सुन्न अपरान्ह १०÷११ बजेदेखि नै आउनेक्रम थालनी भइसकेको थियो। जनकलाकारहरू बैकुण्ठ महत, अमृत खाती र अन्यले वामीटसारको जनसागरलाई मनोरञ्जन गराउन सुरुदेखि अन्तिमसम्मै निकै उत्साह, ऊर्जा र सक्रियताका साथ योगदान गर्नुभयो। तर प्रतिक्षाको घडी निकै पट्यारलाग्दो र कठीन रह्यो। बुर्तिवाङदेखि हाँडीखोलासम्मै हरेक चोकचोकमा माला लिएर स्वागत गर्न पंक्तिबद्ध जनसमुदायलाई ओर्लिंदै स्वागत गर्दै गर्दा यति ढिलो भयो कि झन्डै २५ प्रतिशत जनउपस्थिति संकल्प यात्रालाई देख्दै नदेखी फर्किन बाध्य भयो। यस स्थितिका बाबजूद करिब ५:३० बजे पार्टी अध्यक्षको नेतृत्वमा संकल्पयात्राको लस्कर वामीटक्सारस्थित पार्कमा निर्मित मञ्चमा प्रवेश गर्दा समेत करिब १० हजारभन्दा बढी जनसमुदायको उपस्थिति छँदै थियो। यो उपस्थिति झुलाघाटदेखि वामीटक्सारसम्मको सबैभन्दा विशाल थियो। र, पार्टी उपमहासचिव कमरेड विष्णु रिमालले जनसभाको भव्य उपस्थितिको तस्बिर शेयर गर्दै लेख्नुभयो– सलाम वामीटक्सार! यहाँ लुम्बिनी प्रदेशका पूर्वी रुकुम, अर्घाखाँची, प्युठान, रोल्पा, पाल्पा, कपिलवस्तु, रूपन्देही, नवलपरासीलगायतका जिल्लाबाट अगुवापंक्तिको उत्साहजनक सहभागिता देख्न सकिन्थ्यो। दाङ, बाँके र बर्दिया जिल्लाको अगुवापंक्ति कर्णाली प्रदेश हुँदै वामीटक्सारसम्म पनि आइपुगेको थियो। यसरी मध्यपहाडी लोकमार्गकेन्द्रित संकल्प यात्राको क्रममा वामीटक्सारले जनपरिचालनमा लुम्बिनी पश्चिमकै नेपालमा अग्रणी स्थान र उत्साह प्रस्तुत

गऱ्यो। यसनिम्ति गुल्मी जिल्लाको पार्टीले मुसिकोट नगरकेन्द्रित तथा सिङ्गो जिल्लाभरिबाट जनसहभागिताका लागि मंसिर १० गतेदेखि नै ध्यानकेन्द्रित गरेको थियो। किनभने, गुल्मी जिल्लाको लागि यो आफैंमा प्रतिष्ठाको विषय थियो र सिङ्गो पार्टीपंक्तिलाई तदनुरूप नै जनपरिचालनमा केन्द्रित गरिएको थियो।

वामीटक्सारमा पार्टी अध्यक्षसहित सिङ्गो नेतृत्वले करिब डेढ घण्टा मात्रै समय दिनुभयो। जनताको भने व्यापक उपस्थिति रह्यो। यद्यपि योजना बनाउँदा बाग्लुङको गल्कोट पश्चिमको क्षेत्रबाट पनि वामीटक्सारमा जनसमुदाय केन्द्रित गर्ने भनिएको थियो, तर अभियान टोलीसँगै आउनेहरू बुर्तिवाङदेखि जो सँगसँगै वामीटक्सार आउनुभयो, बाग्लुङको उपस्थिति त्यत्तिमै सीमित रह्यो। दरमखोला वारी र पारीमा यति ठूलो अन्तर होला भन्ने कल्पनासम्म पनि योजना बैठकमा गरिएको थिएन। लुम्बिनी र गण्डकी प्रदेशको प्रशासनिक विभाजनको मनोदशा यहाँ प्रकट भयोभन्दा अत्युक्ति हुनेछैन। उक्त जनसभाको अध्यक्षता जिल्ला अध्यक्ष बालसिंह काउछा, सञ्चालन सचिव गणेश श्रीपाली र धन्यवाद ज्ञापन नगर इन्चार्ज प्रकाश काफ्लेले गर्नुभयो।

वामीटक्सारको जनसभालाई पार्टी अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले सारगर्वित तर सङ्क्षिप्त सम्बोधन गर्नुहुँदै विशाल जनसहभागिताको लागि लुम्बिनी प्रदेश र गुल्मी जिल्लावासीलाई यात्राको तर्फबाट हार्दिक बधाई समेत ज्ञापन गर्नुभयो।

## गुल्मीको विकासका लागि अनुरोध

वामीटक्सारको जनसभामा पार्टी अध्यक्षसमक्ष पार्टी पोलिट्ब्युरो सदस्य एवं गुल्मी जिल्ला इन्चार्जले विभिन्न १० सूत्रीय अनुरोध पत्र प्रस्तुत गर्नुभयो। पत्रमा जिल्ला इन्चार्ज सूर्य थापा र अध्यक्ष बालसिंह काउछाले हस्ताक्षर गर्नुभएको छ।

उक्त अनुरोध पत्रमा उल्लेख छ:

> "गुल्मीको विकासका लागि महत्वपूर्ण निम्नानुसारका विषयहरूलाई कार्यान्वयन गर्न नेकपा एमाले जिल्ला पार्टीको तर्फबाट नेतृत्व समक्ष विशेष ध्यानाकर्षण सहित अनुरोध गर्दछौं।
>
> १. बुटवल, पाल्पा, बाग्लुङ लगायतका जिल्लाका जनताको सहज यातायात पहुँचलाई व्यवस्थित गर्नका लागि पुष्पलाल (मध्यपहाडी)

लोकमार्गलाई जोडने रुद्रवेणी, वामीटक्सार, खर्वाङ सडकलाई प्राथमिकतामा राखी सम्पन्न गर्ने ।

२. पुष्पलाल (मध्यपहाडी) लोकमार्गको अभिन्न वैकल्पिक मार्गका रुपमा गल्कोट, अर्लाङकोट, काँढेबास, वामीटक्सार, हाडीखोला सडक निर्माण कार्य अघि बढाउने ।

३. वामीटक्सार-इन्द्रेगौडा-छल्दी-पनाहा-तमघास-सन्धिखर्क सडक तथा तमघास-गर्जुरा-पराल्मी-इन्द्रेगौडा सडकलाई स्तरोन्नती र कालोपत्रे गर्ने ।

४. कालीगण्डकी कोरिडोर, मदन भण्डारी लोकमार्गको (रिडी-तमघास-सिमलटारी-सौतामारे-मच्छी खण्ड र रिडी-बल्कोट-सन्धिखर्क-गच्छेगैरा-गोखुगा-मजुवा-बाग्दुला खण्ड) सालझण्डी-ढोरपाटन सडक, सालझण्डी-पटौटी-दुर्गाफाँट-खर्ज्याङ-तमघास-वामीटक्सार सडक, भिमगिठे-बाग्दुला सडक, राक्से-पौदी-अमराई-इस्मा-दोहली-कृष्णनगर सडक निर्माण कार्य छिटो अघि बढाई गुल्मी, अर्घाखाँची, बाग्लुङ र प्युठान जिल्लालाई व्यवस्थित सडक सञ्जालमा आवद्ध गर्ने ।

५. रेसुङ्गा विमानस्थलमा नियमित र व्यवसायिक उडानको व्यवस्था मिलाउने ।

६. पाल्पा तानसेन, रानीमहल, रुरुरेसुङ्गा, सत्यवती टिमुरे, कुर्घा मालिका सालिमे, विचित्रगुफा, कंके देउराली, गौमुखी मदानेसहितका मुसीकोट इस्मा, धुर्कोट र गुल्मी दरबारलगायतका ऐतिहासिक स्थलको पर्यटकीय प्रवर्द्धन गर्ने ।

७. कफीको उद्गम जिल्ला गुल्मीमा कफी तथा सुन्तला लगायतका फलफूल र नगदेबालीसहित पहाडी जिल्लामा संभावित कृषि तथा पशुपालनको विशेष कार्यक्रम सञ्चालन गर्ने ।

८. पुरानो २२ खानीक्षेत्रका रूपमा चिनिने यस क्षेत्रमा संभावित खानी उद्योग सञ्चालन र रोजगारी सिर्जनाका कार्यक्रम सञ्चालन गर्ने ।

९. बाँदर, बँदेल, दुम्सी लगायतका बन्यजन्तुको आक्रमण नियन्त्रण, व्यवस्थित बस्ती विकासर वाढी पहिरो लगायतका विपद व्यवस्थापनको चुस्त तयारी गर्ने ।

१०. बसाइँसराई नियन्त्रण तथा पहाडी भूबनोट अनुकूलको दीगो तथा रोजगारमूलक पूर्वाधार निर्माण लगायतका विशेष योजनामा आधारित पहाडी विकासको विमर्शलाई निष्कर्षमा पुऱ्याउनु पर्ने।"

उल्लिखित मागपत्रलाई समेत समेटी कार्यान्वयनका लागि पार्टी अध्यक्ष र प्रतिनिधि मण्डलका तर्फबाट प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसमक्ष ज्ञापनपत्रका रूपमा प्रस्तुत गरिएको छ। र, नेपाल सरकारका सम्बद्ध मन्त्रालयका सचिवहरूसहित पार्टी उपाध्यक्ष विष्णुप्रसाद पौडेलले कार्यान्वयनका लागि महत्वपूर्ण बैठकसमेत सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा सम्पन्न गर्नुभएको विदितै छ।

## प्रशासकीय भवनको उद्घाटन

सङ्कल्प यात्राकै क्रममा मुसिकोट नगरपालिकाको नवनिर्मित प्रशासकीय भवनसमेत प्रतिनिधिसभामा विपक्षी दलका नेता एवं नेकपा (एमाले)का अध्यक्ष पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्नुभयो। १५ करोड लागतमा निर्मित भवनबाट मुसिकोट नगरपालिकाको कार्य सञ्चालन भइसकेको छ। उक्त अवसरमा जग्गादाताहरू शोभाखर सापकोटा, टीकाराम साकोटा, लोकबहादुर पन्त, हरिलाल सापकोटा र नरबहादुर काफ्लेलाई उहाँले प्रमाणपत्रसहित दोसल्ला ओढाएर सम्मान पनि गर्नुभएको थियो। कार्यक्रममा नगरप्रमुख जीवन खरेलले अध्यक्षता र उपप्रमुख गंगा श्रेष्ठले स्वागत गर्नुभएको थियो। यो कार्यक्रम एउटा महत्वपूर्ण संयोगका रूपमा आयोजना गर्न सम्भव भएकोमा मुसिकोट नगरवासीहरू, निर्वाचित जनप्रतिनिधिहरू र राष्ट्रसेवक कर्मचारीहरू सबैमा उत्साह देख्न सकिन्थ्यो। राती ८ बजेसम्म उद्घाटन कार्यक्रम सम्पन्न गरी सङ्कल्प यात्रा बाग्लुङतर्फ प्रस्थान गऱ्यो। र, ८ः३० बजे आयोजित रात्रीकालीन भेटघाटलाई सम्बोधन गर्न पार्टी अध्यक्ष र नेताहरू गलकोट पुग्नुभयो।

## वामीटक्सार अघि र पछि

समृद्धिको लागि सङ्कल्प यात्राअन्तर्गत गुल्मीको वामीटक्सारलाई केन्द्रित गरी नेकपा (एमाले) गुल्मीले २०८० मंसिर १० गते जिल्ला कमिटीको सचिवालयको बैठक सम्पन्न गऱ्यो। पार्टी पोलिटब्युरो सदस्य एवं जिल्ला इन्चार्ज सूर्य थापा र प्रदेश कमिटी अध्यक्ष राधाकृष्ण कँडेलको उपस्थितिमा भएको बैठकले मंसिर ११ गते

रेसुङ्गा, १३ गते छत्रकोट, १५ र १६ गते सत्यवती र रुरु क्षेत्र तथा १७ र १८ गते गुल्मी दरबारमा दुई दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गर्ने कार्ययोजना तर्जुमा गऱ्यो। एवं प्रकारले मदाने र धुर्कोट, इस्मा र मालिका, मुसिकोट, कालिगण्डकी र चन्द्रकोट गरी १२ वटा पालिका तह र बुटवलमा गरी १३ स्थानमा विषयगत प्रशिक्षण सम्पन्न भयो। २०८० असोज २९ तथा कात्तिक १ र २ गते तम्घासमा उपमहासचिव प्रदीप ज्ञवाली र प्रशिक्षकहरुबाट प्रशिक्षक प्रशिक्षण सम्पन्न गरी आयोजित पालिकास्तरीय प्रशिक्षणमा व्यवस्थित रूपमा १ हजारभन्दा बढी अगुवापंक्तिलाई प्रशिक्षण दिइयो।

२०८० पुस २५, २६ र २७ गते तम्घासमा पार्टी महासचिव शंकर पोखरेलको विशेष उपस्थितिमा प्रदेश तथा जिल्ला तहका नेताहरूको लागि समेत प्रशिक्षण आयोजना भयो। यसरी गुल्मीका सबै पालिकाकेन्द्रित प्रशिक्षणका १५ वटा शृङ्खलाहरु सम्पन्न गरिसक्दा जिल्लाव्यापी रूपमा नयाँस्तरमा एकता, सक्रियता र ऊर्जा सिर्जना भएको छ। पार्टी अध्यक्ष केपी शर्मा ओलीले मिसन ग्रासरुटको क्रममा २०८० वैशाखमा अर्घाखाँचीदेखि तम्घास भएर छत्रकोट, रुरु क्षेत्रसम्म विभिन्न कार्यक्रमहरूका साथै जिल्लास्तरीय प्रशक्षण कार्यक्रमलाई सम्बोधन गर्नुभएको एक वर्षभित्रै गुल्मीमा सिङ्गो पार्टी नेतृत्वको उपस्थितिबाट सिर्जित नयाँ माहोलमा वामीटक्सारको जनसभा र सम्बोधन एउटा विशिष्ट कोशेढुङ्गा नै सावित भएको छ।

●

१६

# मध्यपहाडी लोकमार्गको आर्थिक–सामाजिक पक्ष



**डा. युवराज खतिवडा**
नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठान, नेकपा (एमाले)

मध्यपहाडी (पुष्पलाल) लोकमार्गको निर्माणलाई २०६६ सालमा द्रुत गतिका साथ अघि बढाउने निर्णय गर्दा देशमा तत्काल भइरहेका घटनाक्रमलाई सम्झनुपर्ने हुन्छ। संविधानसभाको निर्वाचनअघिदेखि संविधान निमार्णका सुरु चरणसम्म तराई क्षेत्रमा निरन्तरको बन्द, हडताल, यातायात सेवामा अनिश्चितकालीन अवरोध, क्षेत्रीयतावादी उत्तेजक गतिविधि तथा देशको राजधानी काठमाडौँलाई घेराबन्दी गर्नेसम्मका प्रयासहरू भइरहेका थिए। त्यसबेला पूर्वी नेपाललाई पश्चिम नपालसँग जोड्ने एक मात्र पूर्व–पश्चिम लोकमार्ग (तत्कालीन महेन्द्र राजमार्ग) मा निरन्तर अवरोध भइरहेको थियो भने आन्दोलनमा केही स्थानीय व्यक्तिहरूसँगै देशको राजनीतिमा बाह्य चासो राख्नेहरू समेतको छाया देखिएको थियो। यस्तो अवस्थामा देशको आन्तरिक आर्थिक–सामाजिक आबद्धता कायम राख्ने वैकल्पिक मार्गको आवश्यकता झनै टड्कारो रूपमा देखा पर्‍यो। पहाडी क्षेत्रको बीच भागबाट देशको पूर्वी सिमानालाई पश्चिमी सिमाना जोड्ने गरी निर्माण भइरहेको मध्यपहाडी (पुष्पलाल) लोकमार्ग, जसलाई देशको मेरुदण्ड लोकमार्ग भनेर पनि चिनिन्छ, यसको तत्कालीन पृष्ठभूमि यही हो। यस अतिरिक्त सडकको निर्माणमार्फत पहाडी क्षेत्रका विविधतायुक्त प्राकृतिक वैभव र विकासका अपार सम्भावनाको सम्पूर्ण लाभ देशले लिन सकोस् भन्ने उद्देश्य त हुने नै भयो।

पुष्पलाल (मध्यपहाडी) लोकमार्गले केही समथर उपत्यकादेखि उच्च तथा भिरालो जमीन समेटेको छ। समुद्र सतहबाट ५०० मिटरदेखि ३,००० मिटरसम्मको उचाइमा रहेको मध्यपहाड ६० देखि ११० किलोमिटरसम्मको चौडाइमा फैलिँदा यस लोकमार्गले नदी खोँचदेखि उच्च पहाडसम्मको विविध भूबनोट, माटो, वनस्पति, जीवजन्तु, हावापानी, कृषि तथा पशुपालन, सामाजिक रीतिथिति, कलासंस्कृति, भाषा तथा वेशभूषा र परम्परा समेटेको छ। यो विविधतालाई एउटै सडकका माध्यमले समेट्ने क्षमता राख्नु नै यस लोकमार्गको विशिष्टता हो।

तराईमा औलो उन्मूलन नहुन्जेल र वैदेशिक रोजगारीका अवसरहरू सिर्जना नहुन्जेल पहाडबाट बसाइँसराइ भनेको वैवाहिक, शैक्षिक तथा खास व्यावसायिक दृष्टिकोणले मात्र हुने गर्थ्यो। पहाडी अर्थतन्त्रको हिमाली क्षेत्रमार्फत तिब्बतसँगको व्यापारिक सम्बन्ध पनि थियो। पछिल्ला दशकहरूमा यो क्रम कायम रहन सकेन। कुनै कालखण्डसम्म मूलत: आत्मनिर्भर रहेको पहाडी अर्थतन्त्र क्रमश: पछिल्ला वर्षहरूमा परनिर्भर हुँदै गयो। पछिल्लो जनगणना (२०७८ साल) अनुसार पहाडी क्षेत्रका धेरै जिल्लाले बसाइँसराइका कारण दुई तीन दशकमा लाखौँ जनसङ्ख्या गुमाएको छ। सङ्घीयता कार्यान्वयनसँगै अधिकार र स्रोतको समन्यायिक वितरण, भौतिक पूर्वाधारको निर्माण, शिक्षा तथा स्वास्थ्यजस्ता सामाजिक सेवाको उपलब्धता, लगभग सबै क्षेत्रमा विद्युत्को पहुँच तथा उन्नतिका अन्य अवसरहरू बढ्दै जाँदा पनि मध्यपहाडप्रतिको आकर्षण घट्दै जानु समकालीन विकासका चुनौती हुन पुगेको छ।

## २. लोकमार्ग निर्माणमा नेकपा (एमाले) को पहल

नेकपा (एमाले) को समर्थन र सहकार्यमा गठन भएको तत्कालीन माओवादी सरकारका अर्थमन्त्री डा. बाबुराम भट्टराईको आर्थिक वर्ष २०६५/६६ को बजेटमार्फत यो लोकमार्गको नामकरण पुष्पलाल (मध्यपहाडी) लोकमार्ग गरी तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको थियो। यसका लागि ३५ करोड रुपैयाँ विनियोजन गरिएको थियो। तर सडक निर्माण कार्य खासै अघि बढ्न सकेन। २०६६ सालमा नेकपा (एमाले) को नेतृत्वमा सरकार बनेयता यो लोकमार्ग निर्माणले गति लिन थालेको हो। नेकपा (एमाले) को आर्थिक वर्ष २०६६/६७ को बजेटमा विकासको आधारशिलाका रूपमा रहेको सडक सञ्जालको व्यापक विस्तार गर्न भनी त्यो आर्थिक वर्षलाई 'सडक निर्माण अभियान वर्ष'का रूपमा

लिइएको थियो। सडक निर्माणलाई जलविद्युत् उत्पादन, कृषि र वनजन्य उद्योग, औद्योगिक उत्पादनका लागि सहज पहुँच पुऱ्याउने पूर्वाधारका रूपमा लिई निर्माण कार्य अगाडि बढाउने उद्देश्य लिइएको थियो। त्यसैअनुसार यो लोकमार्गलाई राष्ट्रिय प्राथमिकता र गौरवको आयोजनाका रूपमा जति सक्यो चाँडो निर्माण सम्पन्न गर्न स्रोतको कमी हुन नदिने सङ्कल्प एमाले नेतृत्वको सरकारले लिएको थियो। १ हजार ७३० किलोमिटरको यो लोकमार्गको निर्माण गर्न बाँकी सडकखण्ड आर्थिक वर्ष २०६७/६८ भित्र सम्पन्न गर्नेगरी निर्माण कार्यलाई तीव्रता दिइने पनि घोषणा गरिएको थियो। आर्थिक वर्ष २०६६/६७ का लागि यस सडकमा ७१ करोड रुपैयाँ विनियोजन गरिएको थियो। त्यो बेलाको देशको कुल बजेट नै २८६ अर्ब रुपैयाँ भएको अवस्थामा यो रकम निकै ठुलो थियो।

तर नेकपा एमालेको सरकारमा सम्मिलित २२ वटा दलमध्ये तराई–मधेस केन्द्रित मधेसी जनाधिकार फोरम (लोकतान्त्रिक) तथा तराई मधेस लोकतान्त्रिक पार्टीका गरी संविधानसभामा रहेका ५० भन्दा बढी सांसदले यो लोकमार्ग निर्माण गर्ने रणनीतिले तराई–मधेसको विकासलाई नजरअन्दाज गर्ने, हुलाकी मार्गको

*तराईमा औलो उन्मूलन नहुन्जेल र वैदेशिक रोजगारीका अवसरहरू सिर्जना नहुन्जेल पहाडबाट बसाइँसराइ भनेको वैवाहिक, शैक्षिक तथा खास व्यावसायिक दृष्टिकोणले मात्र हुने गर्थ्यो। पहाडी अर्थतन्त्रको हिमाली क्षेत्रमार्फत तिब्बतसँगको व्यापारिक सम्बन्ध पनि थियो। पछिल्ला दशकहरूमा यो क्रम कायम रहन सकेन। कुनै कालखण्डसम्म मूलतः आत्मनिर्भर रहेको पहाडी अर्थतन्त्र क्रमशः पछिल्ला वर्षहरूमा परनिर्भर हुँदै गयो।*

निर्माण प्राथमिकतामा नपर्ने एवम् विकासमा ‘पहाडिया’ मानसिकता झल्कनेजस्ता आरोप लगाई बजेट फेल गर्नेसम्मका धम्की दिन थाले। यद्यपि, सरकारले हुलाकी राजमार्गको निर्माण सम्पन्न गर्न तथा उत्तर दक्षीण मार्गहरू सम्पन्न गर्न बजेट व्यवस्था गरी तराई–मधेसलाई पहाडसँग जोड्ने दरिलो पूर्वाधारका आयोजनाको व्यवस्थासमेत गरेकै थियो। यसका लागि हुलाकी मार्गअन्तर्गत पूर्वको झापादेखि पश्चिमको कञ्चनपुरसम्म तराई–मधेसका २० जिल्लामा तथा उत्तर–दक्षिण सडक र राजमार्गमा पर्ने पुलहरूको निर्माण एवम् तराई क्षेत्रको सडक निर्माणलाई उच्च प्राथमिकता दिँदै उल्लेख्य बजेट विनियोजन गरेकै थियो। तत्कालीन एमाले नेतृत्वको सरकारले कतिपय राजनीतिक चरित्रका यस्ता विकास विवाद झेल्दै यो सडक निर्माणमा अघि बढ्नुपरेको थियो। तत्कालीन क्षेत्रीयतावादको रापतापका कारण यो लोकमार्गलाई राजनीतिक स्वार्थसिद्धिको माध्यम बनाउन खोजिएको सन्दर्भले यो सडकको महत्त्व अझ बढाएको थियो।

यो लोकमार्गको निर्माणसँगै पहाडी ग्रामीण क्षेत्रमा छरिएर रहेका घरपरिवारलाई घना बस्ती कार्यक्रमको माध्यमबाट वैकल्पिक जीविकोपार्जनसहितको सुविधायुक्त पुनर्वास गराउन विभिन्न स्थानमा आवश्यक भौतिक पूर्वाधार निर्माण गर्ने योजनासहित आर्थिक वर्ष २०६६/६७ को बजेटमा विभिन्न कार्यक्रम तय गरिएको थियो। यस्तै कर्णाली, कालीगण्डकी, कोसी, बिपी. कोइराला र पुष्पलाल लोकमार्गहरूमा पर्ने मध्यम तथा साना सहरहरूको विकासका लागि एकीकृत पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिने कार्यक्रम पनि सोही बजेटमा राखिएका थिए। मध्यपहाडका कालिकोट, प्यूठान, रसुवा र म्याग्दी जिल्लामा सम्भाव्यता अध्ययन गरी घना बस्ती कार्यक्रम सञ्चालन गरिने कार्यक्रम राखिएको थियो। पछिल्ला वर्षहरूमा नयाँ सहर तथा सघन सहरी विकास कार्यक्रमहरू यसकै जगमा विकास हुँदै आएका हुन्।

काठमाडौँ उपत्यकालाई तराई–मधेससँग जोडने वैकल्पिक मार्गका रूपमा काठमाडौँ–निजगढ द्रुत मार्ग निजी क्षेत्रको सहभागितामा निर्माण गर्ने पहल धेरै वर्षदेखि सफल हुन सकेको थिएन। यस्तो पृष्ठभूमिमा निजी क्षेत्रको सहभागितालाई कुरेर मात्र बसिरहने हो भने यो बाटो धेरै वर्षसम्म बन्न नसक्नेदेखि नेपाल सरकारको स्रोतमा २०६६ साउन १ गतेदेखि नेपाली सेनाले ट्र्याक खोल्ने काम सुरु गर्ने कार्यक्रम पनि आर्थिक वर्ष २०६६/६७ को बजेटमा पुष्पलाल लोकमार्गको निर्माण सुरुवातसँगै राखिएको थियो। यसको उद्देश्य पनि तराईलाई मध्यपहाडसँग जोड्ने नै थियो। यसैको फलस्वरूप अहिले नेपाली सेनाले यो सडकको निर्माण कार्य अघि

बढाइरहेको छ। स्मरणीय छ, त्यसअघिको बजेटले काठमाडौँ–तराई फास्ट ट्र्याकको निर्माण कार्य निर्माण–स्वामित्व–सञ्चालन–हस्तान्तरण अवधारणाअन्तर्गत उच्च प्राथमिकताका साथ सुरु गरिने बताएको थियो। उत्तर–दक्षिण मार्गको निर्माण भए मात्र हुलाकी मार्ग, पूर्व–पश्चिम राजमार्ग तथा पुष्पलाल (मध्यपहाडी) लोकमार्गको निर्माणबाट देशको आर्थिक सामाजिक तथा सांस्कृतिक एकीकरण र रूपान्तरणको पूर्ण लाभ लिन सकिने तथ्य नेकपा (एमाले) ले बुझेका कारण यसतर्फ विशेष ध्यान दिएको हो। तर यस प्रयासलाई पनि पूर्व–पश्चिमभन्दा उत्तर–दक्षिण मात्र देख्ने 'पहाडिया मानसिकता' भनेर केही नेताहरूले नेकपा एमालेको नेतृत्वको तत्कालीन सरकारका पदाधिकारीलाई हप्कीदप्की गरेको अनुभव पनि नभएको होइन।

**३. बाह्य सहायताको खोजी र दाताको अरुचि**

नेकपा एमालेको नेतृत्वमा सरकार बनेको र म आफैँ पनि राष्ट्रिय योजना आयोगको उपाध्यक्ष रहेको अवस्थामा २०६६ सालदेखि नै यो लोकमार्ग निर्माणका लागि बाह्य स्रोत जुटाउने अनेक प्रयास गरियो। यो लोकमार्ग निर्माणमा निकै ठुलो

*उत्तर–दक्षिण मार्गको निर्माण भए मात्र हुलाकी मार्ग, पूर्व–पश्चिम राजमार्ग तथा पुष्पलाल (मध्यपहाडी) लोकमार्गको निर्माणबाट देशको आर्थिक सामाजिक तथा सांस्कृतिक एकीकरण र रूपान्तरणको पूर्ण लाभ लिन सकिने तथ्य नेकपा (एमाले) ले बुझेका कारण यसतर्फ विशेष ध्यान दिएको हो।*

लागत लाग्ने र प्राविधिक रूपमा पनि चुनौतीपूर्ण तथा महत्त्वाकाङ्क्षी आयोजना भएकाले आन्तरिक स्रोतबाट मात्र निर्माण गर्ने प्रयास गर्दा सम्पन्न हुन वर्षौं लाग्ने अवस्था थियो। यस पृष्ठभूमिमा यो आयोजनालाई अघि बढाउने क्रममा दातृ निकायहरूको सहयोगको अपेक्षासहित मुख्य दातृ निकायको बैठक राखी सहायता जुटाउने कोसिस गरिएको थियो। मूलत: यो लोकमार्ग निर्माणको महत्त्वका ५/६ वटा पक्षलाई मैले दातृ निकायसमक्ष राखेको थिएँ :

पहिलो, पूर्वदेखि पश्चिमसम्मका पहाडी क्षेत्रबीचको राष्ट्रिय रूपमा आबद्धताले सबै क्षेत्रको आर्थिक–सामाजिक विकासमा समान अवसर ल्याउने तथा सन्तुलित विकासमा योगदान दिने।

दोस्रो, कृषि उत्पादनका लागि कृषि सामग्रीदेखि उत्पादनको बजारमा पहाडी क्षेत्रको पहुँच तथा बाह्य बजारसँगको आबद्धताले कृषिको व्यवसायीकरण तथा आधुनिकीकरणमा सहयोग पुग्न सक्ने, नगदे कृषि बालीको विकास हुने तथा वनपैदावरको अधिकतम उपयोग हुन सक्ने।

तेस्रो, पहाडी क्षेत्रमा पर्यटनका नयाँ अवसरहरू सिर्जना हुने र काठमाडौँ तथा पोखरा केन्द्रित पर्यटन व्यवसाय अन्यत्र विस्तारको अथाह अवसर खुल्ने एवम् यसको लाभ स्थानीय कृषि, पशुपालन तथा लघु, घरेलु र साना उद्योगले समेत लिन पाउने।

चौथो, देशको जलविद्युत् क्षमताको उच्च उपयोगका लागि विद्युत् उत्पादनको बिन्दुसम्म निर्माण सामग्री लैजान, प्रसारण लाइन निर्माण गर्न र लगानीकर्तालाई सहज रूपमा आयोजनास्थलसम्म पुग्ने पहुँचमार्गका रूपमा यस लोकमार्गले योगदान पुऱ्याउने।

पाँचौँ, पहाडबाट तराईतर्फ बसाइँसराइ हुने र मूलत: पूर्व–पश्चिम राजमार्गको आसपासमा जनघनत्व धान्नै नसकिने गरी बढ्दै जाने प्रवृत्ति रोक्ने, यसका लागि मध्यपहाडी लोकमार्गका आसपासमा नयाँ सहरहरू निर्माण गर्ने र पहाडबाट मधेस झर्ने एवम् गाउँबाट उपत्यका पस्ने परिवारलाई उपत्यकाबाहिरको मध्यपहाडमा रोक्ने। र,

छैटौँ, पहाडको पूर्वाधार विकासको लाभ लिँदै विविध व्यवसाय गर्न तराईका परिवारहरूसमेत पहाडतर्फ उक्लन सक्ने, पश्चिमी पहाडका व्यवसायी पूर्वी पहाडमा, पूर्वका व्यवसायी पश्चिममा, दक्षिणका व्यवसायी उत्तरतर्फ जान उत्प्रेरित हुने अवस्थाबाट सांस्कृतिक अन्तरघुलन हुन गई राष्ट्रिय एकता अरू सुदृढ हुने र जानसाङ्ख्यिक सन्तुलन कायम हुने।

२०६६ सालदेखि नै दातृ निकायहरूसँगको निरन्तरको संवाद तथा यो लोकमार्गको लगानीमा सहयोगी हुन गरिएको अपिलले अहिलेसम्म काम गरेको छैन । आफ्नै स्रोतबाट लगानी सुरु गरिएको यो आयोजनामा अहिले पनि दातृ निकायको प्रत्यक्ष सहयोग प्राप्त छैन । अहिले सरकारले बजेट सहयोगमार्फत प्राप्त ऋणलाई यस आयोजनामा समेत विनियोजन गरेका कारण करिब एक चौथाई रकम सहायताबाट प्राप्त हुने बजेटको स्रोत पुस्तिकामा देखिए पनि आयोजनाकै रूपमा सहायता भने प्राप्त हुन सकेको छैन । पुष्पलाल (मध्यपहाडी) लोकमार्ग नामकरण गरिएकै कारणबाट कम्युनिस्ट नेताका नामको सडकमा रकम नहाल्ने कुनै प्रतिक्रियावादी सोच यसमा नभए यस्तो रणनीतिक महत्त्वको आयोजनामा सहयोग गर्न नरुचाउनुको कारण अरू के होला ? बुझ्न सकिएको छैन । दातृ निकायको चासो नदेखिँदा तीन वर्षमा सम्पन्न गर्ने भनी २०६६ सालमा सुरु गरिएको यो आयोजना अहिले २०८० सालमा पनि कतिपय स्थानमा ट्र्याक खोल्ने अवस्थामा नै रहिरहेको छ ।

*पुष्पलाल (मध्यपहाडी) लोकमार्ग नामकरण गरिएकै कारणबाट कम्युनिस्ट नेताका नामको सडकमा रकम नहाल्ने कुनै प्रतिक्रियावादी सोच यसमा नभए यस्तो रणनीतिक महत्त्वको आयोजनामा सहयोग गर्न नरुचाउनुको कारण अरू के होला ? बुझ्न सकिएको छैन । दातृ निकायको चासो नदेखिँदा तीन वर्षमा सम्पन्न गर्ने भनी २०६६ सालमा सुरु गरिएको यो आयोजना अहिले २०८० सालमा पनि कतिपय स्थानमा ट्र्याक खोल्ने अवस्थामा नै रहिरहेको छ ।*

### ४. तत्काल सम्बोधन गर्नुपर्ने विषय

यस आयोजनामा वित्तीय व्यवस्थाका अतिरिक्त तत्काल समाधान निकाल्नुपर्ने अन्य धेरै विषयहरू पनि छन् :

पहिलो, यो सडकको रेखाङ्कनको विषयमा प्रश्नहरू उठेका छन्। ज्यादै घुमाउरो गरी रेखाङ्कन गरिएको र बस्ती जोड्ने सन्दर्भमा सडकको लम्बाइ आवश्यकताभन्दा एक चौथाइ धेरै भएको जानकारी नेकपा एमालेको समृद्धि यात्राबाट फर्कने विज्ञहरूले समेत दिइसकेका छन्। यसको पुनरेखांकन तत्काल हुनु जरुरी छ।

दोस्रो, यो सडक मध्यपहाडी क्षेत्रका केही विद्युत आयोजना (खासगरी सुनकोसी र बुढीगण्डकी जलभण्डारणमा आधारित विद्युत् आयोजना) बीचबाट जाने भएकाले सडक र विद्युत् विकासका आयोजनामा तालमेल मिलाउनुपर्ने भएको छ। कतिपय स्थानमा यो लोकमार्ग र मदन भण्डारी लोकमार्ग बीचको दुरी र रेखाङ्कन (एलाइन्मेन्ट) पनि मिलाउनुपर्ने हुन्छ।

तेस्रो, यो सडक आयोजना सम्पन्न गर्न अझै पनि ठुलो धनराशिको आवश्यकता पर्छ। यसका लागि दातृ निकायसँग थप छलफल जरुरी देखिन्छ। अहिलेको राजस्वको अवस्था, ऋणको साँवाब्याज भुक्तानीको बढ्दो दायित्व र सामाजिक क्षेत्रमा राज्यको बढ्दो व्ययभारका कारण सडकमा जाने बजेटमा ठुलो बढोत्तरी हुने देखिँदैन। यो सडकलाई अहिलेकै जस्तो वार्षिक ३ अर्ब रुपैयाँ रकम विनियोजन गर्दै जाने हो भने यो आयोजना सम्पन्न नहुँदै विगतमा सम्पन्न भएको सडक खण्डको ठुलो मर्मतमा नै धेरै रकम विनियोजन गर्नुपर्ने अवस्था देखिन्छ।

चौथो, यो पूर्वाधारको अधिकतम लाभ लिने हो भने पूर्वी भागदेखि पश्चिमी भागसम्मका उत्तर–दक्षिण सडकहरू, कोसी, कालीगण्डकी र कर्णाली नदी कोरिडर मार्गहरू तथा पूर्वपश्चिम राजमार्ग र मदन भण्डारी लोकमार्गलाई यो सडकसँग जोड्ने स्थानीय सडक सञ्जालको निर्माण अपरिहार्य छ।

पाँचौँ, बजेट रकमको विनियोजन भएर पनि समयमा काम सम्पन्न नगर्ने निर्माण व्यवसायीको प्रवृत्ति र सडक बने पुल नबन्ने वा पुल बनिसकेपछि पनि सडकको काम अघि नबढ्ने अवस्थाको अन्त्य जरुरी छ। सडक र पुलको ठेक्का बन्दोबस्त अलग–अलग हुँदा पनि यो समस्या देखिने गरेको हो। दातृ निकायले सहयोग गर्ने अन्य कतिपय आयोजनामा यस्तो समस्या देखिँदा हाम्रो सरकारले दातृ निकायलाई सडकमा लगानी गर्दा पुल निर्माणको समेत सहायता गाभ्न बाध्य पारिएको तथ्य यहाँ

स्मरणीय छ। त्यसैले यो आयोजना सम्पन्न गर्न सडक पुलको एकीकृत ठेक्कापट्टा, समयमा बजेट निकासा तथा सर्तअनुसार काम नगर्ने निर्माण व्यवसायीलाई कारबाही गर्नेसम्मका कार्यहरू गर्नुपर्ने हुन्छ।

**५. पूर्वाधार विकास र बसाइँसराइको प्रवृत्ति**

सीमित स्रोतबाट भए पनि निर्माण अघि बढिरहेको यो सडकका कारण माथि उल्लिखित विकासका धेरै उद्देश्यहरूमा क्रमश: प्रगति हासिल हुँदै गइरहेका छन्। कृषिको आधुनिकीकरण र व्यवसायीकरण भइरहेको छ। पहाडी जनजीवन निर्वाहमुखी कृषि प्रणालीबाट बजारमुखी कृषि प्रणाली हुँदै कम आम्दानी हुने खाद्यान्न बालीबाट बढी आम्दानी हुने नगदे बालीतर्फ उन्मुख भइरहेको छ। बजारको पहुँच बढेकाले कृषिमा विशिष्टीकरण पनि हुन थालेको छ।

मध्यपहाडी लोकमार्गलगायत पूर्व–पश्चिम तथा उत्तर–दक्षिण सडक सञ्जालको विकासका कारण जलविद्युत् आयोजना अघि बढाउन सहज भएको छ। म नेपाल राष्ट्र बैङ्कको गभर्नर रहेको अवस्थामा २०६७ सालमा बैङ्क तथा

*कृषिको आधुनिकीकरण र व्यवसायीकरण भइरहेको छ। पहाडी जनजीवन निर्वाहमुखी कृषि प्रणालीबाट बजारमुखी कृषि प्रणाली हुँदै कम आम्दानी हुने खाद्यान्न बालीबाट बढी आम्दानी हुने नगदे बालीतर्फ उन्मुख भइरहेको छ। बजारको पहुँच बढेकाले कृषिमा विशिष्टीकरण पनि हुन थालेको छ।*

वित्तीय संस्थाले आफ्नो कर्जा लगानीको १० प्रतिशत रकम अनिवार्य रूपमा कृषि र जलविद्युत्मा लगानी गर्नुपर्ने प्रावधान राखिदिएका कारणसमेत आज देशमा मझौला आकारसम्मका विद्युत् आयोजनामा लगानी गर्न स्रोतको अभाव छैन। २०६६ सालसम्म बैङ्कहरूको कृषि र जलविद्युत्मा कुल कर्जा लगानीको २ प्रतिशत पनि नगइरहेको अवस्थाबाट अहिले सो लगानी बैङ्कको कुल कर्जाको १५ प्रतिशत पुगिसकेको छ। यदि मध्यपहाडीलगायत सडक निर्माण नभएको भए पुँजीको उपलब्धताका कारण मात्र कृषि र जलविद्युत्मा यति ठुलो लगानी सम्भव हुने थिएन।

देशको ६८ प्रतिशत भूभाग ओगटेको पहाडले जनसङ्ख्याको ४०.५ प्रतिशत मात्र ओगटेको छ। पछिल्लो जनगणनाले हिमाल तथा पहाडका ३२ जिल्लाको जनसङ्ख्या घटेको देखाएकोमा अधिकांश जिल्ला पहाडका छन्। पहाडमा पनि उपत्यका तथा केही सहरोन्मुख क्षेत्रमा जनसङ्ख्या बढेको छ। २०६८ सालको जनगणनामा २७ जिल्लाको जनसङ्ख्याको वृद्धिदर नकारात्मक रहेकोमा पहाडमा विकासका अवसरहरू विस्तार हुँदै जाँदा तराई र उपत्यकातर्फ हुने बसाइँसराइ घट्ला भन्ने अनुमान गलत भएको छ। कमजोर भूसंरचना, भिरालो जमिन, भूकम्पका धक्का, जलवायु परिवर्तनको असर तथा विकास निर्माणका कारणसमेत मध्यपहाडी क्षेत्रले बढ्दो रूपमा भूक्षय, पहिरो, सुक्खा तथा हिमाली क्षेत्रबाट हिमताल विस्फोटको त्राससम्म बोक्नुपरेको छ। केही उपत्यकालाई छाडेर मध्यपहाडको माटो भूक्षयका कारण अनुत्पादक बन्दै गइरहेको छ, घट्दो भूउत्पादकत्वका कारण अन्नबालीको खेतीपातीतर्फ आकर्षण कम हुँदैछ। परम्परागत कृषि प्रणालीका कारण अत्यन्त भिरालो जमिनमा पनि खनजोत कायमै राख्दा तथा जलवायु परिवर्तनको असरस्वरूप अप्रत्यासित रूपमा छोटो समयमा ठुलो वर्षा हुने क्रम बढ्दै जाँदा भूक्षयको समस्या थप जटिल बन्दै गएको छ। पछिल्लो पटक भएका भूकम्पका कारण पानीका मुहानहरू सुक्न थालेका र खेती तथा पशुपालन व्यवसाय कठिन हुँदै गएको छ। वातावरणीय पक्षलाई नजरअन्दाज गरेर सडक निर्माण, विद्युत् आयोजना सञ्चालन तथा अन्य कतिपय पूर्वाधारको संरचनाको विकासका कारण पनि यस क्षेत्रमा कृषि तथा पशुपालनमा आधारित परम्परागत पेसामा चुनौती थपिएका छन्। अन्य विकल्प नहुँदासम्म त्यहीं दुःखसुखले जीवन निर्वाह गरिरहेका परिवारले विकल्प पाउनासाथ सहज स्थानमा स्थानान्तरण वा बसाइँसराइ गर्ने प्रवृत्ति स्वाभाविक देखिन्छ।

बसाइँसराइका लागि माथि उल्लेख गरिएका बाध्यात्मक अवस्थाबाहेक केही उत्प्रेरक कारकहरू पनि विगत केही दशकदेखि विकसित हुँदै आएका छन् । जस्तै:

पहिलो, वैदेशिक रोजगारीले परिवार पाल्ने विकल्प दियो र कठिन अवस्थामा जीवन निर्वाह गरिरहेका परिवारहरू सुविधायुक्त सहज स्थानमा बसोबास गर्न थातथलो छाड्न थाले ।

दोस्रो, बढ्दो बजार अर्थतन्त्रका कारण आयआर्जनका अवसरहरू मूलत: तराई तथा उपत्यकाहरूमा बढी देखिन थाले र कठिन पहाडी जीवनबाट उम्कने प्रवृत्ति देखिन थाल्यो ।

तेस्रो, कुनै श्रम नै नगरी सम्पत्ति आर्जन हुने अवसरहरू सहरमा देखिन थालेका कारण श्रम गर्ने उत्साह क्रमश: मर्दै गयो । घरजग्गा तथा सेयरबजारमा गरिने लगानीको प्रतिफल कृषि तथा पशुपालनको तुलनामा अस्वाभाविक रूपमा नै बढी हुने अवस्थामा पहाडी जनजीवनका टाठाबाठा र युवाहरू तराई, उपत्यकाहरू र पहाडकै सहरोन्मुख क्षेत्रतर्फ आकर्षित हुन थाले । यसले मध्यपहाडी क्षेत्रको उत्पादन सम्बन्ध मात्र तोडेन, यो क्षेत्र खाद्यान्न उत्पादनमा आधारित खाद्य उपलब्धताका दृष्टिकोणले असुरक्षित हुँदै गयो ।

*पछिल्लो पटक भएका भूकम्पका कारण पानीका मुहानहरू सुक्न थालेका र खेती तथा पशुपालन व्यवसाय कठिन हुँदै गएको छ । वातावरणीय पक्षलाई नजरअन्दाज गरेर सडक निर्माण, विद्युत् आयोजना सञ्चालन तथा अन्य कतिपय पूर्वाधारको संरचनाको विकासका कारण पनि यस क्षेत्रमा कृषि तथा पशुपालनमा आधारित परम्परागत पेसामा चुनौती थपिएका छन् ।*

चौथो, सङ्घीयताको कार्यान्वयनसँगै काठमाडौँ केन्द्रित राजनीतिक शक्ति, आर्थिक अवसर तथा सार्वजनिक सेवाप्रवाह विकेन्द्रीकृत हुँदै जाने अपेक्षालाई लामो समयसम्मको संवैधानिक सङ्क्रमणकालले कमजोर मात्र बनाएन, जनअपेक्षाअनुरूप काम हुन नसक्दा आन्तरिक मात्र होइन, बाह्य प्रवासन पनि बढ्न थाल्यो। अहिले स्थायी बसोबासीका रूपमा विदेश पलायन हुनेमध्ये ठुलो जनसङ्ख्या पहाडी क्षेत्रकै देखिन्छ। उच्च तथा मध्यपहाडबाट हुने बसाइँसराईको गतिलाई यो लोकमार्गले पक्कै पनि कम गरेको हुन सक्छ तर पनि पूर्ण रूपमा रोक्न नसकेको प्रस्ट छ। विकासका पूर्वाधारलाई जनजीविकासँग तथा शिक्षालाई स्थानीय उद्यमका अवसरसँग जोड्न नसकुन्जेल यो प्रवृत्ति रोक्न पनि कठिन हुनेछ।

**५.उपसंहार**

मध्यपहाडी लोकमार्गको निर्माणले देशको भौगोलिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक एकीकरण एवम् जनजीवनको सहजतामा उल्लेख्य योगदान दिन थालेको छ। यसको निर्माण सम्पन्न हुँदा देशले आर्थिक विकासमा फड्को मार्ने नै छ। तथापि, यसको निर्माणमा देखिएका नीतिगत, प्राविधिक तथा वित्तीय चुनौतीहरू तत्काल हल गर्दै केही वर्षभित्र निर्माण सम्पन्न गर्ने अठोट सरकारबाट आउनु जरुरी छ। २०८० मङ्सिरको नेकपा एमालेको मध्यपहाडी लोकमार्ग केन्द्रित झुलाघाट–चिवाभन्ज्याङ समृद्धि यात्राले यी समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण मात्र गरेको छैन, समस्या समाधानका उपायहरू पनि दिएको छ। यो सडकको निर्माणबाट अधिकतम लाभ लिने गरी कृषिको व्यवसायीकरण, पर्यटन प्रवर्धन, जलविद्युत् उत्पादन, स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना तथा पहाडी क्षेत्रका नयाँ सहरको विकासमार्फत भविष्यमा बसाइँसराइ कम गर्ने उपायबारे सरकारले गम्भीर रूपमा नीति निर्माण गर्नुपर्नेछ। बसाइँसराइको विश्वव्यापी प्रवृत्तिलाई हेर्ने हो भने भौतिक तथा सामाजिक पूर्वाधारले शिक्षा, रोजगारी तथा व्यवसायको अवसरका खोजीमा थातथलो छाड्नुपर्ने बाध्यता कम गरे पनि उच्चस्तरको वैयक्तिक विकास तथा अर्थोपार्जनको अवसर नहुन्जेल आफ्नो थातथलो छाड्ने क्रम रोकिँदैन भन्ने पुष्टि हुन्छ। तथापि, यस्तै आयोजनाका माध्यममार्फत सामान्य जीवनस्तर निर्वाह गर्न पनि बसाइँसराइको सहारा लिनुपर्ने बाध्यात्मक अवस्थाको भने अन्त्य गर्न सकिनेमा सन्देह छैन।

●

१७

# मध्यपहाडी यात्रा : दीर्घकालीन प्रभाव



**विष्णु रिजाल**
केन्द्रीय सदस्य, नेकपा (एमाले)

२०८० कात्तिक १७ गते विहान चिसो महाकाली सुसाइरहेको बैतडीको झुलाघाट पुगेर पुष्पलाल (मध्यपहाडी) लोकमार्गको अवस्था अवलोकन गरेर फर्किंदै गर्दा हाम्रा मनमा जिज्ञासा उठेको थियो– चिसो मौसम आइसकेको छ, हाम्रा यात्रा कत्तिको सफल होला ? झुलाघाटदेखि धादिङसम्मको सडकको अवस्था, दुरी, बसोबासको व्यवस्था, जनपरिचालनजस्ता विषयमा पार्टी पङ्क्तिसँग छलफल गर्न निस्किनुभएका उपमहासचिव विष्णु रिमालको टोली (पोलिटब्युरो सदस्य विनोद श्रेष्ठ, केन्द्रीय सदस्य विष्णु रिजाल र केन्द्रीय कोष तथा वित्त व्यवस्थापन विभागका सदस्य लोकबहादुर भण्डारी) लाई सुझाव दिंदा जति उत्साह देखिन्थ्यो, त्यसभन्दा निकै बढी उत्साह अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा पार्टीले अभियान सञ्चालन गर्दा देखा परेको छ । हाम्रा नेता, कार्यकर्ता र समर्थक त सहभागी नै भइहाले, हामीलाई हेर्ने र देख्नेहरूले भनिरहेका छन्– वाह ! पार्टी भनेको त नेकपा (एमाले) पो हो त । जब एमाले बाहिर निस्किन्छ, तब आफू मात्र निस्किन्न, सिङ्गो राष्ट्रकै ध्यान खिचेर निस्किन्छ ।

नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली आम मानिसले नदेखेको/नसुनेको नेता हुनुहुन्न । दिनदिनै उहाँले बोलेका कुरा सार्वजनिक सञ्चारमाध्यमदेखि सामाजिक सञ्जालबाट ‘लाइभ‘ भइरहेकै हुन्छन् र उहाँले के बोल्नुहोला भन्ने विषय

पनि नागरिकका लागि नयाँ छैन। अहिले उहाँ राजकीय पदमा हुनुहुन्न र उहाँले भन्नासाथ विकास–निर्माणको कुनै योजना सुरु भइहाल्ने अवस्था पनि छैन। तर पनि मध्यपहाडी यात्राका क्रममा रातको १० बजेसम्म उहाँलाई स्वागत गर्न, देख्न र सुन्न मानिसहरू किन कुरेर बसे होलान् ? यसबाट सहजै बुझ्न सकिन्छ– नेपाली राजनीतिको मियो कहाँ छ र आम मानिसहरूको आशा कोप्रति छ ? घण्टौँ हिँडेर र घण्टौँ कुरेर अध्यक्ष ओलीलाई भेट्दा व्यक्तिगत रूपमा केही पाइएला कि भनेर होइन, मुलुक परिवर्तनको यात्रामा आत्मबल प्रदान गर्न नागरिकहरू त्यसरी उत्साहका साथ लामबद्ध भएको सम्भवत: नेपालको राजनीतिक यात्रामा अर्को कुनै सन्दर्भ छैन।

नेपाल बनेन भन्ने हुटहुटी धेरैतिर पाइन्छ। २००७ सालमा हामीले प्रजातन्त्र ल्याउँदा बल्ल स्वतन्त्रता प्राप्त गरेका देशहरूले आज तरक्की गरिरहेका छन्। आकारमा साना भए पनि प्रगतिमा उनीहरू मानक बनेका छन्। कुनै बेला हामीभन्दा पछाडि रहेका कोरिया, मलेसिया, थाइल्यान्ड जस्ता एसियासकै मुलुकहरूले पनि आज हामीलाई धेरै पछाडि छाडिसकेका छन्। तर, नेपाल अझै घिसिपिटे अवस्थाबाट घस्रिरहनुका पछाडि के कारण छ ? जबकि, हामीसँग गौरवपूर्ण इतिहास छ, विकासका विराट सम्भवना छन्, प्रशस्त स्रोत छ, काम नपाइरहेको जनशक्ति छ, सघाउनेहरूको पनि कमी छैन। हामीले सफलताका साथ विभिन्न आन्दोलन गर्‍यौँ, व्यवस्था परिवर्तन गर्‍यौँ, संविधान निर्माण गर्‍यौँ। तर पनि मुलुक विकासका मामिलामा किन अगाडि बढ्न सकिरहेको छ ? यसका पछाडिको एउटा मुख्य दुई कारण छन् : पहिलो, हामीसँग २००७ सालदेखि नै राजनीतिक स्थिरता भएन भने दोस्रो चाहिँ त्यस्तो राजनीतिक नेतृत्वको कमी रह्यो, जसले विकास र समृद्धिलाई केन्द्रमा राखेर हिम्मतका साथ अघि बढ्न सकोस्।

नागरिकहरूले त्यस्तो भरोसा नेकपा (एमाले) सँग गरेका छ र त्यस्तो नेतृत्वको अनुहार अध्यक्ष केपी ओलीमा देखेका छन्। बाह्य र भित्री दबाबका बाबजुद नौ महिनाको पहिलो कार्यकाल र तीन वर्षको दोस्रो कार्यकालमा अध्यक्ष ओलीले विकास र समृद्धिका क्षेत्रमा जुन आशा जगाउनुभएको छ र केही ठोस काम गरेर मार्गचित्र देखाउनुभएको छ, त्यसबाट नागरिकमा जागृत भएको उत्साहको प्रभाव मध्यपहाडी यात्रामा स्वत:स्फूर्त रूपमा देखा परेको छ। 'समृद्ध नेपाल : सुखी नेपाली'को अवधारणाभित्र मुलुकको भाग्य, भविष्य र मार्गचित्र अन्तरनिहित रहेको अनुभूति जुन रूपमा आम नागरिकमा भएको छ, त्यसको अभिव्यक्तिस्वरूप जहाँ–जहाँ अध्यक्ष ओली पुग्नुहुन्छ, त्यहाँ–त्यहाँ सबै तह, तप्का, उमेर समूह, विचारधारा,

क्षेत्र र समुदायका मानिसहरूको उत्साहपूर्वक उपस्थिति देखा पर्ने गरेको छ, जुन कुरा मध्यपहाडी यात्राका क्रममा थप पुष्टि भएको छ।

मिलेर ठुल्ठुला सङ्घर्ष गर्न सकिन्छ, मिलेर राष्ट्रिय सङ्कल्पहरू टार्न सकिन्छ, मिलेर युद्ध सल्टाउन सकिन्छ, मिलेर निरङ्कुशतालाई परास्त गर्न सकिन्छ। तर, निर्माणको प्रश्नचाहिँ यी सबैभन्दा भिन्न छ। नेपालकै सन्दर्भमा हामीले २००७, २०४६ र २०६२/६३ का जनआन्दोलन मिलेरै सफल पारेका हौँ, माआवादी हिंसाको शान्तिपूर्ण अवतरण पनि मिलेरै गरेका हौँ। तर, जब निर्माणको प्रश्न आउँछ, यसमा स्पष्ट दृष्टिकोण र दृढ इच्छाशक्ति प्रमुख भएर आउँछ। विश्वको कुनै पनि मुलुक निर्माणको इतिहास हेर्‍यौँ भने गठबन्धनबाट बनेको पाइँदैन। यदि सन् १९४७ मा भारत स्वतन्त्र भएपछि जवाहरलाल नेहरूजस्तो बलियो नेता नपाएको भए भारतले लोकतान्त्रिक संरचना र फराकिलो विकासको आधारशिला निर्माण गर्न सक्ने रहेनछ भन्ने कुरा भारतबाटै छुटिएको पाकिस्तनानका संस्थापक मोहम्मद अलि जिन्हाको शीघ्र मृत्युबाट उत्पन्न अराजकताले पनि पुष्टि गर्छ। जुन–जुन देशले तीव्र आर्थिक विकास र लोभलाग्दो समृद्धि हासिल गरेका छन्, त्यसका पछाडि बलियो राजनीतिक नेतृत्वको मुख्य योगदान रहेको छ। आज हामी सिङ्गापुरको कुरा त गर्छौं तर सिङ्गापुरलाई आजको सिङ्गापुर बनाउन ली क्यान यी वा मलेसिया बनाउन महाथिर मोहम्मदको नेतृत्वलाई राम्ररी नहेरी त्यसको अन्तर्यमा पुग्न सक्दैन। यदि

*घण्टौँ हिँडेर र घण्टौँ कुरेर अध्यक्ष ओलीलाई भेट्दा व्यक्तिगत रूपमा केही पाइएला कि भनेर होइन, मुलुक परिवर्तनको यात्रामा आत्मबल प्रदान गर्ने नागरिकहरू त्यसरी उत्साहका साथ लामबद्ध भएको सम्भवत: नेपालको राजनीतिक यात्रामा अर्को कुनै सन्दर्भ छैन।*

नेपाललाई साँच्चै बनाउने हो भने त्यहीअनुसारको बलियो पार्टी र बलियो नेतृत्वले अवसर पाउनुपर्छ। यो मान्यता समाजमा हामीले जति स्थापित गर्न सक्छौँ, त्यति नै देश बनाउने कुराको आधार तयार हुन्छ र नेकपा (एमाले) तथा अध्यक्ष ओलीको अपरिहार्यता महसुस हुँदै जान्छ।

२०५१ सालमा नेकपा (एमाले) को अल्पमतको सरकार थियो। संसद्मा बहुमत नभएकाले कुनै पनि बेला सरकार जान्छ भन्ने सबैलाई थाहा थियो। तर, त्यस सरकारले छोटो अवधिमा विकासका जे–जस्ता अवधारणाहरू अगाडि ल्यायो, त्यसबाट नेपालको इतिहासमा विकासको परिभाषा नै बदलिने अवस्था सिर्जना भयो। त्यो कुनै अरू कारणले भएको थिएन, नेकपा (एमाले) को दृष्टिकोण र तत्परताका कारण सम्भव भएको थियो। विकासको केन्द्रमा कसलाई राख्ने भन्ने अवधारणाले विकासलाई नेतृत्व गर्छ। जब नेकपा (एमाले) ले केन्द्रमा जनतालाई राख्यो, स्वयम् जनता विकासमा सामेल हुने परिस्थिति बन्यो र नेपालका सन्दर्भमा युगान्तकारी विकास निर्माणका काम भए। त्यस परम्परालाई अध्यक्ष ओलीले २०७२ र २०७४ मा मुलुकको नेतृत्व गरेपछि नयाँ उचाइ दिएकै कारण एमालेका समर्थक/शुभचिन्तकबाहेकका मानिसहरूको मुखबाट पनि 'हाम्राले त सक्दैनन्, गरे भने ओलीले गर्छन्' भन्ने सुनिन्छ। मध्यपहाडी यात्राका क्रममा एमालेका नेता, कार्यकर्ता र मतदाता मात्र होइन, विभिन्न दलका नेता, कार्यकर्ता र विगतका मतदातासमेत अध्यक्ष ओलीलाई भेट्न आउनु उहाँप्रतिको यही आशावादिता र अपेक्षा हो।

नेपालमा विकास नभएको होइन, भएको छ। केही पनि भएको छैन, सबै बिग्रियो, भत्कियो, देशमा बस्नै नसक्ने अवस्था भयो, सबै युवा विदेश जान लाइन लागे भन्ने भाष्य पनि सही होइन। धेरै काम भएका छन्, आधारभूत तहमा विकास पुगेको छ। मानव विकास सूचकाङ्क सकारात्मक छ। तर, अब यतिको विकासले मात्र नेपाललाई पुग्दैन। नागरिकलाई बाटोघाटो, बिजुली, पानी, टेलिफोन, विद्यालय, अस्पतालजस्ता विषय आधारभूत रूपमा चाहिन्छन्। तीमध्ये कतिपय क्षेत्रमा राम्रै प्रगति पनि भएको छ, कतिपय हुने क्रममा छन्। तर, अब हाम्रो विकासको बहस गाउँमा मैले गोरेटो बाटो ल्याएँ वा मैले एउटा विद्यालय भवन बनाएँ, मैले १० लाखको योजना हालिदिएँ भनेर पुग्दैन। हामीले एकातिर नागरिकका ती आवश्यकता पनि पूरा गर्नु छ भने अर्कातिर देशलाई समृद्धिमा फड्को मार्न केही ठुला परियोजना अघि नबढाई भएकै छैन। 'गेम चेन्जर'का रूपमा केही ठुला परियोजना अघि नबढाउँदासम्म न हामीले नागरिकको जीवनस्तर माथि उठाउन सक्छौँ न त देशलाई

आजको अवस्थाबाट बदल्न सक्छौँ । त्यसका लागि झट्ट सुन्दा मानिसहरूलाई सम्भव होला र भन्ने खालका केही आयोजना अघि बढाउनैपर्छ । केपी शर्मा ओलीले देखेको चीन र भारतसँगको रेल निर्माण यसको एउटा उदाहरण हो । आज नभए भोलि, भोलि नभए पर्सि, हाम्रा पालामा नभए हाम्रा सन्तानका पालामा भए पनि चीन र भारतसँग काठमाडौँलाई रेलले नजोडी हाम्रो विकासले नयाँ फड्को मार्नै सक्दैन । यस कुरालाई गहिरो गरी बुझ्ने नेता नेपालमा अध्यक्ष ओलीबाहेक अर्को छैन । चिनियाँ राष्ट्रपति सी चिङफिङको नेपाल भ्रमणका बेला केरुङ–काठमाडौँ रेलमार्ग निर्माणका लागि औपचारिक प्रस्ताव नै गरेर यस विषयलाई दुई देशको साझा एजेन्डा बनाउने काम भएको छ भने भारतसँगको रेलमार्गबारे त एक चरणको अध्ययन नै भइसकेको छ । ढिलो–चाँडो यो काम नभई सुखै नभएकाले यस दूरदृष्टिको नेताका रूपमा आम जनताको मानसपटलमा अध्यक्ष ओलीको तस्बिर बसेको छ । मध्यपहाडी यात्राका क्रममा उहाँप्रति देखा परेको आशाको एउटा प्रमुख कारणका रुपमा यसलाई लिन सकिन्छ ।

नेतालाई जनता चाहिन्छ, जनतालाई पनि असल नेता चाहिन्छ । माथवरसिंह थापाको पालादेखि अहिलेसम्म नेपालमा प्रधानमन्त्रीको कुर्सी एक मिनेट पनि खाली छैन । तर, कुनै नेताका लागि प्रधानमन्त्री हुनु वा नहुनुको व्यक्तिगत रूपमा अर्थ हुनु एउटा कुरा हो, त्यसका लागि त्यसले कत्तिको फरक पार्दछ भन्ने कुराले महत्त्व राख्छ । केपी शर्मा ओली प्रधानमन्त्री हुँदा नागरिकको आत्मविश्वास बढाउने र ठोस रूपमा विकास अघि बढाउने काममा जे काम भएका छन्, त्यसको तुलना अरूसँग हुन सक्दैन । कुनै पनि देश बनाउन सबभन्दा पहिलो नागरिकको आत्मविश्वासको आवश्यकता पर्छ । हामी सक्छौँ र हाम्रो देश बन्छ भन्ने भावना भित्रैदेखि उत्पन्न गर्न सक्दा मात्रै पनि देश निर्माणको आधार तयार हुन्छ । हामीसँग दक्ष जनशक्ति नभएको होइन, विश्वका विभिन्न कुनामा पुगेर नेपालीहरूले आफ्नो क्षमता देखाइरहेका छन् । अध्ययनका लागि विश्वमा नामी विश्वविद्यालयहरूमा नेपालीहरूले उत्कृष्टता देखाएका छन् । हामीसँग स्रोतको कमी छैन, सम्भावनाको कमी पनि छैन । कमी छ भने बलियो नेतृत्व र आत्मविश्वासी नागरिकको मात्र छ । त्यही भएर अध्यक्ष ओलीले इतिहासदेखि नै हामीले प्राप्त गरेको गौरव, हाम्रा पुर्खाको योगदानदेखि नेपालीको वंशाणु (जिन) को कुरा गरिरहनुभएको छ । यो कुनै सभामा सुनाउन वा आफ्नो विद्वता देखाउन मात्र गरिएको कुरा होइन, देश निर्माणको आधारशिला नै नागरिकको आत्मविश्वास हो । मध्यपहाडका नागरिकहरूले मात्र होइन, सिङ्गो

देशका नागरिकहरूले मध्यपहाडी यात्राका क्रममा देखाएको चासो र सरोकार यही कुरासँग जोडिएको छ ।

नयाँ–नयाँ दलका रूपमा सङ्गठित हुन खोजिरहेकाहरूले राजनीतिलाई नै बदनाम र विकृत बनाउन खोजिरहेका छन् । लोकतन्त्र, गणतन्त्रका लागि लडेका, इतिहास निर्माण गरेको, मुलुकको परिवर्तनको नेतृत्व गरेका र मुलुक निर्माणको एजेन्डा बोकेका दलहरूलाई पनि पुराना भनेर आफूलाई सही साबित गर्ने प्रयत्न उनीहरूले गरिरहेका छन् । चुनावमा अनैतिक र अराजनीतिक गठबन्धन बनाइएका कारण त्यसबाट फाइदा उठाएर संसद् छिरेका त्यस्ता दहहरूको हल्ला र नारा नै छ : पुराना दलहरू खराब, पुराना नेता खराब, पुरानो सिद्धान्त खराब । मध्यपहाडी यात्राले यस भाष्यलाई पुरै खारेज मात्र गरेको छैन, जनताको विश्वास पार्टीका रूपमा नेकपा (एमाले) सँग र नेताका रूपमा केपी शर्मा ओलीसँग छ भन्ने कुरालाई पुनर्पुष्टि गरेको छ । कार्यक्रम पार्टीको भए पनि जुन रूपमा स्वत:स्फूर्त रूपमा जनसहभागिता देखा पर्‍यो, त्यसले देशको नेता पार्टीका रूपमा एमाले र नेताहरूको नेताका रूपमा केपी शर्मा ओलीलाई निर्विकल्प रूपमा स्वीकार गरेको देखाएको छ । राजनीति गर्न चटक गरिरहनुपर्दैन र जनतालाई आकर्षित गर्न कुनै होहल्ला जरुरी छैन भन्ने यसबाट स्पष्ट भएको छ ।

हाम्रो राजनीति चुनावदेखि चुनावसम्म भएको छ । चुनावका बेला पार्टी कमिटीहरू सक्रिय हुने, चुनावकै बेला नेताहरू सक्रिय हुने, चुनावकै बेला बढीभन्दा बढी कार्यक्रम हुने, चुनावकै बेला ठुल्ठुला सभाहरू हुने अभ्यासले केही चहलपहल भयो भने फेरि चुनाव आयो कि क्या हो भन्ने भान पर्ने गरेको छ । नेकपा (एमाले) ले यस अवस्थालाई बदलेर आफ्ना सबै नेता–कार्यकर्तालाई हरेक समयमा जनताका बीचमा जानका लागि प्रेरित र परिचालित गरेको छ । २०७९ सालको निर्वाचन सम्पन्न भएको ती महिनाभित्र सुरु भएको मिसन ग्रासरुटदेखि अहिलेको मध्यपहाडी यात्रासम्म आइपुग्दा एमाले आफू मात्र परिचालन भएको छैन, पुरै जनता परिचालित छन् । एउटा जीवन्त र गतिशील राजनीतिक दलका लागि यस्ता अभियानले पहलकदमी र स्वीकार्यता बढाउँछ भन्नेमा दुईमत छैन ।

नेकपा (एमाले) ले अघि सारेका कार्यक्रमहरूको अरू पार्टीले सिको गर्ने अभ्यास नयाँ होइन । आफै कुनै नयाँ कार्यक्रम गर्न नसक्ने दलहरूले एमालेले गरेकै कार्यक्रमको ढाँचामा हतारहतार आफूलाई पेस गर्ने क्रम यसपटक पनि देखा पर्‍यो । नेपाली काङ्ग्रेसले 'समुदायमा काङ्ग्रेस' र नेकपा (माओवादी केन्द्र) ले 'घरघरमा

माओवादी' भनेर चलाएका कार्यक्रमहरूलाई यसै परिप्रेक्ष्यमा बुझ्न सकिन्छ। उनीहरू अहिले सत्तामा छन्। सत्तामा भएका कारण जनतालाई सेवा प्रवाह गर्नबाट कसैले रोकेका छैन। तर, उनीहरूको ध्यान त्यसमा छैन। मालपोत र नापी कार्यालयहरूमा देखिने बेथिति, लाइसेन्सका लागि लाग्ने युवाहरूको लामो लाइन, राहदानी बनाउन युवाहरूको अत्यासलाग्दो लाइन, मल नपाएर छटपटाइरहेका किसानहरूको बेचैनी, कालोबजारी र तस्करीका कारण थला परेको व्यवसायजस्ता कुरामा सामान्य सुधार पनि गर्न नसक्ने सत्ताधारीहरूले कुन मुखले जनताका बीचमा गएर के बोले होलान् ? सरकार हाम्रो छ, प्रधानमन्त्री हाम्रा छन्, मुख्यमन्त्री/मन्त्री हाम्रा छन् तर हामीले काम गर्न सकेनौँ र तपाईंहरूकोमा आयौँ भनेर जनतालाई गुहार्ने ? किन एमालेले हामीलाई काम गर्न दिएन भनेर जनतासमक्ष उजुरी गर्ने ? सत्ताको डाडु–पन्यु हातमा बोकेर पनि जनताका दिनदिनैका ससाना समस्यासमेत समाधान गर्न नसक्नेहरूलाई जनताका बीचमा जाने कुनै नैतिक अधिकार नै छैन। त्यही भएर उनीहरूले हाम्रो नक्कल गर्न चाहे पनि तिनका कार्यक्रमहरू बीचैमा असफल साबित भएका छन्। प्रतिपक्ष त सरकारमा हुँदैन, त्यसैले हामीले काम गर्न पाएनौँ भनेर वैकल्पिक सोच अघि सार्नुलाई बिल्कुल स्वाभाविक मानिन्छ। तर, सत्ताको बागडोर सम्हालिरहेको सत्तापक्षले चाहिँ के एजेन्डाका आधारमा बाहिर निस्किने ? सरकारले राम्रो काम गरेर

*कार्यक्रम पार्टीको भए पनि जुन रूपमा स्वतःस्फूर्त रूपमा जनसहभागिता देखा पऱ्यो, त्यसले देशको नेता पार्टीका रूपमा एमाले र नेताहरूको नेताका रूपमा केपी शर्मा ओलीलाई निर्विकल्प रूपमा स्वीकार गरेको देखाएको छ। राजनीति गर्न चटक गरिरहनुपर्दैन र जनतालाई आकर्षित गर्न कुनै होहल्ला जरुरी छैन भन्ने यसबाट स्पष्ट भएको छ।*

उदाहरण देखाउने हो भने त हजार तर्कभन्दा त्यही काम बलशाली हुँदैनथ्यो र ? यति सामान्य कुरा त आम नागरिकले पक्कै पनि बुझेका छन् ।

विभिन्न देशमा दलहरूले अभियानहरू सञ्चालन गरिरहेको पाइन्छ। भारतमा सन् १९९२ मा भारतीय जनता पार्टीले लालकृष्ण आडवाणीको नेतृत्वमा गरेको रथयात्रालाई भाजपाको निर्णायक विस्तारको आधारशिला मानिन्छ। भलै त्यसमा धार्मिक अतिवाद जोडिएको थियो र अयोध्यामा बाबरी मस्जिदको ढाँचा तोडिएपछि त्यसले धार्मिक दङ्गाका रूपमा लिएको थियो तर आजको भाजपा त्यही आधारमा उभिएको मानिन्छ । गत वर्ष भारतीय राष्ट्रिय काङ्ग्रेसले पूर्वअध्यक्ष राहुल गान्धीको नेतृत्वमा 'भारत जोडो यात्रा' चलाएको थियो भने यस वर्ष 'भारत न्याय यात्रा' चलाएको छ । नेपालमा चाहिँ नेकपा (एमाले) सँग प्रतिस्पर्धा गर्न पनि नेकपा (एमाले) ले नै अभियान चलाउनुपर्छ। २०७३ सालमा अध्यक्ष ओलीको नेतृत्वमा पूर्वको काँकडभिट्टाबाट सुरु भई पश्चिमको गड्डाचौकी पुगेर सकिएको मेची–महाकाली अभियानले ल्याएका तरङ्गहरूको प्रभाव २०७४ को स्थानीय, प्रदेश र सङ्घीय निर्वाचनमा परेको अनुभव हामीसँग छ । यसपटक मध्यपहाडलाई ब्युँझाउने गरी आयोजना भएको यस यात्राले तत्कालीन प्रचार–प्रसारमा मात्र होइन, त्यहाँ पार्टीको जनाधारलाई सुदृढ गर्ने र यस क्षेत्रका विकासका लागि जागरण ल्याउने काममा अपूर्व योगदान गर्ने अपेक्षा गर्न सकिन्छ ।

राजनीतिक दलहरू आ–आफ्ना सोचअनुसार चल्ने गर्छन् । एउटा दल राम्रो र सामयिक छ कि छैन भन्न मुख्यत: तीनवटा विषयमा निर्भर गर्छ– १. सिद्धान्त २. नेतृत्व र ३. सङ्गठन । नेकपा (एमाले) को सिद्धान्त सही छ, नेतृत्व प्रभावकारी र गर्व गर्नलायक छ, सङ्गठन पनि अरूभन्दा मजबुत छ । तर, हामीलाई अझै यतिले पुगेको छैन । गत निर्वाचनमा हाम्रा विरुद्धमा अनैतिक महागठबन्धन भयो । हामीलाई थाहा छ, यो क्रम यहीँ रोकिनेवाला छैन । एमालेले जति–जति राष्ट्रिय हितका पक्षमा अडान राख्छ, जति–जति लोकप्रियता हासिल गर्छ, यो र यस्ता थप गठबन्धन हाम्रा विरुद्धमा हुनेछन् । हाम्रो नेतृत्वले यस कुरालाई समयमै बुझेको छ र पार्टीलाई अहिलेदेखि नै अर्को चुनावको तयारीमा होमेको छ । हाम्रा विरुद्धमा जतिसुकै घेराबन्दी भए पनि हामीले यसलाई चिर्नु छ । त्यसका लागि नेकपा (एमाले) लाई एक्लै बहुमत प्राप्त गर्न सक्ने शक्तिका रूपमा विकास गर्न जरुरी छ । त्यसक्रममा मध्यपहाडी यात्राबाट ठुलो जागरणको काम गर्ने आधार निर्माण भएको छ ।

●

१८

# कृषिक्षेत्रका समस्या, समाधान र सम्भावना



**डा. प्रेम दङ्गाल**
अध्यक्ष, अखिल नेपाल किसान महासंघ

नेकपा (एमाले) ले २०८० मङ्सिर १४ गतेदेखि पुस १ गतेसम्म मध्यपहाडी लोकमार्गमा समृद्धिका सङ्कल्प यात्रा सम्पन्न गर्‍यो। यात्राका क्रममा स्थानीय जनसमुदायले पार्टीलाई आफ्ना गाउँको विकास निर्माणसँग सम्बन्धित विभिन्न ध्यानाकर्षण, निवेदन र ज्ञापनपत्रहरू बुझाउनुभयो।

उहाँहरूले समाधान गर्न अपिल गरेका समस्याहरू अनेक थिए। तीमध्ये प्राथामिकताक्रम हेर्दा पाँचौँ नम्बरमा कृषि तथा पशुपालनको विषय थियो। खासमा कृषिको विकास र विस्तार गरी किसानलाई उत्थान गर्ने विषय प्रमुख रूपमा थियो। यात्राका क्रममा विभिन्न प्रदेशमा कृषि, सिँचाइ, वन, भूमि व्यवस्था, पशुपालनलगायत क्षेत्रमा विभिन्न प्रकृतिका समस्या, समाधन र सम्भाव्यता बुझ्न सकियो। हेरौँ तथ्य, तथ्याङ्क र तालिकामा।

| विषय क्षेत्र | कोशी | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| कृषि तथा फलफूल | २० | ० | ८ | ४ | ४ | ८ | ३ | ४७ |
| सिँचाइ | १ | ० | ८ | ५ | ० | ५ | २ | २१ |
| भूमि व्यवस्था | ० | ० | १० | १ | ० | १ | ४ | १६ |
| वन तथा वातावरण | ० | ० | ३ | ० | १ | ० | २ | ६ |
| वन्यजन्तु | ० | ० | ० | १ | २ | १ | ० | ४ |
| जडीबुटी | १ | ० | ० | ० | १ | १ | १ | ४ |
| पशुपालन | ० | ० | ० | ० | १ | १ | ० | २ |

**कोशी**

यहाँ नगदेबाली, फलफूल, तरकारी, पशुपालन, चिया र कफी खेती प्रवर्धन गर्नुपर्नेमा स्थानीयको आवाज छ। आलु पकेट क्षेत्रको घोषणासँगै अमिलो जातका फलफूल प्रवर्धन, सबै पालिकामा चिस्यान केन्द्र स्थापना, कृषि सैनिक गठन, जङ्गली जनावरको नियन्त्रण, एक पालिका एक कृषि उपज सङ्कलन तथा बिक्री केन्द्र स्थापना, फलामे टनेल खेती प्रवर्धन, दुग्धजन्य उत्पादनको समयमै भुक्तानी, चोकर र साइलेजमा ५० प्रतिशत छुटको व्यवस्था, पशुका लागि भ्याक्सिनको व्यवस्था, कृषकलाई ब्याज अनुदानलगायत मागहरू आए। यहाँ पाख्रिबासे कालो बङ्गुर, एभोकाडो, बेमौसमी तरकारी, इस्कुस, चिया, कफीजस्ता उत्पादनहरूको उच्च सम्भावना छ।

स्थानीयले समयमा मल, बिउ बिजन, औजारको व्यवस्था, बजार प्रवर्धन गर्नु पर्नेसँगै निकासीमा भन्सार शुल्क कम, अलैँचीको समर्थन मूल्य निर्धारण स्थानीय जातका बिउको संरक्षण र वंशसुधार, मौरी पालनमा सीप वृद्धि, एक वडा एक बालीको व्यवस्थालगायत मागहरू आए।

**मधेस**

यात्राका क्रममा यो प्रदेशमा जमिन र आवासको आवाज बढी सुनियो। भूमिहीन दलितलाई जमिन र आवासको व्यवस्था गर्नुपर्ने धेरैको माग र अपेक्षा देखियो।

**बागमती**

यो प्रदेशमा कृषिको प्रशस्त सम्भावना भएका मध्यपहाडी क्षेत्रमा सिँचाइको प्रबन्ध गर्नुपर्ने प्रमुख आवश्यकता हो। यहाँ ढाँडखोला र इन्द्रावतीमा सिँचाइ र तटबन्ध निर्माण गर्नुपर्ने, सिन्धुपाल्चोक, काभ्रेलगायत जिल्लामा गुठी समस्या समाधान गर्नुपर्ने, जग्गाधनी प्रमाणपत्र समस्या समाधान गर्नुपर्नेजस्ता आवाजहरू जायज देखिए।

यहाँ आलु, किबी, चौरी तथा पशुपालनका लागि बृहत् योजना, जुनार, किबी, चिया, अलैँचीजस्ता उत्पादनको पकेट क्षेत्र घोषणा, नेत्रावती डबजोङको राम्चे पहिरो नियन्त्रण, जडीबुटी खेती प्रवर्धन, थोपल, पचासे, चरङ्गे खोला सिँचाइ, आहूतिखोला करिडोर निर्माणलगायत मागहरू प्रस्तुत भए।

**गण्डकी**

यो प्रदेशमा लिफ्टिङ तथा बोरिङ सिँचाइको व्यवस्था, चिस्यान केन्द्र स्थापना, भोलैटार, करापुटार सिँचाइअन्तर्गतका नहरहरूको मर्मत तथा पूर्णता, बेमौसमी खेती प्रवर्धन, कृषि उत्पादनको बजारीकरण व्यवस्था, एक गाउँ एक उत्पादनको कार्यक्रमलगायत माग प्रस्तुत भए।

**लुम्बिनी**

यो प्रदेशका हिमाली र उच्च पहाडी भेगमा यार्सागुम्बा, पाँचऔँले, पदमचाल, बिक्मा, तितेपाती, सतुवा, निरमसी, तिथमुरजस्ता जडीबुटीको संरक्षण तथा प्रशोधन, स्याउ, ओखर, सुन्तला र आलु खेतीका लागि सुपर जोनको घोषणाजस्ता माग प्रस्तुत भए। त्यस्तै रन्मा, मैकोट, हुकाम, तकसेरा, सिस्ने जाङ, खाराबाङ, बुकीपाटन, लुकुमजस्ता पाटनलाई चरन क्षेत्र विस्तार, लोपोन्मुख नावर, कस्तुरी, रेडपान्डा, हिमाली थार, हिमचितुवा र भालुको उचित संरक्षण, जडीबुटी उत्पादन तथा प्रशोधन उद्योग स्थापना, अर्गानिक आलु जोन र भेडापालनमा अनुदान जस्ता मागहरू प्राप्त भए।

**कर्णाली**

यो प्रदेशमा सुन्तला, किबी, अङ्गुर, ओखर, ड्रागन, केरा, आँप, लिचीलगायत फलफूल, नगदे बाली तथा तरकारीको उत्पादनमा वृद्धि, व्यवसायीकरण र

बजारीकरणमा ध्यान दिनुपर्ने सुझावहरू प्राप्त भए। लेकाली क्षेत्रमा हुने उत्पादनको प्रवर्धन, घोडावासको कृषि फार्मलाई राष्ट्रिय कृषि अनुसन्धान कार्यक्रममा समावेश, गुराँसे कृषि सङ्कलन केन्द्र तथा शीत भण्डार, धरमपोखरा कृषि सङ्कलन केन्द्र, सेरीवाडा शीत भण्डार, काफल तोली चिस्यान केन्द्र, प्राङ्गारिक मल उत्पादन केन्द्र स्थापना, सरकारी तवरबाट कृषि उपज खरिद बिक्री केन्द्र स्थापना तथा विस्तारका मागहरू जायज रहे।

गुराँसेदेखि सुर्खेत वीरेन्द्रनगरसम्म दुग्ध पाइपलाइन सञ्चालन, गाराघाटदेखि रिम्नासम्म सानी भेरी डाइर्भसन निर्माणमार्फत सिँचाइ, विशेषताअनुसारका क्षेत्रहरूमा उन्नत बिउ, अदुवा, सुन्तला, मौसम र कागती, अल्लो, भिमल, लोक्ता, चिउरीजस्ता गैरकाठ वन पैदावार र जटामसी, समायो, चुल्ठे, चिराइतो, पाँचऔँले, दालचिनी, यर्सागुम्वा, गुच्छीच्याउ, शिलाजितलगायत जडीबुटी प्रशोधन उद्योगको स्थापना र प्रवर्धन, रुकुम पश्चिममा तरकारीको बिउ उत्पादनमा जोड दिन ज्ञापन प्राप्त भयो।

## सुदूरपश्चिम

यो प्रदेशमा लम्पी स्किनको महामारीबाट मरेका पशुचौपायाको क्षतिपूर्ति पाउनुपर्ने, शीतगृह निर्माण तथा पूर्णता प्रदान गर्नुपर्ने, सिँचाइको व्यवस्थापन हुनुपर्ने, यार्सागुम्बालगायत बहुमूल्य जडीबुटीको उत्पादन प्रशोधन, भैँसीपालन पकेट क्षेत्र तयार, भूमि व्यवस्थापन, डढेलो नियन्त्रण, बाँझो जग्गाको व्यवस्थापन, लालपुर्जा प्राप्ति, डढेलो नियन्त्रणलगायत समस्याहरू अवगत भए।

## प्राप्त सुझाव र समाधानका उपाय

- लम्पी स्किन रोगको महामारीबाट मरेका पशुचौपायाको क्षतिपूर्ति। बिमित किसानहरूले बिमाको भुक्तानी। महामारीबाट प्रभावित र पीडित पशुपालक किसानलाई निब्र्याजी कर्जा उपलब्ध।
- मुख्यमुख्य खाद्य बाली, नगदे बाली, तरकारी र फलफूलको समर्थन मूल्य निर्धारण तथा शोधभर्ना।
- वन्यजन्तुको प्रकोपअन्त, पीडित किसानलाई राहत, क्षतिपूर्ति र पुनर्स्थापना।
- कृषिलाई व्यवसायीकरण, आधुनिकीकरण, विशिष्टीकरण र विविधीकरण।

- 'कोही भोकै पर्दैन, कोही भोकले मर्दैन' भन्ने नारा साकार पार्न पालिकामार्फत कृषि उत्पादनमा आत्मनिर्भर हुने रणनीति।
- किसानको पहिचान, वर्गीकरण र सूचीकरण गरी परिचयपत्र वितरण।
- स्थानीयस्तरका उन्नत बिउबिजन तथा नश्लहरूको संरक्षण, उत्पादन र वितरण।
- स्थानीय, प्रदेश र स्थानीय तहमा कृषिबजारको व्यवस्थापन।
- सहकारीबाट कृषिका अनेक सुविधा।
- किसानलाई योगदानमा आधारित निवृत्तिभरणको व्यवस्था।
- नि:शुल्क कृषि तथा पशु बिमा।
- दुग्ध उत्पादनमा विशेष जोड।
- विषादीको नियन्त्रण, जैविक तथा प्राङ्गारिक मल र विषादी उत्पादन र प्रयोगमा जोड।
- जल, जङ्गल, जमिन, जडीबुटी र जैविक विविधतामाथि किसानको नैसर्गिक अधिकार स्थापित।
- उत्पादनका स्रोत, साधन, अवसरमा महिलाको समान हक स्थापित।
- किसानका लागि विद्युत् महसुलमा छुट।
- किसान एप्समार्फत किसानलाई कृषिसम्बन्धी जानकारी। आधुनिक प्रविधि, ज्ञान र सीप विकासयुक्त जनशक्ति निर्माणका लागि व्यावसायिक कृषि शिक्षा।
- गाउँगाउँमा कृषि सूचना केन्द्र स्थापना। परामर्शका लागि नि:शुल्क टेलिफोन, इन्टरनेट सेवा।
- विदेशबाट बिनारोकतोक कृषि तथा कृषिजन्य उत्पादनहरू भित्रिने अवस्थाको अन्त्य।
- मुलुकका विभिन्न भागहरूमा शीत भण्डार निर्माण। विद्युतमा अनुदान।
- माछापालनका लागि पोखरी निर्माण, भुरा र दानाको व्यवस्था।
- निर्यातजन्य कृषिवस्तुहरू चिया, कफी, अलैंची, अदुवालगायत उत्पादनको निर्यात अनुदान, बिमा तथा बजार विस्तार र सहुलियत कर्जा।

**प्रमुख तीन समस्या र समाधान**

**१. बाँझो जमिन उपभोग**

यात्राका क्रममा देखिएका समस्यामध्ये प्रमुख समस्याका रूपमा रहेको बाँझो जमिनको सदुपयोग गर्न निम्न पहल गर्न जरुरी छ ।

- बाँझो जमिन प्रयोगमा ल्याउन राज्यको लगानी र व्यवस्थापनमा जोड दिने ।
- कृषिको व्यवसायीकरण, आधुनिकीकरण र यान्त्रीकरण गरी युवालाई आकर्षित गर्ने ।
- स्वदेशमै विकल्पको उपयुक्त अवसर सिर्जना गरी युवाहरूलाई विदेशको सट्टा स्वदेशमै बस्ने वातावरण बनाउने ।
- पशु तथा बाली बिमा, करार खेतीको माध्यमबाट उत्पादनमा जोड दिने ।
- खेती, पशुपालन र वन क्षेत्रको सन्तुलित प्रयोगको अभ्यासलाई अगाडि बढाउने ।
- परम्परागत सीप र आधुनिक कृषि प्रविधि प्रयोगका सन्दर्भमा सबै तहका सरकारहरूले संयोजनकारी भूमिका खेल्ने ।
- बिचौलिया र व्यापारीहरूबाट किसानहरू पीडित र शोषित हुने प्रवृत्ति अन्त्य गर्ने ।
- जलवायु परिवर्तनका कारण उत्पादनमा हुने प्रभाव रोक्न पहल गर्ने ।
- माटो र जलवायु परीक्षण गरी एक गाउँ एक उत्पादनको नीति अवलम्बन गर्ने ।
- कृषि शिक्षा, अनुसन्धान र प्रसारलाई एकीकृत बनाई कृषि सूचना, पात्रो, पाठशाला किसानको पहुँचमा पुऱ्याउने ।
- भूमि बाँझो राख्नेलाई बढी कर लगाउने । निश्चित समयसीमासम्म कमाइ नगरे यस्तो जमिन राज्यले लिने नीति अवलम्बन गर्ने । सामूहिक खेती प्रणालीलाई प्रोत्साहन गर्ने ।
- भूमिलाई उत्पादनको साधनका रूपमा प्रयोग गर्ने । आर्थिक उपार्जन, सामाजिक प्रतिष्ठा र राजनीतिक हैसियत बनाउने अवस्थाको अन्त्य गर्ने ।
- स्थानीय निकायको उल्लेख्य बजेट कृषि क्षेत्रमा र युवा किसानलाई कृषि कार्यमा लगाई उनीहरूलाई आकर्षित गर्ने ।

- उन्नत खेती, पशुपालन, बाली प्रजाति, बाली व्यवस्थापन बारेका तालिम, अभिमुखीकरण, अवलोकनजस्ता कार्यक्रमहरूमा युवा किसानलाई सहभागी गराउने।
- स्वदेशी कृषि उत्पादनलाई वैदेशिक बजारसम्म पुऱ्याउन बजारको सहजीकरण गर्ने।
- किसानलाई समूहमा आबद्ध गरी, सहकारी खेती प्रणाली वा सामूहिक खेती प्रणालीलाई बढावा दिने। कृषि यन्त्रीकरण, शीत भण्डारणलगायतमा समेत किसानको पहुँच बढाउने।

**२. वन्यजन्तु नियन्त्रण**

मध्यपहाडी क्षेत्रका सबैजसो जिल्लाका गाउँबस्तीहरूमा वन्यजन्तुको आतङ्क छ। खासगरी बाँदर, बँदेल, दुम्सीलगायत वन्यजन्तुले किसानको बाली नष्ट गर्छन्। किसानले बाली भित्र्याउन पाउँदैनन्। बाली मात्र होइन, मानिसलाई नै आक्रमण गर्ने गरेका छन्। जसका कारण किसान विस्थापित भइरहेका छन्। जमिन बाँझो हुने र किसान बसाइँसराइ गर्ने क्रम बढिरहेको छ। यो समस्यालाई सम्बोधन गर्न निम्न कार्यहरू गर्न जरुरी छ।

- बालीको विविधीकरण गरी वन्यजन्तुले नखाने बाली लगाउने। जस्तै : अदुवा, बेसार, अम्लिसो, खोर्सानीलगायत।
- बालीको सट्टा पशुपालनका कार्यक्रमहरू सञ्चालन गर्ने। यसका लागि राज्यले उन्नत जातका पशुवस्तुका नश्लहरू उपलब्ध गराउने।
- वनस्पति, जडीबुटी र जैविक विविधताका कार्यक्रमहरू सञ्चालन गर्ने।
- बाँदर, बँदेल र दुम्सीलाई निश्चित समयसम्म मासुका रूपमा प्रयोग गर्न स्थानीय तहलाई अधिकार दिने।
- वन्यजन्तुलाई मन पर्ने बाली जङ्गलमै लगाई उनीहरूलाई खाद्यान्नको व्यवस्था गर्ने उपाय अवलम्बन गर्ने।
- वन्यजन्तुको प्रकोप तत्काल अन्त्य गरी पीडित किसानलाई राहत, क्षतिपूर्ति र पुनर्स्थापना गरिनुपर्ने। उच्च मूल्य भएका जडीबुटी तथा कृषि उत्पादनहरूलाई प्रवर्धन गर्ने।
- मूल्य शृङ्खलामा आधारित भई निर्यातलाई प्राथमिकता दिने।

**३. कृषि श्रमिकको पलायनता**

कृषिकार्य गरी आम रूपमा लाभ नभएपछि गाउँगाउँबाट युवाहरू रोजागरीको खोजीमा सहर, राजधानी र अन्तत: विदेशमा श्रम गर्न गइरहेको अवस्थालाई सम्बोधन गर्न निम्न उपाय अपनाउन जरुरी छ ।

- कृषिको व्यवसायीकरण, आधुनिकीकरण र यान्त्रीकरण गर्ने। कृषि औजार, मेसिन, पम्पिङ सेट, ट्र्याक्टर, थ्रेसरलगायत यन्त्र उपकरण खरिदमा अनुदान र भन्सार छुट गर्ने।
- उन्नत कृषि प्रविधि अवलम्बन गर्ने।
- कृषि अध्ययन गरेका विद्यार्थी र खेती गर्न चाहने युवाहरूलाई प्याकेजमै स्टार्ट अप ग्रान्ट कार्यक्रम उपलब्ध गराउने। यसका लागि अनुदान, सहुलियत दरको कर्जा, बिमाका कार्यक्रमहरू उपलब्ध गराउने।
- सबै कृषिजन्य उत्पादनको समर्थन मूल्य घोषणा गरी स्थानीय र प्रदेश सरकारमार्फत खरिद गर्ने व्यवस्था मिलाउने। समर्थन मूल्य र बजार मूल्यबीचको अन्तरलाई शोधभर्ना दिने व्यवस्था गर्ने। यस्तो कार्य बाली लगाउनुभन्दा अगाडि नै किसानसँग सम्झौता गरी खरिदको प्रत्याभूति दिने।
- महिलामैत्री कृषि औजार र प्रविधिको विकास गर्ने, महिला किसानलाई भत्तासहित सुत्केरी बिदाको व्यवस्था गर्ने। गाउँगाउँमा शिशु स्याहार केन्द्र स्थापना गरी महिला किसानलाई कृषिकार्य गर्ने सहज वातावरण बनाउने।
- कृषि प्राविधिक सेवा चुस्तदुरुस्त बनाई समयमै उपलब्ध गराउने। कम्तीमा पनि प्रत्येक पालिकाका वडाहरूमा एक कृषि अर्थविज्ञ, एक पशुसेवा विज्ञ र कृषि प्रसार हेर्ने प्राविधिकहरूको अनिवार्य व्यवस्था गर्ने।
- धितो नहुने किसानलाई सामूहिक जमानीमा सस्तो ब्याजमा कर्जा दिई कर्जाको ब्याज वार्षिक किस्ताबन्दीमा तिर्ने व्यवस्था गर्ने। भूमिहीन किसानले जमिन खरिद गर्न चाहे खरिद गरिने जमिनलाई धितो राखी २ प्रतिशत ब्याजदरमा किस्ताबन्दीमा सहुलियत दरको कर्जा उपलब्ध गराउने।

- भूमिहीन दलित र भूमिहीन गरिब किसानले जमिन पाउने संवैधानिक हक कार्यान्वयन गरी त्यस्ता किसानलाई जमिन प्रदान गर्ने। सामन्ती भूस्वामित्वको अन्त्य र जमिनमा रहेको द्वैध स्वामित्वको अन्त्य गर्ने।
- कृषि भूमिको वर्गीकरण गरी चक्लाबन्दी गरी सहकारी खेती प्रवर्धन गर्ने, जमिनको उकास, सुधार र उपयोगमा जोड दिने।
- कृषियोग्य भूमिको खण्डीकरण रोकी भूमि बैङ्कमार्फत भूमिको उपयोग गर्ने व्यवस्था लागु गर्ने, सम्पूर्ण गुठी जमिन जोतभोग गर्दै आएका किसानका नाममा रैकर गर्ने।
- आगामी एक दशक कृषि क्रान्ति दशक घोषणा गरी राज्यका नीति, कार्यक्रम, योजना र बजेटमा प्राथमिकता दिई सञ्चालन गर्ने।
- सङ्घीय, प्रदेश तथा स्थानीय तीनै तहका सरकारहरूले कुल बजेटको १० प्रतिशत कृषि क्षेत्रका लागि विनियोजन गर्ने।

**प्रचुर सम्भावना**

- यस क्षेत्रमा सिट्रस जातका फलफूलहरूको प्रचुर सम्भावना रहेको छ। यसका लागि शीत भण्डारको व्यवस्था गरी नजिकका बजारमा पुऱ्याउन सकिन्छ। यसका लागि राज्यले ढुवानी अनुदान दिनुपर्छ। नेपालको सुन्तला विश्वमै स्वादिलो फलका रूपमा लिइन्छ। त्यसैले यो फल निर्यात गर्ने प्रचुर सम्भावना छ। यस भेगमा व्यावसायिक सुन्तला खेती लगाउन सकिन्छ।
- यस भेगमा प्रचुर मात्रामा ताजा तरकारी उत्पादन गर्न सकिन्छ। हाल पनि पूर्वी नेपालका विभिन्न जिल्लाहरूबाट भारततर्फ ताजा तरकारी निर्यात भइरहेको छ। विदेश निकासीका लागि भन्सार शुल्क घटाउने, बाह्रै घण्टा भन्सार खुलाउने, नेपालका ढुवानी साधनहरूलाई भारतमा सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्छ। ढुवानीका लागि एयरकन्डिसन सवारीसाधनहरूको व्यवस्था गर्नुपर्छ। ल्याब परीक्षण र भन्सार चेकपोस्टहरू क्वारेन्टाइनको व्यवस्था गर्न सकिन्छ।
- यहाँ अलैँची, चिया र कफीको उच्च सम्भावना रहेको छ। यसका लागि समर्थन मूल्य तोक्ने साथै अलैँची तथा औषधीजन्य जडीबुटीको


निकासीमा लाग्ने भ्याट मिनाहा गर्ने, अलैँची र जडीबुटी प्रवर्धन गर्नेजस्ता कार्य गर्न सकिन्छ।

- यहाँ पशुपालन व्यवसायको प्रचुर सम्भावना छ। खासगरी व्यावसायिक बाख्रापालन, भेडापालन, चौँरीपालन गरी मासु उत्पादनमा जोड दिनुपर्छ। उत्पादनको परिमाण हेरी विभिन्न केन्द्रमा फ्रोजन उद्योग स्थापना गरी ठुल्ठुला सहरमा पठाउन सकिन्छ। यसैगरी व्यावसायिक पशुपालनको माध्यमबाट दुध उत्पादन गर्न सकिन्छ। यसका लागि आवश्यक स्थानमा सङ्कलन केन्द्र स्थापना गरी दुग्ध उद्योग तथा सरकारी स्तरबाट सञ्चालन भइरहेको दुग्ध विकास संस्थानको क्षमता विकास गरी अफ सिजनमा पनि किसानले उत्पादन गरेको दुध खरिद गरी धुलो दुध उत्पादन गर्न सकिन्छ।
- यस भेगमा व्यावसायिक माछा र मौरी पालनको पनि राम्रो सम्भावना रहेको छ। चिसो पानीमा हुने माछा केज प्रविधिको माध्यमबाट व्यावसायिक माछा पालन गर्न सकिन्छ। त्यसैगरी ट्राउट, असला माछासँगै अन्य स्थानीय माछाको संरक्षण र प्रवर्धन गरी उत्पादन बढाउन सकिन्छ।
- कृषिमा आधारित साना, मझौला उद्यम र उद्योग स्थापना गरी उत्पादन प्रशोधन गरी उपभोग र निर्यात गरी औद्योगिकीकरणको प्रक्रियालाई जोड दिन सकिन्छ।

●

# १९

# मध्यपहाडमा भूकम्प : पुनर्स्थापना र पुनर्निर्माण



**निरज आचार्य**
केन्द्रीय सदस्य, नेकपा (एमाले)

२०८० कात्तिक १७ गते मध्यराती जाजरकोटको बारेकोट गाउँपालिका वडा नं १ को रामीडाँडालाई केन्द्रविन्दु बनाएर गएको ६ दशमलव ४ म्याग्निच्युडको भूकम्पले जाजरकोट र रुकुम पश्चिमको जनजीवन क्षत विक्षत पाऱ्यो। जाजरकोटमा मात्रै १०१ जनाको ज्यान गयो। १५८ जना भन्दा बढी घाइते भए। रुकुम पश्चिममा ५३ जनाले ज्यान गुमाए भने १७९ जना भन्दा बढी घाइते भए। स्थानीय प्रशासनको आँकडा अनुसार व्यक्तिगत, सरकारी र सार्वजनिक गरी जाजरकोटमा ४२ हजार ५४२, रुकुम पश्चिममा २९ हजार ४०६ र आसपासका जिल्ला सल्यान, दैलेख, जुम्ला र कालीकोटमा समेत गरी ७२ हजारभन्दा बढी घरहरू क्षति भए। अन्नपात, पशुचौपाया लगायतको हिसाव गर्ने हो भने क्षति अर्बौं रुपियाँ बराबरको पुग्छ।

कात्तिक १७ गते राती म काठमाडौँमा थिएँ। भूकम्पले काठमाडौंलाई पनि हल्लायो। मध्य राती नै थाहा भयो– ईपी सेन्टर मेरो गृहजिल्ला जाजरकोटको बारेकोट हो। प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख र पार्टीका नेता साथीहरू र जनप्रतिनिधिहरूसँग पालैपालो फोन गरेँ, मानवीय क्षति र घाइतेको डरलाग्दो तथ्याङ्क आउन थाल्यो। सदरमुकाम खलङ्गामा घाइतेहरूको उद्धारमा खटिरहेका मेयर सीपी घर्ती, कर्णाली प्रदेश सभाका पूर्व सदस्य करवीर शाही, केन्द्रीय कमिटीका सदस्य डम्बर बहादुर सिंह लगायत कमरेडहरूसँग राति १ बजे नै कुरा भयो। उहाँहरू

र अन्य कमरेडहरू उद्धार कार्यमा खटिसक्नु भएको रहेछ। यता काठमाडौंमा मैले उज्यालो नहुँदै विभिन्न संघ संस्था र दातृनिकायसँग उद्धार राहतका लागि समन्वय र अनुरोध गरिरहेको थिएँ।

कात्तिक १८ गते विहानको पहिलो जहाजबाट नेपालगञ्ज ओर्लिएँ। भेरी अस्पताल र कोहलपुरमा पुऱ्याइएका घाइतेहरूलाई भेटेँ र सिधै जाजरकोट पुगेँ। बेलुका जाजरकोट अस्पतालमा भएका घाइतेहरूलाई भेटेँ। भूकम्प पीडित जनताको उद्धार र राहतमा के कस्तो सहयोग गर्न सकिन्छ भनी छलफलका लागि १९ गते विहानै हामी नेकपा (एमाले)को जिल्ला पार्टी कार्यालयमा जुट्यौँ। जिल्ला अध्यक्ष खिमबहादुर शाही, करवीर शाही, मेयर सीपी घर्ती, उपाध्यक्ष गोपाल बटाला उपसचिव नरबहादुर बस्नेत, सदरमुकाममा रहने, जिल्लाभरिको समन्वय गर्ने र भेरी नगरभित्र तत्काल उद्धार र राहतको काम लाग्ने कुरा भयो। म, प्रदेश कमिटीका नेताहरू नवराज सिंह, धर्माबहादुर शाही, नवेन्द्र नेपाली, सुनिता बोहरा लगायत नलगाड नगरभित्रका साथीहरू नलगाडमा खट्ने, पार्टी केन्द्रीय कमिटी सदस्य डम्बर बहादुर सिंह लगायतका कमरेडहरू बारेकोटमा खट्ने, उपसचिव गोपाल नेपाली, जिल्ला कमिटी सचिवालय सदस्य नरेन्द्र शाहीसहितका कमरेडहरू कुसेमा जाने निर्णय गऱ्यौं र विहानको १० बजेभित्रै निर्धारित क्षेत्रमा पुग्यौं।

भूकम्पमा परी नलगाडमा सबैभन्दा बढी ५३ जनाको निधन भएको थियो। हामी २० गते नै सरकार र अन्य निकाय पुग्नुभन्दा पहिला मृतकहरूको घरमा पुग्यौं। चिउरी, कल्पत, पाली, रगुन्त, टट्टा, गराग्ली, थाप्ना, पोखरा, चामाखेत लगायत ठाउँका सबैजसो मृतकको घरमा राहत सहयोग त्रिपाल, चामल र ब्लाङ्केटसम्म पुऱ्यायौं। हामीलाई राहत उपलब्ध गराउने यस काममा नवराज कमरेड अध्यक्ष भएको यातायात समिति र जापानमा बस्ने भाइ खिम शाहको टोलीले पहिलो चरणको सहयोग गऱ्यो। त्यसपछि क्रमश: विभिन्न व्यक्ति र संघ संस्थाको सहयोग रह्यो। चौथो दिनदेखि विभिन्न संघ संस्थासँग समन्वय गरेर बारेकोटमा सबै वडामा पुग्ने गरी पालिकालाई, नलगाडका धेरै प्रभावित वडाहरूमा त्रिपाल, कम्बल लगायत सामग्रीहरू विभिन्न मितिमा सबैभन्दा पहिले पुऱ्याउन सक्यौं। भेरी नगरका सबै वडामा, कुशे, जुनीचाँदे, छेडागाडका विभिन्न वडामा राहत सामग्री पुऱ्याउन सफल भयौं। डाक्टरसहितको स्वास्थ्यकर्मी टोलीले नलगाड, बारेकोट, जुनीचाँदे र भेरी नगरका विभिन्न वडामा पुगेर स्वास्थ्य शिविर सञ्चालन गऱ्यो। राज्यभन्दा पहिला

राहत लिएर जनताको घरदैलोमा पुगेर दु:खमा जनताको असल र भरपर्दो साथी एमाले हो भन्ने कुरा व्यवहारबाटै पुष्टी गर्‍यौं ।

भूकम्प प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालन गर्ने पार्टीकेन्द्रको निर्णय बमोजिम मङ्सिर १ गते जाजरकोटको सबैभन्दा प्रभावित क्षेत्र भेरी नगरपालिकाको वडा नं ३ माथिल्लो थाप्लेमा पुगेर नेपाली कांग्रेसका पूर्व जिल्ला सभापति एवं पूर्व सांसद दीपकजङ्ग शाहको घरको जोखिम भग्नावशेष हटाएर टोलीले कामको शुरुवात गरेको थियो। स्वयंसेवकहरूले जोखिम भग्नावशेष हटाउने, पुरिएका सामानहरू निकाल्ने र अस्थायी आवासका लागि टहरा बनाउने काम गरे। जुन काम जनताका तर्फबाट निकै प्रशंसनीय भयो।

भूकम्पको समय रातीको भएकाले भूकम्पपछिको उद्धार कार्य केही ढिला हुन गयो। यसका बावजुद उद्धारमा स्थानीयवासीहरूको अतुलनीय भूमिका रह्यो। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी लगायत राज्य संयन्त्रको परिचालन तुलनात्मक रूपमा राम्रो रह्यो। घाइतेहरूलाई समयमै अस्पताल पुर्‍याउन सकियो तर

*भूकम्प प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालन गर्ने पार्टीकेन्द्रको निर्णय बमोजिम मङ्सिर १ गते जाजरकोटको सबैभन्दा प्रभावित क्षेत्र भेरी नगरपालिकाको वडा नं ३ माथिल्लो थाप्लेमा पुगेर नेपाली कांग्रेसका पूर्व जिल्ला सभापति एवं पूर्व सांसद दीपकजङ्ग शाहको घरको जोखिम भग्नावशेष हटाएर टोलीले कामको शुरुवात गरेको थियो। स्वयंसेवकहरूले जोखिम भग्नावशेष हटाउने, पुरिएका सामानहरू निकाल्ने र अस्थायी आवासका लागि टहरा बनाउने काम गरे।*

राहत वितरणको अवस्था भद्रगोल, अव्यवस्थित मात्र हैन पर्याप्त र न्यायोचित हुन सकेन।

बस्ने घर भूकम्पले क्षति भएपछि नागरिकहरू त्रिपालमुनि ओत लाग्न बाध्य भए र समस्या अहिले पनि उस्तै छन्। चारमहिना बितिसक्दा ४२ हजार ५४२ लाभग्राहीमध्ये २० हजार हाराहारीले मात्र अस्थायी आवासका लागि टहरा बनाएका छन्। अस्थायी आवास निर्माण कार्यविधि बनाउन र जारी गर्न ढिला भयो, कतिपय विरोधाभासले काम गर्न समेत अप्ठ्यारो भयो। विभिन्न दातृ निकाय तथा सहयोगी दाताहरूले भूकम्प पीडितहरूको लागि ठूलो परिमाणमा आवश्यक राहत सामग्रीहरू उपलब्ध गराएका थिए। राहत वितरण एकद्वार प्रणालीका नाममा पीडितभन्दा पहुँचवालाहरूको हालिमुहाली देखियो। दाताहरूले दिएको राहत सामग्री एकद्वारा प्रणालीको नाममा जिल्ला विपत व्यवस्थापन समितिमा केन्द्रीकृत गरेर सरकारी प्रक्रियागत ढिलासुस्ती र पहुँचवाला र उच्च पदस्थहरूले आफ्नो हात जगन्नाथ गरेका हुनाले धेरै पीडितहरू खुल्ला आकाशमुनि रात काट्न बाध्य भए।

राहत सामग्री वितरणमा खासगरी सत्ता गठबन्धनवालामध्ये कस्ले धेरै सामान आफ्नाकोमा पुऱ्याउने भन्ने होड नै देखियो। पूर्णरूपमा घरबारविहीन भएका बाहेक अन्य पीडितहरूको तत्कालको आवश्यकता भनेको त्रिपाल र ओड्ने ओछ्याउनेको हो। तर, राजनीतिक आस्था र पहुँचको आधारमा राहत सामग्री वितरण हुँदा आवश्यकता भन्दा पनि कस्ले कति लिने भन्ने होडबाजीले राहत सामग्रीको दुरुपयोग भएको देखियो।

एकद्वार प्रणाली भनियो, दातृ निकायले पुऱ्याइदिएका राहत सामान जिल्ला विपद् व्यवस्थापन समितिमा जम्मा गरियो। जिल्लाले पालिकालाई, पालिकाले वडालाई दिने र वडाले पीडितलाई वितरण गर्ने नीति बनाए पनि यो प्रभावकारी हुन सकेन। बहालवाला मन्त्रीहरू समेत गोदाममा बसेर सिधै खासखास वडा अध्यक्ष बोलाएर सामान पठाउनु र राती राती पहुँचवालाहरूको घरमा राहत पुऱ्याउने जस्ता हर्कतहरू देखिए। एक ठाउँका लागि पठाइएका राहत सामग्री बोकेका गाडीहरू अर्कै स्थानमा पुऱ्याउने र आफ्ना मानिसलाई बाँड्ने जस्ता गैर जिम्मेवार र मानवताविरोधी गतिविधिहरू सत्ता र पहुँचवाला नेताहरूबाट भए।

**भूकम्पले थपेको जोखिम**

भूकम्पपछि विभिन्न बस्तीहरू जोखिममा छन्। जस्तो जाजरकोटको नलगाड नगरपालिका वडा नं. १ को चिउरी गाउँ, गाउँको तल पहिरो छ भने माथि भासिएको छ। त्यसैगरी, कल्पत गाउँ र पालीगाउँ पनि पहिरोको उच्च जोखिममा छन्। अनापानीमा त्यतिकै जोखिम छ। अनापानीमा घरमाथिको भीरबाट ठुलो ढुङ्गा खस्यो र घरको ढोकामा बज्रियो। अमृत पुनले हतारमा श्रीमती मुना र छोरा अरुणलाई घर बाहिर निकालेर बचाउन सके तर अर्को झन् ठुलो ढुङ्गा आएर उनकै ढाडमा बज्रियो र उनी त्यहि ढुङ्गाले किचिएर मरे। यो त प्रतिनिधिमूलक घटना हो। उक्त तीन ओटा गाउँमा गरी करिव २३ जनाको ज्यान गइसकेको छ। त्यस बस्तीको जोखिम विद्यमान छ। ती बस्ती नै स्थानान्तरण गर्नुपर्ने जरूरी छ।

कतिपय त्रिपालमुनि त कतिपय गोठमुनिको बसाईका कारण चिसोले जाजरकोट र रुकुम पश्चिममा ३० जनाभन्दा बढीले ज्यान गुमाए। भूकम्पका कारण विद्यार्थीहरूको पढाई समेत यस क्षेत्रमा प्रभावित भएको छ।

*त्यसबेला राहत सामग्री वितरणमा खासगरी सत्ता गठबन्धनवालामध्ये कस्ले धेरै सामान आफ्नाकोमा पुऱ्याउने भन्ने होड नै देखियो। पूर्णरूपमा घरबारविहीन भएका बाहेक अन्य पीडितहरूको तत्कालको आवश्यकता भनेको त्रिपाल र ओड्ने ओछ्याउनेको हो। तर, राजनीतिक आस्था र पहुँचको आधारमा राहत सामग्री वितरण हुँदा आवश्यकता भन्दा पनि कस्ले कति लिने भन्ने होडबाजीले राहत सामग्रीको दुरुपयोग भएको देखियो।*

## उद्धार, राहत र पुनर्स्थापनामा सक्रियता

घरवारविहीन भूकम्प पीडितहरूलाई २४ घण्टाभित्र सुरक्षित त्रिपालमुनि ल्याई सक्नुपर्ने र महिना दिनभित्र सुरक्षित अस्थायी छानोमुनि ल्याई सक्नुपर्ने थियो। तर सरकार त्यस जिम्मेवारीमा चुक्यो, सरकार जनताप्रति उत्तरदायी भएन। नेकपा (एमाले)ले पार्टी केन्द्रीय कमिटीको बैठकबाट औपचारिक निर्णय गरेर मंसीर १ गतेबाट जाजरकोट र रुकुम पश्चिममा एकहजार स्वयंसेवक परिचालन गर्ने निर्णय गऱ्यो। मंसिर १ गते नै एमालेको स्वयंसेवक टोली जिफन्टका अध्यक्ष विनोद श्रेष्ठको समूह जाजरकोट सदरमुकाम खलङ्गाको माथिल्लोथाप्लेमा पुगेर जोखिमपूर्ण घरका भग्नावशेष हटाउने र पुरिएका माल सामानहरू झिक्ने कामको शुरुवात गऱ्यो। पार्टी र जनसंगठनहरूबाट विभिन्न प्रदेश र जिल्लाबाट गएका करिव ४० ओटा टिमले १५ दिन काम गरे। झुलाघाट– चिवाभञ्याङः समृद्धिका लागि सङ्कल्प यात्राका क्रममा जाजरकोटको रिम्नामा भूकम्प पीडितहरूको राहत र पुनर्निमार्णमा खटिएका स्वयंसेवकहरूको विशेष कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा अध्यक्ष केपी शर्मा ओलीले मुक्तकण्ठले प्रशंसा गर्नुहुँदै पार्टीको केन्द्रीय विपद् व्यवस्थापन विभागको समन्वयमा परिचालित एक हजार स्वयंसेवकलाई प्रशंसा पत्र दिनु भयो। जाजरकोटको रिम्नामा आयोजित विशेष कार्यक्रमा नेकपा माओवादी केन्द्रका नेता एवं रुकुमबाट निर्वाचित सांसद जनार्दन शर्मा, नेपाली काङ्ग्रेसका नेता एवं जाजरकोटबाट निर्वाचित कर्णाली प्रदेश सभाका सदस्य राजीव विक्रम शाह, जाजरकोट र रुकुमका प्रमुख जिल्ला अधिकारी, नागरिक अगुवा र उद्योगी व्यवसायीहरूको उपस्थिति थियो।

यसैगरी माओवादी केन्द्र, नेपाली कांग्रेस र अन्य दलका स्वयंसेवकहरू पनि काममा जुटेका थिए। स्वयंसेवकहरूले जाजरकोटमा करिव २५ सय अस्थायी टहरा बनाए। तर, सरकारले भने यस विपदका पीडितहरूप्रति यथोचित ध्यान दिएको पाइएन।

## घर त छ, बास छैन

जुनिचाँदे गाउँपालिका ६ शिवपुरीका दीपेन्द्र शाहीको घर चारैतिरबाट चर्किएको छ। घर चर्किएपछि उनको परिवार त्रिपालमुनि ओत लाग्न बाध्य भयो। घरहरूको बिचमा रहेको खाली जग्गामा स्थानीयहरू सामुहिक रूपमा त्रिपालमुनि आश्रय लिनुपर्ने अवस्था सिर्जना भयो। हामी त्यहाँ पुग्दा दीपेन्द्रले सुनाए– घर ढलेको

छैन, सामान सबै घरभित्रै छ, भित्र जान सकिएको छैन, डर लाग्छ। यो जिल्लाका धेरै गाउँको प्रतिनिधिमूलक घटना हो। भूकम्पले जिल्लाभरि सिल्पा चौर, रामिडाँडा, मुल्साम, समाईला, धनराशी, पाली, कल्पत, चिउरी, थाप्ला, गराग्ली, चाउलेचवर, सिर्के, रिम्ना, मैदै, पिपे, रावतगाउँ, थाप्ले, स्याला पिपलडाँडा लगायतका वस्तीको हालत यस्तो बनाएको छ। सबैको पीडा त्यस्तै छ।

एउटा सत्य कुरा के हो भने, यस क्षेत्रमा रहेका ढुङ्गा माटोले बनेका पुराना ९० प्रतिशत घरहरू बस्न लायक रहेनन्। क्षतिग्रस्त छन्।

यस भूकम्पका कारण हजारौं जाजरकोटीको अर्बौं रकम बराबरको भौतिक सम्पत्ति क्षति भएको छ नै, जाजरकोटी राज्यको इतिहासका भौतिक प्रमाण दरबार र तत्कालीन राजपरिवारका सदस्यहरूका लागि बनाइएका घरहरू पनि नष्ट र क्षति भएका छन्।

यसरी नोक्शान भएका सम्पदाहरूमा जाजरकोटको करिव २५५ वर्ष पुरानो रातो दरबार, करिव २२० वर्ष भन्दा पुरानो सेतो दरवार, करिव २०० वर्ष भन्दा पुरानो माथिल्लो थाप्ले चारनाल, थाप्ले तल्लो चारनाल, करिव १८० वर्ष भन्दा पुरानो

*मंसिर १ गते नै एमालेको स्वयंसेवक टोली जिफन्टका अध्यक्ष विनोद श्रेष्ठको समूह जाजरकोट सदरमुकाम खलङ्गाको माथिल्लोथाप्लेमा पुगेर जोखिमपूर्ण घरका भग्नावशेष हटाउने र पुरिएका माल सामानहरू झिक्ने कामको शुरुवात गर्‍यो। पार्टी र जनसंगठनहरूबाट विभिन्न प्रदेश र जिल्लाबाट गएका करिव ४० ओटा टिमले १५ दिन काम गरे।*

खोपी, करिव १७० वर्ष भन्दा पुरानो बाबु घर, करिव १५० वर्ष भन्दा पुरानो जुजुवाडा रहेका छन् ।

## चार महिनासम्म अस्थायी टहरा पनि मुश्किल

सरकारले अस्थायी आवासका लागि प्रति परिवार ५० हजार रुपैयाँ दिने निर्णय गरेको र अस्थायी आवास निर्माण कार्यविधि २०८० जारी गरेको पनि दुई महिना वितिसक्दा पनि सबै पीडितले पहिलो किस्ताको रकम रु. २५ हजार पाउन सकेका छैनन् । कार्य विधिमा भएको अलमल, स्थानीय प्रशासनलाई दिइने गोलमटोलको निर्देशन र सरकारी संयन्त्रको ढिलासुस्तीले पीडित थप सङ्कटमा छन् ।

विगत झैं यस पटकको भूकम्पमा पनि राज्यको सामर्थ्य, समन्वय र पहलकदमीको कमजोरी उजागर भएको छ। राज्य सञ्चालनको जिम्मेवारीमा रहेकाहरूको मनोदशा र नियत सतहमै पोखिएको छ। विपद् पर्यटन र सेलिब्रेटी बन्न गरिएका अनेकन तमासा भत्किएका घरहरू र दु:खेका मनहरूले देख्नु पऱ्यो । यसपटकको चिसोयाम त्रिपालमुनि विताएका भूकम्प पीडितहरूलाई बर्खा कसरी काट्ने भन्ने चिन्ता छ । सरकारले बर्षाद् अघि नै उनीहरूको सुरक्षित बसोबासका लागि ध्यान दिनु जरूरी छ । प्रभावित जिल्लामा आर्थिक, सामाजिक प्याकेजहरू सरकारले घोषण गर्नुपर्छ । त्यस क्षेत्रका मानिसको आर्थिक गतिविधि चलायमान नबनाई जीवनस्तरमाथि उकास्न सकिँदैन । आर्थिक गतिविधि नबढाई सामाजिक जीवन पुनर्स्थापित गराउन सकिँदैन सरकाले यसतर्फ ध्यान दिनु पर्दछ । विपद्लाई अवसरमा बदल्ने संकल्पका साथ कामगर्नु पर्दछ, छरिएर रहेको बस्ति लाई एकीकृत बस्ती विकासको अवधारणमा लाने यो उपयुक्त अवसर भउकाले यस्लाई आत्मासात गर्नुपर्दछ । छिटो भन्दा छिटो पीडितलाई अस्थायी छानोमुनि ल्याएर पुनर्निर्माणको काममा सरकार लाग्नु पर्दछ । भूकम्प पीडितलाई प्रति व्यक्ति न्युनतम पाँचलाख रुपैयाँ दिने व्यव्स्था मिलाउनु पर्दछ र बैंकको सहुलियत ब्याजको ऋण उपलब्ध गराउनु पर्दछ । तव मात्र पुनस्थापना र पुननिर्माणको अघि बढ्ने छ । यस दिशामा सरकारले इच्छाशक्ति, कार्यक्षमता प्रदर्शन गर्नुपर्छ ।

●

२०

# पुष्पलाल (मध्यपहाडी) लोकमार्ग पुनः रेखाङ्कनको आवश्यकता, सम्भावना र रणनीति



**डा. चन्द्रबहादुर श्रेष्ठ**
पुनर्निर्माण विज्ञ

मध्यपहाडी पुष्पलाल लोकमार्ग निर्माण गर्ने निर्णय आर्थिक, सामाजिक र सबैभन्दा बढी रणनीतिक तवरमा कालजयी थियो, तथापि निर्माण गर्ने उद्देश्यको अस्पष्टताले गर्दा जुन प्रकारको सडकको रेखाङ्कन हुनुपर्ने हो, त्योभन्दा फरक हुन गएकाले अब कसरी त्यो ऐतिहासिक कमजोरीलाई सच्याउने भन्नेतर्फ यस लेखमा केही तर्क उजागर गर्न खोजिएको छ।

नेपालको तत्कालीन क्षेत्रीय विकासको अवधारणा असफल हुनुका धेरै कारणमध्ये मध्यपहाडी लोकमार्गको अभाव एक हो भन्दा अत्युक्ति नहोला। ताप्लेजुङको सेवाग्राहीले मध्यपहाडी लोकमार्गको अभावमा क्षेत्रीय सदरमुकाम धनकुटामा उपलब्ध हुने सेवा झापा हुँदै इटहरी आएर धनकुटा उक्लेपछि मात्रै पाउने भयो। त्यस्तै दार्चुलाको सेवाग्राहीले भारतको धार्चुला, पिथौरागढ हुँदै वनबासाबाट नेपाल छिरेर अत्तरियाबाट डडेलधुरा गई दिपायल पुगेपछि मात्रै क्षेत्रीय सेवा उपलब्ध गर्न सक्ने भयो। त्यसरी सयौँ किलोमिटरको अतिरिक्त यात्रा गर्नुको साटो ताप्लेजुङबाट झापा झरेर सिलिगुढी वा विराटनगर गए धनकुटाभन्दा कैयौँ गुणस्तरीय सुविधा उपलब्ध भएका कारण तत्कालीन मेची अञ्चलका कुनै पनि लाभग्राही धनकुटा गएर सेवा लिने झन्झट गरेन होला। त्यस्तै दार्चुलाको बासिन्दाले पिथौरागढको सेवा

छाडेर दिपायल जाने प्रश्नै उठेन। यही तथ्यलाई मध्यनजर गरी विशेष गरेर राष्ट्रले बडो तामझामका साथ अङ्गीकार गरेको क्षेत्रीयतालाई तिलाञ्जली दिएर जिल्लालाई नै क्षेत्रका रूपमा स्विकारेको देखिन्छ।

उपर्युक्त तथ्यलाई मध्यनजर गरी 'राष्ट्रिय यातायात रणनीति–२०५८' ले मध्यपहाडी लोकमार्गको अवधारणा अगाडि सारे पनि २०६२ सालसम्म यस लोकमार्गले खासै महत्त्व पाएन। २०६३ सालको राष्ट्रिय आन्दोलन र तत्पश्चात् मधेस आन्दोलनबाट नेपालमा गणतन्त्रको अभ्युदयपछि मध्यपूर्वी तराईका जिल्लाहरू आन्दोलनको भुमरीबाट आक्रान्त बनेसँगै पूर्वी जिल्लाहरूको सम्बन्ध राजधानीलगायत अन्य भागहरूमा कमजोर बन्न गएकाले मध्यपहाडी लोकमार्ग तथा नेपालको भित्री मधेसबाट समेत आवागमनको अपरिहार्यता मुखरित भयो। हाल आएर यस पुष्पलाल लोकमार्ग एक प्राथमिकता प्राप्त राष्ट्रिय योजनाका रूपमा स्थापित भएको छ र हालसम्म ७० प्रतिशतभन्दा बढी काम सकिएको हुनुपर्छ। आर्थिक वर्ष २०७४/७५ मा ३३ अर्ब रुपैयाँको लागतमा बन्ने योजना गरिएको आयोजना सम्पन्न हुँदा कमसेकम आर्थिक वर्ष २०८४/८५ सम्म पुग्ने सम्भावना छ भने लागत करिब १३३ अर्ब लाग्ने सम्भावना छ। जाजरकोटको ६ किलोमिटर चट्टान फोड्ने काम, भेरीको पुल, कास्की र बुढीगण्डकीको रेखाङ्कनको समस्याबाहेक धेरै काम सकिइसकेको छ।

यस पृष्ठभूमिमा यस आलेखमा मध्यपहाडी पुष्पलाल लोकमार्गको हालको वस्तुस्थितिको चित्रण गरिएको छ र यसका कमीकमजोरीबारे विश्लेषण गरिएको छ। तत्पश्चात् राज्यसँग लगानी गर्न सक्ने क्षमता भएको खण्डमा नयाँ एलाइन्मेन्ट कहाँबाट जाँदा ठिक पर्छ सोको समेत विश्लेषण गरिएको छ।

## सडकको वर्तमान अवस्था


सडकको रेखाङ्कन गर्दा सबैभन्दा पहिले सडकको उद्देश्यका बारेमा स्पष्टता हुनु जरुरी छ। पुष्पलाल लोकमार्गको उद्देश्य जिल्ला सदरमुकामहरू जोड्ने मात्र नभई महेन्द्र लोकमार्गजस्तै पूर्वदेखि पश्चिमसम्म कमसेकम समयमा राजधानीसम्म आउने र फर्किन सक्ने आर्टरियल प्रकृतिको सडक हुनुपर्ने थियो। हालको सडक त्यस्तो नभएर ग्रामीण पहुँच दिने प्रकृतिको हुन गयो। दोस्रो, सडकले जोड्नैपर्ने स्थानहरूको पहिचान र जोड्न पर्नाका कारणबारे समेत स्पष्टता हुनु अपरिहार्य छ। सोको अभावमा समेत पुष्पलाल लोकमार्ग कुहिराको कागजस्तै बन्न पुग्यो। तेस्रो, यो

सडकले उत्तर–दक्षिणको यातायातलाई टेवा पुऱ्याउनुभन्दा पूर्व–पश्चिमकै यातायातको चासो राखेर चिवा भन्ज्याङबाट फिदिम, म्यागलुङ, वसन्तपुर हुँदै हिले जोडेको छ। यसको सट्टा मध्यपहाडी लोकमार्ग पूर्वी सिमानाको मुख्य द्वारबाट सडकको प्रारम्भ गरेर मध्यपहाडको अर्को स्थानमा जोडेको भए एउटा ढुङ्गाले दुइटा चरा मर्ने थियो।

सबैभन्दा ठुलो रेखाङ्कनको राजनीतीकरण खुर्कोट–पोखरा खण्डमा भयो। सन् २०११ को विस्तृत प्रोजेक्ट रिपोर्टमा उल्लेख भएबमोजिम खुर्कोटबाट सिधै काठमाडौँ नल्याईकन बोहोरा दोभान, पाँचखाल, त्रिशूली, पालुङटार हुँदै पोखरा लग्ने निर्णयले ४० किलोमिटर लम्बाइ बढ्नुका साथै यस रेखाङ्कनमा बुढीगण्डकी जस्ता आयोजनाहरू पर्न गए। यो गर्नमा केको बाध्यता आइपऱ्यो भन्ने प्रश्न अनुत्तरित छ। अझै भन्ने नै हो भने त खुर्कोटबाट पोखरासम्मको ३५० किलोमिटर सडकमा करिब २१ अर्ब रुपैयाँ अनावश्यक खर्च गरेर राष्ट्रिय ढुकुटीको दोहोलो काढ्ने काम भयो। यस खण्डमा प्रतिदिन अबका केही पछिका वर्षसम्म पनि प्रतिदिन १०० भन्दा कम नै गाडी चल्नेछन्। पश्चिमतर्फ मध्यपहाडी लोकमार्ग रुकुमकोटबाट लुकुम खोलाको किनारकिनारै नगएर मुसिकोटतिर किन चढ्यो होला भन्ने कौतूहल लाग्नु स्वाभाविकै छ। काठमाडौँ बाइपास गर्ने निर्णय किन मुसिकोटमा लागु भएन? यस्तै तर्कहरू दैलेखमा समेत लागु हुन्छन्। सुदूरपश्चिममा गएर स्याउलेबाट सिधै भारतीय सीमा रुपालसम्म जान सक्ने सम्भावना छँदै छ। तलको नक्सा १ मा हालको पुष्पलाल लोकमार्गको रेखाङ्कन देखाइएको छ।

## प्रस्तावित रेखाङ्कन

हाल आएर मध्यपहाडी पुष्पलाल लोकमार्गको प्रमुख घोषित एवम् अघोषित उद्देश्य नेपालको पूर्वी सिमाना र पश्चिमी सिमानाबाट र अन्य मध्यपहाडी तथा हिमाली भेगका जनता नेपालको राजधानी काठमाडौँ सहजतापूर्वक छोटो समयमा आउन तथा जाने सुनिश्चितता गर्नु रहेको छ। तसर्थ, काठमाडौँ यो लोकमार्गको अब्लिगेटोरी ९इदष्निबतयचथ० बिन्दु हो, जहाँ विभिन्न कार्यका लागि जनसाधारण आउनैपर्ने हुन्छ। जस्तो कि ठुल्ठुला रोग निको पार्ने अस्पतालहरू, विश्वविद्यालयहरू, खास विशेषज्ञीय शिक्षा, राष्ट्रिय स्तरका विकास निर्माणका कामहरू, ठुला राजनीतिक भेटघाट, ठुल्ठुला होलसेल पसलहरू आदि काठमाडौँमा नै हुने हुँदा सेवाग्राहीहरू काठमाडौँ आउन बाध्यकारी स्थिति छ र यो रहि नै रहनेछ। हालजस्तो लामो घुमाउरो बाटो हुने हो भने सुदूरपश्चिमको महाकालीको किनारमा बस्ने व्यक्ति र पूर्वको




नक्सा नं: १
मध्य पहाडी पुष्पलाल लोकमार्गको वर्तमान एलाइनमेन्ट

पशुपतिनगरबाट काठमाडौँ आउन चाहने व्यक्ति मधेस झरेर महेन्द्र लोकमार्गबाट नारायणघाट आएर मुग्लिन हुँदै काठमाडौँ आउन सहज भयो भने मध्यपहाडी लोकमार्गको सार्थकता कम रहन्छ। तसर्थ, यो लोकमार्ग छोटो हुनु अति जरुरी छ। हालको डिजाइन गति प्रतिघण्टा ५० किलोमिटर छ। यसलाई तत्काल बढाइहाल्न जरुरी नहुन सक्छ तर कालान्तरमा आवश्यकताका आधारमा कुनैकुनै खण्डमा गति बढाउन सडकका घुम्तीहरूमा सुधार गर्नुपर्ने हुन सक्छ।

रेखाङ्कनको निर्धारणमा नदीले समेत महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। जस्तो काठमाडौँ पूर्वको रेखाङ्कन कोसी नदीले निर्धारण गरेको छ। काठमाडौँ पश्चिमको रेखाङ्कनमा खानीखोला, त्रिशूली, मर्स्यायाङ्दी तथा सेती खोलाले गरेका छन्। सेती खोलाको पानीढलो नागडाँडामा सकिएपछि मोदी तथा कालीगण्डकीले रेखाङ्कन निर्धारण गर्छन्। हाल बागलुङ बजारबाट काठेखोलाको किनार केही दुरी तय गरेपछि उत्तर–दक्षिण फैलिएको करिब २ हजार मिटर अग्लो महाभारत शृङ्खला बिहुँबाट पार गरिसकेपछि निसी, लुकुम र सानी भेरी हुँदै भेरी नदीले पुष्पलाल लोकमार्गलाई डोऱ्याउँछन्। भेरी नदी तरिसकेपछि धेरैजसो नदीहरूको प्रवाह उत्तर–दक्षिण भएकाले पहाडी शृङ्खलाहरू हुँदै अगाडि बढ्नुपर्ने स्थिति छ। यो क्रममा दैलेखमा चुवा र अछाममा कमलबजार क्षेत्रको पहाडी शृङ्खला पार गर्नुपर्ने हुन्छ। दिपायलबाट डडेलधुरासम्मको एलाइन्मेन्ट सेती नदी पछ्याउँदै जाने हुँदा खासै

चलाउनुपर्ने देखिँदैन । स्याउलेबाट पश्चिममा पहाडी शृङ्खलाहरूबाट नै एलाइन्मेन्ट लग्नुपर्ने हुन्छ ।

पुष्पलाल लोकमार्गलाई प्रभाव पार्ने प्रमुख पहाडी शृङ्खलामा पूर्वतर्फ तमोरको गहिरो खोँच झर्नु र उक्लिनुपर्नाले केही चुनौती दिएको छ । त्यसपछि पर्वत र कास्की एवम् स्याङ्जाका बीचमा पन्चासे–सेतीबेनी शृङ्खला र कालीगण्डकी पार गरिसकेपछिको धवलागिरि हिमाली शृङ्खला र कालीगण्डकीबीचको पहाडी शृङ्खलाहरूले केही व्यवधान खडा गर्छन् । अर्को अवरोध कर्णाली कटिसकेपछि अछामको महाभारत र डोटीमा सेती नदी छोडिसकेपछि स्याउले पुग्ने बेलामा सानो पहाडी शृङ्खला पार गर्नुपर्ने हुन्छ । यी सबै शृङ्खलामध्ये कालीगण्डकी पश्चिमको पहाड ठाडै अग्लो भएकाले अरूभन्दा ठुलो चुनौती खडा गरेको छ ।

वर्तमान एलाइन्मेन्ट र भौगोलिक वस्तुस्थितिअनुसार देहायका सात स्थानमा पुष्पलाल लोकमार्गको एलाइन्मेन्ट परिवर्तन गर्नुपर्ने देखियो :

१. हिलेसम्मको पूर्वी खण्ड
२. खुर्कोट–पोखरा खण्ड
३. दुलेगौडा–गल्कोट खण्ड
४. रुकुमकोट–रातमाटा खण्ड
५. दैलेखको लोहोरे–खोलीबजार खण्ड
६. मङगलसेन–दिपायल खण्ड
७. स्याउले देखि नेपाल–भारतको सिमाना खण्ड

*हाल बागलुङ बजारबाट काठेखोलाको किनार केही दुरी तय गरेपछि उत्तर–दक्षिण फैलिएको करिब २ हजार मिटर अग्लो महाभारत श्रृङ्खला बिहुँबाट पार गरिसकेपछि निसी, लुकुम र सानी भेरी हुँदै भेरी नदीले पुष्पलाल लोकमार्गलाई डोऱ्याउँछन् ।*

परिवर्तन गर्नुपर्ने खण्डहरूको मोटामोटी लम्बाइ तलको टेबल देखाइएको छ :

**टेबल – १: पुष्पलाल लोकमार्गलाइ छोट्याउनु पर्ने सम्भाव्य खण्डहरु**

| सडक खण्ड | | एलाइनमेन्ट | | | | छोट्टीने लम्बाई |
|---|---|---|---|---|---|---|
| | | हालको* | कि. मी. | प्रस्तावित | कि. मी. | कि. मी. |
| १ | हिलेसम्मको पुर्बी खण्ड | १.१ | २४९ | १.२ | १६६ | ८३ |
| २ | खुर्कोट – पोखरा खण्ड | २.१ | ३३९.३ | २.२ | २९९.३ | ४० |
| ३ | दुलेगौडा – गल्कोट खण्ड | ३.१ | १४४.९ | ३.२ | ११५ | २९.९ |
| ४. | रुकुमकोट – रातमाटा खण्ड | ४.१ | ३८ | ४.२ | ३० | ८ |
| ५. | लोहोरे – खोलिबज़ार खण्ड | ५.१ | १९ | ५.२ | १६ | ३ |
| ६. | मंगलसेन – दिपायल खण्ड | ६.१ | ११८.५ | ६.२ | ८५ | ३३.५ |
| ७. | स्याउले – नेपाल भारत सिमा | ७.१ | ११२ | ७.२ | ७० | ४२ |
| | जम्मा | | | | | २३५.४ |

| संकेत | * |
|---|---|
| १.१. | चियो भन्ज्यांग – हिले |
| १.२. | पशुपतिनगर – हिले |
| २.१. | खुर्कोट – मेलम्ची – त्रिशुली – पोखरा |
| २.२. | खुर्कोट – काठमाडौँ - पोखरा |
| ३.१. | दुलेगौडा – पोखरा – गल्कोट |
| ३.२. | दुलेगौडा – बाढखोला – कार्कीनेटा – कुश्मिशेरा – गल्कोट |
| ४.१ | रुकुमकोट – मुसिकोट – रातमाटा |
| ४.२ | रुकुमकोट – लुकुम – रातमाटा |
| ५.१ | लोहोरे – दैलेख – खोलिबज़ार |
| ५.२ | लोहोरे – चुप्रा – खोलिबजार |
| ६.१ | मंगलसेन – साँफेबगर – सिलगढी – दिपायल |
| ६.२ | मंगलसेन – पैले – नारिबांग – दिपायल |
| ७.१ | स्याउले – झुलाघाट |
| ७.२ | स्याउले – रुपाल |

अब यहाँ उपर्युक्त सातै खण्डको चर्चा गर्नु सान्दर्भिक हुनेछ। लेखकको सीमित प्रारम्भिक सर्वेक्षण, स्थानीय जानिफकारहरूसँगको अन्तर्वार्ता र गुगल नक्साको अधिकतम उपयोगका आधारमा प्रस्तावित एलाइन्मेन्टहरू प्रस्तुत गरिएको छ। यसर्थ उल्लिखित विवरणहरूमा केही त्रुटि हुन सक्ने सम्भावना छ, जुन विस्तृत सर्वेक्षणपछि सच्याउन सकिन्छ।


### १. नेपालको पूर्वी सिमानाबाट हिलेसम्मको पूर्वी खण्ड

पूर्वमा नेपाल–भारतबीचको व्यापारिक नाकामा चिवाभन्ज्याङ हालसम्म परेको छैन। चिवाभन्ज्याङ भारतको सिंहलीला राष्ट्रिय निकुञ्जको बीचमा ३,१३७.४२ मिटरको उचाइमा अवस्थित स्थान भएकाले यसको व्यापारिक सम्भाव्यता न पहिला थियो न वर्तमानमा छ, न त भविष्यमा नै दृष्टिगोचर हुन्छ। यस प्रकारको 'न भूतो न भविष्यति'वाला स्थानमा यत्रो रणनीतिक महत्त्वको लोकमार्गको उद्गमस्थल बनाउने कार्यलाई कुन विशेषणले विभूषित गर्नुपर्ने हो, त्यसको जिम्मा पाठक वर्गमा नै छोड्नु उचित होला। सोको विपरीत पशुपतिनगर आफैँमा एक व्यापारिक नाका हो र भारतको हिल स्टेसन दार्जिलिङ यहाँबाट ३२ किलोमिटरको दुरीमा पर्छ र कालोपत्रे सडकसमेत छ। दार्जिलिङमा आउने भारतीय तथा विदेशी पर्यटकको सङ्ख्या झन्डै नेपालभरि आउने विदेशी पर्यटकको सङ्ख्या समान छ। यसरी दार्जिलिङ आउने पर्यटकहरूमध्ये केही हिस्सा मात्रै नेपालमा भित्र्याउन सफल भइयो भने नेपालको अर्थतन्त्रमा ठुलो टेवा पुग्ने तथ्य सर्वसिद्ध छ। मध्यपहाडी लोकमार्गको माध्यमबाट नेपाल मध्यपहाडी क्षेत्रका पर्यटकीय स्थलहरूलाई बजारीकरण गर्न सकिने सम्भावना प्रचुर छ। अन्य वस्तु वा सेवाहरूको फरवार्ड लिङ्केज र ब्याकवार्ड लिङ्केज स्थापना गर्न सकिने सम्भावनाहरूलाई पर्गेल्ने हो भने कैयौँ सम्भावनाको पेटाराहरू खुल्ने पक्का छ।

पशुपतिनगरलाई उद्गम बिन्दु मानिसकेपछि त्यहाँबाट पुष्पलाल लोकमार्ग अगाडि बढाउन फिक्कल–गजुरमुखी–रबी–कुरुले–धनकुटा–हिलेको एलाइन्मेन्ट उपयुक्त देखिन्छ। अधिकांश प्रस्तावित एलाइन्मेन्टमा ग्रामीण सडकहरू बनिसकेका छन्। तसर्थ कामको थालनी गरी सम्पन्न गर्न केही सहज नै हुने अनुमान छ। यसका अतिरिक्त यो खण्डमा अन्य अझै सहज एलाइन्मेन्टका सम्भावनाहरू पनि हुन सक्छन्, जुन मिहीन अध्ययनबाट उजागर हुन जानेछन्। यस खण्डको रिएलाइन्मेन्टबाट करिब १६६ किलोमिटर सडकको लम्बाइ हुन गई तीन किलोमिटर दुरी घट्न जाने प्रारम्भिक अनुमान छ।

मध्यपहाडीको एलाइन्मेन्ट उपर्युक्तबमोजिमको प्रस्ताव गरिए पनि इलामबाट काठमाडौँतिर आउने ट्राफिकका लागि निर्माणाधीन तमोर कोरिडोर हुँदै बराह क्षेत्र निस्केर लेगुवाघाट जाँदा नदीकिनारको बाटो हुनाले धेरै सहज हुने सम्भावना छ। अर्को सम्भावना फिक्कलबाट रबी, राजारानी हुँदै भेडेटार निस्केर धरान, धनकुटा

लोकमार्गमा निस्कन सकिनेसमेत सम्भावना छ। नेपालको पूर्वी सिमानाबाट हिलेसम्मको खण्ड नक्सा २ मा देखाइएको छ।




## २. खुर्कोट–पोखरा खण्ड


पुष्पलाल लोकमार्गको सुरुवाती क्षणमा बिपी लोकमार्गबाट काठमाडौँ हुँदै पृथ्वी लोकमार्गकै बाटोबाट पोखरा पुग्ने गरी बनाइएको सोचलाई अकस्मात् धेरै जिल्ला तथा सदरमुकाम जोड्ने भन्ने उद्देश्य राखेर खुर्कोटबाट मेलम्ची, सल्यानटार, पालुङ्टार हुँदै पोखरा पुऱ्याउने निर्णय भयो। यो निर्णयबाट यो सडकको आर्टरियल प्रकृतिको उद्देश्यबाट राज्यले ग्रामीण पहुँचवाला सडकको लाभ लिने मनसुवा राख्यो। काठमाडौँ सम्पूर्ण नेपालका सहर, बजार, बस्ती तथा गाउँहरूको गन्तव्य हो भन्ने सामान्य तथ्यलाई यो निर्णयले उपहास गऱ्यो। तसर्थ, बनिसकेको संरचनालाई सकेसम्म प्रयोगमा ल्याएर काम लाग्ने खालको लोकमार्ग बनाउनुपर्ने भएकाले २०७० सालमा उल्ट्याइएको निर्णयलाइ पुन:स्थापित गर्नुपर्ने दायित्व हाम्रो काँधमा आइपरेको छ। त्यसबाट पुष्पलाल लोकमार्ग ४० किलोमिटर छोटो पर्न जानेछ। यसो गर्दा तत्काल खासै धेरै काम गर्नुनपर्ने भए पनि खुर्कोटबाट धुलिखेलसम्मको इन्टरमिडिएट लेनलाई अन्य मध्यपहाडी लोकमार्ग जस्तै डेडीकेटेड डबल लेनमा स्तरोन्नति गर्नु अति जरुरी हुन जान्छ। यदि खुर्कोटबाट रोशी खोलाको क्रसिङसम्म नदी पूर्वको संरचना प्रयोग गरेर हालको बिपी लोकमार्गलाई नचलाईकन रोशी खोलामा

एउटा पुल हालेर कुशेश्वरसम्मको ट्राफिकलाई व्यवस्थित गर्न सकिने सम्भावना छ। तर कुशेश्वरबाट धुलिखेलसम्मको खण्डलाई स्तरोन्नति गर्नैपर्ने हुन्छ। धुलिखेलबाट काठमाडौँसम्म चार लेनको सडक निर्माणाधीन भएकाले थप केही गर्नुपर्ने देखिँदैन। तर सबैभन्दा महत्त्वपूर्ण पूर्वाधार यस खण्डमा बसपार्क र टर्मिनल हो। पूर्वबाट आएका सम्पूर्ण सवारीसाधनलाई गोङ्गबु बसपार्कमा लग्दा सहरको कन्जेसन बढ्ने भएकाले यो अनावश्यक यात्रालाई घटाउन कोटेश्वरबाट धुलिखेलसम्म पूर्वतर्फ जाने यातायातका साधनहरूलाई कतै एउटा बसपार्क र टर्मिनल बनाउनु अपरिहार्य भएको छ। काठमाडौँको पश्चिमतर्फ नागढुङ्गा–सिस्नेखोला टनेल सम्पन्न हुन लागेको र पृथ्वी लोकमार्गको स्तरोन्नति हुने कार्य भइरहेकाले यो खण्डमा पनि थप केही गर्नुपर्ने देखिँदैन। यो खण्डको विवरण नक्सा ३ मा देखाइएको छ।

### ३. दुलेगौडा–गल्कोट खण्ड

यो खण्डको परिकल्पना तीन कारणले भएको छ। पहिलो कारण त पुष्पलाल लोकमार्गलाई सकेसम्म छोटो पार्नुपर्ने राष्ट्रको टड्कारो आवश्यकताबाट अभिप्रेरित छ। दोस्रो कारण अधिकांश पश्चिमबाट आउने ट्राफिक काठमाडौँका लागि आउने भएकाले उनीहरूको यातायात खर्च र समयको बचत गरिदिनु राज्यको दायित्वसमेत भएकाले दुलेगौडा–गल्कोट खण्डमा हात हाल्नैपर्ने परिस्थिति सिर्जना भएको हो। तेस्रो पोखरा पर्यटकीय नगरी भएकाले यसलाई सकेसम्म प्रदूषणमुक्त पार्नुसमेत राष्ट्रिय दायित्व भएको छ। जसका लागि त्यहाँ कमभन्दा कम प्रदूषण फैलाउने सवारीसाधनहरूको उपस्थिति अपरिहार्य छ।

यो खण्डमा समेत स्थानीय सडकहरू बनिसकेको अवस्था छ। दुलेगौडाबाट एलाइन्मेन्ट सेती नदीको सहायक खोलाको किनारकिनार भएर घनपाटीटार, साखे, लामागाउँ हुँदै हुग्दी भन्ज्याङ् पुगेर बाजपुर, नयाँबजारतिर लाग्छ। तत्पश्चात् बाढखोलाको किनारकिनार भएर बाढखोला बजार पुग्छ। बाढखोलाबाट नौडाँडासम्म सिद्धार्थ लोकमार्ग पक्रेर सेतीदोभान, कार्किनेटा उक्लेर लिमिठाना, शङ्करपोखरी हुँदै जैमुनीघाटबाट कालीगण्डकी तरेर कुश्मीसेरा, गाजाको धुरी काटेर दुधिलाभाटी हुँदै गल्कोट हटिया निस्केर हालको एलाइन्मेन्टसँग मिल्छ। यसो गर्दा गाजाको लेकको आसपास एउटा टनेल निर्माण गर्नुपर्ने हुन सक्छ। प्रस्तावित एलाइन्मेन्ट मोटोमोटी २९.९ किलोमिटर छोटो हुन सक्ने सम्भावना छ। यो खण्डसमेत नक्सा ३ मा प्रस्तुत गरिएको छ।





### ४. रुकुमकोट–रातमाटा खण्ड


लुकुम खोलाको किनारैकिनार आएको सडक रुकुमकोटबाट खोला किनार छाडेर रुकुम पश्चिमको सदरमुकाम मुसिकोट जोड्न उकालो लाग्छ र मुसिकोट पुगेर पुन: झरेर सानी भेरी र मुग्लुखोलाको दोभाननजिकै रातमाटामा नदीकिनारको एलाइन्मेन्ट पक्रिन्छ। यदि यसो नभएर पुष्पलाल लोकमार्ग लुकुम खोलाको किनारैकिनार आएर सानी भेरीसँगको दोभानबाट दक्षिण लागेर रातमाटा निस्केको भए आठ किलोमिटर छोटो पर्नुका साथै सडकको जोमेट्री ज्यादै सहज हुन्थ्यो। हाल पनि यो नदीकिनारको एलाइन्मेन्टमा स्थानीय सडक विद्यमान छ, जसलाई स्तरोन्नति गर्नुपर्ने हुन्छ। नक्सा ४ ले यो खण्डको वस्तुस्थिति उजागर गर्छ।

### ५. दैलेखको लोहोरे–खोलीबजार खण्ड

लोहोरे बजारबाट दैलेखको सदरमुकाम जोड्न पुष्पलाल लोकमार्गलाई उत्तरतिरको उकालो चढ्न लगाइयो। जसबाट लम्बाइ करिब ३ किलोमिटर जति बढ्न गयो भने ठुलो समस्या सडकको जोमेट्रीमा प्रतिकूल असर पर्न गयो। यो सडक लोहोरे खोलाको किनारैकिनार चुप्रा बजार ल्याएर चमगाढ खोलाको किनारैकिनार खोलीबजार निकाल्दा सडकको गाडी गुडाउन मिल्ने गति ५० किलोमिटर प्रतिघण्टा





हुन पुग्छ। हाल लोहोरे नारायणस्थान खोलीबजार खण्डमा ३० किलोमिटर प्रतिघण्टाभन्दा बढी गुडाउन मिल्दैन। यसबाट डडेल्धुरा, बैतडीबाट काठमाडौँ जान हिँडेको यात्रीलाई ज्यादै ठुलो माने राख्छ। नक्सा ५ ले यो खण्डको विवरण प्रस्तुत गर्छ।



### ६. मङ्गलसेन–दिपायल खण्ड

मङ्गलसेन–दिपायल खण्ड सुरुआती वर्षहरूमा सेती लोकमार्गका रूपमा निर्माण गरिएको हो । यसबाट डोटीको सदरमुकाम सिलगडी र बझाङको सदरमुकाम मार्तडी जोड्ने लक्ष्य राखिएबमोजिम सिलगडी, साँफेबगर हुँदै मार्तडी जोडिएको थियो। साँफेबगरबाट मङ्गलसेनसमेत जोडियो। यसरी जिल्ला सदरमुकामहरू जोड्ने लक्ष्यमा यस लोकमार्गले सघाउसमेत पुर्‍यायो। पुष्पलाल लोकमार्गसमेत यही जिल्ला सदरमुकाम जोड्ने निरन्तरताकै रूपमा लिइयो जसबाट मङ्गलसेन–साँफे–सिलगडी–दिपायल पुष्पलाल लोकमार्गको समेत एलाइन्मेन्ट बन्यो। अब आएर पुष्पलाल लोकमार्गलाई आर्टरियल प्रकृतिको लोकमार्गका रूपमा परिमार्जन गर्ने भन्ने सन्दर्भमा यो एलाइन्मेन्टलाई छोटो तथा आरामदायी जोमेट्री भएको सडकका रूपमा रिमोडेल गर्ने सन्दर्भमा नयाँ एलाइन्मेन्टको प्रस्ताव गरिएको हो। त्यसका लागि मङ्गलसेनबाट कैलाश खोलासम्म हालकै एलाइन्मेन्ट प्रयोग गर्ने र त्यहाँबाट कैलाशखोलाको तिरैतिर गएर बुढीगङ्गासँगको सङ्गमस्थलमा पुगेर त्यसको दुई किलोमिटर बुढीगङ्गाको तिरैतिर उत्तर लागेर त्यहाँबाट पश्चिम लाग्ने स्थानीय सडकबाट पाइल गाउँ पुग्न सकिन्छ । पाइलबाट दिपायल लाग्ने दिशा पक्रेर सिधा तवरमा सेती नदी पुग्नुपर्ने हुन्छ । त्यसपछि सेती नदीको किनारैकिनार दिपायल पुगिन्छ । गुगल नक्साको पुनरावलोकन र स्थानीय जानिफकारहरूका अनुसार सडक सिउडी, साकोट हुँदै नारीबाँगबाट सेती नादी तरेर सेती नदीको किनारैकिनार दिपायल




पुगिन्छ। हालको ११८ किलोमिटर लाई नयाँ एलाइन्मेन्टबाट ८५ किलोमिटरमा झार्न सकिने सम्भावना छ। यो खण्डलाई नक्सा ६ मा प्रस्तुत गरिएको छ।

### ७. स्याउले–नेपाल र भारत सिमाना

हालको १११ किलोमिटर लामो एलाइन्मेन्ट स्याउलेबाट उत्तरतर्फ लागेर खोड्पे, पाटन, दशरथचन्द नगरपालिका हुँदै झुलाघाट पुग्छ। यसबाट दुइटा फाइदा प्रत्यक्ष देखिन्छ। पहिलो, थप एक जिल्ला सदरमुकाम जोडियो। दोस्रो, पश्चिम नेपाल सीमामा अवस्थित तीनवटा नाकामध्ये झुलाघाट एक हो। यसबाट पश्चिमी सीमावर्ती क्षेत्रको एक प्रमुख सहर पिथौरागढसँगको सम्बन्ध मुखरित भएको छ।

यी फाइदाहरूका बाबजुद यो एलाइन्मेन्टको सान्दर्भिकता नयाँ परिप्रेक्ष्यमा केही कम हुँदै गएको छ। महाकाली करिडोरको निर्माण परिवर्तित सन्दर्भको प्रमुख कडी हो। ढिलो–चाँडो महाकाली करिडोर बनिसकेपछि पुष्पलाल लोकमार्गसँग झुलाघाटलगायत भारतीय आर्थिक केन्द्रहरूको आबद्धता भइहाल्ने विषय हो। दोस्रो पुष्पलाल लोकमार्ग छोटो पार्ने उद्देश्यले गर्दा पनि स्याउलेबाट सीमासम्म छोटो बाटोबाट लग्नुपर्ने अवस्था आयो। तेस्रो पञ्चेश्वर जलविद्युत् आयोजना रुपाल र झुलाघाटका बीचमा पर्ने भएकाले पञ्चेश्वर आयोजनालाई नेपालको भित्री भागसम्म सिधा जोडेको खण्डमा आयोजनाको फाइदा नेपालको भित्री भागसम्म लग्न सजिलो हुनेछ। यसर्थ पुष्पलाल लोकमार्गलाई डडेल्धुराको ‘बाघबजार– बगरकोट–रुपाल’




जिल्ला सडक प्रयोग गरी सो को स्तरोन्नति गरी सडकलाई मटिहानीसम्म तन्काउन उचित देखिन्छ। मटियानी भारतीय व्यापारिक सहर चम्पावतको सन्निकट छ र यसै मार्गबाट नेपाल–भारतको पुरानो कालमा व्यापारिक सम्बन्ध हुने गर्थ्यो। मटियानीसम्म सडक पुऱ्याउँदा सडकको लम्बाइ करिब ७० किलोमिटर हुन जाने सम्भावना छ। यो खण्ड नक्सा ७ मा प्रस्तुत गरिएको छ।

माथि प्रस्ताव गरेबमोजिमको मेचीदेखि महाकालीसम्मको पुष्पलाल लोकमार्गको लम्बाइ टेबल २ मा देखाइएको छ।

**टेबल -२: प्रस्तावित सुधार बमोजिमको पुष्पलाल लोकमार्गको लम्बाई**

| पुर्बी खण्डहरु | लम्बाई (कि.मी.) | पश्चिमी खण्डहरु | लम्बाई (कि.मी.) |
|---|---|---|---|
| पशुपतिनगर – धनकुटा - हिले | १६६ | काठमाडौँ - दुलेगौडा | १७७ |
| हिले – भोजपुर | ९२ | दुलेगौडा – गल्कोट हटिया | ११५ |
| भोजपुर – दिक्तेल | ९० | गल्कोट हटिया - रुकुमकोट | १६५ |
| दिक्तेल – घुर्मी | ८२ | रुकुमकोट – रातमाटा, मुसिकोट | ३० |
| घुर्मी – खुर्कोट | ६० | रातमाटा, मुसिकोट - चौरझारी | ४३ |
| खुर्कोट – नेपालथोक | ३७ | चौरझारी – खोलिबज़ार, दैलेख | ९६ |
| नेपालथोक – धुलिखेल | ५० | खोलिबज़ार, दैलेख – मंगलसेन | १३२ |
| धुलिखेल – काठमाडौँ | ३० | मंगलसेन – दिपायल | ८५ |
| पुर्बी खण्डको जम्मा | ६०७ | दिपायल – स्याउले | ६१ |
| | | स्याउले – मटिहानी | ७० |
| | | पश्चिमी खण्ड जम्मा | ९७४ |
| पुष्पलाल लोकमार्ग को कुल लम्बाई १५८१ | | | |

सुरुआती विस्तृत योजना प्रतिवेदनअनुसारको १,७७६ किलोमिटर र खुर्कोट–पोखरा खण्ड त्रिशूली तिरबाट लग्दा थपिएको ४० किलोमिटरसमेत गरेर हुने १,८१६ किलोमिटरबाट यस अध्ययनले प्रस्ताव गरेबमोजिमको १,५८१ किलोमिटर हुँदा जम्मा २३५ किलोमिटर घट्ने देखिएको छ। यसमा पनि प्रस्तावित लम्बाइ केही उदारतापूर्वक राखिएकाले यसमा केही कमी आउने सक्ने सम्भावना छँदैछ। यसरी हुन आउने कमी र अन्य खण्डहरूमा गरिने जोमेट्रीको सुधारलाई मध्यनजर गर्दा पुष्पलाल लोकमार्गका कुल लम्बाइ १,५५० किलोमिटरको हाराहारीमा बस्ने देखिन्छ। पशुपतिनगरदेखि मटियानीसम्मको पुष्पलाल लोकमार्गको एलाइन्मेन्ट नक्सा ८ मा प्रस्तुत गरिएको छ।




नक्सा नं: ८
मध्य पहाडी पुष्पलाल लोकमार्गको बर्तमान र प्रस्तावित एलांइनमेन्ट

## प्रस्तावित पुष्पलाल लोकमार्गको प्रभाव र अगाडिको बाटो

यदि अहिलेको एलाइन्मेन्टमा सुधार नगर्ने हो भने यो घुमाउरो हुनुका साथै धेरै घुम्ती भएको र उकालोओरालो धेरै भएकाले यसको प्रयोजन कम हुनेमा कुनै शङ्का छैन। तर प्रस्तावित एलाइन्मेन्ट छोटो र सहज हुने हुनाले मध्यपहाडवासीले काठमाडौँ आउन–जान यो सडकको प्रयोग गर्नेछन्। यहाँबाट उत्पादित वस्तुहरूको बजार लानसमेत सहज हुनेछ। पञ्चेश्वरलगायत जलविद्युत् तथा अन्य विकास निर्माणका काममा यस लोकमार्गको प्रयोग हुनेछ। सबैभन्दा महत्त्वपूर्ण फाइदामा पर्यटन विकासलाई लिन सकिन्छ। नेपाल सरकारले सडकको दायाँबायाँको जग्गालाई कृषि तथा औद्योगिक प्रयोजनका लागि उपयुक्त वातावरण तयार पार्नु अत्यावश्यक भएको छ।

राष्ट्रको आर्थिक स्रोतको सीमितताका कारणले गर्दा सम्पूर्ण सिफारिस गरिएका सुधारहरू एकै पटकमा गर्नु व्यावहारिक नहोला। यसर्थ सबैभन्दा पहिले प्रस्तावहरूको विस्तृत सम्भाव्यता अध्ययन हुनु जरुरी छ। त्यसपछि नीतिगत छलफल चलाइसकेपछि यदि प्रस्तावहरूमा दम भेटिएको खण्डमा सडकको रेखाङ्कन गरी सडकको अधिकार क्षेत्र तोकेर सोभित्र कुनै प्रकारको संरचना नबनाउन परिपत्र गरी रोकिनुपर्छ। त्यसपछि स्रोतको उपलब्धता र प्राथमिकताका आधारमा क्रमैसँग कार्यन्वयन गर्दै जानु उपयुक्त हुन्छ।

हालसम्मको अर्को कमजोरी सडकको अधिकार क्षेत्रको व्यवस्था नहुनु हो। यो परिस्थितिबाट पछि गर्नुपर्ने सडक विस्तारलाई व्यवधान खडा भएको मात्र नभई सडक दुर्घटनालाई समेत बढावा दिइराखेको छ। यसर्थ, अविलम्ब सडकको अधिकार क्षेत्रको व्यवस्था गरिनुपर्ने स्थिति छ। यदि लोकमार्गको २५ मिटर अधिग्रहण गर्न नसकिने वा आवश्यकता नपर्ने हो भने सडकको अधिकार क्षेत्रको मापदण्ड परिमार्जन गरी सोहिअनुसार अधिग्रहण गर्नुपर्ने देखिन्छ।

हालको बसाइँसराइको कारणबाट पहाडी जिल्लाहरूमा जनसङ्ख्याको भार पातलिँदै गएको छ। अब यस क्षेत्रलाई गुल्जार गराउन गम्भीर प्रकारको भू–नीति घोषणा नगरेसम्म यस क्षेत्रलाई पुन: उत्पादनशील बनाउन सकिँदैन। कृषिमा औद्योगीकरण गर्न मार्गप्रशस्त नगरेसम्म वर्तमान परिस्थितिमा सडकले मात्रै उत्पादन बढाउन कारक भूमिका निभाउन सक्दैन।

नेपालका योजनाहरूमा तदर्थवादी चिन्तन हाबी भइराखेको छ। दूरगामी राष्ट्रिय सोचभन्दा अल्पकालीन र अझै निर्णयकर्ताको आग्रहले समेत निर्णय प्रक्रिया प्रभावित हुने कारणले नेपालमा पूर्वाधारहरू सम्पत्ति नभएर दायित्वका रूपमा ग्रहण गर्नुपर्ने स्थितिबाट नेपालीहरू अभिशप्त हुनुपर्ने कहालीलाग्दो अवस्था आएको छ र यसको क्रम बढोत्तरीमा छ। मध्यपहाडी पुष्पलाल लोकमार्गसमेत यो रोगबाट बच्न नसकेकाले सोको सुधारबाट लगानीको प्रतिफल निकाल्न मद्दत पुग्नुका साथै मध्य तथा हिमाली भेगका जनताको सामाजिक आर्थिक रूपान्तरणका लागि कोसेढुङ्गा साबित हुनेछ। यो लेखमा गरिएका सातवटा प्रस्तावअनुसार ठहरिएको एलाइन्मेन्ट पशुपतिनगर, धनकुटा, हिले, खुर्कोट, काठमाडौँ, दुलेगौडा, कुस्मिसेरा, गल्कोट, रुकुमकोट, चौरझारी, चुप्रा, मङ्गलसेन, दिपायल, स्याउले, रुपालको सम्भाव्यता अध्ययनबाट पर्गेलेर ठहर भएको खण्डमा सडकको रेखाङ्कनको निर्णय गरी तोकिएका खण्डलाई पुष्पलाल लोकमार्ग घोषणा गर्नु उपयुक्त हुनेछ। सम्भाव्यता अध्ययनको प्राथमिकताका आधारमा र बजेटको उपलब्धतालाई मध्यनजरमा राखी क्रमश: पुन: रेखाङ्कित खण्डहरूको निर्माणलाई अघि बढाउन मनासिब हुन्छ। सडक निर्माणका साथै आर्थिक गतिविधिहरूलाई कसरी अगाडि बढाउने सोसमेत नेपाल सरकारले निजी क्षेत्रको सहभागितामा निक्र्योल गरी सोहीअनुसार कार्यान्वयनको पथमा अघि बढ्नुको विकल्प छैन। ●

२१

# मध्यपहाडी क्षेत्रमा प्राकृतिक पुँजीको आकलन



**जुद्धबहादुर गुरुङ**
वातावरणविद्

विश्व बजारमा अहिले नयाँ शब्दावली प्रचलन र बहसमा आएको छ– प्राकृतिक पुँजी। पृथ्वीको वातावरणमा सञ्चित प्राकृतिक स्रोतहरू जसले मानव जीवन सञ्चालन प्रक्रियामा महत्त्वपूर्ण सहयोगीको भूमिकामा रहेको बृहत् क्षेत्रमा सञ्चालित पारिस्थितिक प्रणालीको सेवा र वस्तुलाई प्राकृतिक पुँजी भनिन्छ। अझ वैज्ञानिक परिभाषा पृथ्वीमा विद्यमान नवीकरणीय तथा गैरनवीकरणीय प्राकृतिक स्रोतहरूको सञ्चितिलाई समग्रमा प्राकृतिक पुँजी भनिन्छ। विश्व वातावरण खासगरी परिस्थितिक प्रणाली, भूगर्भीय पदार्थहरू, स्थलमण्डल, वायुमण्डल, जलमण्डल, सौर्यलगायत सम्पूर्ण सजीवहरू सबै प्राकृतिक पुँजीका उदाहरणहरू हुन्। नेपालको सन्दर्भमा दृश्य वा अदृश्य स्रोतहरू खासगरी सूर्य विकिरण, पानीको स्रोत प्रमुख रूपमा नदीनाला तालतलैया, हिमचुली, वायुमण्डल, रेडियो तरङ्ग, वनजङ्गल, वन्यजन्तु, पारिस्थितिक प्रणाली, जमिन, खनिज तथा खानीजन्य पदार्थ, ठोस फोहोरमैला व्यवस्थापन पछि सिर्जित अवस्था, मनोरञ्जन वा पर्यटकीय गन्तव्यहरू, बालीनालीका लागि मौरी, पुतलीलगायत किटपतङ्गले प्रदान गरेका परागसेचन सेवा, वनजङ्गलले सञ्चित गरेका कार्बन भण्डारण, मानव समुदायद्वारा सिर्जित सांस्कृतिक पक्षलगायत स्रोतहरूलाई समग्रमा प्राकृतिक पुँजी भन्नु अत्युक्ति नहोला। तर नेपालको सविधानले प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरे

पनि ऐनले प्राकृतिक स्रोतको स्पष्ट किटानी परिभाषा उल्लेख गरेको पाइँदैन । अझ अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन २०७४ ले पर्वतारोहण, विद्युत्, वन, खानी, पानी तथा अन्य प्राकृतिक स्रोत गरी पाँच किसिमका स्रोतहरूलाई प्राकृतिक स्रोत भनी उल्लेख गरेको छ । यिनै स्रोत परिचालनबाट प्राप्त राजस्वलाई प्राकृतिक पुँजीका रूपमा लिएको जस्तो देखिन्छ । नेपालसित प्राकृतिक पुँजी कति छ भनी लेखाजोखा कसैले गरेको कतै भेटिँदैन र अध्ययन भएको पनि छैन् होला । अबका दिनहरूमा यो बहसको प्रमुख विषय बन्नुपर्छ ।

**विश्व परिदृश्यमा प्राकृतिक पुँजी**

प्राकृतिक पुँजी भन्ने शब्द पहिलोपटक सन् १९७३ मा बेलायती अर्थशास्त्री इ.एफ.सुमाकारले **'स्मल इज ब्युटीफुल'** (Small is beautiful) नामका पुस्तकमा उल्लेख गरेका थिए । विश्व सन्दर्भमा सन् नब्बेको दशकमा केही अध्ययन अनुसन्धानहरू भए । यसपछि सन् २०१२ मा ब्राजिलको व्यापारिक सहर रियो दि जेनेरियोमा सम्पन्न जैविक विविधता विश्व सम्मेलनले प्राकृतिक पुँजीसम्बन्धी पहिलो पटक घोषणापत्र नै जारी गर्‍यो । यसपछि व्यापारिक कम्पनीहरूको सहमिलन वा गठबन्धन निर्माण भई सन् २०१६ प्राकृतिक पुँजीसम्बन्धी प्रोटोकल तयार भयो । यस प्रोटोकलका आधारमा विश्वभरका देशहरूले आफ्नो मुलुकहरूको प्राकृतिक पुँजी आकलन गरी आफ्ना राष्ट्रिय लेखा प्रणालीमा समावेश गर्न थालेका छन् । सन् २०२२ सम्म लगभग १९ भन्दा बढी मुलुकले यो प्रक्रियामा समावेश गरिसकेका छन् ।

वास्तवमा प्रकृति अथाह तथा अमूल्य पनि छ । त्यसैले प्राकृतिक पुँजीलाई वित्तमा परिणत गर्न विभिन्न खोजबिन, अध्ययन–अनुसन्धान भइरहेका छन् । यसका लागि सबैभन्दा पहिले प्राकृतिक पुँजीको प्रोटोकल तयार गरी विश्वका केही सङ्घ–संस्थाहरूले प्राकृतिक पुँजीको आकलन गर्न थालेका छन् । उदाहरणका लागि क्यालिफोर्नियाको सडक किनारमा रोपेका रूखहरूले समग्रमा पारिस्थितिक प्रणालीमार्फत बाढी नियन्त्रण र वायु नियमन गरी वार्षिक लगभग १ बिलियन अमेरिकी डलरबराबरको सेवा प्रदान गर्ने आकलन गरेको छ । यसैगरी मेक्सिको सामुद्रिक किनारमा विद्यमान मेनग्रुभ वन ९:बलनचयखभ ायचभकतक० ले स्थानीयवासीलाई आँधीबेहरीबाट सुरक्षित राख्नुका साथै माछापालन र पर्यापर्यटन

प्रवर्द्धन भई वार्षिक रूपमा लगभग ७० बिलियन डलरको सेवा प्रदान गर्ने भनी आकलन गरिएको छ।

सन् १९९७ मा डिक्सन र हामिल्टनले पहिलो पटक प्राकृतिक पुँजीलाई अमेरिकी डलरमा प्रतिव्यक्ति लेखाजोखा गर्ने प्रयास गरे। विश्वभर कृषि भूमि संसारको सबैभन्दा बढी प्रतिव्यक्ति मूल्य भएको पाइयो भने सबभन्दा बढी मध्यपूर्व क्षेत्रको कृषियोग्य भूमि संसारको सबभन्दा बढी ६३ सय ४१ अमेरिकी डलर बराबरको प्राकृतिक पुँजी भएको प्रक्षेपण गऱ्यो।

सन् १९९७ मा वल्ड रिसोर्ज इन्स्टिच्युटले संसारभर औषधीजन्य उद्योगलाई आवश्यक पर्ने प्राकृतिक स्रोतको लेखाजोखा गरेको थियो। विश्वभरका औषधी उत्पादन कम्पनीहरूले प्राकृतिक स्रोतबाट प्राप्त कच्चा पदार्थ प्रयोग गरी लगभग ७५ देखि १२० बिलियन अमेरिकी डलर बराबर कमाउने अनुमान गरिएको थियो।

सन् २००२ मा अस्ट्रेलियाको एडिलाइट सहरका सहरी वनमा गरिएको लागत र लाभसम्बन्धी अध्ययनले प्रतिरूख १७२ अस्ट्रेलियन डलरबराबरको प्राकृतिक पुँजीको योगदान रहेको आकलन गरिएको थियो। सहरी पारिस्थितिक प्रणालीमा रूखको छहारी, सुन्दरता प्रदान गर्ने, हुरीबतासको प्रभाव न्यूनीकरण, कार्बन सञ्चितीकरण साथै ताप, ध्वनि तथा वायु प्रदूषणलगायत विभिन्न पक्षहरूको न्यूनीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको विषय विभिन्न तथ्याङ्कहरूले प्रमाणित गरेको छ।

सन् २०१३ मा व्यापार गठबन्धन (Business Coalition) द्वारा प्रकाशित पारिस्थितिक प्रणाली र जैविक विविधताको अर्थतन्त्रसम्बन्धी (The Economics of Ecosystem and Biodiversity) प्रतिवेदनमा विश्व पारिस्थितिक प्रणालीद्वारा सिर्जित विश्व प्राथमिक उत्पादन र यसको प्रशोधन प्रक्रियाले नै वर्तमान वातावरणीय ह्रासको प्रमुख जिम्मेवार पक्ष मनिएको छ। यस वातावरणीय ह्रासलाई सम्बोधन गर्न लगभग ७.३ ट्रिलियन अमेरिकी डलरबराबरको खर्च लाग्ने अनुमान गरिएको थियो। एक वर्षपछि प्रकाशित अर्को प्रतिवेदनले विश्व वातावरणीय परिवर्तनसम्बन्धी विश्व पारिस्थितिकीय प्रणालीको सेवा एकमुष्ट मूल्य आकलन गर्दा वार्षिक रूपमा लगभग एकीकृत विश्व गार्हस्थ्य उत्पादनमा दोब्बरभन्दा बढी योगदान (१२४.४ ट्रिलियन अमेरिकी डलर) पुगेको अनुमान प्रकाशित गरेको थियो।

## नेपालमा प्रमुख प्राकृतिक पुँजीको लेखाजोखा

संसारका अन्य देशमा झैँ नेपालमा पारिस्थितिक प्रणालीको सेवा र वस्तुको मूल्य आकलन गरिएको पाइँदैन। यसका लागि विश्वभर System of Environmental Economic Account (SEEA) विधि अपनाइन्छ। तर नेपालमा SEEA प्रणाली कार्यान्वयनको चरणमा नभएकाले विद्यमान ऐन र कानुनहरूले केही प्राकृतिक स्रोतहरूबाट प्राप्त राजस्वलाई आधार मानी प्रारम्भिक रूपमा प्राकृतिक पुँजीको आकलन गर्न सकिन्छ। नेपालको अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन २०७४ ले प्राकृतिक स्रोत भनी समेटिएका पर्वतारोहण, विद्युत्, वन, खानी, पानी र अन्य प्राकृतिक स्रोत गरी पाँच प्रकारका प्राकृतिक स्रोतहरू परिचालनबाट प्राप्त पुँजीको अवस्थालाई लेखाजोखा गर्न सान्दर्भिक हुने भएकाले सङ्क्षिप्त रूपमा यहाँ उल्लेख गरिएको छ।

हिमालय पर्वत नेपालका लागि एक महत्त्वपूर्ण प्राकृतिक स्रोत हो। नेपालको कुल क्षेत्रफलको १३ प्रतिशत हिमाली क्षेत्रले ओगटेको छ। यस सानो घेराभित्र ६ हजार मिटरभन्दा अग्ला १ हजार ९१३ वटा चुचुरा भएको अनुमान छ भने १ हजार ३१० वटा हिमालको नामकरण गरिएको छ। विश्वका ८ हजार मिटरभन्दा अग्ला १४ हिमालमध्ये ८ हिमाल नेपालमै पर्छन्। नेपालका ४१४ हिमालीचुलीहरूलाई आरोहणका लागि अनुमति प्रदान गरिएको भए पनि हाल लगभग १०० भन्दा बढी चुचुरोको मात्र पर्वतारोहणका लागि विश्व बजारमा माग बढी छ। यी हिमाली क्षेत्रमा प्रचलित पर्वतारोहण नेपालको पर्यटन क्षेत्रको प्रमुख क्रियाकलाप हो। पर्वतारोहण क्रियाकलापले सिर्जना गरेको रोजगारी तथा अन्य पर्यटन बजारको कारोबार विशाल भए पनि कुल गार्हस्थ्य उत्पादनमा लगभग ३ प्रतिशत मात्र योगदान छ।

जलस्रोत नेपालको परिवेशमा महत्त्वपूर्ण प्राकृतिक स्रोत हो। नेपालमा विद्यमान ६ हजार नदीनालाबाट वार्षिक २२५ बिलियन घनमिटर प्रतिसेकेन्ड पानी विद्यमान रहेको अनुमान गरिएको छ भने ६.९ प्रतिशत मात्र खानेपानी, विद्युत्, सिँचाइ, उद्योग, मनोरञ्जन, यातायातलगायत क्षेत्रमा उपयोग भएको अनुमान गरिएको छ। यसैगरी भूमिगत जलाशयमा ११.५ बिलियन घनमिटर पानी भएको अनुमान गरिएकोमा लगभग ५.८ बिलियम घनमिटर पानी खानेपानी, सिँचाइ, उद्योगका लागि उपयोग गरिएको अनुमान छ। सन् १९६६ को हरिमान श्रेष्ठको प्रतिवेदनअनुसार यतिका धेरै नदीनालाबाट लगभग ८३ हजार १८१ मेगावट विद्युत् उत्पादन गर्ने क्षमता रहेको सम्भावना औँल्याइएको छ। सन् २०१५ मा ईश्वर

बज्राचार्यको प्रतिवेदनमा औँल्याइएअनुसार नेपालमा लगभग १ लाख ३ हजार ३४१ मेगावट विद्युत् उत्पादन गर्न सकिने सैद्धान्तिक सम्भावना रहेको छ । सन् २०२४ को जनवरी महिनासम्म एक मेगावाटभन्दा बढी क्षमताका १४७ जलविद्युत् गृह तथा अन्य लघुविद्युत् आयोजनाबाट गरी लगभग कुल ३ हजार मेगावट विद्युत् उत्पादन गरी आर्थिक वर्ष.२०७९/८० मा ३ अर्ब ४४ करोड २१ लाख ४० हजार २९८ रुपैयाँ राजस्व सङ्कलन भएको छ । पानीको उपयोग खानेपानी, सिँचाइ र यातायात, पर्यटनलगायत क्षेत्रमा गरिए पनि यी क्षेत्रबाट सरकारले कुनै प्रकारको राजस्व सङ्कलन गरेको पाइँदैन । नेपाली समाजमा कतिपय सिँचाइ भएका क्षेत्रहरूमा पानी पोत भनी उठाउने र खानेपानी कार्यालयले पानी महसुलका रूपमा सङ्कलन गरे पनि राजस्वका रूपमा सरकारी सञ्चित कोषमा सङ्कलन भएको पाइँदैन ।

हिमाली तथा पहाडी क्षेत्रको पानीमा विभिन्न प्रकारका खनिजयुक्त पदार्थहरू हुन्छन् । यस गुणस्तरीय पानीलाई नेपालका केही निजी कम्पनीले बोतलमा भरि विश्व बजारमा बिक्री गरेको खबरहरू पढ्न पाइन्छ । हाल नेपालमा निजी कम्पनीहरूले आन्तरिक बजारमा बोतलको पानी बिक्री भइरहेको पाइन्छ ।

*पानीको उपयोग खानेपानी, सिँचाइ र यातायात, पर्यटनलगायत क्षेत्रमा गरिए पनि यी क्षेत्रबाट सरकारले कुनै प्रकारको राजस्व सङ्कलन गरेको पाइँदैन । नेपाली समाजमा कतिपय सिँचाइ भएका क्षेत्रहरूमा पानी पोत भनी उठाउने र खानेपानी कार्यालयले पानी महसुलका रूपमा सङ्कलन गरे पनि राजस्वका रूपमा सरकारी सञ्चित कोषमा सङ्कलन भएको पाइँदैन ।*

वन नेपालको एक महत्त्वपूर्ण प्राकृतिक स्रोत हो। 'हरियो वन नेपालको धन' भन्ने नेपालको विगतको नारा आजभोलि पनि उत्तिकै सान्दर्भिक भएको प्रमाणित भएको अनुभूति हुन्छ। नेपालको कुल भूगोलको ४४ प्रतिशतभन्दा बढी क्षेत्रफल वनजङ्गलले ढाकेको अभिलेख छ भने लगभग ११८ किसिमको पारिस्थितिक प्रणाली छन्। पारिस्थितिक प्रणालीको सेवा र वस्तुका आधारमा जीवनपद्धति सञ्चालन भइरहेका छन् तर यस स्रोतलाई राष्ट्रिय पुँजीको लेखा प्रणालीमा समावेश गरी राष्ट्रिय लेखा प्रणालीमा आबद्ध गर्न सकिएको छैन।

नेपालमा पाइने लगभग १३ हजार प्रजातिका वनस्पतिमध्ये ८१९ प्रजाति गैरकाष्ठ वन पैदावर तथा जडीबुटीका रूपमा प्रयोग गर्दै आएका छन्। यिनैमध्ये हिमाली तथा मध्यपहाडी क्षेत्रमा पाइने लौठसल्ला एक वनस्पति हो। यसको पात प्रतिवर्ष ६० करोड केजी सङ्कलन गर्न सकिने तथ्यांक वनस्पति विभागले हालै गरिएको अध्ययनमा उल्लेख छ। विगत केही वर्षअघिको नेपालको घरेलु बजारमा प्रतिकेजी १४० रुपैयाँका दरले बिक्री भएको छ। यही दरले पनि लगभग ८५ अर्ब रुपैयाँ वार्षिक रूपमा पात बेचेर कमाउन सकिने प्रक्षेपण गर्न सकिन्छ। सङ्घ सरकारको राजस्व प्रतिकेजी ३० का दरले लगभग १८ अर्ब सङ्कलन गर्न सकिन्छ। यसैगरी नेपालको वनजङ्लमा कार्बन भण्डारण १०५४.९७ मिलियन टन रहेको आकलन गरिएको छ। वर्तमान विश्व बजारमा कार्बनको मूल्य लगभग ४० अमेरिकी डलर छ। तर सन् २०२१ को फेब्रुअरीमा नेपाल सरकार र विश्व बैङ्कको बीचमा भएको सम्झौता प्रतिटन ५ अमेरिकी डलर भएको छ। सम्झौतामा कायम गरिएको मूल्यमा नेपालका वनमा सञ्चित कार्बनको मूल्य लगभग ५२ करोड ७४ लाख ८५ हजार अमेरिकी डलरबराबर छ। यो प्रतिवर्ष प्राप्त हुने रकम हो। यो अदृश्य किसिमको प्राकृतिक स्रोत वा वायुमण्डलद्वारा प्रदान गरिने प्राकृतिक पुँजी भन्नु अत्युक्ति नहोला।

खानी तथा खानीजन्य वस्तु पनि प्राकृतिक पुँजीको एक प्रमुख स्रोत हो। नेपालमा युरेनियमजस्ता महत्त्वपूर्ण खनिज पत्ता लागेको छ। नेपालमा धातु, गैरधातु, शृङ्गारिक (पत्थर वा रत्न) र इन्धन गरी चार वर्गका खनिजहरू पाइने अभिलेखहरूले देखाउँछ। हाल भूगर्भ तथा खानी विभागले १५ किसिमका खानीजन्य उद्योगका लागि १४९ अनुमतिपत्र प्रदान गरेको छ। यीमध्ये ७२ वटा चुनढुङ्गाको अनुमतिपत्र छ भने यसै खानीका आधारमा २५ वटा सिमेन्ट कारखाना सञ्चालनमा छन्। नेपाल सिमेन्ट उद्योगमा आत्मनिर्भर भएको छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आव २०७८/७९ मा गरेको अध्ययनले रेडियो तरङ्गलाई प्राकृतिक स्रोतका रूपमा पहिचान गरेको छ। नेपाल दूरसञ्चार प्राधिकरणले आव २०७८/७९ मा लगभग ३ अर्ब ३६ करोड ६ लाख ५२ हजार रुपैयाँभन्दा बढी रोयल्टीस्वरूप सङ्कलन गरेको थियो। यस स्रोतलाई अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार वितरणका लागि नेपाल सरकार अर्थ मन्त्रालयलाई सिफारिस गरिसकेको छ। यसले स्थानीय पालिकाहरूलाई आन्तरिक राजस्व बढाउन केही योगदान पुग्ने विश्वास गरिएको छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले परिभाषित गरेका प्राकृतिक स्रोतबाहेक अन्य स्रोतहरूबाट पनि राजस्व सङ्कलन गरिँदै आएको छ। यी स्रोतहरूको समेत चर्चा गर्नु सान्दर्भिक हुनेछ। यी स्रोतहरूले पनि प्राकृतिक पुँजीका रूपमा लेखाजोखा गर्नु आवश्यक छ।

नेपालका खोलानालाले वार्षिक रूपमा बगाएर ल्याउने ढुङ्गा, गिटी, बालुवा र जराजुरीजस्ता नदीजन्य पदार्थहरू अर्को प्राकृतिक स्रोत हो। नदीजन्य प्राकृतिक स्रोत खासगरी ढुङ्गा, गिट्टी र बालुवा पूर्वाधार विकासको कच्चा पदार्थ पनि हो। यी वस्तुहरूबिना देश विकासका लागि कुनै भौतिक पूर्वाधार विकासका कार्यक्रम कल्पनाबाहिरको विषय हो। यही राजस्व कतिपय पालिकाहरूको प्रमुख आयस्रोतका रूपमा रहेको छ।

नेपालको भूगोल लगभग ८३ प्रतिशत पहाडी क्षेत्रले ओगटेको छ। यस पहाडी क्षेत्रले सौर्य ऊर्जा सङ्कलन गर्ने क्षमता बढाउन सहयोग गर्दछ। सन् २०२० मा प्रकाशित प्रतिवेदनअनुसार नेपालमा सौर्यशक्ति उत्पादन क्षमता ५० हजार टेरावाट प्रतिघन्टा प्रतिवर्ष छ, जुन हालको जलविद्युत्को क्षमताभन्दा १०० गुणा बढी भएको अनुमान गरिएको छ। विद्युत् विकास विभागले यिनै सौर्य ऊर्जा सङ्कलन गर्न हालसम्म कुल ६६ सौर्य शक्ति उत्पादन कम्पनीलाई लगभग ८३५.२६ मेगावट ऊर्जा उत्पादन गर्न अनुमतिपत्र प्रदान गरेको छ। यीमध्ये हालसम्म १२ वटा आयोजनाबाट कुल ५८.३८ मेगावट ऊर्जा उत्पादन भई विद्युत्को केन्द्रीय प्रसारणमा जडान भइसकेको छ। यसको वित्तीय लेखाजोखा राष्ट्रिय अर्थतन्त्रमा समावेश हुने प्रक्रियामा रहेको छ।

वायु पनि महत्त्वपूर्ण प्राकृतिक स्रोत हो। नेपाल डाँडाकाँडाले भरिएको छ। अधिकांश यी डाँडाहरू बढी हावा चल्ने भएकाले बतासे डाँडा पनि भनिन्छ। यस प्रकारका बतासे डाँडाहरू तथा नदीका खोँचहरू धेरै छन्। वायुलाई ऊर्जामा परिणत

गरी वित्तीय पुँजी सिर्जना गर्न सकिन्छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको हालै प्रकाशित प्रतिवेदनअनुसार नेपालका २२ जिल्लामा वायु ऊर्जा उत्पादनका लागि सम्भाव्य क्षेत्र रहेको देखाइएको छ। अध्ययन प्रतिवेदनमा प्रतिवर्ग किलोमिटर ५ मेगावाट उत्पादन गर्न सक्ने क्षमता भएका आधारमा लगभग ६०७.४ वर्ग किलोमिटर क्षेत्रफल रहेको प्रक्षेपण गरिएको छ। यही तथ्यलाई आधार माने नेपालमा वायु ऊर्जा लगभग ३ हजार मेगावट वायु ऊर्जा उत्पादन हुने प्रारम्भिक अनुमान गरिएको छ। हालसम्म नेपालमा ३ मेगावटको सर्भे अनुमति र १ मेगावटको निर्माण अनुमति प्रदान गरिएको छ।

फोहोरमैला पनि प्राकृतिक स्रोतका रूपमा लिने गरिन्छ। काठमाडौँ उपत्यकाबाट लगभग न्यूनतम प्रतिदिन १२ सय टन फोहोरमैला विसर्जन हुने अनुमान गरिएको छ। यस फोहोरमैलालाई प्राङ्गारिक मल र बायोग्याँस वा ऊर्जा उत्पादन गरी पुँजीमा परिणत गर्न सकिन्छ। उदाहरणका लागि पोखरा महानगरपालिकाको फोहोरमैलाबाट तनहुँ जिल्लाको कोत्रेमा अवस्थित गण्डकी ऊर्जा प्रालिले प्रतिदिन ४५ टन ठोस फोहोरमैला प्रयोग गरी लगभग १६ सय सिलिन्डर एलपिजी ग्याँस उत्पादन गरेको छ भने स्याङ्जा जिल्ला भालुपहाडनजिकमा स्थापित खिलुङ कालिका प्रालिले कुखुराको सुलीबाट दैनिक ३५० किलोवट विद्युत् र १२ सय किलो ग्याँस उत्पादन गर्ने गरेको छ। यसैगरी धरान नगरपालिकाले दैनिक ५० टन फोहोरमैला सङ्कलन गरी १२ सय केजी ग्याँस र ४ सय केजी जैविक मल उत्पादन गरेको छ। धनगढी र तुलसीपुर नगरपालिकाले पनि फोहोरमैलाद्वारा बायोग्याँसका रूपमा ऊर्जा उत्पादन गर्न थालेका छन्।

वैकल्पिक ऊर्जा प्रर्वद्धन केन्द्रले सन् २०१८ मा गरेको एक अध्ययनअनुसार व्यापारिक लक्ष्य राखी सञ्चालनका रहेका पशुपालन, चिनी मिल, हल्का पेयपदार्थ उत्पादन उद्योग र तरकारी बजारबाट दैनिक ६.२ मिलियन घनमिटर प्रतिदिन ठोस फोहोरमैला विर्सजन हुने प्रक्षेपण गरिएको छ। यसअनुसार १६ लाख मेट्रिक टन प्रतिदिन प्राङ्गारिक मल उत्पादन हुने अनुमान गरिएको छ। यस मलको अधिक उत्पादनले रासायनिक मलको मागलाई प्रतिस्थापन गर्न सक्छ।

### पहाडी क्षेत्रमा प्राकृतिक पुँजीको आकलन

विगत एक वर्षको अवधिमा नेपालको मध्यपहाडी लोकमार्गको बागलुङ, पर्वत, कास्की, लमजुङ, गोरखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सिन्धुली,

रामेछाप, ओखलढुङ्गा, खोटाङ, भोजपुर, धनकुटा र तेह्रथुम जिल्लाको स्थलगत अवलोकन गर्ने अवसर मिल्यो। यस्तै इन्जिनियर मित्र निर्मल गौतमले पनि यही अवधिमा बागलुङदेखि पश्चिम क्षेत्र दैलेख जिल्लासम्मको मध्यपहाडी लोकमार्गको स्थलगत अवलोकन गरी यस क्षेत्रमा आर्थिक गतिविधि बढाउने सम्भावित योजनाहरूको अध्ययन गर्नुभएको थियो। यस क्षेत्रमा चासो राख्ने दुवै जनाको अध्ययन–विश्लेषण र परामर्शसमेतका आधारमा हेर्दा मध्यपहाडी क्षेत्रमा विद्यमान प्राकृतिक स्रोतहरूलाई वित्तीय पुँजीमा परिणत गर्न सकिने अनगिन्ती सम्भावना रहेको आँकलन गरिएको छ। यस मध्यपहाडी क्षेत्रमा प्राकृतिक स्रोतहरू खासगरी खेतीयोग्य भूमि वा जमिन, पानी, वन, संरक्षित क्षेत्र, खानी तथा खनिज, नदी तथा नदीजन्य पदार्थहरू, फोहोरमैला, रेडियो तरङ्ग, वायु र सौर्य ऊर्जालाई बढी सम्भावनायुक्त प्राकृतिक पुँजीका रूपमा पहिचान गर्न सकिन्छ।

नेपाल जलस्रोतको धनी देश मानिन्छ। यस सन्दर्भमा मध्यपहाडी क्षेत्रमा नेपालको अधिकांश विद्युत् उत्पादनको केन्द्रहरू छन्। नेपालका हिमाली तथा पहाडी जिल्लाहरूमध्ये खासगरी दार्चुला, बझाङ, प्युठान, बागलुङ, म्याग्दी, पर्वत, कास्की, लमजुङ, गोर्खा, धादिङ, नुवाकोट, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर, सोलुखुम्बु, भोजपुर, ओखलढुङ्गा, खोटाङ, धनकुटा, सङ्खुवासभा, इलाम, पाँचथर, ताप्लेजुङ बढी विद्युत् उत्पादन केन्द्र भएका जिल्ला हुन्। यी जिल्लामध्ये अधिकांश मध्यपहाडी क्षेत्रमा पर्छन्। यी जिल्लाबाट उत्पादित विद्युत्लाई हाइड्रोजन ऊर्जामा परिणत गरी सवारीसाधन, घरेलु प्रयोजन गरी आन्तरिक बजारमा खपतलगायत विश्वबजारमा बिक्री गर्न सकिन्छ।

ऊर्जा विज्ञहरूले हाइड्रोजन ऊर्जाका लागि नेपाल उपयुक्त क्षेत्र मानेको छ। नेपालमा पानी प्रशस्त उपलब्ध छ। नेपालको पानीलाई हाइड्रोजन ऊर्जामा परिणत गर्न धेरै कम खर्च लाग्ने तथ्य अध्ययनहरूले प्रमाणित गरेको छ। सामान्यत नौ लिटर हिमाली पानीबाट विद्युत् विच्छेदन प्रक्रियाद्वारा एक लिटर हाइड्रोजन ऊर्जा उत्पादन गर्न सकिन्छ। जबकि यति नै मात्रामा हाइड्रोजन ऊर्जा उत्पादन गर्न ४५ लिटर सामुद्रिक पानी प्रशोधन गर्नुपर्छ। विश्व जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्ने अभियानतर्फ विश्व समुदाय अग्रसर भइरहेको वर्तमान विश्व परिवेशमा विभिन्न देशले हाइड्रोजन ऊर्जालाई उच्च प्राथमिकता दिएको परिप्रेक्ष्यमा यसको सान्दर्भिकता कति छ भन्ने स्वतः स्पष्ट हुन्छ।

वायु ऊर्जाको सर्भे भएका २२ जिल्लामध्ये मध्यपहाडी लोकमार्गमा पर्ने ओखलढुङ्गा, भक्तपुर, पाल्पा, रामेछाप, प्युठान, सिन्धुली, मकवानपुरलगायत जिल्लामा वायु ऊर्जाका लागि आर्थिक रूपले बलियो सम्भावना भएका स्थान वा नदी र पहाडको खोँचहरू प्रशस्तै छन्। हालसम्म वायु ऊर्जाको विकास वा उपयोग प्रारम्भिक अवस्थामा छ। पाल्पा जिल्लाको निस्दी गाउँपालिकामा वायु ऊर्जा उत्पादन गरेको अभिलेख भए पनि यसले व्यापकता पाएको अवस्था छैन।

नेपालका डाँडाकाँडा, भिर, पाखा, नदीको खोँच तथा भिराला ठाउँहरूमा पारिलो घाम लाग्ने भएकाले सौर्य ऊर्जा उत्पादन गर्न तुलानात्मक रूपमा सहज हुन्छ। धनगढी, बाँके, बर्दिया, सुर्खेत, दाङ, प्यूठान, कास्की, लमजुङ, नुवाकोट, सङ्खुवासभालगायत जिल्लाहरूमा सौर्य ऊर्जा उत्पादन भएको छ। यसरी दैनिक रूपमा खेर गइरहेका वायु, सौर्यजस्ता प्राकृतिक स्रोतहरूलाई ऊर्जामा परिणत गर्न सकिन्छ। नेपालका केही निजी कम्पनीहरूले उचित प्रविधिद्वारा प्राकृतिक स्रोतलाई वित्तीय पुँजीमा परिणत गर्ने अभियान अघि बढाइसकेको अवस्था छ।

नेपालको मध्यपहाडी क्षेत्रले ओगटेको कुल क्षेत्रफलमध्ये लगभग ५३.७५ प्रतिशत हिस्सा वनले ओगटेको छ। यस क्षेत्रमा लगभग ३२६ प्रजातिका वनस्पति रूख वर्गका छन् भने २४४ प्रजातिका वनस्पति बुट्यान वर्गका र ५४७ प्रजातिका वनस्पति झारपात वर्गका रहेको अभिलेख छ। यस क्षेत्रको वनले लगभग ३१ करोड १३ लाख टन कार्बन सञ्चित गरेको अनुमान छ। यस क्षेत्रको वन पैदावर काठ उत्पादनका लागि खासै महत्त्व र उपयोगी नभए पनि जडीबुटीको भण्डारका रूपमा लिन सकिनेमा दुईमत छैन।

यो क्षेत्र विशेषगरी लौठ सल्ला प्रजातिका वनस्पतिको प्रमुख भण्डार मानिन्छ। विश्वमा पाइने १३ प्रजातिका लौठ सल्लामध्ये चार प्रजाति अमेरिकामा, एक प्रजाति युरोपमा र आठ प्रजाति एसिया महादेशमा पाइने अभिलेख छ। नेपालका ४३ जिल्लामा ३ प्रजातिका लौठ सल्ला पाइन्छन्। यीमध्ये टेक्सास मेइरी ९त्बहगक mबष्चभष्० प्रजातिका लौठ सल्ला धादिङ, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, ललितपुर, मकवानपुर, रामेछाप, सिन्धुली जिल्लामा मात्र पाइन्छ, जुन अन्य दुईमध्ये बढी मूल्यवान् हुन्छ। नेपालभरका लौठ सल्लाबाट प्रतिवर्ष सरदर ९० करोड केजी पात झरेर खेर जान्छ। जसमध्ये लगभग ६० करोड केजी दिगो सङ्कलन सिद्धान्तअनुसार नेपाल सरकारले सङ्कलन अनुमति दिन सक्छ। नेपालमा पाइने मेइरी प्रजातिको सल्लाको पात लगभग २ करोड ९८ लाख ९१

हजार ४६० केजी प्रतिवर्ष उत्पादन हुने अनुमान वनस्पति विभागको अध्ययनले देखाएको छ। नेपालस्थित लौठ सल्लाको पात प्रशोधनमा संलग्न कम्पनीहरूको अध्ययनअनुसार १ हजार केजीको लौठ सल्लाको पातबाट १ किलोग्राम टेक्सोल ९त्बहयर्ि बन्छ। एक किलोग्राम टेक्सोलको दाम विश्व बजारमा १० हजार अमेरिकी डलर (१३ लाख २० हजार रुपैयाँ प्रतिकेजी) पर्ने अनुमान छ। लौठ सल्लाका पात सङ्कलन गर्दा सिर्जना भएको रोजगारी र पात प्रशोधनबाट प्राप्त टेक्सोलको मूल्यले यस देशको आर्थिक उपार्जनमा ठुलो योगदान पुग्न सक्छ। यस पातलाई सङ्कलन गरी औषधीमा परिणत गराएपछि मानिसले उपयोग गर्दा मानव स्वास्थ्यमा सुधार तथा आर्थिक क्षेत्रमा पुग्ने योगदान उल्लेखनीय हुनेछ।

मध्यपहाडी क्षेत्रमा पर्यटकीय गन्तव्यहरू पनि ठुलो मात्रामा छन्। त्यसमा पनि अन्नपूर्ण संरक्षण क्षेत्र, खप्तड राष्ट्रिय निकुञ्ज, रारा राष्ट्रिय निकुञ्ज, ढोरपाटन सिकार आरक्ष, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जलगायत संरक्षित क्षेत्रले त पर्यटकलाई आकर्षण गरी रोजगारी तथा आयआर्जनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेकै अवस्था छ। अन्य गन्तव्यको प्रवर्द्धन र पूर्वाधार निर्माण गर्न सकिए सम्भावनाको

*नेपालका डाँडाकाँडा, भिर, पाखा, नदीको खोँच तथा भिराला ठाउँहरूमा पारिलो घाम लाग्ने भएकाले सौर्य ऊर्जा उत्पादन गर्न तुलानात्मक रूपमा सहज हुन्छ। धनगढी, बाँके, बर्दिया, सुर्खेत, दाङ, प्यूठान, कास्की, लमजुङ, नुवाकोट, सङ्खुवासभालगायत जिल्लाहरूमा सौर्य ऊर्जा उत्पादन भएको छ। यसरी दैनिक रूपमा खेर गइरहेका वायु, सौर्यजस्ता प्राकृतिक स्रोतहरूलाई ऊर्जामा परिणत गर्न सकिन्छ।*

नयाँ ढोका खुल्नेछ। मध्यपहाडी क्षेत्रमा फलफूल खेती र मौसमी तथा बेमौसमी तरकारी खेती गरी स्थानीय जनताको आर्यआर्जन उकास्न महत्त्वपूर्ण भूमिका रहन्छ।

भौगर्भिक विकासको दृष्टिकोणले नेपालको भूगोल नयाँ मानिन्छ। भारतीय र तिब्बती विवर्तनिक प्लेटहरूको बीचमा अवस्थित नेपालको मध्यपहाडी क्षेत्र विभिन्न खानी तथा खनिज पदार्थहरूको भण्डार हो। नेपालमा पाइने सुन, फलाम, तामा, म्याग्नेसाइट, सिसालगायत बहुमूल्य खनिज खासगरी विभिन्न प्रकारका पत्थर रुबी, कायानाइट तथा सजावटका रूपमा पाइने मार्बल, ग्रेनाइट, स्लेट, पत्थर, चुनढुङ्गाको खानीहरू पाइने क्षेत्र नै मध्यपहाडी क्षेत्र हो। मध्यपहाडी क्षेत्र बैतडी, दैलेख, जाजरकोट, रुकुम, रोल्पा, प्यूठान, दाङ, पाल्पा, धादिङ, नुवाकोट, काभ्रे, काठमाडौँ, ललितपुर, सिन्धुली, रामेछाप, उदयपुर, धनकुटालगायत जिल्लामा थुप्रै खानी छन्। नेपालभर लगभग १.३ बिलियन टनभन्दा बढी चुनढुङ्गाको भण्डार रहेको अनुमान छ।

नेपालको प्रमुख नदीहरू महाकाली, सप्तकर्णाली, सप्तगण्डकी, सप्तकोसी, मेचीजस्ता महत्त्वपूर्ण ठुला नदीहरू मध्यपहाड भई बग्ने गर्छन्। यी नदीनालाबाट विद्युत् उत्पादन गरी आर्थिक उपार्जनका लागि उपयोग गर्न सकिन्छ। सेती, भेरी, बबई, राप्ती, कालीगण्डकी, मर्स्याङ्दी, सुनकोसी, तामाकोसी, दुधकोसी, लिखु, अरुण, तमोरलगायत नदीहरूबाट विद्युत् उत्पादन भइरहेको छ। नेपालको लगभग ६ हजार नदीनालामा ४५ हजार किलोमिटर नदीकिनार छन्। यस किनारमा वार्षिक रूपमा निर्माणजन्य सामग्रीहरू बालुवा, ढुङ्गा, गिट्टीलगायत सामान उत्खनन गरी २४६ पालिकाहरूले आर्थिक वर्ष २०७९/८० मा ४ अर्ब ८९ करोड ८८ लाख ५३ हजार रुपैयाँ स्थानीय कोषमा जम्मा गरेको अभिलेख छ। यीमध्ये लगभग ७६ प्रतिशतभन्दा बढी पालिका मध्यपहाडी क्षेत्रभित्र पर्छन्। नदीजन्य पदार्थहरू स्थानीय पालिकाहरूको राजस्वको प्रमुख स्रोत बनेको छ।

नेपालको बालुवामा क्वार्ज तथा क्वार्जइट (Quartz and Quartzite) प्रकारका ढुङ्गामा सिसा बनाउने सिलिकन डाइअक्साइड नामका पदार्थ अधिक मात्रामा पाइन्छ। नेपालका मध्यपहाडी क्षेत्रका भिर तथा पाखाहरूमा यस प्रकारका ढुङ्गाहरू प्रशस्त पाइन्छन्। एक अभिलेखअनुसार हेटौँडाको कारखोला क्षेत्रमा ११ मिलियन टन उच्च गुणस्तरको क्वार्जइट पत्ता लागेको छ। यस प्रकारको ढुङ्गाबाट सिसा बनाउन सकिन्छ। यसका लागि लगभग ७० प्रतिशत सिलिकन डाइअक्साइड

(जुन क्वार्जइटबाट प्राप्त हुन्छ), १५ प्रतिशत चुनढुङ्गा, १० प्रतिशत सोडियम कार्बोनेटको खरानी (Sodium carbonate ash) र ५ प्रतिशत सिसाको टुक्रा मिसाएर १७०० डिग्री सेल्सियस तताए यी मिश्रणलाई सिसामा परिणत गर्न सकिन्छ। आजभोलि नेपालका विभिन्न सहरमा सिसाको अधिक प्रयोग भइरहेको छ। गत आर्थिक वर्षमा नेपालले ३६ देशबाट लगभग वार्षिक ११ अर्ब रुपैयाँबराबरको सिसा आयात गरेको अभिलेख भन्सार विभागमा छ। यदी मध्यपहाडी क्षेत्रमा पाइने यही क्वार्ज तथा क्वार्जइटको उपयोग गर्न सिसा उद्योग स्थापना गरे देशको आयात प्रतिस्थापन तथा रोजगारी सिर्जना सजिलै गर्न सकिन्छ। यसरी नदीकिनारमा कम मूल्यमा उपयोग भइरहेको पदार्थहरूलाई केही परिमार्जन गरे उच्च मूल्यको वस्तु परिणत गरी बढ्दो बजार मागलाई सम्बोधन गर्न सकिन्छ।

नेपालको मध्यपहाडी क्षेत्र स्वच्छ, स्वादिलो र कञ्चन पानीको भण्डार हो। विश्वभर पाइने लगभग १०४ प्राकृतिक तत्त्वमध्ये २१ प्रकारका तत्त्व मानिसको शरीरलाई आवश्यक पर्छ। तीमध्ये क्याल्सियम, सोडियम, पोटासियम, क्लोरिन, म्याग्नेसियम, आइरन, जिङ्क, कपर, क्रोमियम, आयोडिन, कोवाल्ट, मेलम्बडेनम र सेलिनियम गरी १३ प्रकारका तत्त्वहरू अति सूक्ष्म पौष्टिक तत्त्व पानीबाट आपूर्ति हुन्छ। त्यसैले भोकाएको बेला खाएको पानीले शरीरमा ऊर्जा दिएर अघाएको महसुस गराउँछ। पृथ्वीको भूमिगत वा भित्री तहबाट विभिन्न तह वा पत्रहरू छिचोलेर जमिन माथिको सतहमा आइपुग्दा हामीले प्रयोग गर्ने पानीमाथि उल्लिखित विभिन्न किसिमका खनिजहरूसित घोलिएर आएको हुन्छ। यसरी प्राकृतिक खनिजहरूले परिपूर्ण भएको मिठो र स्वादिलो पानी नेपालको पहाडी क्षेत्रका स्रोतहरूमा बढी परिमाणमा प्राप्त हुन्छ। प्राकृतिक स्रोतका रूपमा उपलब्ध पानी स्थानीय आवश्यकता परिपूर्तिका लागि प्रयोग गरिँदै आए पनि त्यसलाई बोतलमा सङ्कलन गरी विश्व बजारमा निर्यात गरी वित्तीय पुँजीमा परिणत गर्न सकिन्छ। यस किसिमको पानी विश्वका अन्य देशका पानी खासगरी सामुद्रिक क्षेत्रका देशहरूको पानीभन्दा बिल्कुलै फरक र भिन्न स्वादको हुन्छ। यस किसिमको पानी अन्य देशमा पाउन मुस्किल पर्ने भएकाले यसको माग बढ्दै गएको छ। अहिले पनि नेपालका केही कम्पनीले बोतलमा सङ्कलन गरी विदेश खासगरी कतार, दुबई, जापान र कोरियाजस्ता देशहरूमा निर्यात गर्ने गरेको अवस्था छ।

मध्यपहाडी क्षेत्रको सम्भावित प्राकृतिक पुँजीलाई विभिन्न प्रविधिद्वारा वित्तीय पुँजीमा परिणत गर्ने बलिया आधारहरू छन्। नेपालमा उत्पादित विद्युत् ऊर्जालाई हाइड्रोजन ऊर्जामा परिणत गर्ने, सिसा उद्योग स्थापना गर्ने, नदीजन्य पदार्थहरूलाई मात्र नभई खानीजन्य निर्माण सामग्री उत्पादन गरी विदेशमा बेच्ने वातावरण सिर्जना गर्ने, वन पैदावार खासगरी जडीबुटी प्रशोधन गरी विश्व वजारसम्म पुऱ्याउने, मौसमी वातावरणमा आधारित खेतीबालीलाई प्राथमिकता दिनेजस्ता योजनाहरू तत्काल अघि बढाउनुपर्छ। यस्तो प्राकृतिक पुँजीले मध्यपहाडी क्षेत्रलाई समृद्धितर्फ अग्रसर गराउने प्रचुर सम्भावना बोकेको छ।


नेपाल सरकारले मध्यपहाडी क्षेत्रमा १० वटा सहरी योजना बनाउने लक्ष्य लिएको छ। त्यस्ता नयाँ आवासीय क्षेत्रको विकास गर्ने योजनालाई मध्यनजर गर्दै सौर्य, वायु, जल, जमिन वन, खानीको पहिचान गरी कृषि, पशु, तरकारी, फलफूललगायत क्षेत्रमा आधारित उद्योगहरूको विकास गर्ने लक्ष्यसहित अघि बढ्नुपर्छ। राज्यको प्राकृतिक स्रोतको उचित परिचालनबाट प्राप्त प्राकृतिक पुँजीलाई वित्तीय पुँजीमा परिणत नगरी समृद्धि हासिल हुन सक्तैन। यसर्थ त्यसको विस्तृत अध्ययन र अभिलेख तयार गर्दै देशको प्राकृतिक पुँजीको सही आकलन गरी सोहीअनुसारको योजना बनाउनु आजको आवश्यकता हो। नेपालले परिलक्षित गरेको **‘समृद्ध नेपाल सुखी नेपाली’**को आकाङ्क्षा हासिल गर्न पनि यो अपरिहार्य छ।

नेकपा (एमाले) ले चलाएको **झुलाघाटदेखि चिवाभन्ज्याङसम्मको १८ दिने अभियान**ले मध्यपहाडी क्षेत्रको सम्भावनालाई उजागर गर्नुका साथै यसको बहुपहिचानसमेत स्थापित गराएको छ। अब यहाँको प्राकृतिक स्रोतहरूलाई परिचित गराउन आवश्यक योजना बनाउने समय आएको छ। यस योजनाले मध्यपहाडी क्षेत्रमा उपलब्ध प्राकृतिक स्रोतहरूको आकलन गरी स्रोतलाई उचित परिचालन गर्न उत्प्रेरित गर्नेछ। यसबाट यहाँको प्राकृतिक पुँजी वित्तीय पुँजीमा परिणत भई यस भेगका जनताको जीवनमा आमूल परिवर्तन आउनुका साथै नेकपा एमाले सरकारको पालमा राज्यले लक्षित गरेको समृद्धि हासिल भई सिङ्गो मुलुक नयाँ युगमा प्रवेश गर्नेछ।

●

२२

# जनतामा आशा जगाएको यात्रा



**गगन बिष्ट**
सचिव, केन्द्रीय प्रचार तथा प्रकाशन विभाग

देशको मध्यपहाडी क्षेत्रमा राजनीतिक जागरण र राष्ट्रिय रूपमा दूरगामी सन्देश दिने अभियान थियो– झुलाघाट–चिवाभन्ज्याङः समृद्धिका लागि सङ्कल्प यात्रा। जटिल भौगोलिक अवस्था, प्रतिकूल मौसमबीच सङ्कल्प यात्राले दलहरूप्रति जनताको विश्वास छैन भन्ने नकारात्मक भाष्यलाई चिरेको छ। यात्राले दलको विकल्प दलहरू नै हो भन्ने सन्देश राष्ट्रिय राजनीतिमा प्रवाह गरेको छ। एमाले त्यसमा एक कदम अगाडि छ भन्ने आत्मविश्वास पनि जागृत गरेको छ। देशको विषम परिस्थितिमा राजनीतिक चुनौतीको सामना गर्दै शीर्ष नेतृत्व जनताको घरदैलोमा स्वयम् पुग्नु सजिलो अवश्य थिएन। तर, नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा एमालेले सम्भव तुल्यायो। सङ्कल्प यात्राले सिङ्गो व्यवस्थाप्रतिको वितृष्णालाई चिरेर आशा जगाउने काम त गऱ्यो नै, राष्ट्रिय राजनीतिक सङ्कटलाई टार्न समेत योगदान गरेको छ।

एमालेलाई कमजोर बनाउन देशी–विदेशी शक्तिले चौतर्फी घेराबन्दी गर्दै आए। एमालेको शक्ति राजनीतिक हिसाबमा कमजोर नभएसम्म उनीहरूको अभिष्ट पुरा नहुने देखेर घेराबन्दी कसिलो बनाउने योजनामा ती शक्ति लागि पर्दै आएका छन्। लोकतान्त्रिक व्यवस्थामा स्वस्थ प्रतिस्पर्धा सामान्य र स्वाभाविक हो। तर, एमालेलाई घेराबन्दी गर्ने, एक्ल्याउने र प्रतिस्पर्धालाई अस्वस्थ बनाउने गलत

राजनीतिक अभ्यासहरू भए । त्यस्ता अराजनीतिक प्रवृत्तिबाट देशलाई मुक्त गर्दै निकास दिने दायित्व एमालेको काँधमा थियो । पछिल्लो समय यस्तै फोहोरी खेलमा देश जकडिन पुगेको थियो। मध्यपहाडी लोकमार्ग यात्राका क्रममा एमालेले सबै वाधा पन्छाउन सफल भएको छ ।

जातीय पहिचानका नाममा यात्रालाई असफल बनाउने षड्यन्त्र भयो। सङ्कल्प यात्राको टोलीलाई कोसी प्रदेशमा पस्नै नदिएर अभियान असफल बनाउने धृष्टता पहिचानवादीको नाममा गरियो। तर, उनीहरूको त्यो उच्छृंखलता मध्यपहाडका जनताले स्वीकार गरेनन्। सङ्कल्प यात्रा विभिन्न बाधा पन्छाएर सबल राष्ट्रिय एकताको सन्देश प्रवाह गर्न सक्षम भएको छ ।

**जनतामा नयाँ ऊर्जाको सञ्चार**

सङ्कल्प यात्रा सुरु हुनुअघि जटिल भूगोल भएको मध्यपहाडमा निरन्तर १८ दिन लामो यात्रामा अध्यक्ष ओलीले कसरी यात्राको नेतृत्वको गर्नुहोला भन्ने जिज्ञासा आम रूपमा थियो। तर त्यो जिज्ञासा र चासोलाई आश्चर्यमा पार्दै अध्यक्ष ओलीले यात्रा अत्यन्त सक्रियताका साथ सहजै पूरा गर्नुभयो। उहाँको साहस र आँटको प्रशंसा मात्र भएन, यसले सबैलाई थप ऊर्जा दिएको छ ।

यात्राले जनताको निराशालाई आशामा बदलेको छ । दलप्रतिको वितृष्णालाई चिरेर जनमत बनाएको छ । यो यात्राप्रति जनताको अभूतपूर्व सहभागिता र उत्साहले लोकतान्त्रिक व्यवस्थाको पहरेदार एमाले मात्र हो भन्ने पुष्टि गरेको छ। जनताका समस्या र आधारभूत आवश्यकताको पहिचान गर्न यो यात्रा निकै फलदायी बनेको छ। यसबाट मध्यपहाडको विकासका लागि भविष्यमा नीति तर्जुमा गर्न सहज हुने निष्कर्ष एमालेले निकालेको छ ।

दलहरूप्रति जनताका गुनासा प्रशस्त छन् भन्ने अध्यक्ष ओलीलाई राम्रोसँग थाहा थियो। आफ्नो पार्टीप्रति जनताको विश्वास परीक्षण गर्ने उहाँको दूरगामी योजना थियो। समृद्धिका लागि सङ्कल्प यात्रा एमाले र अध्यक्ष स्वयम्को लागि एक प्रकारको राजनीतिक परीक्षण थियो । यो अभियानमा व्यापक जनसहभागिताले व्यवस्था र संविधान विरोधी तत्वको योजनालाई विफल तुल्याएको छ। जनतामा आशाको सञ्चार गरेको छ। राष्ट्रिय एकतालाई मजबुत बनाउनु, नागरिकको निराशालाई उत्साहमा बदल्नु र पहाडी क्षेत्रको विकासमा जोड दिनु यात्राको उद्देश्य थियो, त्यो उद्देश्य प्राप्त गर्न सफल भएको छ ।

जनतामा राजनीतिक जागरण ल्याउन पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म एमालेले विगतमा विभिन्न कालखण्डमा सन्देशसहित पदयात्रा गर्दै आएको थियो। कहिले राजनीतिक जागरण त कहिले युवा विद्यार्थी, ज्येष्ठ नागरिक, किसानको वर्गीय हितका लागि पूर्व–पश्चिम यात्रा हुँदै आएका थिए। मूलत: ती अभियान तराई–मधेसलाई केन्द्रमा राखेर हुँदै आएका थिए। तर, यो यात्रा मध्यपहाड केन्द्रित थियो। राजनीतिक महत्त्वको थियो। यसैले पनि यसले राष्ट्रिय–अन्तर्राष्ट्रिय समुदायको समेत ध्यान तान्ने काम गर्‍यो। राजनीतिक क्याराभान बनेको यो सङ्कल्प यात्राले चिनियाँ कम्युनिस्ट पार्टीको 'लङ–मार्च'ले जस्तै दूरगामी प्रभाव छोडेको छ।

**चीन र भारतका लामा यात्रा**

छिमेकी देश चीनमा राजनीतिक उद्देश्यसहित चिनियाँ कम्युनिस्ट पार्टीले दक्षिणी चीनको च्याङ्सीबाट सन् १९३४ अक्टोबर १६ देखि १९३५ अक्टोबर १९ सम्म ३ सय ६८ दिन 'लङ–मार्च' गरेको थियो। अध्यक्ष माओ त्सेतुङको नेतृत्वमा च्याङ्काइसेकको सेनासँग लड्दा लड्दै च्याङ्सीबाट एक लाख जनसेना र ३० हजार सर्वसाधारण लिएर गरिएको 'लङ–मार्च' यनानमा पुगेर समापन भएको थियो।

*यात्राले जनताको निराशालाई आशामा बदलेको छ। दलप्रतिको वितृष्णालाई चिरेर जनमत बनाएको छ। यो यात्राप्रति जनताको अभूतपूर्व सहभागिता र उत्साहले लोकतान्त्रिक व्यवस्थाको पहरेदार एमाले मात्र हो भन्ने पुष्टि गरेको छ। जनताका समस्या र आधारभूत आवश्यकताको पहिचान गर्न यो यात्रा निकै फलदायी बनेको छ।*

यात्राको अन्त्यसम्म ९० हजार जनसेनाको युद्ध, भोकमरी, रोगले मृत्यु भएको थियो। युद्धकालीन अवस्थामा गरिएको यो 'लङ–मार्च' दुई स्थानबाट सुरु गरी सम्पन्न हुँदासम्म यसको दुरी १२ हजार किलोमिटरभन्दा बढी थियो। यस ऐतिहासिक चिनियाँ 'लङ–मार्च'ले विश्वभरि व्यापक राजनीतिक जागरण ल्याएको थियो, जसले चिनियाँ राज्यसत्तामा चिनियाँ कम्युनिस्ट पार्टीलाई स्थापित गर्नको लागि क्रान्तिलाई सम्भव तुल्याएको थियो।

त्यसैगरी छिमेकी मुलुक भारतमा महात्मा गान्धीको अहिंसात्मक पदयात्रा बावरी मस्जिद प्रकरणमा नेता लालकृष्ण आडवाणीको सन् १९९२ डिसेम्बर ७ मा जनजागरण रथयात्रा विश्वभर चर्चित भएको थियो। नरेन्द्र मोदीले आफू पहिलोपटक प्रधानमन्त्रीका लागि उम्मेदवार बनेपछि सन् २०१३ सेप्टेम्बर १५ देखि पदयात्रा गरेका थिए। सो क्रममा जम्मु–काश्मिर, कन्याकुमारी, अमेलीदेखि अरुणाञ्चलसम्म २५ राज्यमा ४३० वटा सभामा मोदीको सम्बोधन भएको थियो। पछिल्लो पटक भारतीय राष्ट्रिय कङ्ग्रेसका नेता राहुल गान्धीले भारत जोडो यात्राका क्रममा आफ्ना सहयोगीसहित २०२२ को सेप्टेम्बर ७ देखि ४ हजार ८० किलोमिटरको दुरी पार गरेका थिए भने सन् २०२४ को जनवरी १४ देखि राजनीतिक जागरणका लागि पदयात्रालाई निरन्तरता दिएका थिए। चीन र भारतका यी यात्राजस्तै राजनीतिक उद्देश्य र समाज परिवर्तनका लागि विश्वमा यस्ता थुप्रै अभियान सञ्चालन भएका छन्। एमालेको यो यात्रालाई पनि भिन्न किसिमको विशिष्ट अभियानका रूपमा लिन सकिन्छ।

### तीस जिल्लामै सङ्कल्प सभा

बैतडीबाट सुरु भएको सङ्कल्प यात्रा पाँचथर पुग्दा ३० जिल्ला पार भएको थियो। ३२ वटा ठुला जनसभा र करिब एक सयको हाराहारीमा कोणसभा, भेटघाटलगायत कार्यक्रमलाई अध्यक्ष ओलीले सम्बोधन गर्नुभएको थियो। ती सबै सभामा अभूतपूर्व जनसहभागिता रहेको थियो।

मध्यपहाडी भूभाग बागलुङको पातीहाल्ने लेक ३ हजार १९८ र चिवाभन्ज्याङ ३ हजार ५९२ मिटर उचाइमा छन्। उच्च हिमाली भेग, चिसो मौसम र कठिन भौगोलिक अवस्थाका कारण त्यसबेला यात्रा सहज थिएन। सङ्कल्प यात्राका क्रममा आयोजित सभामा अध्यक्ष ओलीले भन्नुभएको थियो, 'जनताको अभूतपूर्व जनसहभागिता नै पार्टीको शक्ति आर्जन हो। यस जनसहभागिताले बलियो

राष्ट्रिय शक्ति निर्माण गर्ने चाहनालाई कुनै शक्तिले रोक्न सक्नेछैन भन्ने स्पष्ट गरेको छ।' वास्तवमा यात्रामा प्रकट भएको अपार सहभागिता र जनविश्वासले पार्टीलाई जनतामाझ अझ बढी विस्तारसँगै स्थापित गरेको छ। जनसहभागिता र समर्थनले सिङ्गो पार्टीपङ्क्ति र कार्यकर्तामा थप उत्साह र ऊर्जा प्रदान गरेको छ। मध्यपहाडका जनताका समस्या र त्यस क्षेत्रको समग्र विकासको विषयमा भविष्यमा नीति तर्जुमा गर्न निकै सजिलो हुनेछ।

स्थानीय तह र ग्रामीण भेगका विपन्न वर्गको न्यूनतम आवश्यकता पूरा गर्न अध्यक्ष ओलीसमक्ष जनताका मागको ठुलै चाङ लागेको छ। कतिपय ठाउँमा सर्वदलीय बैठक गरी त्यस्ता माग प्रस्तुत गरिएका थिए। कतिपय ठाउँमा अन्य राजनीतिक दलका नेताहरूले समेत स्वागत गरेका थिए। यो राजनीतिक संस्कारलाई लोकतन्त्रको सुन्दर पक्ष मान्न सकिन्छ। अध्यक्ष ओलीप्रति यो सर्वस्वीकार्य पुष्टी भएको छ। वास्तवमै सङ्कल्प यात्रा एमालेको मात्र नभएर सिङ्गो लोकतन्त्रको रक्षा गर्ने सच्चा माध्यम बन्न सफल भएको छ। यो यात्राले पुनरुत्थानवादीको योजना र षड्यन्त्रलाई विफल तुल्याएको छ। यात्रामार्फत एमालेले जनताका गुनासा घरदैलोमा

*वास्तवमा यात्रामा प्रकट भएको अपार सहभागिता र जनविश्वासले पार्टीलाई जनतामाझ अझ बढी विस्तारसँगै स्थापित गरेको छ। जनसहभागिता र समर्थनले सिङ्गो पार्टीपङ्क्ति र कार्यकर्तामा थप उत्साह र ऊर्जा प्रदान गरेको छ। मध्यपहाडका जनताका समस्या र त्यस क्षेत्रको समग्र विकासको विषयमा भविष्यमा नीति तर्जुमा गर्न निकै सजिलो हुनेछ।*

गएर सुनेर निरासालाई चिर्दै जनतामा आशा जगाएको छ। यो यात्रा ग्रामीण भेगका जनताको जीवनस्तर उकास्न र आर्थिक रूपान्तरणका लागि राज्यस्तरमा नीति निर्माणका लागि कासेढुङ्गा साबित हुने निश्चित छ।

| मिति | जिल्ला | सभा स्थान |
|---|---|---|
| मंसिर १४ गते | बैतडी | झुलाघाट (शुभराम्भ) |
| मंसिर १४ गते | बैतडी | गोठालापानी |
| मंसिर १५ गते | डडेल्धुरा | अमरगढी |
| मंसिर १६ गते | अछाम | मंगलसेन |
| मंसिर १७ गते | दैलेख | राकम |
| मंसिर १८ गते | सुर्खेत | विरेन्द्रनगर |
| मंसिर २० गते | गुल्मी | वामिटक्सार |
| मंसिर २१ गते | बाग्लुङ | बाग्लुङ बजार |
| मंसिर २१ गते | पर्वत | कुश्मा |
| मंसिर २२ गते | कास्की | तालचोक |
| मंसिर २२ गते | लम्जुङ | सुन्दर बजार |
| मंसिर २३ गते | नुवाकोट | बिदूर |
| मंसिर २४ गते | काभ्रे | कुन्ताबेसी |
| मंसिर २५ गते | दोलखा | चरिकोट |
| मंसिर २५ गते | रामेछाप | मंथली |
| मंसिर २६ गते | सिन्धुली | खुर्कोट |
| मंसिर २६ गते | ओखलढुंगा | हरिपुर |
| मंसिर २७ गते | भोजपुर | भोजपुर बजार |
| मंसिर २८ गते | तेह्रथुम | बसन्तपुर |
| मंसिर ३० गते | पाँचथर | फिदिम |
| पुस १ गते | पाँचथर | चिवाभञ्ज्याङ (समापन) |

### पर्यटनसँगै समृद्धिको सङ्कल्प

मध्यपहाडी पुष्पलाल लोकमार्गले पूर्व–पश्चिम राजमार्गको विकल्प दिन सक्ने सम्भावनाको ढोका खोलेको छ। तर यसको पूर्ण रूपमा सञ्चालन र यातायातको सहजता तथा प्रयोगमा ल्याउन भने धेरै काम गर्न बाँकी छ। यसलाई राजमार्गका रूपमा विकास गर्न पुन: रेखाङ्कन र स्तरोन्नतिसँगै घुमाउरा घुम्तीलाई छोट्याउनुपर्ने र

कतैकतै भर्खरै खोलिएका बाटोलाई राजमार्गका रूपमा विकसित गर्नुपर्ने आवश्यकता छ । सवारी आवागमनका लागि बाटो सुरक्षित बनाउन र राजमार्गका रूपमा सञ्चालन गर्न यसको विकासमा तीव्रता दिनु जरुरी छ । दीर्घकालीन रणनीतिक योजनासहित वैज्ञानिक तबरबाट गरिने रेखाङ्कनले मात्र राजमार्गका रूपमा यो लोकमार्ग अगाडि बढ्न सक्छ । त्यसका लागि यो यात्राले सबैलाई घच्घच्याउने काम गरेको छ ।

यस क्षेत्रको पर्यटनसँगै समृद्धिको सङ्कल्प पूरा गर्ने अठोट जनतामा जगाएको छ । लोकमार्ग आसपासका पहाडी जिल्लाहरूमा प्राकृतिक सम्पदाको हिसाबमा पर्यटन विकासको प्रचुर सम्भावना छ । आन्तरिक र बाह्य पर्यटनका लागि यो क्षेत्र आकर्षणको केन्द्र त छ नै, पहाडको उत्पादन बजारसम्म पुऱ्याउनसमेत यो मार्ग निकै उपयोगी बन्ने देखिन्छ । प्राकृतिक सम्पदाको उपयोग, पर्यटनको प्रवर्द्धन र कृषि उपजको बजारीकरणका लागि यो लोकमार्गले पहाडी बस्तीलाई समृद्ध बनाउनेछ । किसानको उत्पादनलाई बजारसम्म पुऱ्याउन अहिले केही सहजता ल्याए पनि यो पर्याप्त होइन । लोकमार्ग आसपासको उत्पादन वृद्धि र जीवनशैलीमा गति ल्याउन बाटो फराकिलो बनाउन र घुमाउरो कम गर्न अपरिहार्य छ । त्यसका लागि दीर्घकालीन योजना तर्जुमा गरी नेतृत्वमा विकासको लागि दीर्घकालिन सोच र इच्छाशक्तिको आवश्यकता पर्छ ।

*यस क्षेत्रको पर्यटनसँगै समृद्धिको सङ्कल्प पूरा गर्ने अठोट जनतामा जगाएको छ । लोकमार्ग आसपासका पहाडी जिल्लाहरूमा प्राकृतिक सम्पदाको हिसाबमा पर्यटन विकासको प्रचुर सम्भावना छ । आन्तरिक र बाह्य पर्यटनका लागि यो क्षेत्र आकर्षणको केन्द्र त छ नै, पहाडको उत्पादन बजारसम्म पुऱ्याउनसमेत यो मार्ग निकै उपयोगी बन्ने देखिन्छ ।*

**राजनीतक उद्देश्यमा सफलता**


सुदूरपश्चिम सिमाना झुलाघाटबाट सुरु भई सुदूरपूर्वको सिमाना चिवाभन्ज्याङ पुगेर यात्रा ऐतिहासिक रूपमा समापन भएको यो यात्राले दूरगामी सन्देश दिएको छ। यो यात्राले दिएको सन्देशबाट लोकतन्त्रविरोधी तत्त्वहरू पराजित भएका छन् भने पहिचानका नाममा गरिएका उच्छृङ्खल क्रियाकलापहरू पूर्णरूपमा असफल भएका छन्। जातीय सन्तुलन बिगारेर समाजमा द्वन्द्व र द्वेष फैलाउन खोज्ने तत्त्वका त्यस्ता कार्य पनि विफल बनेका छन्। यसले राजनीतिक क्षेत्रका चुनौतीको सामना गर्दै पार्टी पङ्क्तिलाई चलायमान बनाएको छ। राजनीतिक जागरण पैदा गर्दै यात्राले नागरिकबीच जनउभार ल्याएको छ। जनताको आशा र भरोसा एमालेमा मात्रै रहेको पुष्टि यसले गरेको छ। पार्टी पङ्क्तिमा उत्साह र ऊर्जा थपेको छ। आम नागरिकमा छाएको निराशा र गुनासोलाई एमालेले चिर्दै लोकतान्त्रिक व्यवस्थालाई बलियो र विधिको शासनलाई भरोसायोग्य बनाउन समाज रुपान्तरणको लागि युगान्तकारी परिवर्तन गर्न यो यात्रा भविष्यमा अविस्मरणीय र अनुकरणीय बन्नेछ।

पार्टी जीवनलाई जीवन्त तुल्याउनु र आफ्नो शक्तिको परीक्षण गर्नु यात्राको राजनीतिक उद्देश्य थियो। त्यो पूरा भएको छ। यसले एमालेलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्न ढोका खोलेको छ। समृद्ध नेपाल, सुखी नेपाली बनाउने महान अभियान पूरा गर्न यो यात्राले समृद्धिको सपना पूरा गर्ने संकल्प समेत गरेको छ।

●

२३

# सङ्कल्प यात्रामाथि सञ्चार दृष्टि



**डा. महेन्द्र विष्ट**
पूर्वअध्यक्ष, नेपाल पत्रकार महासङ्घ

नेकपा (एमाले) ले पुष्पलाल (मध्यपहाडी) लोकमार्गमा सञ्चालन गरेको समृद्धिका लागि सङ्कल्प यात्रा बहुआयामिक छ। यो यात्राको सन्दर्भमा आम सञ्चारमाध्यमले दिएको स्थान, समेटेको विषय र प्रस्तुतिको एङ्गल यात्रा आयोजक एमालेका लागि मात्र होइन, आमसञ्चार क्षेत्र स्वयम्का लागि पनि समीक्षाको विषय हुन सक्छ। परम्परागत सञ्चारमाध्यमको स्थान र अस्तित्वमाथि बहस भइरहेको वर्तमान अवस्थामा व्यापक जनताको प्रत्यक्ष सरोकार रहेको कुनै विषयका सन्दर्भमा सञ्चालन भएका अभियानमा ती माध्यमले दिएको स्थान र खेलेको भूमिकालाई लिएर गरिने समीक्षा सान्दर्भिक नै हुन सक्छ। मूल प्रवाहको मिडिया र मिडियाले मिडिया नमान्ने विभिन्न डिजिटल प्लेटफर्महरूले यसमा दिएको कभरेज र समेटेको विषयवस्तुको सिंहावलोकन गर्दा उजागर हुने विभिन्न पक्ष पनि बहसको विषय हुन सक्छ। यस आलेखमा सङ्क्षिप्तमा यात्रा डायरी, मध्यपहाडी लोकमार्गको ऐतिहासिकता र वर्तमान अवस्था, लोकमार्गको सांस्कृतिक–सामाजिक पक्ष, समृद्धिको सपना र त्यसलाई पूरा गर्न मध्यपहाडी लोकमार्गले गर्ने योगदान एवम् त्यसलाई नेपाली प्रेसले कति र कुन रूपमा उजागर गऱ्यो अनि भावी दिनमा कसरी यसलाई पछ्याउन सक्छ भन्ने पक्षमाथि सञ्चार दृष्टि दिने प्रयास गरिनेछ।

**सङ्क्षिप्त यात्रा झलक**

नेपाल कम्युनिस्ट पार्टी स्थापनाको हिरक वर्ष प्रवेशको अवसरमा संस्थापक नेता पुष्पलालको नामकरण रहेको मध्यपहाडी लोकमार्गको यो यात्रा नेकपा एमालेको जीवनमा एउटा ऐतिहासिक घटनाक्रम थियो। पार्टी अध्यक्ष केपी शर्मा ओलीले २०८० मङ्सिर १४ गते विहान ८:३० बजे महाकाली नदी किनारस्थित झुलाघाटमा नेपालको राष्ट्रिय झन्डा उत्तोलन गरेर सुरु गर्नुभएको यो यात्रा पुस १ गते दिउँसो १२:१५ बजे पाँचथरको चिवाभन्ज्याङमा उहाँबाटै झन्डोत्तोलनसँगै समापन गरिएको थियो। 'झुलाघाट–चिवाभन्ज्याङ: समृद्धिका लागि सङ्कल्प यात्रा, २०८०' नाम दिइएको यो यात्रा अध्यक्ष केपी शर्मा ओलीकै नेतृत्वमा भएको थियो र यात्रा अवधिभर उहाँ नै यसको केन्द्रबिन्दु हुनुहुन्थ्यो।

यात्रामा केन्द्रीय सचिवालयका सबै पदाधिकारी, केही स्थायी कमिटी, पोलिटब्युरो र केन्द्रीय कमिटीका सदस्य, जनवर्गीय सङ्गठनका पदाधिकारी, केही विभागीय सदस्य, आयोगका प्रमुख तथा स्वयम्सेवक, विज्ञसमेत गरी करिब १६० जनाको टिम नियमित रूपमा सहभागी थियो। स्थानीय रूपमा विभिन्न प्रदेश र जिल्लाका अगुवा कार्यकर्ता, सामाजिक अभियन्ता, सञ्चारकर्मी र अन्य गरी सयौँको सङ्ख्यामा थप सहभागी रहेका थिए। चिसो याम सुरु हुँदै गर्दा यात्रा सुरु भएकाले मौसमी चुनौती एकातिर थियो भने अर्कोतिर लोकमार्ग निर्माणाधीन अवस्थामै रहेकाले कतिपय स्थानमा सडक कच्ची, उबडखावड र असहज थियो। यो यात्रामा राजनीतिक चुनौती पनि चर्चामा थिए। कोसी प्रदेशको नामकरणसँग चित्त नबुझाएको पहिचानवादी पक्षले एमालेलाई लक्षित गरी विरोधका कार्यक्रम सञ्चालन गरेको थियो। यो यात्रा अवधिमा पनि बन्द गर्नेदेखि कार्यक्रम बिथोल्नेसम्मका योजना अघि बढाएको थियो। यद्यपि, सबैखाले चुनौतीलाई चिर्दै योजनाअनुरूप नै विभिन्न ठाउँमा जनसभा, कोणसभा, साना भेला र जमघट, सर्वदलीय–सर्वपक्षीय बैठक, भेटघाट, अन्तर्क्रिया एवम् सांस्कृतिक झलकको अवलोकन तथा बाटो–बाटोमा जनता र कार्यकर्ताहरूद्वारा स्वागत सत्कार ग्रहण गर्दै यात्रा निरन्तर र निर्विघ्न किसिमले सम्पन्न भयो।

अठार दिने यो यात्रा दैनिक बढीमा १९४ किलोमिटर र कम्तीमा ७५ किलोमिटर सञ्चालन भएको थियो। यो यात्राका क्रममा मध्यपहाड छुने ६ प्रदेश सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी, बागमती र कोसीका ३० जिल्ला समेटिएका थिए। यात्रामा समेटिएका जिल्लाहरूमा बैतडी, डडेल्धुरा, डोटी, अछाम,

दैलेख, सुर्खेत, सल्यान, जाजरकोट, रुकुम पश्चिम, रुकुम पूर्व, गुल्मी, बागलुङ, पर्वत, कास्की, लमजुङ, गोरखा, धादिङ, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, रामेछाप, सिन्धुली, उदयपुर, ओखलढुङ्गा, खोटाङ, भोजपुर, धनकुटा, तेह्रथुम र पाँचथर थिए।

एमालेले सञ्चालन गरेको यो सङ्कल्प यात्रा २ हजार किलोमिटरभन्दा बढीको थियो। यस क्रममा ४२ वटा जनसभा गरिए। जनसभा भएका स्थानहरू गोठालापानी, अमरगढी, सिलगढी, साँफेबगर, मङ्गलसेन, राकम–कर्णाली, दैलेख बजार, सुर्खेत, सल्लीबजार, सिम्ता, छेडागाड, रिम्ना, रुकुमकोट, लुकुम, बुर्तिबाङ, वामी टक्सार, गलकोट, बागलुङ, कुश्मा, हेम्जा, अमरसिंह चोक, तालचोक, सुन्दरबजार, पालुङटार, आरुघाट, बट्टार, छहरे, बाहुनेपाटी, कुन्ताबेँसी, खाडीचौर, चरिकोट, मन्थली, खुर्कोट, हर्कपुर, दिक्तेल, पङ्खु, अन्नपूर्ण, भोजपुर, वसन्तपुर, सङ्क्रान्तिबजार, फिदिम र च्याङ्थापुमा ठुलो सङ्ख्यामा आम नागरिकको सहभागिता थियो। ती सबै सभालाई पार्टी अध्यक्ष केपी शर्मा ओलीले सम्बोधन गर्नुभएको थियो। यसका अतिरिक्त सयभन्दा बढी सङ्क्षिप्त सभा र भेलाहरू भएका थिए। यात्रा क्रममा जाजरकोट र रुकुम पश्चिममा भूकम्पपीडितका घरटहरा निर्माणमा सहभागी स्वयम्सेवकका भेलादेखि विकास आयोजनाको निरीक्षण, अवलोकन, राष्ट्रनिर्माता, योद्धा र सहिदहरूप्रति सम्मान एवम् पार्क, शिक्षालय, स्वास्थ्य केन्द्र, पालिका भवन, खानेपानी आयोजना आदिको शिलान्यास, उद्घाटन र विभिन्न समुदायका व्यक्ति तथा समूहसँग संवाद गरिएको थियो।

'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय'को मर्म र भावना अनुरूप सञ्चालन गरिएको यस यात्राका क्रममा करिब ८ लाख नागरिकसँग प्रत्यक्ष र थप १० लाखसँग अप्रत्यक्ष संवाद गरेको एमालेको दाबी छ। एमाले पङ्क्तिमा मात्र सीमित नरही विभिन्न ठाउँमा अन्य राजनीतिक पार्टीका नेता, कार्यकर्ता तथा स्थानीय पालिकाका पदाधिकारीहरूबाट स्वागत र अन्तर्क्रियासमेत गरिनु यात्राको अर्को रोचक पक्ष थियो, जसले यो यात्रालाई पार्टीभन्दा माथि राखी राष्ट्रिय उचाइ दिएको आभास भएको थियो।

### मध्यपहाडी लोकमार्गको अवस्था

मध्यपहाडी राजमार्गको अवधारणा मनमोहन अधिकारी प्रधानमन्त्रित्वको नेकपा एमालेको नौ महिने सरकारको पालामा अघि बढाइएको हो। मनमोहन

सरकारको पालामा आएको आर्थिक वर्ष २०५१/५२ को बजेटमा पहिलो पटक देशको मध्यपहाडी भाग हुँदै एक मेरुदण्ड राजमार्गको निर्माण गर्ने गुरुयोजना बनाई त्यसको सम्भाव्यता अध्ययन सर्वेक्षण गर्ने उल्लेख गरियो। आर्थिक वर्ष २०५२/५३ को बजेटमा पनि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको मेरुदण्ड राजमार्ग निर्माणको विषय समावेश गरियो। तर, त्यसपछि लामो समयसम्म यो कार्यले गति लिन सकेन। एकैपटक २०५८ सालमा जारी राष्ट्रिय यातायात नीतिमा यसलाई समेटियो भने आर्थिक वर्ष २०६४/६५ मा मध्यपहाडी राजमार्ग आयोजनाको कार्यान्वयन सुरु गरियो। २०६५ फागुन २६ गतेको मन्त्रिपरिषद्को निर्णयबाट यसको रेखाङ्कन स्वीकृत भयो। यो मार्गको निर्माणसँगै पाटन, अमरगढी, साँफेबगर, राकम कर्णाली, चौरजहारी, बुर्तिबाङ, पालुङटार, खुर्कोट, वसन्तपुर र फिदिम गरी १० वटा नयाँ स्मार्ट सिटी निर्माण गर्ने योजना पनि यसमा अन्तर्निहित छ। मध्यपहाडका ३९ मध्ये २४ जिल्ला र १९ वटा जिल्ला सदरमुकामलाई छिचोल्दै अघि बढ्ने यो मार्गले २२५ वटा बस्तीलाई जोड्नेछ। यो राजमार्गबाट त्यसभेगका करिब एक करोड जनता प्रत्यक्ष लाभान्वित हुने अनुमान गरिएको छ।

कुल १ हजार ८७९ किलोमिटर लामो पक्की सडक निर्माण हुने यस आयोजनाको सुरु अनुमानित लागत ३३ अर्ब ३६ करोड रुपैयाँ थियो भने संशोधित अनुमान ८४ अर्ब ३३ करोड रहेको छ। हालसम्म १ हजार ४०२ किलोमिटर कालोपत्रे सडक निर्माण भएको र ६४ अर्ब ७६ करोड खर्च भएको सरकारी तथ्याङ्क छ। यो राजमार्गको निर्माण कार्य सुरुमा आर्थिक वर्ष २०७३/७४ मा सम्पन्न गर्ने लक्ष्य लिइएको थियो। संशोधित कार्यतालिकाअनुसार पनि आर्थिक वर्ष २०७९/८० मा सम्पन्न हुनुपर्ने थियो। यद्यपि अझै एक चौथाईभन्दा बढी बाँकी रहेकाले थप चार वर्षको समय लिएर आर्थिक वर्ष २०८४/८५ मा सम्पन्न गर्ने गरी संशोधन प्रस्ताव गरिएको छ। पुष्पलाल मध्यपहाडी लोकमार्गको अवधारणा, नामकरण र बजेट व्यवस्थामा नेतृत्वदायी भूमिकाका कारण एमालेले यसप्रति सुरुआती दिनदेखि आजपर्यन्त उत्तिकै चासो र सरोकार राख्दै आएको छ। निर्माण कार्य छिटो सम्पन्न गरी समृद्धिको ढोका खोल्न र त्यस भेगका जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन सकिनेमा एमालेको जोड छ।

## समृद्धिको सम्भावना

वास्तवमा यो लोकमार्गको निर्माणसँग समृद्धिका थुप्रै सम्भावना गाँसिएका छन्। यो क्षेत्रमा जलस्रोतको अपार सम्भावना छ। अनेक विशेषतायुक्त नदीनाला यहाँ छन्। जलविद्युत्सँगै सौर्य ऊर्जा, वायु ऊर्जा, हाइड्रोजन ऊर्जा लगायत ऊर्जा उत्पादनका अन्य सम्भावना पनि यहाँ अन्तर्निहित छन्। प्राकृतिक सौन्दर्य र सांस्कृतिक सम्पदाका दृष्टिले यो भेग अनुपम छ। यसले पर्यटनको प्रशस्त सम्भावना उजागर गरिरहेको छ। यहाँको हिमशृङ्खलाले पर्वतारोहीलाई सधैँ तानिरहेको छ। पदमार्गप्रतिको आकर्षण उसैगरी बढिरहेको छ। यहाँका हजारौँ डाँडाकाँडा स्वदेशी तथा विदेशी पर्यटकको प्रतीक्षामा छन्। निकुञ्ज तथा आरक्ष क्षेत्र, जङ्गल सफारी, वन, वन्यजन्तु, वनस्पति, चरा अवलोकन, तालतलैयाको विचरणदेखि अनुपम प्रकृतिसँग रमाउने अनेकौं क्षेत्र छन्।

आयुर्वेदिक उपचार पद्धतिको दृष्टिले पनि उत्तिकै महत्त्वपूर्ण छ यो भेग। यहाँ औषधीय गुणले भरिपूर्ण थुप्रै वनस्पति पाइन्छन्। औषधीजन्य गुणको पहिचान, जडीबुटीको सङ्कलन, उत्पादन, प्रशोधन आदि गरेर आन्तरिक खपत र निर्यात बढाउन सकिन्छ। योग, ध्यान, तप आदिको दृष्टिले यो क्षेत्र आदिकालदेखि प्रख्यात छ। अहिले पनि यसको महत्त्व र सम्भावना उत्तिकै छ। यसैगरी वन–वनस्पतिको दृष्टिले अनेक सम्भावना अन्तर्निहित छन्। खनिज र खानीजन्य सम्भावना त्यत्तिकै छ। कृषि उत्पादन, पशुपालन, तरकारी खेती, फलफूल आदिको व्यावसायिक उत्पादन र बजारीकरणको सम्भावना पनि त्यति नै छ।

जातीय, भाषिक र सांस्कृतिक विविधताको दृष्टिले पनि यो क्षेत्र उत्तिकै वैभवशाली छ। विविध समुदायका भाषा, भेष, पहिरन, चाडपर्व, अनेक परिकारयुक्त खानपान, लोकभाका, बाजागाजा, नाचगान, जात्रा पर्व, संस्कृतिको जीवन्त सङ्गम हो मध्यपहाड। अनेक संस्कृति र सभ्यताले मजबुत यो भूगोल पुराना किल्ला, गढी, दरबार, धार्मिकस्थल, मठमन्दिर, शक्तिपीठ, कला, कौशल आदिका कारण पनि उत्तिकै गौरवपूर्ण र आकर्षक छ। अनेक प्रजातिका चराचुरुङ्गी हुन् वा पुतली अथवा गुराँस वा डाँफे–मयुर नै किन नहोस्, हरेकको मन आह्लादित गर्ने अनेक सम्भावना छ जताततै।

मध्यपहाडको मूल समस्या पहुँच र सेवासुविधाको अभाव हो। शिक्षा, स्वास्थ्य, रोजगारी, बजारीकरण आदिको अभावका कारण बढ्दो बसाइँसराइ यस क्षेत्रमा आम समस्या बनिरहेको छ। यो लोकमार्गको निर्माणसँगै स्थानीय जनताको

राजधानी र सहरसँग मात्र होइन, सेवासुविधासम्मको पहुँच पनि बढ्नेछ। सहरमा जाने होइन, सहर बनाउने परिकल्पना यसमा छ। ससाना केन्द्रहरू खुलेसँगै बजार बढ्नेछ। बस्तीहरू सघन भएसँगै पूर्वाधार र सेवा क्षेत्र फराकिलो हुनेछ। अस्पताल थपिनेछन्। शिक्षाको विस्तार हुनेछ। गाउँमै उद्योगधन्दा खुल्ने र उद्यमशीलता बढ्ने तथा रोजगारीको नयाँ अवसर सिर्जना हुने सम्भावना छ। स्वरोजगार र उद्यमको बढावा हुने अवस्था छ। यो मार्गको निर्माणसँगै सिर्जना हुने नयाँ अवसरले गर्दा गाउँबाट सहर पस्ने क्रम उल्टिने आशा गरिएको छ। विदेशबाट स्वदेश र सहरबाट गाउँ फर्किने क्रम बढ्नेछ भन्ने आशा गर्न सकिन्छ। मध्यपहाडमा खुल्ने सम्भावनाको ढोकाले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षालाई पूरा गर्न महत्त्वपूर्ण योगदान गर्नेमा कुनै सन्देह छैन।

**चुनौतीको चाङ**

मध्यपहाडमा प्राकृतिक–सांस्कृतिक वैभव र समृद्धिको सपना जति छ, त्यसलाई जोगाउने चुनौती पनि उत्तिकै छ। जलवायु परिवर्तका असरहरू यहाँका हिमालदेखि पहाडसम्म, कृषि उत्पादनदेखि नदीनालासम्म, वन–वन्यजन्तुदेखि कीट–पतङ्गसम्म हरेकमा परिरहेको छ। मौसम परिवर्तनका कारण उष्णता बढेको छ। चिसो मौसममा जाडो नहुने र वर्षामा पानी नपर्ने समस्या देखिँदै छ। अनावृष्टि, अतिवृष्टि, खण्डवृष्टि, बाढी, पहिरोदेखि अनेकखाले प्राकृतिक विपत्ति आइलाग्न थालेको छ। वातावरणीय सन्तुलन, पर्या–पर्यटन र दिगो विकासको संरक्षण तथा प्रवर्धन अहिलेको सबैभन्दा ठुलो चुनौती हो। यो लोकमार्गको इन्जिनियरिङलाई पुनरावलोकन गर्नु अर्को चुनौती हो। रिअलाइन्मेन्टमार्फत लागत र दूरी घटाउनुका साथै पहुँचलाई सहज तुल्याउँदै मानव बस्ती र मानव सुविधासँग यसलाई बढीभन्दा बढी जोड्न सक्नु पनि यहाँको चुनौती हो।

बसाइँसराइ यहाँको अर्को ज्वलन्त समस्या हो। एक शताब्दी अगाडिसम्म पहाडी जनसङ्ख्या ८० प्रतिशत रहेकोमा २०१० सालको वरिपरि आइपुग्दा यो अनुपात ६५ प्रतिशतमा झऱ्यो। २०७८ सालको पछिल्लो जनगणनाको नतिजा हेर्दा यो अनुपात अझ घटेर लगभग ४० प्रतिशतमा खुम्चिएको छ। अहिले मध्यपहाडको वास्तविक तस्बिर नियाल्दा पहाड उजाड देखिन्छ भने बस्ती रित्तो। मध्यपहाडी यात्राका क्रममा आयोजित सभामा सहभागी हुनेमा युवाभन्दा वृद्धवृद्धाको सङ्ख्या बढी देखिनु संयोग थिएन। अहिले युवा गाउँमा छैन। गाउँ मात्र छाडेको छैन, देश नै

छाडिरहेको छ। सक्रिय र सिर्जनशील जनशक्तिको पलायन गाउँघर र देशकै लागि चुनौती हो। सिङ्गो देशसँगै मध्यपहाडको ठुलो चुनौती तिनलाई गाउँमा अड्याउनु र फर्काउनु पनि हो।

यस्तै वन विनाश रोक्नु र वन्यजन्तु जोगाउनु अर्को चुनौती हो। विकास–निर्माण अभियान चलाउनु, जलविद्युत्, ऊर्जा, पर्यटनको विकास गर्नु, कृषि उत्पादन बढाउनु, बजारीकरण विस्तार गर्नु, उद्योगधन्दा खोल्नु, शिक्षा, स्वास्थ्यलगायत आधारभूत सेवासुविधा उपलब्ध गराउनुलगायत चुनौतीको चाङ छ मध्यपहाडमा। समयमै यो लोकमार्गको निर्माण कार्य अघि बढाउन र सम्पन्न गर्न सकेको भए सायद अहिलेको तस्बिर अलि बेग्लै हुन सक्थ्यो। त्यसमा गम्भीरता देखाउने हो भने अब थप क्षति रोक्न मद्दत पुग्न सक्छ।

**आम सञ्चार दृष्टि**

चुनौती र सम्भावनाको जँघारमा रहेको मध्यपहाड नेपाली मिडियाका लागि व्यापक क्षेत्र हो। यसको प्रभाव जति बहुआयामिक छ, मिडियाको लागि उत्ति नै उर्वर छ। नेकपा एमालेले सञ्चालन गरेको मध्यपहाडको समृद्धिका लागि सङ्कल्प यात्राले त्यसलाई थप उजागर गरेको छ। यात्राको दौरानमा घटनाप्रधान समाचार सामग्रीहरू पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइनहरूमा काफी मात्रामा आए। स्थानीय मात्र होइन, राष्ट्रिय सञ्चारमाध्यम पनि त्यो बेला एमालेमय भयो। मिडियामा मध्यपहाड राम्रैसँग छायो। तर विषयका दृष्टिले यो जति फराकिलो हुनुपर्ने हो, त्यति हुन सकेन।

यात्राका क्रममा प्रकाशित–प्रसारित विषयवस्तु केलाउँदा मूलत: एमालेका सभा र त्यसक्रममा पार्टी अध्यक्षले गरेका सम्बोधनहरू समेटिएका पाइए। एमाले र प्रेस चौतारीको प्रचार संयन्त्र पनि त्यसैमा बढी केन्द्रित भएको देखियो। डिजिटल प्लेटफर्म र व्यक्तिगत सामाजिक सञ्जालमा पनि यात्राले राम्रै स्थान पायो तर कतिपय अप्रासङ्गिक र नितान्त व्यक्तिगत विषय पनि काफी मात्रामा देखिए। यद्यपि त्यो प्रमुख कुरा होइन, अनुभूतिजन्य अभिव्यक्ति मात्र हो। यसको मूल पक्ष मध्यपहाडी लोकमार्ग र यसले खोल्ने सम्भावनाको ढोका हो। त्यहाँको प्रकृतिक–सांस्कृतिक सम्पदा र वैभव हो। त्यहाँको जीवन हो। ऐतिहासिकता, वर्तमान र भावी तस्बिर हो। त्यहाँको समस्या र समाधानको उपाय हो।

नेकपा एमालेको समृद्धिका लागि सङ्कल्प यात्राले यस भेगका थुप्रै पक्ष उठान गरेको छ। त्यसलाई सार्वजनिक गरेको छ। सूचीकृत गरेर प्रधानमन्त्रीसमक्ष प्रस्तुत गर्नुका साथै आफूले सक्ने जति पूरा गर्ने सङ्कल्प पनि गरेको छ। यो भेगका मुद्दाहरू राजनीतिक एजेन्डा मात्र होइन, मिडियाको विषयवस्तुसमेत हो। त्यसलाई उजागर र निरन्तर फलोअप गर्नु पनि मिडियाको व्यावसायिक दायित्व हो। यसलाई विषयकेन्द्रित रिपोर्टिङ, आलेख, विचार, विश्लेषण, सम्पादकीय एवम् विषयगत टिप्पणी र बहसमार्फत मिडियाले समेट्न सक्छ। पत्रपत्रिका र अनलाइनको अक्षर र तस्बिरमा मात्र होइन, रेडियोको आवाज र टेलिभिजनको दृश्यमा पनि त्यसलाई प्राथमिकताका साथ प्रस्तुत गर्न सकिन्छ। मिडिया कन्भर्जेन्सको वर्तमान युगमा डिजिटल प्लेटफर्मका सबै रूप, शैली र स्वरूपमा यसलाई समेट्न सकिन्छ।

यो यात्रा उही अनुहार, उस्तै लावालस्कर, त्यस्तै सभासम्मलेन, त्यही आश्वासन भनेर सामान्यीकरण गर्न मिल्ने तहको थिएन। यसमा भिन्न विशेषताहरू अन्तर्निहित रहेकाले एउटा राजनीतिक पार्टीले चलाएको मौसमी अभियानभन्दा यो यात्राको चर्चा, गुरुत्व र प्रभाव बृहत् छ। किनभने यो यात्राको पत्रपत्रमा एजेन्डा छ। समृद्धिको सपना छ। त्यसलाई पूरा गर्ने सङ्कल्प छ। यसले त्यहाँका समस्यालाई केलाएको मात्र छैन, समाधानको उपाय पनि देखाएको छ। यसले वर्तमानलाई नयाँ ढङ्गले परिभाषित गरेको छ र भविष्यको आकलन पनि नयाँ किसिमले नै गरेको छ। चौतर्फी निराशाका बीचमा यसले केही हदमा भए पनि त्यस भेगका जनतामा आशाको सञ्चार गराएको छ। विकास अभियानलाई पुन:परिभाषित गर्न पृष्ठपोषण गरेको छ। यात्राको अन्त्यसँगै अनेकन् सम्भावनाको ढोका खोलेको छ। समग्रमा यसको यात्रा वृत्तान्त परम्परागत यात्रा अभियानभन्दा पृथक् छ। त्यसैले मिडियाको दृष्टि पनि यसमा पृथक् नै हुनुपर्छ।

●

# २४

# सांस्कृतिक झाँकीले जोडिएको नेपाली मन



**उजिर मगर**
सदस्य, केन्द्रीय प्रचार तथा प्रकाशन विभाग

समाज निर्माणसँगै त्यहाँका लोकले अपनाउने जीवनशैलीका धेरै पाटाहरूले सभ्यताको पहिचान खुलाउँछ । समाजको परम्परागत शैली, लोकले राख्ने आस्था र विश्वासले अर्को उपरी संरचना निर्माण गर्छ । जसमा लोकको आ–आफ्ना परम्पराका निरन्तरता, विकास, बुझाइ, वेशभूषा, भाषा, सांस्कृतिक पक्षलाई कलात्मक शैलीबाट अभिव्यक्त गर्दा ठाउँ, परिवेशअनुसार विविधता झल्किन्छ । पछिल्लो पटक विविध सांस्कृतिक झाँकीले जोडिएको नेपाली मनको उदाहरण बनेको छ, नेकपा (एमाले) ले सम्पन्न गरेको 'समृद्धिका लागि सङ्कल्प यात्रा' । २०८० मङ्सिर १४ गते बिहान ८:३० बजे बैतडीको झुलाघाटदेखि सुरु भएको यात्रा पुस १ गते पाँचथर चिवाभन्ज्याङमा समापन हुँदा यात्राले ३२ जिल्लाका भूगोल पार गर्दा सांस्कृतिक झाँकीहरूले एउटा पर्वकै रूप ग्रहण गऱ्यो ।

झुलाघाट-चिवाभञ्ज्याङ्ग समृद्धिका लागि संकल्प यात्रा २०८० संक्षिप्त जानकारी अनुसार बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विशेषता हाम्रो समाजको पहिचान हो। यो हाम्रो राष्ट्रिय सामर्थ्य पनि हो। विविधताभित्रको एकता नेपाल राष्ट्रको बलियो आधारशिला हो। अहिले विभिन्न नाममा यस एकतालाई खलबल्याउने, सामाजिक सद्भावलाई कमजोर पार्ने र जनताका बीचमा फाटो ल्याउने प्रयास हुन थालेका छन्। यस्ता अतिवादी र सङ्कीर्ण सोचहरू

गलत, हानिकारक र अस्वीकार्य छन् । यस अभियानले सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई बलियो बनाउन योगदान गर्नेछ। सङ्कल्प यात्राको यो निष्कर्षलाई नजिकबाट हेर्दा झुलाघाटबाट यात्रा किन थालियो त ? यसको छुट्टै महत्त्व छ ।

कालापानीभन्दा माथि लिपुलेकको कन्दराबाट निस्कने महाकाली दार्चुला, जोलजिवी, झुलाघाट हुँदै बग्छ (हे. मेचीदेखि महाकाली, भाग-४) । पूर्वमध्यकालमा खस मल्लहरूको अधीनमा रह्यो बैतडी झुलाघाट । खस मल्लहरूले करिब इसाको दसौँ शताब्दीदेखि चौधौँ शताब्दीको अन्तसम्म एक बृहत् राज्यमा शासन गरेका थिए । सोही ठाउँबाट एमालेको 'समृद्धिका लागि सङ्कल्प यात्रा' सुरु भयो । पहिलो दिनदेखि सांस्कृतिक झाँकीले सङ्कल्प यात्रालाई स्वागत सुरु भयो ।

सांस्कृतिक झाँकीका लागि नौमती बाजा, नर्सिङ्गा, झ्याली, सनही, सारङ्गी र मादल, खैँजडी, मजुरा, बिनायो, डम्फु, मादल, ढ्याङ्ग्रो सबैभन्दा बढी प्रयोगमा आएका बाद्यवादनहरू हुन् । सुदूरपश्चिममा प्रचलित नाच हुड्केली, छलियाबाट स्वागत सुरु भयो । रङ्गीचङ्गी कपडाको घाँगरमा पुरुषहरूले हातमा तरबार र ढाललाई कलात्मक रूपले दुई हातले नचाउँदै कलात्मक प्रदर्शन भयो । जसले कुनै लडाइँमा विजयी सेनाहरूले उत्सव मनाएको सङ्केत प्रस्ट हुन्छ । १५औँ शताब्दीवरपर बैतडीमा लडाइँ भएको सन्दर्भ बैतडीको ऐतिहासिक पृष्ठभूमिमा पाइन्छ । जस्तो कि नेपालको यो राष्ट्रिय गान-

*सयौँ थुङ्गा फूलका हामी एउटै माला नेपाली*
*सार्वभौम भई फैलिएका, मेची–महाकाली...*

नेकपा (एमाले) महासचिव शंकर पोखरेलले केन्द्रीय प्रचार तथा प्रकाशन विभागको ११ पुस २०८० का दिन ११औँ बैठकमा सङ्कल्प यात्राबारे व्यक्त गर्नुभएको अनुभव अनुसार मङ्सिरको मध्यमहिना मध्यपहाड दुई कुराले पहेँलपुर देखिन्थ्यो, सयपत्री र सुन्तला । सङ्कल्प यात्रा सुरु गरेदेखि समापनसम्म सुन्तला र सयपत्री फूलको माला, पन्चे बाजाले स्वागतको लाम देखियो । सांस्कृतिक पक्षले नेपालीहरूलाई साँच्चै एउटै मालामा गाँसिएको पाइयो ।

*साँफे साँगु लक्पक्किंदो बान्नी बयाल्लिँदो*
*बगन्या बुढीघाट सम्झ्या यो मन रयाल्लिँदो*
*बाजुरा मार्तडी राम्रो अछाम राम्रो साँफे*
*मान्छे राम्रो मन मिल्याको पंछी राम्रो डाँफे...*
*(हाम्रो अछाम 'देउडा समाज')*

सुदूरपश्चिमका बैतडी, अछाम, डडेल्धुरा, डोटीमा देउडा गीत बढी प्रचलित छ। महिला, पुरुषले हातमा हात जोडेर आलोपालो देउडा गीत भट्याउने त्यही गीतका शब्दलाई सामूहिक रूपमा लयात्मक ढङ्गले गाउँदै गोलाकार बनाएर नाच्ने गरिन्छ। देउडामा प्राकृतिक सौन्दर्य, खोलानाला, माया प्रेम, विकास, परापूर्वकालका कथाहरूलाई लयमा गाउँदै नाच्ने चलन छ। देउडा सुदूरपश्चिमको पहिचान झल्काउने नृत्य हो।

मेचीदेखि महाकाली भाग ४ मा उल्लेख भए अनुसार नेपालको प्राचीन इतिहासमा सबैभन्दा बढी नाम आउने र अध्ययन गरिएको जिल्ला हो दैलेख। दुल्लुस्थित १४१४ सालको पृथ्वी मल्लको कीर्तिस्तम्भमा उल्लेख भएअनुसार खारी प्रदेशमा रहेका नागराजले पछि जागेश्वर (जुम्ला) को सिञ्जामा आई राजधानी बनाए। दैलेख र सुर्खेतका धेरै भूगोल जोडिएकाले कर्णालीको संस्कृतिले केही प्रभाव पारेको देखिन्छ। यद्यपि सुर्खेतको तप्पा नाच प्रचलित छ। सुर्खेतको बुलबुले तालको शब्दमा गाइने गीत र तप्पा नाच जनजिब्रोमा बसिसकेको छ। डमरु नचाउँदै पगरी गुथेर, घागर लगाएर जोडी तालमा नाच्ने हुड्के नाच दैलेखको अर्को चर्चित नाच हो। जुन नाच कर्णालीमा केही फरक दमाहामा नाचिन्छ।

जाजरकोट, रुकुम पश्चिममा पैसरी, सारङ्गी र झाँक्री नाच सबैभन्दा बढी प्रचलित छ। पैसरी दुई ठूला मादल, खैजडी, ट्याम्कोको तालमा समूहमा नाचिने नाच हो। सारङ्गी नाच मयूरको प्वाँखको पहिरन, खुट्टामा चाँप, सानो ट्याम्कोको ताल, सिट्ठीको सङ्केतमा लाठीसहित विभिन्न तालमा नाचिने नाच हो। झाँक्री प्रचलन मध्यपहाडी सबै ठाउँमा छ। मध्यपहाडमा दु:खबिमार हुँदा हेराउने, झारफुक गर्ने चलन कायमै छ। भलै अन्ध विश्वास हो झाँक्री प्रथा। पछिल्लो समय भने यसले सांस्कृतिक रूप ग्रहण गर्दै गएको छ। मेला, महोत्सव र शुभकार्यहरूमा झाँक्रीहरू आफ्नो छुट्टै पहिरन लगाएर ढ्याङ्ग्रोको तालमा नाच्ने गर्छन्।

रुकुम पूर्व मगर खाम भाषा बोलिने र सांस्कृतिक रूपमा बलियो पकड भएको क्षेत्र हो। अठार मगरहरूको घना बस्ती भएको पूर्वी रुकुम पैसरी, सारङ्गी, झाँक्री नाचको उद्गम थलोको रूपमा लिइन्छ। रुकुम पूर्व बुकी क्षेत्र भएकाले त्यहाँ हजारौँ भेडाको चरिचरन र गोठ राखिन्छ। भेडाको ऊनबाट उत्पादित कम्मलबाट बनेको हर्डुला (स्थानीय भाषा) कोट सङ्कल्प यात्राको मूल नेतृत्व नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीलाई पहिर्‍याइयो। त्यो त्यस क्षेत्रको सबैभन्दा ठुलो सत्कार हो। जहाँ डाँफेको प्वाँख, घण्ट, रुद्राक्ष र रिट्ठाको मालामा पहिरिएका झाँक्रीहरूले ढ्याङ्ग्रो तालमा नाचेर स्वागत गरेका थिए।

सङ्कल्प यात्राले ७६२ किलोमिटर पार गर्दै गर्दा पातीहाल्ने धुरी रुकुमपूर्व र बागलुङ जिल्लाको सीमाक्षेत्रबाट गण्डकी प्रदेश प्रारम्भ हुन्छ। पातीहाल्नेदेखि निसीखोलापूर्व ढोरपाटन र तमानखोला पालिकाले चर्चेका भूगोलभित्रका भाषा, संस्कृति, परम्परा, रहन/सहन एउटै मालामा गाँसिएको छ। त्यसैले भन्ने गरिन्छ, 'चौध निसी, पन्ध्र भुजी, आठ गाउँ तमान'। सबैभन्दा बढी यहाँ पन्चेबाजा प्रचलित छ। गण्डकी प्रदेश आफैमा सांस्कृतिक रूपले समृद्ध हो।

मध्यपश्चिमाञ्चलमा प्रसिद्ध सालैजो, नानी रलै, सोरठी र ठाडो भाकाले जो प्रसिद्धि हासिल गरेका छन्, तिनको मूल थलो कर्णाली, डोल्पा हुँदै कालीको तिरैतिर प्रवाहित भएको थियो। यी तीन भाकाले लेक, बेँसी हुँदै जनप्रियताको पगरी गुथेका हुन्। पुष्पलाल (मध्यपहाडी) लोकमार्गको सबैभन्दा लामो भूगोल रहेको बागलुङ जिल्ला लोक संस्कृतिले भरिपूर्ण छ। पछिल्लो समय लोक गायनमा दर्जनभन्दा बढी कलाकार बागलुङकै छन्। यहाँ मुख्यगरी पन्चेबाजामा मयाली गीतसँगै नाच सबैभन्दा बढी प्रचलित छ। यानी माया, सालैजो, ठाडो भाकाको गीत यहाँ चर्चित छन्। रिडी सभ्यताको मुहान बडीगाड, दरमखोला छोएको गुल्मीको वामी, बागलुङको गल्कोट, बिहुँ, बागलुङ बजारमा भजन, भक्तपुरमा लोप भइसकेको हनुमान नाचको झाँकी बागलुङमा नेवार समुदायले बचाइराखेका छन्।

चौबिसे राज्यको शक्तिशाली मानिने पर्वत राज्य अहिलेको पर्वत जिल्ला हो। कालीगण्डकी किनारमा रहेको पर्वतमा गुरुङ बस्ती बाक्लो छ। जहाँ पुग्दा गरुङ, मगरले लगाउने गादा (भाङ्ग्रा) बाट सङ्कल्प यात्रालाई स्वागत गरियो। पोसाकको स्वागतसँगै त्यहाँ चर्चित रहेका भजन कीर्तनको महिमा पनि उत्तिकै छ। गण्डकी

प्रदेश प्रवेश गरिसके पछि सबैभन्दा लोभलाग्दो ऐतिहासिक नाच हो घाटु। गुरुङ, मगर समुदायमा प्रचलित रहेको बाह्र मासे घाटु झाँकीमा प्रस्तुत गरिन्छ।

पोखरा गण्डकी प्रदेशको राजधानी हो। कास्कीको पोखरा भन्नासाथ कला, संस्कृतिको धनी, मनोरम प्राकृतिक दृश्यले भरिएको पर्यटकीय स्थल हो। जहाँ गुरुङहरूको घाटु, गाइने समुदायको सारङ्गी वादकहरूको धुनले जोकसैलाई मक्खै पार्छ।

गण्डकीका सुसेली पुस्तका उल्लेख भए अनुसार सारङ्गीबाजा लेखकहरूको कलम, सूचीकारको सियो र चित्रकारहरूको कुचीजस्तो गाइने जातिको अत्यावश्यक साधन हो। धर्तीमाता नेपालका बहादुर छोराछोरीको लालित्यपूर्ण आफ्नै नेपालीपनको लय र भाकाहरू विभिन्न ढङ्गले प्रस्तुत गरिन्छ, जब यो चारतारे सारङ्गी नेपाली

*पुष्पलाल (मध्यपहाडी) लोकमार्गको सबैभन्दा लामो भूगोल रहेको बागलुङ जिल्ला लोक संस्कृतिले भरिपूर्ण छ। पछिल्लो समय लोक गायनमा दर्जनभन्दा बढी कलाकार बागलुङकै छन्। यहाँ मुख्यगरी पन्चेबाजामा मयाली गीतसँगै नाच सबैभन्दा बढी प्रचलित छ। यानी माया, सालैजो, ठाडो भाकाको गीत यहाँ चर्चित छन्। रिडी सभ्यताको मुहान बडीगाड, दरमखोला छोएको गुल्मीको वामी, बागलुङको गल्कोट, बिहुँ, बागलुङ बजारमा भजन, भक्तपुरमा लोप भइसकेको हनुमान नाचको झाँकी बागलुङमा नेवार समुदायले बचाइराखेका छन्।*

भाकाहरूका आँगनमा च्याइँच्याइँ बज्न थाल्छ अनि एउटा उत्सुकतामय वातावरण सिर्जित हुन थाल्छ ।

लमजुङ, यस शब्दले धेरैलाई माथि कतै उत्तरमा रहेको ठाउँको नाम बुझाउँछ भने अरूलाई यस शब्दले झाँक्री मन्त्रको काम गर्छ। 'लाम–जोङ' अर्थात् ठुला लामाको किल्ला शब्दहरू आएको यस शब्दप्रति मेरो विशेष लगाव छ, किनभने यो मेरो जन्मस्थान हो (हे. डा. हर्क गुरुङ, मैले देखेको नेपाल) । जब लमजुङ प्रवेश हुन्छ, त्यहाँ लामाहरूको ठुलो धुन निस्किने सनही, ढ्याङ्ग्रो, खादा र गुरुङसेनीहरू छिटको गुन्यू, मखमली चोली, गुरुङहरूको ढ्याङ्ग्रो धुनसहित विशाल झाँकीले कुनै शुभ कार्यलाई स्वागत गर्ने चलन छ । विशेष अथितिहरूलाई पगरी गुथ्ने र गादा (भाङ्ग्रा) लगाएर घाटुबाट स्वागत हुन्छ ।

*लिपन हो रे भैया लिपन हो रे*
*माली गाईको गोबरले लिपैला*
*लिपन हो रे लिपन हो रे*
*काली गाईको गोबरले लिपैसो*
*लिपन हो रे भैया लिपन हो रे भैया*
*सातै मूलको पानीले लिपन हो रे !*

यसरी घाटुको गीत गाएपछि घाटु नाच्न सजिएका चेलीहरूको समूह बिस्तारै शिर ढोगी, चारै दिशा फर्की लचकदार ढङ्गले अनुशासित भएर नाचेर आफ्नो झाँकी प्रदर्शन गर्छन्। गोरखा प्रवेश गरेपछि त्यहाँ सारङ्गीको कर्खा बढी प्रचलन हो। पृथ्वीनारायण शाहले 'राज्य विस्तार' गर्दा कर्खाको बढी प्रचलन आएको देखिन्छ। गोरखामा कौरा नाचलाई झाँकीका रूपमा प्रदर्शन गरिन्छ। कौरा समूहमा डम्फूको तीन तालमा गण्डकी बगेजसरी उठीबसी तालमा नाच्ने चलन छ। कौराको ताल सुनेपछि तीन तालले जोकसैलाई नाचूँनाचूँ लाग्न सक्छ ।

धादिङ, नुवाकोटको उपल्लो भागमा बस्नेहरू तामाङ समुदायका हुन्। उनीहरूको पहिचान नै विशेष खालको डम्फु हो। त्यही डम्फुको तालमा गीत र नाच नाच्छन्। जुन शैली धादिङ, नुवाकोट, काठमाडौँ उपत्यकाको काँठ क्षेत्र,

*पृथ्वीनारायण शाहले 'राज्य विस्तार' गर्दा कर्खाको बढी प्रचलन आएको देखिन्छ । गोरखामा कौरा नाचलाई झाँकीका रूपमा प्रदर्शन गरिन्छ । कौरा समूहमा डम्फूको तीन तालमा गण्डकी बगेजसरी उठीबसी तालमा नाच्ने चलन छ । कौराको ताल सुनेपछि तीन तालले जोकसैलाई नाचूँनाचूँ लाग्न सक्छ ।*

काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, मकवानपुरसम्म एकै प्रकारको देखिन्छ ।

तामाङ समाजमा बहुप्रचलित नाचहरूमध्ये सबैतिरका तामाङहरूले नाच्ने डम्फु नाच हो । प्राय: हरेक सुखदु:खलाई गीतको माध्यमबाट नाच्ने गर्छन् । यसरी नाचलाई फावरगीत वा स्यावा भनिन्छ । तामाङहरू डम्फूको तालमा कम्मर मर्काईमर्काई खुट्टाको आडमा शरीरलाई लचकदार र गोलाकार बनाई नाच्ने गर्छन् । पुष्पलाल मध्यपहाडी बाटोले कोसी प्रदेश प्रवेश गरेसँगै माझ किरातको भूगोल सुरु हुन्छ । जहाँको सभ्यता कोसीका मुहान र किरात सभ्यताको मुन्दुमले डोऱ्याउँछ ।

मुन्दुम र किराती दर्शनको कुरा गर्दा मान्छे र प्रकृतिबीच के सम्बन्ध छ ? हामी मानवशास्त्रमा चाहिँ प्रकृति र संस्कृतिबीचको अन्योन्याश्रित सम्बन्ध हेर्छौं । कोसी प्रदेश प्रवेशसँगै रुद्राक्षको माला, भजनकीर्तन ठुलो झाँकीबाट अथितिहरूलाई स्वागत गर्ने चलन छ । त्यससँगै किराती सभ्यताअनुसार झ्याली, ढोल, च्याब्रुङ, शेर्पाहरूको दोर्जे ठिल्बु, धोमर, च्योन्दर संस्कारअनुसार बाजा बजाएर अथितिलाई खादा लगाइदिएर आ-आफ्नै वेशभूषामा झाँकी प्रदर्शनी गर्ने चलन छ । सङ्कल्प


यात्राको क्रममा कोसी प्रदेश प्रवेश गरेसँगै उदयपुर, खोटाङ, भोजपुर, धनकुटा, तेह्रथुम, पाँचथरसम्म कोसी र किराती परम्पराको झाँकी प्रस्तुत गरिएको थियो।

समृद्धिका लागि बलियो सामाजिक सम्बन्ध मुख्य पक्ष हो। सबैको स्वाभिमान र गरिमाको सम्मान, अभिव्यक्ति स्वतन्त्रता, समुदायहरूको मूल्य–मान्यता र संस्कृतिले सामाजिक विकासका लागि आवश्यक विश्वास निर्माण गर्छ। तसर्थ, यो 'समृद्धिका लागि सङ्कल्प यात्रा'को १८७९ किलोमिटर दुरी पारसँगै बहुआयामिक सांस्कृतिक झाँकीहरूलाई जुरुक्कै ब्युँझाएर सबै नेपालीको मन एउटै मालामा उनिदिन सफल भएको छ।

●

२५

# मध्यपहाड : बसाइँसराइको डरलाग्दो चित्र



**चेतन अधिकारी**
सदस्य, केन्द्रीय प्रचार तथा प्रकाशन विभाग

सशस्त्र युद्धका नाममा माओवादीले विध्वंस मच्चाएयता नेपालको पहाडी क्षेत्रमा हलचल ल्याउने गरी कुनै पनि राजनीतिक गतिविधि भएका थिएनन्। नेपालको पहाडैपहाडबाट पूर्वदेखि पश्चिमसम्म छिचोल्ने गरी निर्माण भएको पुष्पलाल (मध्यपहाडी) राजमार्गमा अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा यात्रा गर्ने निर्णय भयो। 'समृद्धिका लागि सङ्कल्प यात्रा' नामको यो यात्रा मध्यपहाडी राजमार्गको पश्चिमी बिन्दु बैतडीको झुलाघाटबाट पूर्वी बिन्दु पाँचथरको चिवाभन्ज्याङसम्म २०८० मङ्सिर १४ गते देखि १९ दिन सञ्चालन भयो। यात्रा अवधिभर अध्यक्ष केपी शर्मा ओलीको उपस्थितिले त्यस क्षेत्रका जनताले एमालेका अभिभावकले आफूहरूलाई गरेको स्नेह र मायाको अनुभूति मात्र गरेनन्, यात्राको ओज पनि राष्ट्रिय, अन्तर्राष्ट्रिय तहमा बढ्यो।

'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय' भन्ने मूलनारासहित आयोजना गरिएका यात्राका धेरैवटा उद्देश्यमध्ये मध्यपहाडबाट भइरहेको बसाइँसराइका समस्या र त्यसको निराकरणका उपाय खोज्नु पनि एक थियो। मङ्सिर ६ मा बसेको नेकपा एमालेको केन्द्रीय कमिटीको बैठकले पारित गरेको समृद्धिका लागि सङ्कल्प यात्राको अभियान र सान्दर्भिकतामा भनिएको छ, 'तीव्र बसाइँसराइ आज पहाडको मुख्य समस्या बन्न थालेको छ। एकातिर विकासका योजनाहरू पहाड चढ्दै जाने,

अर्कातिर पहाडबाट जनसङ्ख्याको ठुलो हिस्सा तराई, सहर हुँदै बिदेसिँदै जाने चुनौती आजको हाम्रो अर्थ राजनीतिको सर्वाधिक जटिल प्रश्न हो।' जनमतको हिसाबले आफ्नो आधारभूमि रहेको मध्यपहाडमा एमालेले आफ्नो आधार क्षेत्रका समस्याको पहिचान र निराकरणका लागि सामाजिक मुद्दालाई प्राथमिकतामा राख्नु आफैमा राष्ट्रिय बहसको विषय थियो। किनकि, अहिलेसम्म पार्टीहरूले गर्ने गरेका यस्ता अभियानको मूल उद्देश्य र सन्देश राजनीतिक नै हुने गरेको थियो।

भौगोलिक हिसाबले नेपालको पहाडी क्षेत्रमा ३९ वटा, हिमालमा १६ र तराईमा २३ वटा जिल्ला पर्छन्। ३९ जिल्लामध्ये पुष्पलाल राजमार्गले छोएका २६ वटा छन्। पूर्वी पहाडका आठवटा जिल्लामध्ये इलामबाहेक सबैलाई छोएर यो राजमार्ग अघि बढेको छ। मध्यपहाडी राजमार्गमा कोसी प्रदेशका पाँचथर, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, ओखलढुङ्गा र उदयपुर गरी सातवटा जिल्ला पर्छन्। बागमती प्रदेशका सिन्धुली, रामेछाप, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, नुवाकोट र धादिङ गरी ६ जिल्ला पर्छन्। गण्डकी प्रदेशका गोरखा, लमजुङ, कास्की, पर्वत र बागलुङ गरी पाँच वटा जिल्ला यस राजमार्गमा पर्छन्। लुम्बिनी प्रदेशको एक जिल्ला पूर्वी रुकुम मात्र पुष्पलाल राजमार्गमा पर्छ। कर्णाली प्रदेशका पश्चिम रुकुम, जाजरकोट, दैलेख गरी तीनवटा जिल्लालाई यस राजमार्गले छोएको छ। सुदूरपश्चिम पहाडका अछाम, डडेलधुरा, डोटी र बैतडी चारवटै जिल्लालाई छोएर यो राजमार्ग अघि बढेको छ। कुल १ हजार ८ सय ७९ किलोमिटर लामो यो राजमार्ग नेपालको पहाडमा सञ्चालित एउटा राष्ट्रिय गौरवको आयोजना हो।

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलालको स्मृतिमा नामकरण गरिएको पुष्पलाल (मध्यपहाडी) राजमार्ग निर्माणको मुख्य उद्देश्य नेपालको मध्यपहाडबाट भइरहेको बाह्य बसाइँसराइलाई रोक्नु थियो। तर अफसोच २०६५ सालमा पुष्पलाल राजमार्गको निर्माण सुरु भएपछि यस क्षेत्रको बाह्य बसाइँसराइ दर अझै बढेर गयो। (हेर्नुहोस् तालिका)

**मध्यपहाडको जनसङ्ख्या**

नेपालको मध्यपहाडबाट तराईतर्फ बसाइँसराइ कुन रूपमा थियो भन्ने कुराको सानो झलकका लागि कवि भूपि शेरचनले २०२२ सालमा लेखेको एउटा कविता सम्झे पनि पुग्छ।

*'डोको, मधुस र हलो बोकेर*
*चितवनमा जग्गा खोज्न जान लागेको*
*माछापुच्छ्रेका सन्तान बोकेर*
*जहाज आइरहेछन्*
*जहाज गइरहेछन् ।'*

हो, चितवन त्यही जिल्ला हो, जहाँ औलोविरुद्धको औषधी छर्केर नेपालमा पहिलो पटक राप्ती उपत्यकामा आसपासका पहाडबाट मानिसहरूलाई बसाइँ सारेर त्यहाँको जनसङ्ख्या बढाउन बस्ती बसाउने नीति सरकारले लिएको थियो। राप्ती उपत्यकामा मध्यपहाडबाट ठुलो सङ्ख्यामा मानिसहरूलाई पञ्चायती व्यवस्थाको सुरुआती समयमा नै जग्गाजमिन उपलब्ध गराएर नै बसाइँ आउन प्रेरित गरिएको थियो। सायद बागलुङ, पर्वत, कास्की, गोरखा आदि माछापुच्छ्रेको काखबाट सयौँको सङ्ख्यामा मानिसहरू चितवनतिर बसाइँ सरेको देखेपछि भूपिलाई यो कविता फुरेको हुनुपर्छ।

*मध्यपहाडमा एमालेले आफ्नो आधार क्षेत्रका समस्याको पहिचान र निराकरणका लागि सामाजिक मुद्दालाई प्राथमिकतामा राख्नु आफैमा राष्ट्रिय बहसको विषय थियो । किनकि, अहिलेसम्म पार्टीहरूले गर्ने गरेका यस्ता अभियानको मूल उद्देश्य र सन्देश राजनीतिक नै हुने गरेको थियो ।*

पछिल्ला तीनवटा (२०५८, २०६८ र २०७८) का जनगणनाको तथ्याङ्क हेर्दा पुष्पलाल मध्यपहाडी राजमार्गले छोएका २६ जिल्लामध्ये २० वटाको जनसङ्ख्या वृद्धिदरको स्थिति नकारात्मक छ। यो राजमार्ग निर्माण नहुँदाका बखत निरन्तर सकारात्मक वृद्धिदरको अवस्थामा रहेको यस क्षेत्रको जनसङ्ख्या राजमार्गको निर्माणपछि निरन्तर नकारात्मक वृद्धिको अवस्थामा छ। यसको मुख्य कारण बसाइँसराइ नै हो। राष्ट्रिय जनगणना २०५८ अनुसार यी जिल्लाको कुल जनसङ्ख्या ५५ लाख ८० हजार ३ सय ६८ थियो। २०६८ सालमा यो सङ्ख्यामा ०.६३ प्रतिशत वृद्धि भएर ५९ लाख ४३ हजार १ सय ४६ पुग्यो। तर २०७८ को जनगणनाअनुसार यहाँको जनसङ्ख्या अघिल्लो दशकको भन्दा घट्यो। जसअनुसार जनसङ्ख्या वृद्धिदर –०.२८ प्रतिशत भएर ५७ लाख ७८ हजार ९ सय ८५ मा सीमित हुन पुग्यो। एक दशकमा यहाँको जनसङ्ख्या १ लाख ६४ हजार १ सय ६१ घट्यो। (विस्तृतमा हेर्नुहोस् तालिका)

नेपालको जनसङ्ख्या वितरणको ऐतिहासिकतालाई हेर्दा मध्यपहाड नेपालीको बसोबासको रोजाइको थलो हो। जनसङ्ख्याको ठुलो हिस्सा लामो समयसम्म पहाडी क्षेत्रमै केन्द्रित रह्यो। २०३८–२०४८ सालको दशकसम्म यस क्षेत्रको जनघनत्व उच्च थियो। मानिसहरू बिस्तारै तराईतर्फ बसाइँ सर्न थाले पनि यो क्षेत्रले आफ्नो जनसाङ्ख्यिक सामर्थ्य गुमाएको थिएन। २०३८–२०४८ सालको दशकसम्म मध्यपहाडका केही जिल्लाको जनसङ्ख्या वृद्धिदर उच्च नै थियो। त्यसबेला उदयपुर, सिन्धुली, धादिङ, कास्की, डोटीजस्ता जिल्लाको जनसङ्ख्याको वार्षिक वृद्धिदर २ प्रतिशत वा सोभन्दा माथि थियो। तर मध्यपहाडका लागि समय एकनासको रहेन। २०५२ सालमा माओवादीले यसै क्षेत्रलाई केन्द्रित गरेर सुरु गरेको ध्वंसात्मक युद्धका कारण स्थिर रूपमा बसेको मध्यपहाडको जनजीवनमा एक्कासि धक्का लाग्यो। मानिसहरूलाई जबर्जस्ती युद्धमा होमाउने, किशोरकिशोरी र युवायुवतीलाई जबरजस्ती बन्दुक बोकाएर मर्न र मार्न बाध्य पार्ने, गाउँका अगुवा राजनीतिकर्मी तथा व्यवसायीलाई सुराकी, शोषक र सामन्तको बिल्ला भिराएर चन्दा, फिरौती, अपहरण, हत्याजस्ता गैरमानवीय क्रियाकलाप गर्न थालेपछि मानिसहरूले यो पुरव्यौली थलो छाड्ने क्रमलाई थप तीव्रता दिए। शान्तिसुरक्षा खोज्दै धेरै मानिस तराई, सहरी क्षेत्र तथा सङ्घीय राजधानीतर्फ विस्थापित भए। यसरी माओवादी द्वन्द्वका कारण विस्थापित भएकाहरूको ठुलो सङ्ख्या शान्तिप्रक्रियापछि पनि गाउँ फर्किएन। जसले मध्यपहाडको जनसाङ्ख्यिक क्षतिको एउटा कारक बन्यो।

पहाडमा बाह्य बसाइँसराइ बढ्नुको अर्को मुख्य कारण वैदेशिक रोजगारी हो। सन् १९६० तिर पनि नेपालबाट बेलायत र भारतमा लाहुरे भएर युवा जान्थे। फर्किंदा प्रशस्त पैसा कमाएर ल्याउँथे। उनीहरू आफ्नै थातथलोमै फर्कन्थे। गाउँमै खेती जोड्थे। खरको छानालाई च्यादरमा परिणत गर्थे। त्यतिबेला वैदेशिक रोजगारी र बसाइँसराइको प्रत्यक्ष सम्बन्ध थिएन। तर अहिले पहाडी क्षेत्रबाट वैदेशिक रोजगारीमा जानु भनेको प्राय: आफ्नो पुरानो गाउँबाट बसाइँ सर्नु हो भन्ने भाष्य स्थापित भएको छ।

सडकसँगै मानिसका आवश्यकता पुरा गर्ने विभिन्न पूर्वाधारहरू गाउँमा पुऱ्याइएन भने बसाइँसराइ रोकिने होइन, यिनै सडकमा सञ्चालन हुने यातायातका साधनको उपयोग गर्दै मानिसहरू झन् तीव्र गतिमा बसाइँ सर्छन् भन्ने कुराको पुष्टि मध्यपहाडी जिल्लाबाट भइरहेको द्रुत बसाइँसराइले स्पष्ट गर्छ।

*मानिसहरूलाई जबर्जस्ती युद्धमा होमाउने, किशोरकिशोरी र युवायुवतीलाई जबरजस्ती बन्दुक बोकाएर मर्न र मार्न बाध्य पार्ने, गाउँका अगुवा राजनीतिकर्मी तथा व्यवसायीलाई सुराकी, शोषक र सामन्तको बिल्ला भिराएर चन्दा, फिरौती, अपहरण, हत्याजस्ता गैरमानवीय क्रियाकलाप गर्न थालेपछि मानिसहरूले यो पुर्ख्यौली थलो छाड्ने क्रमलाई थप तीव्रता दिए। शान्तिसुरक्षा खोज्दै धेरै मानिस तराई, सहरी क्षेत्र तथा सङ्घीय राजधानीतर्फ विस्थापित भए।*

## गोर्खा भर्ती हुँदै खाडीका देशहरूसम्म

नेपालको मध्यपहाड बसाइँसराइको थलो नै भने पनि हुन्छ। देशको तराई क्षेत्र तथा अन्य सहरी क्षेत्रमा मध्यपहाडबाट ठुलो सङ्ख्यामा मानिसहरू आएर बसोबास गरेका छन्। यस ठाउँका युवाहरूले पहिलो र दोस्रो विश्वयुद्धमा बेलायतको पक्षबाट लडाइँ गरेर वीरता प्रदर्शन गरेकै कारण नेपालको नाम विश्वमा चम्किएको हो। खासगरी नेपालीहरूको अन्तर्राष्ट्रिय बसाइँसराइ लाहुरे हुने चलनबाट सुरु भएको हो। सुगौली सन्धि (सन् १८१४) पछि नै तत्कालीन इस्ट इन्डिया कम्पनीले नेपाली जनजाति युवाहरूलाई लाहुरमा भर्ती लिन थाल्यो। सन् १८१५ बाट सुरु भएको यो क्रम जारी नै छ। पूर्वी पहाडका युवालाई लक्षित गरेर धरानको घोपामा, पश्चिम पहाडका युवालाई लक्षित गरेर पोखरामा मध्यपहाडका युवालाई लक्षित गरेर काठमाडौँमा यस्ता भर्ती केन्द्रहरू सञ्चालन गरिएको थियो। यसरी सुगौली सन्धीपछि भारतीय र बेलायती सेनामा भर्ती हुन थालेपछि नेपाली युवाहरूले बाहिरी मुलुक देखे। यही बिन्दुलाई नै मध्यपहाडको वैदेशिक रोजागारी गमनको सुरुवाती समय मानिन्छ, जुन आजपर्यन्त जारी छ।

वैदेशिक रोजगार व्यावसायीको सङ्ख्या र पहुँचमा वृद्धि र राहदानी जारी गर्ने कार्यको विकेन्द्रीकरण हुँदा अदक्ष तथा अर्धदक्ष नेपाली कामदारलाई खाडी मुलुकमा गई काम गर्न थप सहज बन्यो। समग्रमा भन्नुपर्दा, रोजगारीको खोजीमा बिदेसिने नेपाली युवाको बढ्दो प्रवृत्ति र भारततर्फको आवतजावत नै नेपाली बसाइँसराइका प्रमुख विशेषता बन्न पुगेका छन्।

पहिरो, भूकम्प, जलवायु परिवर्तन आदिका कारण पानीका स्रोत सुक्ने र यसबाट उत्पन्न हुने समस्याका कारण पनि मध्यपहाडका ग्रामीण इलाकाहरू गम्भीर रूपमा प्रभावित हुने र मानिसहरू तराई तथा सहरी क्षेत्रतिर बसाइँ सर्ने गरेको विभिन्न अध्ययनहरूको निष्कर्ष छ।

## बिरासत फर्काउन के गर्ने ?

नेकपा एमालेको १९ दिने समृद्धि सङ्कल्प यात्राको मुख्य उद्देश्यमध्ये यहाँबाट भइरहेको बाह्य बसाइँसराइको कारण र निराकरणको उपाय पत्ता लगाउनु पनि एक थियो। यस विषयमा पार्टीले त्यहाँका हजारौँ मानिसहरूसँग अन्तर्क्रिया, भेटघाट, लिखित, मौखिक जानकारी आदिका आधारमा प्राप्त सुझावहरू सरकारलाई प्रतिवेदनका रूपमा बुझाइसकिएको छ। हालसम्मका विभिन्न सूचकहरूका

आधारमा मध्यपहाडको हिजोको बिरासत फर्काउन राज्यले केही ठोस काम तत्कालीन र दीर्घकालीन योजना बनाएर गरिहाल्नुपर्ने देखिन्छ। बसाइँ सर्नु मानिसको प्राकृतिक गुण हो। मानिसलाई त्यसै भएर नै गतिशील प्राणी पनि भनिएको हो। बसाइँसराइ प्रगतिको कारक पनि हो। आजको युरोप, अमेरिका आदि देशहरूलाई बसाइँसरुवाले नै समृद्ध र उन्नत बनाइदिएका हुन्। त्यसैले कसैलाई बसाइँ सर्न बन्देज लगाउनु भनेको उसको प्रगतिलाई कतै न कतै रोक्नु हो भन्ने मान्यता पनि छ। तर कुनै पनि ठाउँमा पुस्तौँदेखि बसोबास गरिरहेको कोही व्यक्ति वा परिवार सारा सामाजिक सम्बन्धहरूसँग विच्छेद गरेर नयाँ ठाउँमा हत्तपत्त बसाइँ सर्दैन। त्यसका लागि बसोबास गरिरहेको ठाउँले उसका आधारभूत आवश्यकता पूरा नगरेपछि नयाँ गन्तव्यको खोजीमा मानिस लाग्ने गर्छ। त्यसैले राज्यले कि त व्यक्तिका आवश्यकता परिपूर्ति हुने गरी वातावरण बनाइदिनुपर्छ। दोस्रो देशभरि आवातजावत र बसोबास गर्न पाउने व्यक्तिको संवैधानिक हक भएकाले यस ठाउँमा बस वा त्यस ठाउँबाट बसाइँ नसर भनेर भन्ने सक्ने स्थिति पनि हुँदैन।

*पूर्वी पहाडका युवालाई लक्षित गरेर धरानको घोपामा, पश्चिम पहाडका युवालाई लक्षित गरेर पोखरामा मध्यपहाडका युवालाई लक्षित गरेर काठमाडौँमा यस्ता भर्ती केन्द्रहरू सञ्चालन गरिएको थियो। यसरी सुगौली सन्धीपछि भारतीय र बेलायती सेनामा भर्ती हुन थालेपछि नेपाली युवाहरूले बाहिरी मुलुक देखे। यही बिन्दुलाई नै मध्यपहाडको वैदेशिक रोजागारी गमनको सुरुवाती समय मानिन्छ, जुन आजपर्यन्त जारी छ।*

व्यक्तिलाई बसोबास गरिरहेको ठाउँमा बसिरहन मन लाग्ने बनाउन वा त्यहाँ बसोबास गरिरहेको व्यक्ति थप सुविधाको खोजीमा नयाँ ठाउँतर्फ बसाइँ सरे पनि अर्को व्यक्ति, परिवार वा समुदाय त्यस ठाउँमा गएर बस्न सक्ने वातावरण बन्नुपर्छ। त्यसो हुने हो भने पहाडको कुनै गाउँको मानिस त्यसै भूगोलको अर्को ठाउँमा बसाइँ सर्ला वा तराइतर्फ झर्ला। तर उक्त ठाउँमा मधेसको कुनै व्यक्ति वा समुदाय त्यस ठाउँतर्फ आकर्षित हुने गरी राज्यले वातावरण बनाइदिनुपर्छ। त्यस्तो अवस्था नभएसम्म पहाडको जनसाङ्ख्यिक बिरासत फर्कने अवस्था देखिँदैन। पहाडमा विकास नभएको होइन, पछिल्ला दशकहरूमा पहाडका पूर्वाधारमा राज्यको लगानी प्रशस्तै छ। तर बसाइँ सर्ने क्रम झन्झन् बढिरहेको छ। त्यसैले सरकारले विकासबाट मात्र मानिसका आवश्यकता पूरा नहुने रहेछन् भन्ने कुरा बुझेर कार्यन्वयनमा भइरहेका नीति तथा कार्यक्रममा पुनर्विचार गर्नुपर्छ। यसका लागि निम्न सुझावहरू पेस गर्नु उपयुक्त लागेको छ।

१. अवसरको असमानतामा रुमलिएको महसुस गरेका मध्यपहाडका जनतालाई सरकारले आश्वास्त पार्न सक्नुपर्छ कि राज्यले वितरण गर्ने सेवा तथा सुविधा देशैभरिका जनताले बराबर पाउँछन्। रोजगारी, स्वास्थ्य र शिक्षाका अवसरहरू सबैतिर उत्तिकै मात्रामा वितरण हुनेछन्। नेपालको भौगोलिक र जनसाङ्ख्यिक क्षेत्रमा काम गरिरहेका केही विद्वत् वर्गसँग कुरा गर्दा सरकारले उत्तरी नाकाहरू खोलिदिने हो पहाडबाट तराईतर्फको बसाइँसराइ धेरै हदसम्म रोकिन सक्ने र तराईबाट मानिसहरू सम्भावनाको खोजी गर्दै पहाडतर्फ उक्लिने सम्भावना प्रबल छ। उत्तरी नाकाहरू खोलेर त्यतातर्फको व्यापार सुरु हुने हो भने चीनसँगको सीमावर्ती क्षेत्रमा स्वत: सानाठुला सहरहरू बस्छन्। ती ठाउँमा मानिसलाई अवसरका लागि नयाँ सम्भावनाका ढोकाहरू खोलिनेछन्। जसले बसाइँसराइलाई रोक्ने मात्र होइन, नयाँ मान्छेलाई पनि हिमाल र पहाडले आकर्षित गर्नेछ। यसको उदाहरणका रूपमा रसुवा जिल्लालाई लिन सकिन्छ। चीनसँगको रसुवागढी नाका भएको यस जिल्लामा जनसङ्ख्याको वृद्धिदर सकारात्मक छ। अर्थात्, त्यहाँ बाह्य बसाइँसराइको प्रभाव न्यून मात्र छ। आसपासका छिमेकी जिल्लाहरूको जनसङ्ख्या वृद्धिदर ऋणात्मक हुँदा रसुवा अपवाद भएर बसेको छ। जनगणना २०७८ अनुसार यस जिल्लाको जनसङ्ख्या वृद्धिदर ०.७२ प्रतिशत छ।

२. बसाइँसराइले ल्याएको परिवर्तन र यसका असर थाहा पाई सोहीअनुसार नीति तथा योजना तर्जुमा गर्न नियमित रूपमा बसाइँसराइ सर्वेक्षण गरिरहनुपर्छ। यसबाट प्राप्त तथ्याङ्कको अध्ययन र विश्लेषण गरेर बसाइँसराइ व्यवस्थित गर्ने उपयुक्त नीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्छ।

३. नेपालको आन्तरिक बसाइँसराइका कारणहरूमा मूलत: गरिबी, आम्दानीको असमान वितरण, बेरोजगारी र खाद्य असुरक्षा हुन्। आन्तरिक बसाइँसराइ विभिन्न क्षेत्र, गाउँ, सहर, हिमाल, पहाड र तराईबीच विकासमा असमानता छ भन्ने सङ्केत हो। यसर्थ, बसाइँसराइको व्यवस्थापनका लागि यसको मूल कारण असमानताको न्यूनीकरणमा जोड दिइनुपर्छ। गरिबी निवारणका रणनीतिमा बसाइँसराइलाई पनि एकीकृत गरी लानुपर्छ।

४. धेरै मानिस रोजगारीको खोजीका लागि बसाइँ सरेका हुन सक्छन्। गाउँमै वा पहाडमै स्थानीय युवाहरूलाई व्यावसायिक तालिम दिएर रोजगारीका अवसर सिर्जना गर्न सके बसाइँसराइ दर कम गर्न सकिन्छ। यसका लागि स्थानीय सरकारहरूले आफ्नो क्षेत्रको जनसाङ्ख्यिक विश्लेषण गर्नु जरुरी छ।

५. मध्यपहाडबाट भइरहेको तीव्र बसाइँसराइ रोक्न सरकारले पुष्पलाल मध्यपहाडी राजमार्गमा निर्माण सुरु गरेका सुविधासम्पन्न सहरहरूको निर्माण तत्काल सम्पन्न गर्नुपर्छ। पाँचथरको फिदिमदेखि बैतडीको पाटनसम्मका १० ठाउँमा नयाँ सहर बसाउने, हरेक सहरमा कम्तीमा १ लाख जनसङ्ख्याको बसोबास गराउने सरकारी कार्यक्रम अलपत्र छ। यसको निर्माणलाई तीव्रता दिएर सहरी सुविधासहित यी ठाउँहरूलाई मानिस बस्न योग्य बनाउनुपर्छ।

६. तराई वा सहरमा मात्र राम्रो शिक्षा, स्वास्थ्य वा रोजगारी पाइन्छ र जीवन सुखमय हुन्छ भन्ने आम मनोविज्ञानलाई बदल्नु जरुरी छ। सुन्दर हावापानी, प्राकृतिक सौन्दर्य, पर्यटकीय स्थलहरूको सङ्गमस्थलका रूपमा रहेको पहाडी क्षेत्रमा पनि पनि जीवन सुन्दर र सुखमय हुन्छ भन्ने मनोविज्ञान यहाँका बासिन्दाहरूमा बनाउनु जरुरी हुन्छ।

## पछिल्ला तीनवटा जनगणनामा पुष्पलाल मध्यपहाडी राजमार्गलाई छोएका जिल्लाको जनसङ्ख्या र वृद्धिदर

| जिल्ला | २०५८ | | २०६८ | | २०७८ | |
|---|---|---|---|---|---|---|
| | जनसङ्ख्या | वार्षिक वृद्धिदर | जनसङ्ख्या | वार्षिक वृद्धिदर | जनसङ्ख्या | वार्षिक वृद्धिदर |
| पाँचथर | २०२,०५६ | १.४३ | १९१,८१७ | –०.५२ | १७२,४०० | -१.०२ |
| तेह्रथुम | ११३,१११ | ०.९५ | १०१,५७७ | –१.०८ | ८८,७३१ | -१.३० |
| धनकुटा | १६६,४७९ | १.२९ | १६३,४१२ | ०.२६ | १५०,५९९ | -०.७८ |
| भोजपुर | २०३,०१८ | ०.२१ | १८२,४५९ | –१.०७ | १५७,९२३ | -१.३९ |
| ओखलढुङ्गा | १५६,७०२ | १.१७ | १४७,९८४ | –०.५७ | १३९,५५२ | -०.५६ |
| खोटाङ | २३१,३८५ | ०.६९ | २०६,३१२ | –१.१५ | १७५,२९८ | -१.५६ |
| उदयपुर | २८७,६८९ | २.६३ | ३१७,५३२ | ०.९९ | ३४०,७२१ | ०.६८ |
| सिन्धुली | २७९,८२१ | २.२३ | २९६,१९२ | ०.५७ | ३००,०२६ | ०.१२ |
| रामेछाप | २१२,४०८ | १.२२ | २०२,६४६ | –०.४७ | १७०,३०२ | -१.६७ |
| काभ्रेपलाञ्चोक | ३८५,६७२ | १.७३ | ३८१,९३७ | –०.६१ | ३६४,०३९ | -०.४६ |
| नुवाकोट | २८८,४७८ | १.६२ | २७७,४७१ | –०.३९ | २६३,३९१ | -०.५० |
| सिन्धुपाल्चोक | ३०५,८५७ | १.५९ | २८७,७९८ | –०.६१ | २६२,६२४ | -०.८८ |
| धादिङ | ३३८,६५८ | १.९७ | ३३६,०६७ | –०.०८ | ३२५,७१० | -०.३० |
| गोरखा | २८८,१३४ | १.३२ | २७१,०६१ | –०.६१ | २५१,०२७ | -०.७४ |
| लमजुङ | १७७,१४९ | १.४२ | १६७,७२४ | –०.५५ | १५५,८५२ | -०.७० |
| कास्की | ३८०,५२७ | २.६२ | ४९२,०९८ | २.५७ | ६००,०५१ | १.९० |
| पर्वत | १५७,८२६ | ०.९५ | १४६,५९० | –०.७४ | १३०,८८७ | -१.०९ |
| बागलुङ | २६८,९३७ | १.४६ | २६८,६१३ | –०.०१ | २४९,२११ | -०.७२ |
| रुकुम (हाल पुर्वी र पश्चिम) | १८८,४३८ | १.९२ | ५३,१८४ | ८ | ५६,७८६ | ०.६३ |
| | | | १५५,३८३ | ८ | १६६,७४० | ०.६८ |
| जाजरकोट | १३४,८६८ | १.६८ | १,७१,३०४ | २.३९ | १८९,३६० | ०.९६ |
| दैलेख | २२५,२०१ | १.८४ | २६१,७७० | १.५० | २५२,३१३ | -०.३५ |
| अछाम | २३१,२८५ | १.५४ | २५७,४७७ | १.०७ | २२८,८५२ | -१.१३ |
| डडेलधुरा | १२६,१६२ | १.८७ | १४२,०९४ | १.१९ | १३९,६०२ | -०.१७ |
| डोटी | २०७,०६६ | २.१४ | २११,७४६ | ०.२२ | २०४,८३१ | -०.३२ |
| वैतडी | २३४,४१८ | १.५५ | २५०,८९८ | ०.६८ | २४२,१५७ | -०.३४ |
| जम्मा | ५५८०,३६८ | १.२६ | ५९४३१४६ | ०.६३ | ५७७८,९८५ | -०.२८ |

– राज्य पुनर्संरचनामा रुकुमलाई दुईवटा जिल्लामा विभाजन गरिएको

– २०४८ सालमा यी जिल्लाको जनसङ्ख्या ४९२१४०० बाट वृद्धिदर हिसाब गरिएको ।

स्रोत : राष्ट्रिय जनगणना २०४८, २०५८, २०६८ र २०७८

२६

# सुन्तला : सुन्दरता, संस्कृति र समृद्धि



**दीपक ज्ञवाली**
सदस्य, केन्द्रीय प्रचार तथा प्रकाशन विभाग

सुन्तलाबारे कुरा गर्दा उत्तिखेरै मुख त रसाउँछ नै, जनजिब्रोमा असाध्यै झुन्डिएका केही यस्ता थुप्रै अर्थपूर्ण, रमाइला र कालजयी गीतहरूको पनि याद भइहाल्छ।

*सुन्तला फूल खेल्दै आयो...*
*सुन्तला पाकेर प्याँलै भयो बोट...*
*बोटैभरि सुन्तला पाकेको...*
*खाऊँ त भने सुन्तला पानी...*
*बदम खाको सुन्तला छोडाको...*
*सुन्तलाको डालीमा बस्यो मैना...*
*काँचो सुन्तला....*
*डाँडा बारीको सुन्तला गुलियो छ कि अमिलो ?...*

मानिसलाई असाध्यै आकर्षण गर्ने गीत, सङ्गीतमा उत्तिकै प्रयोग भएको सुन्तला मानिसको जीवनशैलीमा पनि अपार आकर्षक, अर्थपूर्ण र लोकप्रिय फल हो। जुन नेपालका मध्यपहाडी क्षेत्रमा खास बढी उत्पादन हुन्छ। रङको सुन्दरता, फूल र फलहरूको सुगन्ध, फलको सानदार स्वाद। यस्ता असाधारण विशेषता

भएका अरू फल वा वनस्पति कमै छन्। यहाँ लोकप्रिय त्यही फलबारे केही चर्चा गरौँ।

खास प्रसङ्ग हो, नेकपा (एमाले) ले सम्पन्न गरेको झुलाघाट–चिवाभन्ज्याङ समृद्धिका लागि सङ्कल्प यात्रा–२०८० को। जुन यात्रा मध्यपहाडी क्षेत्रको दीर्घकालीन योजना, भविष्य र समृद्धिसँगै देशलाई नै अग्रस्थानमा लैजाने योजनाका लागि सङ्कल्पित थियो। पार्टी अध्यक्ष केपी शर्मा ओलीको परिकल्पनामा सम्पन्न यात्राले समृद्धिका लागि अनेक क्षेत्रबाट अनेक सम्भावना र सूत्रहरू पहिल्यायो। त्यसमध्ये एक प्रमुख हो– कृषि। कृषिमध्ये पनि एक प्रमुख हो– सुन्तला जातका फलफूल खेती। खास कुरा, सुन्तलाबाटै पनि मध्यपहाडमा मात्रै होइन, देशमै धेरै गर्न सकिन्छ। यसलाई समृद्धि हासिलको एउटा महत्त्वपूर्ण खम्बा बनाउन सकिन्छ।

सम्झौँ, १ हजार ८ सय ७९ किलोमिटर लामो पुष्पलाल (मध्यपहाडी) राजमार्गको यात्राका दैनिकी र दृश्यहरू, जहाँ यात्रीहरूको स्वागतका लागि स्थानीयले अर्पण गरेका थिए, जताततै सुन्तला र सयपत्री। गलाका लागि सयपत्री फूल, मुखका लागि सुन्तला फल। अर्थात्, सुन्दरताका लागि सयपत्री, स्वादका लागि सुन्तला। गजब पक्ष, ती सबै स्थानीय अर्गानिक उत्पादन थिए। पहेलपुर सुन्तला र सयपत्रीको असाधारण बहारले यात्राको माहोल मनमोहक थियो, उल्लासमय थियो।

ती दृश्यहरूमाथि अध्यक्ष ओलीले सुन्तला बाँड्दै यात्रालाई अघि बढाउँदै गरेका दृश्यहरू थप रोचक, प्रेरक र आनन्ददायी थिए। समृद्धिका लागि सङ्कल्प यात्रामा निस्किनुअघि पोखरामा सञ्चालन भएको केपी ओली कप राष्ट्रिय टी–२० क्रिकेट उद्घाटनमा अध्यक्ष ओलीले मञ्चबाटै दर्शकहरूलाई सुन्तला बाँड्नुभएका दृश्य पनि खुब चर्चामा आएका थिए। अध्यक्ष ओलीले स्थानीय उत्पादन अवलोकनका दृश्यहरूसँगै यात्रा अवधिमा सामाजिक सञ्जालहरूमार्फत सार्वजनिक गर्नुभएका सन्देशहरू स्थानीय उत्पादकसँगै सबैका लागि उत्साहजनक र प्रेरणादायी थिए।

नेकपा (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले सुन्तला, जुनार, कागती, भोगटेलगायत प्रजातीका फलफूलका लागि यो क्षेत्र उर्वर रहेको उल्लेख गर्दै व्यावसायिक उत्पादन, सङ्कलन, प्रशोधन गर्दै स्वदेश र विदेशको बजारमा पठाउन सकिने प्रचुर संभावना औंल्याउनु भएको छ (हे. पृष्ठ ४३)।

स्थलगत यात्राले धेरै कुरा दिन्छ, सूचना, अनुभव, योजनालगायत। २०८० पुस ९ गते नेकपा एमाले केन्द्रीय प्रचार तथा प्रकाशन विभागको ११औं बैठकमा

पार्टी महासचिव शंकर पोखरेलले यात्राको अनुभव र सन्देशसहित व्यक्त गर्नुभएको सम्बोधन निकै अर्थपूर्ण र सान्दर्भिक छ। यात्राका अनेक आयाममध्ये सुन्तला खेतीको अपार सम्भावनाबारे उहाँको भनाइ थियो, 'सुन्तलाकै माध्यमबाट पनि धेरै गर्न सकिन्छ। सुन्तलाजन्य सम्पूर्ण उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन सकिन्छ। विदेश निर्यात गरेर प्रशस्त आर्थिक लाभ लिन सकिन्छ।'

उहाँका अनुभवमा याँत्रा गरेकामध्ये सुन्तला नभएका जिल्ला नै थिएनन्। अर्थात्, ३० जिल्ला नै सुन्तलामय। मध्यपहाड अमिलो जातको खेतीका लागि निकै उर्वर रहेछ। यो क्षेत्र बागवानी, जडीबुटी, पर्यटनजस्ता अनेक गन्तव्यसँगै सुन्तलाका लागि पनि एउटा महत्त्वपूर्ण गन्तव्य बन्न सक्छ। जहाँका उत्पादन ब्रान्डिङ गरेर विदेशमा पठाउन र आर्थिक समृद्धिका लागि बलियो माध्यम बनाउन सकिन्छ।

त्यसो त यात्राका क्रममा स्थानीयहरूले एमाले नेतृत्वलाई बुझाएका अनेक ज्ञापन तथा मागपत्रहरूमा पनि कृषि क्षेत्रको विकासका कुरा उल्लेखनीय रूपमा समावेश छन्। एमाले उपमहासचिव प्रदीपकुमार ज्ञवालीका भनाइमा ज्ञापनपत्रहरूमार्फत प्राप्त सुझाव र आवश्यकतालाई सम्बोधन गर्न एमालेले सरकारलाई सूचीबद्ध ध्यानाकर्षण गराइसकेको छ। त्यस्ता ज्ञापनपत्रहरूमा स्थान विशेषलाई 'सुन्तला जोन' घोषणा गर्नुपर्ने, अत्याधुनिक प्रविधि, सीप, ज्ञान, सूचना उपलब्ध हुनुपर्ने, शीत भण्डारण स्थापना हुनुपर्ने, बजारको व्यवस्था हुनुपर्ने, विदेश निर्यातको अवसर सिर्जना गर्नुपर्नेलगायत कुराहरू उल्लेख्य थिए। ती मागहरू पूरा हुँदा नेपालमा सुन्तला क्रान्तिले नयाँ आकार लिन सक्नेछ।

## नेपालमा सुन्तला

संसारका लोकप्रिय तथा अत्यधिक मात्रामा खेती गरिने फलफूलहरूमा सुन्तला जात अग्रस्थानमा पर्छ। अर्थात् यो संसारमा पाइने अनेक फलफूलमध्ये उपयोगी, आकर्षक, सजावटीजस्ता अतिरिक्त विशेषता भएको फल हो। जस्तो कि आँखालाई आनन्द दिन्छ, मनलाई सन्तुष्ट पार्छ र स्वादलाई कृतज्ञ बनाउँछ। योसँगै अनेक-अनेक। नेपालमा सुन्तलाको खेती परापूर्वकालदेखि गरिँदै आइएको छ। जुनारको खेती भने २५० वर्षभन्दा अघि राणा शासनकालबाट सुरु भएको इतिहास छ।

सुन्तला एक जात हो। यो अन्तर्गत अनेक उस्तै गुणका फलफूल पर्छन्। सुन्तला जातका फलफूलहरूलाई समेट्ने अंग्रेजी शब्द हो सिट्रस। यसअन्तर्गत सुन्तला, मुन्तला, जुनार, कागती, मौसम, निबुवा, ज्यामिर, भोगटे, बिमिरो, ग्रेपफ्रुट,

चाक्सी, कमलालगायत फलफूल पर्छन्। यी जातका फल प्रजातिअनुसार बाक्लो वा पातलो बोक्राले बेरिएका हुन्छन्। ती कलिलोमा प्राय: अमिलो र छिप्पिएपछि अमिलो, गुलियो, तितोजस्ता अनेक स्वादका हुन्छन्। भित्री भागमा बियाँ र रसयुक्त केस्रा हुन्छन्। सुन्तला रुटासी परिवारको फूल फुल्ने वनस्पति हो। यसअन्तर्गत धेरै प्रजाति पर्ने भएकाले विभिन्न प्रजातिको उत्पत्ति विभिन्न स्थानमा भएको पाइन्छ। नेपालमा यसका धेरै प्रजातिको उत्पत्ति र विविधीकरण भएको पाइन्छ। जसमध्ये मध्यपहाडी क्षेत्र सबभन्दा उर्वर मानिन्छ। यहाँको माटो र हावापानी सुन्तलाका लागि असाध्यै उपयुक्त छ।

हाल नेपालका ७७ जिल्लामध्ये ६५ जिल्लामा सुन्तला जातका फलफूलको विस्तार भइसकेको छ। तीमध्ये मध्यपहाडी तथा हिमाली जिल्ला गरी ४२ जिल्लामा व्यावसायिक खेती भइरहेको छ। बहुवर्षीय बाली भएकाले यी जातका बोटहरू धेरै वर्ष बाँच्छन् र लामो समय उत्पादन दिन सक्छन्।

सन् १९८५ मा जापान सरकारको सहयोगमा सञ्चालित बागवानी विकास परियोजना सुन्तला खेतीको विकासका लागि कोसेढुङ्गा मानिन्छ। पछि विभिन्न समयमा नेकपा (एमाले) नेतृत्वका सरकारले लिएका कृषि नीति र सञ्चालन गरेका कृषि आधुनिकीकरणका कार्यक्रमहरूले सुन्तला खेतीको विकासमा ऐतिहासिक गति लिएका तथ्यहरू छन्।

नेपालबाट सुन्तला निर्यात गर्न सकिने अथाह सम्भावना छ। गत वर्ष (२०७९/८०) मा नेपालबाट २१ हजार १५० किलो सुन्तला निर्यात भएको थियो। त्यस्तै ५७ प्रतिशतले आयात विस्थापित भएको थियो। यो क्रम हरेक वर्ष बढाउन सकिन्छ। काठमाडौँमा मात्र पनि दैनिक १ करोड रुपैयाँभन्दा बढीका स्वदेशी सुन्तला खपत हुने गरेको छ। जहाँ पछिल्लो पटक पहाडी जिल्लाबाट बढी सुन्तला आउने क्रम बढेको छ।

अघिल्लो वर्षको तथ्याङ्कलाई आधार मान्दा ४९ हजार ३०६ हेक्टरभन्दा बढी क्षेत्रफल सुन्तला जातका फलफूलले ढाकिएको छ। यस्ता फलफूल हुने कुल क्षेत्रफलको झन्डै ६१.२ प्रतिशत क्षेत्रफल उत्पादनशील अवस्थामा रहेको तथ्याङ्क छ।

सुन्तला जातको खेती हुने कुल क्षेत्रफलमध्ये सबैभन्दा धेरै अर्थात् ६२ प्रतिशत क्षेत्रफल सुन्तलाले ओगटेको छ। यस्तो खेतीमा कागती १९, जुनार १५, निबुवा २ र अन्य अमिला फलफूलको २ प्रतिशत योगदान छ।

सुन्तला खेतीबाट किसानहरूले प्रशस्त आम्दानी गर्न सक्छन् । यसका एक उदाहरण हुनुहुन्छ, उदयपुर ताप्ली गाउँपालिका–१ पिपल भन्ज्याङका तोपबहादुर ज्यूठकुरी । उहाँले गत वर्ष एक्लैले ३० क्विन्टल सुन्तला उत्पादन गरेर २० लाख रुपैयाँ हात पार्नुभयो । जुन उदाहरण आम किसानहरूको जीवनशैलीमा पनि लागु गर्न सकिन्छ ।

## तथ्याङ्कमा सुन्तला

उत्पादनको अवस्था

| | |
|---|---|
| खेती क्षेत्र | ४९,३०८ हेक्टर |
| उत्पादन क्षेत्र | ३२,३१७ हेक्टर |
| उत्पादन | ३,०६,१४९ मेट्रिकटन |
| उत्पादकत्व | ९.४७ मेट्रिकटन/हेक्टर |

सुन्तला बढी उत्पादन हुने जिल्ला

| | |
|---|---|
| कोसी प्रदेश | ताप्लेजुङ, पाँचथर, तेह्रथम, धनकुटा, भोजपुर, खोटाङ, उदयपुर, संखुवासभा, सोलुखुम्बु |
| बागमती प्रदेश | रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, धादिङ र चितवन |
| गण्डकी प्रदेश | गोरखा, लमजुङ, म्याग्दी, तनहुँ, कास्की, पर्वत, बागलुङ, स्याङ्जा र नवलपुर |
| लुम्बिनी प्रदेश | पाल्पा, गुल्मी, अर्घाखाँची, रुकुमपूर्व, प्युठान र रोल्पा |
| कर्णाली प्रदेश | रुकुमपश्चिम, सल्यान, दैलेख र जाजरकोट |
| सुदूरपश्चिम प्रदेश | कैलाली, डडेलधुरा, डोटी, बैतडी र अछाम |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय फलफूल विकास केन्द्र, काठमाडौँ*

कुन जातको कति योगदान ?

| | |
|---|---|
| सुन्तला | ६२ प्रतिशत |
| कागती | १९ प्रतिशत |
| जुनार | १५ प्रतिशत |
| निबुवा | २ प्रतिशत |
| अन्य अमिलो जातका फलफूल | २ प्रतिशत |

*स्रोत : नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय सुन्तला जात अनुसन्धान कार्यक्रम, धनकुटा*

**अनेक आयाम, अनेक सम्भावना**

यस जातका फलफूलबाट आर्थिक, धार्मिक, सांस्कृतिक, स्वास्थ्यलगायत अनेक क्षेत्रमा अनेक आयाम र योगदान प्राप्त भएको तथ्यहरूले पुष्टि गर्छन् । सुन्तला नेपालमा पाइने अरू फलफूलभन्दा धेरै प्रजाति भएको फल हो । जसबाट औद्योगिक र पर्यावरणीयजस्ता क्षेत्रमा समेत अति विशिष्ट सम्भावनाहरू हासिल गर्न सकिन्छ ।

**धार्मिक, सांस्कृतिक:** नेपालको कला, साहित्य र संस्कृति क्षेत्रमा सुन्तलाले निकै स्थान ओगटेको छ । सुन्तलालाई बिम्ब बनाएर अनेक कालजयी र लोकप्रिय गीतहरू बनेका छन् । यसलाई उदाहरण मानेर बनाइएका अनेक उखान–टुक्का, दन्त्यकथाहरू प्रसिद्ध छन् । सुन्तलाका आकार, प्रकार र बनोटलाई कल्पना गरेर अनेक कलाहरू सिर्जना भएका छन् ।

यो जातका फलफूल धर्म र संस्कारमा समेत उत्तिकै प्रयोग हुने गरेका छन् । सुन्तला प्रजातिका बिमिरो, भोगटेजस्ता उत्पादन तिहारको भाइटीकामा यमराजका रूपमा पूजा गर्ने प्रचलन छ । पूजाआजामा यी फलहरू प्रशस्त प्रयोग हुन्छन् । व्रतालुहरूले व्रत बस्दा वा समापन गर्दा यो फल वा यसको रस सेवन गर्छन् । यसलाई विशेष कोसेलीका रूपमा समेत प्रयोग गरिन्छ । उत्सव मात्र होइन, मर्दा–पर्दा समेत यसको प्रयोग अर्थपूर्ण छ ।

**आर्थिक:** स्थानीयको जनजीवन र जीविकोपार्जनमा उल्लेख्य योगदान गरेका सुन्तलाजन्य फलफूल नेपालको आर्थिक समृद्धिका लागि महत्त्वपूर्ण आधार बन्न सक्ने असाधारण आधारहरू छन् । प्रस्ट छ, धेरै मेहनत नगरे पनि धेरै वर्षसम्म निरन्तर उत्पादन दिने यस्ता फलफूल खेतीमा अरू धेरै मेहनत गर्न सकिए झन् धेरै प्रतिफल प्राप्त हुनेछ । अर्थात् यसको अझ व्यापक, व्यवस्थित र आधुनिक खेती गर्न सकिए मध्यपहाडमा मात्र हैन देशकै अर्थतन्त्रमा अरु धेरै उपलब्धि हासिल गर्न सकिन्छ । एउटा बोटको उत्पादनशील समय २० देखि ५० वर्षसम्म हुने भएकाले पनि यसबाट आर्थिक क्षेत्रमा पर्याप्त टेवा पुग्छ । गरिबी न्यूनीकरणमा यसबाट हुने योगदान अर्को अर्थपूर्ण उपलब्धि हुनेछ । यसबाट मध्यपहाडलाई बागवानी पर्यटनमा समेत उजिल्याउन सकिन्छ । सँगै जलवायु परिवर्तनबाट हुन सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न र पर्यावरणलाई सन्तुलित बनाउन पनि ।

**स्वास्थ्य:** सुन्तला जातका फलफूल स्वास्थ्यका दृष्टिले पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छ । सुन्तला, जुनार, मौसम, चाक्सी आदि फलहरू ताजै खाइन्छ र प्रशोधन गरेर जुस बनाएर पनि प्रयोग गरिन्छ । यिनीहरूमा प्रशस्त मात्रामा भिटामिन

सी, फोलिक एसिड पाइन्छ । कागती र निबुवा ताजै खानुका अलावा अचार, सर्वत र अन्य परिकार बनाउँदा अमिलोका रूपमा बढी प्रयोग भएको पाइन्छ । कागतीलाई घरायसी औषधीका रूपमा रुघा लागेको बेलामा, बान्ता रोक्न प्रयोग गरिन्छ । त्यसरी नै यी फलहरूमा विभिन्न खनिज पदार्थहरू पनि पाइन्छ । त्यसैले पनि यी फलले खाद्य तथा सूक्ष्म खाद्यतत्त्व सुरक्षामा विशेष योगदान पुऱ्याएका छन् । यी फलफूलहरूमा हाम्रो शरीरलाई नभई नहुने पौष्टिक तत्त्वहरू पाइन्छ । यिनको सेवनबाट क्यान्सर, मुटु, हाइपरटेन्सन, जन्म दोष, छालाजस्ता धेरै रोग तथा समस्याहरूको रोकथाम हुन्छ ।

**बहुउत्पादनबाट बहुआम्दानी**

सुन्तला आफैमा समृद्ध फल हो। सग्लो सुन्तला खेतीबाटै पनि प्रशस्त आम्दानी गर्न सकिन्छ। यसबाट अनेक परिकार वा उत्पादन गर्न सकियो भयो झन् धेरै आम्दानी गर्न सकिन्छ। जस्तो कि सुन्तलाबाट स्वादिष्ट केक, बिस्कुट, अचार, अत्तर, धुप, चुक, तेल, प्राकृतिक रङ, रसजस्ता विविध प्रयोगमा आउने उत्पादन गर्न सकिन्छ। त्यस्तै स्वास्थ्य उपचारका लागि अनेक प्रकारका औषधीहरू उत्पादन

*सम्झौँ, १ हजार ८ सय ७९ किलोमिटर लामो मध्यपहाडी राजमार्गको यात्राका दैनिकी र दृश्यहरू, जहाँ यात्रीहरूको स्वागतका लागि स्थानीयले अर्पण गरेका थिए, जताततै सुन्तला र सयपत्री । गलाका लागि सयपत्री फूल, मुखका लागि सुन्तला फल । अर्थात्, सुन्दरताका लागि सयपत्री, स्वादका लागि सुन्तला । गजब पक्ष, ती सबै स्थानीय अर्गानिक उत्पादन थिए । पहेलपुर सुन्तला र सयपत्रीको असाधारण बहारले यात्राको माहोल मनमोहक थियो, उल्लासमय थियो ।*

गर्न सकिन्छ । अतिरिक्त उत्पादनबाट झन् अतिरिक्त आम्दानी हासिल गर्न सकिन्छ । त्यसमा पनि अनुत्पादक वन क्षेत्रको ठुलो भागलाई उत्पादनमूलक बागवानीयुक्त वन बनाए ठुलो परिमाणमा फलफूल उत्पादन गर्न सकिन्छ । र, तिनको प्रशोधनबाट बहुउत्पादन गरेर आर्थिक उपलब्धि हासिल गर्न सकिन्छ ।

यसबारे यो विशेष अङ्कमा प्रस्तुत विशेष वार्ताका क्रममा अध्यक्ष ओलीले कृषिबाट समृद्धि हासिल गर्न सकिने उपायबारे व्यक्त गर्नुभएका विशेष धारणाहरू विशेष छन् । उहाँले भन्नु भएको छ :

> '...हामीले वनजङ्गल त बागवानीको पनि बनाउन सक्छौँ । अनि जुनार, सुन्तला, कागतीको वन हुँदैन ? आँपको जङ्गल बनाइदिए भएन ? अग्ला रूखहरूका लागि यति धेरै जमिन छाडेका छौँ नि !...' (हे. पृष्ठ १३)

कैयौँ कृषि विज्ञहरूले सुन्तलालाई राष्ट्रिय फल घोषणा गर्न सुझाएका छन् । अनुसन्धान अधिकृतहरूले पनि यस्तो तर्कलाई पुष्टि गर्ने आधारहरू पेस गरेका छन् । यस्तो आवाज एमालेका सांसदद्वारा सङ्घीय संसद्मा समेत उठेको छ ।

समृद्धि हासिल गर्न अनेकमध्ये सुन्तला एक अथाह माध्यम र सम्भावना हो । एमालेको यो ऐतिहासिक यात्राले यो सम्भावनालाई पुष्टि गरेको छ । पुष्पलालको स्मृतिमा निर्माण भएको यो लोकमार्गलाई अनेक कोणबाट समृद्धिका लागि प्रयोग वा सदुपयोग गर्नुपर्छ । जस्तो कि सुन्तलाकै हकमा पनि । अब यो बाटो हुँदै भारत वा अन्यत्र देशका सुन्तला पहाडी जिल्लामा भित्र्याउने होइन, अब यही बाटोबाट गुडाएर यहाँ उत्पादित सुन्तला राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउनुपर्छ ।

हो, सुन्तलाबाट अथाहा सम्भावना छ । तर गर्न अझ धेरै बाँकी छ । अर्थात्, यस्तो सम्भावनालाई काँचो रहन नदिऔँ । सबैले मलजल गरौँ । जस्तो कि सुन्तलाकै बारे एउटा यो गीतको अंश :

*काँचै रैछ सुन्तला सानु फल*
*गर्न पाए यही बोटमा सानु मलजल.... ।*

●

२७

# स्वास्थ्य सेवाको अवस्था र सम्भावना



**डा. झलक गौतम**
अध्यक्ष, राष्ट्रिय स्वास्थ्यकर्मी महासङ्घ, नेपाल

नेकपा (एमाले) ले सुदूरपश्चिमको झुलाघाट (बैतडी) देखि पूर्वमा कोसीको चिवाभन्ज्याङ (पाँचथर) सम्म समृद्धिका लागि सङ्कल्प यात्रा–२०८० अत्यन्त उत्साह र जनसहभागितामा सम्पन्न गरेको छ। सङ्कल्प यात्रा गत मङ्सिर १४ गते झुलाघाटबाट सुरु गरी मध्यपहाडका ३० जिल्ला हुँदै करिब दुई हजार किलोमिटर यात्रा तय गरी पुस १ गते चिवाभन्ज्याङमा पुगेर समापन भयो। यस यात्राका धेरै उद्देश्यमध्ये मध्यपहाडी जिल्लामा स्वास्थ्य, शिक्षा र खानेपानीको सेवासुविधा के–कस्तो छ, समस्या कहाँ छन्, पूर्वाधार कस्तो छ र यसलाई विकास र समृद्धिसँग कसरी जोड्न सकिन्छ भनी प्रत्यक्ष रूपमा पार्टीको उच्च नेतृत्वले हेर्ने, महसुस गर्ने र समाधान खोज्ने पनि रहेको थियो।

यो अभियानभर पार्टीको जनसङ्गठनको हिसाबले राष्ट्रिय स्वास्थ्यकर्मी महासङ्घको तर्फबाट म सुरुदेखि अन्तसम्म संलग्न रहेँ। यात्रा अभियानभर महासङ्घले विज्ञ चिकित्सकसहित स्वास्थ्यकर्मीहरूको केन्द्र, प्रदेश र जिल्लाहरूमा टोली परिचालन गऱ्यो। यस क्रममा २५ स्थानमा स्वास्थ्य सहायता कक्ष राखिएका थिए।

**पहाडको जनसङ्ख्या घट्दै**

भौगोलिक दृष्टिकोणले नेपाल उत्तरमा हिमाल, मध्यमा पहाड र दक्षिणमा तराई गरी तीन भागमा विभाजित छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार नेपालको जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ छ। जसमध्ये तराईमा ५३.६१ प्रतिशत, पहाडमा ४०.१६ प्रतिशत र हिमालमा ६.०८ प्रतिशत छ। २०६८ सालमा पहाडको जनसङ्ख्या एक करोड १३ लाख ९४ हजार ७ थियो। १० वर्षपछि २०७८ सालमा पहाडमा बसोबास गर्नेको जनसङ्ख्या १ करोड १७ लाख ५७ हजार ६२४ पुगेको छ। यसरी पहाडको जनसङ्ख्यामा सामान्य वृद्धि देखिए पनि यो वृद्धि घट्दो हो। हामीले यात्रा गरेका जिल्लाहरूमा अधिकांश जिल्लामा जनसङ्ख्या वृद्धिदर घट्दो देखिएको छ।

सबैभन्दा बढी जनसङ्ख्या ऋणात्मक हुने जिल्लामध्ये रामेछाप, खोटाङ, भोजपुर र तेह्रथुम यही मध्यपहाडमा पर्छन्। समग्रमा पहाडको जनसङ्ख्या वृद्धिदर न्यूनमात्रामा धनात्मक ९०.३० प्रतिशत रहेको छ। यात्राका क्रममा छोइएका जिल्लाहरूको जनसङ्ख्याको अवस्था लगभग यहि तथ्याङ्कसँग मिल्दोजुल्दो हुनुपर्छ। यसरी पहाडी क्षेत्रमा स्वास्थ्य, शिक्षा, यातायात र खानेपानीको भरपर्दो सुविधा छिट्टै पुऱ्याउन नसक्ने हो भने मध्यपहाड अझै छिटो गतिमा सुविधा खोज्दै सहर वा तराईतिर पलायन हुनेछ।

मध्यपहाडमा स्वास्थ्य चौकी, प्राथामिक स्वास्थ्य सेवाका लागि स्वास्थ्य संरचनाहरू वडासम्मै पुगेका छन् तर केही स्थानमा बाहेक स्वास्थ्यका संरचना र पूर्वाधारहरू कमजोर देखिन्छन्। स्वास्थ्य जनशक्तिको वितरण पनि समतामूलक छैन। आधुनिक चिकित्सासँगै आयुर्वेद चिकित्साको सेवा पनि यी स्थानहरूमा पुगेको छ तर आयुर्वेद चिकित्सा सेवामा पनि जनशक्तिको अभाव देखियो।

मध्यपहाडमा स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, प्राथमिक अस्पताल र दोस्रो तहका अस्पताल रहे पनि तेस्रो तह र विशिष्टीकृत अस्पतालहरूको यस क्षेत्रमा अभाव खड्कियो। विशेषज्ञ सेवाको आवश्यकता पऱ्यो भने यस क्षेत्रका जनता तराई वा ठुला सहरतिर जानुपर्ने बाध्यता रहेको छ। जसका कारण उनीहरू गरिबीको खाडलमा फस्न सक्छन्।

धुलिखेललाई अपवादका रूपमा छाडेर भन्ने हो भने यस क्षेत्रमा उच्च खालको स्वास्थ्य जनशक्ति उत्पादन गर्ने कुनै पनि अध्ययन संस्थान वा प्रतिष्ठानहरू देखिएन।

समग्रमा नेपालको मातृ मृत्युदर घटेको छ। मातृ मृत्युदरका महत्वपूर्ण कारणहरूमा गैर प्रसूतिजन्य जटिलता, प्रसूतिका बेला उच्च रक्तश्राव, उच्च रक्तचाप, जन्म समस्या, गर्भावस्थासँग सम्बन्धित सङ्क्रमण, गर्भपतन आदि पर्छन्। मध्यपहाडी जिल्लाहरूमा माथि उल्लेख गरिएका जटिलताहरूको सहज किसिमले उपचार पाउन सक्ने स्वास्थ्य संस्था र जनशक्तिको अभाव देखिन्छ। जसका कारण अहिले पनि यि पहाडी जिल्लाहरूमा प्रति १ लाखमा १५९ जना आमाले गर्भ वा सुत्केरीसँग सम्बन्धित जटिलताका कारणले अकाल मृत्युवरण गर्नुपरेको छ। यो अत्यन्तै संवेदनशील विषय हो। त्यस क्षेत्रमा सेवा दिने विशेषज्ञ चिकित्सक, दक्ष स्वास्थ्यकर्मीको टिम, स्वास्थ्य संस्था र आवश्यक उपकरणको व्यवस्था गर्न सके आमाहरूको अकाल मृत्युलाई रोक्न सकिन्छ। नेपालले सन् २०३० सम्ममा प्रति एक लाख जीवित जन्म मातृ मृत्युदर ७० जना बनाउने लक्ष्य लिएको सन्दर्भमा यस क्षेत्रका जनप्रतिनिधि, प्रशासक र स्वास्थ्यकर्मीहरू संवेदनशील हुनैपर्छ।

मध्यपहाडमा देखिएको अर्को संवेदनशील पक्ष बाल मृत्यु पनि हो। नेपालमा पछिल्लो अवधिमा बाल मृत्युदर ६ प्रतिशतले घटेको छ। पाँच वर्षमुनिका प्रति एक

*सबैभन्दा बढी जनसङ्ख्या ऋणात्मक हुने जिल्लामध्ये रामेछाप, खोटाङ, भोजपुर र तेह्रथुम यही मध्यपहाडमा पर्छन्। समग्रमा पहाडको जनसङ्ख्या वृद्धिदर न्यूनमात्रामा धनात्मक ९०.३० प्रतिशत रहेको छ। यात्राका क्रममा छोडिएका जिल्लाहरूको जनसङ्ख्याको अवस्था लगभग यहि तथ्याङ्कसँग मिल्दोजुल्दो हुनुपर्छ।*

हजार जीवित बालबालिकामा ३९ को मृत्यु हुने गरेकोमा यो घटेर ३३ मा झरेको छ। बाल मृत्यु दर घटाउन एक वर्षमुनिका बालबालिका र नवजात शिशु (जन्मेको २८ दिनभित्र) हरूको मृत्यु तीव्र गतिमा घटाउनुपर्ने हुन्छ। यस क्षेत्रमा तालिम प्राप्त स्वास्थ्य जनशक्तिको निरन्तर थमौती हुन नसकेको र तुरुन्तै विशेषज्ञ सेवा प्राप्त गर्न असहज भएका कारण नवजात शिशुहरूको मृत्यु घटाउने विषय चुनौतीपूर्ण भएको छ। तर, बाल मृत्यु रोक्न सकिन्छ।

यस क्षेत्रमा पदयात्रा गर्दा अर्को देखिएको समस्या बालबालिकाको पुड्कोपन, महिलाहरूमा रक्तअल्पता र कुपोषण हो। यसका लागि मध्यपहाडमा फलफूल, तरकारी र खाद्यान्नको उत्पादनमा वृद्धि गरी आपूर्ति र खानपिनको व्यवहारमा परिवर्तन ल्याउनुपर्ने देखिन्छ। यसबाट कुपोषणको अन्त्य गर्न मद्दत पुग्नेछ।

जनस्वास्थ्यका दृष्टिले धूमपान र मद्यपान राम्रो मानिँदैन तर यात्रा अवधिभर कार्यक्रम स्थल वरिपरि र भेटघाटमा आउने नागरिकहरू धूमपान र मद्यपान गरेको देखिन्थ्यो। यसबाट उनीहरूमा दीर्घरोग, दम, खोकी, कुपोषणबाट पीडित भइरहेको देखिन्थ्यो। धूमपान, मद्यपानको विज्ञापनलाई प्रतिबन्ध लगाई त्यसको उपभोगमा कमी ल्याउन आवश्यक छ।

मध्यपहाडी गाउँघरमा चर्पी, पिउने पानी (धारा) आदि देखिए पनि तिनीहरू सफा र भरपर्दा थिएनन्। सार्वजनिक चर्पीको त झनै अभाव देखियो। सडकले छोएका स्थानमा नयाँ बस्तीहरू बसेको देखियो तर त्यहाँ फोहोरमैला व्यवस्थापन भद्रगोल देखिन्थ्यो। सार्वजनिक पानीका स्रोतहरू (नदीनाला, खोल्सीहरू) मा सिधै ढलहरू मिसिएको देखिन्थ्यो। खासगरी पहाडी जिल्लाहरूमा झाडापखाला र हैजा फैलिनुको मुख्य कारण यही हो। नयाँ बस्ती विकास गर्दा सुरुदेखि नै हाम्रा पानीका स्रोतहरू सुरक्षित र सफा राख्ने योजना बनाउनुपर्ने हुन्छ।

मध्यपहाडमा सडकको सञ्जाल तीव्र रूपमा विस्तार भएको छ तर यसको गुणस्तर कमजोर छ। पहाडका घुम्तीहरू प्रशस्त रहेका साँघुरा कच्ची बाटोमा भर्खर गाडीहरू चलेका छन्, नियामक निकायको ध्यान पुग्न सकेको छैन। ठुला सडक दुर्घटना भइ हाले उद्धार र उपचारका लागि पठाउने अस्पतालहरू लामो दुरीमा छन्। एम्बुलेन्स र तालिम प्राप्त स्वास्थ्यकर्मीको तुरुन्त सहयोग प्राप्त गर्न मुस्किल छ। सडक दुर्घटनाबाट मानवीय क्षति (मृत्यु, अपाङ्गता र रुग्णता) कम गराउन यस क्षेत्रमा ट्रमा सेन्टर वा उपचार हुन सक्ने अस्पतालहरू हिमाली भेग र मध्यपहाडलाई समेत सहज हुने गरी स्थापना गर्नुपर्ने देखिन्छ।

पुष्पलाल (मध्यपहाडी) लोकमार्ग केन्द्रित १० नयाँ सहर तथा स्मार्ट सिटीहरू बनाउने भनिएको छ । ती स्थानहरू देख्न पाइयो तर ती स्थानहरूमा विशेषज्ञसहितको भरपर्दो स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने आधार अहिले छैन। यी र यस्तै रणनीतिक स्थानहरूमा विशेषज्ञ सेवा प्राप्त गर्न सक्ने अस्पतालहरू स्तर वृद्धि वा स्थापना गर्नुपर्ने देखिन्छ। समग्रमा स्वास्थ्य क्षेत्रमा योजनाबद्ध किसिमले लगानी वृद्धि गर्नुपर्छ। नजिकको स्थानमा भरपर्दो उपचार प्राप्त गर्न सके स्वास्थ्य उपचारमा हुने व्यक्तिगत खर्च कम हुनेछ र उनीहरू स्वास्थ्य उपचारकै कारण गरिबीमा धकेलिने अवस्था बन्यो भन्ने परिस्थिति निम्तिने थिएन ।

मध्यपहाडी क्षेत्रमा सरकारीबाहेक निजी वा गैरसरकारी क्षेत्रले स्वास्थ्य सेवामा लगानी गरेको पाइएन। त्यो क्षेत्र निजी लगानीकर्ताहरूका लागि उर्वर देखिन्छ। उनीहरूलाई आकर्षित गर्नु आवश्यक छ। जसले गर्दा सरकारी सेवा नपुगेको क्षेत्र र विषयमा उनीहरूको योगदानले काम गरोस् ।

मध्यपहाडी क्षेत्रका कुनै न कुनै स्थानमा निजी क्षेत्रबाट व्यावसायिक रूपमा जडीबुटी खेती सुरु गरेको पाइयो । यसबाट परम्परागत उपचार पद्धति विस्तार गर्न र आयआर्जनमा सहयोग पुगिरहेको देखिन्छ ।

*मध्यपहाडमा सडकको सञ्जाल तीव्र रूपमा विस्तार भएको छ तर यसको गुणस्तर कमजोर छ । पहाडका घुम्तीहरू प्रशस्त रहेका साँघुरा कच्ची बाटोमा भर्खर गाडीहरू चलेका छन्, नियामक निकायको ध्यान पुग्न सकेको छैन । ठुला सडक दुर्घटना भइ हाले उद्धार र उपचारका लागि पठाउने अस्पतालहरू लामो दुरीमा छन् ।*

विगतमा जताततै देखिने हिमाली र मध्यपहाडी क्षेत्रको जनस्वास्थ्यको समस्याका रूपमा रहेको गलगाँड अहिले सो क्षेत्रमा खोजी गर्दा पनि देखिएन। नेपाल पूर्ण रूपमा खुला दिसामुक्त घोषणा भए पनि मध्यपहाडी क्षेत्रमा व्यवस्थित चर्पी र तिनको उपयोग कमजोर देखिन्छ। यसलाई व्यवस्थित गर्न सकियो भने जुका, झाडापखला, हैजा, आउँजस्ता रोगहरूबाट हुने बिरामीपन र लगानीमा कमी ल्याउन सकिन्थ्यो। त्यस क्षेत्रमा साबुन पानीले हात धुने व्यवहार कमजोर देखियो। त्यसलाई व्यवहार परिवर्तनमा जोड दिनु आवश्यक छ।


पुराना परम्परागत घरहरूमा छुट्टै भान्साघर र सुधारिएको चुलोहरू देखिएनन्। जहाँ अगेनामा दाउराको प्रयोगले घरभरि धुवाँ भएर धेरैजसो ज्येष्ठ नागरिकलाई दम, खोकीजस्ता श्वासप्रश्वाससम्बन्धी समस्या देखियो। सुधारिएको चुलो प्रयोग गर्न सकियो भने दम र खोकीका रोगीहरूको सङ्ख्यामा कमी आउने थियो।

समाजशास्त्रीय दृष्टिले दक्षिण एसियालगायत नेपालको जीवित सम्पदा एक मात्र घुमन्ते जाति राउटे समुदाय यही मध्यपहाडको दैलेख, सुर्खेत, जाजरकोट, सल्यान, अछामलगायत जिल्लाका जङ्गलहरूमा बसोबास गर्छ। अव्यवस्थित बसोबास र स्वास्थ्य सेवाको पहुँचभन्दा बाहिर रहेको र रक्सी र सुर्तीजन्य पदार्थको कुलत, सरसफाइमा कमी र कुपोषणका कारण उनीहरूको मृत्युदर उच्च रहेको छ। बालमृत्यु र मातृ मृत्यु डरलाग्दो रहेको छ। २०७५ असारदेखि २०८० माघसम्म पाँच वर्षमुनिका बालक सातजना, बालिका ११ जना गरी १८ जनाको मृत्यु भइसकेको छ। महिला चारजनाको मृत्यु भएको छ। पाँच वर्षका बीचमा बालबालिका, महिला र पुरुष गरी ३८ जनाको मृत्यु भएको तथ्याङ्क बाहिरिएको छ। यसका कारणले उनीहरूको औसत आयु पनि आम नेपालीको औसत आयुभन्दा ज्यादै कम छ।

यो राउटे लगायत मध्यपहाडी राजमार्गको वरिपरि बसोबास गर्ने लेप्चा, कुसुन्डा, हायु, सुरेललगायत लोपोन्मुख जातिको संरक्षण गर्न पनि विशेष कार्यक्रममार्फत भरपर्दो स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्छ।

संक्षेपमा मध्यपहाडी क्षेत्रमा सरकारी स्वास्थ्य सेवाको सञ्जाल स्थानीय तहसम्म पुगे पनि यसलाई अझै गुणस्तरीय बनाउन सरकारी, निजी र गैरसरकारी क्षेत्रको लगानि वृद्धि गरी रणनीतिक स्थानहरू छनोट गरी भरपर्दो र सहज रूपमा सेवा लिन सकिने गरी विशेषज्ञ सेवा प्राप्त गर्ने वातावरण बनाउनमा सम्बद्ध सबै पक्ष लाग्नुपर्छ।

●



# खण्ड- ख

## प्रादेशिक

१

# सुदूरपश्चिमबाट सुरु भएको सङ्कल्प यात्रा



**रोशनबहादुर खड्का**
सदस्य, केन्द्रीय प्रचार तथा प्रकाशन विभाग

नेपाल कम्युनिस्ट पार्टी (एमाले) केन्द्रीय कमिटीको पाँचौँ बैठकले पुष्पलाल (मध्यपहाडी) लोकमार्गमा 'झुलाघाट–चिवाभन्ज्याङ : समृद्धिका लागि सङ्कल्प यात्रा' गर्ने निर्णय गरेको थियो। मध्यपहाडी लोकमार्गको लाभ क्षेत्रका जनतासँग पार्टीको सम्बन्ध पुनर्ताजगी गर्न, स्थानीय समस्याको पहिचान, समाधानको खोजी र ठोस योजना र नीति निर्माणका लागि यात्रा सञ्चालन गरिएको थियो। पश्चिम बैतडीको झुलाघाटदेखि पूर्व पाँचथरको चिवाभन्ज्याङसम्म सञ्चालन भएको अभियानले 'सम्बन्ध स्थानीय : सन्देश राष्ट्रिय' भन्ने नारालाई सान्दर्भिकतामा थप पुष्टि गर्‍यो।

सुदूरपश्चिम प्रदेशको बैतडीको झुलाघाटदेखि सुरु भएर कर्णाली प्रदेशको दैलेखको राकम, कर्णालीको सीमा पुलसम्म सञ्चालन भएको थियो। मङ्सिर १४ गते सुरु भएको अभियान मङ्सिर १७ गते राकम कर्णाली पुगेको थियो। मङ्सिर १४ गते बैतडीको झुलाघाटमा पार्टीका श्रद्धेय केन्द्रीय अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीबाट नेपालको राष्ट्रिय झन्डा उत्तोलन गर्दै यात्रा शुभारम्भ भएको थियो। सूर्य पूर्वबाट उदाएझैँ नेपालमा समृद्धिको सूर्योदयको सङ्केत नेकपा एमालेले पश्चिमबाट सुरु गर्‍यो। अध्यक्ष ओलीले झुलाघाटमा मङ्सिर १४ गते बिहान ८ बजे

पन्चेबाजासहितको नेपाली राष्ट्रियताको बिगुलसहित झन्डोत्तोलन गरी अभियानको उद्घाटन गर्नुभयो ।

**पहिलो दिन (बैतडी–डडेलधुरा)**

सङ्कल्प यात्राको उद्घाटन बैतडीस्थित पश्चिमी सीमा नाका झुलाघाटबाट २०८० मङ्सिर १४ गते बिहान ८ बजे सुरु भएको थियो । झुलाघाटमा पार्टी अध्यक्ष केपी शर्मा ओलीले झन्डोत्तोलनसहित सम्बोधन गर्नुभयो । लगत्तै त्रिपुरासुन्दरी मन्दिर दर्शन र सहिद दशरथ चन्दको घरमा रहेका सालिकमा माल्यार्पण, सहिद बलदेव रिजपल्या पार्कमा अवलोकन गर्नुभयो ।

दिउँसो गोठालापानी बजारमा विशाल जनसभालाई अध्यक्ष अध्यक्ष क. ओलीले सम्बोधन गर्नुभयो । सोही सभामा नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य र जिल्ला अध्यक्षले पार्टी परित्याग गरी एमालेमा फर्किएको घोषणा गरेका थिए। जिल्ला सदरमुकाम गोठालापानीमा पहिलो दिन भएको पहिलो आम सभापश्चात् अगाडि बढेको यात्राका क्रममा दिउँसो बैतडीको खोड्पे बजारमा श्रद्धेय अध्यक्ष कमरेडले बैतडी र बझाङ जिल्लाका नेता–कार्यकर्तामाझ सम्बोधन गर्नुभयो । खोड्पेबाट यात्रा डडेल्धुराको पोखरा हुँदै उग्रतारा मन्दिरको दर्शन र सन्ध्या आरतीपछि अमरगढीमा पुग्यो । यात्राको टोली डडेलधुरामा बास बस्यो ।

**दोस्रो दिन (डडेलधुरा–डोटी)**

यात्राको दोस्रो दिन मङ्सिर १५ गते बिहानै श्रद्धेय अध्यक्ष कमरेडसहितको टोलीले अमरगढी किल्लाको अवलोकन गरेको थियो । त्यसपछि जिल्ला सदरमुकाम बागबजार बसपार्कमा आयोजित आम सभा कार्यक्रममा गरियो । सदरमुकामको आम सभा सकेर यात्रा स्याउले हुँदै डोटीतर्फ प्रस्थान गऱ्यो । यात्राका क्रममा डडेल्धुरा र डोटीको सिमाना शिखर नगरपालिका–१० कोराल खोला र शिखर नगरपालिका–८ गोपघाट बजारमा पार्टीका नेता–कार्यकर्ता र स्थानीयले स्वागत गरेका थिए । डोटीको जिल्ला सदरमुकाम दीपायल सिलगढी नगरपालिका–४ पिपल्ला बजारमा पार्टीका नेता–कार्यकर्ता, व्यापारी र स्थानीयले स्वागत गरे ।

डोटीको प्रमुख कार्यक्रम आसमभा दीपायल सिलगढी नगरपालिका–६ सिलगढीस्थित स्थानीय टुँडीखेलमा आमसभा कार्यक्रम गरियो। कार्यक्रममा पार्टीका श्रद्धेय अध्यक्ष क. केपी शर्मा ओलीलाई डोटी जिल्ला अध्यक्ष चक्रबहादुर

मल्लले अभिनन्दन गर्नुभयो। आम सभामा डोटेली जनताका तर्फबाट एमाले डोटीका अध्यक्ष चक्रबहादुर मल्लले पार्टी अध्यक्ष कमरेडसमक्ष १२ बुँदे मागपत्र पेस गर्नुभयो। आमसभामा विभिन्न क्षेत्रबाट डोटीको विकासमा सहयोग पुऱ्याउने २५ जनालाई एमाले डोटीद्वारा सम्मान गर्दै पार्टी अध्यक्ष कमरेडले सम्मानपत्र वितरण गर्नुभयो। यात्राकै क्रममा पार्टी अध्यक्ष कमरेडलगायत नेताद्वारा शैलेश्वरी मन्दिरको दर्शन गर्नुभयो। राति पार्टी अध्यक्ष र शीर्ष नेताहरू पिपल्ला बजारमा बस्नुभएको थियो।

**तेस्रो दिन (डोटी–अछाम)**

यात्राको तेस्रो दिन अभियानको टोली डोटीबाट अछामतिर प्रस्थान गऱ्यो। यात्रालाई डोटी र अछाम जिल्लाको सिमाना चौखुट्टेमा भव्य बिदाइ र स्वागत गरियो। बिदाइ र स्वागतमा डोटी र अछामका नेता–कार्यकर्ताले सांस्कृतिक प्रस्तुति राखेका थिए। चौखुट्टेमा अध्यक्ष कमरेडले छोटो सम्बोधन गर्नुभएको थियो।

अभियानको टोलीले बैजनाथ मन्दिरमा दर्शन गर्दा धाम संरक्षण समितिले स्वागत गर्दै औपचारिक कार्यक्रमसहित धाम संरक्षणका लागि ध्यानाकर्षण–पत्र बुझाएको थियो। साँफेबगर–मङ्गलसेन सडकको जिरो प्वाइन्टमा बाजुराका नेता–कार्यकर्ताले सङ्कल्प यात्रालाई भव्य स्वागत गरे। दिउँसो साँफेबगरमा आयोजित आम सभालाई अध्यक्ष कमरेडले सम्बोधन गर्नुभयो। यात्राको टोलीले बयलापाटा अस्पतालको अवलोकन गर्दै कर्मचारीसँग छलफल गर्नुभएको थियो।

मङ्गलनसेनमा आयोजित विशाल आम सभामा अध्यक्ष कमरेडले सम्बोधन गर्नुभयो। आम सभामा अछामका अध्यक्ष चन्द्र बोहराले मागपत्र प्रस्तुत गर्नुभयो। तेस्रो दिन यात्राको टोली अछामको मङ्गलसेनमा बास बस्यो। पार्टी नेता–कार्यकर्तासँगको भेटघाट र तीन दिनको समीक्षासहित स्थानीय नेता–कार्यकर्ताको घरमा सञ्चालन गरिएको घरबास (होमस्टे) सुविधामा नेताहरू सहभागी हुनुभयो।

**चौथो दिन (अछाम–दैलेख)**

चौथो दिन बिहान मङ्गलसेनबाट यात्रा अगाडि बढ्यो। बिहान ठुलासेन अछाममा स्वागतसहित खाजा–नास्ता गर्दै स्थानीय भैँसीपालक किसानसँग छलफल तथा छोटो सम्बोधन कार्यक्रम गरियो। यात्राको बाटोमा पर्ने ढकारी, कमलबजार,

विनायक र पञ्चदेवलमा स्थानीय नेता–कार्यकर्ताले भव्य स्वागतसहितको साक्षात्कार गरे। पञ्चदेवलमा अध्यक्ष ओलीले सम्बोधन गर्नुभयो।

यसरी चौथो दिनको दिउँसो सङ्कल्प यात्रा सुदूरपश्चिम प्रदेशको ३०५ किलोमिटर यात्रा पूरा गरी कर्णाली प्रदेशको दैलेख जिल्लास्थित राकम कर्णाली प्रदेश गऱ्यो। यात्रालाई सुदूरपश्चिमबाट बिदाइ गर्दै प्रदेश कमिटी इन्चार्ज छविलाल विश्वकर्माले स्वागत गर्ने कर्णाली प्रदेश इन्चार्ज लेखराज भट्टलाई झन्डा हस्तान्तरण गर्नुभएको थियो। सुदूरपश्चिमको प्रचारको टोली बिदा भएर राकम कर्णालीबाट कर्णाली प्रदेशको टोली यात्रामा समाहित भएको थियो। सङ्कल्प यात्रा सुदूरपश्चिम पार्टीमा नयाँ ऊर्जा थपेर बिदा भएको थियो।

●

२

# कर्णालीबाट राजनीतिक सद्भावको सन्देश



**सूर्यमणि गौतम**
सदस्य, केन्द्रीय प्रचार तथा प्रकाशन विभाग

१४ मङ्सिर २०८० मा सुदूरपश्चिमबाट प्रारम्भ भएको एमालेको ‘झुलाघाट–चिवाभन्ज्याङ, समृद्धिका लागि सङ्कल्प यात्रा’ तीन दिनपछि कर्णाली प्रदेश प्रवेश गर्‍यो। दैलेखको राकम कर्णालीबाट कर्णाली प्रवेश गरेको अभियानको दौरानमा एमाले अध्यक्ष केपी शर्मा ओलीले कार्यकर्ता भेटघाट, सभा सम्बोधन, विभिन्न दलका नेताहरूसँग भेटघाट, विकास परियोजनाहरू तथा भूकम्पपछिको पुनर्निर्माण अवस्थाबारे अवलोकन गर्नुभयो।

मङ्सिर १७ मा दैलेखको राकम कर्णालीमा आयोजित जनसभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले वर्तमान सरकार बनेयता मुलुकमा विकास निर्माण ठप्प भएको भन्दै चिन्ता व्यक्त गर्नुभयो। आफू नेतृत्वको सरकारले राकमलाई मेगासिटी घोषणा गरेको तर अहिलेको सरकारले काम अघि नबढाएको उहाँले बताउनुभयो।

यात्राकै क्रममा अध्यक्ष ओलीले दैलेखका धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक महत्त्व बोकेका विभिन्न सम्पदाहरूको अवलोकन गर्नुभयो। उहाँ राकमबाट जम्बुकाँध, पादुका, दुल्लु हुँदै दैलेखबजार आइपुग्नुभयो। अध्यक्ष ओलीले आफू पहिलोपटक प्रधानमन्त्री भएका बेला अघि बढाइएको पेट्रोलियम अन्वेषण परियोजनाको स्थलगत अवलोकन गर्नुभयो। कार्यप्रगतिबारे जानकारी

लिनुहुँदै उहाँले परियोजनाले छिट्टै मूर्तरूप लिने विश्वास व्यक्त गर्नुभयो। अहिले यहाँ चिनियाँ सरकारको अनुदानमा परियोजनाले अन्वेषणको काम गरिरहेको छ।

दैलेख सदरमुकाममा रहँदा अध्यक्ष ओलीलाई विभिन्न दलका नेताहरूले अभिनन्दन गर्नुभयो। नेपाली काङ्ग्रेसबाट निर्वाचित दैलेख–२ का प्रतिनिधिसभा सांसद दिक्पाल शाहीले जम्बुकाँधमा उहाँलाई स्वागत गर्नुभयो। त्यस्तै दैलेख बजारमा नेपाली काङ्ग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी, नेकपा विप्लव समूहलगायत दलका मुख्य नेताहरूले अध्यक्ष ओलीसँग सामूहिक भेट गर्दै जिल्लाको विकास निर्माणका सम्बन्धमा मागपत्र पेस गर्नुभयो। मागपत्र ग्रहण गर्दै उहाँले दैलेखको विकास निर्माणमा विगतदेखि नै आफूले योगदान पुऱ्याएको स्मरण गराउनुभयो।

एमाले दैलेखका निवर्तमान अध्यक्ष तथा कर्णाली प्रदेश कमिटी उपसचिव रवीन्द्रराज शर्माका भनाइमा सर्वदलीय ज्ञापनपत्र बुझाउनुले एमालेबाहेकका दलहरूले पनि मुलुक र राजनीतिको केन्द्रमा अध्यक्ष ओलीलाई स्विकार र सम्मान गरेको पुष्टि हुन्छ।

दैलेखमा रहँदा अध्यक्ष ओलीसँग फिरन्ते जीवन बिताइरहेको लोपोन्मुख राउटे समुदायसँग पनि भेट भयो। राउटे समुदायले खुलेर आफ्ना कुरा राख्यो भने अध्यक्ष ओलीले उहाँहरूका समस्याहरू समाधानका लागि पहल गर्ने बताउनुभयो।

दैलेखबजार, चुप्रा, डुङ्गेश्वरका बासिन्दासँग भेटघाट गर्दै अभियान मङ्सिर १८ मा दैलेखको गुराँस गाउँपालिकाको केन्द्र गुराँसेमा प्रवेश गऱ्यो। अध्यक्ष ओलीले गाउँपालिकाको प्रशासकीय भवनको उद्घाटनमा गर्नुभयो। उहाँले गुराँसेमा कृषि र तरकारी खेतीको सम्भावना औँल्याउँदै त्यसतर्फ दिगो योजना बनाएर अघि बढ्न जनप्रतिनिधिलाई सुझाव दिनुभयो।

अत्यधिक चिसो मौसमको पर्वाह नगरी सङ्कल्प यात्रालाई स्वागत गर्न पार्टी कार्यकर्ता र सर्वसाधारणहरू वीरेन्द्रनगर–६ स्थित पार्टी कार्यालय परिसरमा जुटिरहेका थिए। जाजरकोट खण्डमा ५ सय मिटरमा बाटो नभएपछि सङ्कल्प यात्रा दैलेखबाट सिधै जाजरकोटतर्फ नलागी सुर्खेत झऱ्यो। सुर्खेतबाट छिन्चु, भेरी करिडोर हुँदै पुन: मध्यपहाडी राजमार्ग पहिल्यायो।

मङ्सिर १८ को साँझ ४ बजे सुर्खेतको जनसभालाई सम्बोधन गर्नुभएका अध्यक्ष ओलीले त्यसपछि पर्यटकीय स्थल काँक्रेविहार र थारू संस्कृतिको

अवलोकन गर्नुभयो। सोही साँझ वीरेन्द्रनगरमा उद्योगी व्यवसायीसँग मुलुकको वर्तमान आर्थिक अवस्थाका बारेमा संवाद गर्नुभयो। अध्यक्ष ओलीको सम्बोधन सुन्न लुम्बिनी प्रदेशको दाङ र बाँकेबाट समेत एमालेका कार्यकर्ता र सर्वसाधारण सुर्खेत आएका थिए।

भोलिपल्ट अध्यक्ष ओलीसहित एमाले टोली राष्ट्रिय गौरवको भेरी बबई डाइभर्सन आयोजनास्थल पुग्यो। अध्यक्ष ओली प्रधानमन्त्री हुनुभएका बेला रफ्तारमा अघि बढेर सुरुङ निर्माणमा 'ब्रेक थ्रु' गरेको यो परियोजना अहिले सुस्ताएको छ। उहाँले भेरीगङ्गा नगरपालिकाको चिप्लेस्थित ड्याम साइटको निरीक्षण गर्दै प्रभावित क्षेत्रका नागरिकका गुनासा सुन्नुभयो।

अध्यक्ष ओलीलाई गुर्भाकोट नगरपालिकामा स्वागत गर्ने क्रममा स्थानीय नौ वर्षीय किशोर पौडेलले एउटा हस्तलिखित पत्र प्रदान गर्नुभयो। पत्रमा आफूजस्ता बालबालिका युवा अवस्थामा पुग्दा पेट पाल्न विदेश जानैपर्ने अवस्थाको अन्त्य गरेर स्वदेशमै कमाइको वातावरण बनाउन आग्रह गरिएको थियो। पौडेललाई जवाफ दिँदै अध्यक्ष ओलीले भन्नुभयो, 'हामीले मध्यपहाडी राजमार्ग निर्माण थालेको पनि त्यसैका लागि हो। भेरी बबई डाइभर्सन पनि कृषि उत्पादन बढाउनकै लागि हो। ग्रामीण विद्युतीकरण, इन्टरनेट विस्तार पनि त्यसैका लागि हो। सुर्खेत, सल्यान, जाजरकोट, रुकुममा चिल्ला सडकहरू बनेका छन्। यसले तिम्रो सपना पूरा गर्न सघाउँदै जानेछ।'

अध्यक्ष ओलीले भूकम्पपीडितको अवस्था, सरकारी भूमिका, पुनर्निर्माणको अवस्थाबारे चासो राख्नुभयो। चिसोमा रात काट्न बाध्य नागरिकलाई सुरक्षित आवासको व्यवस्थापनमा सरकारी भूमिकाप्रति प्रश्न उठाउँदै उहाँले एमालेले स्वयम्सेवकमार्फत पीडामा मलम लगाउने प्रयास गरिरहेको उल्लेख गर्नुभयो।

कात्तिक १७ गते मध्यरातमा जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु बनाई गएको भूकम्पका कारण जाजरकोट र रुकुमपश्चिम थला परेका थिए। भूकम्पमा परी जाजरकोटमा १०१ र रुकुम पश्चिममा ५३ गरी १५४ को मृत्यु हुनुका साथै ९४ जना गम्भीर घाइते भएका थिए। जहाँ एमालेको स्वयम्सेवी अभियानले भग्नावेशष हटाउने, अस्थायी आवास निर्माण गर्ने, राहत जुटाउने लगायतका काम गरिरहेको थियो।

रिम्नाको सभामा अध्यक्ष ओलीले शान्ति प्रक्रियाका दुई दशक बितिसक्दा समेत सङ्क्रमणकालीन न्याय टुङ्गोमा पुग्न नसक्नु दुर्भाग्य भएको बताउनुभयो।

१९ मङ्सिरमा जाजरकोट–रुकुमपश्चिमको सिमाना रिम्नामा एमालेले बनाएको स्वागतद्वारअगाडि अध्यक्ष ओलीसहितको टोलीलाई माओवादी केन्द्रका नेता जनार्दन शर्मा, नेपाली काङ्ग्रेसका नेता राजीवविक्रम शाहीलगायतले स्वागत गर्नुभयो। स्वागतका लागि रुकुम पश्चिमबाट रिम्ना पुगेर सर्वसाधारणसँगै उभिनुभएका शर्माले समृद्धिका लागि राजनीतिक वैरभाव नभएको सन्देश दिन मुलुककै शीर्ष नेता आउँदा स्वागत गर्नु कर्तव्य भएको बताउनुभयो। स्वागत ग्रहण गर्दै अध्यक्ष ओलीले एमालेले थालेको अभियानको मूल उद्देश्य राजनीतिक मात्र नभई देशको समृद्धिसँग जोडिएको धारणा व्यक्त गर्नुभयो। सबै दलले एक भएर राहत, पुनर्निर्माण तथा अन्य व्यवस्थापनका काममा जुट्नुपर्नेमा उहाँले जोड दिनुभयो।

रिम्नामा अध्यक्ष ओलीले भूकम्पपछिको पुनर्निर्माणमा खटिएर योगदान पु¥याएबापत एमाले स्वयम्सेवकलाई प्रशंसापत्र वितरण गर्नुभयो। उक्त अवसरमा एमालेको केन्द्रीय विपद् व्यवस्थापन तथा स्वयम्सेवक विभागले भूकम्पले पु¥याएको क्षति, खोज, उद्धार र पुनर्निर्माणसम्बन्धी फोटो प्रदर्शनीसमेत आयोजना गरेको थियो।

जाजरकोटमा नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड) ले पनि एमाले अध्यक्ष ओलीलाई स्वागत गर्नुभयो। प्रकाण्डले एमालेको अभियानले मध्यपहाडी लोकमार्ग क्षेत्रका विकासमा थप प्रभावकारी योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।

कोसी प्रदेशमा एमालेको सङ्कल्प यात्रालाई अवरोध पु¥याउन खोजेका केही पक्षधरहरूका लागि कर्णालीमा देखिएको यो परिदृश्य अर्थपूर्ण रूपमा हेरिएको छ। यसले विकास र समृद्धिमा सबै दलबीच हातेमालो जरुरी छ भन्ने सन्देश दिएको छ।

एमालेले अभियानका क्रममा विकास गाउँ पसे पनि तीव्र बसाइँसराइ मुख्य समस्या रहेको औँल्याएको छ। एमाले नेताहरूले मध्यहाडबाट भइरहेको तीव्र बसाइँसराइका कारणहरूको पहिचान र समाधानको खोजी गरिने बताए।

राष्ट्रिय जनगणना २०७८ अनुसार पुष्पलाल मध्यपहाडी लोकमार्गले छोएका २६ जिल्लामध्ये पाँचबाहेक २१ वटा जिल्लामा जनसङ्ख्या वृद्धिदर ऋणात्मक रहेको देखाएको छ। यसको मुख्य कारण भनेकै बसाइँसराइ हो।

एमाले कर्णाली प्रदेशका अध्यक्ष गुलाबजङ्ग शाहका भनाइमा एमालेको मध्यपहाडी यात्रा मध्यपहाडमा आशाको सञ्चार गराउन र नेपाल समृद्ध बन्न सक्छ भन्ने आत्मविश्वास अभिवृद्धि गर्न सफल भएको छ। ●

३

# सङ्कल्प यात्रामा पोखरा बसाइ



**रामकृष्ण ज्ञवाली**
सदस्य, केन्द्रीय प्रचार तथा प्रकाशन विभाग

**२०८० मङ्सिर २१**

गण्डकी प्रदेशको राजधानी पोखरा। पोखराको कर्म नै पर्यटन। पोखरा, जोकोही पाहुनाको सत्कारका लागि अग्रसर हुन्छ। लामो यात्राका यात्रुले खप्ने कष्ट पोखरालाई महसुस हुन्छ। 'समृद्धिका लागि सङ्कल्प यात्रा'मा निस्केको नेकपा (एमाले) को टोली १० दिनको यात्रापछि पोखरा पुग्दै थियो। 'कम्तीमा पोखरा बसाइ सहज र सुखद होस्' भन्ने हाम्रो चाहना थियो। यात्राको दु:खसुखको अनुभव पोखरालाई हुन्छ। जाडो मौसम र पहाडी बाटो। कतिपय ठाउँले एमालेको यात्रामा निस्केका जति मान्छे एकैपटक देखेकै थिएन। उनीहरूलाई एकैपटक र एकै ठाउँमा खाना खुवाउनु र बास बसाउनु साँच्चिकै चुनौतीपूर्ण थियो।

त्यो चुनौती सामना गर्न एमालेका स्थानीय कमिटी र जनता तयार थिए। जनताका समस्या बुझ्न जनताकै घरदैलोबाट हिँडेको एमाले २१ गते पोखरा आउँदै थियो। पाहुनालाई आतिथ्य प्रदान गर्न सधैँ आतुर रहने पोखराले देशनिर्माणको अभियान लिएर हिँडेका एमालेको मूल नेतृत्वसहितको पाहुनालाई पनि सुखद बसाइको तयारी गर्नु स्वाभाविकै हो। पहाडी मात्रै नभएर रुकुमकोटदेखिको हिमाली भागको समेत यात्रा पूरा गरेर आउने पाहुनाहरूको यात्रा सुखद महसुस गराउने स्थानीय कमिटीको चाहना थियो। पहाडी बस्तीमा जनताका घरघर रात बिताएका

नेताहरू एक रात पोखराका होटलमा बसून्, तातोपानीले नुहाऊन् र थप यात्राका लागि नेताहरू पुनर्ताजगी होऊन्। त्यसैले पोखरामा विशाल जनसभा आयोजना गरिएन, बासस्थानको मात्रै मुख्य व्यवस्था गरियो।

अध्यक्ष केपी शर्मा ओलीको गाडी होटल परिसरमा प्रवेश गर्‍यो। पोखरास्थित सुरक्षा निकायका प्रमुखहरू अध्यक्ष ओलीसँग भेटघाट गर्न एक घण्टादेखि प्रतीक्षारत थिए। त्योभन्दा पहिलेदेखि नै कास्कीका लब्ध प्रतिष्ठित तथा बौद्धिक व्यक्तित्वहरू उहाँसँग अन्तर्क्रियाका लागि प्रतीक्षारत थिए। पार्टीभन्दा फरक क्षेत्रका अगुवा र बौद्धिक व्यक्तिहरूले एमालेबाट के अपेक्षा गरेका छन् भन्ने बारेमा अन्तर्क्रिया गर्न करिब २० जनालाई आमन्त्रित गरिएको थियो। उनीहरूलाई ६ बजे नै बोलाइएको थियो। निर्धारित समयभन्दा झन्डै तीन घण्टा ढिला भएकाले अध्यक्ष गाडीबाट ओर्लिनासाथ कार्यक्रम र आमन्त्रित पाहुनाको प्रतीक्षाको समयका बारेमा उहाँलाई जानकारी गराएँ।

‘मलाई बाथरुम जान १० मिनेट टाइम दिनुहुन्छ ? सामान्य फ्रेस हुन पाए अरू २–३ घण्टा काम गर्न सक्छु,’ बिहान ७ बजेदेखि लगातार १४ घण्टा खटिनुभएका श्रद्धेय अध्यक्षले १० मिनेट माग्नुभयो। उहाँमा कुनै थकान थिएन। अनुहारमा मुस्कान र शरीरमा फुर्ती थियो।

अन्तर्क्रियाबारे जानकारी लिएपछि अध्यक्ष ओलीले उहाँहरूसँग संवाद गर्ने चाहना राख्नुभयो र सुरक्षा निकायका प्रमुखहरूसँग छोटो छलफल भयो। हलमा अध्यक्ष आइपुग्दा रातको १० बजिसकेको थियो। होटल व्यवस्थापन पक्षले खाना कतिबेला भन्दै सोध्दै थिए। अन्तर्क्रियाका सहभागीहरूले अध्यक्षसँग आफूलाई लागेका जिज्ञासा र पोखरासहित गण्डकी प्रदेशको विकासका बारेमा धारणा राखे। सुनेपछि सम्बोधन थाल्नुभएका अध्यक्ष ओलीले गण्डकी प्रदेशको सम्भावना र क्षमताका बारेमा यसरी प्रस्तुति दिनुभयो कि कसैले वर्षौं लगाएर तयार पारेको शोधपत्रजस्तो। मुस्ताङको युरेनियमदेखि नवलपुरको फलामखानीसम्म, मनाङ जोड्ने सडकदेखि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलसम्म। भारतको चासोदेखि चीनको चिन्तासम्म चर्चा गर्दा निद्रा थिएन। पर्यटन उद्योग र पोखराबारे उहाँको ज्ञान वर्षौं पर्यटन अध्ययन गरेका प्राध्यापकलाई भन्दा बढी नै थियो।

झन्डै सवा ११ बजे यो अन्तर्क्रिया सकिएपछि अध्यक्ष बाहिर निस्किँदा पार्टीका महासचिवभन्दा माथिका पदाधिकारीहरू होटल परिसरमै जम्मा हुनुभएको रहेछ। यात्राको समीक्षा र भोलिदेखिका योजनाका बारेमा छलफल गर्न अध्यक्षले

बैठक बोलाउनुभएको रहेछ। कार्यक्रमबाट निस्कँदै गर्दा मैले सोधेँ, 'अध्यक्ष कमरेड ! खाना के गर्ने ?' उहाँले भन्नुभयो, 'रुममै पठाइदिनु, साथीहरूसँग छलफल गर्दै खान्छु।'

अर्को दिन राजेश बज्राचार्य भन्दै हुनुहुन्थ्यो, 'बैठक साढे १ बजे सकियो। अध्यक्ष कमरेड त साँच्चिकै बाथरुम गएर १० मिनेटमा फ्रेस भएपछि पुनर्ताजगी भएर नयाँ ऊर्जाका साथ त्यतिका समय छलफल र अन्तर्क्रियामा जुट्न सक्नुभएछ। पोखरा बसाइ, थाकेका नेताहरूलाई मस्त सुताउने र सुखद बनाउने हाम्रो योजना यसरी सफल भयो।

राज्यसत्ता हाँक्नेहरूले देश चिन्नुपर्छ। देश चिन्नेले न हो देश विकास गर्ने, योजना बनाउने। पढेर मात्र चिनिन्न देश। गाउँठाउँको माटो छामेर, जनता भेटेर र उनीहरूका समस्या प्रत्यक्ष बुझेर मात्र देश चिन्न सकिन्छ भन्ने कुरा कुरा श्रद्धेय अध्यक्ष केपी ओलीबाहेक अहिलेका बिरलै नेताले बुझेका होलान्। फेरि राज्यसत्ता हाँक्ने भन्ने एउटा व्यक्तिले मात्र पनि त होइन। एक जना प्रधानमन्त्री हुन्छन्, मन्त्री त अरू नेता नै हुने हो। त्यसैले एमाले अध्यक्ष ओलीले भोलिका मन्त्रीहरूसमेत लिएर पश्चिम झुलाघाटदेखि पूर्व चिवाभन्ज्याङसम्म सङ्कल्प यात्रा गर्नुभयो।

सामाजिक सञ्जालमा जे भाष्य निर्माण गरिएको छ, देशको परिस्थिति त्योभन्दा फरक रहेछ भन्ने कुरा एमालेकै सङ्कल्प यात्राका क्रममा मैले महसुस गरेँ। आफ्नो नेताले आफ्ना पीडा सुनिदेओस् भन्ने जनताको अपेक्षा स्वाभाविकै हो। जसले केही दिन्छ उसले केही पाउने अपेक्षा पनि गर्छ। कर्म गर्ने फलको आशा नगर्ने त गीतामा मात्र न हो। जनताले विकास निर्माण हुन्छ कि भनेर भोट दिन्छन्। भोटको बदलामा विकास खोज्छन्। यसो नहुँदाका केही आक्रोश मात्र हुन्, नेताविरुद्धका अभिव्यक्ति। नत्र ती दुर्गम बस्ती र सडकमा केपी ओली आउनुहुन्छ भन्ने थाहा पाएर उहाँलाई भेट्न आम मानिस यसरी किन ओइरिन्थे ? ओलीलाई एक थुँगा फूलको गुच्छा दिएर छुन पाउँदा आफ्ना सबै पीडा भुलेको महसुस गरेका कैयौँ आमाबुवा भेटिए।

रुकुमकोट, गुल्मी र बागलुङको सिमाना पातीहाल्नेबाट मङ्सिर २० गते गण्डकी प्रवेश गरेको सङ्कल्प यात्रा बागलुङको बुर्तिबाङमा खाना र कोणसभापछि विशाल सभाका लागि गुल्मी पस्यो। यो एउटा अभूतपूर्व यात्रा थियो। एमाले नेता जसरी जनता भेट्ने यात्राका लागि उत्साही थिए, गण्डकीका जनतामा पनि नेता भेट्ने उत्साह त्यहीअनुसार रहेको पाइयो। प्राय: बाटाका हरेक चोकमा जम्मा भएका

स्थानीयले गाडी रोकेरै छाडे । वरिपरिका डाँडाबाट समेत सडकमा झरेर घण्टौँ कुरेका जनतासँग संवाद नगरी अघि नबढ्ने श्रद्धेय अध्यक्षको अठोटले साँझका कार्यक्रम सधैँ राति नै भए । र पनि जनता राति अबेरसम्म पनि आफ्ना प्रिय नेतालाई कुरेरै बसे । नेताहरूप्रति यति बिघ्न सम्मान र सद्भाव आगामी दिनमा विरलै देख्न पाइएला ।

गल्कोट, बागलुङ बजार, कुश्मा, नयाँपुल, ढिकुरपोखरी, हेम्जा, लेखनाथ हुँदै लमजुङ र गोरखाका विभिन्न ठाउँका सडकमा उत्रिएका जनताले आफ्नै घरमा नेताहरू आएको महसुस गरे । चुनावका बेलामा मात्र आफ्ना घरआँगनमा नेता देख्ने गरेका स्थानीयलाई यसपटक एमालेका नेताहरू साँच्चिकै जनताका समस्या बुझ्न आएको महसुस भयो । सडकमा ब्यानर एमाले पार्टीको देखिए पनि उपस्थिति सर्वपक्षीयजस्तै थियो । यो यात्रा नयाँ पुस्ताका लागि पनि भविष्यको राजनीतिको बाटो कोर्ने गोरेटो बन्यो ।

नेताले सुख मात्रै खोज्छन्, दुःख भोग्न खोज्दैनन् भन्ने भाष्य एमाले नेताहरूले परिवर्तन गरिदिएका छन् । दुई–दुईपटक प्रधानमन्त्री भइसक्नुभएका श्रद्धेय अध्यक्ष ओलीसहित पटकपटक मन्त्री भएका नेताहरू थकान महसुस नगरी निरन्तर हिँड्नुभयो । राज्यले दिने पिएसओ र स्वकीय सचिवसमेत छाडेर नेताहरूकै समूहमा यात्रारत प्रौढ नेताहरूले जहाँ जे पाइन्छ त्यही खाएर यात्रा गर्नुभयो । जसरी आफ्नै गाउँघरमा आफ्ना नेता भेट्न पाउँदा जनता खुसी थिए, त्यसैगरी जनताकै घरदैलोमा पुगेर जनताकै दर्शन पाउँदा नेता पनि । एमाले त्यस्ता नेताहरूले नेतृत्व गरेको पार्टी हो, जुन पार्टीका नेताहरू जनताका आँखामा खुसी देख्दा आफ्ना दुःख सबै भुल्छन् । जनताको ओठमा हाँसो ल्याउन जस्ता कठिनाइ पार गर्न पनि उनीहरू तयार हुन्छन् । त्यसैले त एमाले जनताका प्रिय नेताहरूले बनाएको पार्टी हो । नेताहरूका पनि नेता, राजनेता केपी ओलीले नेतृत्व गरेको देशभक्त पार्टी हो ।

●

४।

# बागमतीमा देखिएका दृश्यहरु



**विष्णु तारुके**
सचिव, प्रेस चौतारी नेपाल

नेकपा (एमाले)ले सम्पन्न गरेको समृद्धिका लागि संकल्प यात्रा बागमती प्रदेशमा पनि ऐतिहासिक रुपमा सम्पन्न भयो। मध्यपहाडी लोकमार्गसँग जोडिएका यो प्रदेशका विभिन्न जिल्लाहरुमा उत्साहजनक उपस्थितीमा भेटघाट, अवलोकन र सभाहरु सम्पन्न भए।

यो यात्रा धादिंगसँगै अनेक जिल्लाहरुमा उत्लासमय भयो। नुवाकोटको बिदूर,सिन्धुपाल्चोकको बाहुनेपाटी र खाडी चौर,काभ्रेपलाञ्चोकको कुन्ताबेसी दोलखाको चरिकोट, रामेछापको मन्थली, सिन्धुलीको खुर्कोट लागायतका स्थानहरुमा भएका कार्यक्रमहरु ऐतिहासिक भए।

यो यात्रामा केही ऐतिहासिक दृष्टान्तहरु थिए। जस्तो कि

मङ्सिर २३ गतेको दिउँसोति गोरखाको आरुघाटबाट धादिङ प्रवेश गर्नुभएको थियो अध्यक्ष ओली। रात छिप्पिनै लाग्दा अध्यक्षसहितको महायात्रामा निस्किएको टोली सामरी भञ्ज्याङ हुँदै नुवाकोटको सीमा क्षेत्रमा प्रवेश गर्‍यो।

जनताका सुझाव, सल्लाह, गुनासा र प्रतिक्रियाका ठूलाठूला पोका बटुलेर उहाँ नुवाकोटको सदरमुकाम बट्टार पुग्नु भयो। तर, न त नेतामा कुनै थकान देखिन्थ्यो, न प्रतीक्षामा १० घण्टा बिताएका कार्यकर्ता र शुभचिन्तकमा कुनै आलस्य वा वितृष्णा। सबै उत्साहमा थिए, उमङ्गमा थिए।

नागरिक आफ्ना प्रिय नेतालाई मनका भाव पोख्न तम्तयार थिए। अनेक दुःख–सुखका अनुभूतिदेखि सल्लाह, सुझाव र आकाङ्क्षाको फेहरिस्त बोकेर उभिएका थिए। समय र परिस्थितिले भ्याएसम्म सबैका सबै भाव ग्रहण गर्ने विशाल हृदयका साथ नेतृत्व गण पनि खडा थियो।

त्यस दिन दिउँसो केही युवा अध्यक्षलाई आफ्नो गृहजिल्लामा स्वागत गर्न धादिङको सल्यानटारसम्म पुगेका थियौँ। सल्यानटारमा बाजागाजासहित जम्मा भएका स्थानीयको मुहारमा खुसी र उत्साहको कुनै सीमा थिएन। नेता गणलाई स्वागत गर्न गाउँगाउँबाट हातमा फूलको माला बोकेर जनता बडो उत्साहका साथ सडकमा जम्मा भएका थिए।

अध्यक्ष ओली आफ्नो क्षेत्रमा आउँदै हुनुहुन्छ भन्ने थाहा पाएपछि ८–१० घण्टा अघिदेखि नै मानिस हातमा फूलमाला लिएर सडकमा निस्केको देखियो। के वृद्ध, के बालक, सबै नै अध्यक्ष ओलीसँग नजिकै पुगेर भेट्ने र तस्बिर खिच्ने रहर जनाउँदै थिए।

एमाले कार्यकर्ताहरु अध्यक्ष ओली आउने अभियानमा जिल्ला–जिल्लामा व्यवस्थापनमा व्यस्त देखिन्थे। सम्बन्धित जिल्ला र आसपासका पार्टी कमिटी सकृय देखिन्थे।

बट्टारमा नुवाकोट सभा र भोलिपल्टको नागरिक सुनुवाइपछि अध्यक्ष ओली नेतृत्वको टोली सिन्धुपाल्चोकको धुलिखेल, खाडीचौरतर्फ अघि बढ्यो। खाडीचौरमा माछा पकाएर बाँड्नु भएका अध्यक्ष ओली दोलखाको चरिकोट हुँदै पुष्पलालको जन्मथलो रामेछाप पुग्नुभयो।

सिन्धुलीको खुर्कोटमा स–साना नानीहरूले गाएको भजनमा सहभागि हुनु भएका अध्यक्ष ओली सुनकोशी–मरिण डाइभर्सन बहुउद्देश्यीय परियोजनाजस्ता देशको काँचुली फेर्ने आयोजनाको समेत अवलोकन गर्न पुग्नुभयो। मध्यपहाडी राजमार्गमा पर्ने साना, ठूला आयोजनाको वस्तुस्थिति बुझ्दै हँड्नु भएका ओलीमा देशको विकासप्रति चिन्ता र चासो अद्भूत देखिन्थ्यो।

देशको अर्थतन्त्र कमजोर बनेको अवस्थामा एमालेको यो अभियानले ग्रामीण अर्थतन्त्रमा निकै चहलपहल बढेको थियो। बैतडीको झुलाघाटदेखि पाँचथरको चिवाभञ्ज्याङसम्मको यात्राको क्रममा केन्द्रीय टोलीमा करिब साढे दुई सय नेता–कार्यकर्ता एकसाथ थिए। त्यसमाथि ठाउँठाउँमा स्थानीय र प्रदेशका नेता–कार्यकर्ता

मिसिने र निस्कने सिलसिला चलिरहन्थ्यो। यसरी यात्राका क्रममा ठूलो संख्या सकृय थियो।

यति ठूलो सङ्ख्याका लागि खाना र आवासको प्रबन्ध गर्नुपर्दा स्थानीय अर्थतन्त्र चलायमान नहुने कुरै भएन। हरेक जिल्लामा हुने कार्यक्रमको मञ्च व्यवस्थापन, कार्यकर्ता आउन–जान प्रयोग हुने सवारी, ठाउँ–ठाउँमा बनाइएका स्वागतद्वार र नेताहरूलाई लगाउन प्रयोग हुने माला तथा खादाले ग्रामीण अर्थतन्त्रमा हलचल ल्याएको देखियो।

अहिले जनसाङ्ख्यिक बनोट तराईकेन्द्रित हुन थालेको र पहाडको ठूलो हिस्सा खाली हुन थालेको अवस्थामा पहाडी क्षेत्रको विकास र समृद्धिका लागि माहोल जगाउन यो अभियानले ठूलो भूमिका खेलेको छ।

१,७८९ किलोमिटर लम्बाइको मध्यपहाडी राजमार्ग अहिले निर्माणाधीन छ। यसको अलायनमेन्टमा ४६२ किलोमिटर भाग अन्य सडक आयोजनाले छोएको वा समेटेका छन्। बाँकी १,४१७ किलोमिटर सडक मध्यपहाडी राजमार्ग आफैँले निर्माण गर्नुपर्ने अवस्था छ।

*यति ठूलो सङ्ख्याका लागि खाना र आवासको प्रबन्ध गर्नुपर्दा स्थानीय अर्थतन्त्र चलायमान नहुने कुरै भएन। हरेक जिल्लामा हुने कार्यक्रमको मञ्च व्यवस्थापन, कार्यकर्ता आउन–जान प्रयोग हुने सवारी, ठाउँ–ठाउँमा बनाइएका स्वागतद्वार र नेताहरूलाई लगाउन प्रयोग हुने माला तथा खादाले ग्रामीण अर्थतन्त्रमा हलचल ल्याएको देखियो।*

यसभित्र १२० वटा पुल बनाउनुपर्नेछ। मध्यपहाडका २६ जिल्लामा पर्ने यस आयोजनाबाट करिब एक करोड जनता लाभान्वित हुने अनुमान गरिएको छ। महेन्द्र राजमार्ग र हुलाकी राजमार्गपछि देशकै ठूलो राजमार्गको रूपमा यसलाई हेरिएको छ। भित्रीमधेश जोड्ने मदन भण्डारी राजमार्गको पनि निर्माण र स्तरोन्नति भइरहेको छ।

यी राजमार्गमध्ये मध्यपहाडबाट केवल यही एक महामार्ग जान्छ। त्यसैले त यसलाई 'मध्यपहाडको लाइफलाइन' भन्न थालिएको छ। यही 'जीवनरेखा'लाई जोड्न सके धागोमा उनिएको मखमलीजस्तै मध्यपहाडका कैयौँ बस्ती तराई झर्ने बाध्यताबाट जोगिने मात्रै छैनन्, पहाडी अर्थतन्त्रमा नयाँ अवसरका ढोकाहरू खुल्नेछन्। ओलीको समृद्धि यात्राका निम्ति यो एक कदम पनि हो। यसप्रकारको महायात्रा आयोजना गरेर अध्यक्ष ओलीले सामाजिक, आर्थिक, राजनीतिक र त्यसभन्दा भिन्न कैयौँ सन्देश दिन खोजेको देखिन्छ।

यो यात्राका क्रममा नेपालको बहुल समाजका अनेक झलक देख्न र महसुस गर्ने अवसर प्राप्त भयो। मानिसका अनेक आकाङ्क्षा जान्न, भूगोल र आवादीको सामाजिक तादात्म्य कस्तो हुने रहेछ भनेर बुझ्ने मौका प्राप्त भयो।

●

८।

# कोशी प्रदेशको राजनीतिक परिदृश्य



**लीलाराज भट्टराई**
सदस्य, केन्द्रीय प्रचार तथा प्रकाशन विभाग

पुष्पलाल (मध्यपहाडी) लोकमार्गमा 'झुलाघाट–चिवाभन्ज्याङ : समृद्धिका लागि सङ्कल्प यात्रा' कोशी प्रदेशमा अभूतपर्व रूपमा सफल भयो। नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा कोशी प्रदेशमा मङ्सिर २६ गते प्रबेश गरेको यात्रा छ दिनपछि पुस १ गते पाँचथरको चिवाभन्ज्याङ पुगेर समापन भएको थियो। यसले कोशी प्रदेशका विभिन्न क्षेत्रमा अमिट र दीर्घकालीन प्रभाव पार्न सफल भएको छ। नागरिकमा नयाँ तरङ्ग सिर्जना गरेको छ। कोशीका जिल्लाहरूमा एमाले नेताहरूलाई छिर्नै नदिने, आउनै नदिने भन्नेहरूलाई जनताको विशाल उपस्थितिले एमाले मध्यपहाडमा पहिलो शक्ति हो भन्ने जबाफ दिएको छ। कोशी नामलाई लिएर पहाडी क्षेत्रमा नेकपा (एमाले) कमजोर होइन, झन् बलियो बनेको छ भन्ने पुष्टि भएको छ। मध्यपहाडी लोकमार्गले कोशीका सातवटा जिल्ला उदयपुर, ओखलढुङ्गा, खोटाङ, भोजपुर, धनकुटा, तेह्रथुम र पाँचथरलाई छोएको छ। यी सात जिल्लामा मात्र होइन प्रदेशका अन्य सात जिल्लामा पनि मध्यपहाडी यात्राले ऐतिहासिक छाप छोड्न सफल भएको छ।

**इतिहासकै ठूला सभा**

कोशीमा सङ्कल्प यात्राका तीन वटा ठुला आमसभा र १३ वटा साना सभा भए। ओखलढुङ्गाको हर्कपुर, तेहथुमको वसन्तपुर र पाँचथरको फिदिमका आमसभामा हजारौँको सङ्ख्यामा जनताको सहभागिता रह्यो। यसअघि हुने गरेका सभाहरूमा सहभागी जुटाउन गर्नुपर्ने परिश्रम मध्यपहाडी यात्राका क्रममा गर्नुपरेन। जनता स्वत:स्फूर्त सहभागी भए। मनैदेखि सहभागी भए। कोशी नाममा असन्तुष्टि जनाउने समूहले गरेको बन्द, ठाउँठाउँका सडकमा रूख नै ढालेर गरेको अवरोध छिचोल्दै उर्लिएको जनसागरले विराट सन्देश प्रवाह गऱ्यो। सभाहरूमा ज्येष्ठ नागरिक, युवा, महिलालगायतको उल्लेख्य उपस्थितले मध्यपहाडमा एमालेप्रतिको आस्था, निष्ठा र अपेक्षा प्रतिबिम्बित गरेको छ।

**तराईको उल्लेख्य सहभागिता**

पार्टीका धेरैजसो ठुल्ठुला सभाहरू तराई केन्द्रित हुने गरेका थिए। पहाडबाट पटकपटक यस्ता सभाहरूमा सहभागिता हुने गरेको थियो। मध्यपहाडी यात्राका क्रममा ठीक उल्टो भयो। मध्यपहाडका तीन ठाउँहरू ओखलढुङ्गाको हर्कपुर, तेहथुमको वसन्तपुर र पाँचथरको फिदिममा ठुल्ठुला सभा भए। ती सभाहरूमा तराई क्षेत्रबाट सोचेभन्दा बढी उपस्थिति पाइयो। तीनै ठाउँमा ऐतिहाँसिक सभा भए। तेह्रथुमको वसन्तपुरमा इतिहासकै सबैभन्दा ठुलो सभा भयो। वसन्तपुरको सभामा सुनसरी र मोरङ जिल्लाबाट उल्लेख्य उपस्थिति रह्यो। त्यसमा पनि तराईवासी मधेसी र आदिवासी समुदायबाट अपेक्षाकृत बढी सहभागिता देखिन्थ्यो। पाँचथरको फिदिममा भएको सभामा पनि झापाबाट उल्लेख्य सहभागिता भयो।

मध्यपहाडका जनतामा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीप्रति लोभलाग्दो आकर्षण देखियो। बालबालिका, ज्येष्ठ नागरिक, युवा सबैको आकर्षणको केन्द्र अध्यक्ष ओली नै रहनुभयो। राजनीतिक आस्थाको सीमालाई नाघेर उहाँको व्यक्तित्वबाट प्रभावितहरूको उल्लेख्य उपस्थिति देखिन्थ्यो। अध्यक्ष ओलीलाई हेर्न र भेट्न कार्यक्रममा भेला भएकाहरूको सङ्ख्या उल्लेख्य देखिन्थ्यो। ओखलढुङ्गाको हर्कपुरको सभामा भेटिएका दुई विद्यार्थीले अहिलेसम्म कुनै पार्टीको सभामा आफूहरू सहभागी नभएको तर केपी शर्मा ओलीलाई हेर्न र भेट्न सभामा तीन घण्टाको बाटो हिँडेर आएको बताए। त्यसो त यात्राका क्रममा

अध्यक्ष ओलीलाई भेट्न अक्सिजन लगाएका व्यक्तिको समेत सहभागिता, राति १० बजेसम्म सभाका लागि पर्खेर बसेका जनताको माया उल्लेख्य छ। यो यात्रामा देखिएको जनताको सहभागिताले एमालेका अध्यक्ष केपी ओलीलाई एमालेको मात्र होइन, सिङ्गो देशको सर्वोच्च नेतामा स्थापित गरेको छ। एमालेलाई समृद्धिको एजेन्डा बोक्ने पार्टीका रूपमा परिचित गराएको छ।

**पर्यटन क्षेत्रमा अपेक्षा**

मध्यपहाडी यात्राका क्रममा तेहथुमको वसन्तपुरमा भएको कार्यक्रममा जनता बहुमुखी क्याम्पसका प्राध्यापनरत राजन भट्टराईसहित पाँचजनाको टोली वसन्तपुर पुगेको थियो। सो टोलीले केही महिनापछि मध्यपहाडी राजमार्गको पुरै यात्रा गर्ने योजना बनाएको छ। तराईबाट मध्यपहाड पुगिने मध्यपहाडबाट हिमाली क्षेत्रको पनि अवलोकन गर्न पाइने हुँदा एकपटक यो राजमार्गको यात्रा त गर्नेपर्छ भन्नेहरू एमालेको मध्यपहाडी यात्रापछि प्रशस्तै भेटिएका छन्। मध्यपहाडको पर्यटन प्रवर्धनमा यो यात्रा कोसेढुङ्गा साबित हुने पर्यटन बोर्डका निवर्तमान सदस्य कृष्ण शाहको भनाइ छ।

**नेतृत्वप्रतिको भरोसामा वृद्धि**

तेहथुमको आठराई–४ इवास्थित सिटिइभिटी भवनको माथिल्लो तलामा हलको भुइँमा म्याट बिछ्याइएको थियो। म्याटमा तन्ना थियो। त्यही बिछ्यौनामा एमालेका शीर्षनेताहरूले कठ्याङ्ग्रिने जाडोको समयमा पनि रात कटाउनुभयो। मध्यपहाडी यात्राका क्रममा यस्ता दृश्यले छुट्टै अनुभूति गरायो। यात्राका क्रममा नेकपा (एमाले) का नेताहरूले जनतासँगै लाइन लागेर खाना खानुभयो। खाजामा जनता जे खान्छन्, त्यहि मकै भटमास खानुभयो। जाडोको मौसम भए पनि राति जनता जसरी सुत्छन्, त्यसैगरी सुत्नुभयो। प्रधानमन्त्री, मन्त्री भइसकेका नेताहरूले देखाएको सादगी व्यवहारले जनतामा नेतृत्वप्रतिको भरोसा ह्वात्तै बढेको देखिएको छ।

**कृषि विकास**

कोशी प्रदेशको मध्यपहाडी क्षेत्र कृषि क्षेत्रको विकासमा उदाहरणीय मानिन्छ। त्यसमा पनि धनकुटा जिल्ला अग्रणी छ। धनकुटा, सरकारले विगतदेखि कृषिको विकासमा महत्त्व दिएको जिल्ला हो। कृषिसम्बन्धी कार्यक्रम र परियोजनामा

पनि धनकुटा प्राथमिकतामा पर्दै आएको छ। राष्ट्रिय सुन्तला जात अनुसन्धान केन्द्र (पारिपात्ले), पाख्रीबास कृषि अनुसन्धान केन्द्र, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड चिया विस्तार आयोजना (हिले), रेशम खेती कार्यक्रम, रिड आयोजना, प्राकृतिक स्रोत व्यवस्थापन कलेज (पाख्रीबास), प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (सिँधुवा) धनकुटा, प्राविधिक शिक्षालय (उत्तरपानी) मा सञ्चालित छन्। धनकुटा जिल्लाको हिले,पाख्रिबास, सिँधुवा र आसपासका क्षेत्रमा भएको व्यावसायिक कृषि क्षेत्रको पनि मध्यपहाडी समृद्धि यात्राका क्रममा अध्ययन गरिएको छ। यो क्षेत्रको कृषिको विकासलाई नमुनाका रूपमा लिएर अन्य प्रदेशका पनि मध्यपहाडी क्षेत्रमा यस्तै कार्यक्रम सञ्चालन गर्न सकिने यात्राका क्रममा रहनुभएका नेता–कार्यकर्ताले अनुभूत गरेको पाइयो।

मध्यपहाडी समृद्धि यात्राको एक मुख्य उद्देश्य नै मध्यपहाडबाट हुने बसाइँसराइ रोक्न के गर्न सकिन्छ अध्ययन गर्नु थियो। कोशी प्रदेशका १३७ वटा स्थानीय तहमध्ये ८१ वटामा त २०६८ सालको तुलनामा जनसङ्ख्या घटेको देखिन्छ। पहाडी क्षेत्र र हिमाली क्षेत्रका धेरैजसो पालिकाहरूमा जनसङ्ख्या घटेको छ। सहरिया मनोविज्ञानका कारण मध्यपहाडी क्षेत्रबाट तराईतर्फ बसाइँसराइ गर्ने क्रम बढेको छ। नेकपा (एमाले) ले मध्यपहाडलाई महत्त्व दिएर गरेको समृद्धि यात्राले यस क्षेत्रका बासिन्दालाई विपुल आशा जगाएको छ। मध्यपहाडमै केही गर्न सकिन्छ भन्ने मनोविज्ञान विकास गर्न यो यात्रा कोसेढुङ्गा साबित भएको छ। विकास पहाड चढ्ने पहाडका जनता तराई झर्ने क्रम रोक्न यो अभियान र अभियानले पार्ने प्रभावले निकै महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गर्न सकिन्छ।

पुष्पलाल मध्यपहाडी लोकमार्गमा 'झुलाघाट–चिवाभन्ज्याङ : समृद्धिका लागि सङ्कल्प यात्रा'ले कोशी प्रदेशमा नयाँ उभार सिर्जना गरेको छ। पार्टीप्रतिको भरोसा बढेको छ। जनताको पार्टी भनेको एमाले नै रहेछ भन्ने भावना जनजनमा जागृत गरेको छ। जनतासँग जोडिएका यस्ता कार्यक्रमहरू जिल्लास्तरमा पनि हुनुपर्ने आवश्यकता देखिएको छ। जनताका घरदैलोमा पार्टीका नेताहरू चुनावका बेला मात्र आइपुग्छन् भन्ने जनगुनासो चिर्न जिल्लास्तरमा यस्तो अभियान सञ्चालन गर्न सके परिणाम सार्थक हुने देखिन्छ। समग्रमा पुष्पलाल मध्यपहाडी लोकमार्गमा 'झुलाघाट–चिवाभन्ज्याङ : समृद्धिका लागि सङ्कल्प यात्रा'ले कोशी प्रदेशको राजनीतिक परिदृश्यमा महत्त्वपूर्ण परिवर्तन ल्याएको पाइन्छ। ●



# खण्ड- ग

## दस्तावेज

# १

## नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीका मन्तव्यको सार

नेकपा एमालेले मध्यपहाडको अवस्था, समस्या पहिचान र समाधानको उपाय खोज्न २०८० मङ्सिर १४ गतेदेखि पुस १ गतेसम्म मध्यपहाडी पुष्पलाल लोकमार्ग समृद्धिका लागि सङ्कल्प यात्रा अभियान सञ्चालन गर्‍यो। एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा पार्टीका पदाधिकारीसहितको टोलीले झन्डै तीन साता लामो यात्रा तय गरेको थियो। यात्राका क्रममा पार्टी अध्यक्ष ओलीले ३८ भन्दा बढी औपचारिक र अनौपचारिक सानाठुला कार्यक्रमलाई सम्बोधन गर्नुभएको थियो। उहाँले गर्नुभएका सम्बोधनका सारसङ्क्षेप यसप्रकार छन् :

२०८० मङ्सिर १४

बैतडी, झुलाघाट

**समृद्ध नेपाल सुखी नेपाली बनाउने यात्रा**

बैतडीको झुलाघाटबाट अभियानको शुभारम्भ गर्दै अध्यक्ष ओलीले मध्यपहाडी लोकमार्ग केन्द्रित विशेष अभियान सरकारी अकर्मण्यता र अस्थिर राजनीतिलाई सही बाटोमा ल्याउनका लागि भएको बताउनुभयो। यसले सरकारी अकर्मण्यता र देशको ओरालो लाग्दो अर्थतन्त्र, अराजक तथा अस्थिर भएको राजनीतिलाई सही बाटोमा ल्याउन सहयोग पुग्ने उहाँको भनाइ थियो।

उहाँले यात्राका क्रममा मध्यपहाडी भूभागमा विकासका सम्भावना, त्यहाँका युवा र जनशक्तिको अपेक्षा, उत्पादन, रोजगारी, सीप विकासको अध्ययनबारे जनतासँग संवाद गरिने बताउनुभयो। अध्यक्ष ओलीले भन्नुभयो, 'झुलाघाट–चिवाभन्ज्याङ यात्रा संवादको यात्रा हो। यो यात्रा अध्ययनको यात्रा हो। यो यात्रा नेपाली जनताको राष्ट्रिय आकाङ्क्षा समृद्ध नेपाल सुखी नेपाली बनाइछाड्ने सङ्कल्प यात्रा हो। यसलाई नेकपा एमालेले आफ्नो उद्देश्य र गन्तव्य बनाएको छ।'

### बैतडी, गोठालापानी
### देश बनाउने जिम्मा एमालेले लिन्छ

बैतडीको गोठलापानीमा आयोजित झुलाघाट–चिवाभन्ज्याङ समृद्धिका लागि सङ्कल्प अभियानअन्तर्गतको बृहत् सभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले भारतीय सुरक्षाकर्मीले तुइन काटेर नेपाली नागरिकलाई महाकाली नदीमा खसाल्दा पनि गठबन्धन सरकार चुइँक्क नबोलेको बताउनुभयो।

'आफ्नो नागरिक मर्दा, आफ्नो नागरिक मारिँदा, तुइन काटिँदा बोल्न सकेन, बोल्दैन। यसलाई तुइन विस्थापित गरेर झोलुङ्गे पुल बनाएकोमा पिर छ, बाटाघाटा बनाएकोमा पिर छ,' ओलीले भन्नुभयो।

आफू प्रधानमन्त्री बन्दा पुल, सडक, रेल, भूकम्पपछिको पुनर्निर्माणलगायत कैयौँ काम गरेको स्मरण गर्दै उहाँले भन्नुभयो, 'एमालेले सरकार छाडेपछि राजनीति अराजकतातर्फ गयो। देश ओरालो लाग्यो। देशको विकास ठप्प भयो। कर्मचारीलाई तलब खुवाउनसमेत आन्तरिक ऋण उठाउनुपर्ने अवस्था आयो।'

अहिले पहिचानका नाममा नेपाली जनतालाई विभाजन गर्न खोजिएको भन्दै उहाँले चिन्ता व्यक्त गर्नुभयो। पहिचानको सवाललाई एमालेले सबैभन्दा बढी सम्बोधन गरेको उल्लेख गर्दै उहाँले भन्नुभयो, 'पहिचानको राजनीतिका नाममा अरूलाई घृणा, निषेध र आक्रमण गर्ने कुरा स्वीकार्य हुँदैन।'

देशमा भ्रष्टाचार, अनियमितता, सुन तस्करीलगायत घटना भएका, अन्तर्राष्ट्रिय विमानस्थलबाट नै ३५ क्विन्टल सुन तस्करी भएको लगायत घटनाले अहिले देशको अर्थतन्त्र ओरालो लागेको बताउँदै उहाँले यही मौका छोपेर केही प्रतिक्रियावादीले टाउको उठाउने प्रयास गरेको बताउनुभयो। 'हामी पछाडि फर्कन सक्दैनौँ, फेरि रैती बन्न सक्दैनौँ,' ओलीले भन्नुभयो।

देशको भूगोल, स्वाधीनता र सार्वभौमसत्ताको रक्षा एमालेले गर्ने बताउँदै उहाँले देशको विकास गरेर एमालेले समृद्ध नेपाल बनाइछाड्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो। 'यस देशमा एमाले छ, देश बनाउने जिम्मा एमालेले लिन्छ, यहाँहरू ढुक्क हुनुस्,' ओलीले भन्नुभयो।

२०८० मङ्सिर १५ गते

**बैतडी**

**एमाले जनताले जोगाएको पार्टी**

बैतडीमा आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले नेकपा एमाले फुटाउने र सिध्याउने अनेक षड्यन्त्र हुँदा पनि पार्टी एक भएर अघि बढेको बताउनुभयो। ओलीले नेकपा एमाले जनताले जोगाएको पार्टी भएको भन्दै पार्टी जोगाएकोमा कार्यकर्तालाई धन्यवाद दिनुभयो। 'सबै षड्यन्त्रलाई परास्त गरेर पार्टी जोगाउनुभएको छ। पार्टी फेरि पहिलेको ठाउँमै आएको छ। देशीविदेशी सारा शक्ति लागेर पार्टीलाई सिध्याउन लाग्दा पनि पार्टी सकिएन। तपाईं सबैलाई धन्यवाद !' ओलीले भन्नुभयो।

पछिल्लो समय देशमा विभिन्न नाममा हिंसा भड्काउने काम भएको भन्दै ओलीले त्यसलाई रोक्न नेपाली नागरिक सचेत हुन आवश्यक रहेको बताउनुभयो। अहिले धर्मका नाममा, पहिचानका नाममा, जातका नाममा अनेक खालका हिंसा भड्काउने र प्रतिक्रान्ति गर्ने प्रयन्त भइरहेको भन्दै उहाँले सचेत गराउनुभयो।

देशलाई अगाडि बढाउने सङ्कल्पका साथ नेकपा एमालेले सङ्कल्प यात्रा सुरु गरेको ओलीले बताउनुभयो। यात्राको क्रममा मध्यपहाडमा समृद्धिको आधार खोजिने उहाँले जानकारी दिनुभयो।

**डडेलधुरा, अमरगढी**

**गठबन्धन सरकार आफैँ ढल्छ**

डडेलधुराको अमगरढीमा आयोजित कार्यक्रममा बोल्दै ओलीले देशको अवस्था कस्तो छ भन्ने कुरा आम नेपालीले बुझ्न आवश्यक रहेको बताउनुभयो। ओलीले अहिले देश गम्भीर सङ्कटमा परेको उल्लेख गर्दै भन्नुभयो, 'आज देश राजनीतिक हिसाबले, आर्थिक हिसाबले, सांस्कृतिक हिसाबले, अनेक हिसाबले

ओरालो लागिरहेको छ तर गठबन्धन र त्यसका नेताहरूलाई सत्ता टिकाउने, मन्त्री बन्ने, कमाउनेबाहेक कुनै चिन्ता छैन'।

एमालेको समयमा चलेको विकासको लहर अहिले रोकिएको उहाँले बताउनुभयो। देशलाई अझ बर्बाद हुन नदिन, मरिसकेको राजतन्त्र फेरि ब्युँताउँछु भन्ने भूतप्रेतहरूलाई परास्त गर्न नेपाली जनता सजग हुनुपर्ने ओलीले बताउनुभयो।

मध्यपहाडका समस्या बुझ्न, ऐतिहासिक तथा धार्मिक महत्त्वका स्थान बझ्न र स्थलगत रूपमा जनताका बीचमा पुगेर जनताका समस्या बुझ्न एमालेले समृद्धिका लागि सङ्कल्प अभियान अघि बढाएको उहाँले जानकारी दिनुभयो। उहाँले जनताका समस्या सम्बोधन गर्न एमालेले आवश्यक कदम चाल्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो।

२०८० मङ्सिर १६ गते

**अछाम, चौखट्टा**

**जनसहभागिताले देश बनाउने आँट बढ्यो**

अछामको चौखट्टामा आयोजित सङ्क्षिप्त कार्यक्रममा अध्यक्ष ओलीले एमालेले आफ्नो शासनकालमा देशको अर्थतन्त्र सबल बनाएको बताउनुभयो। ओलीले सबल बन्दै गएको अर्थतन्त्र अहिले पछाडि फर्किएकोमा चिन्ता व्यक्त गर्नुभयो। 'त्यही चिन्ता जाहेर गर्न हामी यो अभियानमा जुटेका छौँ,' उहाँले भन्नुभयो।

एमालेले सुरु गरेको अभियानमा नागरिक सहभागिता देखेर आफूहरू उत्साहित भएको ओलीले बताउनुभयो। देशको उन्नति र प्रगतिमा एमालेको सधैँ साथ रहने प्रतिबद्धता व्यक्त गर्दै उहाँले भन्नुभयो, 'यहाँहरूसँग हाम्रो जसरी भेटघाट भएको छ, यस भेटघाटले हामी उत्साहित छौँ, हाम्रो आत्मविश्वास बढेको छ, साँच्चै यहाँहरूको जागरणले पुष्टि गर्छ, अब हामी नेपाल समृद्ध बनाउन सक्छौँ, नेपाली जनतालाई सुखी बनाउन सक्छौँ'।

सङ्कल्प यात्रा विकासबाट पछाडि परेको मध्यपहाडी भेगका जनता र विकास अवस्था हेर्न आयोजना गरिएको बताउँदै उहाँले जनतासँग प्रत्यक्ष संवाद गरी विकासको सम्भावना खोजीनिती गर्न यात्रा आयोजना गरिएको जानकारी दिए।

**अछाम, मङ्गलसेन**

**देशको विकास एमालेबाहेक कसैले गर्न सक्दैन**

अछामको मङ्गलसेनमा आयोजित सभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले देशलाई अघि बढाउने कामको नेतृत्व एमालेबाहेक अरू दलले गर्न नसक्ने बताउनुभयो ।

गठबन्धन सरकार बनेपछि अहिले देशमा अस्थिरता र अराजकता फैलिएको उहाँको धारणा थियो । सरकारको ध्यान देश विकासमा नभई तस्करी भ्रष्टाचारमा केन्द्रित रहेको उहाँले बताउनुभयो । सङ्कटको स्थितिबाट देशलाई परिवर्तन गर्न एमालेले मात्रै सक्ने पनि अध्यक्ष ओलीको भनाइ थियो ।

२०८० मङ्सिर १७ गते

**अछाम, विनायक**

**जब एमाले सरकारबाट हट्छ तब हत्या हिंसाको शृङ्खला सुरु हुन्छ**

अछामको विनायकमा आयोजित सङ्क्षिप्त कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले चुनाव जित्ने नाममा मानिस मार्ने घिनलाग्दो संस्कृति विकास भएको बताउनुभयो । 'एउटा मान्छे मारेर चुनाव जित्ने संस्कृति भनेको घिनलाग्दो हो,' उहाँले भन्नुभयो ।

ओलीले चुनावकै विषयमा २०७९ जेठ १७ गते अछामका विनोद शाहीलाई बेपत्ता बनाई हत्या गरिएकोमा खेद व्यक्त गर्नुभयो । एउटा होनहार युवाको हत्या गरेर अत्यन्तै घिनलाग्दो काम गरिएको भन्दै उहाँले विनोद शाहीलाई सहिद घोषणा गर्न माग गर्नुभयो ।

अछामको पञ्चदेवल विनायक नगरपालिका–४ का १५ वर्षीय विनोद २०७९ जेठ २१ गते मृत अवस्थामा भेटिएका थिए । जेठ १७ गते बेपत्ता पारिएका अनेरास्ववियुका कार्यकर्ता विनोदको शव जेठ २१ गते भिरबाट खसालिएको अवस्थामा फेला परेको थियो ।

अहिलेको सरकारले हत्यारालाई माफी दिने, मुद्दा चलाउन नमान्ने र चलाइहाले पनि मुद्दा फिर्ता लिने काम गरेको ओलीले बताउनुभयो । अदालतले सर्वस्वहरणसहित जन्मकैद गरेकालाई तुरुन्त मुद्दा फिर्ता लिने काम सरकारले गरेको

भन्दै ओलीले आलोचना गर्नुभयो। 'अहिले धमाधम अदालतले त्यस्ता मुद्दा फिर्ता लिन पाउँदैनौ भनेर फेरि जेलमा हालिराखेको छ,' ओलीले भन्नुभयो।

**दैलेख राकम**

## राजतन्त्रको कुरा गर्नेहरू लोकतन्त्र विरोधी हुन्

दैलेखको राकममा आयोजित सभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले अहिलेको व्यवस्थाविरुद्ध वितृष्णा फैलाउन अनेक तत्त्वहरूले काम गरिरहेका बताउनुभयो। प्रक्रियावादीहरू गणतन्त्रलाई उल्टाउने कुरा गर्न लागेका टिप्पणी गर्दै उहाँले उनीहरूको कुचेष्टा सफल नहुने बताउनुभयो। 'आज कोही प्रतिगमनतिर फर्कने कुरा गर्दै छ भने त्यो देशद्रोही हो, त्यो लोकतन्त्र विरोधी हो, त्यो जनतालाई गरिब राख्न खोज्ने कुरा हो,' ओलीले भन्नुभयो।

लोकतन्त्रको विरोधमा बोल्ने र त्यसबारे सोच्ने व्यक्ति नेपाल र नेपालीको हितको पक्षमा नरहेको उहाँले स्पष्ट पार्नुभयो। 'त्यो नेपाल र नेपालीको हितविपरितको कुरा हुन्छ,' ओलीले भन्नुभयो।

२०८० मङ्सिर १८ गते

**दैलेख**

## एमाले सरकारमा भएन भने देश बर्बाद हुन्छ

दैलेखको सदरमुकाममा आयोजित सार्वजनिक भेटघाट कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले नेकपा एमाले जनताका लागि काम गर्ने पार्टी भएको बताउनुभयो। आगामी दिनमा विकासको लहर कसरी सिर्जना गर्ने भनेर अध्ययन र चिन्तन गर्न नेकपा एमालेले झुलाघाट–चिवाभन्ज्याङ समृद्धिका लागि सङ्कल्प यात्रा आयोजना गरिएको जानकारी दिनुभयो। 'विश्व सम्पन्नतातर्फ लम्किरहेको बेला नेपाल मात्र गरिब भएर बस्न सक्दैन, गरिब राख्न हुँदैन,' उहाँले भन्नुभयो।

ओलीले वर्तमान सरकार चीनसँग सहयोग लिन डराउने गरेको बताउनुभयो। दैलेखमा आठ राजनीतिक दलले बुझाएको ध्यानाकर्षपत्र बुझ्दै अध्यक्ष ओलीले अहिलेको सरकारले चीनसँग सहयोग लिन डराएको बताउनुभयो।

आफू प्रधामन्त्री भएका बेला चीन भ्रमणका क्रममा चिनियाँ राष्ट्रपति सी चिनफिङसँग नेपाली उत्पादन किन्न आग्रह गरेको र सीले त्यसका लागि चीन तयार रहेको बताएको स्मरण गर्दै अध्यक्ष ओलीले भन्नुभयो, एमाले सरकारबाट

बाहिरिएपछि त्यसमा बेवास्ता गर्दा अहिले देशमा आयात बढ्दो र निर्यात झन्झन् घट्दो अवस्थामा पुगेको छ।'

ओलीले अबका राजनीतिक पार्टीले राजनीति मात्र होइन, विकासको नेता हुनुपर्ने बताउनुभयो। 'कसरी विकास हुन सक्छ, के हुन सक्छ, यस्ता कुरालाई लिएर हामीले सोच्नुपर्छ। यसमा तत्काल काम थालिहाल्नुपर्ने आवश्यकता छ। किनभने, कुनै पनि देश अर्काले आएर बनाइदिँदैन, आफ्नो देश आफैँले बनाउने हो,' उहाँले भन्नुभयो।

**सुर्खेत**

**देश सांस्कृतिक अधोपतनतर्फ लाग्यो**

कर्णालीको सुर्खेतमा आयोजित सभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले देशमा सामाजिक अराजकता बढेको र सांस्कृतिक अधोपतन भइरहेको बताउनुभयो। तथापि, गठबन्धनमा रहेका पार्टीहरू यसप्रति गम्भीर नभएको बताउँदै उहाँले यो अवस्था एमालेका लागि मात्र नभई सबैलाई चिन्ताको विषय हुनुपर्नेमा जोड दिनुभयो। 'नेपालको इतिहासमै यस्तो दुरवस्था कहिल्यै पनि भएको थिएन। देशको बचत ध्वस्त भएको छ। जनतामा गरिबी बढेको छ। जनतामा नैराश्यता छाएको छ। असन्तुष्टि बढेको छ। युवाहरू निराश र पलायन भइरहेका छन्। यस्तो अवस्थालाई रोक्नुपर्छ,' उहाँले भन्नुभयो।

देशको राजनीति अन्योल र अराजकताबाट गुज्रिरहेको उल्लेख गर्दै उहाँले देशमा कानुनको होइन, भ्रष्टहरूको राज चलिरहेको बताउनुभयो। 'सरकारले राष्ट्र हित, स्वाभिमान र स्वाधीनताको रक्षा गर्न सकेन,' अध्यक्ष ओलीले भन्नुभयो।

२०८० मङ्सिर १९ गते

**सल्यान**

**एमालेको कार्यक्षमता देखेर विरोधी आत्तिए**

सल्यानमा आयोजित सन्देशसभालाई सम्बोधन गर्दै ओलीले एमालेको कार्यक्षमता देखेर विरोधीहरू आत्तिएको बताउनुभयो। 'हाम्रो कार्यक्षमता देखेर हाम्रा विरोधीहरू आत्तिए। पार्टीभित्रै लुकेर बसेका कतिपय हरिया सर्पहरू पनि आत्तिए। तिनले पनि पार्टीविरुद्ध प्रहार गरे। हाम्रो देशलाई सम्पन्न भएको देख्न नचाहने, विकास भएको देख्न नचाहने, यस देशको राष्ट्रिय स्वाधीनता र स्वाभिमान माथि

उठेको देख्न नचाहने वैदेशिक शक्तिहरूले पनि हाम्रा विरुद्धमा षड्यन्त्र गरे,' उहाँले भन्नुभयो ।

अध्यक्ष ओलीले देश अगाडि बढ्नुपर्नेमा विनाशतर्फ धकेल्ने काम गरिएको भन्दै विश्व तीव्र आर्थिक विकासतर्फ अघि बढिरहेको बेला नेपाल भने सरकारको गलत रबैयाका कारण ओरालो लाग्नु दुर्भाग्यपूर्ण रहेको बताउनु भयो ।

### जाजरकोट, रिम्ना
### भूकम्पपीडितको उद्धारमा सरकार लागेन

रुकुम पश्चिम र जाजरकोटको सिमाना रिम्नामा भूकम्पप्रभावित क्षेत्र रुकुम र जाजरकोटमा खटिनुभएका एमालेका स्वयम्सेवकलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले भूकम्पप्रभावितको राहत र उद्धारमा सरकार निकम्मा साबित भएको बताउनुभयो । ओलीले राष्ट्रपति, प्रधानमन्त्रीदेखि गृहमन्त्री र अन्य मन्त्री हेलिकोप्टर चढ्न व्यस्त भए पनि पीडितको उद्धार, राहत र पुन:स्थापनाको काम हुन नसकेको बताउनुभयो। 'हेलिकोप्टर उडाउन कम्पिटिसन हुन्छ। हेलिकोप्टर बसाउने ठाउँ पाइँदैन । अस्पतालमा नेताहरूको लर्को लागेर बिरामीको उपचार हुन पाउँदैन । यता नेताहरूको चाकडीमा ब्रिफिङ गर्न डाक्टरहरू जानुपर्छ । प्रमुख जिल्ला अधिकारी, प्रहरीहरू नेताको सुरक्षामा खटिँदा ठीक हुन्छ, त्यसमा जान भ्याउँदैनन्, सक्दैनन्,' ओलीले भन्नुभयो ।

एमालेका स्वयम्सेवकले अस्थायी आवास बनाएर पीडितलाई हस्तान्तरण गर्दा पनि सरकारले के हेरेर बसेको भन्दै उहाँले प्रश्न गर्नुभयो । एमालेका स्वयम्सेवकले बिनापैसा ८१३ अस्थायी घर बनाएर दिंदा पनि सरकार हात बाँधेर बसिरहेको उहाँले बताउनुभयो। 'एमालेमा जुन कार्यक्षमता छ, त्यो अरूसँग छैन। अरूले त्यो कार्यक्षमता प्रदर्शन गर्न सक्दैनन्। नेकपा एमालेसँग जुन जनभावना छ, त्यो जनभावना अरूसँग छैन,' उहाँले भन्नुभयो ।

२०८० मङ्सिर २० गते

### रुकुम पूर्व, रुकुमकोट
### देशको राजनीति अस्थिर र अराजकतामा धकेलियो

अध्यक्ष ओलीले रुकुमकोटमा आयोजित जनतासँग सार्वजनिक भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै देशलाई कसरी सकारात्मक बाटोतर्फ फर्काउने भन्ने कुरा

नै अहिलेको चुनौती रहेको बताउनुभयो। 'आज देशको राजनीति अन्योलग्रस्त छ। देशको राजनीति निराशायुक्त छ। देशको राजनीति अस्थिर र अराजक बनेको छ। देशको राजनीतिप्रति जनविश्वास अत्यन्तै घटेको छ। त्यसै गरेर अर्थतन्त्र अत्यन्तै अप्ठेरो, असहज र बिग्रिएको अवस्थामा छ,' उहाँले भन्नुभयो।

अध्यक्ष ओलीले सरकारका कारण लोकतान्त्रिक मूल्य–मान्यता धरापमा परेको, राष्ट्रिय स्वाभिमान गिरेको र विकासको काम रोकिएको बताउनुभयो। नेपाल सरकारले अहिले छिमेकीसँग ठाडो शिर गरेर कुरासमेत गर्न नसक्ने अवस्था रहेको उहाँले टिप्पणी गर्नुभयो।

ओलीले देशनिर्माणका लागि देशमै बसेर केही गर्छु भन्ने भावना विकास गर्न नागरिकलाई पनि आग्रह गर्नुभयो। घरखेत सबै बेचेर अमेरिका जान मरिहत्ते गर्ने होइन, त्यही घरखेतलाई जमाएर सुनको टुक्रामा परिणत गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। अहिले दुनियाँ ठुलो भएकाले उत्पादन गर्ने हो भने जुनसुकै चिजको पनि जतातत्तै बजार रहेको उहाँले प्रस्ट पार्नुभयो।

यसैबीच रुकुमकोटमा आयोजित विकास र समृद्धिसम्बन्धी सर्वदलीय सर्वपक्षीय अन्तर्क्रियालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले गठबन्धन सरकारका कारण देशको सबै क्षेत्र डामाडोल अवस्थामा रहेको बताउनुभयो। देश हरेक क्षेत्रबाट असफल भइरहेकाले देशलाई सही ढङ्गले निकास दिन सङ्कल्प अभियानमा आम जनतासँग राय, सुझाव लिने र सोहीअनुसार अघि बढ्ने एमालेको योजना रहेको उहाँले बताउनुभयो।

## गुल्मी
## एकल बहुमत नभई जनताको अपेक्षा पूरा हुँदैन

गुल्मीमा आयोजित कार्यक्रममा बोल्दै ओलीले एमालेको एकल बहुमत भएन भने जनताको अपेक्षा पूरा गर्न नसकिने बताउनुभयो। ओलीले सरकारमा एमाले रहेन भने दुई वर्षमा नै देश कङ्गाल हुने रहेछ भन्ने पुष्टि भएको बताउनुभयो। 'नेकपा एमालेले बाहेक अरूले यो देश बनाउन सक्दैन। एमालेको एकल बहुमतबिना यो सपना साकार हुनेवाला छैन,' ओलीले भन्नुभयो।

मिसन २०८४ एमालेका लागि मात्र नभएर देशको विकासका लागि, राष्ट्रियताका लागि, समृद्धि र सुशासनका लागि भएको उहाँले बताउनुभयो। देशका कुनकुन ठाउँमा कस्ता समस्या छन्, जनताले कस्तो समस्या भोगिरहेका छन्,

भूकम्पपीडितको अवस्था कस्तो छ, एमालेका स्वयम्सेवकले कसरी काम गरेका छन् भन्ने कुरा हेर्न पनि यात्रा आयोजना गरिएको उहाँले बताउनुभयो। एमालेका स्वयम्सेवकले ज्यानको बाजी लगाएर भूकम्पपीडितका निम्ति काम गरेको भन्दै ओलीले धन्यवाद दिनुभयो।

२०८० मङ्सिर २१ गते

**बागलुङ**

**राष्ट्रिय शक्ति नेपाली जनताका बीचबाट निस्किन्छ**

बागलुङ सदरमुकाम बागलुङ बजारमा आयोजित सन्देश सभामा बोल्दै अध्यक्ष ओलीले वर्तमान गठबन्धन सरकार लज्जाबोध नभएको सरकार भएको बताउनुभयो। गठबन्धन सरकारले देशलाई बन्धक बनाएको टिप्पणी गर्दै उहाँले सरकारले राष्ट्रघाती काम गरेर विकास रोक्नुका साथै देशको स्वाधीनता कमजोर बनाएको बताउनुभयो।

अहिले राष्ट्रियताको रक्षा गर्न, राष्ट्रलाई आत्मनिर्भर अर्थतन्त्रका साथ अघि बढाउन आवश्यक रहेको उहाँले बताउनुभयो। 'त्यो गर्न राष्ट्रिय शक्ति आवश्यक पर्छ। राष्ट्रिय शक्ति नेपाली जनताका बीचबाट निस्किनुपर्छ, अरूबाट निस्किने होइन। नेपाली जनता भ्रम, अन्योलमा पर्नुहुँदैन, राष्ट्रिय शक्तिको रूपमा उभिनु पर्छ। देश हितको पक्षमा उभिनु पर्छ, शान्तिको पक्षमा, सुशासनको पक्षमा, विकासको पक्षमा उभिन सक्नुपर्छ,' उहाँले भन्नुभयो।

नेपालको हावापानी मेडिकल कलेजका लागि अति उपयुक्त भए पनि प्राविधिक र मेडिकल कलेज खोल्न नदिने शैक्षिक माफियाहरूका कारण अवरोध भइरहेको जनाउँदै उहाँले एमाले नेपाललाई मेडिकल हब बनाउनुर्पेमा स्पष्ट रहेको बताउनुभयो।

आफू नेतृत्वको सरकारले विकास र समृद्धिका क्षेत्रमा कैयौँ काम गरेको अध्यक्ष ओलीले बताउनुभयो। 'एमालेले केके काम गऱ्यो सबैलाई थाहा छ। हामीले बेनीबाट कोरला नाकासम्म मुस्ताङ हुँदै जाने बाटो खोल्यौँ। कोरला नाका पनि खोल्यौँ। हामीले यो बाटो बनायौँ। मुस्ताङमा युरेनियमको खानीको पहिचान गरी विदेशबाट एक्सपर्टहरू बोलाएर छानबिन गऱ्यौँ। अध्ययन अनुसन्धान गऱ्यौँ, त्यसको सुरक्षा गर्ने काम नेपाली सेनालाई जिम्मा दियौँ,' उहाँले भन्नुभयो।

## पर्वत, कुस्मा
## एमालेलाई रोक्ने प्रयास गर्नेको सत्यानाश हुन्छ

पर्वतको कुस्मामा आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले गठबन्धन सरकार काम गर्ने होइन, काम बिगार्न बनेको बताउनुभयो। 'देशमा एउटा सरकार त छ तर काम लाग्ने छैन, काम नलाग्ने मात्र होइन, काम बिगार्ने छ,' कार्यक्रममा बोल्दै ओलीले भन्नुभयो।

उहाँले एमालेले उत्तरबाट बाटो खोलेको भए पनि सरकाले त्यसको प्रयोग गर्ने आँट नगरेको बताउँदै नेपाली भूमि लिम्पियाधुरा, लिपुलेक, कालापानीलाई समेटेर एमालेले चुच्चे नक्सा बनाई संविधानको अङ्ग बनाएको भए पनि वर्तमान सरकारले त्यसको कार्यान्वयन त के त्यसबारे राम्रोसँग बोल्न पनि नसकेको टिप्पणी गर्नुभयो।

सरकारका प्रमुखले भारत गएर बङ्गलादेश जाने बाटो दिन्छौ भने त्यो भूमि दिन्छौँ भनेर आपत्तिजनक अभिव्यक्ति दिएको प्रसङ्ग उल्लेख गर्दै उहाँले प्रश्न गर्नुभयो, 'जमिन छोड्छु भन्ने अधिकार तिनलाई कसले दियो ?'

<u>२०८० मङ्सिर २२ गते</u>

## कास्की, तालचोक पोखरा
## युवालाई देशमा नै बस्ने वातावरण बनाउनुपर्छ

पोखराको तालचोकमा आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले एमालेले सरकारमा हुँदा पुराना संरचनालाई पनि नयाँ ढङ्गले विकास गरेको बताउनुभयो। पूर्व–पश्चिम राजमार्गको स्तरोन्नतिका साथै मध्यपहाडी लोकमार्गलगायत नयाँनयाँ सडक संरचना एमालेको पालामा विकास भएको उहाँको भनाइ थियो। एमालेको पालामा, सडक, पुल, अस्पताल, रेलदेखि पानी जहाजसम्मको काम अघि बढेको ओलीले बताउनुभयो।

ओलीले देश बनाउन युवालाई देशमा नै बस्ने वातावरण बनाउनुपर्ने बताउनुभयो। 'हामीले बनाउनुपर्छ हाम्रो देश, देश बनाउन युवाशक्तिलाई देशभित्रै राख्नुपर्छ,' उहाँले भन्नुभयो।

### लमजुङ, सुन्दर बजार
### एमाले सरकारमा नहुँदा देश ओरालो लाग्यो

लमजुङको सुन्दरबजारमा आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले नेकपा एमालेको समयमा बनाइएका बाटाहरू अढाई वर्षमा फेरि भत्किए पनि त्यसको कसैले मर्मत नगरेको बताउनुभयो। बनिरहेका सडकको काम रोकिएको आफूले यात्राका क्रममा देखेको ओलीले सुनाउनुभयो। 'यो अढाई वर्ष देशलाई बर्बादीतर्फ धकेल्ने वर्ष भयो,' उहाँले भन्नुभयो। यही अवस्थामा देशलाई ओरालो लाग्न दिन नहुने बताउँदै ओलीले जनता जगाउन एमाले समृद्धिका लागि सङ्कल्प यात्रा सुरु गरेको बताउनुभयो।

### गोरखा
### नेपाली जनतामा तीव्र विकासको आकाङ्क्षा

गोरखामा आयोजित अन्तर्क्रियामा बोल्दै अध्यक्ष ओलीले जति छिटो पूर्वाधार निर्माणको काम गर्न सक्यो, त्यति नै छिटो नेपालको विकासले गति लिने बताउनुभयो। नेपाली जनताको तीव्र विकासको आकाङ्क्षा रहेको उल्लेख गर्दै उनले भने, 'यो जनतालाई सुविधा, असुविधाको कुरा मात्र होइन, यो उन्नति र आधुनिकतासँग पनि जोडिएको छ।'

अहिलेको अवस्थामा नेपाल सरकार आफैँले ठुल्ठुला आयोजनाको काम गर्न नसक्ने भएकाले नेपाल र नेपालीको हित हुने गरी सबै मित्रराष्ट्रबाट सहयोग लिएर देशविकासको काम गर्नुपर्ने उहाँको धारणा छ। ओलीले मुआब्जाका रूपमा ७६ अर्ब रुपैयाँ सरकारले तिरिसकेकाले बुढीगण्डकी आयोजनाको काम अब रोक्न नहुने बताउनुभयो।

उहाँले गोरखाको गोरखकाली रबर उद्योगलाई बचाउनुपर्छ भनेर नेकपा एमाले लागिरहेको तर केही तत्त्वले सो उद्योग चल्न नदिएको पनि प्रस्ट पार्नुभयो। उहाँले जस्तोसुकै इन्जिनको गाडी आए पनि टायर, ट्यूब आवश्यक पर्ने बताउँदै ओलीले देशमा त्यो उद्योग सञ्चालन हुँदा देशमा नै पैसा बस्ने कुरा सबैले बुझ्नु आवश्यक रहेको उहाँको भनाइ थियो।

२०८० मङ्सिर २३ गते

### गोरखा, आरुघाट

### देशहितमा हुने सबै सहयोग लिनुपर्छ

गोरखाको आरुघाटमा आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले एक स्वतन्त्र र स्वाधीन राष्ट्र भएको नाताले देशको हित र विकासका निम्ति सबै राष्ट्रबाट सहयोग लिनुपर्ने बताउनुभयो। अहिले सरकारले देशको हितमा हुने कतिपय सहयोगसमेत नलिएर देशविकासको काम ठप्प पारेको ओलीले टिप्पणी गर्नुभयो।

देशविकासको काम अहिलेको गठबन्धन सरकारले गर्न नसक्ने दाबी गर्दै अध्यक्ष ओलीले भन्नुभयो, 'त्यसकारण मिसन २०८४ सफल पार्नुपर्छ। यो गठबन्धनलाई पराजित गर्नुपर्छ। नेकपा एमालेको एक बहुमतको सरकार बनाउनुपर्छ।'

### नुवाकोट, बट्टार

### एनसेल काण्डको छानबिन गर

नुवाकोटको बट्टारमा आयोजित सभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले अहिलेको गठबन्धन सरकारले अराजकता र तस्करीलाई प्रश्रय दिएको बताउनुभयो।

यस्ता गतिविधि बन्द गर्न आग्रह गर्दै उहाँले एनसेलको सेयर खरिद बिक्री काण्डबारे स्पष्ट छानबिन गर्न सरकारलाई आग्रह गर्नुभयो। 'सम्झौता अनुसार एनसेल भन्ने कम्पनी २०२७ को डिसेम्बर २० मा नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्छ। त्यो छल्न अर्कोलाई बेचेको नाटक मञ्चन गरिँदैछ। खर्बौंको कारोबार अर्बौंमा गर्ने अत्यन्तै अपराधपूर्ण काम भएको छ। हामीले राम्ररी अध्ययन गर्न पाएका छौँ। म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, खबरदारी गर्न चाहन्छु,' उहाँले भन्नुभयो।

एमालेले पोखरा र भैरहवा विमानस्थल बनाए पनि अहिलेको सरकारले चलाउन नसकेको उहाँले बताउनुभयो। अध्यक्ष ओलीले भन्नुभयो, 'हामीले पोखरा र भैरहवा एयरपोर्ट बनायौँ, यो सरकारले चलाउन सक्दैन, यस्तो काम गर्न नसक्ने, देशको हितमा बोल्न नसक्ने सरकार किन बस्ने ? राजीनामा गरेर गए हुन्छ।'

२०८० मङ्सिर २४ गते

## नुवाकोट, बट्टार

## **एमाले सरकारमा नभएपछि विकास रोकिनु स्वाभाविक**

नुवाकोटको बट्टारमा आयोजित अन्तर्क्रियालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले एमाले सरकारमा नभएपछि विकास नहुनु, भए पनि सुस्त हुनु र काम रोकिनु स्वाभाविक भएको बताउनुभयो। आफू नेतृत्वको सरकारको साढे तीन वर्षको अवधिमा असाधारण काम गरेको स्मरण गर्दै उनले एमाले सरकारबाट बाहिरिएपछि विकास निर्माणका काम ठप्प भएको बताउनुभयो। चीनसँगको आवागमनलाई सहज बनाउन टोखा–छहरे सुरुङमार्ग बनाउनेलगायत योजना आफूहरूले अगाडि सारेको अध्यक्ष ओलीले बताउनुभयो।

एमाले नेतृत्वको सरकारले विकासका धेरै कामको सुरुआत गरे पनि अहिलेको गठबन्धन सरकारले त्यसमा ध्यान केन्द्रित गर्न नसकेको र काम अगाडि बढाउन नसकेको ओलीले बताउनुभयो। उहाँले भन्नुभयो, ‘गल्छी–मैलुङ–रसुवागढी बाटो बनाउने काम थाल्यौँ। चीनसँगको आवागमनलाई सहज बनाउन टोखा–छहरे सुरुङमार्ग निर्माण गर्ने योजना अगाडि सार्‍यौँ। २४ किलोमिटर स्याफ्रुबेँसी–बेत्रावती खण्डलाई पनि सुरुङ बनाएर काम गर्न योजना अघि सार्‍यौँ, त्यसले रेलमार्गका लागि सहज बनाउँछ। काठमाडौँबाट दिल्ली र काठमाडौँबाट बेइजिङ कनेक्सन दुवैतिर सजिलो बनाउँछ। हामीले भारतसँग पनि कुरा गर्‍यौँ, रक्सौल–काठमाडौँ रेलका लागि। भारतले र चीनले पनि काम गरिरहेका छन्। हामी सरकारमा छैनौँ, त्यसकारण केही विलम्ब भएको छ। हामी सरकारमा नभएपछि ढिलाढाला हुनु, सुस्त हुनु, काम रोकिनु स्वाभाविकै हो, जसले जति सक्छ त्यति न गर्छ।’

एमाले नेतृत्वको सरकारले मध्यपहाडी राजमार्ग जहाँसम्म पुर्‍याएको थियो, त्यहीँ पुगेर कामको गति रोकिएको पनि उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, ‘अवरुद्ध विकासलाई गति दिन र जनताको हितका लागि एमालेको सरकार अपरिहार्य छ।’

### सिन्धुपाल्चोक, बाहुनेपाटी
### एमाले नभएको भए मेलम्चीको पानी काठमाडौँ झर्ने थिएन

सिन्धुपाल्चोकको मेलम्ची–१२ बाहुनेपाटीमा आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले मेलम्ची–काठमाडौँ खानेपानी आयोजना एमालेको सरकार नभएको भए बन्दै नबन्ने दाबी गर्नुभयो। 'नेकपा एमालेको सरकार हुँदैनथ्यो भने मेलम्ची आयोजनाको पानी काठमाडौँ झर्ने नै थिएन,' ओलीले भन्नुभयो।

काठमाडौँमा पानी झरिसकेपछि बाढीले मुहान बिगार्दा रोकिएको पानीको मुहान सफा गर्ने कामसमेत सरकारले गर्न नसकेको भन्दै ओलीले आलोचना गर्नुभयो। 'हेडलाई सफा गर्नुपर्ने भए पनि सफा गर्नुपर्‍यो, सार्नुपर्ने भए पनि सार्नुपर्‍यो नि, सार्नुपर्‍यो भनेर कथा हालेर हुन्छ ?' ओलीले प्रश्न गर्नुभयो।

### काभ्रे, कुन्ताबेँसी
### एमाले कसैले रोक्दा रोकिने पार्टी होइन

काभ्रेको कुन्ताबेँसीमा आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले नेकपा एमालेलाई कसैले पराजित गर्न नसक्ने बताउनुभयो। एमालेलाई रोक्न खोज्नु सूर्यलाई रोक्न खोज्नुजस्तै भएको ओलीको टिप्पणी थियो। एमालेसँग एक्लाएक्लै लड्ने आँट कोहीसँग नभएको बताउनुभयो। 'नेकपा एमाले कसैले रोक्दा रोकिने पार्टी होइन, कसैले सिध्याउन खोज्दा सिद्धिने पार्टी पनि होइन,' उहाँले भन्नुभयो।

### काभ्रे, धुलिखेल
### घृणा र विद्वेष कहिल्यै जायज हुन सक्दैन

काभ्रेको धुलिखेलमा अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा मानवअधिकार एलाइन्सले आयोजना गरेको कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले देश कुनै जात विशेषको नहुने बताउनुभयो। नेपाल विविधताबीचको एकताको मुलुक भएको उहाँले प्रस्ट पार्नुभयो।

कुनै जात वा समुदाय विशेषको कुरा गर्दा देश अघि बढ्ने नभई ढुङ्गेयुगतिर नै फर्कने उहाँले बताउनुभयो। जातका आधारमा हुने सबै खालका विभेद अन्त्य हुनुपर्नेमा ओलीले जोड दिनुभयो। 'आपसमा घृणा र विद्वेष फैलाउने कुरा कहिल्यै पनि जायज हुन सक्दैन,' उहाँले भन्नुभयो, 'ढुङ्गा हान्ने कुरा मानवअधिकारभित्र

नपर्ने बताउँदै उहाँले असन्तुष्ट पक्षलाई आह्वान गर्नुभयो, 'ढुङ्गा हान्ने होइन, आउनुस् बसेर छलफल गरौँ।'

२०८० मङ्सिर २५ गते

**सिन्धुपाल्चोक, खाडीचौर**

**एमाले अब अल्मलिनुहुँदैन**

सिन्धुपाल्चोकको खाडीचौरमा आयोजित सभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले एमालेका नेता–कार्यकर्ताले अब अल्मलिनुपर्ने अवस्था नरहेको बताउनुभयो। एमाले प्रस्ट दिशा र उद्देश्य लिएर अघि बढेको उहाँको भनाइ थियो। 'सिन्धुपाल्चोकजस्तो सचेत भूमि, सहिदको भूमि, यो ठाउँ अल्मलिनुहुँदैन,' ओलीले भन्नुभयो। एमालेले विकासको अनेक काम गर्दागर्दै पनि सरकारबाट हटाउने काम भएको सन्दर्भ उल्लेख गर्दै उहाँले सिन्धुपाल्चोकलाई एमालेले विपत् क्षेत्र घोषणा गरी काम गरेको स्मरण पनि गर्नुभयो।

**दोलखा, चरिकोट**

**शान्ति प्रक्रिया नटुङ्गिनुमा काँग्रेस-माओवादी जिम्मेवार**

दोलखाको चरिकोटमा आयोजित सभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले एमालेले सुरु गरेको अभियान राष्ट्रिय उत्सवको अभियान भएकाले सबैको सहभागिता रहेको बताउनुभयो। एमाले एउटा राष्ट्रिय लक्ष्य लिएर अघि बढेकाले त्यसमा बालकदेखि वृद्धसम्मको सहभागिता रहेको ओलीले प्रस्ट पार्नुभयो।

ओलीले नेपाल कम्युनिस्ट पार्टी अदालतले नभई विखण्डनकारीले फुटाउने काम गरेको बताउँदै विखण्डनकारीको पक्षमा नलाग्न सबैमा आग्रह गर्नुभयो। 'एमालेबाहेक वामपन्थी पार्टीमा कुनै कायकर्ता हुनुहुन्छ भने त्यो गलत बाटोमा नहिँड्नुस्, झिँगाको पछि किन लाग्ने फोहोरको डङ्गुरमा जान ?' उहाँले भन्नुभयो।

नेकपा एमालेको लक्ष्य सरकारमा गइहाल्ने नभए पनि वर्तमान सरकार आफ्नै कारणले ढल्ने अवस्थामा पुगेको ओलीले बताउनुभयो। देशले अब यो सरकारको गतिविधि थेग्न नसक्ने उहाँले प्रस्ट पार्नुभयो। 'यो सरकार कसैले ढाल्नैपर्दैन, आफै ढल्ने स्थितिमा पुगेको छ,' ओलीले भन्नुभयो। ओलीले प्रचण्ड र शेरबहादुर देउवाकै कारण शान्तिप्रक्रिया नटुङ्गिएको पनि बताउनुभयो।

## रामेछाप, मन्थली
## देश ओरालोमा चलेको गाडीजस्तो भयो

रामेछापको मन्थलीमा आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले देशको अवस्था नराम्रो भएकाले राम्रो अवस्थामा नबदली नहुने बताउनुभयो। यसका लागि नागरिकको साथ र सहयोग आवश्यक रहेको ओलीको भनाइ थियो। यो देश बनाउनुपर्छ भन्ने बुझेर नै जनताले एमालेको समृद्धिका लागि सङ्कल्प यात्रामा साथ दिएको उहाँले स्पष्ट पार्नुभयो।

देशविदेशका सबै शक्ति एकजुट भएर नेकपा एमालेलाई हुँडारले जस्तो आक्रमण गर्दा पनि कार्यकर्ताले जोगाएको भन्दै ओलीले धन्यवाद दिए। नेकपा एमालेलाई बचाउने मात्र होइन, देशको सबैभन्दा लोकप्रिय पार्टीका रूपमा उठाएको भन्दै ओलीले कार्यकर्ताप्रति आभार प्रकट गर्नुभयो। 'बाघको छाला लगाएका तर स्याल, त्यस्ताले पार्टी सिध्याउन खोजे तर कार्यकर्ता र जनताले जोगाए,' ओलीले भन्नुभयो।

२०८० मङ्सिर २६ गते

## सिन्धुली, खुर्कोट
## एमाले देश विकासमा दृढ सङ्कल्पित

सिन्धुलीको खुर्कोटमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले एमाले देश विकासमा दृढसङ्कल्पित रहेको बताउनुभयो। एमाले राष्ट्र निर्माणको अभियन्ता भएको भन्दै उहाँले समृद्ध नेपाल सुखी नेपालीको सङ्कल्प बोकेर हिँडिरहेको बताउनुभयो। जनताबाट गरिबी हटाउने, समृद्धि ल्याउने कामको अगुवाइ एमालेले गर्ने अध्यक्ष ओलीले बताउनुभयो।

## ओखलढुङ्गा, हर्कपुर
## एमालेले मात्रै भ्रष्टाचार नियन्त्रण गर्न सक्छ

ओखलढुङ्गाको हर्कपुरमा आयोजित जनसभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले एमालेले मात्रै देशमा शान्ति सुरक्षा कायम गर्न सक्ने बताउनुभयो। उहाँले भ्रष्टाचार नियन्त्रण गर्न र सुशासन कायम गर्न पनि एमाले मात्रै सक्षम रहेको बताउनुभयो। अध्यक्ष ओलीले भन्नुभयो, 'एमाले मात्रै त्यस्तो पार्टी हो, जसले

शान्ति सुव्यवस्था कायम गर्न सक्छ, भ्रष्टाचार नियन्त्रण गर्न सक्छ, तस्करी नियन्त्रण गर्न सक्छ, सुशासन दिन सक्छ। कानुनको राज, न्यायको राज एमालेले मात्रै दिन सक्छ।'

अध्यक्ष ओलीले आफू नेतृत्वको सरकारले आठवटा ठुल्ठुला ओद्योगिक क्षेत्र बनाउन थालेको तर गठबन्धन सरकारले ती सबै ठप्प पारेको बताउनुभयो। अहिलेको गठबन्धन सरकारले देशभक्ति र राष्ट्रिय एकताको भावना कमजोर पार्ने एवम् सामप्रदायिकतालाई बढावा दिने काम गरेको उहाँले बताउनुभयो।

जनताका बीचमा फाटो ल्याउने काम नगर्न आग्रह गर्दै उहाँले राष्ट्रिय एकताको भावना बढाउँदै सबै नेपाली एकताबद्ध भएर अगाडि बढ्नुपर्ने बताउनुभयो। राजनीतिक विचारमा मतभेद हुन सक्ने भन्दै उहाँले ती मतभेदको समाधान वैधानिक, कानुनी र शान्तिपूर्ण बाटोबाट गर्नुपर्ने बताउनुभयो। अध्यक्ष ओलीले आवेश उत्तेजना नभएर छलफल र वार्ताबाट ती मतभेद अन्त्य गर्नुपर्ने अध्यक्ष ओलीले बताउनुभयो। एकताबद्ध भएर राष्ट्र निर्माणमा लाग्न उहाँले सबैमा आह्वान गर्नुभयो।

२०८० मङ्सिर २७

**खोटाङ**

## ज्येष्ठ नागरिकसँग अन्तर्क्रिया

खोटाङ सदरमुकाम दिक्तेलमा अध्यक्ष ओलीले ज्येष्ठ नागरिकहरूसँग भेटघाट र अन्तर्क्रिया गर्नुभयो। सो क्रममा ओलीले ज्येष्ठ नागरिकहरूका सल्लाह, सुझाव र गुनासो सुन्नुभएको थियो।

ज्येष्ठ नागरिक सङ्घ खोटाङले अध्यक्ष ओलीलाई अनुरोधपत्र बुझाउँदै खोटाङ जिल्लामा फलफूलहरू खेर गएको बताउँदै बाहिरबाट हुने मदिरा आयात रोक्न सुझाव दिएको थियो। सङ्घका अध्यक्ष दुर्गाप्रसाद घिमिरे र सचिव राम ताम्राकारले बुझाएको अनुरोधपत्रमा मदिरा उत्पादनका लागि आवश्यक कानुनी प्रक्रियाको जिम्मा स्थानीय सरकारले लिने व्यवस्था मिलाउन अनुरोध गरिएको थियो। यस्तै मदिरा उत्पादनका लागि प्रत्येक घरलाई १० देखि १ सय फलफूलका बिरुवा रोप्ने, औषधि तथा प्राविधिक सहायताको व्यवस्था मिलाउनुपर्ने उहाँहरूको सुझाव थियो। ज्येष्ठ नागरिकसँगको भेटघाटका क्रममा ओलीले खोटाङ आएर ज्येष्ठ नागरिकसँग भेट्न पाउँदा खुसी लागेको र आफू सधैँ ज्येष्ठ नागरिकको पक्षमा रहेको बताउनुभयो।

आलीले सोही दिन पङ्खु लप्से खानेपानी आयोजना उद्घाटन गर्नुभयो। दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका–८ मा कुल ११ करोड रुपैयाँ लागत अनुमान गरिएको सो आयोजनाको पहिलो स्किमको काम सकिएपछि उद्घाटन गरिएको हो।

भोजपुर

**स्पष्ट दृष्टिकोण भएको सरकार नभई देशविकास हुँदैन**

भोजपुरको नगर हलमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले देश निकै अप्ठ्यारो अवस्थामा रहेको बताउनुभयो। अप्ठ्यारो अवस्थाबाट देशलाई अगाडि बढाउन र सुशासन कायम गर्न एमालेले सङ्कल्प यात्रा गरिरहेको उहाँले बताउनुभयो। अध्यक्ष ओलीले भन्नुभयो, 'देश धेरै अप्ठ्यारो अवस्थामा परेको छ। सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक सबै हिसाबले, माथि चढ्नुपर्ने देश ओरालो झर्दै गएको छ। यो अवस्था बदल्न हामीले सङ्कल्प यात्रा थालेका हौँ। यो अवस्था नेपाली जनताले नै बदल्नुपर्छ।'

सरकारसँग दृष्टिकोण भएन र देश र जनताप्रति सरकार इमानदार भएन भने देश पछि पर्ने भन्दै अध्यक्ष ओलीले अहिलेको गठबन्धन सरकारकै कारण देश पछि परेको बताउनुभयो। उहाँले भन्नुभयो, 'सरकार स्पष्ट दृष्टिकोण भएको हुनुपर्छ। सरकारसँग दृष्टिकोण भएन भने, देश र जनताप्रति सरकार इमानदार भएन भने देश पछाडि पर्छ, सत्तास्वार्थमा केन्द्रित भएर, आत्मकेन्द्रित भएर राजनीति, अर्थनीति, सामाजिक नीति र संस्कृति चलाएपछि देशको विकास हुँदैन।'

२०८० मङ्सिर २८ गते

भोजपुर, पौवादुङ

**सरकारसँग जनता आजित भएका छन्**

भोजपुरको पौवादुङमा आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले पहाडका समस्या र सम्भावना खोज्न एमाले यात्रामा निस्किएको बताउनुभयो। 'यो ठाउँको विकासको सम्भावना खोज्न आएका हौँ,' ओलीले भन्नुभयो। ओलीले कुनै एक ठाउँको मात्र विकास गरेर देश विकास नहुने बताउँदै देश विकासका लागि देशको समग्र भूगोल र क्षेत्रको विकास हुनुपर्नेमा जोड दिनुभयो। 'यो देशको समग्र विकास गर्न सकेनौँ भने देश विकास गर्न सक्दैनौँ,' उहाँले भन्नुभयो।

ओलीले नेपाली जनतालाई निराश नहुन पनि आग्रह गर्नुभयो । एमाले हुँदाहुँदै जनताले निराश हुनुनपर्ने उहाँको भनाइ थियो । 'निराश हुनुपर्दैन, अगतिलो सरकार बन्यो अब सच्याउनुपर्छ,' ओलीले भन्नुभयो ।

## तेह्रथुम, वसन्तपुर
## देशमा अस्थिरता र अराजकता बढ्यो

तेह्रथुमको वसन्तपुरमा आयोजित विशाल जनसभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले देशीविदेशी शक्ति मिलेर एमालेलाई सरकारबाट हटाएपछि देशको राजनीति अराजकता र अस्थिरतातर्फ गएको बताउनुभयो ।

एमाले सरकारमा छँदा असाधारण ढङ्गले देशको विकास गरेको स्मरण गराउँदै उहाँले विकास गरेकै कारण एमालेलाई सरकारबाट हटाइएको बताउनुभयो । अध्यक्ष ओलीले भन्नुभयो, 'अढाई वर्षअघि एमालेलाई देशीविदेशी शक्ति र अनेक तत्त्वहरू मिलेर षड्यन्त्रमूलक ढङ्गले हटाए । एमालेलाई सरकारबाट हटाएपछि देश राजनीतिक रूपले अस्थिरता, अराजकता र अन्योलपूर्ण अवस्थाबाट गुज्रिरहेको छ ।'

## धनकुटा, पाख्रिबास
## विदेशमा पनि सुन फलेको छैन

धनकुटाको पाख्रिबास नगरपालिकास्थित कृषि अनुसन्धान केन्द्रमा कृषि विज्ञ र विद्यार्थीसँगको छलफलमा उहाँले कृषिलाई आधुनिकीकरण र यान्त्रीकरण गर्दै प्रविधिसँग जोड्नुपर्ने बताउनुभयो । यसका लागि राज्यले सहयोग गर्नुपर्ने अध्यक्ष ओलीले बताउनुभयो ।

सागलाई गुन्द्रुक बनाएर महँगोमा बेच्न सकिने भन्दै उहाँले अन्य कृषि उपजलाई पनि बजारको मागअनुसार तयारी गरेर बेच्न सुझाव दिनुभयो । त्यसका लागि राज्यले वास्तविक किसानलाई पहिचान गरेर अनुदान दिनुपर्ने अध्यक्ष ओलीको भनाइ थियो ।

विद्यार्थीहरूलाई देशमै काम गर्न सुझाव दिँदै उहाँले दुःख र मिहिनेत गरे नेपालमै धनी हुन सकिने बताउनुभयो । सिकेको ज्ञान र सीप नेपालमै लगानी गर्न आग्रह गर्दै अध्यक्ष ओलीले भन्नुभयो, 'पढेर पासपोर्ट बनाएर विदेश होइन, यहीँ

केही गर्नुस्, टिपेर ल्याउन विदेशमा सुन फलेको छैन, अलि ढिलो होला तर दु:ख गरे यहीँ धनी हुन सकिन्छ।'

२०८० मङ्सिर २९ गते

**तेह्रथुम, म्याङलुङ**
**समस्याको समाधान लोकतान्त्रिक विधिबाट खोजौँ**

तेह्रथुमको म्याङलुङमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले लोकतान्त्रिक विधिबाट हरेक समस्याको समाधान खोज्नुपर्ने बताउनुभयो। 'जे पनि आन्दोलन होइन, कालो झन्डा देखाउनु, अझ त्योभन्दा धेरै उटपट्याङ गर्नु समाधान होइन, लोकतान्त्रिक विधिबाट समाधान खोज्नुपर्छ,' ओलीले भन्नुभयो।

अहिलेको व्यवस्था ल्याउन आफूहरूले जेलनेल र अनेकौँ कष्ट सहेको स्मरण गराउँदै ओलीले हिंसात्मक गतिविधिले कुनै पनि प्रकारको समस्या समाधान नहुने बताउनुभयो। 'हिंसात्मक रूप दिनु, मुठभेडमा जानु, त्यसले कुनै पनि समस्याको समाधान दिँदैन,' उहाँले भन्नुभयो।

**तेह्रथुम, आठराई**
**देश अप्ठेरो अवस्थामा छ**

आफ्नो जन्मथलो तेह्रथुमको आठराईस्थित सङ्क्रान्ति बजारमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले देश अहिले अप्ठ्यारो अवस्थामा रहेकाले त्यो अवस्थाबाट देशलाई पार लगाउन सङ्कल्प यात्रा गरिएको बताउनुभयो। अध्यक्ष ओलीले भन्नुभयो, 'आज देश अप्ठ्यारो अवस्थामा छ। त्यही अप्ठ्यारो अवस्थाबाट देशलाई पार लगाउन सङ्कल्प यात्रा गरिएको हो। सही नीति जनताले बुझ्नुपर्छ। सही नीति जनतालाई बुझाउनुपर्छ। यो सजिलो कुरा होइन, अनेक प्रकारका शक्तिले जनताले सही कुरा बुझ्न नपाऊन् भनेर, सही नीति नबुझून् भनेर। अनेक षड्यन्त्र गर्छन्। अनेक भ्रम फिजाउँछन्। अनेक हल्ला गर्छन्। दुष्प्रचार गर्छन्। झुटा प्रचार गर्छन्। झुटा आरोप लगाउँछन्। ती कुरा हामीले बुझ्नुपर्छ र जनतालाई बुझाउनुपर्छ।'

अध्यक्ष ओलीले देशको भविष्य सुन्दर, सुरक्षित र सुखद बनाउन एमाले अग्रसर रहेको बताउनुभयो। उहाँले मजबुत राष्ट्रिय शक्तिबिना देशको भविष्य सुरक्षित र सुन्दर हुन नसक्ने बताउनुभयो। एमालेले देशको दुरवस्थालाई हेरेर बस्न नसक्ने

अध्यक्ष ओलीले बताउनुभयो। 'सही विचारमा जनता सङ्गठित हुनुपर्छ। जनता एकताबद्ध हुनुपर्छ। देशमा शान्ति–सुव्यवस्था छाउनुपर्छ। सही नीतिमा देशलाई अगाडि बढाउने क्षमताको सरकार हुनुपर्छ,' उहाँले भन्नुभयो। त्यसअनुसारको नीति र व्यवहार हुनुपर्छ भन्नेमा एमाले स्पष्ट रहेको अध्यक्ष ओलीले बताउनुभयो।

२०८० मङ्सिर ३० गते

**पाँचथर , फिदिम**

**सुवास नेम्वाङको अभाव खड्किएको छ**

पाँचथरको फिदिममा आयोजित जनसभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले जनतालाई भ्रममा पारेर एमालेलाई कमजोर बनाउँछु भन्ने नठान्न आग्रह गर्नुभयो। 'जनतालाई अल्मल्याउन सक्छौँ। जनतालाई भ्रममा पारेर एमालेलाई कमजोर पार्न सक्छौँ भन्ने शक्तिहरू जो हुन्, तिनीहरूले तपाईंहरूको यो उत्साहबाट जवाफ पाएका छन्,' ओलीले भन्नुभयो। एमाले सिध्याउन खोज्ने तत्त्वहरूले अढाई वर्षअघि अनेक षड्यन्त्र गरेर एमालेलाई सरकारबाट हटाए पनि गत चुनावमा ती सबै तत्त्वका षड्यन्त्रलाई पराजित गर्दै एमाले फेरि देशको प्रमुख पार्टी बनेको उहाँले बताउनुभयो।

देश बचाउन, राष्ट्रियता जोगाउन, सार्वभौमसत्ता जोगाउन, स्वाधीनता जोगाउन र व्यावहारिक कार्यान्वयन गर्न, स्वतन्त्रता जोगाउन र कार्यान्वयन गर्न, देशको परराष्ट्र नीतिलाई तटस्थ राख्न, स्वतन्त्र ढङ्गले देशको विकास गर्न एमालेलाई सबल र एकल बहुमतसहितको मजबुत राष्ट्रिय शक्ति बनाउनुपर्ने अध्यक्ष ओलीले बताउनुभयो।

नक्कली भुटानी शरणार्थी काण्डप्रति लक्षित गर्दै अध्यक्ष ओलीले एउटै मुद्दामा काङ्ग्रेस भए छुट्ने एमाले भए थुन्ने काम भएको बताउनुभयो। उहाँले भन्नुभयो, 'हाम्रो कोही साथीलाई जेलमा राखिएको छ। काङ्ग्रेस भयो भने त्यही विषयको मन्त्री भए पनि छुट्छ तर एमालेमा लागेको रिसले कोही मानिस छुट्दैन। काङ्ग्रेसको कानुनी फाँटको नेता न्यायाधीश हुन्छ अनि इन्साफ कहाँबाट हुन्छ ? न्यायाधीशमा राजनीतिक नियुक्ति हुन्छ अनि इन्साफ कहाँबाट हुन्छ ?'

ओलीले पार्टीका उपाध्यक्ष एवम् संविधानसभाका अध्यक्ष स्वर्गीय सुवासचन्द्र नेम्वाङलाई स्मरण गर्नुभयो। अध्यक्ष ओलीले सुवासचन्द्र नेम्वाङको अभाव खड्किरहेको बताउनुभयो। 'हाम्रा अत्यन्तै प्रिय मित्र, यसै ठाउँलाई कार्यक्षेत्र पनि बनाएर काम गर्नुभएको, यसै ठाउँको पुर्ख्यौली भएको, नेपालको संसदीय

अभ्यासमा संविधानसभा अध्यक्ष, सभामुख र सांसदको विभिन्न भूमिकामा उत्तिकै सफल, अत्यन्त सुप्रसिद्ध, मृदुभाषी, मिलनसार र सम्यक विचार भएका सुवाचन्द्र नेम्वाङजीलाई यतिबेला म विशेष रूपमा स्मरण गर्न चाहन्छु। उहाँप्रति भावपूर्ण श्रद्धासुमन व्यक्त गर्न चाहन्छु। उहाँको अभाव वास्तवमा धेरै नराम्ररी खड्किरहेको महसुस भएको छ। उहाँको निधनले पार्टीलाई अपूरणीय क्षति पुगेको छ,' उहाँले भन्नुभयो।

२०८० पुस १ गते

**पाँचथर, चिवाभन्ज्याङ**

**सङ्कल्प यात्राले जनताको मनोबल उच्च बनायो**

पाँचथरको चिवाभन्ज्याङमा मध्यपहाडी सङ्कल्प यात्रा समापन गर्दै अध्यक्ष ओलीले सङ्कल्प यात्रा असाधारण रूपमा सम्पन्न भएको बताउनुभयो। उहाँले भन्नुभयो, 'यो सङ्कल्प यात्रा महान् यात्रा हो। जोखिमहरूसँग खेल्ने र त्यसलाई पराजित गर्ने यात्रा हो। एमाले चुनौतीहरूको सामना गर्छ भन्ने कुराको दृष्टान्त हो। नेकपा एमाले अरूले सोच्न नसक्ने खालका काम गर्न सक्छ भन्ने अर्को दृष्टान्त हो। यो महान् यात्रा पूर्ण रूपमा, शतप्रतिशत रूपमा सफल भएको छ।'

यात्राले अवाञ्छित चिन्तन, विचार, प्रवृत्ति र क्रियाकलापलाई हतोत्साहित गरेको अध्यक्ष ओलीले बताउनुभयो। यात्राले देशलाई शिरमा राखेर, जनताको हितलाई शिरमा राखेर, राष्ट्रिय हितलाई सर्वोपरि राखेर अगाडि बढ्ने आम जनताको मनोबल उच्च भएको उहाँले बताउनुभयो। राष्ट्रलाई ध्यानमा राखेर अगाडि बढ्न सङ्कल्प यात्राले सबैलाई प्रेरणा दिने विश्वास पनि अध्यक्ष ओलीले व्यक्त गर्नुभयो। देश र देशको राजनीति अलपत्र अवस्थामा रहेको भन्दै उहाँले यस्तो अवस्थाबाट देशलाई जोगाउन सङ्कल्प यात्राले असाधारण योगदान गरेको बताउनुभयो। अध्यक्ष ओलीले गठबन्धनका कारण जनतामा फैलँदै गएको निराशालाई आशामा परिणत गर्ने काम सङ्कल्प यात्राले गरेको बताए।

यात्राले जनतामा पुनर्जागरण ल्याएको र अरू पार्टीमा पनि प्रभाव पारेको उहाँले बताए। अध्यक्ष ओलीले भन्नुभयो, 'राजनीतिक हिसाबले आज देशको बिग्रँदो अवस्था जो छ, जनतामा जुन निराशा फैलाउने काम अहिलेको गठबन्धनले गरेको छ। त्यसबाट जनतालाई मुक्त गर्न र आशावादिता जगाउनका साथै जनतामा

पुनर्जागरणको अवस्था ल्याउन अभियानले सफलता हासिल गरेको छ। एमाले मात्र होइन, अरू पार्टीमा पनि यसको प्रत्यक्ष प्रभाव परेको छ।'

सङ्कल्प यात्राले वैचारिक र सूचनाका हिसाबले पार्टीलाई थप मजबुत बनाएको उहाँले बताउनुभयो। मध्यपहाड विकासको योजना बनाउन यात्राले ठुलो सहयोग पुग्ने विश्वास व्यक्त गर्दै अध्यक्ष ओलीले यसले देशविकासको खाका बनाउने आधारसमेत तयार गरेको बताउनुभयो। अभियानका क्रममा मध्यपहाडको विशेषता, परिचय, समस्या र सम्भावना बुझ्ने मौका पाएको र समाधानका निम्ति बाटो खुलेको उहाँले बताउनुभयो।

***प्रस्तुती: नवराज पथिक***

# २

# झुलाघाट–चिवाभञ्ज्याङः समृद्धिका लागि सङ्कल्प यात्रा–२०८०

**१. संक्षिप्त जानकारी**

२०८० मङ्सिर १४ गते बिहान ८:३० बजे बैतडीको झुलाघाटमा नेपालको राष्ट्रिय झन्डा उत्तोलनसँगै आरम्भ भएको 'झुलाघाट–चिवाभन्ज्याङ: समृद्धिका लागि सङ्कल्प यात्रा' पुस १ गते दिउँसो १२:१५ बजे पाँचथरको चिवाभन्ज्याङमा झन्डोत्तोलनसँगै समापन भएको थियो। यो अभियान ऐतिहासिक, अभूतपूर्व र अत्यन्त उपलब्धिपूर्ण रह्यो। यस अभियानमा ३० जिल्ला हुँदै दुई हजार किलोमिटरभन्दा लामो यात्रा तय गरिएको थियो। जनसभा, कोणसभा, साना भेला र जमघट, सर्वदलीय र सर्वपक्षीय बैठकहरू, सांस्कृतिक कार्यक्रम र अन्तरक्रियाहरूका माध्यमबाट लाखौँ नागरिकहरूसँग प्रत्यक्ष भेटघाट र संवाद गरिएको थियो। नेपालको पहाडी भूभागको बदलिँदो तस्बिर र यस भूभागका समस्या, समृद्धिका अवसर तथा चुनौतीहरूलाई प्रत्यक्ष रूपमा देख्न पाइयो र अनुभूत गरियो। हामी एक करोड २० लाखभन्दा बढी जनता बसोबास गर्ने त्यस भेगको सामाजिक–आर्थिक रूपान्तरण र समृद्धिको नयाँ सङ्कल्प बोकेर फर्केका छौँ।

**२. यस सङ्कल्प यात्राको उद्देश्य देहायबमोजिम तय गरिएको थियो**

(क) हिमाल, पहाड र तराई गरी तीन तह मिलेर बनेको नेपालको भौगोलिक संरचनामा पहाडको विशेष महत्त्व रहेको छ। पहाडी क्षेत्रले नेपालको सर्वाधिक ठुलो भूभाग समेट्छ। यहाँ जनसङ्ख्याको उल्लेख्य बसोबास रहेको छ। पहाड जैविक विविधताका दृष्टिले समृद्ध छ र जलस्रोतको विकासको सर्वाधिक सम्भावना बोकेको छ। पहाड फलफूल, तरकारी र जडीबुटीजन्य कृषिको भण्डार नै हो। सामाजिक–सांस्कृतिक विविधता र जातीय सद्भाव यस भूभागको विशेषता हो। राजनीतिक परिवर्तन र सामाजिक जागरणका क्षेत्रमा यस भेगले ऐतिहासिक भूमिका खेल्दै आएको छ। यद्यपि, जटिल भौगोलिक संरचना, छरिएका बस्तीहरू, प्राकृतिक विपत्तिको उच्च जोखिम, वन्यजन्तुहरूका कारण कृषि उत्पादनमा ह्रास तथा जलवायु सङ्कट पहाडको विकासका मुख्य चुनौती रहँदै आएका छन्।

यिनै चुनौती र सम्भावनाहरूलाई ध्यानमा राखेर हाम्रो पार्टीले पहाडी क्षेत्रको विकासका लागि रणनीतिक महत्त्वका पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य र खानेपानी संरचना एवम् विद्युतीकरणलगायत महत्त्वपूर्ण योजना अगाडि बढाउँदै आएको छ। पुष्पलाल मध्यपहाडी लोकमार्ग र यसमा निर्माणाधीन सहरहरू यसका दृष्टान्तहरू हुन्। आज पहाड पूर्वाधार, विद्युतीकरण, खानेपानी र स्वास्थ्य तथा शिक्षामा पहुँचका दृष्टिले उल्लेख्य ढङ्गले रूपान्तरित हुँदै आएको छ।

तर पनि तीव्र बसाइँसराइ आज पहाडको मुख्य समस्या बन्न थालेको छ। एकातिर विकासका योजनाहरू पहाड चढ्दै जाने, अर्कातिर पहाडबाट जनसङ्ख्याको ठुलो हिस्सा तराई, सहर हुँदै बिदेसिँदै जाने चुनौती आजको हाम्रो अर्थ–राजनीतिको सर्वाधिक जटिल प्रश्न हो।

– समस्या कहाँ छन् ?
– किन पूर्वाधार र उत्पादनको विषय जोडिन सकेको छैन ?
– हाम्रो विकास र पूर्वाधार निर्माणको ढाँचामा नै पो कुनै समस्या छन् कि ?

– छन् भने समाधान कसरी गर्न सकिन्छ ?

– र, पहाडलाई विकास र समृद्धिको नमुना कसरी बनाउन सकिन्छ ?

यस अभियानमार्फत हामी जवाफ खोज्ने कोसिस गर्नेछौँ।

(ख) बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विशेषता हाम्रो समाजको पहिचान हो। यो हाम्रो राष्ट्रिय सामर्थ्य पनि हो। विविधताभित्रको एकता नेपाल राष्ट्रको बलियो आधारशिला हो। अहिले विभिन्न नाममा यस एकतालाई खल्बलाउने, सामाजिक सद्भावलाई कमजोर पार्ने र जनताका बीचमा फाटो ल्याउने प्रयास हुन थालेका छन्। यस्ता अतिवादी र सङ्कीर्ण सोचहरू गलत, हानिकारक र अस्वीकार्य छन्। यस अभियानले सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई बलियो बनाउन योगदान गर्नेछ।

(ग) लोकतन्त्र स्थापनापछिका हाम्रा योजनाबद्ध प्रयासका कारण मुलुकमा विभिन्न क्षेत्रमा महत्त्वपूर्ण प्रगति हासिल भएका छन्। पूर्वाधार निर्माण, सामाजिक न्याय र रूपान्तरणकारी योजनाका दृष्टिले नेपालले महत्त्वपूर्ण प्रगति गरेको छ। यस प्रगतिमा 'आफ्नो गाउँ आफै बनाऔँ' जस्ता विकासका नयाँ र जनमुखी अवधारणा, 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा र छोटो समयमै नेपाललाई मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्दै यस शताब्दीको अन्त्यसम्म समुन्नत नेपाल निर्माण गर्ने नेकपा (एमाले) का दीर्घकालीन सोँचको निर्णायक भूमिका छ भन्ने कुरामा हामी गर्व गर्छौं।

तर यतिबेला समाजमा निराशा फैलाउने, नकारात्मक मनोविज्ञान निर्माण गर्ने र नेपाल समृद्ध बन्दैन, बन्नै सक्दैन भन्ने सङ्कथन निर्माण गर्ने प्रयास निकै व्यापक रूपमा भइरहेको छ। केही पात्रहरू यस निराशालाई लोकतान्त्रिक गणतन्त्रकै विरुद्धमा प्रयोग गर्ने प्रयास गरिरहेका छन् भने केही चाहिँ यसलाई 'पुराना पार्टीहरूको असफलता' भन्ने भाष्य निर्माण गर्दै आफूसँग सबै समस्याको समाधान रहेको भ्रम छनर् खोजिरहेका छन्। लोकतान्त्रिक गणतन्त्र, नेपालको संविधान र हाम्रा यावत् उपलब्धिलाई अवमूल्यन गर्दै समाजमा निर्माण गर्न खोजिएको नकारात्मक मनोविज्ञान

र नैराश्यको अवस्थालाई अन्त्य गरेर मुलुक बन्छ, बन्दैछ भन्ने दह्रो आत्मविश्वास निर्माण गर्नु, प्राप्त उपलब्धिहरूको रक्षा एवम् सम्बर्द्धन गर्नु तथा समाजमा आशावाद र सकारात्मक मनोविज्ञान निर्माण गर्नु अभियानको उद्देश्य हुनेछ ।

(घ) यो वर्ष नेपाल कम्युनिस्ट पार्टी स्थापनाको ७५औँ वर्ष हो। ७५ वर्षअगाडि पुष्पलालको नेतृत्वमा अग्रजहरूले निर्माण गर्नुभएको यस पार्टीको हीरक वर्ष जस्तो महत्त्वपूर्ण 'माइलस्टोन' पुष्पलालकै नाममा निर्माणाधीन लोकमार्गमा केन्द्रित गरेर अगाडि बढाउनु आफैमा महत्त्वपूर्ण छ। नेपाल कम्युनिस्ट पार्टीले गएको ७५ वर्षमा गरेको बलिदानी सङ्घर्ष, खेलेको गौरवशाली भूमिका र यसका नीतिहरूका बारेमा जनस्तरमा स्पष्ट पार्ने तथा राष्ट्रका सामु उत्पन्न बहुआयामिक चुनौतीलाई सामना गर्न बलियो राष्ट्रिय शक्तिको निर्माण गर्न सहयोग पुऱ्याउनु अभियानको उद्देश्य हुनेछ ।

(ङ) हाम्रो पार्टी जनआधारित–कार्यकर्ता पार्टी हो । जनता नै हाम्रा मार्गदर्शक हुन्। जनसमर्थन नै हाम्रो सामर्थ्य हो। जनसेवा नै हाम्रो धर्म, हाम्रो सङ्कल्प र उद्देश्य हो । अभियानमा हुने जनसंवादमार्फत हामी जनताका अनुभूति सुन्नेछौँ, सुझावहरू ग्रहण गर्नेछौँ र जनताकै साथमा अगाडिका योजनाहरू बारेमा परामर्श गर्नेछौँ। यो अभियान जनतालाई सुन्ने र जनताबाट सिक्ने महत्त्वपूर्ण अभियान पनि हुनेछ ।

(च) 'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय'को मर्म एवम् भावनाअनुरूप यात्रा सञ्चालन हुनेछ ।

**३. यस क्रममा देहायका कार्यक्रम आयोजना गरियो–**

– ४२ वटा जनसभाहरू(गोठालापानी, अमरगढी, सिलगडी, साँफेबगर, मङ्गलसेन, राकम–कर्णाली, दैलेख बजार, सुर्खेत, सल्लीबजार, सिम्ता, छेडागाड, रिम्ना, रुकुमकोट, लुकुम, बुर्तिबाङ, वामीटक्सार, गलकोट, बागलुङ, कुश्मा, हेम्जा, अमरसिंह चोक, तालचोक, सुन्दरबजार, पालुङटार, आरुघाट, बट्टार, छहरे, बाहुनेपाटी, कुन्ताबेसी, खाडीचौर,

चरिकोट, मन्थली, खुर्कोट, हर्कपुर, दिक्तेल, अन्नपूर्ण, भोजपुर, वसन्तपुर, सक्रान्तिबजार, फिदिम, च्याङ्थापुलगायत)।

- १०० भन्दा बढी सङ्क्षिप्त सभा, जनभेला र भेटघाटहरू।
- सर्वपक्षीय उपस्थितिमा जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितहरूलाई अस्थायी आवास निर्माण गर्न खटिएका स्वयम्सेवकहरूलाई धन्यवाद ज्ञापन र उनीहरूले गरेका कामहरूको अवलोकन।
- सर्वदलीयरसर्वपक्षीय बैठक, छलफल र अन्तरक्रियाहरू (दैलेख, गोरखा, नुवाकोटलगायत)।
- उद्योगी/व्यवसायीहरूसँग छलफल र अन्तर्क्रिया (सुर्खेत, नुवाकोट, काभ्रे, पाँचथरलगायत)।
- विकास आयोजनाहरूको निरीक्षण, अवलोकन र ब्रिफिङ (पेट्रोलियम उत्खनन स्थल, जलजले दैलेख, भेरी–बबई डाइभर्सन, सुर्खेत, सुनकोसी–मरिन डाइभर्सन, रामेछाप–सिन्धुलीलगायत)।
- मध्यपहाडी क्षेत्रमा कृषि विकासका सम्भावना र समस्याका बारेका विज्ञ, विद्यार्थी र किसानहरूसँग छलफल (पाख्रीबास, धनकुटा)।
- बयलपाटा अस्पतालमा सामुदायिक स्वास्थ्य सेवा प्रभावकारी बनाउने विषयमा छलफल।
- राष्ट्र निर्माता, देशभक्त योद्धा, सहिद र क्रान्तियोद्धाहरूमा सम्मान (सहिद दशरथ चन्द, अमरसिंह थापा, पृथ्वीनारायण शाह, रामप्रसाद राई र नारदमुनि थुलुङ, यदु गौतम आदि)।
- पालिकाहरूका प्रशासकीय भवन उद्घाटन (गुराँसे गाउँपालिका–दैलेख, मुसीकोट नगरपालिका–गुल्मी र याङवरक गाउँपालिका–पाँचथर)।
- खानेपानी आयोजना उद्घाटन (पफु–लप्से मुहान खानेपानी आयोजना, खोटाङ)। स्वच्छ पानी उत्पादन गर्ने उद्योगको अवलोकन (सिन्धुपालल्चोक)।
- हीरक महोत्सव पार्क शिलान्यास, पन्ध्रकोस, धादिङ।
- परम्परागत पेसा र सीपको अवलोकन (टक्सार, भोजपुर)।
- अन्तर्राष्ट्रिय मानवअधिकार दिवस (धुलिखेल)।
- पुस्तक विमोचन।

– राउटे, माझी आदि समुदायसँग भेटघाट र उनीहरूका गुनासो सुनुवाइ (दैलेख, सिन्धुली)।
– ऐतिहासिक, सांस्कृतिक र धार्मिक स्थलहरूको अवलोकन (अमरगढी किल्ला डडेल्धुरा, कोतगढी दैलेख, गोरखा दरबार, नुवाकोट दरबार, त्रिपुरासुन्दरी मन्दिर, निङ्लाशैनी मन्दिर, उग्रतारा डडेल्धुरा, शैलेश्वरी मन्दिर, वैजनाथ मन्दिर, शिरस्थान, नाभिस्थान, काँक्रे बिहार, बाग्लुङ कालिका, नुवाकोट भैरवी मन्दिर, सिद्धकाली भोजपुर, चोलुङ पार्क तेह्रथुमलगायत)।
– एक दर्जनभन्दा बढी स्थानमा राष्ट्रिय झन्डाको उत्तोलन।
– विभिन्न पार्टीबाट नेकपा (एमाले) मा समावेश हुनेलाई स्वागत।

**अनुभव र अनुभूतिहरू**

**राजनीतिक र सामाजिक दृष्टिले**

४. यस सङ्कल्प यात्रामा प्रकट भएको जनसमर्थन, जनसहभागिता, जनताको माया तथा सद्भाव अविस्मरणीय रहेको छ। रातिको चिसो, सिरेटो र झरी बादल केही नभनी यात्रा टोलीको स्वागतका लागि सडकछेउमा पङ्क्तिबद्ध ज्येष्ठ नागरिकहरू, महिला तथा बालबालिकाका अनुहारमा अभिव्यक्त पार्टी र पार्टी नेतृत्वप्रतिको माया, विश्वास र भरोसा गौरव गर्न लायक रहेको छ। सडकको दुरवस्था र अन्य विभिन्न कारणले तोकिएको समयभन्दा घण्टौँ ढिलो कार्यक्रमस्थल पुग्दा समेत जनताले देखाउनुभएको धैर्य, सद्भाव र उत्साहका लागि हामी आभारी छौँ। अक्सिजन सिलिन्डर बोकेर, ह्विलचेयरको सहारा लिएर र लट्ठीको भरमा समेत एमाले नेतृत्वलाई भेट्न र एमालेको कुरा सुन्न आउनुभएका नागरिकहरूबाट प्राप्त मायाले हामीलाई अत्यन्त भावुक र ऊर्जायुक्त बनाएको छ, काँधमा जिम्मेवारीबोध थपिदिएको छ। राष्ट्रिय हितको रक्षा र स्वाभिमानको संवर्द्धन गर्न, लोकतन्त्रको रक्षा र विकास गर्न, सामाजिक सद्भाव र राष्ट्रिय एकता दर्विलो बनाउन तथा विकास निर्माण, समृद्धि र सुशासन कायम गर्न बलियो राष्ट्रिय शक्ति निर्माण गर्नु अपरिहार्य छ। नेकपा (एमाले) को नेतृत्व र बहुमतका बलमा मात्रै यसो गर्न सम्भव छ भन्ने तथ्यको पुनर्पुष्टि भएको छ। निर्वाचनको बेला पार्टीगत जनसहभागिता र सक्रियता त स्वाभाविकै हो तर यस्तो 'अफसिजन'मा समेत सबै तह र समुदायको यस

स्तरको सहभागिता र चाडपर्व जस्तो दृश्य देखापर्नु अभियानको अभूतपूर्व पक्षका रूपमा रह्यो। यस सङ्कल्प यात्रामा प्रकट भएको अभूतपूर्व माया, सद्भाव र समर्थनप्रति हामी आम जनसमुदायप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छौँ।

५. यो अभियान नेकपा (एमाले) को आयोजनामा सञ्चालन भएको भए पनि यथार्थमा राष्ट्रिय अभियानजस्तो बन्न पुग्यो। यात्रा टोलीलाई नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय प्रजातन्त्र पार्टीलगायत विभिन्न पार्टीका केन्द्रीय पदाधिकारी, सांसद, पूर्वमन्त्री र पूर्वसांसदहरू, स्थानीय तहका प्रमुख, उपप्रमुख र स्थानीय नेताहरूले स्वागत गर्नुभयो, शुभकामना दिनुभयो र आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित माग, ज्ञापनपत्र र ध्यानाकर्षण हस्तान्तरण गर्नुभयो। नेकपा (एमाले) प्रति व्यक्त गर्नुभएको उच्च राजनीतिक संस्कार, सद्भाव र भरोसाका लागि हामी उहाँहरूप्रति धन्यवाद र आभार व्यक्त गर्छौं। उहाँहरूको अपेक्षाअनुरूप प्रस्तुत गरिएका माग र ध्यानाकर्षणको समाधानका लागि हरसम्भव पहल गर्ने विश्वास दिलाउन चाहन्छौँ।

६. यस अभियानमा भएको विशाल जनसहभागिताले धेरै भ्रम र अन्योलहरूलाई चिर्ने काम गरेको छ। केही समययता केही पूर्वराजावादी, पश्चगामी र अतिवादीहरूलाई केन्द्र बनाएर निर्माण गरिएका जनविरोधी चर्चा र प्रयास, 'पार्टीहरूको लोकप्रियता खस्किएको छ', 'नेतृत्वको प्रतिष्ठामा ह्रास आएको छ' र 'मान्छेहरू लोकतान्त्रिक गणतन्त्र र वर्तमान संविधानकै विकल्प खोजिरहेका छन्' भनेर निर्माण गर्न खोजिएको गलत भाष्य खण्डित भएको छ। आपसी प्रतिस्पर्धा र कतिपय सन्दर्भमा रहेको कटुताका बाबजुद लोकतान्त्रिक गणतन्त्र पक्षधर कुनै पनि दलमाथि अनाहकमा आक्रमण गर्नु भनेको परिणामत: संविधान र प्रणालीमाथिकै आक्रमण हो। तसर्थ, नेकपा (एमाले) प्रति व्यक्त यो सद्भाव र समर्थन वस्तुत: लोकतान्त्रिक गणतन्त्र र संविधानप्रतिकै सद्भाव र समर्थन हो। नेकपा (एमाले) को सङ्कल्प यात्राले लोकतान्त्रिक गणतन्त्रप्रतिको जनसमर्थनलाई थप सुदृढ र मजबुत बनाएको छ।

७. यस अभियानले सिङ्गो पार्टी पङ्क्तिलाई अभूतपूर्व रूपमा चलायमान, गतिशील र एउटै लयमा परिचालित गरेको छ। नेतृत्व पङ्क्तिलाई आत्मीय रूपमा अझ एकताबद्ध बनाएको छ। नेतृत्व र कार्यकर्ता बिचको तथा पार्टी र

जनता बिचको भावनात्मक सम्बन्धलाई सुदृढ बनाएको छ। पार्टीको सिङ्गो नेतृत्वलाई आफूमाझ पाउँदा, उहाँहरूसँग आफ्ना भनाइहरू राख्न पाउँदा र उहाँहरूसँग केही समय सँगै बिताउन पाउँदा कार्यकर्ता पङ्क्ति थप उत्साहित भएको छ।

८. अभियानमा हामीले जनसहभागिता र जनताकै साथ–सहयोगमा खानपिन र आवासको व्यवस्थापन गऱ्यौँ। एकाध स्थानबाहेक अधिकांश ठाउँमा हामीले स्थानीय जनताले सामूहिक रूपमा व्यवस्थापन गरेको मेसमा खाना खायौँ। जनताकै घरमा आवास र आश्रय लियौँ। कतिपय ठाउँमा सामूहिक रूपमा रातिको विश्राम लियौँ। स्थानीय परम्परा, संस्कृति र वेशभूषालाई सम्मान गर्दै त्यसलाई ग्रहण गऱ्यौँ। यसले जनतासँगको हाम्रो सम्बन्धलाई थप घनिष्ठ बनाउन सहयोग पुगेको छ। हामीलाई विगतका असल परम्पराको स्मृति दिलाएको छ र जनतासँग घुलमिल हुन एवम् दु:खसुखमा सहभागी हुन अभिप्रेरित गरेको छ। यस्तो व्यवस्थापनले हामीलाई अझ बढी जनमुखी हुन उत्प्रेरणा दिएको छ। खर्च व्यवस्थापनका दृष्टिले पनि यो विधि निकै मितव्ययी रहेको छ। उदाहरणका लागि धादिङको सल्यानटारमा खानामा भएको खर्च रु. ३,९८,३३२ मध्ये रु. १,८४,६७० बराबरको खाद्यान्न, तरकारी र फलफूल जनसहभागिताबाटै जुटाइएको थियो।

९. यस अभियानमा मध्यपहाडी क्षेत्रमा रहेका विविध जातजाति, भाषाभाषी, संस्कृति र धर्मावलम्बीहरूबीचको एकता असाध्यै प्रभावकारी ढङ्गले प्रकट भयो। बैतडीदेखि पाँचथरसम्म पुग्दा हामीले नेपाली समाजको सांस्कृतिक मौलिकता, विविधता र अद्भूत वैभव अनुभव गऱ्यौँ। स्वत:स्फूर्त ढङ्गले पोखिएको यस सांस्कृतिक विविधताभित्र नेपालको पहिचान छ, नेपालको सामर्थ्य अन्तरनिहित छ र नेपालको भविष्य आधारित रहेको छ। यस विविधतालाई संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्नु हामीले आफ्नो दायित्व ठानेका छौँ।

१०. यस अभियानले केही सीमित तत्त्वहरूद्वारा सङ्कीर्ण स्वार्थका लागि चर्काउन खोजिएको जातीय तथा साम्प्रदायिक अतिवाद, अराजकता र हिंसालाई निष्फल तुल्याइदिएको छ। हाम्रो सङ्कल्प यात्रा लक्षित बन्द र हडतालका

घोषणा, सडक अवरोध र हिंसाका प्रयासहरू विफल भएका छन्। लाखौँको सङ्ख्यामा सडकमा उत्रिएर नेपाली जनताले आफूहरूबीचको सामाजिक सद्भाव कसैले चुँडाउन नसक्ने सन्देश दिएका छन्, त्यसको जगमा निर्मित बलियो राष्ट्रिय एकताको पक्षमा आफूलाई उभ्याएका छन्। जनताको यस समर्थनलाई हामीले सिङ्गै राष्ट्रको पुँजीको रूपमा ग्रहण गरेका छौँ। यस यात्राका क्रममा अवरोधका अवाञ्छित प्रयासहरूलाई निष्प्रभावी बनाउने कुरामा प्रहरी प्रशासनको भूमिका अत्यन्त सकारात्मक रह्यो। राज्यले सुरक्षा निकायलाई आफ्नो योजनामा परिचालन हुन दिने हो भने अवाञ्छित गतिविधि सहजै नियन्त्रण गर्न सकिन्छ भन्ने स्पष्ट भएको छ।

**विकास र समृद्धिका दृष्टिले**

११. पूर्वाधारका दृष्टिले मध्यपहाडका गाउँ र बस्तीहरूमा यस बीचमा ठुलो परिवर्तन आएको हामीले प्रत्यक्ष रूपमा देख्यौँ, अनुभूत गर्‍यौँ। प्राय: सबै पालिका र वडाहरूमा कच्ची नै भए पनि सडकको पहुँच पुगेको छ। हिजो पाँच, छ दिनसम्म लगाएर मात्रै पुगिने गाउँबस्तीहरू आज सडक पूर्वाधारका कारणले केही घण्टाकै पहुँचभित्र आएका छन्। आम रूपमा सबै ठाउँमा खानेपानी, बिजुली र टेलिफोन सुविधा पुगेको छ। शिक्षा र स्वास्थ्यका पूर्वाधार पनि हिजोका तुलनामा धेरै राम्रो भएका छन्। सडक, बिजुली र फोनको पहुँचले आम जनताको चेतनास्तर पनि आश्चर्यजनक रूपमा वृद्धि गरेको छ। एउटा सामान्य उदाहरण– लुकुम गाँउमा ऊनी धागो कात्दै स्वागतमा उभिनुभएकी एकजना प्रौढ महिलाको फोटो खिचियो। उहाँले खैखै देखाऊ भन्नुभयो, फोटोको एङ्गल नराम्रो लागेकाले फेरि खिच्न भन्नुभयो। उहाँलाई चित्त बुझ्ने गरी खिचेको फोटो त्यहीँको स्थानीय नेतामार्फत पठाइदिन्छौँ है भन्दा– फेसबुकमा हाल्नू नि, हामी त्यहीँबाट तानिहाल्छौँ भन्नुभयो।

१२. मध्यपहाड कृषि, फलफूल र पशुपालनका दृष्टिले असाध्यै उर्वर र सम्भावनायुक्त क्षेत्रका रूपमा रहेको छ। सुन्तलालगायत अमिलो प्रजातिका फलफूलहरू, एभोकाडो, किबी र ड्रागन फ्रुटजस्ता नयाँ फलफूलहरूको यस भेगमा प्रचुर सम्भावना छ। यस क्षेत्रलाई दुग्ध व्यवसायको भण्डार बनाउन सकिन्छ। उच्च पहाडी भेगमा बेमौसमी तरकारी खेतीको राम्रो सम्भावना छ। बाख्रा, कुखुरा

र बङ्गुर पालन एवम् ट्राउट जस्ता महँगो मूल्यका माछाहरूको खेतीको राम्रो सम्भावना छ। कतिपय उत्साही उद्यमीहरूले यिनमा राम्रो लगानी गरेको र सफल व्यवसाय गरेको हामीले पायौँ। हाम्रो सिङ्गो यात्रा एक किसिमले भन्ने हो भने 'सयपत्री र सुन्तला महोत्सव' जस्तै हुन पुग्यो।

१३. जलस्रोतको त यो क्षेत्र भण्डार नै हो, जहाँ पञ्चेश्वर, पश्चिमसेती, माथिल्लोकर्णाली, कालीगण्डकी, मध्यमस्र्याङ्दी, बुढीगण्डकी, सुनकोसी, दुधकोसी, अरुण, तमोर र काबेलीजस्ता परियोजनाहरू सञ्चालनमा छन् या सञ्चालनको पर्खाइमा छन्। यी योजनाहरूको सही कार्यान्वयन र परियोजनाको लाभ स्थानीय समुदायले पनि न्यायोचित रूपमा पाउने सुनिश्चित ढाँचा निर्धारण गर्न सके यस क्षेत्रको कायापलट गर्न सकिने निष्कर्ष हामीले निकालेका छौँ।

१४. सुरम्य हावापानी, सुन्दर दृश्यावलोकन, परम्परागत खाना र सांस्कृतिक विविधताका दृष्टिले धनी यो भूभाग पर्यटनका लागि असाध्यै उर्वर रहेको छ। पछिल्लो समय नयाँ पर्यटकीय स्थलहरू खुल्दै र ती स्थानहरूमा पूर्वाधार निर्माण हुँदै गरेको, आन्तरिक र बाह्य पर्यटकहरूको आगमन बढ्दै गएको हामीले देख्यौँ। पर्यटन मध्यपहाडी क्षेत्रको विकासको महत्त्वपूर्ण आधार बन्न सक्छ भन्ने हाम्रो विश्लेषणलाई यस यात्राले पुनर्पुष्टि गरेको छ। यात्राको स्वागतमा देखिएका स्थानीय बाजागाजा, लोक संस्कृति र गीतसङ्गीत एवम् रैथाने उत्पादन र खानाको प्रस्तुतिले यात्रा आफैमा मेला महोत्सव जस्तो बन्न पुग्यो।

१५. मध्यपहाडी क्षेत्र खानी र खनिजजन्य पदार्थका दृष्टिले पनि एकदमै सम्भावनायुक्त क्षेत्र रहेको पुनर्पुष्टि यस यात्राका क्रममा भएको छ। दैलेखमा अन्वेषण र उत्खनन हुँदै गरेको पेट्रोलियम र ग्यास, बैतडी जिल्लाको फस्फोराइट तथा म्याग्नेसाइट, जाजरकोटलगायतका जिल्लामा पाइने मूल्यवान् पत्थर, दोलखाको म्याग्नेसाइट र विभिन्न स्थानमा पाइने चुनढुङ्गा यसका दृष्टान्त हुन्। यी खानी र खनिज पदार्थमा नेपालको राष्ट्रिय स्वामित्व सुनिश्चित हुने र वातावरणको समेत संरक्षण हुने गरी अन्वेषण, उत्खनन र प्रशोधन गर्न सके

पहाडको समृद्धिका लागि महत्त्वपूर्ण आधार बन्न सक्ने पनि हामीले अनुभूत गरेका छौँ।

**विकास र समृद्धिका समस्याहरू**

१६. तर पहाडी गाउँबस्तीहरूमा बसाइँसराइँ ठुलो चुनौतीको रूपमा देखापरेको छ। हामीले यात्रा गरेका ३० जिल्लामध्ये अधिकांशको जनसङ्ख्या वृद्धिदर ऋणात्मक रहेको छ। कतिपय गाउँबस्तीहरू रित्तिँदै गएका छन्। विद्यार्थीको अभावमा कतिपय विद्यालय बन्द हुने अवस्थामा पुगेका छन्। खेतीयोग्य जमिन बाँझो बन्दैछन्। गाउँमाश्रमका लागि युवाहरूको अभाव छ। कतिपय ठाउँमा त वृद्धवृद्धाहरूको हेरचाह गर्ने या मलामी जाने युवाहरूको समेत अभाव देखिन्छ। बसाइँसराइँका पछाडि केही बाध्यात्मक कारणहरू छन्। तर पछिल्लो समय 'नेपालमा अवसर नै छैन', 'नेपाल बन्दै बन्दैन', 'विदेशमा अवसर नै अवसर छ' र 'जसरी पनि त्यहाँ पुग्न पाइयो भने जिन्दगी सप्रिहाल्छ' भन्ने भ्रामक प्रचार, प्रायोजित भाष्य, त्रुटिपूर्ण शैक्षिक प्रणाली र मनोविज्ञानले पनि युवाहरूको बाह्य आप्रवासनलाई बढावा दिइरहेको छ। यसको समाधानका लागि तत्काल पहल अनिवार्य भएको छ।

युवाहरूको विदेश प्रवासनले जटिल पारिवारिक समस्याहरू निम्तिन थालेको हामीले देख्यौँ। वृद्धवृद्धाहरूको हेरचाह, नानीहरूको स्याहारसुसार, हुर्काइ र पढाइ तथा महिलाहरूको जीवनमा कतिपय जटिलता थपिएको र मनोवैज्ञानिक समस्या उत्पन्न भएको पायौँ। कम्तीमा प्रत्येक वडामा ज्येष्ठ नागरिकहरूका लागि दिवा मिलन केन्द्र, समय–समयमा स्वास्थ्य जाँच, नानीहरूका लागि हुर्काइ र पढाइका लागि विशेष व्यवस्था र श्रीमान् बिदेसिएका कारण एक्लो जीवन बिताइरहेका महिलाहरूका लागि आवश्यक मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र सुरक्षाका लागि स्थानीय तह, प्रशासन र राजनीतिक दलहरूले समेत विशेष ध्यान दिनुपर्ने देखियो।

१७. भएका उत्पादनले बजार, उचित मूल्य र संरक्षण नपाउनु पनि बसाइँसराइँको कारण बन्न पुगेको छ। एकातिर सस्तो मूल्यमा भित्रिने भारतीय र अन्य मुलुकका उत्पादनसँग प्रतिस्पर्धा गर्नुपर्ने बाध्यता, अर्कातिर बिचौलियाको दोहनका कारण किसानहरू आफ्नो उत्पादनको उचित मूल्य पाउनबाट

वञ्चित छन्। कतिपय उत्पादनको लागत पनि नउठ्ने अवस्था देखियो। तसर्थ, कृषिमा समग्र प्रणाली लागु गर्नु आवश्यक छ। व्यावसायिक खेती गर्न चाहनेलाई भूमिको व्यवस्था, पुँजी र प्रविधिको प्रबन्ध, बाली बिमा, उत्पादनको समर्थन मूल्य र बजारको व्यवस्था तथा राज्यद्वारा बिक्रिको सुनिश्चितता सङ्क्षेपमा व्यावसायिक कृषिको लागि आवश्यक समग्र प्रणाली हो। उत्पादक र उपभोक्ताबीच सिधा सम्बन्ध हुने खालको वितरण प्रणालीको व्यवस्था गर्ने, बिचौलियाहरूको बिगबिगी नियन्त्रण गर्ने, स्वदेशी उत्पादनलाई प्रोत्साहन हुने गरी आयातित खाद्य र पेय वस्तुहरूलाई निरुत्साहित गर्ने, ठुलो मात्राको उत्पादनलाई प्रोत्साहन गर्ने, भूमि बैङ्कलगायतका माध्यमबाट बाँझो जमिनको सदुपयोग गर्ने तथा मल, बिउ र सिँचाइमा किसानहरूलाई प्रोत्साहन गर्ने काम गर्नु अनिवार्य देखियो। बैङ्क तथा वित्तीय संस्थाहरूबाट किसान तथा उद्यमीहरूलाई सहुलियतपूर्ण ऋण तथा अन्य सुविधा सुनिश्चित हुनु आवश्यक देखियो।

१८. मध्यपहाडका विभिन्न भूभागमा भूमिहीनहरूको उल्लेख्य सङ्ख्या देखियो। दशकौँदेखि पर्ती जमिन आवाद गरेर बसेका तर जग्गा नापी नभएको र जग्गाधनी प्रमाणपुर्जा नपाएका कारण भूमि अधिकारबाट वञ्चित भएका हजारौँ परिवार भेटिए। सिन्धुपाल्चोक लगायत जिल्लामा गुठी जग्गाका कारण पुस्तौँदेखि जग्गा कमाएर पनि भूस्वामित्वबाट वञ्चित भएका सयौँ परिवारहरूका समस्या हामीले सुन्यौँ। यस्तै समस्या समाधानका लागि नेकपा (एमाले) को सरकारले बनाएको भूमि समस्या समाधान आयोग विघटन गरिँदा समस्या झनै बल्झिएको हामीले पायौँ। किसानहरूको हितमा हुने गरी अविलम्ब भूमि समस्या समाधान गर्नु आवश्यक छ।

१९. पछिल्लो समय बाँदर, बँदेल, दुम्सी, घोरललगायत वन्यजन्तुका कारण बालीनालीमा भइरहेका नोक्सानी र पीडा पनि किसानहरूको बसाइँसराइँको महत्त्वपूर्ण कारक बन्न पुगेको छ। यसको दिगो समाधान अनिवार्य देखियो।

२०. जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरूको स्पष्ट छाया मध्यपहाडी क्षेत्रमा अनुभूत गर्न सकिन्छ। पानीका मुहानहरू सुकिरहेका छन्। पानीको सतह घटेका कारण सिँचाइ कुलोहरू सुक्खा हुन थालेका छन्। बाढीपहिरोको जोखिम बर्सेनि बढ्दै गएर बस्तीहरू रित्तिएका छन्। उत्तरतिर हेर्दा हिमालहरू

तीव्र गतिमा पग्लिइरहेको देखिन्छ। वर्षाको असामान्य प्रवृत्तिका कारण परम्परागत बालीनालीलाई ठुलो प्रभाव परेको छ। जलवायु सङ्कटको मुख्य मारमा महिला, किसान र भिरालो पाखा या नदीकिनारमा बस्न बाध्य विपन्न परिवारहरू परेका छन्। अनुकूलन र प्रतिरोधी क्षमता अभिवृद्धिसम्बन्धी ठोस योजना ल्याउन ढिलो भइसकेको छ।

२१. उद्यमी–व्यवसायीहरू निकै निराश र हतोत्साहित अवस्थामा देखिए। बैङ्कको बढ्दो व्याजदर, अपारदर्शी र झन्झटपूर्ण कर नीति, कर प्रशासकहरूको निर्मम व्यवहार, सरकारको भ्रष्ट र अमैत्रीपूर्ण नीतिका कारण धेरैले व्यवसाय बन्द गरेको, चलाएकाले पनि पूर्ण क्षमतामा नचलाएको र व्यवसायमा भविष्य छ भन्ने आत्मविश्वास टुटेको देखियो। उद्यमी–व्यवसायीहरूको मनोबल उठाउन आवश्यक नीतिगत र संरचनागत सुधार तत्काल हुनुपर्ने देखिएको छ। अवैधानिक आर्थिक क्रियाकलापको बोलवालाका कारणले वैधानिक रूपमा काम गरिरहेकाहरू निरुत्साहित हुने अवस्था अन्त्य गरिनु आवश्यक देखियो।

२२. पछिल्लो समय विकास निर्माणका कामहरू ठप्प प्राय: देखिए। भेरी–बबई, सुनकोसी–मरिन, पुष्पलाल लोकमार्गजस्ता क्षेत्रका रूपान्तरणकारी आयोजनाहरूको प्रगति सन्तोषजनक छैन। (सुनकोसी–मरिन डाइभर्सनको सुरुङ खन्ने काम भन्ने तीव्र गतिमा भइरहेको छ तर बजेट छैन। बजेट छैन भनी काम सुस्त गर्दा ठेकेदार कम्पनीलाई परियोजनाले क्षतिपूर्ति तिर्नुपर्छ, यसमा सरकार उदासीन देखिएको छ।) निरोगी नेपाल अभियानलाई सार्थक तुल्याउन चेतना अभिवृद्धि, बिमा, र जनता रहेकै स्थानमा विशेषज्ञतासहितको सुविधासम्पन्न अस्पतालको अवधारणामा एकैसाथ शिलान्यास गरिएका ३९६ वटा आधारभूत अस्पतालहरू अलपत्र पारिएका छन्। रणनीतिक सडकहरूको बजेट पूर्वाग्रहपूर्ण ढङ्गले कटौती गरिएको छ। विकासका काममा चरम राजनीतिक पक्षपात देखापरेको छ। कतिपय ठाउँमा निर्माण व्यवसायीहरूले सम्पन्न भइसकेका कामको पनि भुक्तानी पाइसकेका छैनन् भने कतिपय ठाउँमा उनीहरूको चरम लापर्बाही छ, उनीहरूका अगाडि सरकार निरीह देखिन्छ। विकास निर्माणको काममा आएको शिथिलता र आर्थिक मन्दीका कारण निर्माण सामग्रीसँग जोडिएका व्यवसाय धराशयी बन्ने अवस्थामा पुगेका छन्।

२३. पूर्वाधार विकासका काममा समन्वय छैन। सानो सुधारबाट पनि हुन सक्ने ठुलो लाभबाट मुलुक वञ्चित भइरहेको छ। भेरी–बबई डाइभर्सनको सुरुङ सम्पन्न भएको वर्षौं बित्यो, त्यसको मूल बाँध बनेको छैन। रकमको अभावमा यो स्थिति सुनकोसी–मरिनमा पनि दोहोरिन सक्छ। यस्तै नियति द्रुतमार्गले पनि बेहोरिरहेको हुन सक्छ।

२४. भ्रष्टाचार, कुशासन र राजनीतिक बेथितिका विरुद्ध समाजमा सार्वजनिक असन्तुष्टि देखापरेको छ। यो असन्तुष्टि लोकतान्त्रिक प्रणाली, गणतन्त्र या संवैधानिक व्यवस्थाका विरुद्ध होइन, यसलाई सञ्चालन गर्ने पात्रहरूका विरुद्ध हो। तर, पात्रहरूप्रतिको असन्तुष्टिलाई प्रणालीकै विरुद्ध प्रयोग गर्न सकिन्छ कि भनेर कतिपय तत्वहरू प्रयत्नशील छन्। सुशासन, विकास र समृद्धिको यात्रालाई तीव्र पारेर र जनताको विश्वास जितेर मात्र यस्ता प्रयासलाई निस्तेज गर्न सकिन्छ।

**भूकम्पपीडितहरूका पीडा र स्वयम्सेवकहरूको उत्कृष्ट भूमिका**

२५. गत कार्तिक १७ गते जाजरकोट र रुकुम पश्चिममा गएको भूकम्पबाट घरबार गुमाएका पीडितहरूका लागि अस्थायी आवास निर्माण गर्न हाम्रो पार्टीले स्वयम्सेवक परिचालन गरेको तथ्य यहाँहरू सबैलाई अवगत नै छ। पार्टीका तर्फबाट खटिएका झन्डै ११ सय स्वयम्सेवकहरूले दुई हप्ताभन्दा बढी समय भूकम्पग्रस्त क्षेत्रमा खटिएर एक हजारभन्दा बढी अस्थायी आवास र एक सयभन्दा बढी कक्षाकोठाहरूको निर्माण गरेका छन्। राज्यका निकायहरूले हटाउन नसकेका र जोखिमपूर्ण भग्नावशेषभित्र पुरिएका घरधनीहरूका मूल्यवान् सामग्री, लत्ताकपडा र नानीहरूले पढ्ने पुस्तकहरू भग्नावशेष हटाएर सुरक्षित निकालिदिएका छन्। कतिपय ठाउँमा स्वास्थ्य शिविर सञ्चालन गरेर पीडितहरूको स्वास्थ्योपचारमा सहयोग पुऱ्याएका छन्। पूर्ण रूपमा आफ्नै खर्च र व्यवस्थापनमा खटेका यी स्वयम्सेवकहरूको नि:स्वार्थ सेवाभावले पीडित जनताको मन जितेको छ। यसरी जनताको मन जितेका स्वयम्सेवकहरू आफ्नो दायित्व पूरा गरेर बिदा हुँदाको क्षण निकै भावुक रहेको थियो। रिम्ना, जाजरकोटको जनसभामा स्वयम्सेवकहरूलाई सम्मान गरिएको थियो। सभामा स्वयम्सेवकहरूको नि:स्वार्थ सेवाभावको समाजका सबै पक्ष

र अन्य राजनीतिक दलका नेताहरूले समेत खुलेरै प्रशंसा गर्नुभएको थियो। यसले फेरि एकपटक नेकपा (एमाले) जनताको सुखदु:खको साथी हो भन्ने कुराको पुनर्पुष्टि गरेको छ र जनतासँगको सम्बन्धलाई प्रगाढ बनाएको छ।

२६. तर भूकम्पपछिको पुनर्निर्माण र पुनर्स्थापनाको काम भने अत्यन्त सुस्त र निराशाजनक रहेको छ। ९ हजारभन्दा बढीको ज्यान लिएको र ८ लाखभन्दा बढी निजी घरसहित ठुलो मात्रामा सार्वजनिक सम्पत्तिको क्षति भएको २०७२ सालको विनाशकारी भूकम्पको सामना गरेको र पुनर्निर्माणमा नमुना काम गरेको भन्दै अन्तर्राष्ट्रिय समुदायबाट नेपालले प्रशंसा पाएको धेरै भएको छैन। तर यही मुलुकमा जाजरकोट र रुकुम पश्चिममा भूकम्पपीडितहरूले यति सास्ती भोग्न पर्नु विडम्बनापूर्ण हो। अस्थायी आवास नपाएका कारण चिसोले २० जनाभन्दा बढी भूकम्पपीडितको ज्यान जानु सरकारको निकम्मापनको उदाहरण मात्र होइन, लज्जास्पद स्थितिसमेत हो। हामी अविलम्ब अस्थायी आवासका लागि राहत उपलब्ध गराएर र पीडितहरूका लागि अस्थायी आवास सुनिश्चित गरेर नागरिकको जीवनरक्षा गर्न सरकारसँग जोडदार माग गर्छौं।

## पुष्पलाल मध्यपहाडी लोकमार्ग

२७. पुष्पलाल मध्यपहाडी लोकमार्ग नेपालको पहाडी क्षेत्रको विकास र समृद्धिको एउटा उत्प्रेरक र संवाहक परियोजना हो। नेपालको अधिकांश राजमार्गहरू विदेशी सहायतामा बनेको परिप्रेक्ष्यमा नेपालको आफ्नै स्रोत, इन्जिनियरिङ र प्रविधिमा निर्माणाधीन यो परियोजना नेपाल र नेपालीका लागि गौरवको परियोजना हो। सुरु भएको १३ वर्षमा यति प्रगति हासिल हुनु सकारात्मक विषय हो।

२८. तर यसको इन्जिनियरिङ, अलाइनमेन्ट र ढाँचामा थुप्रै सुधार गर्नु पर्ने हाम्रो निष्कर्ष छ। कतिपय स्थानमा पहिल्यै बनेको स्थानीय सडकमा यसलाई जोडिएको, कतिपय ठाउँमा बस्ती नै नभएका निर्जन स्थानमा बाटो खनिएको र कतिपय ठाउँमा राजनीतिक दबाब र प्रभावका कारण यसलाई अनावश्यक घुमाउरो बनाइएको छ। १८७९ किलोमिटर लामो यसको संरचना राष्ट्रिय राजमार्गका दृष्टिले उपयुक्त होइन। राजमार्ग भनेको बिना रोकावट सवारी

दौडने मार्ग हो। पुष्पलाल लोकमार्गको 'टेक्निकल अडिट' जरुरी छ, गरिँदैछ। प्रारम्भिक अवलोकनका आधारमा भन्न सकिन्छ– केही स्थानमा पुनर्रेखाङ्कन (रिअलाइन्मेन्ट) गर्ने, आवश्यक पर्ने स्थानमा सुरुङ र भायाडक्ट (अग्ला पुल) को प्रयोग गरी यसको समय र दुरी छोट्याउन सकिन्छ। जाजरकोट, लमजुङ, सिन्धुपाल्चोक, रामेछापका कतिपय ठाउँमा यसको ट्र्याक नै खोल्न बाँकी देखियो। ट्र्याकसमेत नखुलेकै कारण हामीले जाजरकोटका कतिपय भूभाग टेक्न पाएनौँ, सुर्खेत र सल्यान हुँदै यात्रा तय गर्नु पर्‍यो। जाजरकोटको मटेलामा एउटा बेलीब्रिज मात्रै राखिदिने हो भने तत्कालका लागि काठमाडौँदेखि सुदूरपश्चिम सम्मको मध्यपहाडी लोकमार्गमार्फत यात्रा सम्भव छ। कास्की–लमजुङ खण्ड र सिन्धुपाल्चोक र रामेछापका कतिपय भूभागमा यही लोकमार्ग भएर यात्रा गर्न सकिएन। त्यसका लागि कास्की, काभ्रे र दोलखाका वैकल्पिक बाटोहरू प्रयोग गर्नुपर्‍यो। कतिपय ठाउँमा ठेक्का लगाउनै बाँकी देखियो भने कति ठाउँमा ठेकेदारहरूले काम अलपत्र पारेर जनतालाई सास्ती दिएको देखियो। प्रदेशस्तरमा हेर्दा सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशमा जत्ति पनि काम बागमती र कोसी प्रदेशका जिल्लामा हुन सकेका छैनन्। यी सबै समस्याको अविलम्ब समाधान आवश्यक छ।

२९. मध्यपहाडी लोकमार्गमा पर्ने विभिन्न भूभागमा आधुनिक सहरहरूको विकास गरेर पहाडको बसाइँसराइँ रोक्ने उद्देश्यले सुरु गरिएको परियोजनाको प्रगति निराशाजनक छ। वर्षौंदेखि जग्गा अधिकरण गरेर त्यसलाई त्यत्तिकै थाँती राख्दा जग्गाधनीहरूमा पनि निराशा बढेको छ भने राज्यको लगानी पनि त्यत्तिकै खेर गइरहेको छ। यस सम्बन्धमा ठोस काम अगाडि बढाउनु अत्यावश्यक देखिएको छ।

३०. सरकारी निकायबीच समन्वयको अभावले राजमार्ग निर्माणको काम बेस्सरी प्रभावित छ। नेपाल विद्युत प्राधिकरणले कुनै दिन जलविद्युत परियोजना बन्छ र डुबान हुन्छ भन्दै स्वीकृति नदिएका कारण मध्यपहाडी राजमार्ग मात्रै हैन विभिन्न महत्त्वपूर्ण राजमार्ग निर्माण कार्य अवरुद्ध छ। बुढीगण्डकी जलाशययुक्त परियोजनाको कारण देखाई गोरखा–धादिङ आरुघाट खण्डमा सडक बनाइएकै छैन। सुनकोसी परियोजनाले डुबानमा पार्छ भन्ने बहानामा रामेछापमा सडक अत्यधिक घुमाउरो र दिग्दारलाग्दो बनाइएको छ। यस्तै

समस्या अछामवासीहरूले बेहोर्नुपरेको छ, जहाँ बेतान–कर्णाली प्रस्तावित जलविद्युत् परियोजनाले जङ्गलघाटमा पुल बनाउन स्वीकृति नदिएका कारण कर्णाली चिसापानीबाट १२५ किलोमिटर दुरी पार गरेर पुगिने मंगलसेन पुग्न झन्डै ४ सय किलोमिटर घुमाउरो बाटो तय गर्नु पर्ने बाध्यता छ। सुनकोसी–मरिन परियोजनाको छलफलका क्रममा जानकारी गराइएअनुसार त्यहाँ प्रयोग भएको टिबिएम सिन्धुली खुर्कोट–चियाबारी सुरुङ निर्माणमा प्रयोग गर्न सक्दा ६/८ किमी सुरुङले घुमाउरो बाटोको दुरी घटाउने मात्रै हैन, ४७ मिनेटको यात्रा आठ मिनेटमा पूरा गर्न सकिन्छ। कान्तिपथलाई अलिकति सुधार गर्ने हो भने प्रदेश राजधानी र काठमाडौँ बीचको दुरी दुई घण्टाभन्दा कम हुने मात्रै हैन, मदन भण्डारी राजमार्ग हुँदै चतरासम्मको यात्रा साह्रै छोटो हुन सक्छ।

**हाम्रो निष्कर्ष र सङ्कल्प**

३१. हाम्रो यो अभियान एउटा यात्रा मात्रै थिएन। यो त सङ्कल्प यात्रा थियो, समृद्धिका लागि सङ्कल्प यात्रा। यस अभियानमा हामी आफैले प्रत्यक्ष देखे–भोगेका अनेकौँ समस्याहरू छन्। जनस्तरबाट प्राप्त अनेकौँ माग र सुझाव छन्। ती सबैका आधारमा हामी देहायको सङ्कल्प गर्छौं :

(क) नेपाली जनता लोकतान्त्रिक गणतन्त्र र समाजवादका पक्षमा छन्। सामाजिक न्याय, राष्ट्रिय एकता र सामाजिक सद्भावका पक्षमा छन्। निश्चय नै जनताका गुनासा पनि छन्, सुझावहरू पनि छन्। कतिपय सन्दर्भमा आलोचना पनि छन्। रचनात्मक र सही गुनासा, सुझाव र आलोचनाहरूलाई ग्रहण गर्दै हामी सङ्कल्प गर्छौं– हामी लोकतान्त्रिक गणतन्त्रका पक्षमा दृढतापूर्वक उभिनेछौँ। परिवर्तनलाई उल्ट्याउन, नेपाललाई मध्ययुगतिर फर्काउन र जनताको अभिमतबिनाको जन्मसिद्ध श्रेष्ठताको सामन्ती व्यवस्था पुन:स्थापना गर्ने प्रयासलाई कुनै पनि हालतमा सफल हुन दिनेछैनौँ। हामी स्पष्ट छौँ– लोकतान्त्रिक गणतन्त्रको विकल्प अझ उन्नत स्तरको लोकतान्त्रिक गणतन्त्र मात्रै हुन सक्छ।

(ख) बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विविधता एवम् त्यही विविधताभित्रको एकता नै नेपालको पहिचान हो, नेपालको सामर्थ्य हो, नेपालको भविष्य हो। हामी सङ्कल्प गर्छौं– हामी यस

एकतालाई अझ सुदृढ र मजबुत बनाउन लागीपर्नेछौँ। सामाजिक विद्वेष, अतिवाद, हिंसा र अराजकताका कुनै पनि प्रयासलाई सफल हुन दिनेछैनौँ। विधिसम्मत, कानुनमुताबिक र लोकतान्त्रिक ढङ्गले प्रस्तुत हुने जुनसुकै विषयमा छलफल गर्न र लोकतान्त्रिक विधिबाट समाधान खोज्न हाम्रो पार्टी सधैँ सकारात्मक र खुला छ। तर, हुलहुज्जत, अराजकता र हिंसाको बाटो अस्वीकार्य छ। हाम्रो संवैधानिक व्यवस्था भनेको खुला प्रतिस्पर्धात्मक व्यवस्थामार्फत समाजवादतिरको यात्रा हो। विचारमा बहुलता स्विकार्ने तर भिन्न मत भएका दल वा समूहको उपस्थितिलाई समेत प्रतिबन्ध लगाउँछौँ भन्ने खालका 'तानाशाही' सोच र व्यवहारलाई हामी अस्वीकार गर्छौँ।

(ग) जनताका प्रतिनिधिहरूका हातबाट लोकतान्त्रिक संविधान बनिसकेको र जनताका अधिकारहरू संवैधानिक दृष्टिले सुनिश्चित भइसकेको वर्तमान अवस्थामा सुशासन, समृद्धि र विकास नै मुलुकका सर्वोपरि प्राथमिकताका कार्यसूची हुन्। समृद्धि र विकासको जगमा मात्रै लोकतन्त्र अप्रतिरोध्य बन्न सक्छ। यसको बलमा मात्रै राष्ट्रियता सुदृढ हुन सक्छ। तर पछिल्लो समय गठबन्धन सरकारका भ्रष्ट र दोहनकारी क्रियाकलापका कारण जनतामा निराशा बढ्दो छ। राष्ट्रिय हित जोखिममा पर्न थालेको छ। कतिपय लोकतन्त्र विरोधी तत्त्वहरू यस्ता निराशालाई लोकतन्त्रकै विरुद्ध प्रयोग गर्न प्रयत्नशील देखिएका छन्। हामी सङ्कल्प गर्छौं– हामी सुशासनको प्रत्याभूति गर्न, विकासको यात्रालाई निर्वाध अगाडि बढाउन र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा साकार पार्न सदनभित्र र बाहिर थप प्रयत्नशील रहनेछौँ। आवश्यक पऱ्यो भने जनपरिचालनको बाटो अवलम्बन गर्नेछौँ।

(घ) यस सङ्कल्प यात्राको क्रममा हामीलाई सयौँ मागपत्र, ज्ञापनपत्र र ध्यानाकर्षण पत्रहरू प्राप्त भएका छन्। तिनीहरूमार्फत जनताले हामीसमक्ष हजारौँ माग प्रस्तुत गर्नुभएको छ। यतिबेला नेकपा (एमाले) सरकारमा नभए पनि नेकपा (एमाले) बाट मात्रै हाम्रा चासो, सरोकार र मागहरू सम्बोधन हुन सक्छ भन्ने विश्वास व्यक्त गर्नुहुने आम

जनता, जनप्रतिनिधिहरू, विभिन्न पार्टीका प्रतिनिधिहरू र उद्यमी–व्यवसायीहरूप्रति हामी धन्यवाद ज्ञापन गर्छौं। तपाईंहरूको भरोसा र तपाईंहरूले दिनुभएको नासोलाई हामीले अलपत्र पर्न दिनेछैनौँ। यतिबेला हामी ती मागहरूको अध्ययन, विश्लेषण र वर्गीकरण गरिरहेका छौँ। यो काम सकिनेबित्तिकै हामी ती विषयहरू राज्यको जुन तह– सङ्घीय, प्रादेशिक या स्थानीय तहसँग सम्बन्धित छ, त्यहाँ बुझाउनेछौँ र तिनको समाधानका लागि सम्बन्धित निकायसँग ध्यानाकर्षण र पहल गर्नेछौँ, आवश्यकताअनुसार जनदबाब दिनेछौँ। वर्तमान सरकारले काम गरेन भने हामीले आफ्नो नेतृत्वको सरकार बन्नासाथ यसको दिगो समाधान र कार्यान्वयन गर्नेछौँ।

(ङ) हामीले देखेका र यहाँहरूमार्फत अभिव्यक्त भएको मध्यपहाडको विकासका सम्भावना र चुनौतीका आधारमा पार्टीले मध्यपहाडको विकास र समृद्धि सम्बन्धी ठोस परियोजना सार्वजनिक गर्नेछ। यस क्रममा हामी विज्ञहरू, जनप्रतिनिधिहरू र अन्य आवश्यक पक्षसँग सघन छलफल गर्नेछौँ, गहन अध्ययन गर्नेछौँ। हाम्रो सङ्कल्प छ– हामी पहाडी भूभागलाई समृद्धिको केन्द्र बनाउनेछौँ।

(च) नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलालका नाममा सुरु भएको र नेपालकै साधन र स्रोतबाट निर्माणाधीन पुष्पलाल मध्यपहाडी लोकमार्ग नेपालको गौरवको परियोजना हो। हामी सङ्कल्प गर्छौं– विज्ञहरूसमेतको सुझाव र अध्ययनका आधारमा हामी यसको टेक्निकल अडिट गर्नेछौँ र यसलाई स्तरीय, छरितो, दिगो र सुविधायुक्त राजमार्गका रूपमा विकास गर्नेछौँ।

(छ) यस अभियानका क्रममा प्राप्त जनसमर्थनबाट हामी उत्साहित छौँ। यस समर्थनलाई हामी सङ्गठनात्मक शक्ति र एकताबद्ध पार्टी निर्माणमा रूपान्तरित गर्नेछौँ। यससम्बन्धी आवश्यक कामको निर्देशन छिट्टै पार्टीका प्रदेश तथा जिल्ला कमिटीहरूमा पठाइनेछ। नेकपा (एमाले) को नेतृत्वबिना नेपालको राष्ट्रिय हितको रक्षा, लोकतन्त्रको सुदृढीकरण, तीव्र विकास, सुशासनको प्रत्याभूति र समृद्धि सम्भव नहुने

तथ्य सुनिश्चित भएकाले पार्टीलाई बहुमत प्राप्त राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्न लागि पर्ने सङ्कल्प पुन: दोहोऱ्याउन चाहन्छौँ।

३२. अन्त्यमा, यस यात्रामा नेकपा (एमाले) प्रति अभूतपूर्व माया, सद्भाव र समर्थन व्यक्त गर्नुहुने आम जनसमुदायप्रति हामी धन्यवाद र आभार व्यक्त गर्न चाहन्छौँ। हाम्रो सङ्कल्प यात्रालाई उच्च महत्त्व दिएर समाचार, फिचर र विश्लेषणका माध्यमबाट आफ्ना सञ्चारमाध्यमहरूमा स्थान र महत्त्व दिनुभएकोमा आम सञ्चार जगत्प्रति आभारी छौँ। यस यात्राभरि सुरक्षाको चुस्त र प्रभावकारी प्रबन्ध गर्ने स्थानीय प्रशासन, सबै सुरक्षा निकाय र सुरक्षाकर्मीहरूलाई हामी हार्दिक धन्यवाद ज्ञापन गर्छौं। सङ्कल्प यात्रालाई प्रत्यक्ष–परोक्ष सहयोग गर्नु हुने सबैप्रति हामी आभार व्यक्त गर्न चाहन्छौँ। आगामी दिनमा पनि यहाँहरू सबैबाट यस्तै खाले सहयोग प्राप्त हुने विश्वास पनि व्यक्त गर्छौं।

धन्यवाद !

**केपी शर्मा ओली**
अध्यक्ष

३

# नेकपा (एमाले) द्वारा सरकारलाई बुझाइएको ध्यानाकर्षण पत्र

१. आज अध्यक्ष केपी शर्मा ओली नेतृत्वको नेकपा (एमाले) प्रतिनिधि मण्डलले प्रधानमन्त्रीको सरकारी निवास, बालुवाटारमा प्रधानमन्त्री पुष्पकमल दहाल 'प्रचण्ड' ज्यूसमक्ष सुदूर पश्चिमको झुलाघाटदेखि सुदूर पूर्वको चिवाभञ्ज्याङसम्म सम्पन्न 'समृद्धिका लागि सङ्कल्प यात्रा' का क्रममा जनताबाट प्राप्त माग, ज्ञापन र सुझावहरु एवं पार्टीले अभियानका क्रममा देखेका पहाडी क्षेत्रका विकासका संभावना र चुनौतीहरु समेटेर ध्यानाकर्षण पत्र हस्तान्तरण गरेको छ ।

२. ध्यानाकर्षण पत्रमा अभियानका क्रममा विभिन्न राजनीतिक दल, सङ्घसंस्था, स्थानीय तहहरु, व्यवसायिक क्षेत्र र व्यक्तिगत रुपमा समेत सयौं ज्ञापन पत्र, ध्यानाकर्षण, माग र सुझावहरु प्राप्त भएको, विभिन्न जिल्लामा सर्वदलीय बैठक बसेर साझा मागपत्र तयार गरेर हस्तान्तरण गरिएको र ती मागहरुलाई पार्टीले जनताको नासो ठानेका उल्लेख गरिएको छ । यिनलाई संवोधन गर्नु राज्यको दायित्व हो भन्ने निष्कर्षका साथ प्राप्त मागहरुको सारसङ्क्षेप र तिनलाई कार्यान्वयन गर्ने निकाय समेत ध्यानाकर्षण पत्रमा किटान गरिएको छ । पुष्पलाल (मध्यपहाडी) लोकमार्गको अद्यावधिक स्थिति र कतिपय स्थानमा पुनर्रेखाङ्कन तथा सुधार गर्नु पर्ने विषयमा समेत नेपाल सरकारलाई

नेपाल कम्युनिष्ट पार्टी (एमाले)
**Communist Party of Nepal (UML)**
केन्द्रीय कार्यालय / Central Office

९ माघ २०८०


सम्माननीय प्रधानमन्त्रीज्यू,
नेपाल सरकार, सिंहदरबार, काठमाडौं ।

**विषयः ध्यानाकर्षण ।**

नेकपा (एमाले) द्वारा गतः २०८० मङ्सिर १४ देखि पुस १ गतेसम्म सुदूर पश्चिमको झुलाघाटदेखि सुदूर पूर्वको चिवाभञ्ज्याङसम्म समृद्धिका लागि सङ्कल्प यात्रा सम्पन्न गरिएको व्यहोरा प्रधानमन्त्रीज्यूलाई अवगत नै छ । मध्यपहाडी क्षेत्रका विकासका संभावनाहरूको खोजी गर्ने, तीव्र रूपमा भइरहेको बसाइँसराइँलाई न्यून गर्ने उपायहरूका बारेमा विमर्श गर्ने, लोकतन्त्र, सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई सम्बर्द्धन गर्ने र समाजमा व्याप्त निराशा र 'देश समृद्ध हुन सक्दैन, सुशासन पनि कायम हुँदैन' भन्ने नकारात्मक भाष्यलाई चिर्दै जनतामा आशा, आत्मविश्वास र भरोसा जागृत गर्ने उद्देश्य सहित यो अभियान सञ्चालन गरिएको थियो । प्रतिकूल मौसम र जटिल भौगोलिक संरचनाका बाबजुद सङ्कल्प यात्रामा प्रकट भएको स्वतःस्फूर्त सहभागिता, अभूतपूर्व जनसमर्थन, प्रकट भएको उच्च राजनीतिक संस्कार, विकासका प्रचुर संभावनाहरू र सांस्कृतिक विविधताको प्रदर्शनबाट हामी अत्यन्तै उत्साहित छौँ । हामीले यस जनसहभागिता र जनसमर्थनलाई लोकतान्त्रिक गणतन्त्र, संवैधानिक व्यवस्था र मुलुकको भविष्यप्रतिको जनताको भरोसाका रूपमा लिएका छौँ ।

यस अभियानका क्रममा हाम्रो पार्टीलाई विभिन्न राजनीतिक दल, सङ्घसंस्था, स्थानीय तहहरू, व्यवसायिक क्षेत्र र व्यक्तिगत रूपमा समेत सयौँ ज्ञापन पत्र, ध्यानाकर्षण, माग र सुझावहरू प्राप्त भएका छन् । विभिन्न जिल्लामा सर्वदलीय बैठक बसेर साझा मागपत्र तयार गरेर हस्तान्तरण गरिएका छन् । यी मागहरूलाई हामीले जनताको नासो ठानेका छौँ । यिनलाई संवोधन गर्नु राज्यको दायित्व हो भन्ने हाम्रो निष्कर्ष छ । यसै प्रयोजनका लागि सङ्कल्प यात्राका क्रममा प्राप्त मागहरूको सारसङ्क्षेप र तिनलाई कार्यान्वयन गर्ने निकाय समेत किटान गरेर सम्माननीय प्रधानमन्त्रीज्यू र नेपाल सरकारलाई यो ज्ञापनपत्र हस्तान्तरण गरेका छौँ । पुष्पलाल (मध्यपहाडी) लोकमार्गको अद्यावधिक स्थिति र कतिपय स्थानमा पुनर्रेखाङ्कन लगायत सुधार गर्नु पर्ने विषयहरू समेत ज्ञापनपत्रमा समावेश गरिएको छ । सङ्कल्प यात्रामा हामीले देखेका पहाडका विकास र समृद्धिका संभावना एवं चुनौती र तत्काल गर्नु पर्ने कामहरूलाई समेत पत्रमा सङ्लग्न गरिएको छ ।

यी विषयको कार्यान्वयन अवस्थाको निरन्तर अनुगमनका लागि हाम्रो पार्टीले पार्टीका उपाध्यक्ष एवं प्रतिनिधिसभा सदस्य माननीय विष्णुप्रसाद पौडेललाई जिम्मेवारी तोकेको व्यहोरा समेत अनुरोध गर्दै नेपाली जनताले ठूलो आशा र भरोसाका साथ हस्तान्तरण गरेका यी मागहरूको शीघ्र एवं योजनाबद्ध कार्यान्वयन गर्नु हुन आग्रह गर्दछौँ । कार्यान्वयनको अवस्थाका बारेमा पार्टीलाई अद्यावधिक जानकारी गराइरहनु हुने विश्वास व्यक्त गर्दछौँ ।



**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा (एमाले)

तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

ध्यानाकर्षण गराइएको छ। यी विषयको कार्यान्वयन– अवस्थाको अनुगमनका लागि पार्टी उपाध्यक्ष एवं प्रतिनिधिसभा सदस्य विष्णुप्रसाद पौडेललाई जिम्मेवारी तोकिएको र मागहरुको शीघ्र एवं योजनाबद्ध कार्यान्वयन गर्न र त्यस सम्बन्धमा पार्टीलाई अद्यावधिक जानकारी गराइरहन प्रधानमन्त्रीज्यूलाई आग्रह गरिएको छ।

सङ्कल्प यात्रामा प्रकट भएको जनसमर्थन र सहभागितालाई लोकतान्त्रिक गणतन्त्र, संवैधानिक व्यवस्था र मुलुकको भविष्यप्रतिको जनताको भरोसाका रुपमा लिएको पनि पार्टीले जनाएको छ।

३. जनताबाट प्राप्त मागहरुको प्रकृति देहाय बमोजिम रहेको छ–

- अभियानका क्रममा कुल ७५१ वटा मागहरु प्राप्त भएका छन्, जुन विभिन्न ४६ क्षेत्रसाग सम्बन्धित छन्। तिनलाई सोही अनुरुप वर्गीकरण गरी प्रधानमन्त्रीज्यूलाई बुझाइएको छ। प्रदेशगत रुपमा गण्डकीबाट ५९ निवेदनहरुबाट १६१ वटा विषयहरु, कोशीबाट ४८ निवेदनहरुमार्फत् १७० वटा विषयहरु, सुदूर पश्चिमबाट २४ निवेदनहरुमार्फत् १३५ मागहरु, बागमतीबाट ३४ निवेदनहरुमार्फत् ११३ वटा मागहरु, कर्णालीबाट २८ निवेदनमार्फत् ८९ मागहरु, लुम्बिनीबाट १० निवेदनमार्फत् ७५ मागहरु र मधेश प्रदेशबाट (अभियानमा सहभागी हुन आउनु भएका प्रतिनिधिहरुमार्फत्) सङ्कल्प प्रस्ताव सहित दुई निवेदनमा ८ वटा मागहरु समावेश गरिएको त। यी माग, ध्यानाकर्षण, ज्ञापन पत्रहरुमा आवेदकहरुको हस्ताक्षर समेत रहेको छ। यसमध्ये बागमती प्रदेशको एउटा योजनामा १४४२ जना सम्मले हस्ताक्षर समेटिएको छ।
- जनताको मागको प्राथमिकता क्रम हेर्दा सडक, शिक्षा, पर्यटन, कृषि तथा फलफूल, स्वास्थ्य, उद्योग, उर्जा, मोटरेबल पुल, सिचाई, भवन निर्माण, संस्कृति संरक्षण तथा प्रवर्द्धन, भूमि व्यवस्था, बस्ती विकास, खेलकुद, जातीय विभेद, छुवाछुत तथा हिंसा विरुद्ध, खानेपानी व्यवस्थापन तथा स्रोत संरक्षण, भूकम्प प्रभावित क्षेत्र लगायत ठाउहरुमा पुनर्निर्माण तथा पुनस्थापना, सुरुङ मार्ग निर्माण, भूक्षय नियन्त्रण तथा तटबन्ध निर्माण लगायत रहेका छन्।

- मागको सङ्ख्याको आधारमा मध्यपहाडी क्षेत्रले सबैभन्दा बढी १५७ वटा मागहरु सडकसाग सम्बन्धित र २५ वटा मोटरेबल पुलहरु प्राथमिकतामा राखेको छ। यसको अर्थ अझै पनि मध्यपहाडी क्षेत्रले कनेक्टीभिटीलाई जोड दिएको मान्न सकिन्छ। मध्यपहाडी राजमार्गलाई छोटो बनाउनु पर्ने, राजमार्गसाग सम्बन्धित बस्तीहरु व्यवस्थित गर्नुपर्ने, सडकको रेखाङ्कनले बस्तीलाई कम क्षति पुग्नु पर्ने जस्ता मागहरु सडकसाग जोडिएका देखिन्छन्।
- दोस्रो प्राथमिकतामा शिक्षासाग सम्बन्धित मागहरु छन्। यस सम्बन्धी ७९ वटा मागहरुमा शैक्षिक भवन निर्माण, शिक्षक दरबन्दीहरुको व्यवस्थापन, राहत शिक्षकका माग सम्बोधन, शिक्षाको गुणस्तर कायम गर्नुपर्ने लगायत रहेका छन्। तेस्रो प्राथमिकतामा मध्य पहाडी क्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन गर्ने, पर्यटन गुरु योजना निर्माण गर्ने, पदयात्रा प्रवर्द्धन गर्ने जस्ता योजना हरु रहेका देखिन्छन्। चौथो क्रममा कृषि तथा पशुपालनको प्रवर्द्धन गर्ने र पाँचौमा स्वास्थ्य सेवाको सहज उपलब्धताका लागि प्रयत्न गर्नुपर्ने विषयहरु उठान गरिएका छन्। प्रस्तुत मागहरुले मध्यपहाडको आवश्यकता र अवस्थालाई प्रतिविम्बित गर्दछ र यी मागहरुको सम्बोधनले मध्यपहाडको विकास र समृद्धिलाई योगदान गर्न सक्दछ भन्ने पार्टीले विश्वास लिएको छ।

४. ध्यानाकर्षण पत्रमा पार्टीले मध्यपहाडी क्षेत्रमा देखेका विकासका संभावना र चुनौतीलाई पनि समेटिएको छ। पूर्वाधारका दृष्टिले मध्यपहाडका गाउा र बस्तीहरुमा यस बिचमा ठूलो सकारात्मक परिवर्तन आएको, मध्यपहाड कृषि, फलफूल र पशुपालनका दृष्टिले असाध्यै उर्बर क्षेत्रका रुपमा रहेको, यहाँ जलस्रोतको भण्डार नै रहेको, सुरम्य हावापानी, सुन्दर दृष्यावलोकन, परम्परागत खाना र सांस्कृतिक विविधताका दृष्टिले धनी यो भूभाग पर्यटनका लागि असाध्यै संभावनायुक्त रहेको एवं यहाँ खानी र खनिजजन्य पदार्थका दृष्टिले पनि धेरै संभावनाहरु रहेको उल्लेख गरिएको छ।

५. तर पहाडी गाउावस्तीहरुमा बसाइँसराइँ ठूलो चुनौतीको रुपमा देखा परेको, कतिपय गाउावस्तीहरु रित्तिदै गएको, विद्यार्थीको अभावमा कतिपय

विद्यालय बन्द हुने अवस्थामा पुगेको, खेतीयोग्य जमिन बाँझो बन्दै गरेको र कतिपय ठाउमा त बृद्धबृद्धाहरुको हेरचाह गर्ने या मलामी जाने युवाहरुको समेत अभाव देखिएको विषयमा सरकारको ध्यानाकर्षण गरिएको छ।। बसाइँसराइँको यो नकारात्मक प्रवाहका पछाडि केही वाध्यात्मक कारणहरु भए पनि नेपालमा अवसर नै छैन र नेपाल बन्दैन भन्ने भ्रामक प्रचार, प्रायोजित भाष्य, त्रुटिपूर्ण शैक्षिक प्रणाली र मनोविज्ञानले समेत काम गरेको उल्लेख गर्दै बसाइँसराइँको क्रमलाई न्यून गर्न तत्काल पहलको माग गरिएको छ।

६. उत्पादित बस्तुले बजार, उचित मूल्य र संरक्षण नपाउनु पनि बसाइँसराइँको कारण बन्न पुगेको उल्लेख गर्दै पार्टीले किसानहरुको हित संरक्षणका लागि विदेशी मुलुकका कृषि उत्पादनको अनियन्त्रित आयात रोक्न, बिचौलियाको दोहन नियन्त्रण गर्न, पूजी र प्रविधिको प्रबन्ध, बाली बिमा, उत्पादनको समर्थन मूल्य र बजारको व्यवस्था गर्न ध्यानाकर्षण गरेको छ।

७. मध्यपहाडका विभिन्न भूभागमा भूमिहीनहरुको उल्लेख्य सङ्ख्या रहेको उल्लेख गर्दै तिनीहरु लगायत दशकौंदेखि पर्ती जमिन र गुठी जग्गा आवाद गरेर बसेका तर जग्गाधनी प्रमाणपूर्जा नपाएका कारण भूमि अधिकारबाट बञ्चित भएका हजारौं परिवारको भूमि समस्या समाधान गर्न पार्टीले सरकारको ध्यानाकर्षण गरेको छ।

८. पछिल्लो समय बाँदर, बादेल, दुम्सी, घोरल लगायत वन्यजन्तुका कारण बालीनालीमा भइरहेका नोक्सानी र पीडा पनि किसानहरुको बसाइँसराइँको कारक बन्न पुगेको उल्लेख गर्दै यसको दिगो समाधानका लागि ध्यानाकर्षण गरिएको छ।

९. जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरु मध्यपहाडी क्षेत्रमा स्पष्ट देखिन थालेको, पानीका मुहानहरु सुकेका, पानीको सतह घटेका कारण सिचाइ कुलोहरु सुख्खा हुन थालेका, बाढी पहिरोको जोखिम वर्षेनी बढ्दै गएर बस्तीहरु रित्तिएका र वर्षाको असामान्य प्रवृत्तिका कारण परम्परागत बालीनालीलाई ठूलो प्रभाव परेको उल्लेख जलवायु सङ्कटको समाधानका ठोस योजना ल्याउन ध्यानाकर्षण गरिएको छ।

१०. उद्यमी व्यवसायीहरु निकै निराश र हतोत्साहित अवस्थामा देखिएको, ब्याङ्कको चर्को व्याजदर, अपारदर्शी र झण्झटपूर्ण कर नीति, कर प्रशासकहरुको गलत व्यवहार, सरकारको भ्रष्ट र अमैत्रीपूर्ण नीतिका कारण धेरैले व्यवसाय बन्द गरेको, चलाएकाले पनि पूर्ण क्षमतामा नचलाएको र व्यवसायमा भविष्य छ भन्ने आत्मविश्वास टुटेको देखिएको उल्लेख गर्दै उद्यमी व्यवसायीहरुको मनोबल उाचो उठाउन, अवैधानिक आर्थिक क्रियाकलापको बोलवालाका कारणले वैधानिक रुपमा काम गरिरहेकाहरु निरुत्साहित हुने अवस्था अन्त्य गर्न माग गरिएको छ।

११. पछिल्लो समय विकास निर्माणका कामहरु ठप्प प्राय: देखिएको, भेरी–बबई, सुनकोशी–मरिन, पुष्पलाल लोकमार्ग जस्ता यस्ता क्षेत्रका रुपान्तरणकारी आयोजनाहरुको प्रगति सन्तोषजनक नरहेको, स्वास्थ्य बिमा, आधारभूत अस्पताल र प्रत्येक प्रदेशमा सरकारी मेडिकल कलेज स्थापनाका काम अवरुद्ध भएको, रणनीतिक सडकहरुको बजेट पूर्वाग्रहपूर्ण ढङ्गले कटौती गरिएको, विकासका काममा चरम पक्षपात देखा परेको, कतिपय ठाउामा निर्माण व्यवसायीहरुले सम्पन्न भइसकेका कामको पनि भुक्तानी नपाएको र कतिपय ठाउामा उनीहरुको चरम लापर्बाही देखिएको उल्लेख गर्दै निर्माणाधीन पूर्वाधार कार्य र जनहितका विषयमा तत्काल बजेट उपलब्ध गराउन माग गरिएको छ। विकास निर्माणको काममा आएको शिथिलता र आर्थिक मन्दीका कारण निर्माण सामग्रीसाग सम्बन्धित व्यवसाय सङ्कटमा परेको उल्लेख गर्दै पूर्वाधार विकासका काममा समन्वय नभएको (उदाहरणका लागि भेरी–बबइ डाइभर्सनको सुरुङ सम्पन्न भएको बर्षौं बितिसक्दा पनि त्यसको मूल बाँध हालसम्म नबनेको, सुनकोशी मरिन डाइभर्सनमा सुरुङको काम सकिन लागेको तर अन्य संरचना नबनेको) तर्फ ध्यानाकर्षण गराइएको छ।

१२. भ्रष्टाचार, कुशासन र राजनीतिक बेथितिले समाजमा चर्को असन्तुष्टि देखापरेको, यो असन्तुष्टिलाई लोकतान्त्रिक प्रणाली, गणतन्त्र या संवैधानिक व्यवस्थाकै विरुद्ध विरुद्ध प्रयोग गर्न सकिन्छ कि भनेर चलखेल भयरहेको तर्फ ध्यानाकर्षण गराउदै सुशासन र विकासलाई सुनिश्चित गर्न माग गरिएको छ।

१३. गत: कार्तिक १७ गते जाजरकोट र रुकुम– पश्चिममा गएको भूकम्पपछिको पुनर्निर्माण र पुनर्स्थापनाको काम अत्यन्त सुस्त र निराशाजनक रहेको उल्लेख

गर्दै अस्थायी आवास र न्यानो कपडाको अभावमा चिसोले ३४ जनाभन्दा बढी भूकम्पपीडितको ज्यान जानु सरकारको निकम्मापनको उदाहरण र लज्जास्पद स्थितिका रुपमा पार्टीले विश्लेषण गरेको छ। अविलम्ब अस्थायी आवासका लागि राहत उपलव्ध गराएर र पीडितहरुका लागि अस्थायी आवास सुनिश्चित गरेर नागरिकको जीवन रक्षा गर्न सरकारसाग जोडदार माग गरिएको छ।

१४. पुष्पलाल (मध्यपहाडी) लोकमार्ग नेपालको पहाडी क्षेत्रको विकास र समृद्धिको सम्बाहक परियोजनाका रुपमा रहेको, अधिकांश राजमार्गहरु विदेशी सहायतामा बनेको परिप्रेक्ष्यमा नेपालको आफ्नै स्रोत, इञ्जिनीयरिङ र प्रविधिमा निर्माणाधीन यो परियोजना नेपालीका लागि गौरवको विषय भएको उल्लेख गर्दै ध्यानाकर्षण पत्रमा यसको इञ्जिनीयरिङ, अलाइनमेन्ट र ढाँचामा थुप्रै सुधार गर्नु पर्ने, कतिपय स्थानमा पहिल्यै बनेको स्थानीय सडकमा यसलाई जोडिएको, कतिपय ठाउामा बस्ती नै नभएका निर्जन स्थानमा बाटो खनिएको र कतिपय ठाउामा राजनीतिक दबाब र प्रभावका कारण यसलाई अनावश्यक घुमाउरो बनाइएको र यसको १८७९ किलोमिटर लम्बाइ राष्ट्रिय राजमार्गका दृष्टिले उपयुक्त नरहेको निष्कर्षमा साथ यसको 'टेक्निकल अडिट' गर्न, आवश्यकता अनुसार विभिन्न ठाउामा पुनर्रेखाङ्कन (रिअलाइनमेन्ट) गर्न, आवश्यक स्थानमा सुरुङ र भायाडक्ट (अग्ला पुल)को प्रयोग गरी यसको समय र दूरी छोट्याउन, ट्र्याक खोल्न बाँकी ठाउामा तत्काल ट्र्याक खोल्न, जाजरकोटको मटेलामा तत्काल बेलीब्रिज राख्न र ठेक्का लगाउन बाँकी ठाउामा तत्काल ठेक्का लगाउन एवं काम अलपत्र पार्ने ठेकेदारहरुमाथि आवश्यक कार्बाही अगाडि बढाउन माग गरिएको छ।

१५. त्यसरी नै मध्यपहाडी लोकमार्गमा पर्ने विभिन्न भूभागमा आधुनिक सहरहरुको विकास गरेर पहाडको बसाइँसराइँ रोक्ने उद्देश्यले सुरु गरिएको परियोजनाको प्रगति निराशाजनक रहेको उल्लेख गर्दै यस सम्बन्धमा ठोस काम अगाडि बढाउन ध्यानाकर्षण गरिएको छ।

१६. सरकारी निकाय बिच समन्वयको अभावले राजमार्ग लगायत पूर्वाधार निर्माणको काम बेस्सरी प्रभावित भएको उल्लेख गर्दै समन्वयका लागि ध्यानाकर्षण गरिएको छ। (जस्तै, बुढीगण्डकी जलाशययुक्त परियोजनाको कारण देखाई गोरखा–धादिङ आरुघाट खण्डमा सडक नबनाइएको, सुनकोशी

परियोजनाले डुबानमा पार्छ भन्ने बहानामा रामेछापमा सडक अत्यधिक घुमाउरो र दिग्दारलाग्दो बनाइएको, बेतान– कर्णाली प्रस्तावित जलविद्युत परियोजनाले जङ्गलघाटमा पुल बनाउन स्वीकृति नदिएका कारण कर्णाली चिसापानीबाट १२५ किलोमिटर दूरी पार गरेर पुगिने मङ्गलसेन पुग्न झण्डै ४ सय किलोमिटर घुमाउरो बाटो तय गर्नु पर्ने वाध्यता रहेको, सुनकोशी– मरिन परियोजनामा प्रयोग भएको टिबिएम सिन्धुली खुर्कोट– चियाबारी सुरुङ निर्माणमा प्रयोग गर्न सक्दा ६. ८ कि.मी. सुरुङ मार्फत् ४७ मिनेटको यात्रा ८ मिनेटमा पूरा गर्न सकिने, कान्तिपथलाई अलिकति सुधार गर्ने हो भने प्रदेश राजधानी र काठमाडौं बिचको दूरी २ घण्टा भन्दा कम हुने र मदन भण्डारी राजमार्ग हुादै चतरासम्मको यात्रा साह्रै छोटो हुन सक्ने आदि।)

१७. ध्यानाकर्षण पत्र ग्रहण गर्दै प्रधानमन्त्रीज्यूले नेकपा (एमाले) को सङ्कल्प यात्रालाई आफूले सकारात्मक रुपमा हेरेको र यसले लोकतन्त्रलाई मजबुत बनाउन योगदान गरेको बताउनु हुादै प्राप्त मागहरुलाई आफूहरुले दराजमा थन्किन नदिने विश्वास दिलाउनु भएको छ। नीति कार्यक्रम र बजेट निर्माणको पूर्वसन्ध्यामा प्राप्त भएकाले यी मागहरुलाई समेट्न आफूले अधिकतम प्रयाश गर्ने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभएको छ।

१८. प्रतिनिधिमण्डलमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल सहित पार्टीका उपाध्यक्षहरु,महासचिव, उपमहासचिवहरु, संसदीय दलका प्रमुख सचेतक, सचेतक र राष्ट्रियसभामा पार्टी दलका नेता लगायत सहभागी हुनुहुन्थ्यो।

.......

सन्दर्भका लागि–

यात्राको क्रममा पार्टीसाग अपेक्षा गरिएका माग, ध्यानाकर्षण तथा पार्टीसाग सहयोगका लागि अनुरोध गरिएका योजना तथा कार्यक्रमहरुको तथ्याङ्कगत विवरण देहाय बमोजिम रहेको छ–

| क्र. सं. | विषय क्षेत्र | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूर पश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सडक | ४७ | ० | १९ | ३९ | १५ | १५ | २२ | १५७ |
| २ | शिक्षा | २१ | ० | ४ | १७ | ५ | ४ | २८ | ७९ |
| ३ | पर्यटन | १६ | ० | १७ | १२ | १२ | ८ | ७ | ७२ |
| ४ | कृषि तथा फलफूल | २० | ० | ८ | ४ | ४ | ८ | ३ | ४७ |
| ५ | स्वास्थ्य | १२ | ० | ६ | ११ | ५ | ५ | ७ | ४६ |
| ६ | उद्योग | ६ | ० | ३ | ७ | ५ | ७ | ५ | ३३ |
| ७ | उर्जा, विद्युत | ८ | ० | ५ | ६ | २ | ३ | ८ | ३२ |
| ८ | ध्यानाकर्षण, सुझाव, ज्ञापन | ३ | १ | २ | ९ | २ | ४ | ६ | २७ |
| ९ | मोटरेबल पुल | ६ | ० | ५ | ४ | २ | २ | ६ | २५ |
| १० | सिाचाई | १ | ० | ८ | ५ | ० | ५ | २ | २१ |
| ११ | भवन | ५ | ० | ३ | ५ | २ | १ | ३ | १९ |
| १२ | संस्कृति | ३ | ० | २ | ८ | १ | ३ | ० | १७ |
| १३ | भूमि व्यवस्था | ० | ० | १० | १ | ० | १ | ४ | १६ |
| १४ | बस्ति बिकास | १ | ० | ३ | ४ | १ | ३ | ३ | १५ |
| १५ | खेलकुद | १ | ० | २ | २ | २ | १ | ६ | १४ |
| १६ | छुवाछुत विभेद, हिंसा विरुद्ध | ० | ७ | ० | १ | ० | १ | ३ | १२ |
| १७ | खानेपानी, स्रा्ृ संरक्षण | १ | ० | २ | ३ | २ | २ | १ | ११ |
| १८ | पुनर्निमाण, पुनर्स्थापना | १ | ० | ० | १ | १ | ६ | २ | ११ |
| १९ | समग्र विकास | २ | ० | १ | ३ | ० | १ | ३ | १० |
| २० | सुरुंग | ३ | ० | १ | २ | ० | २ | ० | ८ |
| २१ | तटबन्धन | ० | ० | ३ | ३ | ० | ० | २ | ८ |
| २२ | विमानस्थल | १ | ० | १ | १ | १ | १ | २ | ७ |
| २३ | नाका सम्बन्धी | ३ | ० | ० | १ | ० | ० | ३ | ७ |
| २४ | झोलुंगे पुल | ० | ० | ० | २ | २ | ० | २ | ६ |
| २५ | वन तथा वातावरणसंरक्षण | ० | ० | ३ | ० | १ | ० | २ | ६ |

| क्र. सं. | विषय क्षेत्र | कोशी | मधेश | बागमति | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूर पश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| २६ | कानुन संधिवान | १ | ० | १ | ० | २ | १ | ० | ५ |
| २७ | वन्य जन्तु सम्बन्धी | ० | ० | ० | १ | २ | १ | ० | ४ |
| २८ | जडिबुटी | १ | ० | ० | ० | १ | १ | १ | ४ |
| २९ | सदरमुकाम सार्ने | ० | ० | ० | ३ | १ | ० | ० | ४ |
| ३० | जिविकोपार्जन | ० | ० | १ | १ | ० | १ | ० | ३ |
| ३१ | स्वरोजगार, रोजगारी | १ | ० | १ | ० | ० | ० | १ | ३ |
| ३२ | सहयोग | ० | ० | ० | ३ | ० | ० | ० | ३ |
| ३३ | पशु पालन | ० | ० | ० | ० | १ | १ | ० | २ |
| ३४ | केवलकार | १ | ० | ० | ० | १ | ० | ० | २ |
| ३५ | सूचना प्रविधि | २ | ० | ० | ० | ० | ० | ० | २ |
| ३६ | भूक्षय नियन्त्रण | ० | ० | २ | ० | ० | ० | ० | २ |
| ३७ | सहभागिता | १ | ० | ० | १ | ० | ० | ० | २ |
| ३८ | बसाइ सराई | ० | ० | ० | ० | १ | ० | ० | १ |
| ३९ | सामाजिक सुरक्षा | १ | ० | ० | ० | ० | ० | ० | १ |
| ४० | चिया तथा कफि | १ | ० | ० | ० | ० | ० | ० | १ |
| ४१ | ताल निर्माण | ० | ० | ० | ० | ० | १ | ० | १ |
| ४२ | सुख्खा बन्दरगाह | ० | ० | ० | ० | ० | ० | १ | १ |
| ४३ | सुशासन | ० | ० | ० | ० | ० | ० | १ | १ |
| ४४ | विपद जोखिम न्यूनिकरण | ० | ० | ० | ० | ० | ० | १ | १ |
| ४५ | निर्वाचन सम्बन्धी | ० | ० | ० | ० | १ | ० | ० | १ |
| ४६ | सेवा प्रवाह | ० | ० | ० | १ | ० | ० | ० | १ |
| | जम्मा | १७० | ८ | ११३ | १६१ | ७५ | ८९ | १३५ | ७५१ |

प्रथम दर्ता नं. १२०/२०१४, काठमाडौं मेजिस्ट्रेड कार्यालय
का.जि.का.द.नं. १५३/०५७/५८
गो.हु.का.द.नं. १७/०५६/५७

